वेदान्त विश्वकोश

२१०३
वे

बासु रिमाल 'यात्री'

भद्रकाल्यै नमो नित्यं सरस्वत्यै नमो नमः ।

वेदवेदाङ्गवेदान्त विद्यास्थानेभ्य एव च ॥

ब्रह्मस्वरूपा परमा ज्योतिरूपा सनातनी ।

सर्वविद्याधिदेवी या तस्यै वाण्यै नमो नमः ॥

ॐ

वेदान्त विश्वकोश

(स्वर वर्ण मात्र)

बासु रिमाल 'यात्री'

प्रकाशक : श्रीमती शारदा रिमाल (संयोजक)
विश्वकोश प्रकाशन
जाउलाखेल, ललितपुर
फोन : ५५२१८०२

प्रकाशन मिति : २०६१ जेठ, प्रथम संस्करण

प्रकाशित संख्या : ६०० प्रति

प्रकाशन अधिकार : लेखकमा सुरक्षित

294.592903
रि 8६वे

मूल्य : रू. ३७५ -

आवरण चित्र : मोहनराज हाडा
युनियन प्रेस प्रा. लि.

कम्प्युटर टाइप : आर एण्ड एस स्टेशनरी हाउस
पुल्चोक ।
फोन : ५५२६२३१

मुद्रक : युनियन प्रेस प्रा.लि.,
पुतली सडक, काठमाडौं
फोन : ४२३०२८९

दर्ता न
९६००९

Encyclopedia of Vedanta - 1

By Basu Rimal 'Yatree'

आमासरि तीर्थ कहाँ मिल्छ ?
पितासरि गुरु दुर्लभै छन् !

यो

समर्पण



स्व.पिता हरिप्रसाद रिमाल र स्व.माता टंककुमारी देवीमा

–लेखक

विषय-सूची

विषय	पृष्ठ
मन्तव्य : स्वामी ज्ञानानन्द सरस्वती	*क/१*
भूमिका : वेद-वेदान्तानुसन्धान - प्रा. शिवगोपाल रिसाल	*क/२-४७*
वेदान्त विश्वकोश बारे : लेखक स्वयं	*क/४८-५६*

प्रवृष्टि

अ/अकर्तादेखि अहंग्रह उपासनासम्म	१-१९८
आ/आकारदेखि आहारकसम्म	१९९-२७३
इ/इच्छादेखि इष्टसम्म	२७४-२८३
ई/ईशदेखि ईश्वरीय मायासम्म	२८४-२९४
उ/उत्कर्षदेखि उष्मपासम्म	२९५-३२९
ऊ/ऊतिदेखि ऊर्ध्वमेड्रसम्म	३३०-३३२
ऋ/ऋग्वेददेखि ऋषिसम्म	३३२-३३८
ए/एकदेखि एषणा त्रयसम्म	३३८-३५३
ऐ/ऐक्यदेखि ऐतरेयोपनिषद्सम्म	३५४-३५७
ओ/ओजस, ओंकारेश्वर	३५७
ॐ	३५८
अं/अंशुमान, अंशावतार	३६२-३६३
प्रविष्टि-सूची	३६४
पाद संकेत चिह्न	
प्रकाशनका सहयोगी आदि	

मन्तव्य

श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती

वेदको अन्त्यभाग ज्ञानखण्डलाई वेदान्त भनिन्छ। श्रुति, स्मृतिमा यसलाई आत्मविद्या, ब्रह्मविद्या, दहरविद्या, भूमाविद्या आदि अनेकौं नामाकरण गरिएको छ। वेदान्तविद्याको मुख्य प्रतिपाद्य विषय ब्रह्म हो। यो ब्रह्म तत्त्व नै चर-अचर, दृष्ट-अदृष्ट, व्यक्त-अव्यक्त पदार्थको आधार हो। यो पोषक, तोषक एवं प्रकाशक मात्र नभई सबै हो। यही तत्त्वलाई केही उपासकले भगवान् भने, कसैले परमेश्वर भने, अर्काथरीले आत्मा भने, ब्रह्म भने। उपासकहरूले भिन्न भिन्न नामोच्चारण गरी उपासना गरे परन्तु उनीहरूले उही ब्रह्मको नै उपासना गरे। भावनानुसारको फलप्रदाता पनि उही हो। यस तत्त्वलाई छोडेर कर्म, धर्मको अस्तित्त्व रहन सक्तैन। त्यति मात्र होइन जगत्को नै अस्तित्त्व रहन सक्तैन। यो कटुसत्य हो। त्यस्तो तत्त्वलाई प्रतिपादन गर्ने अर्थात् जीवनको आधार तत्त्वलाई प्रतिपादन गर्ने वेदान्तविद्या दुःख नचाहने समस्त मानव समुदायको प्रमुख विषय हुनु पर्ने हो तर अधिकांशमा यो देखिँदैन। यस्तो नहुनुमा कारण के होला ? यो विचारकहरूको विषय हो। माथि लेखिएको प्रसंगमा न्यून संख्यामा भए पनि जिज्ञासुहरू देखिन्छन्। तिनीहरूलाई पूर्वजन्मका शुभ-संस्कारको धनी मान्नु पर्छ। वेदान्त त्यति दुर्बोध्य छैन तापनि वेदान्त शब्दमा रहेका गहन अर्थ बुझ्न कठिन हुन्छ। यो सबै मुमुक्षुले गरेको अनुभव हो। श्रवण गर्ने संस्कार भए पनि शब्दमा रहेका अर्थले अप्ठ्यारो पारेको हुन्छ। त्यस्ता संस्कारित जिज्ञासुहरूको जिज्ञासालाई ध्यानमा राखी वेदान्त विश्वकोश लेखिएको पाइन्छ। यस पुस्तकको पाण्डुलिपि (कम्प्यूटरबाट छापिएको) हेरँ, पढेँ। हरिहर संन्यास आश्रमको पीठाधीशको पदमा आसीन भएकाले अति व्यस्त समयमा पनि पाण्डुलिपि हेर्न सकेँ। अन्य कुनै पुस्तकमाथि मन्तव्य दिंदा यसरी हेर्न फुर्सद नमिलेको अवस्थामा यो पुस्तक वेदान्त जस्तो रुचिकर विषयमा लेखिएकोले पढ्न अति रुचि लाग्यो। परमात्माको कृपाले यो छिटो प्रकाशित हुनेछ। अध्ययनार्थीहरूले आशातीत लाभ उठाउने छन्। यो अमूल्य ग्रन्थ तयार गर्ने लेखक साधुवादका पात्र छन्।

भूमिका

वेद-वेदान्तानुसन्धान

प्रा. शिवगोपाल रिसाल

'वेदान्त विश्वकोश'को भूमिका लेखिदिनोस् भने भाइ यात्रीले । यो 'स्वाध्याय परिवारको' स्वाध्याय-सत्संग कार्यक्रम सकिएपछिको अनुरोध थियो । भूमिका लेखिदिनोस् भनेपछि 'अहिलेसम्म नलेखिएको भूमिका - जति लामो भए पनि हुन्छ' पनि थपे उनले । 'अहिलेसम्म नलेखिएको भूमिका' वाक्यांशले केही चकित पनि पाऱ्यो ।

'वेदान्त विश्वकोश'को कम्प्युटरमा छापिएको पृष्ठको प्रुफ पढिएको फाइल नं. १,२ र ३ दिदै गए उनले । भूमिका लेख्नै पर्ने दायित्वबोधले मलाई पुस्तकालयहरूमा दौडायो । पुस्तकालयहरूका अमूल्य पुस्तकहरूका ठूल-ठूला ठेलीहरू त्यसै चिसिएर बसेका छन् । तिनलाई पढ्ने मानिसहरू दुर्लभ छन् । धुलाका पत्रले ती ढाकिएका छन् । 'खाऊपिऊ मोज गर, पैसा उडाऊ' सभ्यताले गर्दा पढ्ने, लेख्ने, ज्ञानी बन्ने भन्ने हाम्रा प्राचीन संस्कृति उड्न लागेको बेला उत्तिष्ठत जाग्रतको शंखघोष गर्दै केही धार्मिक,आध्यात्मिक संघ-संस्था क्रियाशील नभएका होइनन् । तैपनि गहन अध्ययन गर्ने जाँगरिला व्यक्तिहरूको कमी पुस्तकालयमा धाउँदा छर्लङ्ग हुन्छ ।

भूमिका लेख्नका लागि टिपोट तयार गर्दै गएँ । 'वेदान्त विश्वकोश'को मूलभूत विषय वेद, वेदान्त(उपनिषद्), ब्रह्म, ईश्वर, आत्मा, मोक्ष जस्ता विषयमा अध्ययन, अनुसन्धान गर्दै गएँ । ती भूमिकामा समाविष्ट हुँदै गए ।

वेद

' धर्म-ब्रह्म प्रतिपादकमपौरुषेयं प्रमाणवाक्यं वेदः '

(धर्मदेखि लिएर ब्रह्मसम्मको प्रतिपादन गर्ने अपौरुषेय प्रमाणवाक्य वेद हो ।)

वेदको सर्वमान्य परिभाषा किवा परिचय यही हो। धर्म, अर्थ, काम, मोक्षरूप चार पुरुषार्थका विषयमा व्यापक चर्चा भएको छ वेदमा।

'विद् ज्ञाने' धातुबाट वेदशब्दको निष्पत्ति हुन्छ। मानव मस्तिष्कको पराकाष्ठाको ज्ञान र त्यो ज्ञान पनि जहाँ गएर विश्रान्ति लिन्छ, त्यही ठाउँको, वस्तुको निरूपण गर्दछ,- वेदले। त्यसैले त यो अपौरुषेय हो। सर्वोत्कृष्ट ज्ञान हो वेद– **The Knowledge Par Excellence.**

त्यही ज्ञानको मूर्तरूप, ज्ञानको स्वरूप हो वेद। वैदिक मन्त्रद्रष्टा ऋषिहरूले वेदका ऋचा, मन्त्रहरूलाई देखेका हुन्, लेखेका होइनन्। मन्त्रद्रष्टा भएकैले 'ऋषि' भए। वेदलाई मनन गर्ने 'मुनि' भए। मुनिहरू संसारी काम कुरामा मौन रहन्छन्।

'ऋक्' आदि शब्दराशि वेद हुन् तर परब्रह्म, परमपुरुष, परमात्माका श्वासबाट निस्केका हुन् वेद। परमात्मा वेदपुरुष, यज्ञपुरुष, भक्तिका मूर्तरूप, ज्ञानका स्वरूप हुनुहुन्छ।

वेदमा दुई भाग छन्–

१. मन्त्रभाग

२. ब्राह्मणभाग।

ब्राह्मणको उत्तरभागलाई 'आरण्यक' र आरण्यकको अन्तिम भागलाई 'उपनिषद्' भन्दछन्।

कर्मप्रतिपादक विधिभागको नाम हो 'ब्राह्मण'। उपासना प्रतिपादक भाग आरण्यक र ज्ञानप्रतिपादक भागको नाम हो 'उपनिषद्'। वेद भनेको ज्ञान भएकाले यो धार्मिक ज्ञान हो, आध्यात्मिक ज्ञान हो। वेदलाई श्रुति पनि भन्दछन्। गुरुले शिष्यलाई, फेरि ती गुरुले अर्को शिष्यलाई गर्दै गुरु-शिष्य परम्पराबाट सुन्दै-सुनाउँदै आएकाले श्रुति भनिएको हो। वेद भगवान् पितास्थानीय भए पनि, श्रुति भगवती मातास्थानीय भए पनि वस्तु र तत्त्व

एकै हो । वेद बिष्णुको नाम पनि हो, शिवको नाम पनि हो । वेदज्ञान, पुण्यअधिगम, पुनीत ज्ञानलाई पनि वेद नै भनिन्छ । *(संस्कृत–हिन्दी कोश– वामन शिवराम आप्टे)*

वेदलाई यसरी पनि परिभाषित गरिएको छ-

ब्रह्ममुखनिर्गतधर्मज्ञापकशास्त्रं; श्रुति; आम्नाय; आगम; छन्द; ब्रह्म ;निगम; प्रवचनं; स्वाध्याय; विष्णु; वृत्तं; यज्ञाङ्गं, वित्तम् *(हलायुधकोशः सम्पा. जयशंकर जोशी)*

वेदो वेदविदव्यङ्गो वेदाङ्गो वेदवित् कविः

(विष्णुसहस्रनामस्तोत्रम् २७)

परमात्मा श्रीहरि विष्णु वेदस्वरूप किंवा ज्ञानस्वरूप हुनुहुन्छ, त्यसैले उहाँको नाम हो वेद । आफू ज्ञानस्वरूप भएका र आफ्ना भक्त, उपासकहरूलाई ज्ञान प्राप्त गराइदिने भएकाले उहाँ 'वेद' हुनुहुन्छ । वेद तथा वेदको अर्थको यथार्थ अनुभव गर्ने र गराउने भएकाले उहाँको अर्को नाम हो 'वेदवित्' । वेदहरूको राम्ररी पूर्वापर मिलाएर विचार गर्ने भएकाले पनि उहाँ वेदवित् । जसको अंग नै वेद हो । ज्ञानैज्ञानले भरिएका– अंग र अंगीभावले वेददेखि भिन्न होइन, अभिन्न भएकोले 'वेदाङ्ग' । वेदका जति अंग (छन्द, ज्योतिष, व्याकरण, निरुक्त, शिक्षा, कल्प) छन् ती पनि परमात्मा नै हुनुभएकाले उहाँ हुनुभयो वेदाङ्ग ।

वेद समग्र नै वैदिक सनातनीका लागि मात्र होइन सम्पूर्ण मानवका लागि नै उपास्य, जिज्ञास्य, अनुकरणीय, मननीय छ । यसका एउटा मन्त्र पनि अनावश्यक छैनन्, फेरि एउटा मन्त्र पनि थप्नका लागि त्यहाँ खाली ठाउँ छैनन् । अतः यो पूर्ण छ– ब्रह्म जस्तै, आत्मा जस्तै । त्यसैले परब्रह्म परमात्मालाई वेदपुरुष, यज्ञपुरुष भन्दछौँ–हामी वैदिकहरू । सामान्यतः वेदमा एक लाख मन्त्र छन् भनिन्छ । तिनमध्ये ८०,००० मन्त्र कर्मकाण्डपरक छन् त १६,००० मन्त्र उपासनापरक किंवा भक्तिपरक छन् भने बाँकी

४,००० मन्त्र मात्र ब्रह्मज्ञानपरक छन् । ४,००० ब्रह्मज्ञानपरक मन्त्रहरूले प्रत्यक्ष वा परोक्षरूपमा ब्रह्मको लक्षण बताएर ब्रह्मलाई राम्ररी नजिकैबाट चिनाएका छन्, ब्रह्मज्ञानका लागि साधन बताएका छन्, ब्रह्मज्ञानको फल बताएका छन् र ब्रह्मज्ञान नगरीकन मऱ्यो भने त्यसको कुनं दुर्दशा हुन्छ, त्यो पनि स्पष्ट पारेका छन् । ब्रह्म र जीवको सम्बन्धको चर्चा यहीँ आउँछ, जीवात्मा र परमात्मामा के अन्तर छ, जीवात्मा कसरी, कुन उपाय, साधना र साधनद्वारा परमात्मा बन्न सक्छ भन्ने अनेक विधिहरू बताएर जीव र ब्रह्ममा अभेद-दर्शन गराएर जीवलाई मोक्षपद दिलाउनु, मुक्त बनाउनु, जन्म–मृत्यु आदि जरा-व्याधि आदि नाना प्रकारका पीडा, दुःख, यातनाबाट सदाका लागि छुटाएर अखण्ड, परिपूर्ण, नित्य, शाश्वत, सनातन, निरतिशय आनन्दानुभूति गराउनु नै यी मन्त्रहरूको अन्तिम उद्देश्य हो । वेदको यो अन्तिम, सारभूत, मार्मिक, तात्विक अंश भएकाले यसैको नाम रह्यो वेदान्त । यसैलाई उपनिषद् पनि भन्दछन् ।

जीव वास्तवमा, परमार्थमा ब्रह्म नै थियो, आज पनि ब्रह्म नै भएर बसेको छ, भविष्यमा पनि ब्रह्म नै भएर रहन्छ । तर अज्ञानले गर्दा, अविद्याले गर्दा, विस्मृतिले गर्दा, भ्रमज्ञानले गर्दा आफू ब्रह्म भएर पनि, ज्ञानस्वरूप, आनन्दस्वरूप भएर पनि, चित्स्वरूप भएर पनि, अद्वितीयस्वरूप भएर पनि आफूलाई अल्पज्ञ, दुःखी, जन्मने, मर्ने, शरीरादि विशिष्ट भनेर मानिरहेको छ जीवले । त्यही भ्रमज्ञान, अज्ञान, अविद्या हटाएर जीवलाई ब्रह्मानुभव गराउनुमा उपनिषद्हरू लागेका छन् ।

स्तुत्य र स्तुति

श्रीपरब्रह्म परमात्मा सदा–सर्वदा स्तुत्य हुनुहुन्छ– जानेर होस् वा नजानेर होस्; ब्रह्माजीले गरून् वा वेदहरूले गरून् । परमात्मा सगुण पनि हुनुहुन्छ अनि निर्गुण पनि, सगुण साकार वा निर्गुण निराकार, त्यस्तै सगुण निराकार पनि । यसो पनि, त्यसो पनि, यहाँ पनि, उहाँ पनि, यसरी पनि, त्यसरी पनि अनि जसरी पनि परमात्मा नै परमात्मा ! भक्तको जस्तो भावना, भक्ति,

श्रद्धा, विश्वास र पत्यार हुन्छ, भगवान् त्यस्तैं-त्यस्तै भंइदिनुहुन्छ ।

मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ ।
यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ॥

(पद्मपुराण

(मन्त्रमा, तीर्थमा, द्विजमा, देवतामा, ज्योतिषीमा, औषधीमा र गुरुमा जसको जस्तो प्रकारको श्रद्धा, भावना, भक्ति हुन्छ त्यसको फल पनि त्यस्तै–त्यस्तै हुन्छ ।)

कहिले वेदहरू परमात्माको स्तुतिगान गर्दछन् भने कहिले परमात्मा पनि वेदको, ब्रह्मको, यज्ञको, भक्तिको, ज्ञानको स्तुति गाइदिनु हुन्छ । यसैगरी वैदिक परम्परा चल्दै आएको छ, वैदिक मर्यादा प्रतिष्ठित भएको छ । वेद शब्द हो । शब्द ब्रह्म हो । त्यसैले वेद पनि ब्रह्म हो र वेदले भनेको छ–

सर्वं खल्विदं ब्रह्म (यो सारा ब्रह्म हो) ।

(छान्दोग्योपनिषद् ३।१४।१)

वेद र ब्रह्मज्ञान

वेद त ज्ञान हो- पारमार्थिक ज्ञान । ज्ञान परमात्मादेखि भिन्न छैन । परमात्माकै श्वास–प्रश्वास रूपमा बाहिर प्रकट भएको वेद लेखिएको होइन, वैदिक ऋषिहरूद्वारा देखिएको हो । त्यसैले यो अपौरुषेय हो । गुरु–शिष्य परम्पराबाट सुन्दै सुनाउँदै आएको हुनाले वेदको अर्को नाम हो 'श्रुति' । वैदिक ऋषिहरूद्वारा एकातिर रजवीर्यद्वारा पिता माताबाट पुत्र–पौत्र हुँदै बिन्दुवंश परम्परा चल्दै आएको छ भने अर्कातिर ब्रह्मज्ञानी, ब्रह्मदर्शी जीवमुक्त महात्माहरूबाट शिष्य–प्रशिष्य हुँदै नादवंश परम्परा पनि चल्दै आएको छ । नादवंश अत्यन्त मन्द गतिमा अगाडि बढिरहेको छ भने बिन्दुवंश अत्यन्त तेज किंवा द्रुत गतिमा अगाडि बढिरहेको छ । हिजो आज श्रोत्रिय ब्रह्मनिष्ठ जीवन्मुक्त ज्ञानी गुरु पाउन गाहारो; पाए पनि

चिन्न गाहारो; त्यस्तै साधनचतुष्टय सम्पन्न तीव्र मुमुक्षु शिष्य पाउन उत्तिकै गाहारो भएकाले नादवंश परम्पराको गति अत्यन्तै मन्द भएको छ। ईश्वरको लीला यस्तै होला अथवा यो कलियुगको धर्म पनि होला। त्यसैले वेदको, शास्त्रको यथार्थ रहस्य जान्ने विद्वान् ज्ञानी पाउन मुस्किलै परेको छ। अनि वेदोक्त कर्म सम्पादन पनि विधिपूर्वक हुन नसक्ने स्थिति आइसकेको छ। कर्मको जस्तो गति भक्तिको पनि त्यस्तै गति भएकाले भित्र हृदयदेखि परमात्मामा समर्पित भक्तको पनि अभाव खट्कँदै गएको छ। कर्म, तपस्या, इन्द्रियनिग्रह, वेद र वेदाङ्ग त ब्रह्मविद्याको आधार र अधिष्ठान नै हुन्– ब्रह्मविद्याको प्रतिष्ठा यिनैमा छ। त्यस्तै सत्यस्वरूप परमात्मा किंवा कहिल्यै कसैलाई दुःख, पीडा नहुने मीठो, कल्याणकारी वचन नै सत्य भएकाले त्यसैमा ब्रह्मविद्या टिकेको छ, अडेको छ। यही सन्दर्भमा श्रुतिको उद्घोष छ-

तस्यै तपोदमः कर्मेति प्रतिष्ठा वेदाः सर्वाङ्गानि सत्यमायतनम्

(केनोपनिषद् ४।४।८)

भक्ति

निष्काम कर्मको विधिपूर्वक अनुष्ठान गरियो भने परब्रह्म परमात्मा, ईश्वरमा भक्ति लाग्छ। भक्तिबाट चित्त शुद्धि हुन्छ। चित्तशुद्धि भइसकेपछि ब्रह्मज्ञानमा रुचि जाग्छ, ज्ञानी गुरुको खोजी हुन्छ। खोजमा तीव्रता आयो भने परमात्माले अनुग्रहपूर्वक, कृपापूर्वक ज्ञानी गुरु भेटाइदिनुहुन्छ। अब ज्ञानीगुरुबाट पाएको महावाक्य आदिको उपदेशबाट ज्ञानमा अझ ज्यादा दृढता हुँदैजान्छ। श्रवणअनन्तर मनन र निदिध्यासन भएपछि अवश्य पनि अद्वैतात्मबोध अर्थात् अपरोक्ष ब्रह्मसाक्षात्कार हुन्छ। ब्रह्मज्ञानको फल हो- दुःखको आत्यन्तिक निवृत्तिपूर्वक अखण्ड ब्रह्मानन्दको शाश्वत अनुभूति। यसैबाट जीवन्मुक्ति। वेदान्तको मर्यादा र प्रक्रिया यही हो। भक्तिबिना ज्ञान हुँदैन, ज्ञानबिना मुक्ति हुँदैन। यसैलाई अर्को रूपबाट भन्ने हो भने- भजनीय, सेवनीय, चिन्तनीय, स्तवनीय हुनुहुन्छ परब्रह्म, परमात्मा ईश्वर। भजन

गर्ने योग्यता प्राप्त तीव्र मुमुक्षु, शरणापन्न भक्तले भगवान्मा समर्पित भावनाले श्रवण, कीर्तन, स्मरण, पादसेवन, अर्चन, वन्दन, दास्य, सख्य, आत्मनिवेदनमध्ये कुनै पनि विधि वा पद्धति, प्रक्रिया वा मर्यादाभित्र रहेर भक्ति गरे भगवान् प्रसन्न हुनुहुन्छ। त्यसरी गरेको भक्तिवाट विरक्ति हुन्छ। अनि त भगवान्को साक्षात्कार हुन्छ– भक्तिर्विरक्तिर्भगवत्प्रबोधः

(श्रीमद्भागवत ११।२।४३)

(भक्तिबाट विरक्ति हुन्छ। विरक्तिवाट ज्ञानको तीव्र इच्छा, गुरुप्राप्ति अनि भगवान्को साक्षात्कार हुन्छ। त्यसपछि परमशान्ति प्राप्त हुन्छ। मुक्ति भनेको यही हो।)

भक्तिदेखि आरम्भ गरिएको अध्यात्मको यात्रा मुक्तिमा पुगेर समाप्त हुन्छ। भक्ति साधन हो, मुक्ति साध्य हो। श्रीमद्भागवत आदि शास्त्रले वताएको बाटो, विधि र क्रम पनि यही हो। त्यस्तै भागवतमा आएको, श्रुतिले गरेको परमात्माको स्तुतिको प्रस्तुति अनि युक्ति र अनुभूतिले वताएको पनि यत्ति त हो नि।

भक्तिशास्त्रमा मात्र होइन अध्यात्मशास्त्रमा पनि भक्तिको अत्यन्त महिमा गाइएको छ। वैदिक कर्मका सन्दर्भमा यदि सकाम छ भने कर्म प्रधान हुन्छ, भक्ति गौण हुन्छ। निष्काम कर्म छ भने कर्म गौण हुन्छ, भक्ति प्रधान हुन्छ। भक्तिमा त भक्ति–भक्ति र ज्ञान पनि हुन्छ। ज्ञानमा त भक्ति गौण, ज्ञान प्रधान हुने भएकोले भक्ति सर्वत्र अनुस्यूत भएर रहेको छ। भक्ति नभए न त कर्म नै सम्पन्न हुन्छ, न त ज्ञानमा नै सफलता मिल्छ। अध्यात्ममार्गका पथिकका लागि सबभन्दा ठुलो साधन र सामग्री हो भक्ति। भक्तिप्रधान ज्ञान अथवा ज्ञानप्रधान भक्तिले नै भक्त वा मुमुक्षुको आत्यन्तिक कल्याण हुने हुनाले भक्तिलाई यस मार्गका साधकहरूका लागि न्यूनतम आधारभूत आवश्यकताभित्र पार्न सकिन्छ।

सगुण, साकार ब्रह्मको प्रतिपादन गर्दै-गर्दै अझ लीला–कथा ल्याएर रोचक ढङ्गले, पौराणिक पारा र शैलीले साधकहरूलाई, भक्तहरूलाई,

जिज्ञासुहरूलाई परब्रह्म परमात्मातिर आकर्षण गर्दछन् हाम्रा शास्त्रहरू-चाहे ती पुराणहरू हुन् वा उपनिषद्हरू । जब भक्तहरू वा जिज्ञासुहरू यसरी राम्ररी परमात्मातिर तानिन्छन्, फक्किन्छन् अनि त वेदान्तका निगूढतम, रहस्यमय, सारपूर्ण, गहिरा-गहिरा ज्ञानपरक, चिन्तनप्रधान, तर्क र युक्ति लगाएर, शास्त्रका आधारमा निर्क्योलमा पुग्नका लागि मसिना मसिना रौंचिरा दर्शन र सिद्धान्तहरूको प्रतिपादन गर्दछन्– हाम्रा उपनिषद्हरू र हाम्रा शङ्कराचार्य जस्ता कारक पुरुषहरू–आफ्ना भाष्य र वार्तिक ग्रन्थहरूका आधारमा-शास्त्रार्थको शैली अपनाएर । जे होस्, हाम्रो गन्तव्य र प्राप्तव्य त ब्रह्मवस्तु नै हो- सोझो बाटो गए पनि, बाङ्गो बाटो गए पनि, सामान्य प्राणायाम गरे पनि, द्रविड प्राणायाम गरे पनि । सानो, अत्यन्त सानो वृत्त या परिधि बनाएर त्यसको केन्द्रको बिन्दु फेला पारे पनि भएकै छ; होइन ठुलोभन्दा ठुलो परिधि वा घेरा बनाएर त्यही केन्द्रको बिन्दुलाई लखाए पनि, देखाए पनि भएकै छ । वस्तुतत्त्व त्यही हो, उही नै हो ।

रुचिनां वैचित्र्यदृजुकुटिलनानापथ जुषाम् ।
नृणामेको गम्यस्त्वमपि पयसामर्णव इव ॥

(शिवमहिम्नःस्तोत्रम् ७)

(भिन्न–भिन्न स्वभाव भएका मानिसहरू आफ्–आफ्ना रुचि र योग्यता वा क्षमताअनुसार सनातन वैदिक धर्म अनुरूप कर्ममार्ग, भक्तिमार्ग, पातञ्जलोक्त योगमार्ग, वैष्णवमार्ग वा शैवमार्गमध्ये कुनै एक मार्ग- चाहे त्यो छोटो होस् वा लामो अवलम्बन गरेर आफ्नो अन्तिम गन्तव्य परब्रह्म परमात्माकहाँ पुग्छन् । जसरी हिमालयबाट बगेर आएका नाना नाम र रूप गरेका साना–ठुला नदी–नालाहरू अन्त्यमा समुद्रमा पुगेर एकाकार हुन्छन्– आफ्ना नाम र रूपलाई बिर्सिदिन्छन्; त्यसरी नै सारा उपासक वा साधक, वैरागी वा त्यागी, भक्त वा ज्ञानी अन्ततोगत्वा ब्रह्ममा पुगेपछि आफ्–आफ्ना पहिचान बिर्सिदिन्छन् । साधकहरूले ब्रह्ममा पुगुन्जेलसम्मका लागि मात्र नाना सम्प्रदाय र विश्वास, मार्ग र सामग्री, साधना पद्धति र प्रक्रिया स्वीकार गरेका हुन्छन् । जे होस् गन्तव्य, प्राप्तव्य साराको एकै हो, उही नै हो ।

कर्म क्रियाप्रधान हुन्छ भने भक्ति भावप्रधान हुन्छ । वैराग्य त्यागप्रधान हुन्छ त योग साधनाप्रधान हुन्छ । ज्ञानचाँहि भक्तिद्वारा संपुटित विचारप्रधान हुन्छ । आफ्–आफ्ना ठाउँमा अधिकारी अनुसार सबैको भूमिका महत्वपूर्ण हुन्छ । कृतोपास्थि साधक, भक्तहरू, मुमुक्षुहरूले यस जीवनमा कर्म, भक्ति, त्याग, तपस्या, गरेको नदेखिए पनि पूर्वजन्ममा नै कर्म, भक्ति गरिसकेका रहेछन् भन्ने ठान्नु पर्छ । अकृतोपास्थिले यही जीवनमा कर्म, भक्ति, त्याग, तपस्या इन्द्रियनिग्रह आदि गरेर साधनचतुष्टय सम्पन्न भएर ज्ञानमार्ग अवलम्बन गरेका हुन्छन् । ज्ञानविनाको भक्ति र भक्तिबिनाको ज्ञानका आधारमा परमपद मोक्ष पाउन गाहारै पर्छ । अतः ज्ञानको पनि, भक्तिको पनि यथार्थ स्वरूप जान्नु नितान्त आवश्यक छ । भक्तिको स्वरूपबोध गराउने अनुक्रममा भगवान् आद्य जगद्गुरु शंकराचार्य भन्नुहुन्छ–

मोक्षकारणसामग्र्यां भक्तिरेव गरीयसी ।
स्वस्वरूपानुसन्धानं भक्तिरित्यभिधीयते ॥
स्वात्मतत्त्वानुसन्धानं भक्तिरित्यपरे जगुः ॥

(विवेकचूडामणि-३२)

(मोक्षमा पुऱ्याउने कारणभूत सामग्रीहरूमध्ये भक्तिलाई नै सर्वश्रेष्ठ मानिएको छ । आफ्नो स्वरूपको अनुसन्धान गर्नुलाई नै भक्ति भनिएको छ । यो भक्ति भनेको निर्गुण उपासना हो । कसैकसैले त स्वात्मतत्त्व अर्थात् आफ्नो (जीवको) तत्त्वको अनुसन्धान गर्नुलाई नै भक्ति हो भनेर मानेका छन् ।)

देहात्मभावलाई छाडेर आत्माकाराकारित वृत्तिप्रवाहलाई नित्य–निरन्तर प्रवाहित गराइरहनु वास्तवमा भक्ति हो । यसैलाई श्रवण अनन्तरको मननभन्दा पनि पछिको निदिध्यासन भनिन्छ । यही साधनाबाट स्वरूप–साक्षात्काररूप सिद्धावस्थामा पुग्न सकिन्छ । यो भक्ति सगुण–साकारको होइन, निर्गुण–निराकारको हो । विजातीय वृत्ति (विषयाकारवृत्ति)लाई हटाएर सजातीय वृत्ति (आत्माकार किंवा भगवदाकारवृत्ति) नित्य–निरन्तर प्रवाहित गराइरहनु नै स्वस्वरूपानुसन्धानरूप भक्ति हो । यसैलाई पराभक्ति, ज्ञानी भक्तको भक्ति वा ज्ञाननिष्ठा पनि भनेको छ । यस्तो भक्तिमा लागेको भक्तले भगवान्

बाहेक अर्को भजनीय वस्तु देख्दैदेख्दैन । भगवान् श्रीकृष्णले भक्त्या मामभिजानाति *(गीता १८।५५)* (भक्तिद्वारा नै मलाई जान्न, चिन्न, बुझ्न सकिन्छ ।) भन्नुभएको पनि यही निर्गुण भक्ति हो, स्वरूपानुसन्धानरूप भक्ति हो । यसैलाई सर्वात्मभावेन सम्पन्न गरिएको अन्तिम शरणागतियोग पनि भनिन्छ ।

भक्तिले भक्तको चित्त शुद्ध बनाइदिन्छ । चित्त शुद्ध भएको भक्त ज्ञानको भूमिकामा आरूढ हुनका लागि योग्य भएकाले ब्रह्मविचारतिर लागिहाल्छ । यसैलाई जिज्ञासु भन्दछन् । आजका जिज्ञासुभक्त भोलि ज्ञानीभक्त बन्दछन् किंवा मुमुक्षु हुन्छन् । आफूले आफूलाई–'म को हुँ?' भनी जान्नुपयो । किन आएँ ? कहाँ जाने होला ? मेरी आमा को हुन् ? मृत्यु के हो ? जन्म के हो ? ज्ञान के हो ? मोक्ष कसरी पाइएला भनेर खोजी गर्नु पर्‍यो । यसरी ज्ञानको तीव्र भोक लागेका साधक नै ज्ञानका अधिकारी हुन्छन् । ज्ञानको भोक जाग्नु ठुलो कुरा हो । भगवान्‌को भक्तिले ज्ञानको भोक जगाउने काम गर्दछ । ज्ञानको भोक जागिसकेपछि ढिलो वा चाँडो ज्ञान हुन्छ, हुन्छ । कर्म, भक्ति, त्याग, वैराग्य आदि मोक्षका लागि परम्परया साधन हुन् भने ज्ञानचाहिँ साक्षात् साधन हो । त्यसकारण परम्परया रूपले कर्म, भक्ति- सगुण वा निर्गुण, साकार वा निराकार त्यस्तै त्याग, वैराग्य आदिको नितान्त आवश्यक छ चित्त शुद्धिका लागि । जब यी सारा साधनहरूको सम्यक्‌रूपले सम्पादन भइसक्छ तब साधकको, भक्तको, मुमुक्षुको चित्त शुद्ध हुन्छ । चित्तको मलदोष र विक्षेपदोषको अपसारण हुन्छ । अब चित्तको आवरणदोष अर्थात् आफूले आफूलाई ब्रह्मस्वरूप हो भनेर नजान्नुरूप दोष बाँकी भएकाले त्यसलाई हटाउन, पन्छाउन किंवा समाप्त पार्नका लागि ज्ञान मात्र समर्थ भएकाले ज्ञानको आवश्यकता पर्‍यो ।

उपनिषद्

आद्यजगद्‌गुरु श्रीशङ्कराचार्यले उपनिषद्‌को परिभाषा यसरी गर्नुभएको छ–

सदेर्धातोर्विशरणगत्यवसादनार्थस्योपनिपूर्वस्य
क्विप्प्रत्यदान्तस्यरूपमुपनिषदति ।

(कठोपनिषद्, बृहदारण्यकोपनिषद् सम्बन्धभास्य)

(विशरण(नाश), गति(प्राप्ति) र अवसादन (शिथिल पार्नु, थिलथिलो पार्नु)-यी तीन अर्थ दिने, त्यस्तै 'उप' र 'नि' उपसर्गपूर्वक एवं क्विप् प्रत्ययान्त 'सद्' धातुबाट 'उपनिषद्' शब्दको रूप बन्दछ। संसारी प्रपञ्चात्मक यावत् नाशवान्, क्षणिक वस्तुहरूलाई थिल्थिलो पार्दै अर्थात् संसारी विषयादि, भोगादिबाट पूर्ण वैराग्य गराएर, अज्ञान, अविद्या, माया, भ्रमज्ञान आदिलाई पूर्णमात्रामा नष्ट गरी, आफ्नो अखण्ड, परिपूर्ण सच्चिदानन्दघन अद्वय ब्रह्मस्वरूपको साक्षात्कार गराउनु नै उपनिषद् हो। यसरी उपनिषद् त ब्रह्मकै अर्को वाङ्मय मूर्ति भएकाले यसबाट उपदिष्ट, निर्दिष्ट तत्त्वको साक्षात्कार गरेपछि साधक, मुमुक्षु, समर्पित भक्त, ब्रह्मविचार, किंवा आत्माको अनुसन्धान गर्ने पुरुष ज्ञानद्वारा जन्म–मृत्युको, सुख–दुःखको, आवागमनको चक्करबाट पार पाउँछन्, मृत्युको मुखबाट सदाका लागि छुटछन्–

अशब्दमस्पर्शमरूपमव्ययं
तथारसं नित्यमगन्धवच्च यत्।
अनाद्यनन्तं महतः परं ध्रुवं
निचाय्य तन्मृत्युमुखात्प्रमुच्यते॥

(कठोपनिषद् १।३।१५)

(परब्रह्म परमात्मतत्त्व शब्दले व्यक्त गर्न सकिनुहुन्न त्यसैले उहाँ हुनुहुन्छ अशब्द। उहाँलाई शरीरादि, इन्द्रियादि र बुद्धिले भेट्टाउन, छुन सकिन्न, त्यसैले अस्पर्श हुनुहुन्छ। रूप नभएकाले अरूप, कहिल्यै नाश नहुने हुनाले अव्यय, संसारी भोग–वासना रस आदिदेखि रहित भएकाले अरस, सदासर्वदा भइरहने भएकाले नित्य, कुनै इन्द्रियगोचर नभएकाले गन्धरहित। उहाँको आदि किंवा आरम्भ नै नभएकाले अनादि, त्यस्तै उहाँको अन्त नै नभएकाले अनन्त, महतत्त्व भन्दा पनि पर र ध्रुव अर्थात् निश्चल, अडिग हुनुहुन्छ उहाँ। त्यस्ता परमात्मालाई जसले आफूदेखि अभिन्न भनेर जान्दछन्, त्यस्ता महान् पुरुष मृत्युका मुखदेखि पर हुन्छन्। अर्थात् अब आमाको गर्भको बास र यमराजको अतिथि हुनबाट मुक्त हुन्छन्।)

ब्रह्मको नजिक पुऱ्याइदिने भएकाले पनि उपनिषद् शब्द सार्थक हुन्छ । ब्रह्म प्राप्त गर्ने मानिस विशुद्ध हुन्छ, अमर हुन्छ । (क.उ. २।३।१८)

औपनिषद्-दर्शन नै सम्यक्-दर्शन हो । यसबाट भवभय नाश हुन्छ र निरतिशय, आत्यन्तिक आनन्दको अनुभूति हुन्छ । जसले अनात्म प्रपञ्चलाई नाश गरिदिन्छ, संसारको कारणभूत अविद्या किंवा अज्ञानलाई शिथिल पारिदिन्छ र आफ्नो यथार्थ स्वरूप ब्रह्मलाई प्राप्त गराइदिन्छ त्यही हो उपनिषद् । त्यसैले ब्रह्मविद्या नै उपनिषद् हो र उपनिषद् नै ब्रह्मविद्या हो । 'सद्लृ'धातुका तीन अर्थ अब स्पष्ट भए- अविद्यां तनु करोति । ब्रह्म गमयति । अविद्यां तत्कार्यं च नाशयति । उपसमीपं निषीदति प्राप्नोति इति । उपनिषधतै–प्राप्यते ब्रह्मात्मभावोऽनया इति उपनिषद् ।

१. जन्मादि षड्भावविकारलाई अवसादन गर्ने, अर्थात् थिलोथिलो पार्ने,
२. संसार र संसारलाई जन्माउने वासनालाई मूलदेखि नै निवृत्त गरिदिने
३. ब्रह्मज्ञान प्राप्त गराइदिने (गति-प्राप्ति) ।

यही ब्रह्मविद्यालाइ वेदको शीर्षस्थानीय आम्नायमस्तक, श्रेष्ठ विद्या, वेदको महावाक्य, ज्ञानको आदिस्रोत, विद्याको पनि विद्या, अध्यात्मविद्या, आत्मविद्या, दहरविद्या, मधुविद्या, संवर्गविद्या, पराविद्या, भूमाविद्या, आदि र अस्पर्शयोगविद्या, राजाधिराजयोगविद्या आदि पनि भनिन्छ । उपनिषद् त ज्ञानको शिरोमणि, चूडामणि एवं चिन्तामणि, कामधेनु र कल्पवृक्ष नै हो । वनमा कठोर तपस्या गरेर, इन्द्रियसंयम गरेर, अखण्डरूपमा ब्रह्मचिन्तन गरेर मात्र पाउन सकिने एवं यस्तै तपस्वी, तीव्र मुमुक्षुलाई वनैमा, एकान्तमा बताइने भएकाले यही उपनिषद्लाई आरण्यक पनि भनिन्छ–बृहदारण्यक उपनिषद्को नामाकरण पनि यही आधारमा भएको हो ।

सृष्टिकर्ता ब्रह्मदेवले देवराज इन्द्रलाई, महान् तपस्वी ऋषि हारिद्रुमले

सत्यकाम जाबाललाई, सन्तशिरोमणि सनत्कुमारले देवर्षि नारदलाई, ज्ञानवान् गाडावान् रैक्वले राजा जानश्रुतिलाई, उद्दालक आरुणिले जिज्ञासु, मुमुक्षु पुत्र श्वेतकेतुलाई, धर्मराज यमराजले वाजश्रवसका पुत्र ऋषिकुमार एवं तीव्र ज्ञान-पिपासु नचिकेतालाई बताएको, उपदेश दिएको यही ब्रह्मविद्या हो, उपनिषद् हो । उपनिषद्मा ब्रह्मज्ञानको पराकाष्ठा पाइन्छ । उपनिषद्ले लक्ष्य गरेको ज्ञान स्वतःसिद्ध, स्वतःप्रमाण भएकाले अर्को कुनै प्रमाणको आवश्यकता छैन । वेद(जान्नु किवा ज्ञान)को अन्तिम भाग अर्थात् जहाँ पुगेपछि जान्नु बाँकी रहँदैन, त्यो हो वेदान्त; त्यही कुराको प्रतिपादन गर्ने शास्त्र हो उपनिषद् ।

वेदपुरुषको (श्रुतिशिर) शिरोभागलाई उपनिषद् भनिन्छ । 'उप' = व्यवधानरहित, नि = सम्पूर्ण, षद् = ज्ञान । ज्ञान अर्थ निस्कने भएकाले उपनिषद्को अर्थ हुन्छ- कुनै पनि प्रतिबन्ध नभएको स्वतन्त्र एवं परिपूर्ण ज्ञान । उपनिषद्मा ज्ञानको कमी छैन, अपूर्णता छैन । औपनिषद् ज्ञान कसैको अधीनमा छैन ।

वेदान्तका तीन प्रस्थानमध्ये वैदिककालीन प्रस्थान, वेदले बताएको प्रस्थान हो-श्रुतिप्रस्थान (मार्ग) हो उपनिषद् । उपनिषद्ले बताएको मार्गबाट हिँडे ब्रह्मज्ञान प्राप्त हुन्छ र मोक्षलाभ हुन्छ । यही वैदिक मान्यता हो, परम्परा हो, मर्यादा हो ।

तिलेषु तैलवद्वेदे वेदान्तः सुप्रतिष्ठितः

(मुण्डकोपनिषद् ९)

(तिलका दाना-दानामा जसरी व्याप्त भएर तेल रहेको हुन्छ, त्यस्तै नै सार-तत्त्वका रूपमा वेदहरूमा वेदान्त किंवा ब्रह्मविद्या राम्ररी जमेर प्रतिष्ठित भएर बसेको हुन्छ) । वेदको मर्म, सार, रस, तत्त्व नै वेदान्त हो, उपनिषद् हो । श्रीकृष्णले भन्नुभएको छ-अध्यात्मविद्या विद्यानाम् *(गीता १०।३२)* (विद्याहरूमा अध्यात्मविद्या म नै हुँ ।)

वेदान्त

ज्ञानको अन्तिम भाग-ज्ञानकाण्ड वेदान्त हो । वेदको तत्त्व, वेदको मर्म, वेदको सार, गन्तव्य हो वेदान्त । वेद जहाँ पुगेर टुङ्गिन्छ, वेदले जसलाई लक्ष्य गरेको हुन्छ, त्यो नै वेदान्त हो । जान्नुसम्म वेद हो– जहाँ पुगेर जान्नु समाप्त हुन्छ त्यहाँ वेदान्त शुरु हुन्छ । जान्नुको अन्त, जान्नुको त्याग, जान्नुको पूर्णता, जान्नुको पराकाष्ठा हो वेदान्त । उपनिषद्लाई नै वेदान्त भनिन्छ । चिन्तन परम्पराको, आत्मानुसन्धानको, श्रवण, मनन र निदिध्यासनको, ब्रह्मसाधनाको, तपस्याको, सर्वोकृष्ट, सर्वोच्च उपलब्धिलाई वेदान्त भन्नु समुचित हुन्छ । वेदान्त जाने पछि वा वेदान्तले देखाएको, लखाएको यथार्थ तत्त्वको साक्षात्कार भएपछि जान्न बाँकी रहँदैन । वेदान्त नै सम्पूर्ण शास्त्रको मूर्धन्य उपलब्धि हो । अन्य शास्त्र त यसैका अङ्ग-उपाङ्ग मात्र हुन् । वेदको चरमोत्कर्षको स्थिति वेदान्त ।

वेदान्तको लक्ष्य हो-ब्रह्मप्राप्ति । ब्रह्ममा, ब्रह्मधाममा, ब्रह्म-मन्दिरमा पुग्नका निमित्त वेदान्तले तीन प्रमुख मार्ग निर्देश गरेको छ । यी तीन मार्गलाई वेदान्तकै पारिभाषिक शब्दावलीमा प्रस्थानत्रयी भनिन्छ –

१. **श्रुतिप्रस्थान** – वैदिक वा श्रुतिको मार्ग उपनिषद् ।

२. **न्यायप्रस्थान** – ब्रह्मसूत्रले बताएको सूत्रमार्ग र बौद्धिक चिन्तन एवं तर्कप्रधान मार्ग ।

३. **स्मृतिप्रस्थान** – समन्वयात्मक, पौराणिक व्याख्यात्मक मार्ग अर्थात् श्रीमद्भगवत्गीता

यी तीनै मार्गको गन्तव्य, प्राप्तव्य एउटै हो, उही हो । वेदान्त पनि विज्ञान हो- यसले ब्रह्ममा नै पुऱ्याएर छोड्छ, जगत्मा अलमल्याएर भड्काउँदैन । पाश्चात्य भौतिक विज्ञान त जड-विज्ञान, प्रपञ्च-विज्ञान, बाह्य जगत्को विज्ञान हो भने वेदान्त-विज्ञान त आत्म-विज्ञान, अध्यात्म-विज्ञान, चिद्विज्ञान, नित्य-तत्त्व विज्ञान, सच्चिदानन्द-विज्ञान, अमृत-विज्ञान, ब्रह्म-विज्ञान वा भगवद्विज्ञान हो । त्यसैले त भगवान् श्रीकृष्ण आज्ञाहुन्छ –ज्ञानं

विज्ञानसहितं यज्ज्ञात्वा मोक्षसेऽशुभात् । *(श्रीमद्भगवद् गीता ९।१)*

(अनुभवले–ब्रह्मानुभवले सहित भएको ब्रह्मज्ञान भएपछि सम्पूर्ण प्रकारको जन्म–मृत्यु आदि अशुभबाट तिमी मुक्त हुन्छौ)

यद्यपि उपनिषद् वेदशीर्ष हो, वेदको सार हो तथापि वेददेखि भिन्न चाहिँ होइन । अतः उपनिषद् पनि परमेश्वरको निःश्वासभूत तथा अनादि एवं अपौरुषेय नै हो । उपनिषद्को सार हुनुको कारण गीतालाई पनि गीतोपनिषद् भनिन्छ । उपनिषद्रूप गाईको अमृतमय दुध भनेर गीतालाई भनेको छ गीताको माहात्म्यमा–

सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ॥

(सम्पूर्ण उपनिषद्रूपी गाईहरूको दुध दुहुनुभयो भगवान् श्रीकृष्णले । बाछो भए पार्थ (अर्जुन), दुध भयो गीतारूप अमृत–त्यो अत्यन्त महान् छ । यसको उपभोग गर्छन् विद्वान, सज्जन मुमुक्षुहरूले ।)

उपनिषद्यते–प्राप्यते ब्रह्मात्भावोऽनया इति उपनिषद् ।

(जसका आधारमा ब्रह्मको साक्षात्कार गर्न सकिन्छ त्यही हो उपनिषद् ।) अमरकोषकारले उपनिषद्को अर्थ यसरी गरेका छन्–धर्मे रहस्युपनिषत् स्यात् । (यस अनुसार उपनिषद् त गूढ धर्म र रहस्यका अर्थमा प्रयुक्त भएको छ ।)

वेदका अंगभूत संहिताभाग, ब्राह्मणभाग, आरण्यकभागबाटै ब्रह्मज्ञान प्रतिपादक भागहरूलाई पृथक् गरेर, त्यसैलाई उपनिषद् भनिएको हो । वेदान्त, उत्तरमीमांसा, ब्रह्मविद्या आदि यसैका पर्यायवाची शब्द हुन् । अथर्ववेदमा मात्र ५२ उपनिषद्हरू छन् भने मुक्तिकोपनिषद्मा १०८ प्रमुख उपनिषद्को नामै गणना गरिएको छ । संख्यात्मकै दृष्टिले हेर्ने हो भने आजसम्म प्रकाशमा आएका उपनिषद्को संख्या २२० पुगेको छ ।

ऋग्वेद, अथर्ववेद, सामवेद र यजुर्वेदका शुक्ल र कृष्ण गरी सम्पूर्ण वेदबाट अत्यन्त महत्त्वपूर्ण र प्रसिद्ध मानिएका उपनिषद् १० छन् । ती हुन्–

ईशकेनकठप्रश्नमुण्डमाण्डूक्यतित्तिरिः ।
ऐतरेयं च छान्दोग्यं बृहदारण्यकं दशः ॥

(मुक्तिकोपनिषद् ३०)

(ईशावास्योपनिषद्,केनोपनिषद्,कठोपनिषद्,प्रश्नोपनिषद्,मुण्डकोपनिषद्, माण्डूक्योपनिषद्, तैत्तिरीयोपनिषद्, ऐतरेयोपनिषद्, छान्दोग्योपनिषद् र बृहदारण्यकोपनिषद्)

यी दशै उपनिषद्को विस्तृत एवं शास्त्रीय र प्रामाणिक भाष्य लेख्नुभएको छ आद्य जगद्गुरु शंकराचार्यले । त्यसैले यी अत्यन्त प्रसिद्ध छन् । यिनका अतिरिक्त भाष्यकार शंकरले श्वेताश्वतरोपनिषद्को पनि भाष्य गर्नुभएकाले त्यो पनि त्यत्तिकै प्रसिद्ध भएको छ ।

ब्रह्म

अनादि, अनन्त, पूर्ण, एक, अद्वैत, सद्घन, चिद्घन, आनन्दघन, नित्य, शुद्ध,बुद्ध,एकरस,अजर,अमर, अनामय, अमृतरूप, अकल्पनीय, शब्दातीत, गुणातीत,भावातीत,अवस्थातीत,कालातीत,अर्न्तरात्मस्वरूप,सूक्ष्मातीसूक्ष्म,महान्भन्दा महान्, व्यापक, बोधस्वरूप, स्वंयप्रकाशरूप, अखण्ड, अप्रमेय, अविक्रिय, अक्रिय अद्वितीय, निर्गुण, निष्कल, निरवयव, निर्विकल्प, निराकार, निर्मल, अत्याज्य, अग्राहय, निर्विशेष, नाम-रूपरहित, स्वसंवेद्य आत्मस्वरूप नै ब्रह्म हो। ब्रह्म कसैमा आश्रित छैन । निखिल, अनन्त, ब्रह्माण्डको आश्रय नै ब्रह्म हो । मन, वाणीदेखि पर भएको स्वतःसिद्ध, स्वयंज्योति, स्वतःप्रमाण भएकाले ब्रह्मका विषयमा बताउन, लखाउन मिल्दैन । ब्रह्म बाहेक अरू वस्तु हुँदै नभएकाले ब्रह्म विषयमा नबताउन पनि मिल्दैन । ब्रह्मकै विषयमा बताउँदा बताँउदै वेदहरू, देवहरू थाकिसके । सम्पूर्ण वेदादि शास्त्रहरू, देवादि, ऋषि–मुनि आदि र चराचर–स्थावर–जंगम सम्पूर्ण जीव–निर्जीव त्यही ब्रह्ममा हराउँछन्, बिलाउँछन् । अनन्त ब्रह्माण्ड नै

आकाशमा धुलाका कणहरूझैं ब्रह्मस्वरूप परमात्माका पेटभित्र उडिरहेका, रुमल्लिरहेका छन् भनी श्रुतिहरू 'वेदस्तुति'मा परमात्माको असीमितता, अनिर्वचनीयता विषयमा आफ्ना भावोद्गार व्यक्त गर्दछन्–

ख इव रजांसि वान्ति वयसा सह यच्छ्रुतय
स्थस्त्वयि हि फलन्त्यतन्निरसनेन भवन्निधनाः।

(श्रीमद्भागवत १०।८७।४१–वेदस्तुति)

(श्रुतिहरु, तपाईं परब्रह्म परमात्मा नै तात्पर्यरूपले पर्यवसित हुन्छन् । आकाशमा परमाणुझैं तपाईंमा ब्रह्माण्डका समूहहरू परिभ्रमण गरिरहन्छन् । मिथ्याभूत जगत्को निरसनद्वारा ब्रह्मज्ञानको विषयभूत पदार्थदेखि भिन्न, धर्मा–धर्म, कार्य–कारणदेखि पनि भिन्न, भूत–भविष्यत्देखि भिन्न तपाईं ब्रह्म नै हामी श्रुतिहरूको 'नेति नेति' भन्ने निषेधमुखद्वारा सम्पूर्ण द्वैत जगत्को निरसन गर्दै त्यसको अवधिरूपले बाँकी रहनुभएका तपाईंमा नै पर्यवसित भएका छौं ।)

सर्वं खल्विदं ब्रह्म *(छान्दोग्योपनिषद् ३।१४।१)*

यो सारा ब्रह्म हो । अब बाँकी केही पनि रहेन । केही बाँकी रहन्छ भने–

नेहनानास्ति किञ्चन *(निरालम्बोपनिषद् १)*

नाना भन्ने केही पनि छैन । यसबाट सिद्ध भयो देखिने–नदेखिने, बोलिने–नबोलिने, लेखिने–नलेखिने, पढिने–नपढिने, जानिने–नजानिने, स्थूल–सूक्ष्म, कारण–कार्य, शब्दले गोचर–अगोचर आदि इत्यादि साराका सारा ब्रह्मै ब्रह्म मात्र हो । त्यसैले त जगद्गुरु भाष्यकार शंकर भन्नुहुन्छ–

ब्रह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापर ।
अनेनवेद्यं सच्छास्त्रमितिवेदान्त डिंडिमः ॥

(ब्रह्मज्ञानावलीमाला–२०)

(ब्रह्म सत्य हो, जगत् मिथ्या हो । जीव नै ब्रह्म हो, अर्को होइन । सत् शास्त्रद्वारा जान्नुपर्ने कुरा यही हो - यही नै वेदान्तको निर्घोष हो ।)

ब्रह्मका दुई लक्षण छन्–स्वरूप लक्षण र तटस्थ लक्षण ।

१. स्वरूप लक्षण–

निर्गुण, निराकार, निर्विशेष, परब्रह्म नै ब्रह्मको स्वरूप लक्षण हो । यो ब्रह्म कार्य–कारणातीत हो । यसमा जगत्को, सृष्टिको संभावना नै छैन । यसका लक्षणका क्रममा वेदका मन्त्रहरू यसरी मुखरित हुन्छन्

विज्ञानमानन्दं ब्रह्म *(बृहदारण्यकोपनिषद् ३।९।२८)*

(ब्रह्म विज्ञानस्वरूप) (अनुभवरूप) र आनन्दस्वरूप छ ।)

ब्रह्म आफूदेखि अभिन्न हो, आफू नै हो । त्यस्तै ब्रह्म सदाकाल आनन्दरूप छ । आनन्द पनि आफूदेखि भिन्न हुनै सक्दैन । त्यसैले आनन्दका रूपमा पनि ब्रह्म नै रहेको छ ।

सच्चिदानन्द ब्रह्म । (ब्रह्म सत्, चित्, आनन्दरूप छ ।)

सत्यं ज्ञान मनन्तं ब्रह्म । *(तैत्तिरीयोपनिषद् प्र.अ १)*

नित्यामन्दमयं ब्रह्म ।

विज्ञानमानन्द ब्रह्म *(बृ.उ.३।३।२८)*

(ब्रह्म सत् स्वरूप छ, ब्रह्म ज्ञानस्वरूप किवा चेतनस्वरूप छ, ब्रह्म अनन्त अर्थात् आनन्दस्वरूप छ । नित्यस्वरूप, नित्यआनन्दस्वरूप ब्रह्म छ । ब्रह्म त अनुभवानन्दस्वरूप छ ।

२. तटस्थ लक्षण–

यतो वा इमानिभूतानि जायन्ते येन जातानि जीवन्ति ।
यत्प्रयन्त्यभिसंविशन्ति । तद्विजिज्ञासस्व । तद् ब्रह्मेति ।
(तै.उ.भृगुवल्ली प्र.अ.१)

(जसबाट यी प्रत्यक्ष देखिने प्राणीहरू उत्पन्न हुन्छन्, जसका आश्रयमा

प्राणीहरू बाँचिरहेका छन्, अन्त्यमा यस लोकबाट प्रयाण गर्दै अर्थात् मरेपछि जहाँ गएर प्रविष्ट हुन्छन्, त्यस्तो तत्त्वलाई जान्ने इच्छा गर्नु पर्छ। त्यही नै ब्रह्म हो।

जब सृष्टिको प्रसंग नै उठ्दैन, तब त्यही ब्रह्म स्वरूपतः आफ्नै अखण्ड, परिपूर्ण, चैतन्यसत्तामा विराजमान हुन्छ भने सृष्टिको क्रम शुरु भएपछि त्यसैबाट नाना प्रकारका सृष्टि, पालन र संहारको क्रम आउँछ। स्वरूपस्थितिलाई ब्रह्मको स्वरूपलक्षण भनेर चिनाइन्छ भने संसारको, सृष्टिको, जन्म–मरण आदिको प्रसंग आउँदासाथ त्यही ब्रह्मबाटै भएको भनेर मानिन्छ र यसलाई ब्रह्मकै तटस्थलक्षणभित्र पारिन्छ। यसरी ब्रह्मलाई चिन्न मात्र परेको छ–जसरी चिने पनि हुन्छ। ब्रह्मलाई चिने पछि ब्रह्म नै बनिन्छ–ब्रह्मवेद ब्रह्मैव भवति *(मु.उ. ३।२।९)*

(जसले परब्रह्म परमात्माको अपरोक्ष साक्षात्कार गर्दछन्, उनी ब्रह्म नै हुन्छन्।)

यस्ता ब्रह्मज्ञानी सम्पूर्ण शोकबाट,सम्पूर्ण पापबाट र तापबाट मुक्त हुन्छन्।

तैत्तिरीयोपनिषद भृगुवल्लीको द्वितीय अनुवाकदेखि षष्ठ अनुवाकसम्म क्रमैले अन्नलाई, प्राणलाई, मनलाई, विज्ञानलाई, आनन्दलाई ब्रह्म भनेर जान्नु भनिएको छ। त्यस्तो सर्वत्र व्यापक भएको ब्रह्मलाई तपस्याका बलले जान्ने इच्छा गर्नु पनि भनिएको छ–

तपसा ब्रह्म विजिज्ञासस्व *(तै.उ.३।२)*

तपस्याद्वारा ब्रह्म जान्ने इच्छा गर।

तस्माद्वा एतस्मादात्मनः आकाशः सम्भूतः *(तै.उ.२।१)*

(यस आत्माबाट सबभन्दा पहिले आकाश उत्पन्न भयो।) अनि क्रमैले वायु, अग्नि, पानी, पृथ्वी, औषधी, अन्न र पुरुष उत्पन्न भए।

स्वरूपलक्षणले ब्रह्मलाई निर्गुण–निराकाररूपमा प्रत्यक्ष द्योतन गरेको छ भने तटस्थलक्षणले सगुण, साकार रूपमा ईश्वरस्थानीय मानेर, सृष्टिलाई

स्वीकार गर्ने अनुक्रममा अप्रत्यक्ष रूपमा द्योतन गरेको छ त्यही ब्रह्मवस्तुलाई । गुणातीत, भावातीत, शब्दातीत ब्रह्मलाई कुनै प्रकारका लक्षणले पनि लक्ष्य गर्न त सकिँदैन तापनि वेदान्त–शास्त्रमा यी दुई प्रकारका लक्षणबाट लक्षित गर्न खोजिएकाले यहाँ यो प्रसंग उठाइएको हो ।

जसरी वेदान्त–दर्शनले ब्रह्मको लक्षण गरेको छ त्यसैगरी शैवागम-दर्शनले पनि परब्रह्म परमात्माको लक्षण गरेको छ । ती हुन्-

१. **सर्वकर्तृता**–जे पनि गर्न सक्ने ।
२. **सर्वज्ञता**–जे पनि जान्न सक्ने ।
३. **नित्यतृप्तता**–सदासर्वदा तृप्त भएका ।
४.**नित्यता(सत्यता)**–सदाकाल रहिरहने ।
५.**सर्वतन्त्रस्वतन्त्रता**–कसैको अधीनमा नभएका र आफू आफूमा पूर्ण भएका ।

यी पाँच लक्षणलाई माथि बताइएका सच्चिदानन्द, अद्वयमा अन्तर्भूत गर्न सकिन्छ । वास्तवमा बुझ्ने र बुझाउने क्रममा शास्त्रमा, शास्त्रकारहरूले समय र परिस्थिति अनुसार नाना प्रकारका पद्धति र शैली, भाषा र भाव व्यक्त गरेका हुन्, अधिकारीभेद अनुसारका उपायहरू अवलम्बन गरेका हुन् । वास्तवमा तत्त्व एकै हो, उही नै हो । ब्रह्म के कस्तो हो भन्ने सन्दर्भमा श्रुतिकै घोषणा छ –

एतध्द्येवाक्षरं ब्रह्म एतद्ध्येवाक्षरं परम् ।
एतध्द्येवाक्षरं ज्ञात्वा यो यदिच्छति तस्य तत् ॥

(कठोपनिषद् १।२।१६)

(श्रीयमराज आफ्ना परमप्रिय शिष्य एवं अतिथि नचिकेतालाई उपदेश दिँदै आज्ञा हुन्छ– हे नचिकेता ! यही अक्षर नै ब्रह्म हो– यही अक्षर नै परब्रह्म र अपरब्रह्म पनि हो । यी दुवै ब्रह्मको प्रतीकात्मक स्वरूप हो ॐ काररूप अक्षर । मुमुक्षु पुरुषले यी दुवैलाई एकै रूपमा जान्नुपर्छ । यसरी वास्तवरूपमा

जान्यो भने ज्ञाता र ज्ञेयमा भिन्नता रहँदैन, त्यही नै हुन्छ। परब्रह्म र अपरब्रह्म दुवैको प्रतीक हो ॐकार। ब्रह्मको उपासनाले ब्रह्म जानिन्छ। यसरी ब्रह्म जान्ने ब्रह्म नै हुन्छ। भनिएको पनि छ–

ब्रह्मवेद ब्रह्मैव भवति। *(मु.उ.३।२।९)*

ब्रह्मज्ञानी सम्पूर्ण शोकबाट मुक्त हुन्छन्– तरति शोकमात्मवित्।

तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः॥

(ईशावस्योपनिषद् ७)

(एकमात्र परब्रह्म परमात्माको अपरोक्ष साक्षात्कार गर्ने मनुष्यका लागि त्यहाँ केको मोह बाँकी रहन्थ्यो र केको शोकको संभावना हुन्थ्यो) ब्रह्मज्ञानी शोक र मोहरहित भएर अखण्ड आनन्दपूर्ण अवस्थामा विराजमान हुन्छन्। यो हो ब्रह्मको महिमा।

यस्तै ब्रह्मज्ञान (जीवात्मा र परमात्माको एकताबोध ज्ञान) भएपछि मात्रै कैवल्यपद (अद्वैत स्थिति) प्रांप्त हुन्छ–ज्ञानादेव तु कैवल्यम्।

यो हो ज्ञानको महिमा। ज्ञानकै महत्ताका सन्दर्भमा भनिन्छ– ऋते ज्ञानान्नमुक्तिः (ज्ञान नभई कुनै हालतमा पनि मुक्ति संभव छैन।) अतः ब्रह्मज्ञान नै सर्वोपरि ज्ञान हो।

त्यस्तो ब्रह्मलाई कसरी चिन्ने त भन्दा आद्य जगद्गुरु शंकराचार्य भन्नुहुन्छ–

दृग्दृश्यौ द्वौ पदार्थौ स्तः परस्पर विलक्षणौ।
दृग्ब्रह्म दृश्यमायेति सर्ववेदान्त डिंडिम॥

(ब्रह्मज्ञानावलीमाला १७)

(परस्परमा विलक्षण स्वभाव भएका दुई पदार्थ छन्। ती हुन्– दृक् र दृश्य। दृक्स्वरूप ब्रह्म हो र सारा दृश्य माया मात्र हो - यो नै वेदान्तको निचोड घोषणा हो)। विधिमुखले भन्दा सारा ब्रह्म हो, ब्रह्मदेखि भिन्न

केही पनि छैन- सर्वं खल्विंद ब्रह्म ।

निषेधमुखले भन्ने हो भने 'नेति नेति' (यो पनि होइन, त्यो पनि होइन- स्थूल पनि होइन, सूक्ष्म पनि होइन । कारण पनि छैन, कार्य पनि छैन।) अथवा नेह नानास्ति किञ्चन । (नाना पदार्थ छँदैछैन, कुनै हालतमा पनि नाना वस्तुको अस्तित्व छैन) । भएको वस्तु ब्रह्म मात्र हो । यही वेदान्त- सिद्धान्त हो । यी दुवै मुखले प्रतिपादन गरिएको तत्त्व एकै हो, उही नै हो । वेदान्त त विज्ञान भएंकाले यहाँ भन्नु वा सुन्नुको मात्र महिमा होइन किन्तु हुनुको महत्ता, महानता छ । सुनाउनेले वा भन्नेले पनि भएर मात्र भन्नु पर्छ; सुन्नेले पनि सुनिसकेपछि हुनै पर्छ नभए सुनेको के अर्थ ? के प्रयोजन? के फल?

भौतिक विज्ञानमा जाने पुग्छ; हुनुपर्दैन; हुनुको औचित्य र लाभ पनि छैन । रुख जानेर रुख हुनुपर्दैन, रुख भएर इष्टसिद्ध हुने पनि होइन । तर ब्रह्म विद्या त्यस्तो होइन । वेदान्त किंवा उपनिषद्को आत्मा, ईश्वर, ब्रह्मलाई नाना युक्ति र नाना शास्त्रका आधारमा अनेक ऋषि र कारक पुरुषहरूले चिनाएका छन्, देखाएका छन्, बुझाएका छन् -मुमुक्षुका कल्याणका लागि । मुमुक्षुले आत्मा वा ब्रह्मलाई राम्ररी बुझ्नु पर्छ हुनका लागि; चिन्नु पर्छ बन्नका लागि । यसरी आत्मबोध किंवा ब्रह्मबोध भयो भने–तरतिशोक आत्मवित् (*श्रुति*) (आत्माज्ञानीले सम्पूर्ण शोकसागरबाट पार पाएको हुन्छ) आत्मज्ञानीको विशेषता नै यही हो । आत्मज्ञान चाहिँ भयो रे तर शोक निवारण चाहिँ भएको छैन भने त्यसले आत्मज्ञान गरेको ठहरिँदैन, प्रमाणित हुँदैन । आत्मज्ञानीले फेरि जान्नु पर्ने बाँकी केही रहँदैन । आत्मज्ञानीले फेरि जन्मनु पर्दैन । ज्ञानको महिमा यही नै हो । तर संसारी, भौतिक वस्तुको ज्ञानले न त शोक निवारण हुन्छ न त जन्म-मरणको चक्करबाट पार पाइन्छ । आध्यात्मिक ज्ञान र भौतिक विज्ञानमा देखिने ठोस अन्तर यही नै हो । उपनिषद्मा ब्रह्मलाई नै लक्ष्य गरिएका दुई प्रकारका वाक्यहरू पाइन्छन्–

अवान्तर वाक्य र महावाक्य ।

१. अवान्तर वाक्य – महावाक्यका बाहेक ब्रह्मलाई, आत्मालाई, ईश्वरलाई प्रतिपादन गर्ने सबै वाक्य अवान्तर वाक्यभित्र पर्दछन् –आत्मै वेदमग्र आसीद् (सबभन्दा पहिले एउटा आत्मा मात्र थियो)

(बृहदारण्यकोपनिषद् १।४।१७)

योऽयमान्मेदममृतमिदं ब्रह्मेदं सर्वम् (यो आत्मा हो । यो अमृत हो, यो बह्म हो । यो नै सबै हो) *(ऐजन. २।५-१-१४)*

ब्रह्म वा इदमग्र आसीद् (सबभन्दा पहिले यो एक ब्रह्म नै थियो ।

(ऐजन१।४।११

ब्रह्मविदाप्नोति परम् (ब्रह्मवेत्ताले परमात्मालाई प्राप्त गर्दछन्)

(तै. उ. २।१।१)

सयो ह वै तत्परमं ब्रह्मवेद बह्मैव भवति (जसले परब्रह्म परमात्मालाई अपरोक्ष रूपमा जान्दछ, ब्रह्म नै हुन्छ) *(मुण्डकोपनिषद् ३।२।९)*

आचार्यवान् पुरुषो वेद (आचार्यवान् र ज्ञानवान् गुरु भेटाइयो भने त्यस्ता गुरुबाट ज्ञान सिकियो भने त्यस्ता शिष्यलाई ज्ञान हुन्छ ।)

(छा. उ. ६।१४।२)

तपसा ब्रह्म विजिज्ञासस्व (तपस्याद्वारा ब्रह्मलाई जान्ने प्रयत्न गर)

(तै. उ. ३।२।१)

आत्मा वा अरे द्रष्टव्यःश्रोतव्यो मन्तव्यो निदिध्यासितव्यो । (यो आत्मा नै दर्शनीय, वरणीय, मननीय र ध्यानयोग्य छ, र यसकै ध्यान गर्नुपर्दछ ।) *(बृ.उ. २।४।५)*

ईशावास्यमिदं सर्वं (यो अखिल ब्रह्माण्ड ईश्वरद्वारा अनुशासित, प्रशासित, शासित छ, व्याप्त छ ।) *(ई.उ.१)*

एको देवःसर्वभूतेषु गूढ सर्वव्यापी सर्वभूतान्तरात्मा (त्यो एक परमात्मा परमेश्वर सम्पूर्ण प्राणीका हृदयरूप गुफामा लुकेर बसेको छ, त्यो सर्वव्यापी छ र सम्पूर्ण प्राणीको आत्मस्वरूप हो ।)

(श्वेताश्वतरोपनिषद्६।११)

उपनिषद्मा यस्ता ईश्वर,आत्मा, ब्रह्मविषयक वाक्यहरू हजारौं छन् । यिनले ब्रह्मलाई, ईश्वरलाई आत्मालाई राम्ररी चिनाइदिन्छन् र तिनलाई पाउनका लागि मार्ग प्रशस्त गराइदिन्छन् । मनुष्य जीवनको. सबभन्दा ठूलो पुरुषार्थ हो आत्मबोध, ब्रह्मसाक्षात्कार । आत्मा, ब्रह्म आदि विभिन्न नामले देखाउन, लखाउन, निर्देश गर्न खोजेको तत्त्व चाहिँ उही हो, एकै हो ।

२.महावाक्य – चार वेदका चार उपनिषद्बाट जीव र ब्रह्मको एकता-बोधक चारओटा वाक्य छानिएका छन् । तिनलाई वेदान्त जगत्मा चार महावाक्य भनेर अत्यन्त श्रद्धाका साथ स्वीकार गरिएको छ । ब्रह्मजिज्ञासुले ब्रह्मज्ञानी गुरुबाट महावाक्यको श्रवण गर्नुपर्छ विधिपूर्वक । श्रवण अनन्त मनन, निदिध्यासन गरेपछि, त्यो पनि नित्य, निरन्तर दीर्घकालपर्यन्त तैलधारावत् ब्रह्मचिन्तन गरे ब्रह्मको अपरोक्ष साक्षात्कार हुन्छ; जीव शिव बन्दछ । यसरी अपरोक्ष ब्रह्मबोध भए मोक्ष लाभ हुन्छ, जीवन्मुक्तिको आनन्दानुभूति हुन्छ भन्ने वैदिक आदर्श, मर्यादा र मान्यता अत्यन्त प्रसिद्ध छ । अनुभवी ज्ञानवान् महात्मा, अमलात्मा, विमलात्माहरू यसै भन्नुहुन्छ । उपनिषद्हरूमा ब्रह्मको, जीवको र जगत्को प्रशस्त चर्चा पाइन्छ । वेदले, वेदान्तले यसदेखि बाहेक अरू कुनै बताउनु परेको छैन । जीव र जगत्को चर्चा गरेको त जीवभाव र जगत्भाव छोड्नका लागि, त्याग्नका लागि हो । अनि ब्रह्मको विवेचना, व्याख्या गरेको लिनका लागि, ग्रहण गर्नका लागि र हुनका लागि हो ।

सृष्टिका सन्दर्भमा ईश्वरको पनि व्यापक प्रसंगहरू उठाइएका छन् । मायाविशिष्ट ईश्वर, तर मायादेखि रहित । मायाले छोपिएको, छेकिएको

जीव र माया विनिर्मुक्त ब्रह्म । यसरी जीव हो र ईश्वरका बीचमा रहेकी माया, ईश्वर र ब्रह्मका बीचमा बसेकी मायालाई राम्ररी बुझाउनका लागि वेदान्त-दर्शनका निष्णात् आधिकारिक चिन्तक, महापुरुषहरूले प्रशस्त चिन्तन, लेखन, प्रकाशन गरेका छन् । यस सन्दर्भमा आद्य जगद्गुरु भाष्यकार शंकराचार्यको ठूलो भूमिका छ ।

वेदका चार महावाक्य निम्न प्रकारका छन्–

१. **ऋग्वेद**

ऐतरेयोपनिषद् – ३।१।३ प्रज्ञानं ब्रह्म ।

२. **शुक्ल यजुर्वेद**

बृहदारण्यकोपनिषद् – १।४।१० अहं ब्रह्मास्मि ।

३. **सामवेद**

छान्दोग्योपनिषद्– ६।८।७, ६।९।४, ६।१०।३, ६।११।३, ६।१२।३, ६।८।७, ६।१३।३, ६।१४।३, ६।१५।३, ६।१६।३ तत्त्वमसि ।

४. **अथर्ववेद**

माण्डूक्योपनिषद्–२ अयमात्मा ब्रह्म ।

प्रज्ञानस्वरूप सम्पूर्ण जीव र जगत् नै ब्रह्म हो । प्रज्ञान भनेको इन्द्रादि देवगण, प्रजापति, पृथ्वी आदि पन्चमहाभूत, सम्पूर्ण जीव, जगत्–स्थावर–जंगम साराको आँखा हो, स्वरूप, प्रतिष्ठा हो । त्यसैले जीवात्मा नै परमात्मा हो । सृष्टि पनि परमात्मामय हो । अतः परमात्मादेखि भिन्न दोस्रो वस्तु नै छैन ।

म ब्रह्म हुँ भनी जसले ब्रह्मलाई जान्दछ ऊ नै ब्रह्म हुन्छ । देवताहरूले ब्रह्मलाई जाने ब्रह्म नै बने । त्यस्तै ऋषिहरूले ब्रह्मलाई जाने ब्रह्म नै बने । जीवनभर साधना गरेर, तपस्या गरेर चित्त शुद्धि अनन्तर ब्रह्म

विचार गर्दा गर्दा जसले ब्रह्मको अपरोक्ष साक्षात्कार गरे ती मनुष्य पनि ब्रह्म नै बने । अतः ब्रह्मको यथार्थ अनुभव गर्ने मानिसले आरामसंग निर्धक्क भन्न मिल्यो– म ब्रह्म हुँ । यो अनुभवात्मक वाक्य हो । वेदमा परब्रह्म परमेश्वर रुद्रको उल्लेख पाइन्छ । वेद, आगम, स्मृति, पुराण आदि ग्रन्थमा पनि शिवजीको परब्रह्मतत्त्वका रूपमा विवेचना भएको पाइन्छ । परब्रह्म परमेश्वरका तीन रूप मानिएका छन् –

१. कारणरूपब्रह्म – सृष्टिको अभिन्न निमित्तोपादन कारण– अर्थात् सम्पूर्ण सृष्टि, स्थिति र संहारको कारण रूपमा मानिएको ब्रह्म किवां रुद्र ।

२. कार्यरूपब्रह्म – सृष्टि-स्थिति,संहार गर्ने मूर्तरूप ब्रह्म किंवा रुद्र । जगत्, निखिल ब्रह्माण्ड नै उही ब्रह्मकै रूप हो –तद्सृष्ट्वा तदेवानुप्राविसद् (उहाँले सारा सृष्टि गरेर त्यसैमा प्रवेश गर्नुभयो । सुन नै गहना रूपमा परिणत भएको हो । गहना बनेका कालमा पनि सुन त सुन रूपमा नै छ । त्यस्तै सृष्टिका सन्दर्भमा पनि परमात्मा हराएको छैन ।

३. कार्य-कारणातीत ब्रह्म – सृष्टिको कारण पनि नभएको, सृष्टिको कार्य पनि नभएको ब्रह्म जहाँ माया पनि छैन त्यो हो शुद्ध निर्विकार, निर्गुण, निष्कल, परिपूर्ण कार्य-कारण तीत ब्रह्म ।

यही ब्रह्मलाई कहिले रुद्ररूपमा, कहिले सदाशिवरूपमा कहिले ब्रह्मस्वरूपिणी ब्रह्मांणीकारूपमा, कहिले नारायणरूपमा, कहिले कृष्णरूपमा त कहिले गणेश वा सूर्यरूपमा स्वीकार गरिएको छ । विचारमार्गमा, वेदान्तका दृष्टिमा, तात्त्विक विवेचनाका सन्दर्भमा कारण र कार्यरूप ब्रह्म अविद्यामूलक नै देखिन्छन् । निर्गुण, निरञ्जन, सच्चिदानन्दघन, अदृश्य, सत्यज्ञानानन्द पराकाष्ठा नै परब्रह्म स्वरूप हो । उद्धालक आरुणि आफ्ना पुत्र-शिष्य श्वेतकेतुलाई ब्रह्मज्ञानको

उपदेश दिने क्रममा छान्दोग्योपनिषद्मा ९ पटकसम्म भन्नुहुन्छ– 'त्यो तिमी हौ' । त्यो भनेको ब्रह्म हो । तिमी भनेको जीव हो । यो अत्यन्त प्रसिद्ध महावाक्य हो । यसलाई उपदेशात्मक वाक्य भन्दछन् । यसरी नाना प्रकारका युक्ति, दृष्टान्त, शास्त्रप्रमाणद्वारा पिता किंवा गुरुले पुत्र किंवा शिष्यलाई उपदेश दिने वैदिक परम्परा हो । सोही अनुरूप यहाँ पनि जीवात्मा र परमात्माको एकताबोधक महावाक्यको उपदेश दिइएको छ -'त्यो तिमी हौ' भनेर ।

४. यो सारा हो ब्रह्मै ब्रह्म मात्र - त्यसैले यो आत्मा नै ब्रह्म हो । यसले पनि जीवात्मा र परमात्माको ऐक्यबोधलाई द्योतन गरेको छ । यी चारै महावाक्यले जीवात्मालाई नै ब्रह्मस्वरूपको अनुभव गराएर ब्रह्मात्मा बनाउने प्रयास गरेका छन् । वेदले, वेदान्तले, उपनिषद्ले जीव र ब्रह्मलाई भिन्न मानेको छैन, एक मानेको छ, अद्वैत मानेको छ । जीवभित्र ब्रह्म बन्ने सम्पूर्ण शक्ति छ, साधन छ, लक्षणहरू छन्- केवल जीवले आफूलाई शिवस्वरूप हुँ, ब्रह्मरूप हुँ, परमात्मा नै हुँ भनेर भित्रदेखि स्वीकार गर्नु पर्‍यो, अपरोक्ष साक्षात्कार गर्नु पर्‍यो । यत्ति भए जीव जन्म-मृत्युको बन्धनबाट पार पुग्यो । जीव नै ब्रह्म बन्यो, मुक्त भयो । जीवन्मुक्ति सुखानुभूति गर्नु नै हाम्रो अन्तिम पुरुषार्थ हो । मनुष्य जीवन धन्य बन्यो, कृतकृत्यता प्राप्त भयो । उपनिषद्हरूमा दुई प्रकारको ब्रह्मको विवेचना पाइन्छ - शब्दब्रह्म र परब्रह्म ।

१. **शब्दब्रह्म**- शब्दद्वारा देखाइने, लक्षित गरिने ब्रह्म शब्दब्रह्म हो । वेदादि, उपनिषदादि, पुराणादिमा जे जति शब्दद्वारा ब्रह्मको विवेचना, विचार-विमर्श पाइन्छ, व्याख्या र विश्लेषण पाइन्छ त्यो सारा हो शब्द ब्रह्म । ॐकारलाई ब्रह्मको प्रतीकका रूपमा, ब्रह्मकै प्रतिनिधिका रूपमा पनि उपनिषद्हरूले व्यापक चर्चा गरेका छन् । माण्डूक्योपनिषद्ले त ॐकारलाई नै ब्रह्म जान्ने साधन मात्र नभएर ब्रह्म नै हो भनेको छ ।

गीताको आठौं अध्यायमा पनि ॐकारको विस्तृत प्रसंग आएको छ- ब्रह्मकै मूर्तरूप मानेर । सम्पूर्ण अक्षर, शब्द, वाक्य र वाङ्मय जगत् नै ब्रह्मको अर्को रूप हो । वेदस्वयं, भागवतस्वयं, ब्रह्मको, भगवान् श्रीकृष्णको वाङ्मय मूर्ति मानेका छन् हाम्रा शास्त्रहरूले । यसरी शब्दब्रह्मले नै परब्रह्मलाई चिनाउने हुनाले शब्दब्रह्मको ठूलो भूमिका छ ।

यी दुबै ब्रह्म जान्नका लागि मात्र होइनन्, हुनका लागि हुन् । पहिले त दुवैका विषयमा यथार्थ बोध हुनै पर्छ । त्यसैले उपनिषद्को घोषणा छ–

द्वे विद्ये वेदितव्ये तु शब्दब्रह्म परं च यत् ।
शब्दब्रह्मणि निष्णातः परं ब्रह्माधिगच्छति ॥
ग्रन्थमभ्यस्य मेधावी ज्ञानविज्ञानतत्त्वतः ।
पलालमिव धान्यार्थी त्यजेद्ग्रन्थमशेषतः ॥

(ब्रह्मबिन्दूपनिषद् १७-१८)

(दुई प्रकारका विद्या छन् । तिनका विषयमा यथार्थबोध गर्नु नितान्त आवश्यक छ । ती हुन् – शब्दब्रह्म र परब्रह्म । पहिले विधिपूर्वक शब्दब्रह्ममा निष्णात भइसकेपछि परब्रह्मको बोध गर्ने विधान छ । परमब्रह्मको ज्ञान गरेपछि ब्रह्ममय बन्नुपर्छ, बनिन्छ । यो भयो शब्दब्रह्म र परब्रह्मका विषयका संक्षिप्त परिचय । यही सन्दर्भमा ब्रह्म प्रतिपादक ग्रन्थ, शास्त्रको चर्चा भएको छ । वास्तवमा, परमार्थमा ब्रह्म पुस्तकमा छैन, पुस्तकका ब्रह्मले हाम्रो दुःख जाँदैन, सुखानुभूति हुँदैन पनि । ग्रन्थभन्दा अगाडि पनि र ग्रन्थ नभएका बेला पनि ब्रह्म थियो, छ, रहिरहन्छ अनन्तकालसम्म । अब वेदादि, उपनिषदादि ग्रन्थको के भूमिका छ त भन्ने अनुक्रममा उपनिषद्को निर्घोष सिद्धान्त छ – मेधावी साधकले, मुमुक्षुले ब्रह्मविद्या प्राप्त गर्नका लागि जसरी ज्ञानवान्, श्रोत्रिय, ब्रह्मनिष्ठ गुरुकहाँ गएर उपसन्न हुनु पर्दछ, जिज्ञासा राख्नुपर्छ त्यसरी नै वेदादि शास्त्र-ग्रन्थादिको अनुसन्धान पनि गर्नुपर्छ । वेदादिग्रन्थ वास्तवमा ब्रह्मकै मूर्तरूप हुन्, वाङमयमूर्ति हुन् । यसर्थ यिनको अर्थानुसन्धान, यिनको समन्वय, यिनको तात्पर्य निर्णय गर्नुपर्छ र तत्त्वतः ज्ञानलाई विज्ञानमा

किंवा अनुभवजन्य ज्ञानमा उतार्नै पर्दछ । पुस्तकको, ग्रन्थको विद्या आफ्ना मन र मस्तिष्कमा पूर्ण मात्रामा आइसकेपछि, अनुभवमा परिपाक भइसकेपछि जसरी धानको इच्छा गर्ने कृषकले धान चुटेर पराललाई खेतैमा छाडेर धानलाई घरमा, भकारीमा सुरक्षित रूपमा राख्छन् त्यसरी नै ज्ञान गर्न खोज्ने ज्ञानार्थी, जिज्ञासु, मुमुक्षु पुरुषले ब्रह्मज्ञान गरेपछि सम्पूर्ण शास्त्र, ग्रन्थ, पुस्तक आदिलाई चटक्क छोडिदिनु पर्छ, तिनमा मोहित हुनुहुँदैन । पुस्तकका ठेलीले ज्ञान हुने होइन । पुस्तकबाटै ज्ञान हुने भए सबभन्दा ज्ञानी त संसारका ठूला-ठूला पुस्तकालयहरू, अभिलेखालयहरू, त्यहाँका अध्यक्षहरू, कर्मचारीहरू हुनुपर्ने थियो । तर त्यसो भएको देखिँदैन । ग्रन्थादि स्वयं साध्य होइनन्, किन्तु साधन मात्र हुन् । नदीको पार तरिसकेपछि डुङ्गाको आवश्यकता हुदैन । पारिको सहर वा गाउँमा जानका लागि डुङ्गा छोड्नै पर्छ । कुनै महामूर्ख पनि डुङ्गामा मोहित भएर डुङ्गाको उपकार सम्झेर, बोकेर गाउँ वा सहरतिर लाग्दैन । डुङ्गालाई राम्रैसँग त्यागेझैँ ग्रन्थहरूलाई पनि राम्रै त्याग गर्नु पर्छ भन्ने उपनिषद्का मन्त्रको मर्म हो ।

ईश्वर

सारा सृष्टिको अभिन्ननिमित्तोपादन कारण ईश्वर हो । जब सृष्टिको प्रसंग आउँछ – ईश्वरको सर्वोपरि भूमिका छ । सम्पूर्ण ब्रह्माण्डका शासक, अनुशासक, प्रशासक ईश्वर हुन् । सृष्टि, स्थिति र संहार ईश्वरबाटै भएको छ । ईश्वर आफू अनादि हो, अनन्त हो । ईश्वर कर्ता भएर केही गर्दैन, अकर्ता भएर सबथोक गर्दछ । भोक्ता भएर केही भोग्दैन, उपभोक्ता भएर सबथोक भोग्छ, ज्ञाता भएर केही जान्दैन, अज्ञाता भएर सबैथोक जान्दछ । त्यसैले ईश्वर महाकर्ता, महाभोक्ता, महाज्ञाता छ ।

कर्तुं, अकर्तुं, अन्यथाकर्तुं सर्वसमर्थ सर्वज्ञ, सर्वान्तरयामी, सर्वशक्ति सम्पन्न ईश्वर ! सम्पूर्ण ब्रह्माण्डको सम्पूर्ण ज्ञानको आधार र अधिष्ठान, आरम्भ र पर्यवसान ईश्वरबाटै भएको छ, ईश्वरमा नै भएको छ । हाम्रा वैदिक वाङ्मयका सम्पूर्ण शास्त्रका अक्षर-अक्षर ईश्वरबाटै आरम्भ भएर

ईश्वरमा पुगेर पूर्ण बनेका छन्, शान्त भएका छन् । हाम्रा ईश्वर सगुण छन्, साकार छन्, निर्गुण भएर निराकार छन् । अनि निराकार भएर पनि सगुण छन्, फेरि गुणतीत छन् । हामीले मानेका ईश्वर अणुभन्दा पनि सूक्ष्म, महान्‌भन्दा महान् छन्, आकाशभन्दा व्यापक छन् । हामीले छानेका ईश्वर टाढाभन्दा पनि टाढा, नजिकभन्दा पनि नजिक, त्यस्तै शरीरभन्दा, इन्द्रियभन्दा, प्राणभन्दा, मनभन्दा, बुद्धिभन्दा पनि पर छन् । मन, बुद्धिले नभेटिने, कहिल्यै नमेटिने उनी जस्तै छन्, आफू जस्तै अनि म जस्तै छन् । साँच्चै भन्ने हो भने उनी र ममा पटक्कै भेद छैन । यो उनैले भनेको हो । उनी समुद्र हुन् भने म तरङ्ग हुँ; उनी हिमालय हुन् भने म हिमकण हुँ; उनी सुन हुन् भने म गहना हुँ । म तरङ्ग हुँदा मलाई पानीले छोडेको छैन, मैले पानी छोडेको छैन; म हिमकण हुँदा मलाई हिमालयले छोडेको छैन, मैले हिमालयलाई छोडेको छैन; म गहना हुँदा मलाई सुनले छोडेको छैन, मैले सुनलाई छोडेको छैन । ईश्वर नियन्ता हो, प्रभु हो, षडैश्वर्यसम्पन्न हो । ईश्वरको सामान्य लक्षण गर्दा भनिन्छ– विशुद्धसत्त्वप्रधानाज्ञानोपहितचैतन्यम् ईश्वरम् ।

(विशुद्ध सत्वगुणप्रधान, ज्ञानले उपहित भएको चैतन्य विशेष नै ईश्वर हो ।)पातञ्जल योगसूत्रमा ईश्वरको परिचय यसरी दिइएको छ - क्लेशकर्मविपाकाशयैरपरामृष्टः पुरुषविशेष ईश्वरः (*समाधिपाद २५)* (क्लेश, कर्म, कर्मफल र वासनाले जो छोइएको छैन, प्रभावित छैन त्यो पुरुष विशेष नै ईश्वर हो) । ईश्वरदेखि भिन्न अन्य जीवहरू माथिका सबै कुराले प्रभावित छन्, आक्रान्त छन्, चिन्तित छन् । त्यसैले दुःखी छन् । ईश्वर सदासर्वदा सुखस्वरूप हो ।

ईश्वर अनुग्रह र निग्रह गर्न सक्छ । यो त सच्चिदानन्दमय छ । अनन्त शक्ति समन्वित सत्ता सम्पन्न भएकैले ईश्वर सृष्टि गर्छ आफैँमा, आदेश गर्छ आफैँमा र आफैँमा उपसंहार पनि गर्छ । यसबाट सिद्ध हुन्छ – ईश्वर नै सारा हो । ईश्वरदेखि भिन्न जगत्‌को अस्तित्व नै छैन । त्यस्तो ईश्वरलाई कहाँ कहाँ, कसरी जान्ने त? भन्दा श्रीकृष्ण आज्ञा हुन्छ –

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥

(श्रीमद्भगवद्गीता १८।६१)

(हे अर्जुन ! ईश्वर सम्पूर्ण प्राणीका हृदयदेशमा विराजमान हुनुभएको छ, सम्पूर्ण जीवको शरीररूप यन्त्रमा आरूढ भएर सम्पूर्ण प्राणीलाई अन्तर्यामी परमेश्वरले आफ्नो मायाले तिनको कर्मानुसार घुमाइरहनु हुन्छ ।)

प्राणीलाई सञ्चालन गर्नुहुन्छ ईश्वर-प्राणी स्वतन्त्र छैनन् । ईश्वर सर्वतन्त्रस्वतन्त्र हुनुहुन्छ । ईश्वर दयासागर हुनुहुन्छ, करुणालय, वरुणालय हुनुहुन्छ । आफ्ना भक्तको कल्याणका लागि अहैतुकी कृपाको वर्षा गर्नुहुन्छ । तर जीव बिचरो कृपाका लागि याचना गर्दछ । जीव र शिवमा यही नै अन्तर छ । त्यसैले दत्तात्रेय अवधूत महाराज अवधूतगीताको आरम्भमा नै आज्ञा हुन्छ- ईश्वरानुग्रहदेव पुंसामद्वैतवासना *(अवधूतगीता १/१)*

(ईश्वरका अहैतुकीकृपाबाट नै मनुष्यमध्ये कोही अत्यन्त पुण्यात्मामा अद्वैत ब्रह्म वस्तुको साक्षात्कारहेतु तद्विषयक वासना(शुभवासना)को उद्रेक हुन्छ)

ईश्वरको कृपाबिना, ईश्वरको इच्छा नभईकन एउटा पात पनि हल्लँदैन । ईश्वरको नजिक पुगेका, ईश्वरको साक्षात्कार गरेका महात्माहरूको यस्तै भनाइ छ, निर्णय छ ।

ईश्वर एक छ, अनेक पनि छ; ईश्वर केही गर्दैन, सबैथोक गर्छ; आवश्यक परे ईश्वर साकार रूपमा, सगुण रूपमा अनेक नाम, रूप, आकारमा प्रकट हुन्छ । ऊ राम, कृष्ण, बुद्ध आदि अवतार धारणा गरी धर्मको र साधुहरूको रक्षा गर्छ, दुष्ट रावण, कंश आदिको संहार पनि गरिदिन्छ । एउटै ईश्वर कहिले माछा बन्छ त कहिले कछुवा, कहिले नरसिंह त कहिले कल्की ।

कहिले महाकाली, महालक्ष्मी, महासरस्वती त कहिले ब्रह्मा, विष्णु, रुद्र । यस्तै जलमा, थलमा, आकाश, अन्तरिक्ष र सारा चराचर जगत्मा, ब्रह्माण्डमा नै व्याप्त भएर रहेको छ – कण कणमा ईश्वर छ-

ईशावास्यर्मिद सर्वं *(ईशावास्योपनिषद्-१)* (सम्पूर्ण जगत् ईश्वरले व्याप्त छ; अनुशासित छ ।)

सामवेदको केनोपनिषद्मा भनिएको छ - ईश्वर श्रोत्रको श्रोत्र, नेत्रको नेत्र, मनको पनि मन इत्यादि ।.

कठोपनिषद्मा भनिएको छ-ॐ यो ईश्वरको नाम हो, यही सर्वश्रेष्ठ आलम्बन हो, परम आलम्बन हो । ईश्वर नै आत्मा हो, परमात्मा हो । यो नित्य चैतन्यस्वरूप आत्मा (ईश्वर) जन्मदैन, मर्दैन, नित्य छ, शाश्वत छ, पुरानो छ यसले मार्दैन न त मारिन्छ नै इत्यादि । यस्तो ईश्वरलाई जानेर, साक्षात्कार गरेर पुरुष सम्पूर्ण बन्धनबाट, शोकबाट मुक्त हुन्छ ।

प्रश्नोपनिषद्मा भनिएको छ- ईश्वरमा पृथ्वी आदि पञ्चमहाभूत प्रतिष्ठित छन् । चक्षु द्रष्टव्य, श्रोत्र श्रोतव्य, वाक्वक्तव्य, पाद गन्तव्य, बुद्धि बोद्धव्य आदि साराका सारा स्वयंप्रकाश, आनन्दस्वरूप ईश्वरमा संप्रतिष्ठित छन् ।

मुण्डकोपनिषद्मा भनिएको छ- यो ईश्वर दिव्य छ, अमूर्त छ, सर्वत्र छ, अव्याकृत छ- त्यसभन्दा पनि पर छ ।

माण्डूक्य श्रुतिमा भनिएको छ-यो आत्मा ब्रह्म हो, यही नै सर्व हो । यही आत्मा सर्वेश्वर हो, सर्वज्ञ हो, अन्तर्यामी हो, कारण हो ।

तैत्तिरीयोपनिषद्को घोषणा छ- आनन्द नै ब्रह्म हो । आनन्दबाट सारा उत्पन्न हुन्छन् । आनन्दमा बाँच्छन्, अन्त्यमा आनन्दमा लय हुन्छन् । जो विद्वान् यसलाई जान्दछन्, ब्रह्ममा स्थित हुन्छन् र ब्रह्म नै हुन्छन् ।

ऐतरेय श्रुतिको कथन छ- यो ब्रह्म नै इन्द्र हो, प्रजापति हो । सारा प्रज्ञानमा प्रतिष्ठित छन्, प्रज्ञान नै सबको आँखा हो र प्रज्ञान नै ब्रह्म हो ।

छान्दोग्य श्रुतिको भनाइ छ- सत् नै सृष्टिभन्दा पहिले थियो, त्यही एक हो, अद्वितीय थियो । यो सारा जगत् यसैको स्वरूप हो, त्यो सत् हो त्यही आत्मा हो, त्यही तिमी हौ ।

बृहदारण्यकोपनिषद्को सदुक्ति छ- यही अक्षर परमेश्वरका आज्ञामा सूर्य र चन्द्रमा वर्तन्छन् । यही अक्षरका आज्ञामा स्वर्ग र पृथ्वी अडेका छन् ।

ईश्वरको नाम छैन, रूप छैन, गुण छैन, क्रिया छैन तापनि भक्तले, साधकले, तपस्वीले, मुमुक्षुले आफ्-आफ्ना भावना र सोचाइ अनुसार अनेक नाम राखिदिएका छन् । विष्णुका हजार नाम, शिवका हजार नाम, त्यस्तै राम, कृष्ण, देवी, ललिता, गणेश, सूर्य, राधा, गोपाल आदि देव-देवीका हजारौँ हजार नाम छन्- नाम अनुसारका काम पनि छन् । ती सबका नाना प्रकारका लीला छन् ।

विष्णुभक्त विष्णुलाई, शिवभक्त शिवलाई, सूर्यको उपासक सूर्यलाई, गणेशका भक्त गणेशलाई, दुर्गा, कालिका उपासक दुर्गालाई, सर्वेश्वर, सर्वज्ञ, सर्वान्तमयी, सर्वस्वरूप मानेर आराधना, अर्चना, वन्दना गर्दछन् र त्यसैबाट पार लागेका पनि छन् । ईश्वर जे चितायो त्यही जस्तो चितायो त्यस्तै, जहाँ चितायो त्यहीं, जसरी चितायो, त्यसरी नै देखिनुहुन्छ, अनुभवमा आइदिनुहुन्छ । यही ईश्वरको महान् कृपा हो आफ्ना भक्तका उपर । त्यसैले त पतञ्जली आफ्नो योगसूत्र मा भन्नु हुन्छ 'ईश्वर प्रणीधानाद्वा' (समाधिपाद २३)

(अथवा ईश्वर प्रणीधानले- ईश्वरप्रतिको सर्वात्मभावले गरिएको समर्पणले, भक्तिले, प्रेमले–भक्तिविशेषले, विशेष प्रकारका भक्तिले गर्दा साधकलाई समाधिसिद्धि प्राप्त हुन्छ ।)

ईश्वरभक्तिको सम्पूर्ण शास्त्रमा समन्वय हुन्छ मात्रै होइन, सम्पूर्ण धर्ममा समेत समन्वय हुन्छ । प्रकार, पद्धति, कियायोग, सामग्री भिन्न भए तापनि गन्तव्य उही हो - ईश्वर नै हो ।

आत्मा

आत्मा भनेको आफू हो । यो शरीर होइन, इन्द्रिय होइन, प्राण होइन, मन होइन, बुद्धि होइन, चित्त होइन, अहंकार होइन । यो अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय, आनन्दमय कोश पनि होइन । जाग्रत् आदि तीनै अवस्थाको साक्षी, प्रकाशक आफू आत्मा हो । सत्व, रज, तम गुणदेखि भिन्न, विविक्त, कूटस्थ, निर्विकार, शुद्धवस्तु नै आत्मा हो । त्यसैलाई प्रत्यगात्मा पनि भनिन्छ । आत्मालाई चिनाउने क्रममा वासुदेव आज्ञा गर्नुहुन्छ-

तैलं तिलेषु काष्ठेषु वह्निः क्षीरे घृतं यथा ।
गन्धः पुष्पेषु भूतेषु तथात्मावस्थितो ह्यहम् ॥

(वासुदेवोपनिषद्)

(तिलमा तेलझैँ, काठमा आगोझैँ, दुधमा घ्यूझैँ, फूलमा वासनाझैँ, सम्पूर्ण प्राणीमा म (वासुदेव) आत्मरूपले बसेको छु ।)

अयमात्मा ब्रह्म *(माण्डूक्योपनिषद्-२ र नृसिंहोत्तरतापिन्युपनिषद्-१)* (यो आत्मा नै ब्रह्म हो ।) आत्मा व्यष्टि हो, परमात्मा समष्टि । आत्मा सामान्यतया जीवात्मा हो, त्यही परमात्मा पनि हो । अशोधित 'त्वं' पद नै शोधित 'तत्' पदसँग ऐक्यभाव प्राप्त गर्छ जब त्यो शोधित हुन्छ । जो प्रत्यक अर्थात् सम्पूर्ण विषयको ज्ञाता हो त्यही आत्मा हो, त्यसैलाई प्रत्यागात्मा भन्दछन् । लोकमा आत्मा शब्द 'प्रत्यक्'को अर्थमा रूढ भइसकेको छ । व्युत्पत्तिको दृष्टिले हेर्दा पनि 'आत्मा' शब्दका प्रवृत्ति त्यही अर्थमा नै मिल्छ ।

यच्चाप्नोति यदादत्ते यच्चात्ति विषयानिह ।
यच्चास्य संततो भावस्तस्मादात्मेति कीर्त्यते ॥

(लिङ्गपुराण १।७०।९६)

(जो सदासर्वदा रहिरहन्छ, सम्पूर्ण जगत्लाई ढाकेर बसेको छ, सम्पूर्ण पदार्थलाई ग्रहण गर्छ र यस लोकका विषयहरूको भोग गर्छ, त्यसैलाई 'आत्मा' भनिन्छ ।

वेदान्तमा 'आत्मा' शरीरलाई त कतै इन्द्रियलाई, कहीँ प्राणलाई त कहीँ मनलाई, कतै अव्यक्त (मूलप्रकृति)लाई र धेरैतिर जीवात्मालाई अनि यथार्थमा परब्रह्म परमात्मालाई नै देखाइएको, लखाइएको र लक्ष्यित गरिएको पाइन्छ। अतः ठाउँ र प्रसंग अनुसार आत्मा शब्दको अर्थ र मर्म पहिल्याउनु पर्छ।

कठोपनिषद्को प्रथम अध्यायको तृतीय वल्लीमा दुई प्रकारको आत्माको स्पष्ट चर्चा आएको छ। यहाँ रथ रूपकको कल्पना गरेर ती दुईलाई सम्झाइएको छ। प्राप्त गर्ने आत्मा–जीवात्मा, प्रत्यगात्मा, साधक मुमुक्षु आत्मा। प्राप्तव्य (प्राप्त गरिने) आत्मा-परमात्मा, शुद्धात्मा, सिद्धात्मा, मुक्तात्मा। कर्मवेत्ताको आश्रय अपर ब्रह्म (अपर आत्मा) र ब्रह्मवत्ताको आश्रय परब्रह्म (परमात्मा) यी दुवै नै ज्ञातव्य छन्।

आत्मानं रथिनं विद्धि शरीरं रथमेवतु।

बुद्धिं तु सारथिं विद्धि मनःप्रग्रहमेव च।

(क.उ.१।३।३।)

(तिमी आत्मा (कर्मफल भोग्ने संसारी जीवात्मा)लाई रथी भनेर जान, शरीरलाई रथ भनेर जान, बुद्धिलाई सारथीका स्थानमा राखेर मनलाई लगाम हो भनेर सम्झ।)

वेदान्तमा जहाँ आत्मज्ञानको प्रसंग आउँछ त्यहाँ आत्मा भनेको परमात्मा नै हो, त्यो ब्रह्म हो। र त्यो आत्मा वास्तवमा आफू नै हो।

आत्मज्ञानी सम्पूर्ण शोकबाट निवृत्त हुन्छ भन्दै उपनिषद् घोषणा गर्छन्-

तरति शोकमात्मवित्

(मुण्डकोपनिषद २।९)

(आत्मज्ञानीलाई आधिभौतिक, आधिदैविक, आध्यात्मिक तीनै प्रकारका तापले छुन सक्तैनन् र सम्पूर्ण शोकबाट मुक्त हुन्छ आत्मज्ञानी।)

नायमात्मा प्रवचनेन लभ्यो ।
न मेधया न बहुना श्रुतेन ।
यमेवैष वृणुते तेन लभ्य-
स्तस्यैष आत्मा विवृणुते तनूंस्वाम् ।

(क.उ.१।२।२३)

यो आत्मा वेदाध्ययनद्वारा पाइने होइन, न त धारणाशक्तिले वा धेरै कुरा सुनेर नै प्राप्त गर्न सकिन्छ । यो त साधकले जुन आत्मालाई वरण गर्दछ अर्थात् जसको साधना, उपासना गरेका छ उसैको कृपाले वा त्यस आत्माले (परमात्माले) वरण गऱ्यो भने मात्र त्यसलाई प्राप्त गर्न सकिन्छ । त्यस्ता साधकका प्रति आत्माले आफ्नो स्वरूपलाई नै अभिव्यक्त गरिदिन्छ ।)

यसबाट सिद्ध हुन्छ – आत्मकृपाद्वारा आत्माले आत्मलाभ गर्छ । यसैलाई भनिन्छ - आफूले, आफूद्वारा, आफूलाई, आफूभित्र, आफूरूपमा जान्नु, बुझ्नु, पाउनु र हुनु नै आत्मसाक्षात्कार हो । मनुष्य जीवनको परम पुरुषार्थ यही नै हो ।

श्रुति भगवती माता भन्नुहुन्छ- शरीरभन्दा पर, सूक्ष्म र श्रेष्ठ, इन्द्रिय इन्द्रियभन्दा प्राण, मन, मनभन्दा पर सूक्ष्म, शक्तिशाली उत्तम बुद्धि, बुद्धिभन्दा महान् आत्मा अर्थात् महतत्त्व, त्यसभन्दा उत्कृष्ट अव्यक्त (मूल प्रकृति) । यसभन्दा पनि पर परम पुरुष अर्थात् आत्मा (परमात्मा) छ । त्यसभन्दा पर, सूक्ष्म, श्रेष्ठ उत्कृष्ट अर्को कुनै पनि तत्व नभएकोले स्पष्ट भनियो–पुरुषान्न परं किञ्चित्सा काष्ठा सा परा गति :

(क.उ. १।३।११)

(ब्रह्मविषयक, आत्मविषयक, सूक्ष्म तत्त्वानुसन्धानका सन्दर्भमा यही नै अध्यात्मविद्याको पराकाष्ठा (हद-सीमा) हो र यही नै सर्वोत्कृष्ट गति पनि गन्तव्य, प्राप्तव्य पनि हो ।) त्यसैले यो सारा हो आत्मा मात्र –

आत्मै वेदं सर्वमिति ।*(छान्दोग्योपनिषद् ७।२५।२)*

यस्तो आत्मालाई जानेपछि आत्मस्वरूप नै हुने भएकाले- न च पुनरावर्तते न च पुनरावर्तते । *(छा. उ. ८।२५।१)* (आत्मज्ञानीले फेरि यस संसारमा फर्केर आउनु पर्दैन, ऊ फर्केर आउँदैन मुक्त हुन्छ) ।

मोक्ष

बद्धो हि वासनाबद्धो मोक्षः स्याद्वासनाक्षय :

(मुक्तिकोपनिषद् ६८)

(नाना प्रकारका वासनाले बाँधिएकालाई बद्ध भनिन्छ भने जसको सबै प्रकारका वासना नष्ट भएका छन् त्यस्ता अमलात्मा, विमलात्मा, महात्मा मोक्षपदमा पुगे भनिन्छ) ।

ब्रह्मात्मैक्यज्ञानद्वारा मोक्ष प्राप्ति हुन्छ । ज्ञानमा पुग्नका लागि चित्त शुद्ध हुनै पर्छ, चित्त शुद्धिका लागि भक्ति अपरिहार्य आवश्यकता हो । त्यसैले मोक्षको साक्षात् साधन ज्ञान हो भने उपासना किंवा भक्ति परम्परा साधन हो ।

ऋते ज्ञानान्न मुक्ति ।
ज्ञानादेव तु कैवल्यम् ॥
ब्रह्मसंस्थोऽमृतत्वमेति ॥।

(छा. उ. २।२३।१)

वेदादि शास्त्रले बताएअनुसार निष्कामकर्म र निर्गुणउपासना सम्पादन गऱ्यो भने त्यसको परिणामले मलदोष (चित्तको बहिर्मुखता) र विक्षेपदोष (चित्तको चञ्चलता) निवारण हुन्छ । ब्रह्मात्मैक्यबोधद्वारा आवरणदोष (आफूले आफूलाई ब्रह्म भएर पनि ब्रह्म भने स्वीकार नगर्नु) नष्ट हुन्छ । नित्य मुक्त पुरुषले ब्रह्मज्ञानद्वारा आफूलाई मुक्त भनी अपरोक्ष अनुभव गर्नु नै मोक्ष हो । अन्य निष्कामकर्मी र भगवद्भक्तहरू अर्चिरादि मार्गद्वारा आफ्ना उपास्य देवताको लोकमा गएर आफ्नो अधिकार अनुसार सालोक्य, सामीप्य, सारूप्य या सायुज्य मुक्ति प्राप्त गर्दछन् । तर अद्वैत वैदान्त

अनुसार साधना गरे कैवल्य मुक्ति प्राप्त हुन्छ । ब्रह्मज्ञानी ब्रह्म नै हुन्छ । वह्मवेद ब्रह्मैव भवति । अद्वैत ब्रह्मको दृढ अपरोक्ष साक्षात्कार गर्ने ब्रह्मज्ञानीहरूको प्राणको उत्क्रमण (वाहिर जाने काम) हुँदैन र कैवल्य मोक्ष पाउँछन् – कुनै लोक लोकान्तरमा जाने होइन- न तस्य प्राणाः उत्क्रामन्तिः त्रैव प्रविलीयन्ते ।

यसलाई श्रुतिले यसरी भनेका छन् –

विमुक्तश्च विमुच्यते । *(क.उ. २।२।१)*

(जीवन्मुक्त व्यक्ति नै विदेहमुक्त हुन्छन् अथवा पहिलेदेखि नै उक्त पुरुष ब्रह्मज्ञानद्वारा फेरि मुक्त हुन्छन् ।)

मोक्षका लागि धेरै सुनेर-सुनाएर, पढेर-पढाएर, विद्वता भएर, शास्त्रका ज्ञान भएर, मन्त्रवेत्ता बनेर मात्र काम लाग्दैन, ब्रह्मवेत्ता, आत्मवेत्ता नै बन्नुपर्छ– अपरोक्ष साक्षात्कारै चाहिन्छ, अनि मात्र भनिन्छ –

तरतिशोक आत्मवित्

(छा. उ. ७।१।३)

(आत्मज्ञानी किंवा ब्रह्मज्ञानीले मात्र सम्पूर्ण प्रकारका शोकबाट पार पाएका हुन्छन् ।) – यो नारद र सनत्कुमारको संवादको प्रसंगमा आएको मन्त्र हो । नारदले सारा शास्त्र जानेर पनि शोक गएन, ब्रह्मज्ञान भए पछि मात्र शोक समूल नष्ट भयो ।

न मोक्षो नभसः पृष्ठे न पाताले न भूतले ।
सर्वाशासंक्षयो चेतः क्षयो मोक्ष इतीष्यते ॥

(अन्नपूर्णोपनिषद् २।२३)

(मोक्ष आकाशमा, स्वर्गमा, पातालमा वा भूतलमा कतै पाइने होइन, यो त सम्पूर्ण आशाहरू मूलतः नष्ट भए भने आफैँ भित्र पाइने हो । आशाको नाश नै मोक्ष भनेर जान्नु पर्छ) । त्यस्तै,

वासना प्रक्षयो मोक्षः सा जीवन्मुक्तिरिष्यते ।

(अध्यात्मोपनिषद् १२)

(वासनाको राम्रैसँग नाश हुनुलाई नै मोक्ष भनिएको छ) । त्यसैकारण त्यही ब्रह्मवस्तुलाई आफूभित्र आफूरूपमा जान्नु नै मोक्ष हो ।

तमेव विदित्वाति मृत्युमेति
नान्यः पन्था विद्यतेऽयनाय ।

(श्वेताश्वतरोपनिषद् ६।१५)

(त्यो परमात्मतत्त्वको साक्षात्कार भयो भने मात्र मृत्युलाई पार गर्न सकिन्छ, परमपद (मोक्ष) प्राप्तिका लागि अर्को बाटो छैन) ।

द्वेपदे बन्ध मोक्षाय निर्ममेति ममेति च ।
ममेति बद्धचते जन्तुर्निममेति विमुच्यते ॥

(वराहोपनिषद २।४४)

(बन्धन र मोक्षलाई कहने दुई शब्द छन् – मेरो छैन, मेरो हैन, अर्थात् मेरो भन्ने भाव नभएको र 'म र मेरो' भन्ने भाव प्रबल भएको) । यी दुईमा 'म र मेरो' भनेको बन्धन हो र 'म र मेरो भावको अभाव' भयो भने जीव मुक्त भयो ।

कोश

कोश शास्त्रको इतिहास धेरै लामो छ । पहिलेका कोशहरू पद्यात्मक हुने हुनाले संस्कृत वाङ्मयमा कोश कण्ठस्थ गर्ने परम्परा थियो र अझै छ पनि । दृष्टान्तका लागि अमरकोशलाई लिन सकिन्छ । त्यस्तै मेदिनीकोश, हलायुधकोश, वाचस्पत्यम् आदि पनि संस्कृत शब्दकोशमा अत्यन्त प्रसिद्ध छन् ।

शब्द, शब्दावली; शब्दकोश, ज्ञानकोश, शब्दार्थचिन्तामणि, शब्दकल्पद्रूम शब्दसागर, शब्दसंसार, अभिधानकोश आदिका क्रममा आधुनिक युगमा

खासगरी पश्चिमी विद्वान्हरूले विश्वकोशको कल्पना गरे, योजना गरे र निर्माण पनि गरे, सम्पादन गरे ।

वैदिक वाङ्मयमा सबभन्दा पहिलो विश्वकोश 'वेद' हो । दोस्रो 'उपनिषद्' हो अनि 'महाभारत' । त्यस्तै श्रीमद्भगवद्गीता आकारमा सानो भए पनि गुण, गरिमाका दृष्टिले आध्यात्मिक समुदायका लागि कर्म, भक्ति र ज्ञानको ज्योतिस्तम्भरूप एक जीवन्त विश्वकोश हो । भगवान् वादरायणद्वारा प्रमाणित पुराणहरू, उपपुराणहरू पनि अधिकार अनुसारका साधकहरूका लागि धार्मिक, आध्यात्मिक, नैतिक, व्यावहारिक पथ-प्रर्दशन गर्ने युगान्तकारी अमर सन्देशहरू बोकेका लौकिक र पारलौकिक कोशहरू नै हुन् । वाल्मीकि रामायणलाई त पूर्वीय जीवन-दर्शनको एक भण्डार नै भनिदिए पनि हुन्छ । वाल्मीकिरामायण, अध्यात्मरामायण, अद्भुत रामायण, आनन्द रामायण आदि रामायणहरू 'श्रीराम-विश्वकोश' हुन् भने श्रीमद्भागवत महापुराण, गर्ग संहिता आदि 'श्रीकृष्ण-विश्वकोश' हुन् ।

श्रीपरब्रह्म परमात्माको एउटा विशेषता छ, त्यो हो- शब्दातिगः शब्दसह...

(श्रीविष्णुसहस्रनामस्तोत्रम्११०।)

(शब्दले यसै हो भनी वर्णन गर्न नसकिने, शब्दातिग र सम्पूर्ण वेदले तात्पर्य रूपले वर्णन गरिएका-परमात्मा नारायण-विष्णु हुनुहुन्छ । यी परस्परमा विरूद्ध जस्ता देखिए तापनि शास्त्रले यी दुवै सिद्धान्तलाई राम्ररी समन्वय पनि गरेको छ । विषयाकाराकारित शब्दादिद्वारा फेला पार्न नसकिने तर अखण्डाकाराकारिता वा ब्रह्माकाराकारित बुद्धियोगद्वारा अनुभवमा ल्याउन सकिने हुनुहुन्छ परमात्मा । परमात्माको साक्षात्कार भएपछि अखण्ड बुद्धि पनि उहाँमा नै विलापित हुन्छ ।

यात्रीको वेदान्त विश्वकोश

बासु रिमाल 'यात्री'ले ठूलो अनुष्ठानात्मक संकल्प गरे- 'वेदान्त विश्वकोश' निर्माण गर्ने, सम्पादन गर्ने, अकारादिक्रमले शब्द संकलन गर्ने भनेर । ती

२९८.५३२९०३ क/४१
हि ४६वे

शब्दहरू वेदान्तका विभिन्न ग्रन्थहरूमा कुन अर्थमा, कसरी प्रयोग भएका छन् तिनको अनुसन्धान गरी वेदान्तपरक अर्थको निरूपण गरी आफ्नो विश्वकोशमा त्यही अर्थका रूपमा समावेश गर्ने । यो त एउटा संस्थाले, एउटा समूहले, एउटा योजना बनाएर, यति वर्ष लगाएर, यति धनराशी खर्च गरेर सम्पन्न गर्ने भन्ने 'बृहत् आध्यात्मिक यज्ञ' पो रहेछ । तर 'यात्री'को जीवनको उत्तरार्धमा आरम्भ गरिएको यस विश्वकोश लेखन, सम्पादन गर्ने आध्यात्मिक यात्राले खुब राम्रो गति लियो । उनी निरन्तर लागि परे । ईश्वरले भन्दछन् रे – 'तँ चिता म पुऱ्याउँला' । नभन्दै शिवसंकल्प, सत्यसंकल्प थियो यात्रीको, ईश्वरले पुऱ्याउनुभयो । तर ईश्वरले अहिले त स्वरवर्णसम्मको मात्रको इच्छा पुऱ्याउनु भयो – व्यञ्जन वर्णमा प्रवेश गरे पछि त महासागरै छ । त्यो पनि ईश्वरले पुऱ्याउनु हुन्छ होला 'यात्री'ले चिताए भने । वर्तमान उज्यालो भएकाले भविष्य पनि अवश्य उज्यालै हुनेछ । तपस्या, साधना, अध्यवसाय असाध्य कठिन हो तर असंभव कदापि होइन । व्यक्तिको प्रयासकै परिश्रमले, संकल्पले, तपस्याले साधनाले र समर्पित भावनाले लागिपरे यतिसम्म हुँदोरहेछ भने समूह वा संस्था नै लागे वेदान्तका क्षेत्रमा अझ कति काम, कति ग्रन्थनिर्माण र प्रकाशन गर्न सकिन्थ्यो होला । भविष्यमा प्रशासक वा शासकहरूका घैँटामा घाम लाग्यो भने, 'वेदान्त प्रज्ञा प्रतिष्ठान' वा 'अध्यात्म प्रज्ञा प्रतिष्ठान' स्थापना भयो भने तिनले यस्ता ठूला-ठूला आयोजना सम्पन्न गर्लान् ! हामी आशावादी बनौँ ।

धर्मशास्त्रका कुनै पनि ग्रन्थ एक प्रकारले धर्मशास्त्रीय विश्वकोशमा पर्दछन् । मनुस्मृति, याज्ञवल्क्यस्मृति आदिलाई उदाहरणार्थ प्रस्तुत गर्न सकिन्छन् । त्यस्तै पुराणहरू भक्ति र वेदान्तका विश्वकोश हुन् । वर्तमान युगका विश्वकोश (ENCYCLOPEDIA)ले जे जति सूचना दिन खोजेका छन् तत् तत् विषयका सम्बन्धमा त्यस्तै र कतै घटी-बढी रूपमा हाम्रा पुराना शास्त्रीय ग्रन्थहरूले आफ्ना-आफ्ना क्षेत्रमा प्रशस्त सूचना दिएकाले ती पनि विश्वकोश हुन् भन्नु अत्युक्ति नहोला । विष्णुसहस्रनाम, गोपालसहस्रनाम,

गणेशसहस्रनाम, शिवसहस्रनाम, देवीसहस्रनाम आदि थुप्रै सहस्रनामले पनि ती ती देवी वा देवताका विषयमा संक्षेपमा प्रशस्त सूचना प्रवाह गरेकाले लघु विश्वकोशकै काम गरेका छन् । यसर्थ विश्वकोश हाम्रो लागि नयाँ होइन । वेदका अङ्ग किंवा वेदाङ्गले पनि झण्डै विश्वकोशकै काम गरेका छन् ।

निरूक्त त वैदिक शब्दहरूको व्युत्पत्ति सहितको अर्थकोश एवं व्याख्या भएकाले यसलाई विश्वकोश भन्न नमिल्ने कुरै छैन । त्यस्तै शिक्षा, कल्प, व्याकरण, छन्द, ज्योतिषले पनि आफ्-आफ्ना विषयमा व्युत्पत्तिमूलक शब्दार्थ र तिनको व्याख्या एवं प्रयोगात्मक स्वरूप समेत निर्धारण गर्ने हुनाले यिनले ज्ञान-विज्ञानका सबै फाँटलाई उजागर गर्दछन् । अतः यी पनि प्रकारान्तरले विश्वकोशकै हाराहारीमा पर्दछन् । विश्वकोशको धारण, दृष्टिकोण, सोचाइ आधुनिक नभएर प्राचीन, अतिप्राचीन कालदेखिकै हो भन्न हामीले हिच्किचाउन परोइन ।

अझ हाम्रा ऋषिमुनिहरू बाहिरी स्थूल, भौतिक पदार्थहरूभन्दा पनि ज्यादा मात्रामा आध्यात्मिक सूक्ष्म विषयमा अत्यन्त चिन्तन–मननशील भएकाले आध्यात्मिक विषयवस्तुको प्रतिपादनमा ज्यादा महत्व राख्दछन्, राख्तथे । त्यसैले वैदिक वा पौराणिक कुनै पनि आधिकारिक ग्रन्थले सम्बन्धित विषयमा यथेष्ट सूचना प्रदान गर्ने भएकाले तिनलाई विश्वकोशको जन्मदाता भन्न नसकिने होइन ।

सूत्रकालमा आएर प्रणयन गरिएका ६ वटै दर्शनका अतिरिक्त नारद र शाण्डिल्यका भक्तिसूत्र आदिका परवर्ती भाष्यकार भगवान् शंकराचार्य लगायत रामानुज, निम्बार्क आदि आचार्यहरूले आफ्-आफ्ना दर्शनको जसरी भाष्य गरे, व्याख्या गरे ती सबै नै एक प्रकारले विश्वकोश नै हुन् भनिदिए पनि हुन्छ । वेदका महीधरभाष्य, उवटभाष्य, सायणभाष्य जस्ता ग्रन्थ र आधुनिक युगमा आइपुगेपछि काणेको धर्मशास्त्रको व्याख्या जस्ता भीमकाय ग्रन्थहरूले पनि पूर्णमात्रामा विश्वकोशकै उद्देश्य पूर्ति गरेका

छन् । अतः भाष्य, वार्तिक, टीका आदि पनि विश्वकोशका जन्मदाता भित्रै पर्दछन् ।

भगवान् आद्य शङ्कराचार्यका गुरुका पनि गुरु भगवान् गौडपादाचार्यले माण्डूक्योपनिषद्को जुन भाष्य गर्नुभयो, अर्थ, व्याख्या गर्नुभयो त्यो पनि यस क्षेत्रको उल्लेखनीय ग्रन्थ मान्नु पर्छ । उहाँले यसको नामाकरण गर्नु भयो- माण्डूक्यकारिका भनेर । आद्य जगद्गुरु शङ्कराचार्यले प्रस्थानत्रयी (एघार उपनिषद्, श्रीमद्भगवद्गीता र ब्रह्मसुत्र)मा जुन भाष्य गर्नु भयो ती सम्पूर्ण ग्रन्थहरूले वर्तमानकालका ठूल्-ठूला ठेलीका आकारका विश्वकोशले दिएकाभन्दा पनि कता-कता व्यापक र विस्तृत सूचना प्रवाह गरेका छन् । तसर्थ विश्वकोशका इतिहासमा अझ खास गरी वेदान्तको विश्वकोशका सन्दर्भमा हाम्रा यी पूर्वाचार्यहरूले गरेको योगदान अमर बनेका छन् भनी सदा सम्झिरहनु पर्दछ ।

वर्तमानकालमा आएर हेर्दा पनि जस्तो– गीता प्रेसले गोरखपुरबाट प्रत्येक वर्ष प्रकाशित हुने कल्याणका विशेषांक पनि ती ती विषयका विश्वकोश नै हुन्– योगाङ्क-योगविश्वकोश, भक्तिअंक- भक्तिविश्वकोश, साधनाङ्क साधनाविश्वकोश, सूर्याङ्क-सूर्यविश्वकोश, गणेशाङ्क गणेशविश्वकोश आदि ।

निघंटुका माध्यमबाट यास्काचार्यले वैदिक शब्दावलीको व्याख्या गरे, निरूक्तमा, त्यस्तै औषधीमा प्रयुक्त हजारौँ प्रकारका वनस्पति आदिको विशद चर्चा, व्याख्या, प्रयोग विधि आदि उल्लेख भएको छ- निघंटुमा । त्यसरी शब्द शब्द मात्र होइन, अक्षर अक्षर केलाएर तिनको व्युत्पत्ति अर्थमा प्रयोग आदिका सन्दर्भमा हाम्रा प्राचीन ऋषिहरूद्वारा, प्राचीन आचार्यहरूद्वारा, विद्वान्, शास्त्रज्ञहरूद्वारा माथि उल्लेखनीय काम भएको छ त्यति अन्यत्र पाइँदैन ।

हिजो आज आएर धन भएका, जन भएका, बुद्धि भएका, परिश्रमी, अनुसन्धानात्मक सीप र कला भएका, विज्ञानको प्रविधि र प्रयोग जानेका, जाँगरिला सरस्वतीका वरदपुत्रहरूले आफ्-आफ्ना विषयसंग सम्बद्ध

विश्वकोश निर्माण गर्न लागेका छन् । कतिले गरिसकेका छन् । साहित्य विश्वकोश, कानून विश्वकोश, चिकित्सा विश्वकोश, प्राविधिक विश्वकोश आदि । यही क्रममा आएको 'वेदान्त विश्वकोश'को आफ्ना ठाउँमा विशिष्ट स्थान छ। एक हिसावले यो नितान्त नौलो, मौलिक, सन्हानीय एवं अनुकरणीय थालनी हो भने अर्को हिसावले भन्ने हो भने यस प्रकारको परम्पराको निरन्तरतामा आएको अनुसन्धानात्मक परिश्रम, प्रतिभा र अनुभूतिको एउटा अत्याधुनिक प्रयोग हो ।

'वेदान्त विश्वकोश'ले धेरै जिज्ञासा निम्त्याएको छ, अझै गर्नु पर्ने अनुसन्धानको द्वार खोलेको छ। ज्ञानपिपासु पाठकहरूलाई उल्लेख्य स्रोत, सामग्रीतिर आकर्षण गरेर अझ गहिरिएर खोज गर्न र वेदान्त सम्बन्धी गहिरो अध्ययन-अनुसन्धान गर्न प्रेरणा प्रदान गर्न सकेको छ जस्तो लाग्दछ ।

कुनै पनि ग्रन्थ आफैंमा पूर्ण हुँदैन- पूर्ण त वेदहरू मात्र छन्, उपनिषद्हरू मात्र छन्, गीतादि शास्त्रहरू मात्र छन् । बाँकी सारामा केही न केही कमी त पाइन्छन् नै । त्यस्तै प्रस्तुत ग्रन्थ त यस क्षेत्रको आरम्भ मात्र हो- यसको पूर्णता व्यञ्जनवर्णको समाप्तिमा होला । हामी प्रतीक्षा गरौँ परमात्माको कृपाको, अनुसन्धाता 'यात्री'को कहिल्यै नथाक्ने अनन्तको यात्राको ।

'वेदान्तका केही पारिभाषिक शब्दहरू' (महत्वपूर्ण शब्दको लक्षण र व्याख्या सहित) शीर्षकको एउटा ३६५ पृष्ठको पुस्तक प्रकाशित भएको छ, वि.सं. २०५७ सालमा । यसका ग्रन्थकार हुनुहुन्छ आत्माराम पौडेलज्यू । यसले पनि यस क्षेत्रमा केही सहयोग पुऱ्याएकै छ। प्राविधिक र अन्य विषयमा यस्ता पारिभाषिक शब्दहरूको संकलन गरी तिनको सामान्य अर्थ र प्रयोग दिने काम हुँदै आएको छ ।

प्रा.डा.दीर्घराज घिमिरेज्यूले आफ्नो 'श्रीमद्भगवद्गीता- तत्त्वप्रकाश'मा पनि दुर्बोध शब्द संकलनहरू गरी तिनको वेदान्तपरक अर्थ दिएर सामान्य जिज्ञासालाई शान्त गरिदिनुभएको छ। उहाँद्वारा रचित गीताका अरू भाग

पनि प्रकाशित हुँदै गए भने प्रशस्तै शब्दहरूको वेदान्तपरक अर्थ र तिनको व्याख्या हामीले पाउने छौं । हामी आशा गरौं ।

यति हुँदा हुँदै पनि बासु रिमाल 'यात्री'ले नै गरे जस्तो अनुसन्धानात्मक काम चाहिं आजसम्म राष्ट्रभाषा नेपालमा भएको देखिएकै छैन । यस्ता कोशहरूको नितान्त आवश्यकता महसुस भएको हो ।

'यात्री'को प्रयास अत्यन्त प्रशंसनीय मान्नु पर्छ । उनले गरेका शब्द चयन, तिनको प्रविष्टि, मूल प्रविष्टिसँग अत्यन्त सामप्यता राख्ने अन्य शब्दहरू, ती शब्दले दिने वेदान्तपरक सामान्य अर्थ, विशेष अर्थले 'यात्री'को प्रतिभा र परिश्रमको परिचय दिएका छन् । साथै उनीबाट ती शब्दको कहाँ-कहाँ, कुन-कुन अर्थमा, कसरी प्रयोग भएको छ भन्ने विषयमा विस्तृत अनुसन्धान गरी सान्दर्भिक अर्थ र व्याख्या समेत भएको छ । व्याख्याको अपेक्षा अझै देखिन्छ, त्यसका संभावना अझै प्रशस्त छन् तर ग्रन्थको कलेवर ज्यादा ठूलो हुने डरले होला अर्थ विस्तार र भन्दा अर्थ संकोचमा दृष्टि दिएको जस्तो देखिन्छ । वेदान्तका शब्दलाई अत्यन्त संक्षेपमा पनि प्रयोग गर्न सकिन्छ । साथै विस्तृत व्याख्या, विमोचन, विश्लेषण, विचार-विमर्श, उहापोह र हुँदाहुँदा पूर्वपक्षीहरूलाई खडा गरी सिद्धान्त प्रस्तुत गरी वकालत गर्न समेत सकिन्छ । शास्त्रका आधारमा पूर्वपक्षीको मतलाई खण्डन गर्दै आफ्नो सिद्धान्त पक्षद्वारा खण्डन पनि गर्न सकिन्छ । आद्य जगद्गुरु भाष्यकार भगवान् श्रीशङ्कराचार्यले आफ्ना प्रस्थानत्रयीका भाष्यमा खण्डन-मण्डन शैली अवलम्बन गरी वेदान्त सिद्धान्तलाई सम्यकरूपले स्थापना गर्नुभएको छ ।

वेदान्त विश्वकोशले अव भविष्यमा आउने यस्ता कोशहरूको अगुवाई गर्नेछ, बाटो देखाउने छ, नवीन इतिहासको निर्माण गर्ने छ अर्थात् यस क्षेत्रका अनुसन्धाता कोशकारहरूलाई निमन्त्रित गर्नेछ भनी आशावादी बनौं । 'यात्री'को यस यात्राको मार्ग ज्यादा फराकिलो र ज्यादा लामो छ- स्वरवर्णवाट शुभारम्भ भएको यो यात्रा व्यञ्जनवर्णमा पुगेर पूर्ण होओस् !

'अ'कारबाट आरम्भ भएको प्राण वायु 'ह'कारमा पुगेर टुङ्गियोस् ! अर्थ 'अहं' 'सोऽहं' 'शिवोहं' 'अहं ब्रह्मास्मि'-लाई आत्मसात् गर्न सकोस् ! कोशले कोशातीतमा पुऱ्याओस् ! यही शुभकामना र परमात्मा परब्रह्मका पाउमा प्रार्थना गर्दै 'वेदान्त-विश्वकोश'ले निम्त्याएको यो लामो वाङ्मय-यात्रालाई यहीँ विश्राम दिन्छु ।

रामनवमी
२०५९।१२।२८

शिव-मन्दिर
शान्तिकुना, जावलाखेल
ललितपुर-५



भूमिका लेखक प्रा.शिवगोपाल रिसाल र
मन्तव्य लेखक स्वामी ज्ञानानन्द सरस्वती

वेदान्त विश्वकोश बारे

बासु रिमाल 'यात्री'

संकल्प

भारतको सुप्रसिद्ध तीर्थस्थल हरिद्वारमा काञ्ची कामकोटीपीठ र विश्व हिन्दु महासंघको संयुक्त आयोजनामा २०५४ साल ४ कार्त्तिकमा विराट हिन्दु सम्मेलनको स्व.श्री ५ वीरेन्द्रबाट समुद्घाटन गरिबक्सने अवसर छोपी हरिद्वारको भ्रमण गरिएको थियो। नेपालबाट हजारौंको संख्यामा भक्तहरूको सहभागिता रहेको त्यस सम्मेलनको मुख्य विषय हिन्दु धर्मको उत्थान तथा पुनर्जागरण रहेको थियो। आफू बसेको धर्मशालामा एक जना नेपाली पण्डितसँग हिन्दु धर्मको पुनरुत्थानका लागि के के गर्नु पर्छ भन्ने विषयमा छलफल हुँदा मैले हिन्दु धर्मको विश्वकोश लेखेर व्यापक रूपमा प्रचार-प्रसार गर्नु पर्छ भनें। उनले सही थापे।

अन्य क्षेत्रमा गरेको पाप तीर्थस्थल, पुण्य क्षेत्रमा गई स्नान, दान, धर्म गरेपछि पखालिन्छ तर त्यस्तो क्षेत्रमा गरेको पाप वज्रलेप हुन्छ भनिन्छ। मेरा सम्बन्धमा चाहिँ हिन्दु धर्म विश्वकोशको आवश्यकता-बोध संकल्प बनेर हृदयमा वज्रलेप भएछ। त्यो संकल्प शुरूमा बीज रूपमा थियो, पछि टुसायो, बिरुवा बन्यो, झाङ्गियो र अहिले फुलिरहेको छ। यो ग्रन्थ त्यही संकल्प-बीजको फूल हो। हिन्दु धर्म विश्वकोश ज्यादै व्यापक हुने र एक जनाको प्रयास अपर्याप्त हुने महसुस गरें। पहिलेदेखि वेदान्तमा अभिरुचि रहेको, आफूले सुनेका, पढेका वेदान्त प्रवचन र ग्रन्थका नोट, टिपोट एवं यस सम्बन्धी फाइलहरू राख्ने गरेकोले वेदान्त विश्वकोश तयार गर्ने निर्णय गरें। वास्तवमा हिन्दु धर्म र दर्शनको चरम चुली अद्वैत वेदान्त नै हो।

नेपाली भाषामा शब्दकोशहरू थुप्रै छन् तर अहिलेसम्म नेपाली विश्वकोशको अवधारणा नौलो नै रहेको छ। अँग्रेजी लगायत अनेकौ भाषामा विश्वकोश

(इनसाइक्लोपेडियाहरू)का अनेकौं भागहरू, ठेलीका ठेली ग्रन्थहरू प्रकाशित भएका छन् तर राष्ट्रभाषामा यस्ता ग्रन्थको अभाव छ ।

विश्वकोशको प्रभाव

आधुनिक ढंगको विश्वकोश फ्रान्समा अठारौं शताब्दीमा (सन् १९५१-७२) जन्म्यो । यसका संपादक दिदरो र दालम्वर थिए । बुद्धिजीवी, लेखक, विचारकहरूले समाजमा वैचारिक परिवर्तनका लागि विभिन्न विषयका लेखहरू क्रमवद्ध रूपमा प्रस्तुत गरे । स्वतन्त्रता, मानवता, विश्वबन्धुत्व एवं क्रान्तिमा जोड दिइएको फ्रान्सेली विश्वकोशको जन्म भयो । यसका लेखकहरूमा विश्व प्रसिद्ध दार्शनिक रुसो, दिदरो, भोल्टेयर आदि थिए । यसले फ्रान्सेली क्रान्ति (सन् १७८९) बोलायो, समाजमा नयाँ चेतनाको शंखघोष गऱ्यो । यस विश्वकोशले संसारभरमा ठूलो प्रभाव पाऱ्यो । रुसोले समाजको बनावटीपन त्यागेर प्रकृति तिर फर्क भन्ने नारा लगाए । त्यसपछि अन्य भाषाहरूमा पनि विश्वकोशहरू लेखिन थाले । विश्वकोशमा जुनसुकै विषयका बारेमा पनि ऐतिहासिक क्रमद्वारा, वस्तुपरक ढंगले चर्चा, व्याख्या गरिएको हुन्छ । शब्दकोश शब्दको अर्थ, व्युत्पत्तिको बारेमा लेखिएको कोष (ढुकुटी) हो । तर विश्वकोशमा अनेकौं विषयहरू बारे चर्चा पाइन्छ । यसमा स्वर र वर्णको क्रम अनुसार विषयहरू समावेश गरिएका हुन्छन् । यसवाट पाठकले जुन विषयमा जानकारी हासिल गर्न खोजेको हो त्यस विषयमा सुगमतापूर्वक ज्ञान गराउन विश्वकोशले सघाउ पुऱ्याउँछ । साहित्य, संगीत, संस्कृति, विज्ञानका विविध विषयहरू धर्म, दर्शन, नीति आदि विषयको एकै ठाँउमा समावेश हुँदा नै विश्वकोश बन्छ । विश्वकोश अनेकौं भागहरूमा फैलिएको हुन्छ । स्वर र वर्णको क्रम अनुसार आफूलाई चाहिएको विषय पत्ता लगाई पढिन्छ ।

नेपाल राजकीय प्रजा प्रतिष्ठानद्वारा यस लेखकलाई 'इटालेली साहित्यको रूपरेखा' लेख्न भनिए पछि पाँच पाँच वटा विभिन्न विश्वकोशहरूको

अध्ययन गर्नु परेको थियो-इन्साइक्लोपेडिया ब्रिटानिका, अक्सफोर्ड जुनियर इनसाइक्लोपेडिया, द वर्ल्डबुक इन्साइक्लोपेडिया, च्याम्वर्स इन्साइक्लोपेडिया र एभ्रीम्यान्स इन्साइक्लोपेडिया । यस लेखकद्वारा लिखित 'नेपाली साहित्यको रूपरेखा' समेत समावेश गरी विश्वसाहित्यको रूपरेखा (वि.सं.२०३०मा) प्रकाशित भयो । त्यस समयमा नेपालीमा विश्वकोशको कुरा छाडौँ, साहित्यकोश समेत प्रकाशित भएको थिएन । त्यसको २५ वर्ष पछि बल्ल बल्ल नेपाली साहित्यकोश (वि.सं.२०५५मा) प्रकाशित गऱ्यो सो प्रतिष्ठानले ।

संस्कृतमा विश्वकोश लेखिएको छ कि भनेर खोजीपस्दा शब्दकोशहरू फेला परे, ती पनि धेरै श्लोकमा लेखिएका । केशवकृत कल्पद्रुकोश ओरिएन्टल इन्स्टीच्यूट बरोदाले सन् १९२८ मा प्रकाशित गरेको रहेछ जुन मैले राष्ट्रिय पुस्तकालयमा पढ्ने अवसर पाएँ । त्यसको सम्पादन र लामो भूमिका लेखनकार्य (अँग्रेजीमा) रामावतार शर्माले गरेका छन् । उनले वैदिक कोशकार र यास्क (निरुक्त)देखि लिएर अमरसिंह अगाडिका कोशकार र पछिका केशकारहरू बारे विस्तृत चर्चा गरेका छन् । त्यस समयमा शब्दकोशहरू कोष, कोश, निघण्टु, शब्दप्रकाश, शब्दार्णव, शब्दाब्धि, नानार्थसंग्रह आदि नामबाट प्रकाशित भएका पाइन्छन् । क्षेमेन्द्रको लोकप्रकाश शब्दकोश र अर्थशास्त्र बीचको ग्रन्थ हो । महेश्वरको विश्वकोश पनि शब्दकोश हो, (इन्साइक्लोपेडिया होइन) । अमरकोश अमरसिंहको हो र सटीक अमरकोशकार अमरशूरी हुन् । हेमचन्द्र, हर्षकीर्ति, वसुवन्धु (अभिधर्म कोष)का शब्दकोशहरू छन् । मेदिनीकोश र हलायुधकोश पनि प्रसिद्ध छन् ।

अन्त्यमा मैले हिन्दी विश्वकोश पनि फेला पारेँ धूलैधूलोले ढाकिएको । धूलो पुछेर पल्टाएँ, लेखिएको रहेछ बंगला विश्वकोषका सम्पादक श्रीनगेन्द्रनाथ वसु, प्राच्य विद्यामहार्णव तथा हिन्दीका विद्वान्हरूद्वारा सम्पादित । यो प्रथम भाग नगेन्द्रनाथ वसु र विश्वनाथ वसुद्वारा कलकत्ताबाट सन् १९१५ मा प्रकाशित भएको रहेछ । यो ग्रन्थ शब्दकोश र विश्वकोशको बीचको

रहेछ। अर्को भाग पनि फेला पऱ्यो, अन्य फेला परेनन्। पहिलोमा अ र आ-वाट उठेका प्रविष्टि छन् भने दोश्रोमा आ-बाट उठेका। वेदान्त विश्वकोशमा अ-बाट प्रविष्टिहरूको संकलन, लेखन-कार्य पूरा भैसकेको थियो। त्यस पछिको प्रविष्टि आ-आदिका लागि सो ग्रन्थ केही काम लाग्यो र त्यस ग्रन्थको उल्लेख यथास्थानमा गरिएको छ। बंगला भाषामा विश्वकोश लेखेर प्रसिद्धि प्राप्त गरिसकेपछि उनले अनकौं विद्वान्हरूको सहयोगमा हिन्दीमा पनि यो महत्वपूर्ण कार्य सम्पादन गरेका रहेछन्। सन् १९१४बाट यो सराहनीय कार्य शुरु भै सन् १९३१ मा पूर्ण भएछ। यो ग्रन्थ २५ जिल्द (भाग)मा प्रकाशित भएको बताइन्छ।

पश्चिमी मुलुकहरूमा निस्केको विश्वकोशमा पूर्वीय आध्यत्मिक सम्पदा वेद र वैदिक साहित्यका बारेमा, वैदिक युगदेखि आधुनिक युगसम्मका वाङ्मयका सम्बन्धमा राम्रो चर्चाको अभाव भएकाले 'हिन्दी विश्वकोष' प्रकाशनमा जोड दिएका हुन् वसुले। सो विश्वकोषको प्रथम भागको निवेदनमा इन्साइल्कोपेडिया ब्रिटानिकाको उल्लेख गर्दै भनेका छन्-यो भारतका लागि त्यति उपयोगी हुन सक्तैन जति बेलायतका लागि। उनले हिन्दी विश्वकोष 'वंगाली विश्वकोष'को भाषान्तर नभै स्वतन्त्र हिन्दी संस्करण हो भनी स्पष्ट पारेका छन्। वसुले सो ग्रन्थलाई ज्ञानकोशका साथै अभिधान कोश (शब्दकोश) बताएका छन्। अ-बाट शुरु भै यो ग्रन्थ ह्वेलमा टुङ्गिएको छ। महात्मा गान्धीले आफ्नो मुलुकका प्रथम विश्वकोशकार वसुलाई रोग शैय्यामा भेटे र ती वाङ्गमय तपस्वीसँगको आफ्नो भेटलाई तीर्थयात्रा बताउँदै राष्ट्रको निर्माण यस्ता साधकहरूबाट हुन्छ भन्दै सम्मान व्यक्त गरे (नवनीत १९७५ मा प्रकाशित वेंकटलाल ओकको नगेन्द्रनाथ वसु और उनका विश्वकोष लेख)। वसुपछि नै अन्य विश्वकोशकारहरूका प्रयासहरू अगाडि बढ्दै गएका हुन्।

वेदान्त विश्वकोशको कार्य अगाडि बढ्दै जाँदा अ-क्रम प्रायः पूरा भएपछि भारतबाट सन् १९७८ मा प्रथम र १९८८ मा द्वितीय संस्करण छापिएको

'हिन्दु धर्मकोश' फेला पारेँ (२०५८ चैत ३० मा) । यो पुस्तकका वारेमा प्रा.शिवगोपाल रिसालले नै जानकारी दिनु भएथ्यो । जानकारी भएको केही महिना पछि हिमालयन बुक सेन्टरका मालिक शिवराम श्रेष्ठले मगाइदिए पछि पढ्ने मौका मिल्यो र यसले धेरै सहयोग पनि गऱ्यो । धर्म साहित्यको कोश या विश्वकोशको अभाव पूरा गर्न यो ग्रन्थ रचनाको पाइला चालिएको भन्ने कुरा डा.राजवली पाण्डेयले प्रस्तावनामा लेखेका छन् । उनले नगेन्द्रनाथ वसुको प्रयास बारे लेखेका छन्-मुख्यतः एक व्यक्तिको यो प्रयास वास्तवमा आश्चर्यजनक र सराहनीय छ ।

स्वीकृति

वेदान्त विश्वकोशको विषय धर्मकोशको झैँ फैलिएको नभै अद्वैत दर्शनको आकाश तर्फ उचालिएकोले कुनै ग्रन्थ या केही ग्रन्थहरूबाट मैले चाहे झैँ मद्दत लिन सकिन यद्यपि आप्टेको संस्कृत हिन्दी शब्दकोशले पनि मलाई केही मात्रामा नसघाएको होइन । नेपालीमा लेखिएको 'वेदान्तका केही परिभाषिक शब्दहरू' (लेखक- आत्माराम पौडेल)बाट पनि केही सहायता मिलेकै मान्छु । कुन कुन पुस्तकबाट के, कति सहायता मिल्यो पाद टिप्पणीमा या यथास्थानमा उल्लेख गरिएकै छ ।

सत्संग परिवार जावलाखेल तथा स्वाध्याय परिवार (२०५५) जाउलाखेल, भैरवस्थानका सत्संग कार्यक्रमहरू जसमा वेदान्त स्वाध्याय र प्रवचनहरू सुन्ने मौका पाएँ, मेरो यस प्रयासमा लाभप्रद सावित भएका छन् । खास गरी मेरा गुरु प्रा शिवगोपालले केही वर्ष अघि मेरो यस एक्कल योजना बारे सुन्ने (देवी मन्दिर लोकंथलीको प्रांगणमा वसेर), त्यस पछि बारम्बार सुझाउ, सल्लाहका साथै लामो भूमिका लेख्दिने जस्ता कार्यबाट अति नै प्रेरित गरिदिनु भयो । उहाँ जस्तो योग्य वेदान्ती गुरुबाट उपनिषद्हरूको स्वाध्याय गरियो । शंकराचार्यका ग्रन्थ लगायत अष्टावक्रगीता, श्रीमद्भगवद्गीता, अवधूतगीता आदि पढियो-यिनै कारणले गर्दा यो

विश्वकोशको लेखन-कार्य द्रूत गतिमा अगाडि बढ्न सक्यो । वि सं २०६० माघमा शिवगोपालको नेतृत्वमा भएको देवघाट सत्संग यात्राका क्रममा हरिहर संन्यास आश्रममा वास बसियो । त्यहाँका पिठाधीश श्री १००८ स्वामी ज्ञानानन्द सरस्वतीज्यूले पाण्डुलिपि पढ्ने, मन्तव्य लेख्ने र यो ग्रन्थ प्रकाशित हुने छ भनी भविष्यवाणी पनि गरिदिनुभयो, आत्मवल बढाइदिनुभयो, त्यसैले म उहाँ प्रति आभार प्रकट गर्छु ।

प्रविष्टि

यस पुस्तकमा ॐ को पहिलो अक्षर अ-लाई मैले मंगलाचरणको प्रतीक मानेको छु । यस कोश अ-बाट शुरु भएको छ र अ-प्रविष्टिको समाप्ति अहं युक्त शब्द अहंग्रह उपासनाबाट हुन गएको छ । वर्णमालाको पहिलो अक्षर अ हो । त्यसैले यसलाई अनुत्तर लिपि भनिन्छ भने ह-लाई (वर्णमालाको अन्त्य अक्षर हुनाले) विमर्श लिपि भनिन्छ । यी अक्षरको दार्शनिक अर्थ पनि श्रुतिले बताएको पाइन्छ- अ इति ब्रह्म तत्रागेतोऽहं । अर्थात् अ ब्रह्म हो र हं त्यसैको प्रतिविम्ब । अहंरूप ब्रह्ममा 'एकोहंबहुस्याम' भन्ने भावले गर्दा ब्रह्म नाना रूपको बन्यो । यही अहंलाई सिद्ध कामकला भन्दछन् *(धनशमशेर-कामकला रहस्य)* ।

अ र ह दुई अक्षर बीच सबै अक्षर अन्तरगर्भित भएकाले यसलाई महामन्त्र भनिन्छ । अजपा मन्त्रमा अ ह म र स-को जप हुन्छ- सोऽहं । सोऽहंमा हकार र सकारको लोप हुँदा कामकला एकाक्षरी ब्रह्म ॐ जन्मन्छ । जीवात्माले सास फेर्दा हं भित्र पस्छ-

हकारेण बहिर्याति सकारेण विशेत् पुनः ।
हकारस्य सकारस्य लोपे कामकला भवेत् ॥

(शक्ति संगमतन्त्र कालीखण्ड)

मानिसले अनायास २१ हजार ६०० पटक सोहं हंस अजपा जप जपिरहेको हुन्छ-हंस हंसेति मन्त्रोयं जीवो जपति नित्यशः *(शिवस्वरोदय)* । हंस नै

उल्टो जप्दा सोहं हुनजान्छ मरामरा राम भए झैं । जीवरूप चराका दुई पखेटा सरह हुन् । ती झिक्दा जीव शिव वन्छ ॐ स्वरूप ।

यस विश्वकोशमा अवाट प्रविष्टि शुरु भएर अहंग्रह उपासनासम्म अ-वर्णको क्रम अघि बढे झैं आ विषयक प्रविष्टि लेखन कार्यको प्रथम विन्दु आ हो र आहामा गएर यो क्रम टुङ्गिएको छ अर्थात् आहारक अन्तिम विषय हो ।

अ-मा १९६ प्रविष्टि छन् भने आ-मा ७६ प्रविष्टि परेको छन् । ई/इ मा थोरै छन् १४ मात्र । तुलनात्मक रूपमा उ/ऊ चाहिँ ३६ छन् भने ऋ-मा ७ छन् । ए-मा २० र ऐ-मा ३ मात्र छन् । ओ-मा ओमकार (ॐ) र ओंकारेश्वर तथा ओजस् ३ प्रविष्टि परेका छन् । ॐ का सम्बन्धमा बेलिविस्तार भएको छ जुन स्वाभाविक छ । उपनिषद्हरूमा ॐ को चर्चा प्रसिद्ध नै छ । अं-मा अंशुमान र अंशावतार २ प्रविष्टि परेका छन् । प्रविष्टिको संख्या जम्मा ३५० रहेको छ ।

यो विश्वकोश ग्रन्थ आत्मा, परमात्मा, जीव, जगत्, अविद्या, अज्ञान जस्ता विषयमा जानकारी राख्दै मुक्तिको कामना गर्ने अर्थात् जुन आत्मा मुक्त छ, सत्चित् आनन्द स्वरूप छ । त्यसलाई ढाक्ने आवरण, अविद्यालाई हटाएर स्वरूप साक्षात्कार गर्न साधनारत मुमुक्षु एवं परमात्माको कृपा पाउनका लागि उपासनामा जुटेका भक्तजनको आवश्यकतालाई ध्यानमा राखेर लेखिएको हो । वस्तुको ज्ञान आफैँमा आनन्ददायक कुरा हो । मानिस चित्स्वरूप भएकोले जान्नु उसका लागि सुखदायक छ । जानेपछि मनन गर्नु पर्छ । निदिध्यासन गर्नु पर्छ अनि सत्त्वापत्ति लाभ हुन्छ, साक्षात्कार हुन्छ । सत्यलाई शास्त्र, सज्जन, साधु, वेदान्त विषयक ग्रन्थहरूले जसरी बताइदिएका छन् त्यसरी चिन्नु पर्छ । त्यो ज्ञान अपूर्ण भए पनि आफूले साधना गर्दै गएपछि पूर्णज्ञानको बाटोमा लागिन्छ । अनि लक्ष्यमा पुगिन्छ । यही कुरालाई ध्यानमा राखेर वेदान्तको क्षेत्रमा विश्वकोशको अभावलाई महसुस गरेर ज्ञानको खोजीमा रातदिन लागेर जे भेट्टाएँ त्यही जिज्ञासु,

मुमुक्षु, भक्तजनहरूका सामु राखिदिएको छु। प्रकाण्ड विद्वान्, सर्वशास्त्र विशारदहरूको सामु यो ग्रन्थ प्रस्तुत गरेको छु भन्ने आँट यस लेखकमा छैन। वैदिक ज्ञानको सागर अथाह छ। त्यसमा पौडीखेल्ने पौडीवाज म होइन। बरु, यस सागरतटमा रहेर आफूतिर बढेर आएको छालमा स्नान गरेर रमाउने बालक झैं ठान्छु आफूलाई। वैदिक संस्कार, संस्कृतिको खोज, प्रचार, प्रसारमा लाग्दा मैले ठूलो सुख पाएको छु।

व्याकरण

यो ग्रन्थ लेखन कार्य एक्कल प्रयास भएकाले व्याकरण सम्बन्धी या अन्य त्रुटीहरू भए होलान्, त्यसका लागि क्षमाप्रार्थी छु। पाठक वर्गको ध्यान विषयवस्तु तर्फ जाओस्। ग्रन्थमा त्रुटीकै खोजगर्नेहरू पनि हुन्छन्, त्यस्ता पाठकहरू विषयवस्तुवाट कम लाभान्वित हुन्छन्, यसमा शंका छैन। व्याकरणका सम्बन्धमा भन्नुपर्दा के प्रष्ट पार्न चाहन्छु भने नेपाली व्याकरण संश्लेषणात्मकतामा भन्दा विश्लेषणात्मकतामा विश्वास गर्छ। त्यसैले शब्दहरूलाई जोडेर होइन अलग्याएर, विभक्ति मात्र जोडेर वाक्यहरू लेखिएका छन्। प्रति, अनुसार, मुताविक, गर्दा, गरेर आदि पदहरू छुट्याइएका छन्। संस्कृत भाषा श्लिष्ट योगात्मक मानिन्छ। यसका शब्दहरूमा अनेक व्यञ्जनहरू जोडिएर रहन सक्छन् (जस्तो समासमा) प्राकृत र नेपालीमा यो नियम लागु हुँदैन। तर 'भूमिका वेदवेदान्तानुसन्धान' भूमिका-लेखककै व्याकरण अनुसार छापिएको छ।

विश्वकोश प्रकाशन संस्था

वेदान्त विश्वकोश स्वर वर्णमा मात्र सीमित छ। अर्को प्रयासको रूपमा क-वर्ग र च-वर्ग मिलाएर दोश्रो भाग तयार गर्ने कार्यको थालनी पनि भैसकेको छ। एक डेढ वर्षमा त्यो कार्य पनि पूरा हुनेछ (ईश्वरको कृपाले)। यसरी दोस्रो, तेस्रो, चौथो आदि भागहरू लेख्दै, छाप्दै जानका लागि कोष (धनराशी)को आवश्यकता पर्छ। त्यसैले मैले दान, अनुदान, सहयोग,

सघाउको हात फैलाएको छु। भारतका एक संन्यासी(त्यागी)ले एक/एक पैसा जनतासँग मागेर देवी माताको मन्दिर आफ्नो जिल्लामा बनाएका थिए भने दुई/दुई पैसा दान, अनुदान मागेर २०० विद्यार्थी पढ्न पाउने प्राविधिक शिक्षालय निर्माण गरिदिएका थिए। जनताको माझमा जान सके के हुन सक्तैन! म पनि त्यही शुभकार्यबाट प्रेरित भै कुनै प्रकाशन संस्थाको हाकिमको चाकरीमा धाउने कार्य त्यागी जनताको माझमा जानथालेको छु। दिनको एक/एक रुपैयाँको हिसावले वार्षिक दान, अनुदान दिनोस् भनेर भिक्षाटन गर्दै हिंडेको छु। दान, अनुदानमा ठूलो पुण्य निहित छ। यो कुरा सनातन धर्मावलम्वीहरूलाई बताइरहन पर्दैन, स्मृति मात्र गराएको हुँ। २०६१ सालका सहयोगीहरूका नाम पुस्तकमा छाप्ने र एक/एक प्रति उपलब्ध गराइदिने कार्य हुनेछ। यस प्रकाशनका सहयोगीहरू प्रति आभार व्यक्त गर्दै तिनको नामावली पुस्तकको अन्त्यतिर समावेश गरिएको छ।

धन्यवाद

अन्त्यमा यो ग्रन्थ प्रकाशन-कार्यमा सहयोग जुटाउनेहरूलाई धन्यवाद दिने क्रममा अढाई वर्षदेखि कम्प्यूटरबाट पाण्डुलिपि तयारी आदिमा सहयोग गर्ने श्रीमती कमला सुवेदी (श्रेष्ठ), सुश्री हीरा तण्डुकार, भूमिका टाइपमा सहयोग गर्ने दीपेश पराजुली, पुस्तकको मुद्रणमा सहुलियतका साथ सहयोग गर्ने कलाकार मित्र एवं युनियन प्रेसका प्रवन्ध-निर्देशक वैकुण्ठमान श्रेष्ठ आदि धन्यवादका पात्र छन्।

यो पुस्तक पाइने स्थानहरू

१. सत्संग परिवार जाउलाखेल, ललितपुर
२. हिमालयन बुक सेन्टर, बागबजार
३. रत्न पुस्तक भण्डार, ग्रीन हाउस, माइतीघर
४. स्वाध्याय परिवार, भैरवस्थान, जाउलाखेल
५. धार्मिक पुस्तक पसल, शंकराचार्यमठ, पशुपति

अ

अ : पाणिनीय व्याकरणको प्रारम्भमा नै अइउण् (पहिलो सूत्र) छ । अ- नै पहिलो अक्षर हो । अ-बाट शिव, ब्रह्मा, वायु र वैश्वानरको पनि स्मरण हुन्छ (सं.-हि.कोश-आप्टे) । ॐ-को अ-बाट श्रीविष्णुको आराधना हुन्छ -

अकारो विष्णुरुद्दिष्ट उकारस्तु महेश्वर : ।

मकारस्तु स्मृतो ब्रह्मा प्रणवस्तु त्रयात्मक : ॥

ॐ को पहिलो मात्रा (अ+उ+म+ ँ मध्येको) अ-ले ऋग्वेद, जाग्रत अवस्था, विश्व, विराट, स्थूल शरीर आदि जनाउँछ । यो अ-को उपासकंलाई प्राप्त हुने फल यसरी बताइएको छ- ऋग्वेदका ऋचाहरूले मनुष्य लोकमा जन्म गराउनेछन् किनकि ॐकारको पहिलो मात्रा ऋग्वेद स्वरूप छ । नवीन मनुष्य जन्ममा यस्तो उपासकले तप, ब्रह्मचर्य र श्रद्धाद्वारा सम्पन्न उत्तम आचरण भएको श्रेष्ठ मनुष्य बनेर अतिशय ऐश्वर्यको उपभोग गर्नेछ, निच योनिहरूमा भड्कनु पर्दैन *(प्रश्नोपनिषद् ५।३)* । *गीता* मा भगवान्ले अक्षरहरूमा प्रथम र मूल अक्षर अ म नै हुँ भन्नु भएको छ *(१०।३३)* । यहाँ अकार यस ग्रन्थको मंगलाचरण पनि हो ।

अकर्ता : आफू सत्, चित् आनन्दस्वरूप हो । यही आत्मस्वरूपको निरन्तर बोध गरिरहँदा आफू अविद्याबाट मुक्त होइन्छ । आफू आत्मा भएको कारणले गर्दा अकर्ता ठहरियो । गर्ने गराउने परमात्मा नै हुन् । यस अवस्थामा कर्म गर्दा पनि फल भोग्न परेन । *गीता* को जोड यसैमा छ-कर्म यसरी गर कि फल भोग्न नपरोस् । "म छु" (सत् स्वरूप)

मात्र भजे पुग्ने मानिसले अविद्यावशात् "म गर्दछु", "म बोल्दछु" जस्ता क्रियावाचक गतिविधि जनाउँदा कर्ता बनेर फल भोग्नुपर्छ । एउटा उच्चस्तरीय शक्तिले काम गरिरहेको छ भन्ने नबुझेर मूढ व्यक्तिले आफूलाई कर्ता घोषित गर्छ भने ऊ कर्मफलको बन्धनमा पर्ने नै भयो । महर्षि रमण यस्तै मूढताको उदाहरण दिँदै भन्छन् - "रेल गाडीमा यात्रा गर्दा भारीलाई टाउकोमा बोक्नुको के प्रयोजन ? रेलले त तिमीलाई र तिम्रो भारी दुवैलाई बोकेर लगिहाल्छ नि ! रेलमा बसेर पनि भारी बोक्ता आफूले आफैँलाई अनावश्यक दुःख दिने काम मात्र भयो । संसारमा मानवको कर्तव्य बोधलाई पनि यस्तै संझ ।"❖

भगवान्को सृष्टिरूप कर्म वास्तवमा अकर्म नै हो । सृष्टि रचनाको कर्ता भए पनि म अव्यय परमेश्वरलाई तिमी अकर्ता जान भनेर श्रीकृष्ण आफैंले भन्नुभएको छ । *(गीता ४।१३)* अकर्ता वास्तवमा कर्मयोगी हो किनभने कर्मयोगीले आफूलाई कर्ता मान्यो भने ऊ फलमा आसक्त भैहाल्यो । उसलाई अहंकारले ढाक्यो । अहंकार त्याग गरी ईश्वरार्पण बुद्धिबाट कर्म गर्ने कर्मयोगी वास्तविक रूपले अकर्ता हो । उसले बुझेको छ-ईश्वर ज्ञान, इच्छा र कर्मका शक्तिहरूको अधिष्ठाता हुन् । उनीबाट हामीलाई सबै प्रकारका शक्ति प्राप्त भएका छन् ।

अकर्म : अकर्ताले गरेको कर्म अकर्म हो । मानिसले मन, वाणी र शरीरद्वारा हुने कर्मलाई बिल्कुल बन्द गर्न सक्तैन । त्यसो गर्न सकिन्छ प्राणले स्थूल शरीरलाई छाडिदियो भने मात्र । तर मनुष्यले कर्म गरेर पनि अकर्म गर्न सक्छ युक्तिले, जुक्तिले । निम्न कर्मलाई शास्त्रले अकर्म भनी बताएको छ -

क.कर्तापनको अभिमान नभएमा ख.रागद्वेषलाई छाडेर कर्म गरेमा ग.अन्तःकरण शुद्ध भइ कर्तव्य भनेर गरिएको कर्म घ.भगवान्लाई

❖ *रमण महर्षि - र.म. बातचीत*

खुशी पार्न गरिएको कर्म ङ.लोकसंग्रहका लागि गरिएको कर्म च.फलको चाहना र कर्मासक्ति नभई गरेको कर्म ।

भगवान् श्रीकृष्णले *गीता*मा अकमको रहस्य बारे भन्नु भएको छ -

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥ *(गीता ५।१०)*

जुन योगीले कर्महरूलाई बह्ममा समर्पण गर्छ र आसक्तिलाई त्यागेर कर्म गर्छ त्यो जलले नभिजाएको कमलपत्र झैं पाप रहित हुन्छ ।

अर्को श्लोकमा भगवान् भन्नुहुन्छ -

कायेन मनसा बुद्ध्या केवलैरिन्द्रियैरपि ।
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥ *(५।११)*

अर्थात् योगीहरू अनासक्त भएर केवल मन, बुद्धि तथा इन्द्रियद्वारा पनि चित्त शुद्धिका लागि कर्म गर्दछन् । यस्तो कर्मबाट ती बाँधिन्नन् ।

गीता ५।१२ अनुसार योगयुक्त पुरुषले कर्मफललाई त्यागेर कर्मनिष्ठा रूपी पर्वतको टाकुरारूप आत्यन्तिक शान्ति पाउँछ तर जो योगयुक्त छैन ऊ फलासक्त हुन्छ र बन्धनमा पर्छ ।

अकिञ्चन : संग्रह-परिग्रह रहित व्यक्ति । अकिञ्चन भक्त भगवानलाई प्यारो लाग्छ किनकि ऊ इन्द्रिय विजयी छ, शान्त र समदर्शी छ । उसलाई पूर्ण सन्तोष प्राप्त हुन्छ । उसका लागि आकाशका कुना कुना एवं सबै दिशा आनन्दमय छ । त्यसैगरी भगवान् श्रीकृष्णले भन्नुभएको छ-अकिञ्चन भक्तले शरीरादिमा अहंता-ममता नलिएको, ममा चित्त चढाएको कारणले उसले पाउने परमानन्द स्वानुभूतिको कुरो हो, वाणीले बताउन सकिन्न । *(भाग. ११।१४।१३ र १७)*

अकृतार्थ : अविद्वान्, जिज्ञासु जो कृतार्थ भैसकेको छैन, उसलाई अकृतार्थ भनिन्छ । अन्तःकरण वृत्ति शास्त्रद्वारा परिष्कृत नभएको व्यक्ति ।

*गीता*मा यस्तो व्यक्तिलाई अकृतात्मा भनिएको छ (१५।११) । अकृतात्मा अर्थात् मलिन चित्त भएको व्यक्तिले प्रयास गरेर पनि आत्मबोध गर्न सक्तैन ।

अक्रूर : श्रीकृष्णका काका, आनक दुंदुभिका छोरा । यादव वंशी अक्रूरले बलराम र श्रीकृष्णलाई मथुरामा गई कंसलाई मार्ने सल्लाह दिए । श्रीमद्भागवतमा यिनको प्रसंग पाइन्छ । श्रीकृष्णलाई मथुरा लैजान लाग्दा गोपिनीहरुले यिनलाई 'नाम अक्रूर भएपनि क्रूर काम गर्ने' भनेर व्यङ्ग्य गरे । गोपिनीहरुको श्रीकृष्ण प्रतिको प्रेमाभक्तिबाट यिनी प्रभवित भए ।

विष्णु भगवान्का सहस्र नाम मध्ये एक हो अक्रूर (वि.सह. १११/९१५) यसको अर्थ हो -क्रूरता नभएका, रिस नभएका ।

अक्रोध : क्रोध राहित्य । आधुनिक मनोवैज्ञानिकहरू काम, क्रोध र भय मानिसका मूल प्रवृत्ति हुन्, यिनलाई दबाउँदा मानिस विकारग्रस्त हुन्छ भन्छन् । तर अध्यात्मशास्त्रले आध्यात्मिक विकासका लागि मूल प्रवृत्तिहरूमाथि नियन्त्रण गर्नुपर्ने कुरामा जोड दिन्छ । गीतामा काम, क्रोध र लोभलाई नरकको द्वार बताउँदै, यिनलाई त्याग्न सल्लाह दिइएको छ *(१६।२)* । अर्को एक ठाउँमा आसुरी सम्पत्ति अन्तर्गत क्रोधलाई लिइएको छ *(गीता १६।४)* । अक्रोध ठूलो गुण हो । क्रोध राजसी गुणमा पर्छ भने अक्रोध सात्विक गुण हो । क्रोधलाई जित्न साधकको हृदयमा करुणा, क्षमाशीलता जस्ता सद्गुण हुनुपर्छ । स्वामी रामकृष्ण परमहंसले यस सम्बन्धमा भन्नु भएको छ - साधुसन्तको क्रोध पानीको दाग जस्तो हुन्छ । हाम्रा शास्त्रहरूमा दुर्वाशालाई सबभन्दा बढी क्रोधी ऋषिका रूपमा चित्रण गरिएको पाइन्छ । वाह्य रूपमा क्रोधी भए पनि उनी भित्री रूपमा विकाररहित, सच्चिदानन्द स्वरूप (आत्मा) मान्थे आफूलाई ।

अक्रोध नै हाम्रो वास्तविक स्थिति हो । भृगुले त्रिदेवको जाँच गर्दा श्रीहरि नै अक्रोधको स्थितिमा रहनु भएको पाए । ब्रह्मा र शिव भृगुद्वारा अपमानित हुँदा क्रुद्ध भएकाले विष्णुको सन्निकट पुगी भृगुले छातीमा लात हान्दा पनि उहाँ रिसाउनु भएन । उल्टै बज्र जस्तो कठोर मेरो छातीमा लागेकोले तपाईंको कोमल पाउ दुःख्यो कि भन्दै उहाँले भृगुको पाउ मुसरिदिनु भयो । यो कथा भागवतमा वर्णित छ । (१०।८९) ।

*गीता (१६।२)*मा अहिंसा र सत्य पछि अक्रोधले ठाउँ पाएको छ- अहिंसा सत्यमक्रोध । *ज्ञानेश्वरी गीता*मा यस श्लोकको व्याख्या गरिएको छ-"ऋतु आउँदा पनि जसरी आकाशमा फूल फुल्दैन या रम्भालाई देखेर पनि जसरी शुकदेवजीमा विषय-वासना उत्पन्न भएन त्यसरी नै क्रोध उत्पन्न गराउने शब्दहरू सुनेर पनि जब क्रोध पैदा हुन्न त त्यसलाई अक्रोध भनिन्छ ।"

अक्षय : जसको क्षय, नाश हुन्न त्यो तत्वलाई बुझाउने शब्द हो अक्षय, अनश्वर वस्तु । अक्षय शब्दका अनेक अर्थहरु मध्ये आत्मा, ज्ञान पनि हुन्छ । क्षय शब्दबाट नाश, नश्वरताको बोध हुन्छ । क्षर नाशवान वस्तु हो । दार्शनिक दृष्टिले जगत्को क्षय हुन्छ, आत्मा चाहिं अक्षय छ, अव्यय छ । जसको आकार नष्ट हुँदा पनि निराकारपन रहिरहन्छ, जो शाश्वत छ, नित्य छ त्यही तत्व अक्षय हो ।

अक्षर : अविनाशी तत्व । ब्रह्म वस्तु । आत्मतत्व । जुन वस्तु क्षर (नाशवान्) होइन, त्यो अक्षर हो । क्षरति विनश्यति इति क्षरः । भौतिक जगत् क्षर हो । जाग्रत्मा देखिएको जगत् स्वप्नमा छैन र स्वप्न एवं जाग्रत्को जगत् सुषुप्तिमा देखिन्न । त्यसैले दृश्य सबै क्षर हुन्, तिनको क्षय हुन्छ । तर सुषुप्ति, जाग्रत् र स्वप्न तीनै कालमा एकनाशले रहने, अभाव कहिल्यै नहुने तत्व अक्षर हो । त्यसैलाई शास्त्रले आत्मा, ब्रह्म भनेर बताएको छ । गीतामा त अक्षरको राम्ररी

चर्चा गरिएको छ । गीताको आठौं अध्यायको नामै अक्षर ब्रह्मयोग रहेको छ । अर्जुनको जिज्ञासा शान्त गर्ने क्रममा भगवान् श्रीकृष्ण भन्नुहुन्छ-अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्म मुच्चते । अक्षर भनेको परं तत्व ब्रह्म हो, आफ्नो मौलिक भाव अध्यात्म हो ।

'लोकहरू भूतहरू, काल आदि सबै केमा ओतप्रोत छन् ?' भनेर विदूषी गार्गीले प्रश्न गर्दा ज्ञानी याज्ञवलक्यले आकाशमा भनेर जवाफ दिए । गार्गीले फेरि 'आकाश के मा ओतप्रोत छ ?' भनेर सोद्धा उनले भने-त्यस तत्वलाई ब्रह्मवेत्ता अक्षर भन्छन् । यो अक्षर स्वयं दृष्टिको विषय होइन तर द्रष्टा हो, श्रवणको विषय होइन तर श्रोता हो, मननको विषय होइन तर मननकर्ता हो । आफू अविज्ञात रहेर अरूको ज्ञान गर्छ । यसदेखि भिन्न कुनै विज्ञाता छैन । हे गार्गी ! निश्चय नै यस अक्षरमा नै आकाश ओतप्रोत छ । *(वृह.उप.३।८-।७.११)* अव्यक्त भन्नु या अक्षर भन्नु परम गति हो जहाँ पुगेर फर्कनु पर्दैन । त्यसैलाई मेरो धाम मान भनेर भगवान् श्रीकृष्ण अर्जुनलाई ज्ञानोपदेश दिनुहुन्छ *(गीता ८।२१)* । *गीता* कै अर्को एक ठाउँमा भनिएको छ-सबै भूत क्षर हो भने कुटस्थ अक्षर हो *(कूटस्थोऽक्षर उच्यते १५।१६)* ।

*विष्णु सहस्रनाम*मा भगवान् विष्णुलाई अक्षर र क्षर दुवै शब्दद्वारा स्तुति गरिएको छ । 'अक्षर *(ना.सं.१७)* ननासिने क्षीण नहुने, अविनाशी परमात्मा फेरि क्षर *(ना.सं. ४८०)* अर्थात् सम्पूर्ण प्राणी नाशवान् भएकाले ती प्राणीका हृदयवासी, ती प्राणी स्वरूप विष्णु नाशवान् बन्नु भयो । *(श्रीविष्णु सह./प्रा.शिव.सम्पा. खण्ड)* भगवान् सतचित् र आनन्द स्वरूप आत्माको स्थितिमा अक्षर हुनुहुन्छ तर नाम र रूपको अवस्थामा उहाँ क्षर हुनुहुन्छ ।

अक्षर ब्रह्म : ननासिने वा क्षीण नहुने अर्थमा ब्रह्मलाई अक्षर *(वि.सह.१५।१७)* भनिएको 'अश्' या 'अशू' धातुको अन्त्यमा 'सर'

प्रत्यय जोडिएर 'अक्षर' रूप बन्छ । ॐ *(हेर्नू ॐ)* नै अक्षर ब्रह्म हो । ॐ उपासनाबाट निर्गुण परवह्मको उपासना हुन्छ जो अक्षर र अव्यय *(हेर्नू अव्यय)* छ । *भागवत*मा अक्षर ब्रह्म वारे भनिएको छ -

ततोऽभूत्त्रिवृदोकारो योऽव्यक्तप्रभवः स्वराट ।
यत्तल्लिङ्गं भगवातो ब्रह्मणः परमात्मनः ॥ *(१२।६।३९)*

अर्थात् ॐ अव्यक्त र अनादि छ, स्वयं प्रकाश छ । जुन परम वस्तुलाई भगवान्, ब्रह्म या परमात्मा भनेर जातिन्छ त्यसको स्वरूपको बोध ॐकारद्वारा नै हुन्छ ।

अक्षर ब्रह्म बारे गीतामा चर्चा भएको पाइन्छ । आठौं अध्यायको नामै 'अक्षर ब्रह्म योग' रहेको छ ।

अक्षमालिकोपनिषद् : मन्त्र जपका लागि प्रयोग हुने १०८ गेडाहरूको माला कसरी बनाउने, कसरी शोध गर्ने, प्रतिष्ठा गर्ने आदि विधिहरू यस उपनिषद्मा बताइएका छन् । अक्ष माला रुद्राक्ष, भद्राक्षका साथै तुलसी खण्ड, श्रीखण्ड, मुगा, मोती, चाँदी आदिबाट बनाउन सकिने कुरा पनि यसमा उल्लेखित छ । पुटित गर्दा ॐकारका साथै मन्त्र जप गर्नुपर्छ । जस्तो-ओमकार मृत्युञ्जय सर्वव्यापक प्रथमे अक्षे प्रतिष्ठित आदि । सूत्रको बीचमा ब्रह्म छ, दायाँपट्टि शिव र बाँयां विष्णु आदि । यस मालाद्वारा मन्त्र जप गर्दा पाप कटिने कुरा पनि यसमा वर्णन गरिएको छ ।

अक्ष्युपनिषद् : सांकृतिले आदित्य *(हेर्नू आदित्य)* अर्थात् सूर्यसँग ब्रह्म विद्याका बारेमा प्रश्न सोधेकाले सूर्य भगवान्ले ब्रह्मोपदेश गर्नु भएको प्रसंग यसमा दिइएको छ । यस उपनिषद्मा उल्लेखित ज्ञानका भूमिकाहरू हुन्- १.विचार २.धारणा ३.असंसर्गा ४.स्वप्नयोग

५.सुषुप्तपद ६.तुर्या र ७.विदेहमुक्तता । यी भूमिकाहरूलाई *योगवाशिष्ठ* ग्रन्थमा यसरी वताइएको छ - १.शुभेच्छा २.सुविचारण ३.तनुमानसा ४.सत्वापत्ति ५.असंशक्ति ६.पदार्थाभावनी ७.तुरीयगा ।

नाम फरक भए पनि दुई ग्रन्थमा बताइएको भूमिकामा भेद छैन । ज्ञानको चौथो भूमिका आत्मसाक्षात्कार हो । पहिला तीन भूमिका पार गरेपछि अज्ञान नष्ट हुन्छ अर्थात् ज्ञानोदय हुन्छ । 'अद्वैत स्थितिमा पुगेपछि, द्वैत शान्त बनेपछि चौथो भूमिका पुगेका योगी लोकैलाई स्वप्न झैं हेर्दछन्, त्यसैले चौथो स्वप्नयोग भनिन्छ ।' *(उप.प्रसंग-वसन्त कु.)*

अखण्डाकार वृत्ति : सत्व गुण र अहंकार *(हेर्नू अहंकार)*लाई त्यागेपछि चित्त आत्मामा आकारित हुन्छ अथवा चित्त अचित्त हुन्छ या चित् हुन्छ - यसैलाई वेदान्तमा अखण्डाकार वृत्ति भनिन्छ । *विवेकचूडामणि* ग्रन्थमा आद्यजगद्गुरु शंकराचार्यले यही स्थितिलाई ब्रह्मात्मना संस्थिति भनेका छन् । आत्मालाई छाडेर अरू कुनै कुरालाई मनले पकनु अहंकार हो । जस्तो-मेरो शरीर, म प्राध्यापक, म लोग्ने मानिस आदि । अहंकार त्यागपछि साधकको मन अति विशुद्ध हुन्छ । यसलाई वैशारदी बुद्धि भनिन्छ । यस्तो बुद्धिले प्रपञ्चको कल्पना नै गर्दैन, (आत्मा) स्वरूप बाहेक अरू सोच्दै-सोच्दैन । मुमुक्षु आत्माराममा रमाइरहन्छ । अखण्डाकार वृत्तिमा त्रिपुटी छैन । ध्याता, ध्यान र ध्येय छैन । त्रिपुटी देह हो, जगत् हो । अखण्डाकार बुद्धिमा ती केही छैनन्, आत्मा-सूर्य मात्र प्रकाशित छ । अविद्या-कुइरो हटेकाले आत्मा-सूर्यको आनन्दमा मुमुक्षु मग्न छ । आचार्य शंकराचार्यले *अपरोक्षानुभूति*मा यही स्थितिको महत्व बताउँदै भनेका छन् -जसको ब्रह्माकार वृत्ति परिपक्व भएको छ उसले ब्रह्मलाई प्राप्त गर्छ तर खालि वेद पढेर विद्वान् बनेकाले त्यस स्थितिलाई प्राप्त गर्न सक्तैनन् । अखण्डाकार वृत्ति वास्तवमा निर्विकल्प समाधि हो । भगवदाकार वृत्ति चाहिं सविकल्प

समाधि हो । अखण्डाकार वृत्ति पानीमा नुनको ढिको लय भए झैं आत्मामा चित्त मिल्नु हो । यस स्थितिमा चित्त वृत्तिरहित भएर रहन्छ ।

जसरी पानीमा नुन हटेको छैन, नदेखिएको मात्र हो, त्यसैगरी ब्रह्माकार वृत्ति किंवा आत्माकार वृत्ति रहे पनि त्यसको परिपाक नभएसम्म काम सकिएको छैन । वृत्तिको परिपाक भन्नु जगदाकार वृत्ति नष्ट हुँदै जानु हो अर्थात् मनोनाश, वासनाक्षय हुँदै जानु । एउटा यस्तो स्थिति आउँछ कि अखण्डाकार वृत्ति पनि भङ्ग हुन्छ अनि आत्मसाक्षात्कार हुन्छ । अज्ञान पूर्णतया नष्ट नभैकन अखण्डाकार वृत्ति भङ्ग या साक्षात्कार हुन्न ।

अर्जुनले आत्मसाक्षात्कार स्थितिको उल्लेख गर्दै श्रीकृष्ण भगवान्लाई विन्ति चढाए -नष्टो मोहः स्मृतिर्लब्धाः *(गीता १८।७३)* अर्थात् अज्ञान नष्ट भएपछि अखण्डाकार वृत्ति पनि भङ्ग भयो अनि आत्मसाक्षात्कार भयो । उता भागवतमा राजा परीक्षितले शुकदेव स्वामीलाई आफूलाई ज्ञान भएको कुरा यसरी बताए-अज्ञानं च निरस्तं मे ज्ञानविज्ञाननिष्ठया । (१२।६।७)

अज्ञान हट्यो किनभने अखण्डाकार वृत्ति (ज्ञानविज्ञान निष्ठा)को परिपाक भै आत्मसाक्षात्कार भयो उनलाई । बत्ती बल्यो, अन्धकार हट्यो । बलियो पहलमान (अखण्डाकार वृत्ति)ले निर्धो पहलमान (जगदाकार वृत्ति)लाई पछाऱ्यो, चित् पाऱ्यो अनि खेल पनि सकियो ।

संत रविदासले आफ्नो चित्तलाई भगवान्मा चढाए पछि भजन गाए - प्रभुजी तुम चन्दन हम पानी । पानीको कति ठूलो सौभाग्य कि त्यो चन्दनमा मिल्न गयो । यो भगवदाकार वृत्ति हो । वेदान्तीहरु अखण्डाकार वृत्तिलाई भगवदाकार वृत्तिभन्दा माथिल्लो कोटिको मान्छन् ।

अखण्डाकार वृत्ति रहेसम्म त्रिपुटी छ । त्रिपुटी नष्ट नभएसम्म ज्ञान हुन्न, अज्ञानको निवारण हुन्न । जसरी काठको आगोले अरू वस्तुलाई भष्म पार्छ र स्वयं आफू पनि निम्छ । त्यसै गरी अखण्डाकार वृत्तिबाट प्रपञ्च नष्ट हुन्छ, त्यसको संस्कार पनि रहँदैन अनि त्यो वृत्ति पनि भंग हुन्छ । वृत्तिको आवश्यकता रहँदैन ।

ब्रह्माले देहोवै आत्मा भनी इन्द्र र विरोचनलाई मन्त्रदान दिए । विरोचनले देहलाई आत्मा मान्यो, ऊ भौतिकवादी बन्यो । उसले आत्मा मानेन, वेद मानेन । इन्द्रले चित्त बुझाएनन् । फेरि सोध्न गए ब्रह्मासँग । ब्रह्माले प्राणेवै आत्मा भने । फेरि चित्त बुझेन । मनोवै आत्मा भने । यसरी नै इन्द्रलाई बताउँदै गए ब्रह्माले । अनि ब्रह्मचर्य धारण गर भनियो विलासी स्वर्गका राजालाई । १०२ वर्ष ब्रह्मचर्य धारण गरेपछि इन्द्रलाई ब्रह्मज्ञान दिइयो र ज्ञानी भए ।

अखिल : सम्पूर्ण, सर्व अर्थमा अखिल प्रयोग गरिन्छ । नास्ति खिलम् अवशिष्टम् यस्य-अखिल । सृष्टि सम्बन्धी शास्त्रको सम्पूर्ण ज्ञान भृगुले बताउनु हुनेछ भन्ने सन्दर्भमा मनुले यो शब्द प्रयोग गरेका छन् *(मनु. १।५९)*

अखिलकारण : सम्पूर्ण जगत्को उत्पत्तिमा उपादान र निमित्तकारण (निमित्तोपादन कारण) भएकोले भगवान् विष्णु अखिलकारण हुनुभयो । *विष्णु सहस्रनाम*मा करण कारण भनेर अखिलकारणको बोध गराइएको छ *(वि.सह.५४)* उहाँ कारणको पनि कारण हुनु हुन्छ तर उहाँको कारण अर्को छैन त्यसैले अखिलकारण भन्नु सुहाउँदो भयो ।

अखिलात्मा : वसन्ति यत्र भूतानि भूतात्मन्यखिलात्मनि *(वि.पु. ६।५।७५)* सम्पूर्ण प्राणीका आत्मा आखिलात्मा हो त्यसैले त्यहाँ सम्पूर्ण

प्राणी वस्छन् भनिएको हो । भगवान्लाई आखिलात्मा एवं निखिलात्मा पनि भनिन्छ । *(गी.तत्व प्र. दीर्घ.घि.)*

श्रीरामले भाइ लक्ष्मणलाई सम्पूर्ण प्राणीहरूको अन्तरात्मा रूप आफ्नो आत्माको भजन गर्नु पर्ने कुरा बताउँदै भन्नुभएको छ-भजेत्स्व मात्मानमथाखिलात्मनाम् । *(रामगीता. ५५)*[≠]

अगस्ति : ब्रह्माका मानस पुत्र पुलत्स र हविर्भूका छोरा अगस्ति हुन् । भाइ विश्रवाका छोरा रावणादि हुन् । पौराणिक कालका प्रसिद्ध ऋषि हुन् । अगस्तिलाई कतैकतै वरुणको पुत्र वारुण पनि भनिएको छ । समुद्रलाई पिउन सक्ने पुरुषार्थी भएकाले यिनको नाम पीताब्धि पनि रहयो । पौराणिक कथा अनुसार यिनी देवता र असुरको युद्धमा इन्द्रलाई सहायता गर्न चाहन्थे । मनुष्य र देवतालाई दुःख दिने राक्षसहरू समुद्रमा लुकेकाले यिनले समुद्रलाई पिइदिएको बताइन्छ । यिनको अर्को पुरुषार्थको काम हो-विन्ध्याचल पर्वतको शिखर बढ्दै गई सूर्यादि देवता र मनुष्य सबैलाई समस्या परे पछि अगस्तिले बढ्नवाट रोकिदिए, त्यसैले पनि यिनको नाम अगस्ति रहयो । अगं विन्ध्याचलं सत्यायति स्तभ्नाति ।

वनवासको समयमा राम, सीता र लक्ष्मण यिनको आश्रममा गए । अगस्ति मुनि देवर्षि नारद र ब्रह्मर्षिहरूका साथ रामका बारेमा विचार विमर्श गरिरहेका थिए । श्रीरामको दर्शन पाएर आफ्नो तपस्या सफल भएका माने । यिनले श्रीरामका सामु उनले वेदान्त शास्त्रका गहन कुराहरू पनि व्यक्त गरे । जस्तो -"काल र कर्म अनुसार देव, तिर्थक र मनुष्य योनिको उत्पत्ति भयो । तपाईं न जगत्को कारण ब्रह्म हुनु-हुन्छ । सत्व गुणद्वारा तपाईं नै जगत्को पालन गर्नु हुन्छ र

≠ *यसैगरी रामगीताको अन्यत्र पनि अखिल प्रयोग भएको छ ।*

महात्माहरू तपाईंलाई विष्णु भन्छन् । तमोगुणद्वारा प्रलयकालमा रुद्र तपाईं नै हुनुहुन्छ । तपाईंकै मायाको त्रिगुण सत्व, रज र तमको भेदवाट बुद्धिको जाग्रत्, स्वप्न र सुषुप्ति तीन प्रकारका वृत्ति बन्छन् तर तपाईं अवस्थात्रय (हेर्नू अवस्थात्रय)देखि भिन्न,अविनाशी, चिन्मय एवं साक्षी मात्र हुनुहुन्छ" *अ. रामायण आ.का. ३।२९-३०)*
अगस्तिले श्रीरामलाई विष्णुको धनु वाण खाली नहुने ठोको, रत्न जडित खड्ग दिएर "पृथ्वीको भार रूपी राक्षसको नाश गर्नुहोस्" भने । उनले वनवासको शेष भाग पंचवटी आश्रममा बिताउन सल्लाह पनि दिए ।

अगोचर : अतीन्द्रिय, अदृश्य, अज्ञेय, ब्रह्म ।* भगवान्लाई आँखाले देख्न सकिन्न किनकि उहाँ दृश्य नभएर स्वयं द्रष्टा हुनुहुन्छ । उहाँलाई आँखाले मात्र होइन्, मन र वाणीद्वारा पनि भेट्न/बताउन सकिन्न । त्यसैले उहाँ अवाङमनसगोचर *(हेर्नू अवाङमनसगोचर)* हुनुहुन्छ । उहाँमा कर्मजन्य मूर्ति नभएकोले अमूर्तिमान् *(वि.सह. ९०।७२०)* पनि भनिएको छ । संगुण, साकार भक्तहरू उहाँको सगुण रूप, साकार स्वरूपलाई मान्छन् र पूजा अर्चना गर्छन् तर भगवान्को रूप त्यतिमा मात्र सीमित छैन किनकि उहाँ व्यापक, आदि-अन्त्य नभएको हुनुहुन्छ भनेर श्रुतिले बताएको छ । ज्ञानीहरूले उहाँलाई अव्यक्त, निर्गुण, निराकार मानेर उपासना गर्छन् । परब्रह्म परमात्मालाई सत्चित र आनन्द स्वरूप मानेर ज्ञानी भक्तले समाधिमा अनुभूति *(हेर्नू अनुभूति)* गर्छन् । दक्षिणेश्वर कालीमाताले आफ्ना परमभक्त रामकृष्ण परमहंसलाई वेदान्त ज्ञानका लागि अनुमति दिनुभएको कारण पनि यही हो-अगोचर परमात्मालाई वेदान्त प्रक्रियाबाट जान्नु नै वास्तविक ज्ञान हो । आद्य शक्ति *(हेर्नू आद्य शक्ति)*को कृपा प्राप्त भएकाले रामकृष्णलाई निर्विकल्प समाधि समेत सुलभ भयो ।

** सं.हि.कोश-आप्टे ।*

अग्नि : प्राचीन आर्य पुरुखाहरू जहाँ जहाँ जान्थे *ऋग्वेद* र अग्निलाई साथै लिएर जान्थे । आर्यहरूको जीवनमा अग्निको ठूलो महत्व छ । जन्मेदेखि नमरुन्जेल र मरेपछि पनि अग्निद्वारा नै दाह संस्कार गरिन्छ । यस संस्कारमा तेज र धूवाँ निस्केर आकाश तर्फ लाग्छ । यसले गर्दा जीवात्माका लागि दुई मार्ग यसरी छुट्टिन्छन्-अर्चिरादि मार्ग (तेजबाट जाने, शुक्ल मार्ग) र धूमादि मार्ग (कृष्ण मार्ग) । अघिल्लो हो देवयान पथ र पछिल्लो पितृयान पथ । गृहस्थहरूका लागि अग्निको महत्व बताउँदै श्रीकृष्ण भगवान्ले मानिसको सद्गतिका लागि अग्नि, प्रकाश, शुक्ल पक्ष र ६ महिना उत्तरायण (गर्मी समय)को साइत जुट्नु पर्ने बताउनु भएको छ । *(गीता ८।२४)* ।

*कठोपनिषद्*मा नचिकेताले स्वर्ग प्रदान गर्ने अग्नि विद्याका विज्ञाता यमराजसँग दोस्रो वरको रूपमा अग्नि विद्या मागेको र, अग्नि विद्याको उपदेश दिएपछि अग्निको नामै नचिकेताग्नि राखिएको प्रसंग पाइन्छ । *(१।१३-१९)* ।

*कौषीतकि ब्राह्मणोपनिषद्*मा अग्निहोत्रादि सत्कर्म गर्ने व्यक्तिहरू धूम मार्गबाट पितृलोक जाने प्रसंग बताइएको छ *(१।१।२)* । अग्निहोत्री सधैं अग्नि साथमा राख्छन् । कथंकदाचित आगो निभ्यो भने वैदिक मन्त्रपूर्वक अरणिमन्थन गरी आगो उत्पादन गर्छन् । सलाई, लाइटरको आगो तिनलाई काम लाग्दैन । अन्न ग्रहण क्रिया पनि एक प्रकारको होम संझने विद्वानहरू पनि पाइन्छन् । अग्नि देवता द्रष्टा हुन् साधकलाई सुपथमा अग्रसर गराउँछन् । ज्ञान पनि अग्नि नै हो जसले साधकको सम्पूर्ण पाप-ताप र अशुचितालाइ जलाएर भष्म गर्छ र उसलाई कष्टहरू र कठिनाइहरूको समद्रबाट डुङ्गाले झैं तारिदिन्छ ।

वेदमा जुन मन्त्र अग्निको लागि प्रयोग गरिन्छ त्यही मन्त्र जस्ताको तस्तै तन्त्रमा दुर्गाका लागि प्रयोग गरिएको पाइन्छ *(प्रपंचसार तन्त्र)* ।

*मुण्डकोपनिषद्*को निम्न श्लोकमा काली या देवीको रूपकद्वारा अग्निको वर्णन गरिएको पाइन्छ -

काली कराली च मनोजवा च
सुलोहिता या च सुधूम्रवर्णा ।
स्फुलिङ्गिनी विश्वरूची च देवी
लेलायमाना इति सप्त जिह्वा : ॥ *(१।२।४)*

अर्थात् काली, कराली (आगो लाग्ने डर युक्त) मनोजवा (मन झैं चञ्चल), सुलोहिता (सुन्दर लालीयुक्त), सुधूम्रवर्णा (सुन्दर धूवाँको रंग भएकी), स्फुलिङ्गिनी तथा विश्वरूचि देवी-यी रूप वास्तवमा अग्नि देवका सात जिब्राहरू हुन्, ती हवि ग्रहण गर्न लालायित छन् ।

अन्न जहाँ होम गरिन्छ शरीरको त्यो भागमा (पेटमा) जठराग्नि हुन्छ जसले खाएको वस्तुलाई पचाउँछ । सन्त ज्ञानेश्वरको भनाइमा जीवनको समस्त बल त्यही अग्निमा निहित हुन्छ *(ज्ञानेश्वरी गीता ८।२३ श्लोक व्याख्या)* ।

*भागवत*मा भगवान् श्रीकृष्णले उद्धवजीलाई ज्ञानोपदेश दिदैं ज्ञानाग्निको प्रसंग प्रस्तुत गर्नु भएको छ । उहाँ भन्नुहुन्छ -यज्ञमा दुई अरणि र मन्थन काष्ठको सहायताबाट (अरणि मन्थन गरेर) अग्नि निकालिन्छ । त्यसैगरी विद्या रूपी अग्नि उत्पन्न गर्नका लागि आचार्य, शिष्य र उपदेश तीनका बीच मन्थन हुनुपर्छ । त्यस अग्निले विषय रूपी मायालाई भष्म पार्छ । इन्धन समाप्त भएपछि अग्नि शान्त भए झैं आत्मबोध भए पछि ज्ञानी परम शान्तिको स्थितिमा रहन्छन् किनकि समस्त विपत्तिहरूबाट उनी मुक्त भएका हुन्छन् । *(११।१०।१२-१३)*

अघोर/अघोरी : हिन्दुका अनेक सम्प्रदायहरूमा अघोर पनि एउटा हो । अघोर पन्थीलाई अघोरी भनिन्छ । अघोर पन्थ शैवतन्त्रको नै एक

शाखा हो । वैदिक साहित्यमा शिवका सम्बन्धमा अघोर शब्दको प्रयोग कैयौं ठाउँमा पाइन्छ -

अघोरेभ्योऽथ घोरेभ्यो घोरघोर तरैभ्यः ।
सर्वेभ्यःसर्वशर्वेभ्यो, नमस्तेऽस्तु रुद्ररुपेभ्यः ॥

यही हो अघोर मन्त्र । *शिवमहिम्न स्तोत्र*मा यो भन्दा ठूलो मन्त्र अरू छैन भनिएको छ ।[✧] शिवको अघोर रूपको उपासक अघोरी कहलाउँछन् । सधैं हातमा नर कपाल (खप्पर) लिएर हिंड्ने भएकाले पहिले ती कापालिक या कपाली नाउँबाट प्रसिद्ध थिए । पुराणमा तिनको चर्चा पाइन्छ ।

पञ्चमुखी शिवलिङ्गमा दक्षिण मुख अघोर हो । अन्य मुख हुन्-सद्योजात (प.), वामदेव (उ.), तत्पुरुष (पू.) र ईशान । *(हेर्नू ईशान)*

अघोर सम्प्रदायको मठ भारतको आबु पर्वत, गिरनार, बोधगया, बनारस तथा हिंगलांजमा थियो । अहिले आबू पर्वतमा छैन । अनुयायीहरु बंगाल, विहार, उत्तरप्रदेश, अजमेर, मारवाड, मध्यप्रदेश र पंजावमा पाइन्छन् । असममा पनि फैलिएका छन् ।

अचेतन : वेदान्त शास्त्रले अचेतन मनको महत्तालाई मनोविज्ञानले झैं महशूस गर्दैन । रमण महर्षि भन्छन् -"जहाँ मनोविज्ञान समाप्त हुन्छ त्यहाँ दर्शन आरम्भ हुन्छ ।"[✧✧] चित्तशुद्धिका प्रक्रिया भित्रै बलशाली अचेतन मनलाई तहलाउने कुरा पर्छन् । *पातंजल योगसूत्र*का अनुसार मैत्र्यादिषु बलानि अर्थात् मैत्री, करुणा, मदिना आदि भावनाबाट बल मिल्छ । *(विभू. पाद. सूत्र-२३)* अथवा बलेषुहस्तिबलादीनि *(ऐजन*

✧ *अघोरान्नापरो मन्त्रो -३५ श्लोक*

✧✧ *र म. वातचीत*

सूत्र-२४) अर्थात् हात्ती, सिंह, घोडा आदिमा संयम गर्दा तिनै जनावरको झैं वल प्राप्त हुन्छ । यसवाट के सिद्ध हुन्छ भने फ्रायड आदि मनोवैज्ञानिकहरूले माने झैं अचेतन मन दुर्दमनीय, अपराजेय छैन । पूर्वीय आध्यात्मिक शास्त्रहरूको अध्ययन समेत गरेका जुङ्ग चाहिं 'सामुहिक अचेतन'को सिद्धान्त प्रतिपादन गर्छन् । उनी अचेतनलाई व्यष्टि नभई समष्टि रूपमा हेर्न रुचाउँछन् । हाम्रो अचेतनको जरा पुर्खाहरूसम्म पुगेको छ भन्ने उनको भनाइ चिन्तनीय छ । वावुवाजे अझ त्यसभन्दा माथिका पुर्खाले गरेका कामहरूको प्रभाव सन्तान, दरसन्तानमा पर्छ । राम्रो कामवाट सन्ततिमा शुभ-संस्कार पैदा हुन्छ । साधना पथमा अगाडि बढ्न सजिलो पर्छ । उसको अचेतन मनका षड्रिपुहरू पराजित हुँदै जान्छन् । उसले आत्म-साक्षात्कार *(हेर्नू आत्म-साक्षात्कार)* गर्न सक्छ ।

महर्षि अरविन्द घोषले अतिमानस *(हेर्नू अतिमानस)*को चर्चा, व्याख्या गर्दा अचेतन, अवचेतन मनका सम्वन्धमा प्रकाश पारेका छन् । मनको पूर्ण विकास गरी अतिमानसको उँभो शिखरमा पुग्न अचेतनको उँधो स्तरसम्म पुगेर शुद्धि गर्नु पर्छ अनि त्यहाँ कार्य गर्ने विरोधी शक्तिहरू माथि प्रभुत्व स्थापित गर्नु आवश्यक छ । भवन जति माथि उठाउन खोजिन्छ, त्यसको जग पनि निकै नै तल हाल्नु पर्छ । अरविन्दको भनाइमा यस प्रकारको कठिन रूपान्तरका लागि शरीर भागवत इच्छाको अनुकूल र आज्ञाकारी यन्त्र बन्नु पर्छ । उनी युक्ति र तर्कशील मनलाई रूपान्तरित गर्दै 'ज्योतिर्मन' अनि अन्त्यमा 'विज्ञानमय मन' बनाउन पर्ने कुरामा जोड दिन्छन् ।

गीतामा अर्जुन अचेतन मनको बललाई स्वीकार गर्दै मनलाई नियन्त्रण गर्नु भनेको वायुलाई रोक्नु झैं हो भन्दै कसरी यो दुष्कर कार्य गर्ने भनेर भगवान् श्रीकृष्णसँग सोध्छन् । श्रीकृष्ण उपाय बताउनु हुन्छ- अभ्यास *(हेर्नू अभ्यास)* र वैराग्य ।

नित्य निरन्तर अभ्यास गर्दा शुरुमा असंभव देखिने कार्य पनि संभव हुन्छ । अचेतन मनका राग, आसक्ति र कामनालाई नष्ट गर्ने उपाय हो वैराग्य । विवेक-विचार गरे वैराग्य प्राप्त हुन्छ । आत्मचिन्तन *(हेर्नू आत्मचिन्तन)* गर्दै जाँदा संसारको असारता बोध हुन्छ । संसार स्वप्नवत् छ, यसमा सत्यता बुद्धिले गर्दा मानवले दुःख पाएको हो । कामना त्यागेर वैराग्यको आश्रय लिदां दुःख हट्दै जान्छ ।

अच्युत : भगवान्मा च्युति छैन । भगवान्बाट त्रुटी हुन्न । अज्ञानीले च्युति देख्न सक्छ उहाँमा तर उहाँले गल्ती नगर्ने र अरूले देखे पनि स्वीकार नगर्ने कारणले उहाँको कर्ममा कहिल्यै च्युति, त्रुटी भएन । वालीलाई लुकेर मार्नु, गोपिनीको चिरहरण, रण छाडेर भाग्नु आदि कर्मका रहस्य नबुझेर भगवान्को च्युति देखाउन मिल्दैन । वालीको उद्धार गर्नका लागि लुकेर वाण छाड्नु आवश्यक थियो किनभने सामुन्ने पर्नेको आधा शक्ति उसलाई प्राप्त हुने भएकोले लुक्न पऱ्यो । प्राण छाड्नु अघि उसले अहंकार, क्रोध त्याग गरी आफ्नो उद्धार भगवान्ले गरिदिनु भएको स्वीकार गरेकोले यो कर्म च्युति सावित हुन्न । त्यसैगरी गोपिनीहरूको चिरहरण एउटा शिक्षा हो-नदी, तलाउमा नग्नस्नान बर्जित हो (त्यो पनि गोपिनीहरू जस्ता भक्तिनीहरूका लागि) । श्रीकृष्णको नाउँ 'रण छोड' रहनुको तात्पर्य हो देवताहरूले राजा मुचुकुन्दलाई दिएकोवरदान (सुतेर उठ्दा दृष्टि प्रभावबाट अग्नि प्रकट भई सामुन्ने पर्ने भष्म हुने) सिद्ध गर्नु । म्लेच्छ भएकोले पनि कालयमन (अफगानिस्तानका राजा)सँग भगवान्ले युद्ध गर्नु भएन र गुफातिर भाग्नु भयो, जहाँ मुचुकुन्द सुतिरहेथे । श्रीकृष्णले गुफामा पसेर आफ्नो पीताम्बर मुचुकुन्दलाई ओढाइ दिनुभयो र कुनामा बसेर तमासा हेर्नू भयो । कालयमनले मुचुकुन्दलाई भगवान् संझेर लात हानेर उठायो र जलेर भष्म भयो *(भाग.१०।५१)* ।

आफ्नो स्वरूप-शक्तिबाट कहिल्यै च्युत नभएको र नहुने भएकाले विष्णु भगवान्को नाम अच्युत *(वि.सह.२४।१०० शां.भा.)* रहेको हो ।

भगवान् शाश्वतम् शिवमच्युतम् (नित्य कल्याण स्वरूप र अच्युत *(ना. उप. १३।१)* हुनुहुन्छ । षड्भावविकाररहितत्वाद् अच्युतः *(वि. सह.-४८।३१८शां. भा.)* । जन्मने, रहने, बढ्ने, घट्ने, बूढा हुने र मर्ने-यी षडविकार नभएकाले उहाँ अच्युत हुनुहुन्छ । अर्जुन श्रीकृष्णलाई यही नामले सम्बोधन गर्न रुचाउँछन् *(गीता १।२१ आदि)* ।

अज/अजा : आत्मा जन्मदैन त्यसैले अजः हो । *गीतामा* भगवान् श्रीकृष्णले भन्नु भएको छ-अजो नित्यः शाश्वतोऽयं पुराणो, न हन्यते हन्यमाने शरीरे ॥ *(गीता २।२०)* । आत्मा न जन्मन्छ, न मर्छ । यो नित्य, शाश्वत र पुराण छ । । अज् धातुको अर्थ गमन् र क्षिपति (फ्याँक्नु) हुन्छ । भगवान् विष्णु अजः *(वि. सह. ३५।२०४)* हुनुहुन्छ किनभने उहाँ भक्तको हृदयमा झल्कनु हुन्छ, प्रकट हुनुहुन्छ तर असुरादिलाई फ्याँकिदिनुहुन्छ ।

योगमायाले ढाकिएको मलाई मूढहरू अज, अव्यय भनेर जान्दैनन् भनी *गीतामा* भगवान्ले भन्नु भएको छ-मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् । *(७।२५)* अजाको अर्थ चाहिँ मूल प्रकृति पनि हुन्छ । बोका पनि हुन्छ । अज (अजन्मा) भएको अजा (मूल प्रकृति) रातो, सेतो र कालो छ (बोका झैं विविध रंगयुक्त) अर्थात् त्रिगुणयुक्त । एक अज त्यसको पछि लाग्छ, अर्को अज चाहिँ त्यसलाई भोगेर त्यागिदिन्छ

अजो ह्येको जुषमाणोऽनुशेते
जहात्येनां भुक्तभोगा मजोवशऽन्यः *(श्वे. उ. ४।५)*

एक अज आत्मा भैकन त्रिगुणात्मक प्रकृतिको वशमा परेर संसारी हुँदै जन्ममरणको चक्रमा फसिरहन्छ । अर्को अज चाहिँ मोह नष्ट गरेर मुक्त हुन्छ ।

अजगर मुनि : अजिंगर झैं एकै ठाउँमा रहेर भगवद् चिन्तन गर्ने, आहाराका लागि कतै नधाउने, कोहीसँग नमाग्ने भएकाले एक मुनि अजगर कहलाए । वास्तवमा यी अवधूत *(हेर्नू अवधूत)* हुन् । वास्तविक नाम दत्तात्रेय हो । *भागवत*मा यिनको र असुरराज भक्त प्रल्हादको संवाद दिइएको छ । *(७।१३)*

धूलोमा लट्पटिएका, काबेरी नदी तटमा पल्टेका अजगर मुनिलाई देखेर प्रल्हादले ती ठूला सन्त, महात्मा हुन् भन्ने ठहऱ्याए र कुराकानी गरे । उनले प्रश्न गरे -तपाईं यसरी एकै ठाउँमा अजिंगर झैं पल्टिरहनु भएको छ तैपनि कसरी हृष्टपुष्ट हुनुहुन्छ ? मुनिले जवाफ दिए-यस लोकमा मेरा सबभन्दा ठूला गुरु हुन् अजिंगर र माहुरी । एउटाको आहारा दैवले जुटाउँछ । अर्कोले मह संग्रह गर्छ तर अरूले नै उसको मह खाइदिन्छ । मानिसले पनि धन संग्रह गर्छ तर उसको धन लुट्ने र धनीलाई मारिदिने व्यक्ति खडा हुन्छ ।

अवधूतले उपदेशको अन्त्यमा भने-संसारको नानात्व, भेद-विभेदको कारण माया हो । यो कुरा बुझेर मायालाई आत्मानुभूति *(हेर्नू आत्मानुभूति)*मा आहुति गर्नु पर्छ । अनि आत्म-साक्षात्कार *(हेर्नू आत्म-साक्षात्कार)*द्वारा आत्मस्वरूपमा स्थित भएर निष्क्रिय र उपरत *(हेर्नू उपरत)* रहनु पर्छ । *(भाग. ७।१३।४३-४४)*

अजपा गायत्री : मन्त्रयोग अन्तर्गत अजपा पर्छ । यसको मन्त्र 'हंस' वा 'सोऽहम्' हो । हकारबाट श्वास बाहिर जान्छ र सकारबाट श्वास भित्र पस्छ । यो क्रम चलिरहँदा अहोरात्र (एक दिन र एक रात)मा २१ हजार ६०० पटक अजपा मन्त्रको जप हुन्छ । स्वतः चलिरहने अजपा जपका लागि योगी जन संकल्प गर्छन् र पाप नष्ट पार्छन् ।

हं शिवास्वरूप या मृत्यु हो । सःबाट श्वास ग्रहण गरिन्छ, त्यही नै शक्ति रूप हो । अतएव यो श्वास-प्रश्वास नैं जीवको जीवत्व हो । शास्त्रहरूमा हंस इति जीवात्मानम् अर्थात् हंस नै जीवात्मा हो लेखिएको छ । अनाहत चक्रको पद्मा अंस उच्चारित हुन्छ । त्यो हंस नै प्रणव वा ॐकार *(हेर्नू ॐ)* हो । हंसको उल्टा सोऽहं हुन्छ, तर स र ह को लय भएपछि केवल ॐ रहन जान्छ । *(खप्. स्वामी -धर्म.वि.सार.)*

अजहती लक्षणा : शब्दको अर्थ शक्ति र लक्षणा वृत्तिबाट बुझिन्छ । शब्दले पदार्थलाई उपस्थित गराएर (मानसिक रूपमा) मुख्य सम्बन्ध बोध गराउने वृत्ति शक्ति हो । यसमा सोझो रूपमा अर्थ बोध हुन्छ । लक्षणामा चाहिं शब्दको सोझो अर्थलाई त्यागेर विशेष अर्थ (लक्षणा) ग्रहण गर्नु पर्छ नत्र जान्ने, बुझ्नेहरूले हाँसो गर्छन् । जस्तो - दालचिनी किन्न पठाउँदा दाल र चिनी ल्याएर दिनु । 'वाग्मतीमा पाटी छ' भन्दा लक्षणा वृत्तिले कुरा बुझिन्छ -वाग्मती किनारमा पाटी छ । त्यसैगरी रानीपोखरी किनारामा घर हुनेहरूले ठेगाना रानीपोखरी लेख्छन् ।

अजहती लक्षणा बुझ्न् पहिले जहती लक्षणा बुझ्नु पर्छ । रानी पोखरीमा घर छ भन्दा 'रानी पोखरी पानीमा घर' भन्ने अर्थ नलगाई 'रानी पोखरी किनारा या आसपास' भन्ने अर्थ बुझ्नु पर्छ । जहती भनेको त्याग्नु हो । रानी पोखरीको पानीमा घर भन्ने अर्थ त्याग्ने काम यहाँ गरिन्छ । अजहती लक्षणामा चाहिं वाच्यार्थलाई त्याग्न मिल्दैन । अरु अर्थ पनि ग्रहण गर्नुपर्छ । जस्तो -'कागहरूबाट दही बचाउनू' भन्दा कागलाई धपाउने तर कुकुर, बिरालाहरूलाई चाहिं दही खान दिने काम गर्नु मूर्खता हो । यहाँ 'कागहरू' भन्दा कागको अर्थ ग्रहण मात्र होइन दही खाने, पोख्ने, कुकुर, बिराला आदिलाई पनि संझेर दही बचाउनु पर्ने हुन्छ ।

.गुरुले चेलालाई 'शान्त भएमा ज्ञान प्राप्त हुन्छ' भनेको सुनेर पलेंटी कसेर बसेर मात्र गुरुको उपदेश पालन हुँदैन । चेलाले शारीरिक, मानसिक रूपमा शान्ति कसरी प्राप्त हुन्छ त्यसका उपायहरू खोज्नु पर्छ । कुनै उपनिषद्को कथा अनुसार ज्ञानको लागि आफ्नो आश्रममा धाएको चेलालाई '१२ वर्षसम्म गाईवस्तुको सेवा गर अनि ज्ञान प्राप्त हुन्छ' भनेर गुरुले भने । शिष्यले गुरु वचनलाई ईश्वर वचन झैं मानेर १२ वर्षसम्म गोठमा सेवा गरेपछि ईश्वरले नै गोरु रूपमा आएर ज्ञान दिए । 'गोठको सेवामा ज्ञान छैन' भनेर अविश्वास गरेको भए (रानी पोखरीमा घर हुन्न भनेर अविश्वास गर्नेले रानीपोखरी किनारको ठेगानामा पुग्न नसके झैं) शिष्यलाई ज्ञान हुन्नथ्यो ।

वेदान्तमा सुप्रसिद्ध भागत्याग लक्षणा (जहदजहल्लक्षणा) बारे पनि केही चर्चा यहाँ आवश्यक छ । यसमा केही अर्थ ग्रहण गर्ने र केही अर्थ छाड्ने कार्य हुन्छ । *रामगीता*मा भगवान् राम आफ्ना भाइ लक्ष्मणलाई वेदान्तको उपदेश दिंदै भन्नुहुन्छ -'सोऽयम्' दुई पदहरूको अर्थग्रहण झैं 'तत्वमसि'मा तत् र त्वम् पदहरूमा भागत्याग लक्षणा लागु हुन्छ, 'तत्' पदको वाच्य 'ईश्वर'को सर्वज्ञता, सर्वशक्तिमत्ता त्यागेर 'त्वम्' पदको वाच्य जीवनको अल्पज्ञता र प्रत्यक्ता (अन्तःकरणको साक्षी भाव) त्यागेमा दुई बीच एकता सिद्ध भैहाल्छ । *(ऐ. २७ श्लोक अर्थ)*

अजातवाद : आत्मा अजन्मा हो । यो सत्य वस्तु हो । जगत् मिथ्या हो । देखिएको दृश्य र वस्तुहरू स्वप्नमा देखिएका दृश्य र पदार्थ झैं मिथ्या हुन् । वेदान्तको यो अत्यन्त गहन दर्शनलाई अजातवाद भनिन्छ । स्थूल दृष्टि भएका व्यक्तिहरूका लागि वेद, उपनिषद्मा जगत्को उत्पत्तिको प्रसंग कतै कतै बताइए पनि जगत् जन्मेकै छैन । त्यसैले जगत्मा सत्यता बुद्धि गर्नु मूढता हो । जगत् देखिएको कारण अज्ञान हो । ज्ञानीमा जगत्मा सत्यता बुद्धि हुन्न किनकि उनले सर्वत्र ब्रह्म नै देखेका हुन्छन् -सर्व खल्विं ब्रह्म । मायाले ढाकिएका अज्ञानीजनले

ब्रह्ममा जगत् देख्छन् र जगत् एवं जीव जन्मेको, नष्ट भएको मान्छन् । डोरी-ज्ञान नभएको मानिसले मन्द अन्धकारमा सर्प देख्छ तर सर्प जन्मेकै छैन । जगद्गुरु शंकराचार्यका बाजे गुरु गौडपादाचार्यले अजातवादलाई विशेष जोड दिए । उनले स्पष्ट रूपमा लेखेका छन् -

न कश्चिज्जायते जीवः सम्भवोऽस्य नविद्यते ।
एतत दुत्रमं सत्यं यत्र किञ्चिन्न जायते ॥

(माण्डू. कारिका/अ.प्र. ४८)

जगत्मा आजसम्म कुनै जीव जन्मेकै छैन, न यसको कुनै कारण नै संभव छ । उत्तम सत्य के हो भने ब्रह्मबाट आजसम्म कुनै पनि वस्तुको उत्पत्ति भएकै छैन ।

वेदान्ती स्वामी डा. रामानन्द गिरिका अनुसार वेदान्तका प्रक्रियाहरूमा सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद, अवच्छेदवाद, आभासवाद र बिम्ब-प्रतिबिम्बवादहरूको स्पष्ट उल्लेख नभए तापनि वस्तुहरूको उत्पत्तिमा कुनै पनि कार्यकारण हुन नसक्ने हुनाले वस्तुहरूको उत्पत्ति सम्भव छैन भनी प्रतिपादन गरेकाले गौडपादको अजातवाद भन्ने प्रसिद्धि भएको हो । *(ऐ. ग्रन्थ-अनुवादकको भूमिका)*

अजामिल : जीवनको पूर्वार्धमा अजामिल शास्त्र पढेलेखेका व्यक्ति थिए । पछि उनी कुलटाको फन्दामा फसे र पाप कर्म गर्न थाले । मृत्यु शैय्यामा रहँदा डरलाग्दा यमदूतहरूलाई देखेर डराउँदै उनले आफ्नो कान्छो छोरालाई बोलाए-'नारायण ! नारायण आउ, मलाई बचाउ ।' श्रीहरिको नाम लिएको कारणले गर्दा यमदूतहरू विष्णुदूतहरू आएको देखेर भागे र उनलाई वैकुण्ठ लोक लगे । *भागवत(६।१)*मा उल्लेखित यस कथाबाट अर्थ जानेर होस् या न जानेर होस् भगवन्नाम लिने व्यक्तिको कल्याण हुन्छ भन्ने सिद्ध हुन्छ ।

अज्ञान : अज्ञान र ज्ञान एकसाथ जन्मेका हुन् । दुवै अनादि हुन् । घामको रसाथमा छायाँ झैँ ज्ञान र अज्ञान सँगसँगै रहन्छन् । बत्ती मुनि अँध्यारो लुकेकै हुन्छ । तर ज्ञान चाहिँ अनादि मात्र होइन अनन्त पनि छ । अज्ञान चाहिँ सान्त छ । ज्ञान भएपछि अज्ञान हराइहाल्छ । ब्रह्मको साथमा पहिलेदेखि माया छ । तर ब्रह्मज्ञान भएपछि माया भेटिन्न ।

ज्ञानले अज्ञानलाई नष्ट गर्ने भएकाले ज्ञान सर्वेपरी हो । ज्ञान शक्तिशाली नभएको भए ब्रह्मज्ञान गराउने वेदान्त शास्त्र निरर्थक सावित हुन्थ्यो । त्यसैगरी ईश्वरकृपा र गुरुकृपाको कुनै अर्थ हुन्नथ्यो । भगवान्की योगमाया किंवा अज्ञान बलवान् भएको कुरामा शंका छैन । ठूल-ठूला तपस्वीहरू मोहित भएका छन् मायाले गर्दा । तर ब्रह्मज्ञानीलाई मायाले छुन नसक्ने भएकाले ज्ञान नै सबभन्दा बलियो, शक्तिशाली सावित हुन्छ ।

गीतामा अर्जुनले आफूलाई ज्ञान भएको कुरा भगवान्मा निवेदन गर्नु अघि श्रीकृष्णले सोध्नु भएथ्यो- हे पार्थ ! के तिमीले यस शास्त्रलाई एकाग्र चित्त *(हेर्नू एकाग्रता)*ले सुन्यौ ? अज्ञानको कारण उत्पन्न संमोह नष्ट भयो ? यही प्रश्नको उत्तर दिंदै उनले भनेका हुन् - नष्टो मोह : स्मृतिर्लब्धा *(१८।७३)*। तर यस अघि अत्यन्त महत्वपूर्ण कार्य मासिक रूपमा सम्पन्न भैसकेको थियो-अर्जुनले दोस्रो अध्यायदेखि देहाध्यास (अज्ञान) छाड्दै गएका थिए । अर्जुन उत्तम अधिकारी भएकाले श्रवणबाट उनलाई ज्ञान भयो (श्रवणान्मुक्ति-श्रुति) । ज्ञान (आत्मा) सदा प्राप्त छ । त्यो हराएको छैन, त्यसैले त्यसको खोज पनि गर्नु परेको छैन । त्यसलाई ढाक्ने अज्ञान अर्थात् अविद्या *(हेर्नू अविद्या)* लाई नष्ट गर्नु नै मुमुक्षुको सबभन्दा ठूलो पुरुषार्थ हो । वेदान्त शास्त्रले ज्ञानलाई ढाकिदिने यो आवरण दोष *(हेर्नू आवरण दोष)* लाई नष्ट गर्न आत्मकृपा *(हेर्नू आत्मकृपा)*मात्र भएर हुन्न ईश्वरकृपा *(हेर्नू ईश्वरकृपा)* र गुरुकृपाको जरुरत पर्छ । आत्मकृपा प्राप्त अर्जुनले स्वयं

परमेश्वर श्रीकृष्णलाई ब्रह्म ज्ञान दिने गुरुको रूपमा पाए । यसरी ईश्वरकृपा र गुरुकृपा दुवै मिल्यो । फलतः उनको अज्ञान नष्ट भयो ।

*भागवत*मा पनि मुमुक्षु तथा उत्तम अधिकारी राजा परीक्षितलाई भगवान्को लीला-चरित्र तथा ब्रह्मज्ञानको दिव्य उपदेश सुन्दा सुन्दै अज्ञान नष्ट भै ज्ञान भयो र उनले स्वीकार गरे -

अज्ञानं च निरस्तं मे ज्ञानविज्ञाननिष्ठया ।
भवता दर्शितं क्षेमं परं भगवतः पदम् ॥ *(१२।६।७)*

अर्थात् हे गुरुदेव ! तपाईंद्वारा ममाथि कृपा भएको उपदेश ज्ञान-विज्ञानमा परिनिष्ठित भएको कारणले अज्ञान नष्ट भयो । तपाईंले भगवान्को परम् कल्याणमय स्वरूपको मलाई साक्षात्कार गराई दिनु भयो । अब उनलाई तक्षकको भयले सताएन, संसारको मोहले छुनै सकेन । उनी समाधिमा बसे अर्थात् अन्तरात्मालाई परमात्माको चिन्तनमा लगाए । *भागवत*मा भनिएको छ -ब्रह्म भूतो महायोगी निःसङ्गश्छिन्न संशयः ॥ *(१२।६।१०)* । उनी आत्मा र ब्रह्मको एकता रूप महायोगमा रहेर ब्रह्म स्वरूप नै बने ।

रमण महर्षि अहंकारको उदय भएपछि मानिसले दृश्य जगत्संग तादात्म्य गर्छ र ऊ परतन्त्र रहन्छ । यही तादात्म्य नै अज्ञान हो भन्ने विचार व्यक्त गर्छन् । उनी भन्छन् - 'त्यो तादात्म्यको प्रवृत्तिलाई समाप्त गरिदिंदा अहं भाव शुद्ध रहन्छ र मूल स्रोत(आत्मा)मा विलिन हुन्छ ।' *(र.म.वातचीत)*

अज्ञानका भूमिकाहरू : ज्ञानका सात भूमिकाहरू बताइएका छन् । त्यसैगरी अज्ञानका सात भूमिकाको वर्णन वेदान्त शास्त्रमा पाइन्छ । ज्ञानका शुभेच्छा, विचारणा आदिको सिंडी चढ्दै आत्म-साक्षात्कार (सत्वापत्ति) गर्छ अनि त्यहाँभन्दा माथि चढ्दै तुर्यगासम्म पुग्छ भन्ने

कुरा बताइएको छ *(योग वाशिष्ठ/महोपनिषद्)* । अज्ञानका भूमिका भन्दा हामी के बुझ्छौं भने मुमुक्षुले ज्ञान नगरेसम्म, आत्म-साक्षात्कार नगरेसम्म ऊ अज्ञानकै भूमिकामा छ, अज्ञान किंवा मायाद्वारा ग्रस्त छ । जाग्रत्, स्वप्न र सुषुप्तिमा रहुन्जेल जिज्ञासु अज्ञान कै भूमिकामा छ । तुरीय स्थिति या समाधिमा रहेपछि आत्मज्ञानीको जमिनबाट उर्ध्वगमन भएको बोध हुन्छ । *भागवत*मा हंसावतार भगवान् आज्ञा गर्नुहुन्छ - "जाग्रत् कालमा इन्द्रियद्वारा सम्पूर्ण पदार्थको भोग गरिन्छ भने स्वप्नमा चित्तले वासनामय विषयको अनुभव गर्छ । सुषुप्तिमा विषयको लय भएर आफू मात्र रहन्छ । आत्मा तीन अवस्थाहरूकै साक्षी हो । *(११।१३।३२)*

अज्ञानका सात भूमिकाहरूको चर्चा *महोपनिषद् (५।१-२१)* मा पाइन्छ । ती भूमिका हुन्-१.बीजजाग्रत् २.जाग्रत् ३.महाजाग्रत् ४. जाग्रत्स्वप्न ५.स्वप्न ६.स्वप्नजाग्रत् र ७.सुषुप्ति ।

१. **बीज जाग्रत्** - शुद्ध चैतन्यमा चित्त, जीवभाव आदि पैदा हुनु । नाम, शब्द र अर्थको पात्रतायुक्त अवस्था ।
२. **जाग्रत्** - बीज जाग्रत्पछि अहं, मम भाव खडा हुनु । दृश्यसंग तादात्म्य हुनु ।
३. **महाजाग्रत्** - पूर्वजन्मदेखिको मोह, म, मेरो भाव आदि ।
४. **जाग्रत्स्वप्न** - जाग्रत् अवस्थामा मनको काल्पनिक सृष्टि, मनोरथ । मृगतृष्णा, दुई चन्द्र देख्नु, सिपीमा चाँदी देख्नु, डोरीमा सर्पभान हुनु पनि यसै अन्तर्गत आउँछन् ।
५. **स्वप्न** - सुतेपछि देखेको सपनाको स्मृतिको नाम स्वप्न हो ।
६. **स्वप्नजाग्रत्** - लामो सपना, जाग्रत भैं प्रभाव पार्ने स्वप्न स्वप्न जाग्रत् हो ।
७. **सुषुप्ति** - अन्तःकरण अज्ञानमा लय भएको स्थिति नै सुषुप्ति हो ।

वेदान्तमा सुषुप्तिको चर्चा अत्यन्त महत्वपूर्ण मानिएकोले यसको यहाँ केही बेलिबिस्तार गरिन्छ ।

शरीरमा मन, वचन, कर्म रूपी कुनै पनि क्रिया नभएपछि, चित्तको लय भएपछि प्राणको क्रियामा समता हुन्छ । यसै अवस्थालाई सुषुप्ति भनिन्छ । चित्त अज्ञानमा लय भएको कारणले आत्माको आनन्द स्वरूपता प्रकट भै सुषुप्ति अभिमानी प्राज्ञ आनन्दमग्न हुन्छ । व्यष्टि प्राणले समष्टि प्राणसँग मिलेर शक्ति आर्जन गरिरहेको अवस्था भएकोले, प्राज्ञको ईश्वर *(हेर्नू ईश्वर)* अर्थात् समष्टि सुषुप्ति अभिमानीसँग योग भएकोले उसको सशक्तीकरण भै आनन्द प्राप्त गर्छ । रातको दुई अढाइ घण्टाको सुषुप्ति आनन्दबाट बञ्चित व्यक्ति अति नै अशान्त हुन्छ । यस्ता रोगीको निन्द्रा- उपचार गर्नु पर्छ । *योग वाशिष्ठमा* भनिएको छ-"सुषुप्तिका बेला प्राण अद्वैत आत्मासँग एक भएर पुरितत नाडीमा पसेर चित्तलाई आफ्ना वशमा पार्दछ । त्यस वेला मन, इन्द्रियहरूले पनि कुनै काम गर्दैनन् । निरतिशय आनन्द आत्मा प्रकाशित हुन्छ ।" *(निर्वाण.प्रक.उत्त.१३८अनु.कृष्ण.मु.उपा.-कान्तिपुर)* स्वप्न र सुषुप्तिको भेद *माण्डूक्योपनिषद्-कारिकामा (गौडपादाचार्यकृत)* यसरी संझाइएको छ-अन्यथाग्रहणतः स्वप्नो निद्रातत्वमजानतः । *(आग.प्र.१५)* अर्थात् स्वप्न भनेको आफ्नो स्वरूप (आत्मा) भुलेर अयथार्थ शरीर-संसार प्रक्रनु हो भने तत्व (आत्मा)लाई नजान्नु चाहिं निद्रा (सुषुप्ति) हो । गौडपादले जाग्रत् र स्वप्नलाई भिन्न नमानेर एकै ठहराएका छन् । किनभने दुवै अवस्थामा 'अन्यथा ग्रहण' हुन्छ । *(ऐ.१४)*

अज्ञात आत्मा : मुमुक्षुलाई परोक्ष रूपमा आत्मा बारे ज्ञान हुन्छ । शास्त्र, सन्त आदिको भनाइमा विश्वास गरेर आत्माको अस्मितामाथि आस्था गर्दै साधकले आत्मबोध *(हेर्नू आत्मबोध)* गर्ने प्रयास गर्छ । यस अवस्थामा ऊ अज्ञात आत्मा हो । जगत्को वासना नगएसम्म, देहाध्यास नहटेसम्म जिज्ञासु या सत्संगी अज्ञात आत्माकै रूपमा रहेको हुन्छ । आनन्द स्वरूप आत्माको नित्य, निरन्तर अनुभव नभएसम्म आत्मा अज्ञात रूपमा नै रहेको छ । कर्णले आफूलाई राधेय मानेसम्म

कौन्तेय अज्ञात नै छ र जब उनलाई आफू कौन्तेय पो रहेछु भन्ने बोध भयो त उनी ज्ञात कौन्तेय बने । यही कुरा आत्माका सम्बन्धमा लागु हुन्छ । अज्ञात आत्मा बनेर आत्माको आनन्द स्वरूपताको अनुभव हुन्न । दृश्य वस्तुहरूको निरसनपछि नै अज्ञात आत्मा ज्ञात हुन्छ ।

जाग्रत्, स्वप्न र सुषुप्तिमा सत्यता बुद्धि रहेसम्म, तिनमा रमाएसम्म आत्मा अज्ञात नै रहन्छ किनकि आत्मालाई शास्त्रहरूमा अवस्थातीत (अवस्था त्रयातीत)भनिएको छ । जो ज्ञात आत्मा हो (आत्मविद्) उसले आत्मालाई ज्ञेय ठान्दैन तर जो अज्ञात आत्मा हो (मुमुक्षु, जिज्ञासु) उसले आत्मालाई ज्ञेय मान्छ, यही उसको भूल हो । आत्मा त्रिपुटी रहित छ । यस्तै भाव *केनोपनिषद्*मा व्यक्त गरिएको छ -

यस्यामतं तस्य मतं मतं यस्य न वेदसः ।
अविज्ञातं विजानतां विज्ञातमविजानताम् ॥ *(२।३)*

अर्थात् आत्मा (ब्रह्म) ज्ञेय होइन भन्ने जसले जान्यो ऊ ज्ञात आत्मा हो किनकि आत्माका रहस्य उसले बुझ्यो । तर जसले मैले आत्मालाई जानँ भन्ने अभिमान गऱ्यो ऊ अज्ञात आत्मा हो किनभने उसले आत्म-साक्षात्कार गर्न सकेको छैन । आत्मालाई आफूदेखि भिन्न ज्ञानको विषय मान्नु नै अज्ञात आत्माको लक्षण हो ।

अञ्जनापुत्र : वायुपुत्र हनुमान् । आमाको नाउँ अञ्जना हो त्यसैले अञ्जना पुत्र या अञ्जनीकुमार पनि भनिन्छ । हनुमान्मा कर्म, भक्ति र ज्ञानको बेजोड संगम देखिन्छ । हनुमान् 'ज्ञानगुणसागर' हुन् । 'अतुलित बलको धाम' हुन् । उनलाई महावीर पनि भनिन्छ । हनुमान्को नाम श्रीरामसँग जोडिको छ । श्रीरामका लागि यी बज्रंग वलीले ठूल-ठूला काम गरे र तीनै लोकलाई चकित पारे । समुद्र नाघेर लंका पुग्नु, श्रीरामको औंठी चिन्हो सीताजीलाई दिएर निकट भविष्यमा राघव लंकामा आई रावण लगायत राक्षस मारेर तपाईंलाई अयोध्या लैजानुहुनेछ भनेर हौसला दिनु, लंकामा वीरता प्रदर्शन गर्नु,

युद्धका समयमा मेघनादको वाणले लक्ष्मण मूर्छा पर्दा संजीवनी बूटी नचिनेर पर्वत नै उठाएर ल्याउनु र लक्ष्मणलाई जिवित तुल्याउनु, युद्धमा अति वीरता प्रदर्शन गर्नु, अहिरावण र महिरावणलाई पातालमा गै मारेर ठूलो पराक्रम प्रदर्शन गर्नु आदि उनका उल्लेखनीय काम हुन् ।

शिवजीकै अवतार मानिएका हनुमान्को बलको मात्र होइन बुद्धिकै पनि जगत्ले प्रशंसा गरेको छ । सीताको खोजीमा राम र लक्ष्मण किष्किन्धामा भौंतारिएर हिंडेको देखेर सुग्रीवलाई शंका लाग्छ र ती दुई को हुन् ? बुझ्न आफ्ना मन्त्री हनुमान्लाई पठाउँछन् । हनुमान् विप्र (वेदका ज्ञाता ब्राह्मण)को भेषमा श्रीराम, लक्ष्मणलाई भेट्छन् । आफ्ना इष्टदेवलाई चिनेर हनुमान्ले रोचक वार्तालाप पनि गर्छन् । अनि दुई दाइभाइलाई दुई काँधमा राखेर सुग्रीवको दरबारमा लैजान्छन् ।

शुरु शुरुमा हनुमान्लाई आफ्नो आत्मवल बारे बोध थिएन । बुद्धिमान् जाम्बवानले हनुमान्लाई उनको शक्तिको स्मृति गराउने वित्तिकै महान् योगीले झैं अलौकिक शक्ति देखाएर उनी समुद्र नाघी लंका पुग्छन् । एकचोटि अयोध्यामा श्रीरामले 'हे हनुमान् ! तिमी मलाई कुन रूपले मान्छौं ? भनी प्रश्न गर्नुहुँदा हनुमान्ले जवाफ दिए -

देहदृष्ट्या तु दासोऽहं जीवदृष्ट्या त्वदंशक : ।
वस्तुतस्तु त्वमेवाहमिति मे निश्चितामति : ॥

(आनन्दरामायण)

अर्थात् देहको दृष्टिले तपाईं मालिक हुनुहुन्छ, म दास हुँ । तात्विक दृष्टिले हेर्ने हो भने तपाईं र ममा भिन्नता छैन । आत्माको दृष्टिले तपाईंकै अंश हुँ ।

हनुमान्मा तत्वबोध भैसकेको बुझेर श्रीरामले लीला संवरणको समयमा साथै जान खोज्दा श्रीरामले हनुमान्लाई भन्नुभयो - तिमी शरीर धारण गरेर नै रहूँ । आत्मिक रूपमा हाम्रो विछोड छैन, शारीरिक रूपमा मात्र विछोड हो । भक्तको सेवा, संकट निवारण गरेर रहू । हनुमानले प्रभुको आज्ञा माने । उनी अष्टचिरञ्जीवी मध्ये एक हुन् । उनी कल्पान्तजीवी बने ।

गोस्वामी तुलसीदासले हनुमान्कै कृपाले गर्दा श्रीरामजीको दर्शन पाउन सके । हनुमान् संकट निवारक हुन् । *हनुमान्चालिसा* पाठ गर्नेलाई संकट, विपत्तिबाट मुक्ति मिल्छ, शक्ति, सामर्थ्य, बल मिल्छ भन्ने भक्तजनमा विश्वास छ ।

श्रीरामले हनुमान्लाई दिनुभएको ज्ञानोपदेश *रामहृदय*को रूपमा जगत् प्रसिद्ध छ । *रामहृदय* अद्वैत वेदान्त दर्शनमा आधारित छ । *(हेर्नू अ.रामायण बाल.)* हनुमान्को स्तुति -

मनोजवं मारुत तुल्य वेगं जितेन्द्रियं बुद्धिमतां वरिष्ठम् ।
वातात्मजं वानरयूथ मुख्यं श्रीरामदूतं शरणं प्रपद्ये ॥

सदा दगुर्ने मनतुल्य बेगी
कामादि जित्ने सदसद्विवेकी
सदा गतिका प्रिय पुत्र रूप
यथार्थमा श्रीशिवकै स्वरूप ।
श्रीरामजीका प्रियभक्त दूत
हे अञ्जना पुत्र ! वरिष्ठ विद्वान् !!
सौमित्रीका प्राण बचाउने हे !
प्रधान सेनापतिमा प्रणाम ! (अनु.प्रा.शिव.)

अणिमादि सिद्धि : भूतजयबाट (प्रकृतिका स्थूलदेखि सूक्ष्म रूपहरू-सम्मको संयम गर्दा प्राप्त हुने जय । अणिमादि सिद्धि प्राप्त हुने कुरा महर्षि पतंजलीले *योगसूत्र*मा लेखेका छन् । *(ऐ.सूत्र-४५)* शरीर, आकाश र हलुका वस्तुमा चित्त संयम गर्दा योगी आकाशमा उड्न सक्छ । *(ऐ.विभू.पाद.सूत्र-४२)* यो सिद्धि लघिमा हो । शरीरलाई अत्यन्त सूक्ष्म बनाउन सक्ने सिद्धि अणिमा हो र यो अष्ट सिद्धि *(हेर्नू अष्ट सिद्धि)* मध्ये पहिलो हो । हनुमान् यही सिद्धिले गर्दा सुरसाको मुखमा पसे र निस्के ! सुरसाले कोशौंसम्म फैलिएको मुख बाउँदा त्यस भन्दा ठूलो रूप लिएर हनुमान्ले महिमा सिद्धि पनि देखाइदिए । उनले अणिमा प्रयोग गरी रावणको दरवारमा पसेर निस्के अनि सीताको सामुन्ने पुगे ।

भगवान् श्रीकृष्णले *भागवत*मा उद्धवलाई साधकले इन्द्रिय *(हेर्नू इन्द्रिय)*, प्राण र मनलाई आफ्नो वशमा राखेपछि तथा उहाँमा चित्त लगाएपछि उसलाई अनेकौं सिद्धि प्राप्त हुने कुरा बताउनु भएको छ *(भाग.११।१५।१)* । साथै यस अध्यायमा करीव दुई दर्जन सिद्धिको वर्णन गरिएको छ ।

सिद्धि प्रदर्शन गर्दा आत्मज्ञानबाट वञ्चित होइने खतरा भएकोले त्यस तर्फ ध्यान दिनु हुन्न भनेर ज्ञानी गुरुहरूले साधक, मुमुक्षुलाई सतर्क बनाउने गर्छन् ।

अण्डजादि स्थूल शरीर : स्थूल शरीरलाई ४ प्रकारको बताइएको छ । क. अण्डज ख. स्वेदज ग. उद्भीज र घ. जरायुज । चरा, माछा आदिका शरीर अण्डाबाट पैदा हुन्छन् । त्यसैले ती अण्डज कहलाउँ-छन् । जुम्रा आदिका शरीर पसिना (स्वेद)बाट बन्ने भएकोले ती स्वेदज कहलाउँछन् । उद्भीज अर्थात् जमिनमा बीजबाट पैदा हुने वनस्पति हो । जरायुज भनेको गर्भवेष्टन चर्मबाट निस्कने जीव हुन्-जस्तो मानिस, चार खुट्टे जनावर आदि ।

अतत्/तत् : शरीर, जगदादि अतत् कहिन्छन् । तत् चाहिं परमात्मा, ब्रह्म वस्तु हो । अतत् वास्तवमा जड र असत् *(हेर्नू असत्)* हो । ब्रह्म बाहे सबै अतत् सिद्ध हुन आउँछ । ब्रह्मले तनन् अर्थात् विस्तार गर्छ त्यसैले तत् कहलाएको हो-तनोतीति ब्रह्म ।

अतत् वस्तु देखिन्छ किन असत् भनियो ? भन्ने प्रश्न उठ्न सक्छ । तत् पदार्थ देखिने होइन, बरु यसको कारणले पदार्थहरू देखिन्छन् । जब वस्तु देखिन्छन् त ती अनित्य, असत्य सिद्ध हुन्छन् । स्वप्नमा वस्तु, दृश्य देखिन्छन् तर ती मनोमय या काल्पनिक कहलाउँछन् । आकाश नीलो देखिन्छ, सूर्य उदाएको र अस्ताएको देखिन्छ, मरुभूमिमा पानी देखिन्छ, सिपीमा चाँदी देखिन्छ र मन्द अन्धकारमा डोरीमा सर्प देखिन्छ । यी सब कुरा देखिएका कारणले नै सत्य सावित हुन्नन् । ब्रह्म नदेखिए पनि, आत्मा वर्णन गर्न नसकिए पनि सत्चित् आनन्द स्वरूप कहलाउँछ । अतत् देखिएको कारणले असत् भन्ने सिद्ध हुन्छ ।

तत् पदार्थ सत् हो भने त्वम् पदार्थ के हो भन्ने जिज्ञासा हामीमा हुनु स्वाभाविक छ । यस सम्वन्धमा श्रुतिले स्पष्ट रूपले घोषणा गरेको छ -'तत्त्वमसि' *(सामवेद/छान्द.उप.६।८-१६)* । यो महावाक्य हो । त्यसैले तत् र त्वम्मा भेद छैन । अज्ञान हट्ने वित्तिकै त्वम् तत् भइहाल्छ । घटाकाश भन्नु महाकाशै त हो ।

अशुद्ध त्वं पदार्थ *(हेर्नू अशुद्ध त्वं पदार्थ)* शोधन पछि क्रमिक रूपमा तत्पदार्थको शोधनान्तर दुइमा एकता भई तत् त्वम् बनिहाल्छ । "तत् र त्वम् दुवै पदार्थ भित्रका जडांशलाई छोडी चेतनांश मात्र ग्रहण हुने हुँदा दुवै पदार्थभित्रको एक/एक मात्र छुट्न गएको (जडांश मात्र छुटेको-यात्री) हुनाले तत्त्वमसि वाक्यार्थ ज्ञान भागत्याग लक्षणाबाट हुने सिद्धान्त छ ।" *(गीता.तत्त्व-प्रा.डा.दीर्घ.-घिमिरे)* ।

अतिचेतन : मनको अति उच्च चेतन अवस्था । अतिमानस *(हेर्नू अतिमानस)* पनि भनिन्छ । अचेतन अप्रकाशित रहे झैं अतिचेतन प्रायः अज्ञात रहन्छ । अतिचेतन बारे स्वामी विवेकानन्द भन्छन् -"हाम्रो अहंले केही भाग मात्र चेतनालाई तर धेरै भाग अचेतनतालाई घेरेर रहेको छ । त्यस भन्दा पर अहंको प्रायः अज्ञात अतिचेतनको भूमिका रहन्छ ।" *(सरल राजयोग)* ।

यो मनोवैज्ञानिक एवं दार्शनिक विचारलाई बुझ्न हामी मानसरोवरको कल्पना गरौं । त्यसको सतहमा जति पानी देखिएको छ नदेखिएको पानीको परिमाण धेरै गुणा बढी छ । भित्रको पानीको चाप र बाहिरको हावाको कारणले त्यसमा लहर उठ्छन्, तलाउ हल्लन्छ । हाम्रो मानसिकता पनि यस्तै छ । अचेतनका काम, क्रोधादि (षड्रिपु) । हाम्रो जीवनका धेरै क्रियाकलाप र व्यापार संचालित हुन्छन् । चेतन मनका विचारहरू, विकारहरू र बुद्धिबाट हामी कम प्रभावित हुन्छौं । धार्मिक भावना, नैतिकताका कुराहरू, दार्शनिक उपदेशादिले अचेतनलाई प्रभावित पार्न खोज्छौं जुन कुरा सम्भव छैन । सुनेका धर्मोपदेश (श्रवण) अनुसार सबै साधक चल्न सकेका हुँदैनन् । मनन, निदिध्यासनको कमी छ भने श्रवणबाट मात्र खास लाभ हुन्न । मानसरोवरको उत्तरतिर केही पर कैलाश पर्वत छ । त्यो कुइराले ढाकेको छ, जुन माया हो । कैलाश झैं अतिचेतन छ । शिवको भक्ति जीवले गरेको स्थितिमा उसमा ज्ञानको विकास हुन्छ । ऊ अतिमानव, महामानव बन्न सक्छ । उसलाई यस्तो शक्ति मिल्छ कि उसले अचेतनलाई समेत जित्न सक्छ । पानीमाथि हिंड्ने, आकाशमा उड्ने, हावामा हराउने जस्ता सिद्धिहरू उसका लागि साधारण कुरा हुनेछन् ।

अतिचेतनमा पुग्ने यी नियमहरू हुन् -

१. ईश्वर प्राप्तिलाई लक्ष्य बनाउने । २. इन्द्रिय-भोग तथा कामनाको त्याग । ३. पारलौकिक भोगको समेत त्याग ।

लक्ष्य प्राप्तिको क्रममा निम्न अभ्यास गर्नुपर्छ-
क. मनलाई वहिर्मुख नतुल्याउने
ख. इन्द्रिय निग्रह गर्ने ।
ग. प्रतिकार रहित सहिष्णुता-पूर्ण तितिक्षा अवलम्बन ।
घ. मनलाई एकै भावमा स्थिर राख्ने ।
ङ. आफ्नो स्वरूपको सतत् चिन्तन गर्ने ।
च. सकभर कम बोल्ने आदि ।

विवेकानन्द भन्छन् - "चित्तका तरंगहरूलाई रोक्ने कार्यमा सम्पूर्णतया समर्थन भयौं भने हाम्रो देहको (देहाध्यास ?) नाश हुन्छ ।" *(सरल राजयोग)* ।

अतिप्रश्न : जान्ने उत्सुकता भन्दा अभिमान प्रदर्शन गर्दै वक्तालाई पराजित पार्न गरिने प्रश्न अतिप्रश्न हो । सम्पूर्ण कुराहरूको अधिष्ठान ब्रह्म हो, ब्रह्म नै सर्वोपरि हो भनिसके पछि ब्रह्मको अधिष्ठान के हो भनेर सोध्नु अतिप्रश्न हो । अतिप्रश्न अहंकारबाट जन्मेको हुन्छ । *वृहदारण्यकोपनिषद्*मा अतिप्रश्न गर्ने विद्वान शाकल्यको शिरलाई ब्रह्मनिष्ठ याज्ञवल्क्यका गुरु सूर्यले नष्ट गरिदिएको प्रसंग पाइन्छ ।
(तेस्रो अध्याय)

विदूषी गार्गीले पनि याज्ञवल्क्यसँग प्रश्न सोध्दै गइन् । याज्ञवल्क्यले सतर्क गराए-अतिप्रश्न नगर्नुहोस् । आनन्द स्वरूप आत्मा तर्कले जानिदैन । तपाईंले देवताहरूका सम्बन्धमा अतिप्रश्न गरिरहनु भएको छ । त्यसैले तपाईंको शिर नफुटोस् । त्यसपछि गार्गी चूप लागिन्, याज्ञवल्क्यको ज्ञान-विज्ञान प्रति नतमस्तक भइन् ।

*गीता*मा ज्ञानीको सेवा गरी, शरणागत भै परिप्रश्न गर्दै ज्ञान हासिल गर्नू भनिएको छ-

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेश्यन्ति ते ज्ञानं ज्ञानिन तत्त्व दर्शिन ॥ *(४।३४)*

'परिप्रश्न' को अर्थ बताउँदै सिरडी बाबा भन्नुहुन्छ-"केवल प्रश्न सोध्नु पर्याप्त छैन । कुनै कुप्रवृत्ति या पाखण्ड या वाक्यजालमा फसाउनु या कुनै त्रुटी निकाल्ने भावनाबाट प्रेरित भएर प्रश्न गर्न हुन्न । बरु उत्सुकतापूर्वक केवल मोक्ष या आध्यात्मिक पथमा उन्नति गर्ने भावनाबाट प्रेरित भएर नै प्रश्न गर्नुपर्छ ।" ❀

यस प्रसंगबाट पनि 'परिप्रश्न' ठीक हो, अतिप्रश्न अनुचित हो भन्ने स्पष्ट हुन्छ ।

अतिमानस : अतिचेतन *(हेर्नू अतिचेतन)*का लागि महर्षि अरविन्दले प्रयोग गरेको शब्द । अतिमानस मनोमय मनुष्य र उसका सीमाहरू भन्दा परको स्थिति हो । यो उच्चतम चेतनाभन्दा माथिको महत्तर चेतना हो । आजको मानवको सबभन्दा ठूलो वैभव मन हो तर मनभन्दा कैयौं गुना महत्त्वपूर्ण, सत्य र आनन्दमय एक भगवत् शक्ति पनि साधकमा रहन सक्छ । त्यही शक्ति अरविन्दको अतिमानस हो । यो ज्ञान चेतना हो । हाम्रो चेतनामा यसको प्रतिष्ठा हुँदा हामी अज्ञानबाट मुक्त हुन्छौं । यति मात्र होइन, जरा (बूढौली), मृत्यु, दुःख-शोकको प्रभावबाट पनि मुक्त हुन्छौं ।°

अतिमानसले नै भागवत् सत्यलाई अभिव्यक्त गर्न सक्छ । त्यसले भागवत् आनन्द धारणा गर्छ । तर्कशील र युक्तिप्रधान मन ईश्वरकृपा *(हेर्नू ईश्वरकृपा)* या गुरुकृपाद्वारा रूपान्तरित भएर 'ज्योतियुक्त मन' र विस्तारै 'विज्ञानमय मन' बन्छ ।

❀ *श्रीसाइ सच्चरित्र-हेमाडपन्त/हि.अनु.शिवराम ठाकुर*

° *महान् योगी श्री अरविन्द -मनोजदास अनु.शंकरलाल पुरोहित*

अतिवर्णाश्रमी : अत्याश्रमी । वर्ण र आश्रमको अभिमानवाट अतीत अधिकारी । जो चार वर्ण र आश्रम धर्म (ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र संन्यासाश्रम) भन्दा माथि पुगेको छ उसैलाई शास्त्रहरूमा अतिवर्णाश्रमी भनिएको छ । यस्ता महात्मालाई अवधूत *(हेर्नू अवधूत)* पनि भनिन्छ । त्यसैले भनिएको छ- अति वर्णाश्रमी योगी अवधूतः स उच्चते । *(सं.हि.कोश-आप्टे)* परम तत्त्व जान्ने महात्मा अतिवर्णाश्रमी हुन्छन् पनि भनिएको छ-परं तत्त्वविजानाति सोऽति वर्णाश्रमी भवेत् ।* *(अष्टावक्रगीता अनु.जालिम सिंह)*

श्रुतिमा अतिवर्णाश्रमीलाई अत्याश्रमी भनेको पनि पाइन्छ । जस्तो -

तपः प्रभावाद् देवप्रसदाच्च ब्रह्म
ह श्वेताश्वतरोऽथ विद्वान् ।
अत्याश्रमिभ्यः परमं पवित्रं
प्रोवाच सम्यगृषि सङ्घजुष्टम् ॥ *(श्वेता.उप.६।२१)*

अर्थात् श्वेताश्वतर ऋषिले तपको प्रभाव र ईश्वरकृपा *(हेर्नू ईश्वर कृपा)*बाट ब्रह्मलाई जाने । उनले ऋषि-समुदायद्वारा सेवा गरिएका परम पवित्र अत्याश्रमीहरूलाई पूर्ण रूपले ज्ञानको उपदेश गरे ।

अतीन्द्रिय : इन्द्रियद्वारा अग्राह्य *(वि.सह.२०।५५)* । इन्द्रियद्वारा अप्राप्य भएको कारणले परम तत्त्व अतीन्द्रिय÷ छ । त्यसैले श्रुतिले भनेको छ- यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह *(तै.उप.२।९)* अर्थात्

---

* *अष्टा.गीताको १२।५ श्लोकको व्याख्याको क्रममा टीकाकार जा.सिंहले यस शास्त्रोक्तिको उल्लेख गरेका हुन्, तर स्रोत जनाइएको छैन ।*

÷ *(वि.सह.३१।१६९)*

जहाँ पुग्न नसकेर मन सहित वाणी फर्कन्छ त्यो तत्त्व । सगुण, साकार इन्द्रियको विषय होला; आँखाले देख्न सकिने, वाणीद्वारा बोलाउन, कुराकानी गर्न सकिने होला तर निर्गुण, निराकार परमात्मा या आत्मा (ब्रह्म) अतीन्द्र अर्थात् इन्द्रले पनि भेट्टाउन नसकिने तथा अतीन्द्रिय समेत छ । कुनै मन्दिरका देवतालाई हामी मन सहित इन्द्रियद्वारा आराधना, भक्ति गर्न सक्छौं । जस्तो मनले संकल्प गरी गोडाले हिंडेर जानु, आँखाले मूर्ति-दर्शन गर्नु, हातले पूजा गर्नु, छालाद्वारा स्पर्श गर्नु, घण्टी, शंख वजाउनु, सुन्नु, फूल-प्रसादको वास्ना सुङ्नु, प्रसाद खानु आदि क्रियाहरू मनोइन्द्रियजन्य हुन् । तर ब्रह्म या आत्मदेवको यसरी भक्ति हुन्न किनकि उहाँ अतीन्द्रिय हुनुहुन्छ । अतीन्द्रिय तत्त्वको साक्षात्कार कसरी गर्ने ? ब्रह्मज्ञान असंभव पनि होइन । शास्त्रहरूले ब्रह्मज्ञान, आत्मबोध या साक्षात्कार इन्द्रियातीत बताए पनि अज्ञानको निवारण कार्यमा मन सहित इन्द्रियहरूको भूमिका रहेको बताएको पाइन्छ । परम तत्त्व अतीन्द्रिय भएको कारणले शास्त्रहरूले तथा स्वयं गुरुले ब्रह्मज्ञान गराउन सक्तैनन् । अज्ञानको निवारण मात्र गराउने हो । त्यसैले जगद्गुरु शंकराचार्यले भनेका छन् -

वेदशास्त्र पुराणानि भूतानि सकलान्यपी ।
येनार्थवन्ति तं किं नु विज्ञातारं प्रकाशयेत् ॥

(विवे. चूडा. ५३५)

अर्थात् वेद, शास्त्र, पुराण र समस्त भूत मात्र जसबाट अर्थवान् हुन्छन्, त्यस सर्वसाक्षी परमात्मालाई अरू कसले प्रकाशित गर्छ ? यसरी आत्मा या परमात्मा अतीन्द्रिय सिद्ध हुन्छ । श्रुतिले पनि भनेको छ - "आत्मा न इन्द्रियरूप छ, न विषयरूप । त्यसको न कारण छ, न लक्षण । त्यो असङ्ग, निर्गुण, निर्विकार, अनिर्देश्य, सत्त्व, रज र तमो गुणवाट रहित तथा मायाशून्य छ । त्यो तत्त्व उपनिषद्हरूद्वारा लक्षणा वृत्तिवाट जान्नयोग्य छ ।" *(नृसिंहो. उप. खण्ड९ / कल्याण-उप. अंक)*

अथर्ववेद : आथर्वण वेद *(छा. उप. ७।१)* पनि भनिएको छ । चौथो वेद । यसमा शत्रुनाशका लागि र आफ्नो सुरक्षाका लागि प्रार्थना गरिएको छ । विपत्ति, पाप, खरावी र दुर्भाग्यवाट बचाउनका लागि भगवान्सँग गरिएका असंख्य प्रार्थना यसमा पाइन्छन् । धार्मिक एवं औपचारिक संस्कारहरूमा प्रयोग गरिने अनेक सूक्त, प्रार्थनाहरू, देवताहरूका अभिनन्दनहरू समावेश गरिएका छन् । *(सं.हि.कोश-आप्टे)*

यस अघिका वेदहरूका नाम क्रमशः यी हुन्- *ऋग्वेद (हेर्नू ऋग्वेद) यजुर्वेद* र *सामवेद* । सम्पूर्ण वेदहरूमा एक लाख मन्त्र छन् जसमध्ये ८० हजार कर्मकाण्डसँग सम्बन्धित, १६ हजार उपासनापरक *(हेर्नू उपासना)* र ४ हजार ज्ञानपरक मन्त्र छन् ।

प्रत्येक वेदको एक/एक उपवेद हुन्छ । *अथर्ववेद* अन्तर्गत उपवेद हो *आयुर्वेद (हेर्नू आयुर्वेद)* । चारै वेद अन्तर्गत एक/एक वटा अभेदबोधक वाक्य *(हेर्नू अभेदबोधक वाक्य)* परेका छन् जसलाई महावाक्य भनिन्छ । *अथर्ववेद* अन्तर्गत *माण्डूक्योपनिषद्*वाट लिइएको महावाक्य हो अयमात्मा ब्रह्म *(माण्डू. उप. २)* ।

*अथर्ववेद*का ज्ञाता सुमन्तु मुनि थिए । उनले आफ्नो संहिता प्रिय शिष्य कबन्धलाई पढाए । कवन्धले त्यस संहितालाई दुई भाग गरी शिष्यहरू पथ्य र वेददर्शलाई अध्ययन गराए । यसरी नै नादवंश परम्परा अनुसार *अथर्ववेद*का शाखा र तिनका ज्ञाताहरू बढ्दै गए । *(भाग. १२।७।१-४)*

यस वेदमा सबै प्राणीहरूको हृदयमा सत्य, ज्ञान आदि लक्षणयुक्त ब्रह्म रहेको, ब्रह्म *अधिष्ठान(हेर्नू अधिष्ठान)*मा नै सम्पूर्ण जगत् समावेश भएको बताइएको छ ।[◘]

*'अथर्ववेद*कै चतुर्थ काण्डमा माया शक्तियुक्त ब्रह्मको वर्णन गरिएको छ । परब्रह्म आफ्नो माया शक्तिद्वारा आदित्य (वेन) रूप धारणा गर्दछ

◘ *(अथ. वे. संहिता २।१।१।३-४*

र आफ्नो तेजद्वारा भूतभौतिकात्मक प्रपञ्चरूप जगत्लाई ढाकेर बस्दछ भनेर त्यहीं व्याख्या गरिएको छ ।'[▣]

वैदिक मन्त्रहरूमा ईश्वरको प्रार्थना, तिनका गुण र रूपको वर्णन मात्र पाइन्नन् तिनमा राष्ट्रियताको भावना, विश्ववन्धुत्व, धरती माता प्रति कृतज्ञतायुक्त कवितात्मक अभिव्यक्तिहरू पनि छन् । *अथर्ववेदको* 'पृथिवीसूक्त' यस दृष्टिले अति प्रसिद्ध रहेको छ । पृथ्वीलाई संझेर भनिएको छ-सानो भूतस्य भव्यस्य पत्नी (जनताकी भूत र भविष्यकी, अधिष्ठात्री), अजीतोऽहतो अक्षतोऽध्यष्ठां पृथिवीमहम् (मैले अजीत र महत् रूपमा सबभन्दा पहिले यस भूमिमा पाइला चालेको हुँ) । त्यसैले मन्त्रद्रष्टा भन्छन्-माता भूमिः पुत्रो अहं पृथिव्याः (हामी पृथ्वी माताका पुत्र हौं) ।

'पृथिवीसूक्त'मा नै कलि, द्वापर, त्रेता र सत्य (कृत) युगको प्रतीकात्मक वर्णन पाइन्छ अर्थात् सुतेको अवस्था कलि हो, सुतेको बस्ने चेष्टा द्वापर हो, उभिएको स्थिति त्रेता हो र हिंडेको अवस्था सत्य (कृत) हो।

लोक कल्याणका लागि तपस्या गर्ने ऋषिहरू प्रति श्रद्धा र भक्ति व्यक्त गर्दै *अथर्ववेदका* मन्त्र द्रष्टा (कवि) भन्छन्-

भद्र मिच्छन्तः ऋषयः स्वर्विद
स्तपो दीक्षा मुपनिषेदुरग्रे ।
ततो राष्ट्रं वल मोजश्च जातं
तदस्मै देवा उप-संनमन्तु ॥ *(अथर्ववेद (१९।४१)*

अर्थात् - ज्ञानी ऋषिहरूले मिलेर लोक कल्याणका लागि तप गरे, स्वाध्याय दक्षतापूर्वक गरे । त्यसबाट राष्ट्र बलियो, ओजपूर्ण भयो । देशका निम्ति सबै विद्वान अघि सरुन् ।

▣ *स्वा. रामानन्द-जनक दर्शन (सं.) अनु. रामहरि*

वेदका यिनै लोक कल्याणकारी मन्त्रहरू, कवितात्मक अभिव्यक्तिले पाश्चात्य विद्वान्हरू म्याक्समूलर, गेल्डनर, मिल्लेर, शोपेनहावर, थियोडेर वेन्फे, हेनरिक जिमरहरूले वेद संहिताको अनुवाद गरे, वैदिक संस्कृति र दर्शन बारे पुस्तकहरू लेखे । स्कर्टले सन् १९२३मा अथर्ववेदको अनुवाद प्रकाशित गरे ।

अदिति : देवताहरूकी आमाको नाम । असुरहरू चाहिं दितिबाट जन्मेको बताइन्छ । यी दुवै प्रजापति कश्यपका पत्नी हुन् । अदिति दक्ष प्रजापतिकी सुपुत्री हुन् । कश्यप र अदितिले जंगलमा गएर घोर तपस्यां गरे । त्रिदेव प्रसन्न भएर वर दिन आए, तर यिनीहरूले तपस्या त्यागेनन् । अन्त्यमा पुरुषोत्तम भगवान् श्रीराम आउनु भयो र वरदान माग भन्नुभयो । दुवैले उहाँलाई आफ्नो पुत्रको रूपमा प्राप्त गर्ने इच्छा व्यक्त गरे ।

वरदान सफल बनाउन अदितिको गर्भबाट भगवान्को वामनावतार भयो । त्रेतामा अदिति कौशल्या वनिन् र रामको अवतार भयो । द्वापर युगमा अदिति नै देवकी बनिन् र कृष्णावतार भयो । भगवान्को नाम आदित्य पनि अदितिकै नामबाट रहन गएको हो ।

राजा बलिको पालामा देवताहरू स्वर्गबाट च्यूत हुन गए पछि अदिति दुःखी भइन् । कश्यप मुनिले 'पयोव्रती (दुधको व्रत लिने) भएर पुरुषोत्तम भगवान्को उपासना गर' भनेर सल्लाह दिएपछि उनले त्यसै गरिन् र चतुर्भुज भगवान् विष्णुले दर्शन दिनु भयो । भगवान्ले असुरहरूसँग युद्ध गरेर जित्न नसकिने कुरा बताउँदै 'तिम्रो दुःख निवारणार्थ म कुनै उपाय गर्नेछु, अदितिको गर्भबाट जन्मेर तिम्रा पुत्र देवताहरूको रक्षा गर्नेछु भन्नुभयो ।[०] यसरी भगवान्को वामनावतार भयो र उहाँले बलिलाई पाताल लोकमा पुऱ्याई इन्द्रादिलाई स्वर्गको

---

० भाग. ८।१७।१७-१८

पुनर्प्राप्ति गराउनु भयो । भनिन्छ, बलिको अहंकार नष्ट गर्न उहाँले वामनको अवतार लिनु भएको हो ।

अदृश्य : अनवलोकित । भगवान् विष्णु अदृश्य *(वि.सह.-४६।३०४)* हुनुहुन्छ । बुद्धि सहित ज्ञानेन्द्रियको अविषय स्वरूप परमात्मा । ईश्वर न दृश्य हो, न द्रष्टा, त्यसैले अदृष्ट । पौराणिक कथा अनुसार प्रह्लादका छोरा विरोचनलाई विष्णु विरोधीहरूले भड्काइदिए-विष्णु त तिम्रा पुर्खाका शत्रु हुन्, तिनलाई नछाड । उसले भगवान्लाई लखेट्न थाल्यो । भगवान्ले प्रह्लादलाई वचन दिनु भएथ्यो-'अबदेखि तिम्रा वंशज कसैलाई मार्ने छैन ।' अब भाग्नु बाहेक अरू उपाय रहेन । शिवले सल्लाह दिनु भयो-भाग्नुको सट्टा उसैको हृदयमा अदृश्य भएर रहनुहोस् । यसरी भगवान् अदृश्य हुनुभयो अन्तर्यामी *(हेर्नू अन्तर्यामी)* बनेर ।

अदृष्ट : जन्मान्तरमा गरिएको कर्मफल अदृष्ट हो । अदृष्टानियमात् *(ब्र.सूत्र. २।३।५१)* अर्थात् जन्मान्तरमा गरेको कर्मको फलभोगको नियत व्यवस्था हुन सक्ने छैन (यदि उपाधियुक्त जीवलाई परमात्माको अंश मान्ने हो भने) । वादरायणकृत *ब्रह्मसूत्र*मा अदृष्ट शब्दको प्रयोग सर्वशक्तिमान् परब्रह्म परमेश्वरले नै सबैको अदृष्टको व्यवस्था गर्नुहुन्छ भन्ने तर्क सिद्ध गर्नका लागि प्रस्तुत गरिएको छ ।

अद्वितीय : बेजोड । अर्को जोडा नभएको । आत्मालाई सत्, चित्, आनन्दका साथै अद्वय पनि भनिन्छ । आत्मा (ब्रह्म) बाहेक अर्को तत्त्व नभएकोले अद्वय, अद्वितीय भनिएको हो । आत्मा एक भए पनि उपाधिभेदको कारणले गर्दा अनेक जीवको रूपमा देखापर्छ । आचार्य शंकराचार्य भन्छन्-

अतः परं ब्रह्म सदद्वितीयं
विशुद्ध विज्ञानघनं निरञ्जनम् । *(वि.चूडा. २३९)*

अर्थात् परब्रह्म सत्, अद्वितीय, शुद्ध, विज्ञानघन र निर्मल छ । सत्, चित्, आनन्द *(हेर्नू आनन्द)* स्वरूप तत्त्व धेरै छैन भन्ने कुरा निश्चयका साथ बताउन अद्वैत दर्शनले अद्वितीय या अद्वय शब्दको प्रयोग गर्छ । श्रुतिमा भनिएको छ- "हे सोम्य ! सृष्टिको आरम्भमा एक मात्र अद्वितीय सत् नै थियो । उसले धेरै बनुँ भन्ने चाहना गऱ्यो ।" *(छान्दो. उप. ६।२।१-४)*

अद्वैत वेदान्त दर्शन अनुसार ब्रह्म र विश्व या आत्मा र प्रकृति बेग्ला बेग्लै नभई एउटै हो, अद्वैत हो, अद्वय किंवा अद्वितीय हो ।

*भागवत*मा भनिएको छ - **ब्रह्मैतदद्वितीयं वै गीयते बहुधर्षिभिः**

(११।९।३१)

अर्थात् एक अद्वितीय ब्रह्मको ऋषिहरूले अनेक प्रकारले बयान गरेका छन् ।

अद्वैतवाद : चेतन तत्त्व एक र बाँकी सब अचेतन मान्ने दर्शन । जीव र ब्रह्म, ब्रह्म र जगत्मा द्वैत छैन, अद्वैत छ भनी मान्नु । *योगवाशिष्ठ, अष्टावक्रगीता (हेर्नू अष्टावक्रगीता) अवधूतगीता (हेर्नू अवधूतगीता)*को दर्शन अद्वैतवादमा आधारित छन् । अष्टावक्र ब्रह्मज्ञानी हुन् । उनले मुमुक्षु राजा जनकलाई उपदेश दिंदै जाँदा विदेहराजले आत्मज्ञान प्राप्त गरेको प्रसंग *अष्टावक्रगीता*मा पाइन्छ । यस ग्रन्थले आत्मज्ञानलाई जोड दिन्छ । यसको सिद्धान्त अभेद-दर्शनमा आधारित छ । आत्मा र परमात्मामा केही फरक छैन । परमात्माबाट विश्व उत्पन्न भएको होइन, परमात्मा नै विश्व रूपमा व्यक्त हुनुहुन्छ । हामीले देखेको विश्व वास्तवमा आत्मा नै हो । आत्मज्ञान नभएसम्म द्वैत देखिन्छ । आत्मज्ञान भएपछि द्वैत छैन । सबैतिर आफैँ मात्र छ । अष्टावक्र मुनि राजा जनकको ज्ञानोदयलाई अझ सुदृढ तुल्याउँदै भन्छन्-समुद्रमा तरंग उठेर बिलाए झैँ चेतनरूपी अपार समुद्रमा विश्वरूपी तरंग

उठ्दछ, लय हुन्छ । तर तिमीमा न केही वृद्धि हुन्छ, न त केही क्षय हुन्छ *(१५।११)* ।

द्वैतवादीहरु आफू र परमात्मालाई बेग्ला-बेग्लै मान्छन् । तर *अष्टावक्रगीता*मा धेरै ठाउँमा समुद्र र तरंग, कहीँ डोरी र सर्प, कहीँ घटाकाश र महाकाशको दृष्टान्त दिंदै अद्वैतवादलाई सिद्ध गरिएको छ। आत्मज्ञान गरिसकेका जनक भन्छन्-म शरीर होइन आत्मा हुँ (परमात्मादेखि अभिन्न हुँ) । संसार (देह समेत) प्रकृतिजन्य घडा भैँ हो । त्यसैले यहाँ त्याग, ग्रहण र लय छैन । द्वैतमा मात्र त्याग, ग्रहण र लय हुन्छ, अद्वैतमा यो संभव छैन । द्वैतं नो सहते श्रुति अर्थात् श्रुतिले द्वैतलाई मान्दैन । तन्त्रशास्त्रले द्वैत र अद्वैतको विवाद ठूलो मोह हो भन्ने मान्छ-द्वैता द्वैत महामोह *(माहेश्वर तन्त्र)* । द्वैत र अद्वैतको तर्क-वितर्क महामोह हो, *अवधूत गीता (१।६)*मा भनिएको छ । अद्वैत संस्थाले अद्वैतवादलाई अगाडि बढाएको छ ।

अद्वैतवादका वीज वेदमा पाइन्छ भने उपनिषद् कालमा यो विकसित भइसकेको छ । 'वेदबाट उपनिषद्मा आइपुग्दा अद्वैतवाद निकै विकसित भइसकेको पाइन्छ । वेदमा सूत्ररूपमा रहेका अद्वैतवादका सिद्धान्तहरूलाई उपनिषद्मा विभिन्न उदाहरणहरू दिएर स्पष्ट्याइएको पाइन्छ ।'[✧] डा. स्वामी रामानन्द गिरिले अद्वैतवादको विकासमा योगदान दिने पाश्चात्य र पूर्वीय दार्शनिकहरूका मतहरू बारे आफ्नो पुस्तक *जनक दर्शन*मा विशद चर्चा गरेका छन् ।[❖]

अष्टावक्र *(हेर्नू अष्टावक्र)*, जनक, वेदव्यास, शंकराचार्य, वशिष्ठ, जैमिनि, आत्रेय *(हेर्नू अत्रेय)*, भर्तृहरि, गौडपादाचार्य, सुरेश्वराचार्य,

---

✧ *स्वा. रामानन्द-जनकदर्शन (सं.) अनु. रामहरि*

❖ *ऐजन ग्रन्थ (अद्वैतवाद अद्वैतवादको इतिहास उपशीर्षक)*

वाचस्पति मिश्र, श्रीहर्ष, विद्यारण्य मुनि, मधुसूदन सरस्वती, आनन्द गिरि *(हेर्नू आनन्द गिरि)* ब्रह्मानन्द सरस्वती, आधुनिक कालमा रामकृष्ण परमहंस, स्वामी विवेकानन्द, अरविन्द *(हेर्नू अरविन्द)*, योगानन्द आदिले अद्वैतवादको विकासमा आ-आफ्ना ढंगले ठूलो योगदान गरेका छन् ।

अद्वैत वेदान्त : *वेद* र अन्त दुई शब्द मिलेर वेदान्त शब्द बनेको छ । यहाँ *वेद*को अर्थ ज्ञान अर्थात् *वेद*को ज्ञानपरकता हो । *वेद*मा कर्म सिकाइएको छ, उपासना (भक्ति) सिकाइएको छ र अन्त्यमा ज्ञानमा जोड दिइएको छ । विद्वानहरूले भनेका छन्-*वेद*मा एक लाख मन्त्रहरू छन् जसमध्ये ८० हजार कर्मपरक, १६ हजार उपासनापरक र बाँकी ४ हजार ज्ञानपरक मन्त्रहरू छन् । वेदान्त *वेद*का ज्ञानपरक मन्त्रहरू समाविष्ट ग्रन्थ अर्थात् उपनिषद्लाई भनिएको हो । वेदको अन्तिम (ज्ञानपरक) भाग उपनिषद् *(हेर्नू उपनिषद्)* कहलाउँछ । वैदिक ज्ञान र औपनिषद् ज्ञानमा के अन्तर छ ? भन्ने प्रश्न वेदान्त (अद्वैत वेदान्त) बुझ्न चाहने जिज्ञासुमा पैदा हुनसक्छ ।

'वेदमा प्राकृतिक वहुदेववाद, एकेश्वरवाद र अद्वैतवाद जस्ता दर्शनहरू पाइन्छन् । ऋग्वेदको दर्शन प्राकृतिक बहुदेववादबाट सुरु भएर अद्वैतवादमा अन्त्य हुन्छ । वेदमा देवतालाई प्रकृतिकै अङ्गको रूपमा हेरिएको छ । ऋग्वेदका धेरैजसो मन्त्रको रचना तिनै विभिन्न देवताहरूको प्रार्थना गर्नको लागि गरिएको छ । विद्वानहरूका अनुसार *वेद*मा ३३३ वटा देवताहरूको नाम लिइएको छ । ती मध्ये वरुण, मित्र, इन्द्र, वायु, सूर्य, विष्णु, सविता, उषा, अग्नि आदि ३३ वटा (?) देवतालाई प्रधान मानिएको छ । .... पुनर्जन्मको सिद्धान्त पनि वेदमा स्पष्ट रूपमा पाइन्छ । स्वर्ग र नरकको सम्बन्धमा पनि वेदमा

भनिएको छ- जीव आफ्नो कर्म अनुसार स्वर्ग अथवा नरक प्राप्त अद्वैतवाद तर्फ विकसित हुँदै आएको पाइन्छ ।[०]

वेदलाई आधार मानेर षड् दर्शनको जन्म र विकास भएको पाइन्छ । ती हुन् -सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा (पूर्व मीमांसा) र वेदान्त (उत्तर मीमांसा) । वेदान्त मात्र भन्दा अद्वैत वेदान्त र विशिष्टाद्वैत वेदान्त दुवै बुझिन्छ । शंकराचार्यले प्रवर्तन एवं विकास गरेको वेदान्तलाई अद्वैत वेदान्त भनिन्छ । तर रामानुजाचार्यद्वारा प्रतिपादित वेदान्त अद्वैत नभै विशिष्टाद्वैत हो । यस दर्शन अनुसार ईश्वर, जीव र जगत् तीनै वस्तु सत्य हुन् । 'ब्रह्म ईश्वर, चित् र अचित्को समष्टि हो । रामानुजले ब्रह्म र ईश्वरमा कुनै भेद देखाएको छैनन् । .....ब्रह्म सगुण छ । शुद्धता, सुन्दरता, धर्म, दया, शक्ति, तेज इत्यादि अनेक गुणयुक्त छ ब्रह्म । ... ब्रह्म र जीवात्मामा भेद छ ।[०] रामानुजले जीवका लागि चित् र जगत्को लागि अचित् भन्ने शब्द प्रयोग गरेका छन् ।

शांकरमत नै अद्वैत वेदान्तको पर्याय हो । "ब्रह्म र प्रपञ्चका सम्बन्धमा शंकराचार्यले मौलिक विचार व्यक्त गरेका छन् । प्रपञ्च ब्रह्ममा छ तर ब्रह्म प्रपञ्चदेखि पर छ । .... 'चेतन ब्रह्म जड जगत्को कारण हो ।' भन्ने भनाइको मण्डन गर्दै विरोधी आक्षेपहरूको उत्तर दिने कार्यमा निकै प्रयत्न गरेका छन् । ब्रह्म जगत्को कारण त हो तर त्यो परिणामी कारण होइन । स्वयं विकृत नभएर ब्रह्म जगत्को सृजना गर्छ अथवा त्यसको प्रतीतिको हेतु बन्छ । विश्व-प्रपञ्च ब्रह्मको विकार होइन त्यसको विवर्त्त हो जस्तो सिपीको विवर्त्त चाँदी हो र डोरीको विवर्त्त सर्प हो । ब्रह्म र जगत्को सम्बन्धलाई शङ्कर अध्यास *(हेर्नू अध्यास)* भन्छन् । ब्रह्ममा जगत् अध्यस्त छ ।

---

[०] *स्वा. रामानन्द-जनक दर्शन (सं.)अनु. रामहरि*

[०] *ऐजन ग्रन्थ*

यसरी नै अनात्मामा आत्मा अध्यस्त हुन्छ । ..... अध्यासको धारणा वेदान्तको आफ्नो मौलिक धारणा हो ।[⊙]

वेदान्ती दार्शनिकहरूको दर्शनस्रोतको रूपमा वादरायणको *ब्रह्मसूत्र*लाई लिइन्छ । औपनिषद् ज्ञानलाई सूत्र रूपमा संकलन गरिएको तथा ५५५ सूत्रहरूको यो ग्रन्थको भाष्य शंकराचार्यले अद्वैत वेदान्तको प्रतिपादनार्थ गरे । उनको भाष्यलाई *शारीरक भाष्य* पनि भनिन्छ । उनीभन्दा २।३ शताब्दी पछिका रामानुजले *ब्रह्मसूत्र*मा आफ्नो विशिष्टाद्वैत मत प्रतिपादनार्थ भाष्य लेखे- जसको नाम *वेदान्तसार* हो । माध्वाचार्यले द्वैतको प्रतिपादन गर्न *ब्रह्मसूत्र*मा भाष्य लेखे । यसरी यो ग्रन्थ द्वैत, अद्वैत दुवै थरी दर्शनको जग बन्यो ।

शंकराचार्यले अद्वैत वेदान्तको प्रतिपादनका लागि *ब्रह्मसूत्र*को भाष्य मात्र होइन, *उपनिषद्*हरूका साथै *गीता*को समेत भाष्य लेखे । यी तीन थरीलाई प्रस्थान त्रयी भन्ने नाम दिइएको छ ।

अद्वैत वेदान्तकै क्रममा हामी जनक दर्शन र वाशिष्ठ दर्शनलाई भुल्न सक्तैनौ । *बृहदारण्यकोपनिषद्* आदि कतिपय ग्रन्थहरूमा राजर्षि जनक दर्शन प्रतिपादकको रूपमा नआएर दर्शनको जिज्ञासु एवं अनुभव-कर्ताको रूपमा आएका छन् । तर कतिपय ठाउँमा आफ्ना अनुभवहरू वताउने क्रममा औपनिषद् अद्वैत वेदान्त दर्शनलाई व्यावहारिक ढाँचा दिने काम जनकवाट भएको छ । त्यसैले जनक दर्शन भनेको औपनिषद् अद्वैत वेदान्त दर्शनकै सामाजिकीकृत रूप हो भन्न सकिन्छ ।[◎]

जनक दर्शन अनुसार पदार्थलाई चेतन (दृक्) र जड (दृश्य) भनेर शुरुमा भेद गरिन्छ । पछि जड र चेतन एउटै मानिन्छ किनकि

⊙ *डा. देवराज-प. प. दर्शन-अध्यात्मवाद*

◎ *स्वा. रामानन्द-जनक दर्शन (सं.)अनु. रामहरि*

सुषुप्तिमा एउटै चेतन सत्ता मात्र रहन्छ । शाश्वत सत्य भनेको ब्रह्म हो । आत्मा र ब्रह्म भन्नु पनि एउटै हो, नाम मात्र फरक । ज्ञान हुनु अगाडि नै भेद देखिन्छन् ज्ञानीको दृष्टिमा भेद छैन (अभेद दर्शनं ज्ञानम्) । दृक् आत्मा र दृश्य जगत्मा भेद छैन । जनकलाई अष्टावक्र गीता *(हेर्नू अष्टावक्र गीता)* बाट राम्ररी चिनिन्छ । ज्ञानी राजा जनकको नाम भगवान् श्रीकृष्णले *गीता*मा लिनु भएको छ । जनकको विशेषता के रह्यो भने उनले ज्ञानका लागि संन्यासको परम्परालाई मानेनन् । उनले कर्म योगमा विश्वास गर्दै ब्रह्म चिन्तनपूर्वक ब्रह्मबोध हुने बताए । त्यसैले भगवान्ले भन्नु भएको छ- कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ॥ *(गीता ३।२०)* अर्थात् जनक जस्ता अनेक महापुरुषहरूले पनि कर्म योगद्वारा नै परम सिद्धि पाएथे ।

अद्वैत वेदान्तको विकास क्रममा वाशिष्ठ वेदान्तको पनि महत्वपूर्ण भूमिका रहेको छ । वाशिष्ठ सिद्धान्त अद्वैत वेदान्त नै हो । गुरु वशिष्ठले श्रीरामलाई (पन्ध वर्षीय) वैराग्य, जगन्मिथ्यात्व, मनोनाश, वासना क्षय, आत्मार्चन *(हेर्नू आत्मार्चन)* आत्मनिरूपण, जीवनमुक्ति, निर्वाण जस्ता गहन विषयमा उपदेश दिए । यही ज्ञानोपदेशलाई *योगवाशिष्ठ* भनिन्छ । यसका लेखक चाहिं वाल्मीकि हुन् । अमेरिका भ्रमणका समयमा ब्रह्मनिष्ठ स्वामी रामतीर्थले भनेका थिए -'मेरो मतानुसार संसारका सबै पुस्तकहरू मध्ये अद्भूततम पुस्तक *योगवाशिष्ठ* नै हो । यसको अध्ययन गर्नेलाई ब्रह्मज्ञान प्राप्त नहुनु असम्भव कुरा हो ।'

बत्तीस हजार श्लोकहरू भएको यो विशाल ग्रन्थको सार खिचेर अनेक पुस्तकहरू नेपाल र भारतबाट प्रकाशित भएका छन् । यसबाट अद्वैत वेदान्तमा आधारित यस ग्रन्थको लोकप्रियता सिद्ध हुन्छ । लघु योगवाशिष्ठ गन्थहरू मात्र होइनन् *महोपनिषद्, अन्नपूर्णोपनिषद्* पनि

योगवाशिष्ठका सार संक्षेप मानिन्छन् । *योगवाशिष्ठ* अनुसार आत्मादेखि प्रकृति भिन्न छैन, माटोदेखि घडा भिन्न नभए झैं । आत्माको स्पन्दनलाई नै प्रकृति भन्छन् जस्तो जलको स्पन्दन भुमरी । म ब्रह्म हुँ, तिमी ब्रह्म हौ । तीनै जगत् ब्रह्म हो । सारा दृश्य वस्तु ब्रह्म हो, दोस्रो केही छैन मन ब्रहमको शक्ति हो । सुनदेखि भिन्न वाला, जलदेखि भिन्न तरङ्ग हुन सक्तैन । जस्तो स्वप्नका पदार्थ पहाड, सहर आदि सबै चिदाकाश हुन् उस्तै जाग्रत जगत्का पदार्थ पनि चिदाकाश झैं हुन् ।[♦]

'वेदको जगमा वाशिष्ठ दर्शनको मन्दिर खडा भएको छ । यसमा त अजातवादको प्रतिपादन गरिएको छ जुन सबभन्दा उच्च सिद्धान्त हो ।' [○]

योगवाशिष्ठमा मुमुक्षु चेलालाई अद्वैत वेदान्ती गुरु भन्छन् ।

अहं सर्वमिदं विश्वं परमात्माऽहमव्ययः ।
न भूतं नास्ति नो भावि मत्तोऽन्यदिति भावय ॥[⌘]

अर्थात् दृश्यमान् जगत् मै हुँ, अविनाशी परमात्मा म नै हुँ । मदेखि भिन्न भूतमा थिएन, वर्तमानमा छैन र भविष्यमा पनि हुने छैन, यस्तो भावना गर्नु आत्मपूजन(*हेर्नू आत्मपूजन*) हो ।

अधिकारी : यहाँ अधिकारीको अर्थ हो वेदान्त श्रवण अधिकारी । विवेकशील व्यक्ति नै अधिकारी बन्छ । *योगवाशिष्ठ* अनुसार -

अहं बद्धो विमुक्तः स्यामिति यस्यास्ति निश्चय : ।
नात्यन्तमज्ञो नोतज्ज्ञः सोऽस्मिञ्छास्त्रेऽधिकारवान् ॥

♦ *पं.दुर्गाप्र.-योगवाशिष्ठको विषयसार २०१७*

○ *वदरीनाथ भट्टराई-वाशिष्ठ दर्शन, लेख मधुपर्क*

⌘ *योगवा. आत्मार्चन ८*

अर्थात् म बद्ध छु कसरी मुक्त हुने भनेर विचार गर्ने तथा जो न पट मूर्ख छ, न ज्ञानी छ त्यस्तो व्यक्ति वेदान्तशास्त्रको अधिकारी हो।

मूढलाई वेदान्त ज्ञान चाहिएको छैन, ज्ञानी ज्ञानी भैसकेकोले उसलाई पनि वेदान्त ज्ञान चाहिएन। तर जो विवेकशील छ, मुमुक्षु छ, जिज्ञासु छ ऊ नै अधिकारी हो । शुद्ध अन्तःकरण *(हेर्नू अन्तःकरण)* भएको शिष्य उत्तम अधिकारी हो । 'उसको हृदयमा सर्वदा शुभेच्छा विद्यमान् रहन्छ, सच्छास्त्रको श्रवणमा पूर्ण प्रीति हुन्छ, ईश्वरमा अभेदबुद्धिरूप (ज्ञान लक्षणा), उत्कृष्ट भक्ति विराजमान रहन्छ, मनमा पाप वासनाको (बुद्धिपूर्वक) उत्पत्ति हुँदैन, निर्जन स्थानमा रहने स्वाभाविक रुचि हुन्छ । मन उदार हुन्छ र गीतोक्त सम्पूर्ण दैवी सम्पत्तिहरूको आविर्भाव हुन्छ । यस्तो सत् शिष्य नै वेदान्तशास्त्रको पूर्ण अधिकारी हो ।'*

ज्ञानी गुरुले चित्त शुद्ध भएका, नभएका, रागी-विरागी सबै प्रकारका शिष्यलाई एकै ठाउँमा राखेर ज्ञानोपदेश दिन सक्तैनन् किनभने यस्तो ज्ञानोपदेश फलदायी हुन्न । त्यसैले अधिकारीभेदको प्रश्न उठ्छ। अधिकारीलाई उत्तम, मध्यम र कनिष्ठ भनेर भेद गरिएको छ। अन्तःकरणको मल र विक्षेप हटेका तर आवरण दोष हट्न बाँकी मुमुक्षु उत्तम अधिकारी हो । यस्ता उत्तम अधिकारीलाइ श्रवणान् मुक्ति अर्थात् श्रवणबाटै मुक्ति पद मिल्छ भनिएको छ । श्रीराम, लक्ष्मण, अर्जुन, उद्धव आदि उत्तम अधिकारी हुन् । *योगवाशिष्ठ, रामगीता, भगवद्गीता, उद्धवगीता* यस्तै उत्तम अधिकारीलाई ब्रह्मज्ञान गराउन गुरु वशिष्ठ, श्रीराम, श्रीकृष्णबाट उपदेश हुँदा उत्पन्न उत्तम ज्ञानामृत हुन् ।

कस्तो अधिकारी वन्ने भन्ने विषयमा श्रुतिमा भनिएको छ-हामी स्वस्थ, उच्च भाव एवं कामनाहरूले युक्त भई अध्यात्म विद्याका अधिकारी

---

* *क्षितीशचन्द्र-स्वरूपानुभव हि. ग्रन्थ (योगवाशिष्ठसार)*

बनौं ।*

शंकराचार्यले आफ्नो *आत्मबोध* शीर्षक पुस्तकको शुरुमै यो पुस्तक कस्तो अधिकारीका लागि लेखेको हो सो कुरा बताएका छन् -

तपोभिः क्षीणपापानां शान्तानां वीतरागिणाम्ः।
मुमुक्षुणाम पेक्ष्योऽय मात्मबोधो विधीयतो ॥ *(१ श्लोक)*

अर्थात् तपस्याद्वारा पाप नष्ट भएका, शान्त मनयुक्त, तीव्र वैराग्यवान् मुमुक्षुका लागि *आत्मबोध* लेखेको हो । यसमा उत्तम अधिकारीको लक्षण बताइएको प्रष्ट छ ।

मध्यम अधिकारीको चित्तको विक्षेप दोष नष्ट भएको हुन्न । उसले श्रवण पछि मनन, निदिध्यासन गर्नुपर्छ र महावाक्यको श्रवण पछि उसले मुक्ति पाउँछ । तर कनिष्ठ अधिकारीका लागि यस जन्ममा मुक्ति अति कठिन भए पनि अर्को जन्ममा उसले मुक्ति (क्रममुक्ति) पाउन सक्छ । *गीता*मा योगभ्रष्ट व्यक्तिको निधन भएमा उत्तम कुलमा जन्मन्छ र उसका योगले पूर्णता पाउँछ भनिएको छ । *(६।४१)*

अधिदैव / अधिभूत / अधियज्ञ : गीतामा एकै श्लोकमा यी तीन शब्दको (अर्थ सहित) प्रयोग भएको पाइन्छ -

अधिभूतं क्षरोभावः पुरुषश्चाधिदैवतम् ।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥ *(८।४)*

अर्थात् समस्त वस्तुहरूमा निहित अधिष्ठाता सचेतन देवता अधिदैव कहलाउँछन् । नाशवान् वस्तु जति छन् ती अधिभूत हुन् । समस्त

---

* *ऋग्वेद ९।८६।३८*

प्राणीका देहमा अन्तर्यामी *(हेर्नू अन्तर्यामी)* रूपले रहेको क्षेत्रज्ञ चाहिं अधियज्ञ हो, त्यो तिमी मलाई जान ।

नाशवान पदार्थका नियामक हिरण्यगर्भ हो जसलाई पुरुष पनि भनिन्छ । त्यो शक्तिदाता हो, अधिदैव कहलाउँछ । तर त्यो तत्त्व पुरुषोत्तम होइन । सम्पूर्ण जड र चेतनको अधिष्ठान वासुदेव हुनुहुन्छ । उहाँ नै पुरुषोत्तम हुनुहुन्छ या अधियज्ञ हुनुहुन्छ ।

*ज्ञानेश्वरी गीता*मा यी तीन शब्दको राम्रो व्याख्या गरिएको छ - 'जसरी बादल उत्पन्न हुन्छ र लय हुन्छ त्यसरी नै जसको अस्तित्व देखिन्छ तर तत्त्वतः अस्तिता छैन त्यसलाई पञ्चभूतले नै एकत्र भएर रूप प्रदान गर्छ । जुन पञ्चभूतको आश्रयमा रहन्छ, जुन ती भूतहरूको संयोगबाट देखिन्छ तर वियोग हुँदा नष्ट हुन्छ- यस्तो नाम र रूपलाई अधिभूत भनिन्छ । अधिदैव भनेर जीवलाई जान्नु पर्छ । यस जीवले प्रकृतिजन्य भोगहरूको उपभोग गर्छ । यही बुद्धिको द्रष्टा हो, इन्द्रिय रूपी देहको अधिपति हो । शरीरको अन्त भएपछि मनोरथ रूपी पक्षीका लागि विश्राम वृक्ष हो । ..... यही पञ्चभूतात्मक शरीरको मुख्य देवता हो । यसैलाई अधिदैव भनिन्छ । .... जबसम्म अधिभूत र अधिदैवलाई अज्ञान रूपी आवरणले ढाकिरहन्छ तबसम्म अधियज्ञ पृथक मानिन्छ । जब अज्ञानको आवरण हटेर भेदभाव नष्ट हुन्छ त तीनै एकै हुन्छन् । ... अहंभाव नष्ट भएपछि जीवको मूल जस्ताको तस्तै देखिन्छ, ऐक्य प्रतीति हुन्छ त अधियज्ञ प्रकट हुन्छ जुन मै हुँ ।' यिनमा भेद कसरी हुन्छ भन्ने बारे संत ज्ञानेश्वरले सुन्दर उपमा प्रस्तुत गरेका छन् । कपालको रौं माथि फटिक राख्दा फटिक फुटेको, दुई टुक्रामा विभाजित भएको देखिन्छ तर रौं झिक्दा, त्यो द्वैत हट्छ । त्यस्तै हो अहंकार *(हेर्नू अहंकार)* । अधिदैव र अधियज्ञलाई छुट्याउने अहंकार हो । त्यो नष्ट भएपछि अभेद दर्शन *(हेर्नू अभेद दर्शन)* हुन्छ ।

अधिष्ठान : आधार, शक्ति, नियन्त्रण शक्ति, निवासस्थान *(सं.हि.कोश-आप्टे)* । जसरी आगोबाट अनेक छुद्र झिल्काहरू उड्छन्, त्यसैगरी आत्माबाट समस्त प्राण, समस्त लोक, समस्त देवगण र समस्त भूत विविध रूपमा उत्पन्न हुन्छन् । 'सत्यको सत्य' त्यस आत्माको नाम हो । *(वृह.उप. २।१।२०)*

चैतन्य वस्तु नै दृश्य, नाम र रूपको अधिष्ठान हो । जीवात्माको संकल्पले गर्दा नाना देखिएको हो । संकल्पको अधिष्ठान पनि त आत्मा नै हो । आत्मा बिना सृष्टि टिक्न सक्तैन, त्यसैले सृष्टिको आधार, निवासस्थान आत्मा हो । समुद्रबाट छाल, लहर, फिंज, बरफ आदि उत्पन्न हुन्छन् र त्यहीँ लय पनि हुन्छन् । त्यसैगरी आत्माबाट उत्पन्न सृष्टिको आत्मामा नै लय हुन्छ ।

कर्मको अधिष्ठान शरीर हो । *गीता*मा भनिएको छ -

'अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।' *(१८।१४)*

*ज्ञानेश्वरी गीता*मा अधिष्ठानको व्याख्या गरिएको छ-"कर्मका पाँच कारणहरू मध्ये प्रथम कारण हो हाम्रो देह जसलाई अधिष्ठान भनिन्छ । यसै रूपमा भोक्ता भोग्यको साथ रहन्छ । इन्द्रिय रूपी दश हातहरूबाट रात-दिन कष्ट सहेर जुन सुख-दुःख प्राप्त गरिन्छ, त्यसलाई सहन मनुष्यसँग देह बाहेक अरू कुनै साधन छैन, त्यसैले यसलाई अधिष्ठान भनिन्छ । यो देह चौबीस तत्वहरूको निवासस्थान हो । बन्धन र मोक्षको निर्णय पनि यहीँ हुन्छ ।"

विष्णु सहस्रनाम अनुसार उपादान कारणरूपबाट सब भूत ब्रह्म (आत्मा)मा स्थित छन् त्यसैले ब्रह्मरूप परमात्मा अधिष्ठान *(ऐ.४८।३२४ शां.भा.)* हुनुहुन्छ । अरूको आधार नचाहिने ब्रह्मको आश्रयबाट तीन लोक अडेका छन् त्यसैले उहाँ लोकाधिष्ठान हुनुहुन्छ । *(ऐ.१०८।८९४ शां.भा.)* । परब्रह्म परमात्मालाई लोकाधिष्ठान

(वि.सह.१०८।८९४) भनिएको छ किनकि उहाँ तीनै लोकको आश्रय *(हेर्नू आश्रय)* हुनुहुन्छ ।

अध्यात्म : परा प्रकृति अर्थात् जीव । आत्मा विषयक सबै अध्यात्म हो । जस्तो आत्मा प्राप्तिको मार्गलाई अध्यात्म मार्ग र आत्मा विषयक विद्यालाई अध्यात्म विद्या भनिन्छ । अध्यात्म विद्या विद्यानां अर्थात् विद्याहरूमा म अध्यात्म विद्या हुँ । *(गीता १०।३२)* *गीता*मा श्रीकृष्णले अक्षर ब्रह्म *(हेर्नू अक्षर ब्रह्म)*को स्वभाव अर्थात् परा प्रकृतिलाई पनि अध्यात्म भन्नु भएको छ । जस्तो-'अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।' *(८।३)* अर्थात् परम अक्षर भनेको ब्रह्म हो । परा प्रकृतिलाई अध्यात्म भनिन्छ ।

अध्यात्म रामायण : संस्कृतमा लेखिएका दुई लोक प्रसिद्ध रामायण मध्ये *अध्यात्म रामायण* एक हो । अर्को *वाल्मीकि रामायण* हो । *अध्यात्म रामायण* महादेवले पार्वतीलाई सुनाउनु भएको हो । महामुनि वेदव्यासद्वारा रचित मानिएको यो रामायण *ब्रह्माण्ड पुराण*को उत्तराखण्डमा पर्छ । नामले संकेत गरे झैं यसले अध्यात्म विद्या (अद्वैत वेदान्त)मा जोड दिएको छ ।

श्रीराम निर्गुण, निराकार, परब्रह्म हुनुहुन्छ । उहाँलाई मायाले ग्रस्त पार्न सक्तैन । उहाँले मानव स्वरूप धारण गर्नु भएकाले मानवले झैं व्यवहार गर्नु भएको मात्र हो तर उहाँ निर्विकार, निरञ्जन, निराकार ब्रह्म हुनुहुन्छ । यही दर्शन *अध्यात्म रामायण*को रामहृदय (बालकाण्ड)मा पाइन्छ । यस रामायणमा अभेद दर्शन, मायाको अनिर्वचनीयता, अविद्याको अज्ञानी जनमा प्रभाव, अहल्याको तत्ज्ञानले परिपूर्ण श्रीरामस्तुति, मृत्यु शैय्यामा बालिलाई बोध, सुग्रीव र विभिषणले ब्रह्मको रूपमा श्रीरामलाई चिन्नु, नामजपको माहात्म्य, वाल्मीकि मुनिले जिज्ञासु कुशलाई वेदान्त ज्ञानको उपदेश गर्नु-यस्ता

अनेक प्रसंग यस रामायणमा पाइन्छ । *अध्यात्म रामायण*को ब्रह्मज्ञानले भनिएको अंश *रामगीता* हो जसलाई ब्रह्मकूप भनिएको छ ।

अध्यात्मवाद : अध्यात्मवाद यस्तो दर्शन हो जसले दृश्य जगत्भन्दा पर परम सत्यको अस्तित्त्व स्वीकार गर्छ । यो सिद्धान्त आत्मवादी या ब्रह्मवादी हो र भौतिकवादका धारणामा विश्वास गर्दैन । वेदान्त दर्शन अध्यात्मवादको जग हो । यसको अर्थ पश्चिममा अध्यात्मवादी दार्शनिक भएनन् भन्ने होइन । 'अधिकांश अध्यात्मवादीहरू देशकालमा प्रसारित जगत्लाई कम तात्त्विक या अतात्त्विक मान्छन् । यस दृष्टिबाट हेर्दा प्लेटो र वेदान्त धेरै समीप देखिन्छन् । वेदान्तका अनुसार विश्व प्रपञ्च ब्रह्मको विवर्त या आभास मात्र हो; प्लेटोका अनुसार दृश्यमान जगत् वस्तु जगत्को छाया मात्र हो ।'[◈]

पूर्वीय अध्यात्मवाद संसारका सारा प्रवृत्तिहरूको लक्ष्य आत्मज्ञान मान्छ । आत्मज्ञान पुरुषार्थबाट प्राप्त हुन्छ । तर पश्चिमी अध्यात्मवाद खास गरी हीगल जस्ता दार्शनिकहरूले विश्व-प्रक्रियालाई ब्रह्मको अभिव्यक्ति मान्दै मानिसले ज्ञानका विभिन्न सिंढी चढ्दै अघि बढी पूर्ण रूपमा आत्मचेतनाको लाभ हासिल गर्छ भन्छन् । भन्नुको तत्पर्य विश्व प्रक्रिया स्वभावतः तत्त्वज्ञान या मोक्ष तर्फ अगाडि बढ्छ । यो सिद्धान्त अनुसार पुरुषार्थ गरी मुक्ति प्राप्त गर्ने (सद्योमुक्तिको) प्रश्नै उठेन । हीगल वाद र प्रतिवादबाट नै समन्वय भै उन्नत चेतनाको विकास हुन्छ भन्छन् ।

पाश्चात्य आध्यात्मवादी ब्रेडले तात्त्विक पदार्थलाई अनुभूतिरूप मान्छन् । अनुभूत हुन नसक्ने वस्तु तात्त्विक हुन सक्दैन भन्ने उनको धारणा छ । 'मैले अनुभव गर्न नसक्ने वस्तु तात्त्विक हुन सक्दैन'

◈ *डा. देवराज-पू. प. दर्शन*

उनको भनाइ छ । अनुभव जगत्का सारा विवर्त्त (प्रतिभास) ब्रह्म या विश्वतत्त्वमा रहन्छन् ।✦ ब्रेडलेले अनुभूतिरूप ब्रह्म भन्नु र वेदान्तले विज्ञान स्वरूप ब्रह्म भन्नु एउटै कुरा हो ।

पाश्चात्य अध्यात्मवादको क्षेत्रमा वर्कले (जसले वैज्ञानिक जडवादको खण्डन गरेका छन्), जर्मन दार्शनिक कान्ट (जसले साक्षी अथवा अनुभव केन्द्रलाई विश्व प्रक्रियाको बीचमा स्थापित गर्ने प्रयत्न गरे), बेलायतका ग्रीन, इटलीका कोचे, अमेरिकी ऱ्वाइस आदिको योगदान महत्त्वपूर्ण मानिन्छ । ग्रीन, ब्रेडले, कोचे, ऱ्वाइस् आदिले वैज्ञानिक जडवादको विरोध गर्दै संसारका पदार्थहरूलाई द्रष्टा या ज्ञाताको अनुभवबाट भिन्न मान्न सकिन्न भनेका छन् । अहं *(हेर्नू अहं)*का लागि नै पदार्थहरूको अस्तित्व भएको हो । ज्ञात विश्व आफ्नो सत्ता र स्वभावका लागि द्रष्टा या अनुभव केन्द्रमाथि निर्भर रहन्छ ।◊

शोपेनहावर, इमर्सन, थ्योरो, हक्सले आदि पाश्चात्य दार्शनिकहरू वेदान्त दर्शनबाटै प्रभावित भएका हुन् । यिनीहरू उपनिषद् पढ्थे र ब्रह्म(आत्मा)को उपासना गर्दथे ।

अध्यारोप : अध्यारोप सत्मा असत् वस्तुको कल्पना वस्तुमा अवस्तुको आरोप हो । डोरीमा सर्प, मरुभूमिमा पानी, सिपीमा चाँदीको भ्रम यी सबै अध्यारोपका दृष्टान्त हुन् । ब्रह्म सत्य हो र जगत् मिथ्या हो तर ज्ञान नभएसम्म जाग्रत संसारमा सत्यता बुद्धि हट्दैन । अँध्यारोमा मानिस डोरीमा सर्पको अध्यारोप गर्छ र दुःख पाउँछ । त्यसैगरी आफू आत्मा भएर पनि प्रमाताको अध्यारोप गर्छ, देहात्मबुद्धि गर्छ र दुःखको भुमरीमा पर्छ । राजपुत्र भएर पनि व्याधापुत्र संझनु, बाघको डमरुले आफूलाई नचिनेर भँडाहरूसँगै हिँडेर आफूलाई भँडाको कल्पना गर्नु

✦ *एसेज अन ट्रयूथ एण्ड रियालिटी*

◊ *डा. देवराज-पू. प. दर्शन*

अध्यारोपका उदाहरण हुन् । अपवाद*(हेर्नू अपवाद)*का लागि अध्यारोप गर्नु वेदान्तको प्रक्रिया हो । निराकार, निर्विकल्प, निरञ्जन, सच्चिदानन्दमा नाम, रूपको धारणा, साकार र सगुणको परिकल्पना अध्यारोप बाहेक अरु केही होइन ।

डोरीमा सर्पको भ्रम हटाउन उज्यालोको दरकार पर्छ । भ्रमले देखिएको सर्प वास्तविक रहेनछ, डोरी मात्र रहेछ,-यो बोध नै सर्प अपवाद गर्नु हो । जगत् भनेको वास्तवमा ब्रह्म नै रहेछ भन्ने ज्ञान पछि जगत्को अपवाद हुन्छ । आफूलाई राधेय संझिरहेका कर्णलाई स्वयं कुन्तीले तिमी मेरा पुत्र हौ' भनेपछि अध्यारोपित राधेयभाव अपवादित भयो र उनले आफूलाई कौन्तेय भनेर स्वीकार गरे। गुरुले महावाक्य श्रवण गराएपछि मुमुक्षुले देहात्मबुद्धिको अपवाद गरी आफू आत्मा हो भन्ने स्वीकार गर्छ, आत्म-साक्षात्कार *(हेर्नू आत्म-साक्षात्कार)* गर्छ ।

अध्यास : अध्यास भनेको अन्यथा ज्ञान हो । तत्वबोध नहुँदा तात्त्विक वस्तुलाई अर्कै रूपमा ग्रहण गर्नु अध्यास हो । आफू आत्मा भईकन पनि अज्ञानले गर्दा आफूलाई देह मान्नु अध्यास (देहाध्यास)को ज्वलन्त उदाहरण हो । आद्यजगद्गुरु शंकराचार्यको भनाइ छ-स्मृतिरूपः परत्र पूर्वदृष्टावभासः ।* सही ज्ञान नहुँदा गलत भान या पहिले देखिएको वस्तुको स्मृति अध्यास हो । सिपीमा चाँदी, डोरीमा सर्प अध्यासका प्रसिद्ध उदाहरण हुन् । उनी फेरि भन्छन्-अध्यासो नाम अतस्मिंस्तद्बुद्धिः* अर्थात् तत् पदार्थमा तद्भिन्न पदार्थको स्वरूपको आरोप नै अध्यास हो । अज्ञानी मानिस स्थूल शरीरलाई आफू सम्झने,

---

× *ब्रह्मसूत्र शाङ्कर भाष्यम्को भूमिका अध्यास भाष्यको नामले प्रसिद्ध छ । यस ग्रन्थको हिन्दी अनुवाद शुक्रराज शास्त्रीद्वारा भएको हो जुन सन् १९३७ मा दुई भागमा प्रकाशित भयो ।*

× ऐ. अध्यास भाष्य ।

इन्द्रियजन्य विकारमा आफूलाई मुछ्ने अध्यासबाट ग्रस्त हुन्छ । जीवात्मालाई लाटो मानिस, बहिरी केटी, कानो जोगी भन्नु अध्यासकै परिणाम हो ।

अन्तःकरण *(हेर्नू अन्तःकरण)* सम्बन्धी विकार आत्मामा थोपर्नु पनि अध्यास हो । जस्तो-मानिस कामुक छ, कोधी छ, लोभी छ आदि भन्नु । मन्द अन्धकारमा विवेकहीन मानिसले डोरीलाई सर्प संझेर आत्तिन्छ । त्यसैगरी सत्संगको प्रकाशरूपी बत्ती नलिएको व्यक्तिले संसारी मानिसका गतिविधिबाट प्रभावित भएर आफू आत्मालाई देह संझेर सुखी, दुःखी हुन्छ । मूलतः अज्ञानको मन्द अन्धकार नै अध्यासको कारण हो । अर्को कारण हो संस्कार । शंकराचार्य भन्छन् - 'यो अनर्थको बीजरूप अध्यासलाई नाश गर्नाका लागि तथा आत्माको एकत्त्व विद्या जान्नका लागि वेदान्त आरम्भ गरिन्छ ।' यसपछि उनी भूमिका टुङ्ग्याएर *ब्रह्मसूत्र भाष्य* शुरु गर्छन् ।

शंकराचार्यका बाजेगुरु गौडपादाचार्यले *माण्डूक्योपनिषत्कारिका*मा अध्यासको राम्ररी वर्णन गरेका छन् । अन्धकारमा अज्ञात डोरी नै सर्प, दण्ड, जलधारादि रूपमा देखापर्छ, त्यसरी नै अज्ञात आत्मा *(हेर्नू अज्ञात आत्मा)* नै प्राणादि रूपमा देखिन्छ । *(२।७७)*❖

'ब्रह्म र जगत्को सम्बन्धलाई शङ्कर अध्यास भन्छन् : ब्रह्ममा जगत् अध्यास्त छ । यसै प्रकारले अनात्मामा आत्मा अध्यस्त छ । ..... ब्रह्म जगत्को अधिष्ठान हो । कारणको अपेक्षामा कार्यमा जुन नूतनता देखिन्छ त्यसको रहस्य के हो ? शङ्करको मतमा यो नूतनता अध्यासको परिणाम हो । नूतनताहरू कारणका विवर्त्त हुन् । वेदान्तको अध्यासवाद र विवर्त्तवादमा, सांख्यको सत्कार्यवाद तथा न्याय-वैशेषिकको आरम्भवादको समन्वय हुन्छ । ..

❖ *स्वा. रामानन्द अनू. माण्डू. उप. का.*

अध्यासको धारणा वेदान्तको आफ्नो मौलिक धारणा हो । बौद्ध विचारक नागार्जुनले तात्त्विक र अतात्त्विकको सम्बन्धको समस्यालाई नछोई छाडिदिन्छन् । प्लेटोले पनि यस विषयमा विशेष प्रकाश पार्न सकेनन् ।*

*रामगीता*मा भ्रमका कारणले अध्यास हुने कुरा श्रीराम भाइ लक्ष्मणलाई बताउनु हुन्छ -

यदन्यदन्यत्र विभाव्यते भ्रमा-
दध्यासमित्याहु रमुं विपश्चितः ।
असर्पभूतेऽहि विभावनं यथा
रज्ज्वादिके तद्वदपीश्वरे जगत् ॥ *(ऐ.३७)*

अर्थात् भ्रमको कारणले एउटा वस्तु अर्कै वस्तुको रूपमा देखिन्छ । यसैलाई विद्वानहरूले अध्यास भन्छन् । सर्प नभएको डोरीमा सर्पको अध्यास हुन्छ, त्यसैगरी ईश्वर *(हेर्नू ईश्वर)*मा जगत् अध्यस्त हुन्छ ।

यही श्लोकको व्याख्याको क्रममा डा. स्वामी रामनन्द गिरि भन्नुहुन्छ- "अध्यासका दुई भेद छन्-स्वरूपाध्यास र संसर्गाध्यास । डोरीमा सर्पको भ्रम परेको समयमा सर्प डोरीमा स्वरूपतः अध्यस्त हुन्छ भने डोरीको सर्पका साथ संसर्गाध्यास हुन्छ । जुन पदार्थको मिथ्यात्वको निश्चय अधिष्ठानको ज्ञान भएपछि हुन्छ त्यो पदार्थ अधिष्ठानमा स्वरूपतः अध्यस्त हुन्छ । ....डोरीमा सर्पको अध्यास हुँदा डोरीमा भ्रमको कारणले देखिएको सर्प संसर्गाध्यास हो भने डोरीलाई डोरीको रूपमा नजानेर 'यो सर्प हो' भन्ने जुन ज्ञान हो त्यो नै ज्ञानाध्यास हो ।" □

डोरी-सर्प दृष्टान्त हो दार्ष्टान्तमा भन्ने हो भने डोरी झैं ब्रह्म हो र सर्प झैं जगत् हो । ब्रह्ममा जगत्को अध्यास हुन्छ त्यसैले दुःख,

---

* *डा. देवराज-पू.प.दर्शन अध्यात्मवाद प्रकरण ।*
□ *रामगीता -ने.अनुवाद/व्याख्या*

चिन्ता-टण्टा भएको हो । डोरी ज्ञान भएपछि झस्काउने, तर्साउने सर्प-भ्रम हटे झैं ब्रह्मज्ञान भएपछि जगत्मा सत्यता बुद्धि राख्नाले हुने दुःख-पीर हट्छ । असत् वस्तुलाई सत् मान्ने जुन ज्ञान हो त्यसैलाई शास्त्रकारहरूले ज्ञानाध्यास भनेका छन् ।

जड वस्तुको धर्म चेतन वस्तुमा आरोपित गर्दा संसर्गाध्यास हुन्छ । जस्तो-मुमुक्षुले 'मैले कर्म गरें' भन्नु । आत्माले कर्म गर्दैन, कर्तृत्व अभिमान लिने बुद्धि हो । बुद्धिसँग आत्माको संसर्गाध्यासले गर्दा त्यस्तो अभिमान पैदा भयो । रंगहीन फटिक नजिक जपाकुशुम राख्दा फटिक रातो देखिन्छ । यो संसर्गाध्यासको उपमा हो ।

आत्मवस्तु र अनात्मवस्तुको परस्पर अध्यास हुने अवस्थालाई अन्योन्याध्यास पनि भनिन्छ । अध्यासलाई अर्को प्रकारले पनि व्याख्या गरिएको पाइन्छ -धर्म्यध्यास र धर्माध्यास । 'देहधारी म मनुष्य हुँ' भन्दा देहलाई आत्मा मानियो-यस प्रकारको देहतादात्म्याध्यासलाई धर्म्यध्यास भनिन्छ । इन्द्रिय तथा अन्तःकरणका धर्महरूको तत्तद्धर्म रहित चिदात्मामा आरोपण गर्नु धर्माध्यास भनिन्छ ।◈ खप्तड स्वामीले अध्यासलाई बुझ्न असत् ख्याति आदि ख्याति पञ्चक *(हेर्नू असत्ख्याति..)*को ज्ञान र तिनका प्रवर्तक आचार्यहरूको मत बुझ्न पर्ने आवश्यकता औल्याएका छन् ।★

आचार्य शंकराचार्यले अध्यासलाई अनादि, अनन्त (ज्ञानबाट मात्र नष्ट हुने), नैसर्गिक (भ्रान्ति सबमा भइरहने), कर्तृत्व-भोक्तृत्व प्रवर्तक र सर्वलोक-प्रत्यक्ष (बन्धन बोध सबैलाई हुने) जस्ता विशेषण ओढाउँदै वेदान्त ज्ञानबाट यसको निराकरण हुने बताएका छन् ।

◈ *खप्. स्वामी-धर्म-वि.सार*

★ *ऐ.पुस्तक-अध्यासको स्वरूप र ख्याति पञ्चक*

अनवस्था दोष : एउटा वस्तुलाई सिद्ध गर्न अर्को वस्तु स्वीकार्नु ठीक छ । जस्तो जड वस्तुलाई चेतन वस्तुले जान्दछ । शंकालु प्रवृत्तिले गर्दा चेतन वस्तुलाई सिद्ध गर्ने अर्को अति चेतन वस्तु खोज्नु, अनि अति चेतन वस्तुलाई पनि सिद्ध गर्ने अर्को वस्तुको अस्तित्व मान्नु, यसरी अगाडि बढ्दै जानु अनवस्था दोष कहलाउँछ ।

वेदान्त प्रक्रिया अनुसार संवित् (ज्ञान) अनेक छैन, एकै छ । त्यही संवित्ले जाग्रत, स्वप्न र सुषुप्ति,काल,ऋतु, जगत् आदिलाई जान्दछ । यो स्वयंप्रकाश रूप भएकोले यसलाई जान्ने अर्को प्रकाश छैन । यही दोष निवारणार्थ *पञ्चदशी*का लेखक विद्यारण्य मुनि भन्छन् -

नोदेति नास्तमेत्येका संविदेषा स्वयं प्रभु *(तत्वविवेक प्र.७)*

अर्थात् संवत् स्वयंप्रकाश रूप छ, यसको उदय र अस्त हुँदैन ।

अनसूय : असूयको अर्थदोष दृष्टि, दोषबुद्धि हो र त्यस्तो दोषदृष्टि रहित व्यक्ति अनसूय कहलाउँछ । *गीता*मा पटक पटक अनसूय शब्दको प्रयोग भएको पाइन्छ । जस्तो -

श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्तेतेऽपि कर्मभिः *(३।३१)*

पूरा श्लोकको अर्थ हुन्छ-जसले श्रद्धापूर्वक तथा दोषबुद्धिलाई त्यागेर गीतोक्त मतको अनुसरण गर्छ ऊ कर्म बन्धनबाट मुक्त हुन्छ ।

भगवान् श्रीकृष्ण अर्जुन *(हेर्नू अर्जुन)*लाई 'अनसूय' विशेषणद्वारा सम्बोधन गर्दै अत्यन्त गोप्य ज्ञान-विज्ञानयुक्त आत्मज्ञान म तिमीलाई बताउँछु भन्नुहुन्छ - इदंतु ते गुह्यतमं पवक्ष्याम्यनसूयवे ।

(गीता९।११)

यसको तात्पर्य के हो भने ईश्वरकृपा *(हेर्नू ईश्वरकृपा)*का साथै ज्ञान प्राप्त गर्नका लागि अनसूय (दोषदृष्टि रहित) हुनुपर्छ । जीवन र जगत्

प्रति नकारात्मक दृष्टिकोण या नैराश्य असूया हो त्यसैले उत्साह, श्रद्धा र भक्तिको ठूलो महिमा छ। भगवान् भन्नुहुन्छ-

श्रद्धावानसूयश्च श्रृणुयादपि यो नरः ।
सोऽपि मुक्तः शुभाँल्लोकान्प्राप्नुयात्पुण्य कर्मणाम् ॥

(१८।७१)

श्रद्धावान् र अनसूय (दोषदृष्टि रहित) व्यक्तिले गीताग्रन्थलाई श्रवण गर्छ भने शरीर त्यागपछि पुण्यात्माहरूको शुभलोकमा पुग्नेछ । दोषदृष्टि रहित स्त्री भएमा उसलाई अनसूया *(हेर्नू अनसूया)* भनिन्छ ।

अनसूया : अनसूयाको अर्थ दोषरहित हो । अन-रहित र असूया-दोष । ब्रह्स्पतिका अनुसार गुणीहरूको गुणको विरोध नगर्नु, अल्पगुण भएकाको पनि प्रशंसा गर्नु, अरूको दोष प्रति बेवास्ता गर्नु अनसूया हो (एकादशी तत्त्व) । सती अनसूया मनुकी नातिनी हुन् अर्थात् देवहूति र कर्दम ऋषिकी पुत्री हुन् । अत्रिसँग यिनको विवाह भयो । सांख्यशास्त्रका प्रवर्तक कपिल मुनि यिनका भाइ हुन् । त्रिदेवको वरदान स्वरूप अनसूयाका दत्तात्रेय, चन्द्रमा र दुर्वासा पुत्रहरु भए । चित्रकुट वनवासको समयमा राम-सीता यिनको आश्रममा अतिथि बन्नुभयो । अनसूयाले सीताजीलाई पतिव्रता धर्मको शिक्षा दिएकी थिइन् । यिनको वंश वृक्ष-



अनन्त : अनन्त*(वि.सह.८३।६५९ र १०८।८८६)*को अर्थ हुन्छ -देश, काल, वस्तुदेखि अपरिच्छिन्न तथा अन्त्य नभएको तत्त्व । श्रुतिले पनि ब्रह्मलाई अनन्त भनेको छ- सत्यं ज्ञानमनन्तं ब्रह्म *(तै.उप.२।१।१)* अर्थात् ब्रह्म सत्य, ज्ञानरूप र अनन्त छ । दुई अवान्तर वाक्य*(हेर्नू अवान्तर वाक्य)* मध्ये यो एक हो ।

विष्णुपुराण अनुसार गन्धर्व, अप्सरा, सिद्ध, किन्नर, सर्प र चारण आदिले पनि अविनाशी भगवान्का गुणहरूको अन्त्य जान्न सक्तैनन् त्यसैले उहाँ अनन्त हुनुहुन्छ *(२।५।२४)* । शेषलाई पनि अनन्त भनिन्छ । अनन्त, अव्यक्त प्रकृतिमा शयन गर्ने भगवान्लाई अनन्तशायी भनिन्छ ।

अनन्त शब्दको परिभाषा *भागवत*मा यसरी गरिएको छ-

योऽनन्तशक्तिर्भगवाननन्तो
महद्गुणत्वाद् यमनन्तमाहुः ॥ *(भाग.१।१८।१९)*

अर्थात् अनन्त भगवान् अनन्त शक्तियुक्त हुनुहुन्छ । उहाँमा महान् र अनन्त गुण भएकाले अनन्त कहलाउनु भएको हो ।

अनन्त कथाव्रत ग्रन्थमा भगवान् आफ्नो बारेमा आफैं भन्नुहुन्छ-

अनन्तं विद्धिमां पार्थ कृष्णं विष्णुं हरिं शिवम् ।
ब्राह्मणं भास्करं शेषं सर्वलोकै कमीश्वरम् ॥

अर्थात् पार्थ ! म अनन्तलाई तिमी कृष्ण, विष्णु, हरि, शिव, ब्रह्मा, सूर्य एवं शेषादि नामबाट जान ।

विश्व प्रपञ्च रूपबाट रहनु भएका भगवान्का अनन्त रूप छन् त्यसैले उहाँ अनन्तरूप *(वि.सह.११३।९३२)* हुनुहुन्छ । फेरि उहाँकी श्री (पराशक्ति) अनन्त (अपरिमित) छे, त्यसैले उहाँ अनन्तश्री *(वि.सह.*

११३।९३३) हुनुहुन्छ । *शिव शतनामस्तोत्र*को अन्त्यमा शिवलाई अपवर्ग *(हेर्नू अपवर्ग)* पद अर्थात् मोक्ष पद प्रदान गरी तार्ने परमेश्वर अनन्त हुनुहुन्छ भनिएको छ -अपवर्ग पदोऽनन्तस्तारकः परमेश्वर : ॥ शिव ज्योतिर्लिङ्गको आदि र अन्त्य छैन त्यसैले त्यो पनि अनन्त छ ।

श्रीगणेश सहस्रनाम✦को अन्त्यमा गणपतिलाई अनन्तनामा अनन्तश्री *(ना.सं. ९९८)* भनिएको छ । गणेशको नाम पनि अनन्त छ र उहाँ अनन्तश्रीद्वारा विभूषित हुनुहुन्छ । ब्रह्म, ईश्वरलाई अनादि *(हेर्नू अनादि)* र अनन्त भनिएको छ । जीव र जगत् पनि अनादि भनिए तापनि ज्ञानोत्तरकालमा अपलाप हुने भएकाले यी अनन्त भएनन्, बरु सान्त (अन्त्य सहितको) कहलाए । ब्रह्मज्ञानबाट मात्र नष्ट हुने माया पनि अनन्त कहलाउँछ ।

श्रुतिमा ब्रह्मले माया शक्तिद्वारा अनन्त स्वरूप धारण गर्ने कुरा व्यक्त गरिएको छ -रूपं रूपं प्रतिरूपो बभूव तदस्य रूपं प्रतिचक्षणाय् *(ऋक्.६।४७।१८)*

अनन्य : न अन्य अनन्य । आत्माको परमात्मासँग अभेदता अनन्य हो । सत् वस्तु चित् पनि हो । चित् नभैकन सत्को अस्तित्त्व हुँदैन किनभने चित् नरहेको वस्तु जड हुन्छ । त्यसैले सत्को चित्सँगको सम्बन्ध अनन्य हो । वास्तवमा सत् र चित् अनन्य हुन् ।◈

ज्ञानमा मात्र होइन भक्तिको प्रसंगमा पनि अनन्य शब्दको प्रयोग भएको पाइन्छ । *गीता*मा भगवान् भन्नुहुन्छ-

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥ *(९।२२)*

✦ *इ.कोइराला-पुस्तिका*

◈ *र.म.वातचीत*

अर्थात् जसले अन्यभावले होइन, अनन्यभावले सदाकाल मेरो चिन्तन गर्दै भक्ति गर्छ, त्यसरी निरन्तर मलाई चित्त चढाइरहने भक्तको योगक्षेम अर्थात् अप्राप्तको प्राप्ति र प्राप्तको रक्षा गर्ने काम मेरो हो ।

*गीता*मा अर्को ठाउँमा भनिएको छ -

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्य मनसो ज्ञात्वा भूतादिमव्ययम् ॥ *(९।१३)*

अर्थात् दैवी प्रकृतिमा आश्रित महात्माहरूले भगवान्लाई सम्पूर्ण प्राणीहरूमा अविनाशी जानेर अंनन्य मनका साथ भजन गर्छन् ।

यसै सन्दर्भमा हामी 'अनन्यभाक्' शब्द उपर पनि विचार गर्छौं । *गीता*को सोही अध्यायमा भनिएको छ-

अपि चेत्सुदुराचारो भजन्ते मामनन्यभाक् *(९।३०)*

भूतकालमा ठूलो दुराचारी भए पनि वर्तमानमा मेरो अनन्य भक्त बन्छ भने त्यसलाई साधु नै मान्नु पर्छ (साधुरेव स मन्तव्य) । स्वामी रामसुखदास 'अनन्यभाक्'को अर्थ यसरी लगाउँछन् -"म भगवान्को हुँ र भगवान् मेरो हुनुहुन्छ, यसरी आफ्नो अहंतालाई बदलिदिनु नै 'अनन्यभाक्' हुनु हो । अहंता-परिवर्तनबाट जति चाँडो शुद्धि आउँछ (भक्तमा) जप, तप, यज्ञ, दान आदि क्रियाहरूबाट त्यति चाँडो शुद्धि हुँदैन ।"[☒]

अनन्य भक्ति गर्नेले नै भगवान्लाई तात्विक दृष्टिबाट जान्न सक्छ, त्यस्ता भक्तले साकार रूपबाट देख्न तथा म जस्तो छु त्यस्तो रूपसँग

☒ *गीता. सा. सं. टीका*

अभिन्नताको अनुभव गर्न सक्छ भनेर *गीता*मा श्रीकृष्णले बताउनु भएको छ । *(११।५४)*

अनात्म : असत् वस्तु, अनित्य वस्तु, या जड वस्तु अनात्म हुन् । शरीर, इन्द्रिय *(हेर्नू इन्द्रिय)*, अन्तःकरण *(हेर्नू अन्तःकरण)*, जगत्, धन, दौलत आदि अनात्म हुन् । अनात्म वस्तुले मानिसलाई आत्मादेखि विमुख गराउँछ । अनात्म प्रेय भए पनि श्रेय होइन, त्यसले आत्मकल्याण गर्दैन । *गीता*मा श्रीकृष्ण भन्नुहुन्छ- अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् । *(गीता ६।६)*

अर्थात् जसले अनात्म वस्तुलाई आफ्नो मान्यो त्यस्ताका लागि आत्मा नै शत्रुवत् बन्छ । अनात्म वस्तुसँगको संगत नै कुसंगत हो किनभने अनात्म वस्तुसँगको आसक्ति *(हेर्नू आसक्ति)*बाट मानिसले दुःख पाउँछ । वेदान्त शास्त्र, भक्ति मार्ग समेतले अनात्म वस्तुको संगत छाडेर असंग *(हेर्नू असंग)* बन्न जोड दिन्छन् । ती वस्तुको परिग्रहबाट अन्त्यमा दुःख मिल्ने भएकाले अपरिग्रह *(हेर्नू अपरिग्रह)* जस्ता गुण अपनाउनु भनेर तिनले पथ-प्रदर्शन गरिरहेका छन् । आत्मतत्त्व र अनात्मको भेद गर्नु नै विवेक हो । आत्म वस्तु प्रति आस्थावान् भै अनात्म प्रति विराग हुनु वैराग्य हो ।

अनादि : ब्रह्म, ईश्वर*(हेर्नू ईश्वर)*, जीव र जगत् सबै अनादि हुन् । यिनको सृष्टि कहिले भयो कसैलाई थाहा छैन, त्यसैले यिनको आदि *(हेर्नू आदि)* छैन । निर्गुण, निराकार, परब्रह्म परमात्माले सृष्टि गर्ने इच्छाबाट मायालाई साथमा लिएर सृष्टि शुरु गर्नुभयो त उहाँ नै ईश्वर कहलाउनु भयो । हृदयावासी परमात्मा या आत्मा अविद्या *(हेर्नू अविद्या)को* कारणले गर्दा जीव कहलायो । ईश्वरसृष्ट जगत्को कहिले सृष्टि भयो ? कहिले विनाश हुन्छ ? कसैलाई थाहा छैन त्यसैले जगत् पनि अनादि कहलायो ।

श्रीहरिको नाम अनादि *(वि.सह.११४।९४१)* हो अर्थात् सबैका कारण हुनाले उहाँको कारण पनि छैन, उहाँ आदि पनि हुनुहुन्न । फेरि उहाँको आदि र अन्त्य (निधन) नभएको कारणले अनादिनिधन *(वि.सह.१८।४२)* कहलाउनु भएको छ ।

अनायास कर्म : ज्ञानीको कर्म आयासयुक्त हुन्न । जहाँ आयास हुन्छ, त्यहाँ कर्तापन हुन्छ, अहंकार हुन्छ र दुःख पनि हुन्छ । त्यसैले ज्ञानी अनायास कर्म गर्छ । प्रारब्ध कर्म भोग्नका लागि उसले जीवन धानेको हुन्छ ।

अष्टावक्र *(हेर्नू अष्टावक्र)* मुनि भन्छन् -धीर (ज्ञानी) पुरुष प्रवृत्ति या निवृत्तिमा आग्रह राखेर कर्म गर्दैनन् । आइपरेको काम गर्छन् र सुखपूर्वक रहन्छन् -

प्रवृत्तौ वा निवृत्तौ वा नैव धीरस्य दुर्ग्रहः ।
यदा यत्कर्तुमायाति तत्कृत्वा तिष्ठतःसुखम् ॥

(अ.गीता १८।२०)

सोही ग्रन्थको अर्को ठाउँमा भनिएको छ-

आयासात्सकलो दुःखी नैनं जानाति कश्चन ।
अनेनैवोपदेशेन धन्यः प्राप्नोति निर्वृतिम् ॥

(अ.गीता १६।३)

अर्थात् आयास-प्रयासबाट दुःख प्राप्त हुन्छ-यो रहस्यलाई कोही जान्दैन । यही कुरा बुझ्ने र आयास त्याग्ने व्यक्ति त्यस्तो भाग्यमानी हो जसलाई निर्वाण प्राप्त हुन्छ । मानवले परमात्मालाई जप, तप, योग, साधना, हठयोग, मन्त्र, भक्ति, स्मरण, पूजन आदि प्रयासहरूबाट प्राप्त गर्न चाहन्छ । "किन्तु परमात्मा प्रयासबाट प्राप्त हुन्नन्, खोजेर पनि मिल्दैनन् किनकि उनी हराएका छैनन् । उनी भित्र छन्, उनलाई देख्नु मात्र पर्छ । उनी विस्मृत छन्, उनलाई पुनः स्मृतिमा ल्याउनु

मात्र छ । सो प्राप्तिको मार्ग प्रयास होइन । अप्रयास नै मार्ग हो । ··· प्रयासबाट सुख-दुःख मिल्छ जसबाट मनमा विक्षेप पैदा हुन्छ अनि अन्तरात्माको झलक उसले पाउन सक्तैन ।"*

अनायास कर्म बारे रमण महर्षि भन्छन्-'आत्माले अहंकारको माध्यमबाट नै कार्य गर्छ । सबै कर्म प्रयासजन्य छन् । निद्रारत बालकलाई माताले आहार खुवाउँछिन् । पूर्णतया जाग्रत नभएको बालकले खाने कुरा खान्छ र बिउँझे पछि खाने कुरा खाएको थाहै हुन्न उसलाई । तर मातालाई वास्तविकता ज्ञात हुन्छ । यसरी नै ज्ञानी अनायास कर्मरत रहन्छन् । अन्य व्यक्तिले उसले कर्म गरेको देखे पनि उनी आफैं यसमा अनभिज्ञ रहन्छन् ।*

अनासक्ति : आसक्ति राहित्य । अत्यन्त विरक्ति । असक्त *(हेर्नू असक्त)* व्यक्तिको गुण । वीतराग कृतात्मानो वितरागाः प्रशान्ताः *(मुण्डक.उप.३।२।५)* अर्थात् जसमा राग छैन, ऊ कृतात्मा हो, उसले गर्नु पर्ने केही छैन । वितराग व्यक्ति प्रशान्त हुन्छ । अनासक्त, असङ्ग *(हेर्नू असङ्ग)* हो । अनासक्तिपूर्वक कर्म गर्नु आत्म शुद्धिका लागि आवश्यक छ- योगिन कर्म कुर्वन्ति सङ्गं त्यत्त्वात्मा शुद्धये ।

(गीता ५।११)

अनासक्ति मध्यम मार्ग हो । पदार्थ त्याग र पदार्थ ग्रहण दुवै चरम विन्दु हुन् । पदार्थ त्यागबाट अहंकार *(हेर्नू अहंकार)*को वृद्धि भयो भने त्यो अनासक्ति भएन । देहलें गेह (घर) त्याग्यो तर मनले त्यसलाई समात्यो भने त्यहाँ आसक्ति भैगयो । अनासक्तिबाट शान्ति प्राप्त हुन्छ । *गीता*मा भनिएको छ- कर्मफलको आश्रय विना कार्य गर्नु श्रेय हो । यस्तो कर्म गर्ने व्यक्ति योगी र संन्यासी दुवै हो । तर अग्नि त्याग

---

* *अ.गीता-व्याख्याकार नन्दलाल*

* *र.म.बातचीत*

गर्ने अर्थात् यज्ञ, हवन आदि त्याग्ने तथा निष्क्रिय रहने चाहिँ न त्यागी हो, न संन्यासी *(गीता ६।१)*। संसारी मानिस आसक्त हुन्छ आनन्दका लागि। उसले विषय र इन्द्रियको संयोग गराउनुको कारण आनन्दको खोजका लागि हो। तर आनन्द त इन्द्रिय र विषयको संयोग विना प्राप्त हुन्छ। जस्तो सुषुप्तिको सुख। जब मानिसले थाहा पाउँछ कि विषय र इन्द्रिय विना पनि सुख पाउन सकिन्छ त्यसबेला ऊ अनासक्तिको मार्गमा लाग्छ।

अनाहत चक्र : योग साधनामा कुण्डलिनी शक्ति जाग्रत गर्ने क्रममा मूलाधार चक्र-शरीरको मेरुदण्डको तलो भागमा अवस्थित)देखि शिरमा रहने सहस्रार चक्रको बीचमा अनाहत चक्र रहेको छ। यसदेखि तल मणिपुर, स्वाधिष्ठान र मूलाधार तथा यसभन्दा माथि विशुद्ध, आज्ञा र सहस्रार चक्र पर्छन्।

'हृदय क्षेत्रलाई अनाहत चक्रको नाम दिइएको छ। यस स्थानको देवता वायु हो। यो क्षेत्र अस्वस्थ भयो भने व्यक्तिमा (साधक) नैतिक पतनतिर उन्मुख गराउँछ। राग, आत्महत्या, मानसिक कमजोरी, विवेक र निर्णयहीनता तथा न्याय र नीतिप्रति आस्था नहुनु जस्ता दुर्वलताहरू अनाहत चक्रको निष्क्रियताको परिणाम हो (हुन् ?)।[⊠]

अनाहत नाद : *भागवत*मा अनाहत नादको प्रसंग उल्लेखित छ। साधु शिरोमणि सूतजीले शौनकजीको प्रश्नको उत्तरमा ब्रह्माजीले पूर्व सृष्टिको ज्ञान गर्न एकाग्र चित्तले ध्यान गर्दा उनको हृदयाकाशबाट कण्ठ, तालु आदि स्थानसँग संघर्ष नगरीकनै एक अत्यन्त विलक्षण अनाहत नाद प्रकट भयो। यस्तो नाद मनोवृत्ति निरोध गर्दा अनुभव हुन्छ। *(भाग. १२।६।३७)*

[⊠] *स्वा. सच्चिदानन्द-चरित्र विज्ञान*

सूतजी पुनः भन्छन्-ठूल-ठूला योगी यही अनाहत नादको उपासना गर्छन् । त्यसको प्रभावबाट अन्तःकरण*(हेर्नू अन्तःकरण)*को द्रव्य (अधिभूत), क्रिया (अध्यात्म) र कारक (अधिदैव) रूपी मललाई नष्ट गरेर परम गतिरूप मोक्ष प्राप्त गर्छन् जसमा जन्ममृत्यु रूप संसार-चक्र छैन *(भाग.१२।६।३८)* । यसरी सो ग्रन्थमा यही नादबाट नै अव्यक्त प्रकृति व्यक्त हुने, परमात्माको स्वरूपको बोध ॐबाट नै हुने, कान नसुन्ने व्यक्तिले पनि ॐकारको स्फोट तत्वलाई सुन्न सक्ने प्रसंग बताइएको छ । सुषुप्ति र समाधि अवस्थामा सबैको अभाव भएको जान्ने साक्षी चैतन्य परमात्माको विशुद्ध रूप हो जसलाई अनाहत नादले नै व्यक्त गर्छ । यसैबाट वर्ण माला र ४ वेद प्रकट भए ।

(ऐ.१२।६।४४ सम्म)

हठयोगको क्रियाबाट सुषुम्ना नाडीको मार्ग जब खुल्छ त यो नाद सुनिन्छ । यस्तो नाद योगीजनले अनेक प्रकारको सुन्छन् । जस्तो - समुद्रगर्जन, मेघगर्जन, शंख़ध्वनि, घण्टाध्वनि, किङ्गिणी, वंशी(बाँसुरी), भ्रमरगुञ्जन आदि । ..... यो निरुपाधिक भएर 'प्रणव' अथवा ओंकारको रूप धारण गर्छ । यसैलाई शब्दब्रह्म पनि भनिन्छ । सन्तहरूले यसलाई 'सोहं' भनेका छन् ।[२]

शास्त्रमा भनिएको छ-शब्दो ब्रह्ममयः शब्दोऽनाहतो यत्र दृश्यते । अर्थात् यस्तो शब्द ब्रह्ममय छ र अनाहत देखिन्छ (योगीले कमललाई देखे झैं देख्छन्) ।

अनिकेत : जसले निकेतन (घर) त्यागेको छ उही हो सामान्य अर्थमा अनिकेत । *गीता*मा भगवान्ले अनिकेत र स्थिरमति व्यक्ति (भक्त) आफूलाई प्यारो लाग्ने कुरा बताउनु भएको छ-अनिकेतः स्थिरमति

---

[२] *डा. रा. पाण्डेय-हिन्दू ध. कोश*

भक्तिमान् प्रियो नरः *(१२।१९)* वेदान्तको दृष्टिले शरीरभाव नभएको व्यक्ति अनिकेत हो । शंकराचार्यले देहलाई गृह भन्नु भएको छ-(शरीरं गृहम्-*शिवमानस पूजा)* । त्यसैले देहभाव गलित भएको, भगवान्मा नै मति स्थिर भएको व्यक्ति अनिकेत हो । यस अर्थमा घर छाडेर हिंडेका सबै जोगीहरू अनिकेत होइनन् । *दुर्गा शप्तशति*मा वर्णन गरिएको सुरथ राजा र समाधि वैश्य दुवैले घर त्यागेर जंगल पसेका हुन् । राजा शत्रु लागेर जंगल गए । उनमा राज्यको आसक्ति *(हेर्नू आसक्ति)* गएको थिएन । समाधि वैश्यमा वैराग्य थियो त्यसैले उनले ज्ञान पाए । देहबुद्धि छाडेपछि मानिस अनिकेत हुन्छ । जसको स्थिरमति जो छैन ऊ अनिकेत हुँदैन, जस्तो सुरथ राजा । तर समाधि वैश्यमा वैराग्य थियो । त्यसैले उनले देवीसँग मुक्ति मागे ।

*भागवत*मा दत्तात्रेयले सर्पबाट के शिक्षा लिए भने संन्यासीले सर्प झैं एक्लै विचरण गर्नु पर्छ, मण्डली खडा गरेर रहनु हुन्न, मठ त बनाउनै हुन्न, गुफामा रहनु पर्छ -

एकचार्यनिकेतः स्यादप्रमत्तो गुहाशयः *(११।९।१४)*

अनिरुद्ध : प्रादुर्भावको समयमा कोहीबाट पनि निरुद्ध नभएकाले अनिरुद्ध *(वि. सह. ३३।१८५)* भनिएको हो । श्रीकृष्णका नाति । प्रद्युम्नका सुपुत्र ।

*भागवत*मा भगवान् श्रीकृष्ण, उहाँका दाइ बलराम (सङ्कर्षण), पुत्र प्रद्युम्न र नाति अनिरुद्ध -चारै जनाको एकै श्लोकमा स्तुति गरिएको छ जसलाई व्यूह प्रार्थना भनिन्छ-

नमो भगवते तुभ्यं वासुदेवाय धीमहि ।
प्रद्युम्नायानिरुद्धाय नमः सङ्कर्षणाय च ॥ *(भाग.१।५।३७)*

भगवान्का पुत्र प्रद्युम्नजीकी द्वितीय पत्नी रुक्मी-पुत्री सुन्दरीबाट जन्मेका अनिरुद्ध अत्यन्त सुन्दर, कमललोचन, पीताम्वरधारी आजानुबाहु पुरुष हुन् । बाणासुरकी पुत्री उषाले स्वप्नमा यिनको

झलक पाए पछि मोहित भइन् । स्वप्नपुरुषले आफूलाई मोहित पार्ने कुरा उनलाई थाहा थियो किनकि माता पार्वतीले उनलाई भविष्यमा यस्तो पुरुषसँग तिम्रो प्रेम-विवाह हुन्छ भन्ने कुरा बताइदिनु भएथ्यो ।

भक्त या भक्तिनीका लागि असंभव कुरा केही छैन, त्यसैले कहिल्यै नदेखेका पुरुषलाई स्वप्नमा देखेर उषा मोहित हुनु, आफ्नी सँगिनी चित्ररेखालाई यो कुरा बताउनु, चित्ररेखाले उषाको वर्णनको भरमा चित्रहरू लेख्दै जाँदा अनिरुद्धको चित्र स्वप्नपुरुषको रूपसँग मिलेपछि उषाले स्वप्नपुरुष त स्वयं भगवान् श्रीकृष्णका नाति पो रहेछन् भन्ने कुरा चित्ररेखाबाट थाहा पाउनु, सुतेकै अवस्थामा अनिरुद्धलाई चित्ररेखाले आकाश मार्गबाट अपहरण गरी मिलन गराइदिनु-यी सब अलौकिक घटना घटे ।

उषाका पिता बाणासुरले यो कुरा थाहा पाए पछि अपमानित ठानी अनिरुद्धलाई वन्दी बनाउनु, त्यसपछि बाणासुरको राजधानी शोणितपुरमा श्रीकृष्ण र महादेवको वरदान पाएर सहस्रवाहु बल भएको बाणासुरका वीच घनघोर युद्ध हुनु, श्रीकृष्णको विजय भए पछि बाणासुरले दुई प्रेमीहरूको विवाह गरिदिनु अनिरुद्धका जीवनका घटना हुन् । *भागवत*मा अनिरुद्धको उषासँगको विवाहको कथा बताइएको छ । *(१०।६२-६३)*

अनिर्वचनीय : अनिर्वाच्य, वाक्यागम्य । *वेदान्तसार*मा भनिएको छ- सदसद्भ्यामनिर्वचनीयं त्रिगुणात्मकं भावरूपं ज्ञान विरोधियत् किञ्चिदिति वदन्ति । अर्थात् सत् र असत् भन्न नसकिने, त्रिगुणात्मक भावरूप, ज्ञानको विरोधी जे छ त्यसैलाई अनिर्वचनीय भनिन्छ ।

वेदान्त अनुसार मायाको स्वरूप अनिर्वचनीय छ । मायालाई सत् मान्दा अद्वैतमा वाधा पर्न जान्छ । असत् मान्दा जगत् रूपी प्रपञ्च खडा गर्ने तथा ज्ञान विना नष्ट नहुने भएकोले मायालाई भावरूप

भन्नै पर्‍यो । नैथ्यायिकहरू अज्ञान या मायालाई ज्ञानाभाव मान्छन् । तर वेदान्तीहरू भन्छन्-अज्ञान या माया नष्ट हुन्छ, ज्ञानको सामु त्यो टिक्न सक्तैन । जसरी सूर्यको सामु अन्धकार टिक्दैन ।[⊗] यसरी माया या अविद्यालाई अनिर्वचनीय बताइएको छ ।

अनिर्वचनीय माया बारे डा. स्वामी रामानन्द गिरी भन्नुहुन्छ- "असत् बन्ध्यापुत्रले कसैलाई दुःख दिंदैन तर मायाकै कारणले गर्दा सम्पूर्ण सांसारिक दुःखको उत्पत्ति भएको छ । माया न त सत्-असत् उभय स्वरूप नै हो ।[✦]

मायाको अर्को विशेषता के हो भने यो ब्रह्मदेखि भिन्न पनि होइन, अभिन्न पनि होइन । घामदेखि छाया भिन्न पनि होइन, अभिन्न पनि होइन । बत्तीमुनि अँध्यारो देखिन्छ अर्थात् घाम छेकिंदा अन्धकार देखिन्छ । घामको सत्तादेखि भिन्न अन्धकारको सत्ता छैन । त्यसैले भिन्न पनि होइन, अभिन्न पनि ठहरिएन । अनिर्वचनीय माया पनि त ब्रह्मको छाया नै हो ।

"कुनै ठाउँमा ब्रह्मलाई जानेर जीव मुक्त हुन्छ भनिएको छ भने कुनै ठाउँमा अविद्या(माया)लाई जानेर मुक्त हुन्छ भनिएको पाइन्छ । अब प्रश्न उठ्छ अविद्यालाई जान्नु भनेको के हो ? अविद्या अनिर्वचनीय छ । अविद्या ज्ञान्न नसकिने वस्तु हो भनेर जान्नु नै अविद्याको ज्ञान हो । यस प्रकार माया अनिर्वचनीय सिद्ध हुन्छ ।"[*]

अनिर्वचनीय आदि ख्यातिहरू : सत् र असत् भन्न नमिल्ने अनिर्वचनीय हो र ख्याति भ्रमात्मक ज्ञान हो । जगत् सम्बन्धी ज्ञान, धारणाका सम्बन्धमा प्राचीन कालमा पूर्वीय दर्शनको क्षेत्रमा ५ सिद्धान्त

⊗ *थानेशचन्द्र -आद्य शंकराचार्य-जीवन व दर्शन*

✦ *स्व. रामानन्द-रामगीता ने. अनुवाद*

* *ऐजन ग्रन्थ*

प्रचलित भए ।◈ ती मध्ये अनिर्वचनीय ख्याति वेदान्त सिद्धान्त हो । जगत् अनिर्वचनीय *(हेर्नू अनिर्वचनीय)* मायाद्वारा सिर्जना भएकोले त्यसलाई सत् भन्न पनि मिल्दैन, असत् भन्न पनि मिल्दैन बरु अनिर्वचनीय भन्नु पर्छ । अधिष्ठान ब्रह्म सत् हो, त्यसमा असत् जगत् मिलेको छ भन्न मिल्दैन किनकि अधिष्ठानमा परस्पर भिन्न धर्मको समन्वय हुँदैन । सिपीमा चाँदी देखियो भन्दैमा सिपीमा चाँदी मिलेको छैन । सिपीज्ञान नभएसम्म चाँदी देखिएको छ, डोरीज्ञान नभएसम्म सर्पले तर्साएको छ, त्यसैले यो बाँझीको छोरा झैं बिल्कुलै झूठो पनि होइन । त्यसैले सत् र असत्देखि विलक्षण भन्नु पर्‍यो अर्थात् अनिर्वचनीय ।

अर्को ख्यातिको नाम हो आत्मख्याति । विज्ञानवादी बौद्धहरू बुद्धि नै सिपी र रजतको रूपमा देखिएको मान्छन् । बुद्धिलाई नै यहाँ आत्मा भनिएको छ । यिनीहरू दृष्टि-सृष्टिवाद मान्छन् । अख्याति मान्ने मीमांसकहरूको भनाइमा अध्यासले गर्दा सिपी र चाँदीका बारेमा सूक्ष्म भेदज्ञान भएन । सिपीमा सेतो पक्ष मात्र होइन नीलिमा पनि छ । पहिले देखेको चाँदीको भ्रम सिपीमा देखापर्छ ।

अन्यथा ख्यातिवादी नैयायिकहरूको भनाइ छ-वस्तु जहाँ देखिएको छ त्यहाँ नभए पनि अन्यत्र छ । मरुभूमिमा पानी देखियो, पानी त्यहाँ छैन तर पानी पोखरी, तलाउ आदिमा छ । डोरीमा सर्प देखियो, पछि थाहा भयो डोरीमा सर्पभ्रम भएछ । सर्प त्यहाँ नभए पनि अन्यत्र छदैछ ।

शून्यवादी बौद्धहरू असत्ख्याति सिद्धान्तलाई मान्छन् । सिपीमा रजत नभए पनि अध्यासको कारणले रजतको भान हुन्छ । जगत् स्वप्नवत् छ । शून्यमा नै भ्रमले जगत् खडा भयो । यिनीहरू अधिष्ठान समेतलाई मान्दैनन् ।

◈ *खप्. स्वामी-ध. विज्ञान सार हेर्नू*

अनुकम्पा : दया, करुणा । ठूला महात्मा या परमात्माको विशेषता के हो भने ती आर्तभक्त *(हेर्नू आर्तभक्त)* प्रति अनुकम्पा देखाउँछन् । परमात्मा दयासिन्धु, करुणासागर हुनुहुन्छ त्यसैले आपत-विपतमा परेको भक्तको उद्धार गर्न उहाँ सधैं तत्पर हुनुहुन्छ ।

ईश्वर साक्षात्कार गरेका साधु, सन्त, महात्माहरूको अनुभव *(हेर्नू अनुभव)* के छ भने निरन्तर भगवान्को चाहना र चिन्तन गर्दा उहाँको अनुकम्पा नभै छाड्दैन । "जब तपाईंको हृदयको पुकार तीव्र हुनेछ, जब तपाईं कुनै पनि बहाना नगरी प्रवल चाहना गर्नु हुन्छ भने भगवान् आउनु हुनेछ ।"•

द्रौपदीको चीरहरणको समयमा उनको आर्तनाद सुनेर श्रीकृष्णले उनको लाज बचाउनु भयो । ग्राहले आफ्नो ज्यान लिन लाग्दा गजेन्द्रले पुकारा गर्दा श्रीहरिले गजेन्द्रको उद्धार गरिदिनुभयो । महान् परोपकारी एवं स्रष्टा-द्रष्टा वेदव्यासले वेद पढ्नबाट वन्चित स्त्री-शूद्रादि प्रति ठूलो अनुकम्पा गरेर नै *भागवत, महाभारत, महाभारत*मा पनि *गीतोपनिषद्* लेखे । शुकदेव स्वामीले देवताहरूको अमृतको बेवास्ता गरी श्रापित परीक्षितलाई *भागवत* सुनाएर मोक्ष पद प्रदान गरे ।

अनुग्रह : कृपा, आशीर्वाद । *योगवाशिष्ठ*मा अनुग्रहको आवश्यकता बताएको छ-

यावन्नानुग्रहः साक्षाज्जायते परमेश्वरात् ।
तावन्न सद्गुरुं कश्चित्सच्छास्त्रं वाऽपिनालभेत् ॥ *(वैराग्य प्र. ३)*

जबसम्म साक्षात् ईश्वरको अनुग्रह *(हेर्नू ईश्वरकृपा)* हुन्न तबसम्म जिज्ञासु या मुमुक्षुलाई सद्गुरुको प्राप्ति या सत् शास्त्रमा रुचि जाग्दैन ।

• *योगानन्द-ईश्वर वार्तालाप*

पहिले आफूले आफूमाथि अनुग्रह अर्थात् आत्मकृपा *(हेर्नू आत्मकृपा)* गर्नुपर्छ त्यसपछि ईश्वरले कृपा गर्नु हुन्छ । ईश्वरकृपा सद्गुरु प्राप्तिको रूपमा साकार हुन्छ । सन्त नामदेवलाई सगुण साकार परमेश्वरले सद्गुरुको शरणमा गएर ज्ञान प्राप्त गर्न आज्ञा गर्नु भएको पाइन्छ । यसैगरी काली माताको कृपाले रामकृष्ण परमहंसलाई ब्रह्मनिष्ठ गुरु तोतापुरीबाट वेदान्त ज्ञान प्राप्त भयो ।

योगेश्वर श्रीकृष्णले प्रिय शिष्य अर्जुनलाई आफ्नो अनुग्रहका सम्बन्धमा भन्नुभयो -

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥ *(गीता ९।२२)*

अर्थात् अनन्य *(हेर्नू अनन्य)* भावले मेरो नित्य चिन्तन र उपासना गरिरहने भक्तको योगक्षेम (अप्राप्त प्राप्ति र प्राप्तको सुरक्षा) वहन गर्ने काम मेरो हो ।

सम्पूर्ण ज्ञानको भण्डार एवं सर्वशक्तिमान श्रीकृष्णको ठूलो अनुग्रहको कारण उत्तम भक्त अर्जुनले मोहनष्ट भै आत्मज्ञान *(हेर्नू आत्मज्ञान)* गरेको कुरा *गीता*मा हामी पाउँछौं भने उहाँको अनुकम्पा *(हेर्नू अनुकम्पा)*ले गर्दा उद्धवको कल्याण भएको तथा श्रोत्रिय-ब्रह्मनिष्ठ गुरु शुकदेवबाट ब्रह्मज्ञान पाएर राजा परीक्षित कृतार्थ भएको प्रसंग हामी *भागवत*मा पाउँछौं ।

शिवकृपालाई पनि अनुग्रह भनिन्छ । माया शक्तिले बाँधिएको जीव पशु हो र शिव भक्ति गरेर उहाँको अनुग्रह प्राप्त गरी मुमुक्षुले मुक्ति पाउँछ भन्ने कुरा पाशुपत सिद्धान्तमा पाइन्छ ।

अनुपलब्धि : प्रत्यक्ष नभएको ज्ञान । वेदान्ती र मीमांसकहरू यसलाई पनि ज्ञानको साधन मान्छन् । *(सं.हि.कोश-आप्टे)*

अनुभव : प्रत्यक्षज्ञान । आफैंले अनुभूति गरेको ज्ञान । ज्ञानप्राप्तिका चार साधन क. अनुभव ख. अनुमान ग. उपमान र घ. शब्द (श्रवण) मानिएका छन् (नैयायिक सिद्धान्त अनुसार) । वेदान्ती र मीमांसकहरूले अर्थापत्ति *(हेर्नू अर्थापत्ति)* र अनुपलब्धि *(हेर्नू अनुपलब्धि)* दुई साधन पनि जोडिदिएका छन् ।

सन्त महात्माहरू त्यस दिव्यानन्दको सर्वोच्च अनुभवको स्थितिमा रहने गर्छन् र परमात्माको अखण्डता तथा व्यापकताको 'सर्वं खल्विदं ब्रह्म' भन्ने सन्देश दोहोऱ्याउने गर्दछन् । यस्ता महान् आध्यात्मिक ज्ञान सम्पन्न व्यक्तिहरूको दृष्टिमा पापी भनिने व्यक्ति समेत प्रभुबाट अलग्ग हुँदैन ।[*]

अनुभूति : आचार्य शंकराचार्यले अनुभूतिजन्य या प्रत्यक्ष ज्ञानलाई अपरोक्षानुभूति *(हेर्नू अपरोक्षानुभूति)* मानेका छन् । उनको पुस्तकको शीर्षक नै *अपरोक्षानुभूति* रहेको छ । अरूले अपरोक्ष रूपले जानेको अनुभूतिलाई श्रवण गरेर जान्नु परोक्षानुभूति हो जुन लाभदायक मानिन्न । ज्ञानी गुरुले 'तत्त्वमसि' भनेर उपदेश दिंदा तत् (ब्रह्म) सम्वन्धी शिष्यको ज्ञान परोक्षानुभूति हो तर गुरुको अनुभूति चाहिं अपरोक्ष हो । शिष्यले महावाक्य प्रति पूर्ण रूपमा श्रद्धा राखेर ब्रह्मको अनुभूति गरेपछि ऊ मुक्त हुन्छ ।

अनुप्रविष्ट : परमात्माको अन्तर्यामी *(हेर्नू अन्तर्यामी)* स्वरूप । उपनिषद्मा भनिएको छ-तत्सृष्ट्वा तदेवानु प्राविशत् । तदनुप्रविश्य सच्च त्यच्चाभवत् । *(तैति. उप. २।६)*

अर्थात् परमात्माले जगत्को रचना गरेर आफैं आफ्नो सृष्टिमा प्रवेश गर्नु भयो, त्यसैले उहाँ अनुप्रविष्ट हुनुभयो । त्यस पछि उहाँ मूर्त (सच्च) पनि र अमूर्त पनि हुनुभयो ।

---

[*] *खप् स्वामी-ध. विज्ञान सार*

सष्टा आफ्नो सृष्टिमा रहेकाले उहाँलाई खोज्ने कार्य सृष्टिमा नै हुनसक्छ । यही सिद्धान्त अनुसार उहाँ आत्मा रूपले आफूभित्र पनि हुनुहुन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेका छन् -

देखिन्छ त्यो कुन मन्दिरमा पसेर ?
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर !▲

सर्वव्यापक परमात्मा अनुप्रविष्ट हुनुहुन्छ भन्ने जान्ने विचारवान् साधकले उहाँलाई आफू भित्रै खोज्छ किनकि उहाँ सधैं आफूभित्र हुनुहुन्छ र कल्याण स्वरूप हुनुहुन्छ । यस्तो ज्ञान नभएका मात्र पिशाच झैं यताउति दौडिरहन्छन् -

स बाह्याभ्यन्तरोऽसि त्वं शिवः सर्वत्र सर्वदा ।
इतस्ततः कथं भ्रान्तः प्रधावसि पिशाचवत् ॥

(अव. गीता १।१४)

अनुबन्ध चतुष्टय : आध्यात्मिक ग्रन्थका लेखकले ग्रन्थ लेखनको विषय, लेख्नुको प्रयोजन, सम्बन्ध र ग्रन्थ लेखनको लक्षित समूह अर्थात् अधिकारी उपर ध्यान दिएको हुन्छ । यही सोचलाई अनुबन्ध चतुष्टय भनिन्छ ।

यी चार विषयको व्याख्या आवश्यक छ । ग्रन्थको उदाहरणका लागि आद्य जगद्गुरु शंकराचार्यले लेख्नु भएको *विवेक चूडामणि* ग्रन्थ लिउँ । यसका अनुबन्ध चतुष्टय यी हुन् -

१. ग्रन्थको विषय-जीव र ब्रह्मको एकता । अद्वैतवाद । ग्रन्थमा भनिएको छ-

व्योमप्रख्यं सूक्ष्ममाद्यन्तहीनं ।
ब्रह्माद्वैतं उत्त देवाहमस्मि ॥ *(५१३ श्लोक)*

▲ *मार्ग कविता*

अर्थात् जुन आकाश झैं सूक्ष्म र आदि-अन्त्य रहित अद्वैत ब्रह्म हो त्यो म नै हुँ ।

२. प्रयोजन - यस ग्रन्थ लेखनको प्रयोजन मुमुक्षुको सत् चित् आनन्द स्वरूप आत्मा बारे अज्ञान हटाई आत्म-साक्षात्कार गराउनु हो ।

३. सम्वन्ध - जुन प्रयोजन हो त्यसलाई प्राप्त गर्नका लागि प्रक्रिया अपनाउनु पर्छ । यसमा प्राप्य-प्रापक भाव या प्रतिपाद्य-प्रतिपादक भाव सम्वन्ध हो । आत्मा प्राप्य हो भने अज्ञान निवारण प्रापक हो । ग्रन्थकारको भनाइ छ-बिउँझे पछि जसरी सम्पूर्ण स्वप्न प्रपञ्च आफ्नो मूल सहित नष्ट हुन्छ त्यसरी नै ज्ञानोदय भएपछि अविद्याजनित जीवभाव नाश हुन्छ । *(ऐजन ग्रन्थ २००।२०१ श्लोक)*

४. अधिकारी - कुनै ग्रन्थ कस्तो अधिकारीलाई लक्ष्य गरेर लेखिएको हो सोही अनुसार विषयलाई प्रस्तुत गर्नु पर्छ, शैली अपनाउनु पर्छ या भाषा प्रयोग गर्नु पर्छ । अधिकारी *(हेर्नू अधिकार)* भेदको कारणले गर्दा कुनै उच्चस्तरीय ग्रन्थ सबैका लागि बोधगम्य हुँदैन । साधन चतुष्टय◆ सम्पन्न उत्तम अधिकारीलाई श्रवणान् मुक्ति (सुनेरै मुक्ति) प्राप्त हुन्छ ।

अनुमानादि प्रमाणहरू : जीवन र जगत्का सम्बन्धमा कुनै सिद्धान्त स्वीकार गर्दा प्रमाणको अपेक्षा गरिन्छ । प्रमाणले प्रमेयलाई लक्ष्य गरेर त्यस बारे धारणा प्रस्तुत गर्छ । प्रमाण विना सिद्धान्त अपाङ्ग हुन्छ । शास्त्रकारहरूले चार प्रकारका प्रमाण मानेका छन् -

१. अनुमान प्रमाण २. उपमान प्रमाण

३. प्रत्यक्ष प्रमाण (ज्ञानेन्द्रियजन्य अनुभवमा आधारित)

४. शब्द प्रमाण

◆ *विवेक, वैराग्य, शम-दमादि षट् सम्पत्ति र मुमुक्षुता*

वेदान्तले प्रत्यक्ष प्रमाणलाई उपेक्षा गरेर अनुमान, उपमान र शब्द तीनै प्रकारका प्रमाणलाई मान्छ । ब्रह्मको व्यापकता र सूक्ष्मतालाई कसरी बताउने? यसको उत्तरमा वेदान्तले आकाश *(हेर्नू आकाश)*को उपमा प्रस्तुत गर्छ । आकाशको उपमाद्वारा ब्रह्मलाई लखाउने कार्य अद्वैतपरक धेरै ग्रन्थमा गरिएका छन् । आकाश जड हो र ब्रह्म चेतन तैपनि व्यापकताको दृष्टिले निर्विकार अवस्था, सूक्ष्म रूप आदि गुणले गर्दा आत्मा ब्रह्मको बारेमा बताउँदा आकाशको उपमा प्रसिद्ध छ ।

अनुमान प्रमाण चाहिँ धूवाँ देखेर धूवाँ भएको ठाउँमा आगो छ भन्ने अनुमान गर्नु हो । बाह्य इन्द्रियले नदेखेको, नजानेको वस्तुलाई केही कुराको आधारमा मनले साँचो मान्नु अनुमान हो । आत्मा सूक्ष्म वस्तु हो त्यसलाई हामी अनुमानबाटै स्वीकार गर्छौं । आत्मा सत् वस्तु हो यद्यपि देखिन्न । आत्माको अस्तिताले गर्दा नै 'म' छु सिद्ध हुन्छ । आत्मा आनन्द स्वरूप भएकोले सुषुप्तिमा आनन्द मैले भोगेको छु (आनन्दभुक) भएर ।

अर्को हो शब्द प्रमाण । आप्तपुरुषको वाक्य नै प्रमाण हो । आप्त पुरुष साक्षात्कृतधर्मा हुन्छन् अर्थात् अनुभव र अनुभूतिको *(हेर्नू ऐजन प्रविष्टि द्वय)* आधारमा उपदेश गर्छन् यस्तो उपदेशलाई आप्तोपदेश *(हेर्नू आप्तोपदेश)* भनिन्छ । न्याय दर्शनले यसलाई चौथो प्रमाण मान्छ । शास्त्रले भनेको ज्ञानी गुरुले बताएको कुरामा श्रद्धा र विश्वास गरी साधना गर्दै गए साधक ज्ञानी हुन्छ । तत्त्वमसि भनेर गुरुले बताउनु भएपछि चेलाले त्यसलाई मान्छ र ज्ञान गर्छ । त्यसैगरी शास्त्रले 'तिमी देह होइनौ आत्मा हौ, जीव नै ब्रह्म हो' (जीवो ब्रह्मैव नापर) भनी बताएको कुरा(शब्द)मा जसले पूरा विश्वास गर्न सक्छ त्यो ज्ञानी बन्छ । तर आत्मा/ब्रह्म चाहिँ शब्द प्रमाणबाट मात्र जानिन्न भनिएको छ । त्यो अप्रमेय *(हेर्नू अप्रमेय)* हो ।

चार्वाक सिद्धान्तले प्रत्यक्ष प्रमाण मात्र मान्छ, अन्य प्रमाण मान्दैन । देह नष्ट भएपछि जीव नै नष्ट भयो भन्ने चार्वाक सिद्धान्त हो ।

पुनर्जन्म, प्रारब्ध भोग आदिलाई यस सिद्धान्तमा स्थान छैन । प्रत्यक्ष रूपमा नदेखिने भगवान्‌को सत्तालाई यस भौतिकवादी दर्शनले मान्ने कुरै भएन ।

बौद्ध दर्शनले प्रत्यक्ष र अनुमान दुवै मान्छ । बुद्धले पहिलोपल्ट रोगी, वृद्ध र लाश देखेर जीवन दुःखमय छ भन्ने धारणा बनाए । संसारमा दुःख छ भन्ने कुरा उनले प्रत्यक्ष देखेका हुन् । बौद्ध दर्शनले पुनर्जन्मलाई अनुमान प्रमाणको आधारमा मान्छ । मान्छेले राम्रो कामको फल राम्रै पाउँछ र नराम्रो पाप कर्मको फल नराम्रो हुन्छ । जसले अर्काको हिंसा गर्छ, अर्को जन्ममा हिंसा गरिएको व्यक्तिले पनि उसको हिंसा गर्छ । यो अनुमान प्रमाणको कुरा हो ।

अनुसन्धान : खोज, सन्धान, जोड्ने हेतु, अन्वेषण । उपयुक्त संयोग, गवेषण । वेदान्तमा आत्मज्ञान *(हेर्नू आत्मज्ञान)* कसरी हुन्छ ? त्यसको अवरोधक के के हुन् ? चित्त शुद्ध कसरी हुन्छ ? अविद्यालाई कसरी हटाउने ? यी र यस्ता प्रश्नको उत्तर खोज्नु अनुसन्धान हो । आत्मा, (ब्रह्म) सर्वव्यापक, नित्य तत्त्व भएकाले यसको प्राप्तिका लागि प्रयास गर्नु परेको छैन । जे छ त्यसको अनुसन्धान गर्नु परेको छैन । जो भएर पनि नभएको जस्तो हुनगयो त्यसको कारणकै खोज गरी निवारण गर्नु आवश्यक छ । रमण महर्षि भन्छन्-'अवरोध के हो ? यसको अनुसन्धान गर र निवारण गर । अतः प्रयासको आशय हो- सत्य-दर्शनको मार्गका अवरोधकको निवारण ।'[◊]

उपनिषद्‌मा 'विद्या सन्धि प्रवचनम् सन्धानम्' या 'वाक् संधि जिद्धा संधानम्[◆] भन्ने वाक्य प्रयोग भएको पाइन्छ । यसको अर्थ के हो भने गुरु र चेलाको मिलनबाट उत्पन्न विद्या सनधि हो भने यो सन्धिको हेतु प्रवचन हो । जसले जोड्ने कार्य गराउँदछ त्यो सन्धान

◊ *र.म. वातचीत*

◆ *तैत्ति. उप. १।३*

भयो । अर्को उक्तिमा भनिएको छ-मुखको तल र माथिको भागको मिलनबाट वाणी उत्पन्न हुन्छ जुन सन्धि हो । वाणी रूप संधिको उत्पत्तिको कारण जिब्रो हो । त्यसैले यो सन्धान भयो । प्राणीमा शारीरिक र आत्मविषयक उन्नति गर्ने क्षमता रहेको कुरा यसको अर्थ अनुसन्धान गर्दा छर्लङ्ग हुन्छ । *रामगीता*मा 'आत्मानुसन्धान परायण' भन्ने शब्द प्रयोग भएको पाइन्छ-

आत्मानुसन्धान परायणः सदा
निवृत्त सर्वेन्द्रियवृत्ति गोचर : ॥ *(श्लोक १६)*

समस्त इन्द्रियहरूका विषयलाई त्यागेर (अन्तर्मुखी बनेर) निरन्तर आत्मानुसन्धानपरायण बुद्धिमान व्यक्तिले सम्पूर्ण कर्मलाई त्यागिदिन्छ किनकि कर्म विद्याको विरोधी हो (तरमात्यजेत्कार्यमशेषतः सुधी । विद्या विरोधानन समुच्ययो भवेत् *(ऐजन श्लोकको पूर्वांश)*।

*भागवत*मा अनुसन्धानको फल व्यक्त गर्दै भगवान् भन्नुहुन्छ-ज्ञानयोगका ज्ञाता एवं धीर व्यक्तिले यसै मनुष्य योनिमा इन्द्रिय-शक्ति, मन-शक्ति आदिको अधिष्ठानको रूपमा रहेको म आत्मतत्त्वलाई पूर्णतः प्रकट रूपमा साक्षात्कार गर्न सक्छ । *(भाग.११।७।२१)*।

आचार्य शंकराचार्यले मोक्षको कारणरूप सामग्रीहरूमा सबभन्दा ठूलो भक्ति नै हो भन्दै वास्तविक रूपमा भक्ति भनेको स्वस्वरूपको अनुसन्धान या आत्मतत्त्वको अनुसन्धान गर्नु हो भन्नुभएको छ -

स्वस्वरूपानुसन्धानं भक्तिरित्यभिधीयते ॥
\+ + +
स्वात्मतत्वानुसन्धानं भक्तिरित्यपरेजगुः ।[1]

---

[1] *वि.चूडामणि ३२।३३*

अनेकमूर्ति : परमात्मा अनेकमूर्ति *(वि.सह.९०।७२१)* हुनुहुन्छ, किनकि अवतार लिँदा लोकको उपकार गर्न उहाँ अनेक रूप लिनुहुन्छ । विश्व पनि भगवान्‌कै मूर्ति हो । उहाँ महामूर्ति, दीप्तमूर्ति *(हेर्नू ऐजन श्लोक)* पनि हुनुहुन्छ ।

अन्तःकरण : अन्तःकरणलाई मन, बुद्धि, चित्त, अहंकारमा विभाजन गरिएको छ । मनले संकल्प, विकल्प गर्छ । बुद्धिले निश्चय गर्छ । चित्तको अर्को नाम हो चञ्चलता । अहंकारको काम हो कर्ता, भोक्ता भाव खडा गर्नु । यिनको देवता पनि अलग अलग छन् । जस्तो-

मनको देवता	-	चन्द्रमा
बुद्धिको देवता	-	ब्रह्मा
चित्तको देवता	-	वासुदेव
अहंकारको देवता	-	रुद्र

अन्तःकरणका दोषत्रय-मल, विक्षेप र आवरण अविद्याका शक्ति हुन् । मल दोषको कारण व्यक्ति संसारी, अविश्वासी र अश्रद्धालु हुन्छ । निष्काम कर्मद्वारा उसको मल दोष निवारण हुन्छ । विक्षेपले मनलाई चञ्चल बनाउँछ । शुरुमा सत्संगीको मन दृढ विश्वासको अभावले गर्दा चन्चल हुन सक्छ । चित्तलाई आत्मातिर केद्रित र स्थिर बनाउन भक्तिको ठूलो भूमिका रहन्छ । भक्तिले विक्षेप दोष हटाउँछ । ज्ञान नभएसम्म आवरण दोष जाँदैन । आवरणले स्वरूपको साक्षात्कार हुन दिँदैन । मायाबाट जन्मेका गुण सत्त्व, रज र तम अन्तःकरणका वृत्तिका रूपमा रहन्छन् ।

अन्तःकरण शुद्धिका चार भूमिका बनाइएका छन् । ती हुन्- दुश्चरित्रता, कामकोधादि, मनोराज्य एवं सिद्धिहरूको परित्याग । यस्तो त्याग त्यसै संभव छैन । साधकले भक्ति, विरक्ति अपनाउँदै वेदान्त ज्ञान तर्फ अभिमुख हुनुपर्छ । वेदान्त अन्तःकरण शुद्ध नभै ज्ञान हुन्न भन्ने कुरामा जोड दिन्छ ।

आत्मपदलाई प्राप्त गरेपछि ज्ञानीको अन्तःकरणको कर्मजन्य पुण्य र पापका साथ सम्वन्ध हुन्न किनकि आकाशको सम्वन्ध धूवाँसँग हुँदैन-तज्ज्ञस्य पुण्यपापाभ्यां स्पर्शो ह्यन्तर्न जायते ।

(अष्टावक्र गीता ४।३)

*गीता*मा 'सत्त्वसंशुद्धि' *(१६।१)* शब्द प्रयोग भएको छ जसको अर्थ अन्तःकरणको सम्यक शुद्धि हो । अन्तःकरणको सम्यक शुद्धि भएमा साधकका लागि तत्त्वज्ञान सुगम हुन्छ । तत्त्वज्ञानलाई ढाकिदिने प्रतिवन्धकको अन्तःकरणमा अभाव नै त्यसको शुद्धि हो । प्रतिवन्धक हुन् -

क. संशय भावना (अभावना) ख. असंभावना*(हेर्नू असंभावनादि प्रतिबन्धक)* ग. विपरीत भावना र घ. विप्रतिपत्ति ।* संशय भावना शुरुको प्रतिवन्धक हो । संसारी मानिसलाई कुनै कारणले निराश पाऱ्यो भने सत्संगमा जान थाल्छ । गुरु, शास्त्रले संसार स्वप्नवत् छ, ब्रह्मसत्य हो भनेको सुनेर उसलाई शंका लाग्न थाल्छ-ब्रह्म छैन, भएको भए किन देखिएन ? यो प्रतिवन्धक निरन्तर सत्संग अर्थात् सम्यक श्रवणबाट हट्छ ।

असंभावना हटाउन रातदिन मनन गर्नु पर्छ । जीव र ब्रह्म एकै हो भन्ने वेदान्त शास्त्रको उद्घोषलाई असंभावनाको दृष्टिले हेर्नू दोस्रो प्रतिवन्धक हो जसलाई हटाउन साधकले मनन गर्नु पर्छ । सुषुप्तिमा द्वैत देखिन्न, आफू साक्षी चैतन्य बाहेक अरू केही छैन-यसरी असंभावना प्रतिवन्धक हटाइन्छ ।

तेश्रो प्रतिवन्धक हो विपरीत भावना । शास्त्र, गुरुले धेरैपल्ट जगत् छँदै छैन, ब्रह्मकै विवर्त्त हो, भनेर उपदेश दिंदा पनि जगत्मा सत्यता बुद्धि हुनु अथवा आफू आत्मा भैकन पनि देहात्माबुद्धि नहट्नु विपरित भावना हो । निदिध्यासनको यहाँ आवश्यकता पर्छ । शंकराचार्यले

---

* *वि.चूडामणि-११७*

विप्रतिपत्ति प्रतिबन्धकको उल्लेख गर्नु भएको छ । यसमा 'छ कि छैन के थाहा' भन्ने अनिश्चय रहन्छ ।

उपाधिको कारणले ब्रह्म वस्तुको अवरोहण हुने कुरा श्रुतिमा बताइएको छ-"मायाकृत उपाधिहरूबाट अत्यन्त मुक्त ब्रह्म शुद्ध चैतन्य कहलाउँछ । मायासँगको सम्बन्धबाट त्यो (तत् पदार्थ) ईश हुन्छ, अविद्याबाट वशीभूत भएर त्यही नै जीव बन्छ तथा अन्तःकरणको सम्बन्धबाट त्यही प्रमाता-ज्ञाता कहलाउँछ ।"*

अन्तरात्मा : जुन सर्वव्यापक, सर्वशक्तिमान ईश्वर किंवा परमात्मा हो उही जीवात्मामा अन्तर्निहित रहेका कारणले अन्तरात्मा कहलाउँछ । अन्तरात्मा अन्तर र आत्मा दुई पद मिलेर बनेको छ । अन्तरको अर्थ हुन्छ भित्र, अन्तर्धान हुनु, आत्मा सम्बन्धी या परमात्मा आदि ।◈ यसको समानार्थ शब्द हो अन्तर्यामी *(हेर्नू अन्तर्यामी)* ।

प्राणीहरूमा अनुप्रविष्ट *(हेर्नू अनुप्रविष्ट)* आत्मा अन्तरात्मा कहलाउँछ । जसरी आकाश घट भित्र र बाहिर सर्वत्र छ, एकै छ, त्यसै गरी अन्तरात्मा प्राणीहरूको हृदयका साथै सर्वत्र छ । यो त्यसै प्रकाशित हुँदैन किनकि मायाको पर्दाले छेकिएर रहेको छ । त्यसैले श्रुतिले भनेको छ- एष सर्वेषु भूतेषु गूढोत्मा न प्रकाशते । *(कठ उप.१।३।१२)*

*कठोपनिषद्*मा नै वायुको उपमा दिएर अन्तरात्मालाई यसरी लखाइएको छ-

वायुर्यथैको भुवनं प्रविष्टो
रूपं रूपं प्रतिरूपो बभूव ।
एकस्तथा सर्वभूतान्तरात्मा
रूपं रूपं प्रतिरूपो बहिश्च ॥ *(ऐ.२।२।१०)*

× *कठरुद्रोपनिषद्-२६-४३*

◈ *अ.कोश/नानार्थ वर्ग ३।१८७*

अर्थात् सम्पूर्ण ब्रह्माण्डमा प्रविष्ट एकै वायु नाना रूपमा र वस्तु समान रूप भै रहन्छ, त्यसैगरी सब प्राणीहरूको अन्तरात्मा, परब्रह्म एकै भएर पनि नाना रूपमा र प्राणी प्रतिरूप झैं भएर भित्र र बाहिर रहेको छ ।

अन्तर्याग : आगम शास्त्र अन्तर्गत साधन-प्रक्रिया दुई प्रकारका बताइन्छ, एउटा बहिर्याग र अर्को अन्तर्याग । बहिर्यागमा स्नान, ध्यान आदिका साथै इष्टदेवको गन्ध, पुष्प, धूप, दीप, नैवेद्यादि समर्पण गरी पूजा गरिन्छ । अन्तर्यागमा भने यी सबै वाह्य वस्तुको आवश्यकता रहन्न । मनमनै गरिने अर्थात् चिताएर मात्रै आफ्नो इष्टदेवलाई टक्र्याइने सर-सामग्रीहरूको स्वतन्त्र रूपले उपयोग गरिन्छ । विशेषतः यो विधि-विधानमा पञ्च महाभूतद्वारा उपचार कल्पना गर्ने मानसिक पूजा हुन्छ । जस्तो -

पृथिव्यात्मकगन्धः स्यादाकाशात्मकपुष्पकम् ।
धूपो वाय्वात्मकः प्रोक्तो दीपो बह्न्यात्मकः परः ॥
रसात्मकं च नैवेद्यं, पूजा पञ्चोपचारिका ।

पृथ्वी तत्त्वको गन्ध, आकाश तंत्त्वको पुष्प, वायु तत्त्वको धूप, तेज तत्त्वको दीप र रसात्मक जल तत्त्वको नैवेद्य रूपमा कल्पना गरेर पञ्चोपचार पूजा गर्नुपर्दछ ।*

अन्तर्यामी : परमात्मा आफ्नो सृष्टिमा अन्तर्निहित भएको तथा सबै प्राणीहरूको हृदयमा लुकेर बसेको कारणले अन्तर्यामी कहलाउनु हुन्छ । श्रुति भन्छ-'जुन परमेश्वर सूर्यमा रहेर पनि सूर्यदेखि भिन्न हुनुहुन्छ, जसलाई सूर्यले जान्दैनन्, जसको शरीर नै सूर्य हो, सूर्यको भित्र र बाहिर व्यापक भएर शासन गर्नुहुन्छ, त्यो तिम्रो अन्तर्यामी अमृत आत्मा हो । *(वृह. उप. ३।७।९)*

---

* *सं. लोकनाथ-अजपाजप विधि*

अजीत नाम धारण गर्नु भएका विष्णु भगवान्‌को स्तुति गर्दै ब्रह्माजी भन्नुहुन्छ- 'भगवान् तपाईं निर्विकार, सत्य, अनन्त, आदि पुरुष, सबको हृदयमा अन्तर्यामी रूपले विराजमान, अखण्ड र अतर्क्य हुनुहुन्छ ।'

(भाग ८।५।२६)

जगत्‌को सृष्टि गरेर त्यसैमा प्रवेश गर्नु वास्तवमा अन्तर्यामी स्वरूपको संकेत हो-तत्सृष्ट्वा तदेवानु प्राविशत *(तैत्ति.उप.२।६)* परमात्मा जड र चेतन दुवैमा रहनुहुन्छ । मूर्त र अमूर्त *(हेर्नू अमूर्त)* हुनुहुन्छ । वायु आकाशको रूपमा अमूर्त तथा पृथ्वी, जल र तेजको रूपमा मूर्त ।

कठपुतली नचाउनेले आफू लुकेर कठपुतलीहरूलाई औंलाहरू चलाएर नचाए झैं अन्तर्यामी ईश्वरले पनि अदृश्य रहेर विश्वलाई आफ्नो मायाद्वारा नचाइरहनु भएको छ *(गीता १८।६१)* । अन्तर्यामी परमात्मा आत्माको रूपमा विराजमान भएर नियमन गर्नुहुन्छ-

य आत्मनि तिष्ठन्नात्मतोऽन्तरः । *(माध्यन्दिनीय शाखा)*

अन्नमय कोश : पञ्च कोशहरूमा अन्नमय कोश प्रथम हो । अन्य कोशहरू हुन्-प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोश । स्थूल देह नै अन्नमय कोश हो । कोशको अर्थ ढकनी हो, तरवारको म्यान जस्तो । आत्मालाई यी कोशहरूले ढाकेका छन् तापनि आत्मा कोशहरू भन्दा पर छ, त्यसैले त्यसलाई कोशातीत भनिएको हो । अन्नमय कोशलाई आत्मादेखि टाडा र आनन्दमय कोशलाई आत्माको नजिक बताइएको छ ।

रज र वीर्यबाट शरीर धारण गरेको गर्भको जीवले आमाबाबुले खाएको अन्नबाट पोषण पाउँछ, जन्मेपछि आफैंले अन्न खाएर स्थूल देह टिक्छ अनि मरेपछि अन्नप्रद पृथ्वीमा मिल्ने भएकोले शरीरलाई अन्नमय कोश भनिएको हो । हाड, मासु, छाला, नसा, रगत, बोसो, मज्जा युक्त स्थूल शरीर नै अन्नमय कोश हो । दुःख-सुख भोगको स्थान नै अन्नमय कोश हो ।

शंकराचार्य स्थूल शरीरलाई भोगायतन बताउँछन् -

पञ्चीकृतेभ्यो भूतेभ्यः स्थूलेभ्यः पूर्वकर्मणा ।
समुत्पन्नमिदं स्थूलं भोगायतनमात्मन ।।
अवस्था जागरस्तस्य स्थूलार्थानुभवो यतः[*]

अर्थात् पञ्चीकृत स्थूल भूतहरूद्वारा पूर्व कर्मानुसार उत्पन्न भएको यो शरीर आत्माको भोगायतन हो । यसको प्रकृति जाग्रत्मा हुन्छ, यसमा स्थूल पदार्थहरूको अनुभव हुन्छ ।

अन्नमय कोश षड्विकार युक्त छ- जन्मन्छ, रहन्छ, बढ्छ, घट्छ, परिवर्तन हुन्छ र नष्ट हुन्छ । यसैको बाल्यावस्था, तरुनो अवस्था र वृद्धावस्था हुन्छ । आत्मा चाहिँ षड्विकार मुक्त र तीन अवस्था रहित छ । तैपनि अज्ञानी मानिसहरूले देहात्मबुद्धि गर्छन् ।

अन्वय : नित्य, निरन्तर जसको भाव छ, जुन सत्य वस्तु हो, जो अनेक फूलका थुंगाहरूलाई उन्ने धागो झैं व्याप्त छ, त्यही अन्वय हो । जुन तत्त्व सबै कालमा छ, सबै वस्तुमा र सबै देशमा विद्यमान छ त्यसलाई अन्वय शब्दले जनाउँछ । सत्को कहिल्यै अभाव छैन, त्यो अन्वय हो र असत् वस्तु केही कालमा देखिए पनि सदा कालमा नरहने भएकाले त्यसलाई अन्वय भन्न मिलेन । यस्ता असत्, अनित्य, आगमापायी वस्तुलाई शास्त्रले व्यतिरेक भनेको छ । जाग्रत् कालमा सृष्टि देखिन्छ । स्वप्नमा अर्कै प्रकारको सृष्टि देखिन्छ तर सुषुप्तिमा चाहिँ सृष्टि देखिन्न । त्यसको अभाव हुन्छ, त्यसैले सत् वस्तु तीनै अवस्थामा अन्वय रूपले रहन्छ । यही साक्षी चैतन्य हो । तर असत् वस्तुको व्यतिरेक हुन्छ ।

---

[*] *वि. चूडामणि*

*भागवत*मा अन्वयव्यतिरेकाभ्यां यत् स्यात् सर्वत्र सर्वदा *(२।९।३५ चतुःश्लोकी)* भनेर ब्रह्मलाई लखाउने विधिमुख र निषेध-मुखका अर्थमा अन्वय र व्यतिरेक शब्दको प्रयोग भएको पाइन्छ । परमतत्त्वलाई अन्वय रूपवाट जान्न सकिन्छ । नाम र रूपलाई व्यतिरेक विधिवाट हटाएपछि अस्ति, भाति र प्रिय तत्त्वको अन्वय विधिवाट बोध हुन्छ । आत्मालाई अन्वय नियमवाट र अनात्मालाई व्यतिरेक नियमबाट जानिन्छ ।

*भागवत*मा अन्यत्र पनि अन्वय र व्यतिरेक शब्द प्रयोग भएका छन् ।[*] वेदान्तमा अन्वयव्यतिरेकी अनुमान, केवलान्वयी अनुमान र केवल व्यतिरेकी अनुमान शब्दहरु पाइन्छन् । पहिलो अनुमानमा तत्त्वका सम्बन्धमा भाव र अभाव दुवै शैलीबाट वर्णन गरिन्छ । आत्माका सम्बन्धमा भाव रूपवाट अनि अनात्मा(जगत्, शरीरादि)का सम्बन्धमा अभाव रूपवाट बताउने कार्य हुन्छ । केवलान्वयीमा भावकोटीबाट मात्र अनुमान गरिन्छ । व्यतिरेकी अनुमान चाँहि केवल अभावकोटीबाट गरिन्छ 'नेति नेति' पद्धतिबाट । उदाहरण -

अन्वय - घैँटामा माटो छ ।
व्यतिरेक - माटामा घैँटो छैन ।

दार्ष्टान्तमा के भन्न सकिन्छ भने भगवान् सृष्टिमा हुनुहुन्छ तर सृष्टि चाँहि भगवान्मा छैन ।

अपञ्चीकृत पञ्चमहाभूत : स्थूल शरीर बन्नु अघि पञ्चमहाभूत अपञ्चीकृत रूपमा रहन्छन् । पृथ्वी, जल, तेज, वायु, आकाश बेग्लाबेग्लै रूपमा रहँदा र परस्पर मिश्रण भै चेतनसँग संयुक्त हुन गई स्थूल शरीर ग्रहण गर्नु अघिको स्थितिमा अपञ्चकृत रूपमा रहन्छन् । स्थूल शरीर चाहिँ पञ्चमहाभूतको पञ्चीकरणको परिणाम हो ।

---

[*] *भाग. ६।१६।५६*

पञ्चीकरण गर्दा एउटा तत्त्व(भनौं पृथ्वी)लाई आधा पारिन्छ । आधा एक खण्डलाई राखेर अर्को आधा समावेश नगरी अन्य तत्त्वहरूलाई पनि आधा आधा पारेर आधा अंशलाई ४ भागमा विभाजन गरी शुरूको तत्त्वको आधासँग मिलाइन्छ । यसरी स्थलचर, मनुष्य समेतको शरीर बन्छ । नभचरको शरीर बन्दा ५०% वायु र अन्य तत्त्वको १२½ प्रतिशतका दरले अंश जोडिन्छ । चरादि आकाशमा उड्न सक्नु, स्थलचर उड्न नसक्नुको कारण यही हो । यसरी नै ५० प्रतिशत जल भई पञ्चीकृत भएका जलचरका शरीर बन्छन् । सूक्ष्म शरीर चाहिँ अपञ्चीकृत पञ्च महाभूत दश इन्द्रिय, मन र बुद्धि १७ तत्त्वले बनेको हुन्छ ।

अपरब्रह्म : जो परब्रह्म होइन, परब्रह्मदेखि भिन्न । नाम र रूप युक्त ब्रह्म नै अपर ब्रह्म हो जसलाई सगुण, साकार भनिन्छ । प्रतीकमा पनि ब्रह्म दृष्टि[▣] गरी उपासना गर्ने गरिन्छ । ब्रह्म दुई रूपमा बोध गरिने भएकाले नाम-रूप उपाधि विशिष्ट ब्रह्म (अपरब्रह्म) पनि मानिएको छ । वास्तविक रूपमा ब्रह्मलाई उपाधि रहित भनेर श्रुतिमा बताइएको छ ।

आचार्य प्रवर गौडपादले प्रणवलाई पनि परब्रह्म र अपरब्रह्मको रूपमा उपासना गर्न सकिने बताएका छन् -

प्रणवो ह्यपरं ब्रह्म प्रणवश्च परः स्मृतः ।

अर्थात् पर र अपरब्रह्म प्रणव नै हो ।[*]

अपराजित/अपराजिता : जो पराजित हुँदैन त्यस्तो परमात्मा । विष्णुका आन्तरिक रागादि शत्रु छैनन्, न दानवादिले उहाँलाई जित्न नै

▣ *ब्रह्मदृष्टिरुत्कर्षात्-ब्रह्मसूत्र ४।१।५*

* *माण्डूक्यकारिका-आग.प्र. २६*

सक्छन्, त्यसैले उहाँ हुनुहुन्छ अपराजित *(वि.सह.८९।७१६)*।

ब्रह्माजीको मन्दिरको नाम पनि अपराजित हो । सूर्य झैं तेजोमय भएकोले त्यो मन्दिर कसैद्वारा पराजित हुँदैन । मेघ, यज्ञ रूपी वायु र आकाश रूप इन्द्र तथा प्रजापति त्यस मन्दिरका द्वाररक्षक हुन् ।✖

दुर्गादेवी अपराजिता हुनुहुन्छ । आश्विन शुक्ल पक्ष दशमीका दिन अपराजिता भगवतीको पूजा हुन्छ-

दशम्यां च नरैः सम्यक् पूजनीयापराजिता ।
मोक्षार्थं विजयार्थञ्च पूर्वोक्त विधिना नरै ॥*

अर्थात् मोक्ष र विजयका लागि उपर्युक्त दिनमा अपराजिता देवीको सम्यक प्रकारले पूजा गरिन्छ । प्राचीन कालमा बलशाली शुम्भ र निशुम्भ असुरहरूले इन्द्रादि देवतारूलाई पराजित गरेपछि उनीहरूले अपराजिता देवीको स्मरण गरे किनभने उहाँले इन्द्रलाई वर दिनु भएको थियो-विपत्ति पर्दा तिमीले मलाई संझनू, म तिमीहरूका विपत्तिहरू नष्ट गर्नेछु । (तां देवीं स्मरंत्यपराजिताम्)✱

अपराजिता चण्डिकाले शिव शंकरलाई दूत बनाएर असुरराज शुम्भ, निशुम्भको समीपमा पठाउनु भएकोले उहाँको नाम शिवदूती पनि रह्यो । अपराजिताले शिवलाई भन्नुभयो-तपाईं दूत बनेर शुम्भ निशुम्भ कहाँ जानुहोस् र मेरो सन्देश दिनुहोस् कि तिनीहरूले बाँच्न चाहने हो भने त्रैलोक्यको राज्य इन्द्रलाई दिएर पाताल जानु पर्छ, हैनभने उनीहरूको निधन हुनेछ । तिनीहरू र तिनका सैन्यका मासुले योगिनीहरू तृप्त हुनेछन् ।◈

✖ *कौषी. उप. १।३*
* *हि. धर्मकोश*
• *दुर्गा शप्तशति ५।५*
◈ *ऐजन ८।२४-२८*

अपरा प्रकृति : यसलाई जड प्रकृति पनि भनिन्छ । पृथ्वी, जल, अग्नि, *(हेर्नू अग्नि)* वायु, आकाश, पञ्च तत्व र मन, बुद्धि एवं अहंकार *(हेर्नू अहंकार)* अपरा प्रकृति हुन् । यिनलाई अष्टधा प्रकृति *(हेर्नू अष्टधा प्रकृति)* पनि भन्निछ । परा प्रकृति चाहिँ चेतन प्रकृति हो । यसलाई जीव पनि भनिन्छ । यी दुई प्रकृतिबाट सम्पूर्ण प्राणी र जगत् उत्पन्न भएका हुन् ।

अपरा शक्तिलाई मोहनिन्द्रा स्वरूपिणी र बन्धनकरिणी बताइएको छ तर पराशक्ति चाहिं मुक्तिदात्री हुन् । परमेश्वरीलाई चाहिं परा र अपरा शक्तिभन्दा माथि रहेको बताइएको छ-परापराणां परमा त्वमेव परमेश्वरी *(दुर्गा सप्तशती)* ।

अपरा विद्या : ब्रह्म तत्त्व बाहेक अन्य विद्या अपरा विद्या हुन् । ब्रह्मज्ञान गराउने चाहिं परा विद्या हो । *मुण्डकोपनिषद्*मा अपरा विद्याको परिभाषा दिइएको छ-जुन विद्याबाट बाह्य रूपमा ज्ञान हुन्छ त्यस्तो विद्या अपरा विद्यामा पर्छ । वेदान्त विद्या किंवा उपनिषद्ले अनुभवगम्य आत्मज्ञान गराउने भएकाले ती परा विद्या कहलाउँछन् । चार वेद, छ वेदाङ्ग, शिक्षा, कल्प, व्याकरण, निरक्त, छन्द र ज्योतिष-यी अपरा विद्या अन्तर्गत पर्छन् । *(मुण्ड. उप. १।१।५)*

छान्दोग्य उपनिषद्को एक प्रसंग अनुसार गुरुकुलबाट १२ वर्षसम्म अपरा विद्या जानेर अहंकारी बनेका आफ्ना छोरा श्वेतकेतुलाई ज्ञानी पिता आरुणि उद्दालकले सोध्छन्-तिमीले यस्तो विद्या जान्यौ जसद्वारा अविज्ञात ज्ञात हुन्छ ? परा विद्याको ज्ञान नभएका श्वेतकेतुका अहंकार नष्ट हुन्छन् र उनले ज्ञानी पिताबाट त्यस बह्म विद्याको उपदेश पाउँछन् । अनेक उदाहरणका साथ नौ पल्ट 'तत्त्वमसि श्वेतकेतु' भनेर ज्ञान दिए पछि श्वेतकेतुलाई आत्म-साक्षात्कार हुन्छ ।[▣]

▣ *छान्दो. उप. ६।६ देखि६-१६ सम्म*

अपरा विद्याबाट सत् चित् आनन्द स्वरूप आत्माको ज्ञान नहुने हुँदा त्यस विद्याको पण्डित भए पनि ऊ आफ्नो आनन्द स्वरूपको अनुभूतिबाट वञ्चित हुने भएकाले वेदान्त दर्शनको दृष्टिले उत्कृष्ट विद्या परा विद्या नै हो । ज्ञानी व्यक्ति सदासुखी हुन सक्तैन भने त्यो ज्ञानको के प्रयोजन ? त्यसैले सुखानुभूति गराउने अर्थात् मुक्ति पद प्राप्त गराउने विद्या नै सर्वोपरि हो ।

अपरिग्रह : संग्रहहीनता । भोगका सामग्रीहरूको संग्रह नगर्नु । अध्यात्म क्षेत्रमा अपरिग्रहको ठूलो महत्व छ । सनातन धर्मले योग सिकाउँछ, भोग होइन । जो सम्पूर्ण कुरामा भगवान्को शरण पर्छ, त्यही व्यक्तिले परिग्रहलाई त्याग्न सक्छ । भोगका सामग्रीहरूमा संसारी मानिसहरूले सुख खोज्छन् । वास्तवमा यो मृगतृष्णा सिवाय केही होइन । भक्तियोग र ज्ञान योगमा परिग्रहलाई स्थान छैन । गृहस्थीले भगवान्को भर परी थोरै, अत्यावश्यक वस्तु मात्र राख्नु पर्छ । धेरै धन, वस्तुहरूको संग्रह गर्ने व्यक्तिले आध्यात्मिक लक्ष्य प्राप्त गर्न सक्तैन ।

भगवान्को पूरा भक्तले त घरबार नजोडोस्, जंगल, पर्वतका गुफालाई घर, आश्रम मानेर प्रभु नाम जप्दै रहोस् । पानी खान दुई हत्केला जोडेर कचौरा बनाओस् । सुत्दा आफ्नै बाहुको शिरानी बनाओस् । फलफूल, कन्दमूल खाएर पेट भरोस् । *भागवत*को एघारौं स्कन्धमा यसरी अपरिग्रहको आवश्यकता बताइएको छ ।

देवताहरूमा, त्रिदेवहरूमै भनौं देवादिदेव महादेव परिग्रहत्यागको उदाहरण हुनुहुन्छ ।[◈] भगवान् शिव आफ्ना भक्तलाई कृपा गरेर मालामाल गरिदिनुहुन्छ । देवताहरूले उहाँकै कृपाले असाधारण ऐश्वर्य भोग गर्छन् । असुरहरू उहाँकै कृपाले समृद्धशाली र शक्तिशाली भए । तर शिवलाई चाहिं विषय मृगतृष्णाले छुँदैन । उहाँको सम्पत्तिको नाउँमा बूढो गोरु, खट्वाङ्ग, बञ्चरो, बाघका छाला, सर्प र खप्पर

◈ *शिवमहिम्नस्तोत्र-८*

सिवाय केही छैन ।

ब्रह्मचारी, वानप्रस्थ र संन्यासीले अपरिग्रह गर्नु नै पर्छ । गृहस्थीले सुख-भोगको दृष्टिले होइन, अरूको सेवाको दृष्टिले गरेको केही संग्रह परिग्रह होइन ।◊

अपरिच्छिन्न : अपार, सीमाहीन, अविभक्त । आत्मा या ब्रह्म अनन्त भएकोले असीम *(हेर्नू असीम),* अविभक्त र अपरिच्छिन्न छ । परिच्छिन्नता सीमितता हो । अनात्मवस्तु देश, काल र वस्तुबाट परिच्छिन्न हुन्छ ।

जमिनलाई विभिन्न मुलुकले सीमित बनाएका हुन्छन् । जड वस्तुहरू कुनै समयमा देखिन्छन् , अन्य कालमा नष्ट हुन्छन् । संसार परिच्छिन्न हो किनकि यो काल सापेक्ष छ । प्रलयमा यो संसार रहँदैन । सुषुप्तिमा पनि संसार देखिन्न । आत्मा अपरिच्छिन्न भएकोले यसले सबैलाइ ढाकेको छ, सीमित बनाएको छ तर यो अरू केहीबाट पनि परिच्छिन्न भएको छैन । यो परिच्छेद्य पनि होइन । आत्मा अपरिच्छिन्न हुनुको कारण के हो ? यो अव्यय *(हेर्नू अव्यय)* र अविक्रय *(हेर्नू अविक्रय)* छ ।◘ त्यसैले अपरिच्छिन्न भयो । पञ्च-महाभूतहरूमा आकाश अविकारी र अविनाशी देखिन्छ त्यसैले त्यो अपरिच्छिन्न हुनगयो-त्यसलाई विभाजित र सीमित गर्न सकिन्न । आत्मा स्वयं देश, काल र वस्तुको अधिष्ठान भएको कारणले तिनीहरूद्वारा यो परिच्छिन्न हुन संभव छैन ।

परिच्छिन्नताको चिन्तनलाई साधकले त्याग्नु पर्छ, नत्र अपरिच्छिन्न आत्माको चिन्तन हुन सक्तैन । मोक्ष नाउँको पुरुषार्थका लागि अगाडि बढिरहेका साधकले'परिच्छिन्न स्थितिमा सन्तुष्ट हुनु विघ्न हो ।⊙

◊ *स्वा. रामसुखदास-गीता-साधक-संजीवनी १८।५३ व्याख्या*

◘ *भाग. ७।७।१९ ।*

⊙ *आचार्य शंकराचार्य-अपरोक्षानुभूति अनु. शम्भु*

अपरोक्ष : न परोक्ष इति अपरोक्ष । महावाक्यको श्रवण अनन्तर नित्य-निरन्तर, दीर्घकालपर्यन्त मनन, निदिध्यासन गरेपछि परमात्माको कृपा भए ब्रह्मको अपरोक्ष साक्षात्कार हुन्छ । ब्रह्म अपरोक्ष हो र उसको ज्ञान पनि अपरोक्ष हो । यसको अर्थ के हो भने ज्ञानी गुरुले बताएको ब्रह्मोपदेश सुनेर मात्र चेलालाई पुग्दैन, चेला आफैँले अनुभव गर्नु पर्छ । गुरुको तत्त्वमसि उपदेश अपरोक्षानुभूति*(हेर्नू अपरोक्षानुभूति)*का लागि हो, अर्थात् अहं ब्रह्मास्मि भनेर स्वीकार गर्नका लागि हो । यो स्वीकृति या साक्षात्कार बुद्धिभन्दा परको विषय हो । यो आत्मानुभूति हो । त्यसैले शास्त्रकारहरूले यसै अनुभूतिलाई अपरोक्षानुभूति भनेका छन् । अपरोक्ष ब्रह्मको ज्ञान सुनेर, पढेर, रटेर र खोजेर अर्थात् बौद्धिक क्रियाकलापबाट होइन बुद्धिभन्दा परको अनुभूति या विज्ञानबाट प्राप्त हुन्छ ।

आद्य जगद्गुरु शंकराचार्यले अपरोक्ष ब्रह्मज्ञान ब्रह्माकार वृत्तिको परिपाक पछि प्राप्त हुने कुरा बताएका छन् ।[⊗] तर उनी वेद मात्र पढेका विद्वान्ले त्यो ज्ञान प्राप्त गर्न नसक्ने कुरा पनि स्पष्ट पार्छन् । त्यस्ता परोक्ष ब्रह्मज्ञानीलाइ 'वृत्तिहीना' भनिएको छ ।[⊠]

अपरोक्ष तत्व आफू हो जसलाई उपनिषद्हरूले 'त्वम्' भनेका छन् । 'तत्'ले परोक्षलाई जनाउँछ । यही परोक्ष र अपरोक्षको भेद हटाएर अभेददर्शन (ज्ञान) गराउन नै 'तत्त्वमसि' महावाक्य श्रुतिले बताएको छ । अन्तःकरण शुद्ध भएको अधिकारीले महावाक्य श्रवण गरेपछि अपरोक्ष 'त्वं पद' र परोक्ष 'तत् पद'को भेद त्यागेर ब्रह्म साक्षात्कार गर्छ । "'तत्त्वम्' दुवै भित्र चेतनतत्त्व रहेका छन् । ती मध्ये तत् पदमा परोक्षत्व विशिष्ट चेतन रहेको छ भने त्वम् पदमा अपरोक्षत्व विशिष्ट चेतन छ । यी दुई पदमा आएका नमिल्ने अंश अपरोक्षत्व र

⊗ *अपरोक्षानुभूति-१३२ श्लोक*

⊠ *ऐजन-१३३*

परोक्षत्वलाई छोड्नु पर्दछ भने दुवैका मिल्ने अंश चेतनत्व लिनु पर्दछ। कुनै अंश छोड्ने र कुनै लिनेलाई भाग लक्षण (भागत्याग लक्षण) भनिन्छ । ..... दुवैको मिल्ने अंश मात्र लिएपछि अपरोक्षत्व र परोक्षत्व हट्दछ। शुद्ध चेतनत्व मात्र रहन्छ।"*

अपरोक्षानुभूति :आचार्य शंकराचार्यका प्रकरण ग्रन्थहरू मध्ये महत्त्वपूर्ण एक ग्रन्थको नाम । यसमा १४४ श्लोकहरू छन् । अद्वैत वेदान्त *(हेर्नू अद्वैत वेदान्त)* सिद्धान्त यसमा प्रतिपादन गरिएको छ ।

यसग्रन्थमा अपरोक्षानुभूति प्राप्त गर्दै मुक्ति पद प्राप्त गर्नका लागि मुमुक्षु साधन चतुष्टय सम्पन्न हुनुपर्ने, विचार विना ज्ञान नहुने भएकाले विचारमा जोड दिनुपर्ने, आत्मा र देहको भिन्नता उपर चिन्तन गर्नु पर्ने, अज्ञानको स्वरूप उपर विचार, द्वैतको मिथ्यात्वबोध, अभेद दर्शन, वेदान्तको दृष्टिकोणबाट प्राणायाम, प्रत्याहार, ध्यान, धारणा र समाधि कस्ता हुन्छन् आदि विषयमा प्रकाश पारिएका छन् । अन्त्यमा ब्राह्मी वृत्तिको महत्व बताइएको छ । दृश्य प्रपञ्च हेर्न लायक होइन, यसलाई ब्रह्म रूपले चिन्तन गर अनि चैतन्य-रसपूर्ण बुद्धिद्वारा नित्य सुख प्राप्त गर यही बुद्धिमानी हो भनेर शंकराचार्यले दिव्योपदेश दिएका छन् -

दृश्यं ह्यदृश्यतां नीत्षा ब्रह्माकारेण चिन्तयेत् ।
विद्वान् नित्यसुखे तिष्ठेद्धिया चिद्रसपूर्णया ॥▾

अपरोक्षानुभूति ग्रन्थका संस्कृत, हिन्दी र नेपालीमा टीकाहरू पाइन्छन् । जस्तो अखण्डानन्द सरस्वतीको हिन्दी व्याख्यान । विद्यारण्य स्वामीको *दीपिका,* वदरीनाथ भट्टराई र शम्भु प्याकुर्यालका नेपाली टीका आदि ।

---

* *डा.दी. घिमिरे-गीता.तत्व.प्र.*

▾ *अपरोक्षानुभूति-१४२*

अपवर्ग : अपवर्ग वेदान्तमा प्रचलित शब्द हो । मुक्तिका लागि अपवर्ग शब्दको प्रयोग हुन्छ । व्याकरणको भाषामा पवर्ग भनेको प, फ, ब, भ र म (ओष्ठ्य वर्ण)-को समूह हो । प, फ, ब, भ र म को आदिअक्षरबाट पतन, फलाशा, बन्धन, भोग र मृत्यु पाँच शब्दहरु बनेका छन् । यी पाँच कुराबाट मुक्ति पाउने अर्थमा अपवर्ग प्रयोग गरिन्छ । सबैको बुद्धि रूपले मानिसमा रहनुहुने देवी नारायणीलाई भोग र अपवर्ग (मुक्ति) दुवै दिनसक्ने भनिएको छ -

सर्वस्य बुद्धि रूपेण जनस्य हृदि संस्थिते ।
स्वर्गापवर्गदे देवि नारायणी नमोस्तुते ॥[*]

*भागवत*मा श्रीकृष्णलाई अपवर्ग अर्थात् मुक्ति प्रदान गर्ने परमात्माको रूपमा आराधना गरिएको छ -

कृष्ण कृष्ण महाबाहो भक्तानामभयंकर ।
त्वमेको दह्यमानानामपवर्गोऽसि संसृतेः ॥ *(१।७।२२)*

अर्थात् हे महाबाहु श्रीकृष्ण ! तपाईं भक्तहरूलाई अभय *(हेर्नू अभय)* दिने भक्तवत्सल हुनुहुन्छ । तपाईं संसारका पवर्ग पीडित अर्थात् पतन, फलासा, बन्धन,भोग र मृत्यु रूपी अग्निबाट पिल्सेका दीन दुःखीहरूलाई मुक्ति प्रदान गर्ने दीनबन्धु हुनुहुन्छ ।

*भागवत*को अर्को स्थानमा उहाँलाई 'अर्जुनका प्यारा साथी, यदुवंशशिरोमणि' भनेर सम्बोधन गर्दै उहाँ पृथ्वीका भार बनेका राजवंशधारी दैत्यहरूलाई जलाउने अग्निका साथै अर्जुन जस्ता मुक्ति-कामीलाई अपवर्ग (मोक्ष) प्रदान गर्ने शक्ति हुनुहुन्छ भनिएको छ (राजन्यवंश दहनानपवर्गवीर्य)[○]

---

[*] *दुर्गा सप्तशति ११।८*

[○] *भाग.१।८।४३*

अपवाद : देहाध्यासलाई अपवाद गरी (हटाई) आफूलाई आत्मा मानेर आत्म-साक्षात्कार गर्नु मुमुक्षुको कर्तव्य हो । देहको अध्यास अध्यारोपित (*हेर्नू अध्यारोप*) हो ।

चित्त शुद्धिका पाँच भूमिका अपवादको प्रसंङ्गमा आउँछन् । ती हुन्-

भोगापवाद (भोगेच्छा त्याग)
कर्मापवाद (कर्म त्याग)
वासनापवाद (वासना क्षय)
विक्षेपवाद (विक्षेप शान्ति)
अनात्म चिन्तनापवाद (अनात्म चिन्तनको त्याग)

यिनैबाट आत्मज्ञानको मार्ग प्रशस्त हुन्छ ।[×]

अपौरुषेय : जसको उत्पत्ति पुरुष अधीन छैन, जसको रचना कुनै व्यक्ति वा व्यक्तिहरूले गरेनन् त्यो नै अपौरुषेय कहलाउँछ । वेद अक्षय ज्ञानको भण्डार हो । यसको उत्पत्ति र विनाश छैन । पूर्व मीमांसकहरूले पनि वेदका सम्बन्धमा 'यः कल्प स कल्पपूर्व' भन्दै कल्पान्तमा पनि उही वेद स्फुरण हुन्छ जुन पहिलेको कल्पमा थियो भन्ने अपौरुषेय सिद्धान्त माने ।

"वेदलाई नैयायिकहरूले नित्य सर्वज्ञ ईश्वरले प्रणीत गरेको हुँदा प्रामाण्य माने । वेद अरूबाट बन्न सक्ने कुरो होइन भन्ने ठम्याए । वेद नित्य छ, अपौरुषेय हो त्यसो हुँदा यसलाई बनाउने ईश्वर मान्नु पर्दैन । कुनै दोष पनि यसमा छैन र यसको प्रामाण्य छ भनी पूर्वमीमांसकहरूले भने ।"[◈]

महाभारत, भागवत् महापुराण, रामायण, आदि ग्रन्थहरूका स्रष्टा बेग्ला बेग्लै छन् त्यसैले यी पौरुषेय हुन् । तर वेदको सृष्टि यसरी भएको

× *खप. स्वामी-ध. विज्ञान सार*

◈ *प्रा. चूडानाथ-अद्वैत-चूडा*

होइन । अपौरुषेय भएको कारणले वेदका मन्त्रका स्रष्टाको प्रश्न उठ्दैन । ती मन्त्रहरूका द्रष्टा ऋषिहरूको नाम पाइन्छन् । जस्तो- गायत्री मन्त्र द्रष्टा विश्वामित्र हुन् । तपस्वी, ऋषि, मुनिहरूले मन्त्रलाई मानस चक्षुले देखे, त्यस पछि लेखे, अनि पढाए, सुनाए । यसरी श्रुति परम्परा चल्यो । वेदको ज्ञान पहिले नै थियो, त्यसैले वेद मन्त्रहरूका स्रष्टा, लेखक भएनन् । ज्ञानपुञ्जको रूपमा वेद लाखौं वर्ष अघिदेखि थियो । "प्रामाणिक विद्वान् दीनानाथ शास्त्री चुलेटले 'वेद काल निर्णय' ग्रन्थ लेख्नु भएको छ । चुलेटज्यूको शोधखोज वा अनुसन्धान अत्यन्त महत्वपूर्ण छ । उहाँको मतानुसार 'वेद' आजभन्दा तीन लाख वर्ष पहिलेको हो । यसमा (यसलाई ?) मुख्यतः ज्योतिषको अनुशीलन र अरू प्रवल प्रमाणहरूबाट सिद्ध गरेको छ ।"◎

यसबाट के सिद्ध हुन्छ भने लाखौं वर्ष अघिको ईश्वर *(हेर्नू ईश्वर)* प्रदत्त ज्ञानलाई ५।६ हजार वर्ष अघि आर्य ऋषिरूले तपस्या, ध्यानमा ग्रहण गरे र मन्त्र द्रष्टा कहलाए ।

अप्रमेय : जसलाई प्रमाणबाट सिद्ध गर्न सकिन्न त्यो तत्व हो अप्रमेय । परमात्मा अप्रमेय हुनुहुन्छ । जगत्का अन्य वस्तुहरू प्रमेय हुन्, अप्रमेय होइनन् । प्रमाण मोटामोटी रूपमा चार प्रकारका मानिएका छन्- क. प्रत्यक्ष प्रमाण ख. अनुमान प्रमाण ग. उपमान प्रमाण र घ. शब्द प्रमाण । परमात्मा अव्यक्त हुनु भएकोले उहाँलाई घटपटलाई झैं प्रत्यक्ष रूपले देख्ने कुरै भएन । त्यसैगरी अनुमान, उपमान र शब्द प्रमाण *(हेर्नू अनुमानादि प्रमाण)*बाट पनि परमात्मा, आत्मालाई सिद्ध गर्न सकिन्न ।

प्रश्न उठ्न सक्छ - परमात्मा अप्रमेय हुनुहुन्छ भने *गीता*मा अर्जुनले विराटरूप कसरी देखे ? अर्जुनले चर्म चक्षुले देखेका होइनन् । भगवान् श्रीकृष्णले उनलाई दिव्य दृष्टि दिनु भएपछि उनले विराटरूप देखेका

◎ *स्वा.प्रपन्नाचार्य-वेदमा के छ ? (पृ.१को पाद पृष्ठ)*

हुन् । यसबाट के सिद्ध हुन्छ भने कुनै दृश्य देखे झैं अर्जुनले भगवान्लाई देखेका होइनन् । अर्जुन आफैं भगवान्लाई अप्रमेय स्वीकार गर्छन्-

पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता
दीप्तानलार्कद्युतिमप्रमेयम् ।। *(११।१७)*

अर्थात् -हेर्न नसकिने, प्रज्वलित अग्नि र सूर्य जस्तै तेजस्वी तपाईंलाई चारैतिरबाट देख्छु तर तपाईं अप्रमेय हुनुहुन्छ । यो देख्नु ज्ञान दृष्टि हो । यस अघि उनले भगवान्लाई अनन्त रूपयुक्त, आदि, अन्त्य र लय नभएको देखेका थिए । वास्तवमा अनन्त र व्यापक तत्वलाई मानिसको बुद्धिवृत्तिले प्रमेय ठहऱ्याउँनै सक्तैन । वेदान्त शास्त्र भन्छ - विन्दुले सिन्धुलाई सिद्ध गर्न सक्तैन तर सिन्धुमै मिलेर सिन्धुमय बन्न भने सक्छ ।

विष्णु भगवान्लाई अप्रमेय *(वि.सह.१९।४६)* भनिएको छ । उहाँ अप्रमेय हुनुभएको कारण के छ भने प्रत्यक्ष प्रमाण, अनुमान प्रमाण उपमान, अर्थापति, शास्त्र प्रमाणहरूका आधारमा उहाँलाई विषय बनाउन सकिन्न ।

सो ग्रन्थको शाङ्कर भाष्य अनुसार परमात्मा साक्षी हुनु भएको हुनाले प्रमाणहरूद्वारा सिद्ध नहुने अप्रमेय हुनुहुन्छ । उहाँ प्रमाणहरूको पनि साक्षी एवं प्रकाश स्वरूप हुनुहुन्छ ।

आचार्य शङ्कराचार्यले ब्रह्मलाई त्याग र ग्रहणभन्दा पर, मन-वाणीको अविषय, आद्यन्त रहित *(हेर्नू आद्यन्त रहित)* परिपूर्ण, महान् तेजोमय बताउँदै अप्रमेय पनि रहेको बताएका छन्-

अहेयमनुपादेयं मनोवाचामगोचरम् ।
अप्रमेय मनाद्यन्तं बह्म पूर्ण महन्महः ।।⊕

⊕ *वि.चूडामणि-२४२*

यसैगरी सो ग्रन्थमा ब्रह्मलाई नित्य, सुखस्वरूप, कलारहित र प्रमाणादिको अविषय (नित्यं सुखं निष्कलमप्रमेयम्)[→] भनेर लखाइएको छ ।

अप्पय दीक्षित : अद्वैत वेदान्तका उच्चस्तरीय विद्वान । विद्वताको दृष्टिले यिनलाई वाचस्पति मिश्र, श्रीहर्ष तथा मधुसूदन सरस्वतीको समकक्षमा राखिन्छ ।

यिनको जीवनकाल सत्रौं शताब्दी (सं. १६०८-१६८० बीच) मानिन्छ । यिनलाई अद्वैत मतको शिक्षा मिलेको थियो । यिनका विद्वान् पितामह झैं यिनी पनि विजयनगर(भारत)का राजाहरूका सभापण्डित थिए । यिनी शिवभक्त थिए भन्ने कुरा यिनको ग्रन्थ *शिवतत्त्व विवेक*बाट बोध हुन्छ । तर यिनी शिव र विष्णुमा भेद गर्दैनथे । त्यसैले यिनले भक्तिपूर्वक विष्णुको वन्दना गरेको पनि पाइन्छ । *शिवार्कमणि दीपिका*मा यिनले विशिष्टाद्वैतको समर्थन गरेका छन् । *सिद्धान्त लेश, मतसारार्थ संग्रह, वादनक्षेत्र माला* जस्ता अद्वैत-वेदान्तपरक ग्रन्थका साथै *कुवलयानन्द, रत्नत्रय परीक्षा* (शैवमत), *शिवध्यान पद्धति* समेत गरी यिनका ३० वटा ग्रन्थ प्रकाशित छन् ।

अभय : भयहीनता । श्रुतिको भनाइ छ-द्वैतबाट भय पैदा हुन्छ । अद्वैत भावमा अभय हुन्छ । भौतिकवादको जति विकास हुँदै गयो उति मानिसको मनमा भयले जरा गाड्दै गयो । भय पनि काम, क्रोध झैं मूल प्रवृत्ति भएकाले श्रुति, स्मृति, शास्त्रादिले मानिसलाई भयहीन बनाउने शिक्षा दिँदै आएका छन् ।

दार्शनिक भयहीन हुन्छ । *गीता*ले भयलाई तामसिक गुण र अभयलाई सात्त्विक गुणमा समावेश गरेको छ । अभयलाई *गीता*मा दैवी सम्पदा

[→] *ऐ. ग्रन्थ-२४०*

अन्तर्गत राखिएको मात्र छैन, दैवी गुणहरूमा अभयको स्थान सर्वप्रथम बताइएको छ-

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थिति *(१६।१)*

अर्थात् अभय, अन्तःकरणको शुद्धि, ज्ञानयोगमा दृढ स्थिति आदि दैवी सम्पदा हुन् । उपनिषद्मा भनिएको छ-आनन्दं ब्रह्मणो विद्वान् न बिभेति कुतश्चनेति । *(तैत्ति. उप. २।९)*

अर्थात् ब्रह्मको आनन्दलाई जसले प्राप्त गऱ्यो त्यसले भयलाई जित्यो । दुष्ट रावणलाई त्यागेर भगवान् श्रीरामको शरणमा परेका विभीषण प्रति सुग्रीवले शंका गरी यिनलाई मार्नु पर्छ भन्दा भगवान्ले भन्नुभयो-शरणागतलाई सबै प्राणीबाट बचाउनु या उसलाई अभय प्रदान गर्नु मेरो ब्रत हो (अभयं सर्वभूतेभ्यो ददाम्येतद्व्रतंमम)[♠]

वास्तवमा भूदान, सुवर्णदान, गोदान, अन्नदान आदि भन्दा अभयदान सर्वश्रेष्ठ छ भनेर विद्वान्हरूले बताएका छन् । दुःखहरूमा सबैभन्दा ठूलो दुःख मृत्यु-भय हो भन्ने बताइएको छ । मृत्यु-भयबाट पीडित व्यक्तिले ज्यान जोगाउन सबै कुरा त्यागिदिन्छ, त्यसैले अभयदान सर्वोत्तम हो ।

आध्यात्मिक चिन्तक भर्तृहरिका अनुसार-मानिस जतातत्तै भयले घेरिएको छ । भोगमा रोगको भय छ, कुलीनतामा कलंकको भय छ । धन कमायो राज्यले हरण गर्ने डर रहन्छ । मान भएकालाई अपमानको भय हुन्छ । बलशाली हुँदा शत्रुको भय हुन्छ भने रूपवान्लाई बूढौलीले कुरूप बनाउने भय हुन्छ । यसरी नै सर्वत्र भय नै भय छ, भयहीनता त केवल वैराग्यमा छ (सर्वंवस्तु भयावहं भुविनृणां वैराग्य मेवाभयम्)[◊]

[♠] *अ. रामायण-यु. काण्ड ३।१२*

[◊] *भर्तृहरि-वै. शतक-३२*

अभयानन्द : स्वामी अभयानन्द नेपाली सन्त हुन् । गोर्खामा सं.१८२६ मा जन्मेका, सन्यास पूर्व रणवीरसिंह थापा(क्षेत्री) नाम भएका अभयानन्दले १३ वर्षका उमेरमा स्वामी शशिधरको चेला बनेर कृष्ण गण्डकीको किनारमा रही १२ वर्षसम्म योगाभ्यास गरे । पछि गुरुको आज्ञा मुताविक गृहस्थाश्रममा प्रवेश गरे । पिता अम्बर सिंह सेनाको उच्च पदमा रहेकाले यिनलाई पनि सेनामा भर्ती गरियो । कुशाग्र बुद्धि र तेजस्विताको कारणले गर्दा आफ्नो सेनामा उन्नति गर्दै गई उनी कर्णेल समेत बने र सं. १८६६ मा तिब्बतमा खटिएर गए । यिनले ल्हासामा ४ वर्ष रहँदा विभिन्न सिद्ध लामाहरूसँगको संगत भै योग साधना गर्ने मौका पाए । नेपाल फर्के पछि यिनले ध्यानयोग, मन्त्रयोग, लक्ष्ययोग आदि विषयमा ४ वटा पुस्तकहरू लेखेको बताइन्छ ।

बाल्यकालदेखि विरक्त यिनले सं. १८७९मा सेनाको नोकरी त्याग गरी आध्यात्मिक साधनामा तल्लीन रहन थाले । उनले राजधानीबाट १० कोश टाढा नौलेख गुफामा एकै आसनमा करीव ६ महिना रही तपस्या गरेको बताइन्छ ।

अभयानन्दले भुटानमा धर्मशाला बनाए । एकान्त भ्रमण, तीर्थाटन र कठोर तपस्या गर्न रुचाउने अभयानन्दले आफ्ना गुरुबाट सन्यास ग्रहण गरे । विभिन्न ठाउँमा साधना, तपस्या गर्दै काठमाडौंबाट हिंडेर ३ वर्ष ७ महिना लगाई बनारस पुगे । उनलाई बनारसका साधुहरूलाई भोजन गराउने इच्छा भई सबैलाई आमन्त्रण गरे । खाद्य सामग्री केही नभए पनि सिद्धिको बलले 'नारायण' उच्चारण गर्दै टपरीमा जल सिंचन गरी अनेकौं प्रकारका व्यञ्जन उत्पन्न गरी साधुहरूलाई खुवाए ।

काशीमा सं. १९१२ भाद्र शुक्ल चतुर्थीमा अभयानन्द जल समाधिद्वारा ब्रह्मलीन भए । यिनको शरीर गंगामा प्रवाहित गरियो ।*

** नारायणप्रसाद श्रेष्ठद्वारा लेखित लेखमा आधारित । कल्याण संत-अङ्क, गीता प्रेस गोरखपुर ।*

अभाव चतुष्टय : *गीता*मा उल्लेखित "सत्को कहिल्यै अभाव हुन्न र असत्को भाव पनि छैन" (**नासतो विद्यते भावो नाभावो विद्यते सतः** २।१६) भन्ने श्लोकांश वास्तवमा भन्ने हो भने वेदान्तको सूत्र हो । ब्रह्म (आत्मा) बाहेक अन्य कुराको भाव काल्पनिक हो । संसार, प्रपञ्चको अभाव भए पनि अज्ञानले गर्दा देखिन्छ । अभाव चार प्रकारको बताइएको छ -

क. **अन्योन्याभाव** - घटमा पट (कपडा) छैन ।

ख. **प्रध्वंसाभाव** - घडा फुटाइए पछि माटामा घडाको अभाव छ ।

ग. **प्राग्अभाव** - कुमालेले घडा बनाउनु अघिको माटोमा घडा छैन ।

घ. **अत्यन्ताभाव** - पट(कपडा)मा घट कहिल्यै पनि छैन । त्यस्तै जगत् कहिल्यै पनि छैन । स्वप्नसंसार बिउँझेको मानिसका लागि छैन तर स्वप्न देखिरहने मान्छेका लागि छ ।

अभिनिवेश : उत्कट अभिलाषा, आसक्ति । योग दर्शन[⊗]मा यसलाई अज्ञान भनिएको छ । सांसारिक विषय वासना तथा शारीरिक आमोदप्रमोदमा डुब्दा पनि मरेपछि यी भोग छुट्छन् भन्ने डर रहिरहन्छ । यसमा अविद्या *(हेर्नू अविद्या)*, अस्मिता *(हेर्नू अस्मिता)*, राग, द्वेषका साथ अभिनिवेशलाई पांचौ क्लेश बताइएको छ ।[◘]

अभिन्न निमित्तोपादान कारण : सृष्टिको प्रसंगमा मुख्यतः निमित्त कारण र उपादान कारणको आवश्यकता पर्छ । जस्तो घडा निर्माणका लागि निमित्त कारण कुमाले हो भने उपादान कारण माटो हो । लठ्ठी, पानी, धागो आदि सहायक कारण मानिन्छन् ।

⊗ *पातञ्जल योगसूत्र*

◘ *ऐ. २।३*

जगत्को रचनाका सन्दर्भमा मायावी परमात्मा निमित्त कारण पनि हुनुहन्छ र उपादान कारण पनि । यसरी दुवै कारण अभिन्न रूपमा उहाँमा नै रहेकाले उहाँलाई अभिन्न निमित्तोपादान कारण भनिएको हो । *भागवत*मा भनिएको छ- जगत्को उत्पत्ति, स्थिति र प्रलयको निमित्त कारण र उपादान कारण नारायण हुनुहुन्छ, उहाँ नै अवस्था त्रयका साक्षी पनि हुनुहुन्छ ।◈

अभिमान : धन, देह, बुद्धि, शास्त्रज्ञान आदिको अभिमान ज्ञानको ठूलो बाधा हो । गोपिनीहरूको मनमा मनो-देह सम्बन्धी अभिमान पैदा हुने वित्तिकै श्रीकृष्ण जंगलमा अलप भै दिनुहुन्थ्यो र गोपिनीहरू छट्पटाउँथे, पछुताउँथे । आत्मानन्द *(हेर्नू आत्मानन्द)*लाई अभिमान, अहंकार*(हेर्नू अहंकार)*ले छेकिदिन्छ र अभिमानी दुःखी रहन्छ । 'ईश्वर पाइन्छ अभिमानको निवृत्तिबाटै । अभिमान दम्भ हो । यसका निवृत्ति गुरु शरणागतिबाट मात्र सम्भव छ ।'⊕

अभेद दर्शन : वेदान्तको दर्शन अभेद दर्शन हो । यसले द्वैतवादलाई मान्दैन । श्रुति भन्छ-अभेद दर्शनं ज्ञानम् (अभेद देख्नु नै ज्ञान हो) । यो अद्वैत वेदान्तको मूल मन्त्र हो । एकै महान् आत्मा *(हेर्नू आत्मा)* छ, त्यही अहंकार *(हेर्नू अहंकार)* बन्छ, विभेद खडा हुन्छ र अनेक हुन पुग्छ । तत्त्वज्ञानीहरू त्यसैलाई जीव या अन्तरात्मा *(हेर्नू अन्तरात्मा)* पनि भन्छन् । त्यसैले *विष्णु पुराण*मा भनिएको छ- 'विभेदजनक अज्ञानको आत्यन्तिक सर्वथा नाश भएपछि आत्मा र ब्रह्मको असत् भेद कसले गर्छ र ?'+

योगवाशिष्ठ, अध्यात्मरामायण आदि अद्वैत प्रतिपादन गर्ने ग्रन्थहरूको भनाइ के छ भने अविद्याले गर्दा भेदबुद्धि पैदा हुन्छ, नाना रूप

◈ *भाग.११।३।३५*

⊕ *खप.स्वामी -धर्म वि.सार*

\+ *विष्णु पुराण ६।७।९६*

देखिन्छन् । अविद्या *(हेर्नू अविद्या)* नष्ट भएपछि त्यसको कार्य अहंता र ममता पनि नष्ट हुन्छन् र अभेद दर्शनरूपी ज्ञानोदय हुन्छ । एउटै महाकाश नै घटाकाश, जलाकाश आदि भिन्न रूपमा देखिए पनि आकाश यसरी विभाजित हुन्न । त्यसैगरी ब्रह्म पनि एकै हो, उपाधि *(हेर्नू उपाधि)* भेदले अनेक देखिएको हो ।

यस्तु भेदं प्रकुरुते स्वात्मनश्च परस्य च ।
भिन्नदृष्टेर्भयं मृत्युस्तस्य कुर्यान्न संशयः ॥*

अर्थात् आफ्नो आत्मा र परमात्मामा भेद बुद्धि गर्ने भेददर्शीमा मृत्युले अवश्य भय उत्पन्न गर्छ । भेदको विषादलाई ऐक्यानुभूति - *(हेर्नू ऐक्यानुभूति)* द्वारा परास्त गर्न सकिन्छ ।✂

*भागवत*मा दक्षप्रजापतिको यज्ञ रुद्र-पार्षद वीरभद्रद्वारा ध्वंस गरिएपछि देवतादिको स्तुति पछि प्रकट हुनुभएका विष्णु भगवान्ले अभेद दर्शन बारे भन्नुभयो -भेद रहित विशुद्ध परब्रह्म स्वरूप मै हुँ तर अज्ञानी पुरुषले ब्रह्मा, रुद्र तथा अन्य समस्त जीवहरुलाई विभिन्न रूपले (भेद दृष्टिले) हेर्छन् ।❖

भगवान् फेरि भन्नुहुन्छ-

त्रयाणामेक भावानां यो न पश्यति वै भिदाम ।
सर्वभूतात्मनां ब्रह्मन् स शान्तिमधिगच्छति ॥

(ऐजन ४।७।५४)

अर्थात् हामी ब्रह्मा, विष्णु र महेश्वर तीन नाम, रूप झैं देखिए तापनि स्वरूपतः एकै हौं । हामी सबै प्राणीहरूमा व्याप्त छौं । जसले अभेद दृष्टिले हेर्छ उसले शान्ति पाउँछ ।

---

* *अ.रामायण उत्तरकाण्ड ७।७७*

✂ *रमण महर्षि र.म.वातचीत ।*

❖ *भाग. ४।७।५२*

अभेदबोधक वाक्य : यो महावाक्य कहलाउँछ । ज्ञानी गुरुले अधिकारी शिष्यलाई वेदका अभेदवोधक वाक्य सुनाए पछि ब्रह्मज्ञान हुन्छ । महावाक्य चार छन् -

क. प्रज्ञानं ब्रह्म *(ऋ.वे./ऐत्त.उप.३।३)*
ख. अहं ब्रह्मास्मि *(शु.यजु.वे./वृह.उप.१।४।१०)*
ग. तत्त्वमसि *(सा.वे./छा.उप.६।८-१६)*
घ. अयमात्मा ब्रह्म *(अथ.वे./माण्डु.उप.२)*

आरुणि उद्दालक *(हेर्नू आरुणि उद्दालक)*ले आफ्ना छोराले अपरा विद्या *(हेर्नू अपरा विद्या)* सिकेर आएको तर आत्मज्ञान गराउने ब्रह्म विद्या नजानेको थाहा पाएर सोही विद्या दिए र महावाक्य पनि सुनाए- तत्त्वमसि श्वेतकेतु ।• यसरी पटक पटक महावाक्य श्रवण गराएपछि श्वेतकेतुको आवरण दोष *(हेर्नू आवरण दोष)* नष्ट भै ज्ञानोदय भएको प्रसंग *छान्दोग्य उपनिषद्*मा पाइन्छ ।

आफ्नो स्वरूप बोध गराउने वाक्यलाई चाहिँ अवान्तर वाक्य *(हेर्नू अवान्तर वाक्य)* भनिन्छ ।

अभ्यास योग : कुनै लक्ष्य प्राप्त गर्न निरन्तर लागिरहनु अभ्यास हो । महर्षि पतञ्जलीका अनुसार कुनै विषयमा स्थिरता प्राप्त गर्न बारम्बार प्रयत्न गर्नु अभ्यास हो (तत्र स्थितौयत्नोऽभ्यास) ।♦

*गीता*का अनेकौं श्लोकमा 'अभ्यास' र 'अभ्यास-योग' शब्दको प्रयोग भएको पाइन्छ । अर्जुनले मन अति चञ्चल छ, यसलाई नियन्त्रण गर्नु भनेको वायुलाई नियन्त्रण गर्नु झैं कठिन छ भनेर समस्या बताएपछि भगवान् भन्नुहुन्छ-अवश्य पनि मनोनिग्रह कठिन छ तर अभ्यास र

• *छान्दोग्य उपनिषद्मा छैटौं अध्यायको आठौं खण्डदेखि स्रोह्र खण्डसम्म हेर्ने ।*
♦ *योगसूत्र-१।१३*

वैराग्यद्वारा यसलाई नियन्त्रण गर्न सकिन्छ (अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते- ६।३५)।

ज्ञेय वस्तुमा चित्तलाई बारम्बार लगाइरहनु अभ्यास हो भने भगवत् प्राप्तिका लागि बारम्बार नाम-जप आदि साधना गर्नु या परमात्मामा मन-बुद्धि आदि अर्पण गर्नु अभ्यास-योग हो । यसबाट चित्त शुद्ध हुन्छ ।★ अभ्यासयोग गर्न नसक्नेले के गर्ने भन्दा भगवान् भन्नुहुन्छ- मेरै लागि सम्पूर्ण कर्म अर्पण गर । अभ्यासेऽप्य समर्थोऽसि *(१२।१०)* वाक्यांशमा प्रयुक्त अभ्यास शब्द वास्तवमा अभ्यास-योग हो । *गीता* दर्शन अनुसार अभ्यासभन्दा ठूलो कुरा शास्त्रज्ञान हासिल गर्नु हो । अभ्यासभन्दा श्रेष्ठ छ ध्यान, ध्यानभन्दा पनि माथिल्लो साधना हो सर्व कर्मफल त्याग । सर्व कर्मफल त्यागबाट परम शान्ति मिल्छ जुन शान्ति अन्य साधनाबाट मिल्न सक्तैन ।⊙

अभ्यास - योगले युक्त भए पछि मनले अन्य चिन्तन गर्दैन (अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ८।८) । *गीता*मा, अभ्यासको मात्र प्रसंग छैन पूर्वाभ्यास शब्दको उल्लेख पनि छ ।⊠ यसको अर्थ हुन्छ पूर्वजन्मको अभ्यासको कारणले पनि मानिस यस जन्ममा साधनामा लाग्छ ।

अमर : आत्मा अमर छ । श्रुतिले आत्मालाई अमृत *(हेर्नू अमृत)* भनेर बताएको छ । संसारको अभाव भएको अवस्था सुषुप्तिमा पनि साक्षी आत्माको विद्यमानता रहेकाले यो अजर छ, अमर छ भन्ने सिद्ध हुन्छ । आत्माको नाम र रूप भएको भए यो अमर हुन सक्दैनथ्यो । यो सत्, चित्, आनन्द स्वरूप छ । अमृत *(हेर्नू अमृत)* खाएकाले देवताहरू

★ *स्वा. रामसुख-सा. संजीवनी १२।९ श्लोक व्याख्या*

⊙ *गीता १२।१२*

⊠ *पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपिसः-६।४४*

अमर भए । ती देवताका पनि मालिक भएकाले परमात्मालाई अमर प्रभु *(वि.सह.१९।४९)* भनिएको छ ।

जो जन्मन्छ त्यो मर्छ स्थूल शरीर (देह) जन्मन्छ त्यसैलें त्यसको अन्त्य पनि हुन्छ । राम, कृष्णको पनि जन्म अवतारको रूपमा भएकाले उहाँहरूले देह त्याग गर्नु भएको हो । तर आत्मा न जन्मन्छ, न मर्छ त्यसैले यो नित्य छ, सनातन छ, र पुरातन छ । शरीर नरहँदा पनि आत्मा रहिरहन्छ त्यसैले यसलाई अमर अर्थात् मर्ने विकार रहित भनिएको हो -

अजो नित्यः शाश्वतोऽयं पुराणो ।
न नहन्यते हन्यमाने शरीरे ॥[▣]

को मृत्युदेखि पर छ अर्थात् अमर छ ? भन्ने प्रश्नको उत्तर दिँदै *योग वाशिष्ठ*मा भनिएको छ-जसलाई मानसिक रोग रूपी करौतीले चिर्दैन, जसलाई आशा रूपी फणा भएकी र शरीर रूपी वृक्षमा बसेकी सर्पिणीले डसेकी छैन ..... जसलाई कामदेवले कोलले तिल पेले झैं पेल्दैन, जसको मन एक निर्मल परम पावन ब्रह्ममा रहेर शान्त भएको छ उसलाई मृत्युले खान सक्दैन ।[◆] ब्रह्मज्ञानी, जीवन्मुक्त या विदेह मुक्तले दुःख, क्लेश विना देह त्याग गर्ने र फेरि जन्म नलिने भएकाले ती पनि अज *(हेर्नू अज/अजा)* र अमर हुन् ।

अमानी : मानको चाहना राहित्य । शुद्ध ज्ञान स्वरूप भगवान्को अनात्म वस्तुहरूमा आत्माभिमान छैन त्यसैले उहाँ अमानी *(वि.सह.९३।७४७ शा.भा.)* हुनुहुन्छ । भगवान्को माया शक्ति यस्तो छ कि मोहित अज्ञानीहरू धन, पुत्रादि वस्तुहरूको कारणले मान खोज्छन् र अभिमानी बन्छन् । उहाँ फेरि भक्तजनहरूलाई, तत्त्ववेत्ताहरूलाई मान

▣ *कठ उप.१।२।१८ र गीता २।२०*

◆ *दुर्गाप्रसाद-योगवाशिष्ठ*

पनि दिनु हुन्छ । त्यसैले उहाँलाई मानद पनि भनिएको छ *वि.सह. ९३।७४८)* ।

दक्षप्रजापति मानको अत्यन्त भोको थियो । प्रजापतिहरूको यज्ञमा उसले प्रवेश गर्दा देवताहरू सबैलं मान दिए, उठेर अभिवादन गरे । तर ब्रह्मा र शंकरजी उठ्नु भएन । ब्रह्मा त उसका पिताजी भएकाले रिसाउने कुरै भएन, शंकरजीसँग ऊ रिसायो किनकि उहाँ छोरी-ज्वाईं हुनुभयो । त्यही क्रोधको कारणले पछि दक्षप्रजापतिले यज्ञमा सती र शिव दुवैलाई बोलाएन । अपमानित भएको कारणले सतीदेवीले देहत्याग गरिन् । शिव क्रूद्ध हुनुभयो । त्यसपछि दक्ष प्रजापतिको यज्ञ विध्वंस गरियो, उसको टाउको काटियो र बोकाको शिर लिएर उसले जिउनु पऱ्यो ।[•]

*गीता*को तेऱ्हौं अध्यायमा भगवान् श्री कृष्णले ज्ञानका २० साधन बताउने क्रममा पहिलो साधनको रूपमा अमानित्त्वको उल्लेख गर्नु भएको छ, त्यसपछि दंभहीनता अहिंसा, क्षमा आदि आउँछन् *(१३।७)*।

अमृत : श्रुतिमा आनन्दमय ब्रह्मलाई अमृत भनिएको छ । जस्तो-अमृत स्वरूप ब्रह्म नै यस विश्वको रूपमा लीला गर्दै हाम्रो सामुन्ने, पछाडि, दाहिने, बायाँ, माथि, तल सर्वत्र प्रसारित भैरहेको छ । यो नै वरिष्ठ (वरणीय) छ । विश्व नै ब्रह्ममय छ ।

ब्रह्मवेदममृतं पुरस्ताद्ब्रह्म पश्चातब्रह्म दक्षिणतश्चोत्तरेण ।[⊙]

मृत्यु रहित, विकार रहित, दुःख-दैन्य रहित, नित्य सत्य, परमानन्दघन भनेर ब्रह्मलाई लखाउन ब्रह्मवेदअमृतं भनिएको हो । यसैलाई ज्ञानामृत भनिन्छ ।

[•] *भागवत ४।२-७*

[⊙] *मुण्ड.उप. २।२।११*

उपनिषद्हरूमा अमृत रूपक अति प्रसिद्ध छ-मृत्योर्मा अमृतंगमय आदि । यसरी नै मनुष्यहरूलाई अमृत-पुत्र भनेर सम्बोधन गरिएको छ-श्रृण्वन्तु विश्वे अमृतस्य पुत्रा *(श्वेता. उप. २।२।५)* । यही मन्त्र *ऋग्वेद*मा पनि पाइन्छ *(१०।१३।१)* । *विष्णु सहस्रनाम* अनुसार भगवान् अमृत*(२६।११९)* अमृततपः*(६७।५०४)* अमृतवपु *(१००।८१४)* हुनुहुन्छ ।

अमृतका लागि समुद्रमथन गरिएको र राक्षसहरूलाई अमृत खानबाट बञ्चित गर्न विष्णु भगवान्ले मोहिनी रूप लिनुभएको प्रसंग *भागवत*मा पाइन्छ । *भागवत*मै इन्द्रले साट्न ल्याएको अमृतको घडा फर्काइदिएर सुकदेव स्वामीले परीक्षितलाई ज्ञानामृत पान गराएको प्रसंग पनि पाइन्छ । श्रुतिमा भनिएको छ-अन्नोत्पादक सूर्यमा अमृत भए झैं म पनि अतिशय पवित्र अमृत स्वरूप हुँ । .....म परमानन्दमय अमृतद्वारा अभिषिञ्चित श्रेष्ठ बुद्धियुक्त छु ।*

परमपुरुषलाई जाने पछि जीवात्मा मुक्त हुन्छ र अमृत स्वरूप आनन्दमय ब्रह्म पद प्राप्त गर्छ-यं ज्ञात्वा मुच्चते जन्तुरमृत्वं च गच्छति *(कठो उप. २।३।८)* । ज्ञानको अनुष्ठान गरेर बुद्धिमान पुरुषले अविनाशी आनन्दमय ब्रह्म पद प्राप्त गर्दछ-विद्ययामृतमश्नुते ।◈

अमृत्यु : आत्मा, परमात्मालाई मृत्युले नष्ट गर्न नसक्ने भएकाले अमृत्यु भनिन्छ । *विष्णु सहस्रनाम*मा भगवान्लाई उहाँमा मृत्यु, विनाश र त्यसको कारण नभएकोले अमृत्यु *(वि. सह. ३५।११८, शां. भा.)* भनिएको छ ।

अमोघ : स्मरण, पूजा, स्तुति आदि गर्ने भक्तलाई भगवान् विष्णुले अवश्य नै यथायोग्य फल दिनुहुन्छ । भक्तको प्रयास खेर नफाल्ने परमात्मा उहाँ हुनुहुन्छ, त्यसैले अमोघ *(वि. सह. २५।११०)* भनिएको हो ।

---

* *तैत्ति. उप. १।१०*

◈ *ईशा. उप. ११*

अमोघ अस्त्र भन्नाले निष्फल नहुने प्रहार भनेर बुझिन्छ। श्रीरामजीको अस्त्र अमोघ मानिन्छ । राजर्षि जनकको दरबारमा विवाहको शर्त अनुसार शिवधनु भाँचेर सीताजीसँ विवाह गरी आफ्नो राजधानी अयोध्या फर्कदा श्रीरामको परशुरामसँ भेट भै ती ऋषिले क्रूद्ध भएर विष्णुधनुमा ताँदो चढाउन हाँक दिए। श्रीरामले त्यसमा ताँदो चढाएर वाण समेत राखी भन्नुभयो-मेरो वाण अमोघ छ, अब निशाना बताउनुहोस् । तपाईंको गोडामा हानेर गति रोकिदिऊँ कि तपाईंको पुण्य लोकलाई नष्ट गरिदिऊँ । श्रीराम विष्णुकै अवतार हुनुहौंरहेछ भन्ने बुझेर निष्तेज भएका परशुरामले नम्रतापूर्वक भने-मेरो पुण्य लोकलाई नष्ट गर्नुहोस् ।[⊳⊲]

अम्बरीष : सूर्यवंशी राजा नाभागका पुत्र अम्बरीष, भगवान्का परम भक्तको रूपमा प्रसिद्ध भए । यिनको नाम प्रल्हाद, नारद, पराशर, पुण्डरीक, व्यास, भीष्म, अर्जुन*(हेर्नू अर्जुन)*, वशिष्ठ, विभीषण जस्ता ठूला-भक्तहरूका साथ लिइन्छ -

प्रह्लादनारद पराशरपुण्डरीक-
व्यासाम्बरीषशुक शौनकभीष्म दाल्भ्यान् ।
रूक्माङ्गदार्जुन वशिष्ठ विभीषणादीन्
पुण्यानिमान् परम भागवतान् नतोऽस्मि ॥

हरिभक्तिपरायण यी भक्तहरू प्रातःस्मरणीय छन् । *भागवत*मा यिनको वर्णन पाइन्छ । विशाल राज्यका सम्राट भए पनि अम्बरीष ऐश्वर्य कीर्ति, सुख-साम्राज्यलाई स्वप्नको साम्राज्य झैं मान्थे र भगवान्को भक्तिमा नित्य, निरन्तर लागिरहन्थे । एकचोटि यिनले एक वर्षसम्म एकादशीको ब्रत लिएर द्वादशीका दिन पारण गर्न लाग्दा आफ्नो शिष्य मण्डलीका साथ दुर्वासा ऋषि आइपुगे । राजाले उनलाई भोजनका

⊳⊲ *अ.रामायण-बालकाण्ड सर्ग-७*

लागि आमन्त्रण गरे । आमन्त्रण स्वीकार गरी दुर्वासा नदी-स्नान गर्न गए । धेरै बेरसम्म ऋषि फर्केनन् । द्वादशी बित्न एक पल बाँकी थियो । एकातिर द्वादशीमा पारण नगर्दा दोष लाग्ने, अर्कोतिर पारणको क्रममा केही खाए दुर्वासा रिसाउने-उनलाई अप्ठ्यारो पऱ्यो । ब्राह्मणहरूले सल्लाह दिए-भगवान्को चरणामृत खानुहोस्, ब्रत पूरा हुन्छ । अम्बरीषले त्यसै गरे । नदीस्नान पछि दुर्वाषा फर्के । उनले थाहा पाए राजाले पानी खाएर ब्रत पूरा गरे । उनी रिसाए र जटाको रौंबाट कृत्या राक्षसी पैदा गरी राजालाई नष्ट गर्न अऱ्हाए । तर भक्त अम्बरीष डराएनन्, उनले भगवान्को नाम जप्न थाले । अम्बरीषको रक्षार्थ खटाइएको विष्णुको सुदर्शनचक्रले कृत्यालाई भष्म पाऱ्यो र दुर्वासालाई दण्ड दिन लाग्दा ऋषि भागे । ब्रह्मा र शिवले समेत उनको रक्षा गरेनन् । पछि विष्णु भगवान्को शरण परे । विष्णुले भन्नुभयो-

अहं भक्तपराधीनो ह्यस्वतन्त्र इव द्विज ।
साधुभिर्ग्रस्तहृदयो भक्तैर्भक्तजनप्रियः ॥[◈]

अर्थात् हे ब्राह्मण ! म भक्तको अधीनमा छु र ममा अलिकति पनि स्वतन्त्रता छैन । साधु स्वभावका भक्तहरूले मेरो हृदय ग्रहण गरेका छन् । भक्तजनले मलाई प्रेम गर्छन् र म तिनलाई प्रेम गर्छु ।

भगवान्ले सल्लाह दिनुभयो-भक्त अम्बरीषकै शरण पर्दा तिम्रो कल्याण हुनेछ । ऋषि फर्केर आई अम्बरीषको शरणमा परे । राजाले सुदर्शनचक्रलाई अति सुन्दर ढंगले स्तुति गर्दै दुर्वासालाई तापबाट मुक्त गर्न अनुरोध गरे र ऋषिको ज्यान बच्यो । स्तुतिको क्रममा अम्बरीषले भनेको कुराबाट उनी भक्तका साथै ज्ञानी पनि भएको स्पष्ट हुन्छ-सम्पूर्ण गुणहरूको आश्रय भगवान् नै हुनुहुन्छ । मैले समस्त प्राणीहरूलाई आफ्नै आत्माको रूपमा देखेको छु भने, प्राणीहरू म प्रति

◈ भाग ९।४।६३

प्रसन्न छन् भने दुर्वासाका हृदयको ताप हटाउँदै उनलाई मुक्त गरिदिनोस् ।*

अम्बा : दुर्गा, भवानी । वैदिक कालमा अम्बे शब्द प्रयोग हुन्थ्यो । पछि अम्ब भन्न थालियो । यसको अर्थ माता हो (स्नेह तथा आदरपूर्ण संबोधनमा पनि अम्बा प्रयोग हुन्छ) ।◘ पाण्डुकी माता ।

*महाभारत*को कथा अनुसार भीष्मले दुई दिदी बहिनी सहित अम्बाको अपहरण गरी सन्तानहीन विचित्रवियर्लाई प्रदान गरे । तर यिनको बिहे छिन्ने कार्य शाल्वाका राजासँग भएकाले भीष्मले फर्काई दिए । अर्काको घरमा बसेर आएकी कन्या भनेर यिनलाई अस्वीकार गरियो । त्यसपछि यिनले भीष्मसँग आफूलाई स्वीकार गर्न अनुरोध गरिन् । आजन्म ब्रह्मचर्यको प्रतिज्ञा गर्ने भीष्मले पनि अस्वीकार गरे । त्यसपछि अम्बाले भीष्मसँग प्रतिशोधको भावनाले तपस्या गरिन् र शिवलाई खुशी पारेर भीष्मको मृत्युको कारण बनुँ भन्ने वरदान मागिन् । शिवले यस जन्ममा होइन अर्को जन्ममा तिम्रो चाहना पूरा हुन्छ भन्नुभयो । अर्को जन्ममा यिनी शिखण्डिनी भएर जन्मिन् र भीष्मको मृत्युको कारण बनिन् ।

ब्रह्माजीका लोकका अप्सराहरू अम्बा र अम्बायवी नामबाट प्रसिद्ध छन् । अम्बाको अर्थ धेरै हो र अयवको अर्थ न्यून हो । धेरै र थोरैको भाव रहित बुद्धिरूपा भएकीले यिनलाई अम्बायवी भनिएको हो । त्यहाँ अम्वया नाउँको नदी बहन्छ । त्यो दिव्य नदी हो जसले अम्बक (नेत्र)रूप ब्रह्मज्ञान तर्फ लैजाने भएकाले अम्बया भनिएको हो । जगज्जननी चाहिं श्रुतिरूपा हुनु भएकोले उहाँ अम्बा या अम्बिका *(हेर्नू अम्बिका)* कहलाउनु हुन्छ ।○

---

* *भाग. ९।५।११*

◘ *आप्टे-सं.हि.कोश*

○ *कौषी.ब्रा.उप.१।३*

अम्बिका : अम्बिकादेवी । सम्पूर्ण देवताहरूका शक्ति एवं अस्त्रशस्त्र प्राप्त गरी महिषासुर जस्ता बलवान् असुरहरूको पराजय गराउन समर्थ अपराजिता *(हेर्नू अपराजिता)* देवी । महिषासुरको बध पछि उहाँको नाम महिषासुरमर्दिनी पनि रह्यो । उहाँको वर्णन यसरी गरिएको छ-

देव्या यया ततमिदं जगदात्मशक्त्या
निश्शेषदेवगणशक्ति समूहमूर्त्या ।
तामम्बिकामखिलदेवमहर्षिपूज्यां
भक्त्या नताःस्म विदधातु शुभानि सा नः ।।[◊]

अर्थात् सारा संसारलाई आफ्नो शक्तिद्वारा उत्पन्न गर्ने, सम्पूर्ण देवताहरूका शक्तिका पुञ्ज, सम्पूर्ण देवताहरू र महर्षिहरूका पूज्य अम्बिकादेवीलाई हामी (इन्द्रादि देवताहरू) भक्तिपूर्वक नम्र भएर नमस्कार गर्दछौं ।

पार्वतीका अनेक नाम मध्ये अम्बिका पनि एक हो । माहेश्वरी, देवी, उमा, पार्वती, गौरी, दुर्गा, भवानी, काली, कपालिनी, चामुण्डा आदि उहाँकै विविध नाम-रूप हुन् । कुमारी पनि उहाँकै रूप हो जसबाट कन्या केटी या कुमारीहरूको प्रतिनिधित्त्व हुन्छ ।

अम्बिका माता हुनुहुन्छ किनकि उहाँको शक्तिबाट ब्रह्मादि देवता तथा ब्रह्माण्डको सृजना भएको बताइन्छ । वेद लुकाएर, वैदिक क्रिया बन्द गरी, अनाचार फैलाई, अत्याचार गरी अत्यन्त बलशाली भएको दुर्गमासुरलाई मारेपछि उहाँको नाम दुर्गा या दुर्गतिनाशिनी दुर्गा रहेको कुरा *शिवपुराण*मा वर्णित छ । सो ग्रन्थ अनुसार शिव विना शक्ति र शक्ति विना शिव रहन सम्भव छैन-न शिवेन विना शक्तिर्नशक्त्या च विना शिव ।[①]

◊ *दुर्गा सप्तशती-४।३*

① *वा.उप. ४।१२*

सबै देवताकी जननी आदि *(हेर्नू आदि)* शक्ति हुनुहुन्छ। जसरी आमाले आफ्ना शिशुहरूको रक्षा गर्छिन् त्यसैगरी अम्बिका माताले संकट कालमा देवता र मनुष्यहरूको रक्षा गर्नु हुन्छ। पाञ्चायन (पञ्च देवताहरू सर्वश्री गणेश, विष्णु, शिव, सूर्य र देवी) पूजा गर्दा अम्बिकाको अर्चना *(हेर्नू अर्चना)* पनि गरिन्छ। श्रीरामले रावणलाई बध गर्नु अघि शक्ति माताको पूजा गर्नु भएथ्यो किनकि उहाँ विजया पनि हुनुहुन्छ। बडा दशैंमा हिन्दुहरू नौ दिनसम्म अम्बिकाको पूजा गरी दशौं दिनमा विजया भवानीको प्रसाद स्वरूप टीका, जमरा लगाउने र अरूलाई लगाइ दिने धार्मिक पर्व प्राचीन कालदेखि चलिआएको छ। जगज्जननीको शरणागत भै उहाँको कृपा भएमा तीर्थ, ब्रत, भक्ति, मुक्ति, चाहनादि सबै सिद्ध हुन्छन् नत्र ती निरर्थक हुन्छन् भन्ने कुरा ब्रह्मनिष्ठ जगद्गुरु शंकराचार्यले बुझेर भवानी माताको अति सुन्दर स्तुति गर्नु भएको छ -

न जानामि पुण्यं न जानामि तीर्थं
नजानामि मुक्तिं लयं वा कदाचित्।
नजानामि भक्तिं ब्रतं वापि माता।
गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥*

जगज्जननीले स्वर्गादि भोग र अपवर्ग समेत दिनु हुन्छ भन्ने कुरा *दुर्गा सप्तशती*मा उल्लेखित सुरथ राजा र समाधि वैश्यको कथाबाट बुझिन्छ।

अम्बिकेश्वर : अम्बिका शक्ति माता हुनुहुन्छ भने अम्बिकेश्वर शिव हुनुहुन्छ। वास्तवमा अम्बिका र अम्बिकेश्वर एकै हुनुहुन्छ-आगो र आगोको तातोपना झैं। आदि शक्ति *(हेर्नू आदि शक्ति)* जगज्जननीले चण्डिका, दुर्गा आदि रूप लिएर प्राणीहरूलाई सुख दिनुहुन्छ। जगत्मा

---

* *भवान्यष्टकम्-४*

सबै कार्य उहाँले नै गर्नु हुन्छ । शिवसँग मिलेर उहाँ नै शिवा बन्नुहुन्छ ।

सबै जीव शिव स्वरूप हुन् । उहाँको चित्तको क्रिया नै काली, शक्ति हुन् । परमात्माको इच्छा शक्ति*(हेर्नू इच्छा शक्ति)*को नाम देवी या अम्बिका हो । उहाँलाई जगन्माता पनि भनिन्छ । *योगवाशिष्ठ*मा शिव र शक्ति (काली)को सुन्दर वर्णन गरिएको छ-रुद्र आकाशमा नाच्न थाल्नु भयो । उहाँको शरीरबाट अग्ली, पातली, काली स्त्री निस्किन् । उनको तीन आँखा थियो । गलामा रुद्राक्ष र मुण्डमाला लगाएकी त्यस शक्तिका हातहरूमा विभिन्न हतियारहरू थिए । उनी पनि नाच्न थालिन् । नाच्दा नाच्दा उनी विशाल हुँदै गइन् र दशै दिशालाई ढाकिदिइन् । उनको शरीरमा मैले (ब्रह्मर्षि वशिष्ठले) अनन्त सृष्टिहरू देखें । त्यस स्त्रीलाई मैले ब्रह्मकै रूपमा देखें । .... आत्मतत्त्व नै शिव र भैरव हुन् र तिनै हुन् काली । ..... काली नाच्दा नाच्दै शिवमा विलिन भइन् त शिव एक्लै पर्नुभयो । त्यसपछि उहाँले आकाश र धरतीलाई सासँगै भित्र तान्नु भयो अनि विशाल शरीर बनाएर ब्रह्माण्ड भन्दा उच्च हुनुभयो । फेरि कण बराबर सानो भएर अन्तर्धान हुनुभयो । ज्ञानको आँखाले हेर्दा त्यो त अरू केही होइन, ब्रह्म नै थियो ।[⊕]

अथर्ववेद र *यजुर्वेद*मा शिवलाई रुद्र भनेर आराधना *(हेर्नू आराधना)* गरिएको छ । वैदिक कालमा शिवलाई शंकर(शान्तिप्रदाता देव)को रूपमा होइन भयंकर, प्रलयंकर, मुण्डमालाधारीका स्वामी भनेर भयभीत हुँदै आराधना गरिन्थ्यो-एष ते रुद्र भागस्तं जुषस्व तेनावसेनपरो मूजवतोऽतीहि अर्थात् हे रुद्र ! तपाईले आफ्नो यज्ञ भाग लिनोस् र कृपापूर्वक मूजवत पर्वतमा फर्कनुहोस् ।[✣]

⊕ *नि.प्रक. उत्तरार्द्ध/देवी-रुद्र उपाख्यानादि*

✣ *यजुर्वेदीय त्र्यंबक होम*

वैदिक कालमा शिवलाई अग्नि*(हेर्नू अग्नि)*को रूपमा पनि संबोधन गरिएको पाइन्छ - त्वं अग्ने रुद्रो या आग्निर्वै रुद्रः । शिव अग्नि झैं संहारक हुनुहुन्छ । उहाँले कामदेवलाई तेस्रो आँखा खोली अग्निको ज्वालाद्वारा भष्म गरिदिनु भयो ।

अम्बिकेश्वर विलक्षण, अवर्णनीय, असीमित देवादिदेव हुनुहुन्छ । एकातिर उहाँ भष्मेश्वर हुनुहुन्छ, मसानेश्वर हुनुहुन्छ, अर्कातिर वैद्यनाथ पनि हुनुहुन्छ, शीतल औषधिहरूका ज्ञाता-यो अस्ति भेषजो जलाषः । रुद्र किलास भेषजम् । संहारक मात्र भएको भए उहाँले हलाहल विष किन खानु हुन्थ्यो र लोककल्याण गर्दै नीलकण्ठ बन्नु हुन्थ्यो !

शिव सुर र असुरहरूका समेत देवता कहलाउनु भयो त्यसैले इन्द्रादि देवताहरूले आफ्नो स्वार्थ सिद्धिकालागि दानव-संहारको प्रार्थना गर्दा उहाँले प्रष्ट रूपमा भन्नुभयो-अहं तान्न हनिष्यामि ममावध्या हि तेऽसुरा (म उनीहरूलाई मार्दिन, असुरहरूको मद्वारा बध हुन्न) ।✿ तर जब महिषासुर, शुम्भ, निशुम्भ आदि बलशाली असुरहरूले संसारमा कोलाहल मच्चाए, अन्याय र अत्याचारको सीमा नाघे त उहाँले आफ्नो शक्तिलाई प्रेरित गर्नुभयो र दुर्गा माताबाट उनीहरूको संहार भयो । अम्बिकाले शिवलाई दूत बनाएर असुर कहाँ सन्देश पठाउनु भएकोले उहाँ शिवदूती कहलाउनु भएको कथा *दुर्गा सप्तशती*मा उल्लेखित छ ।

अनन्त *(हेर्नू अनन्त)* शक्ति भएका अम्बिकेश्वरका पाँच शक्ति मुख्य मानिएका छन् -

क. चित् शक्ति - स्वयंप्रकाश शिवको यो प्रकाश स्वरूप हो ।
ख. आनन्द शक्ति - यही शक्तिले गर्दा उहाँ आनन्द स्वरूप हुनुहुन्छ ।
ग. इच्छा शक्ति - सृष्टि, स्थिति र संहार गर्ने शक्ति ।

✿ *वाल्मीकि रामायण*

घ. ज्ञान शक्ति - स्वयं ज्ञान स्वरूप शिवले ब्रह्मज्ञान गराउनु हुन्छ ।
ङ. क्रिया शक्ति -शिवा या महामाया ।

अयन : सूर्यको गति अनुसार काल विभाजन गर्दा ६।६ महिनाको अयन हुन्छ-उत्तरायण र दक्षिणायन । अयनको अर्थ गति, काल, मार्ग र मार्गको अवधिकाल हुन्छ । जसमा रामको अयन छ त्यसलाई रामायण भनिन्छ । पृथ्वीले सूर्यको परिक्रमा गर्दा सूर्यसँग यसको दूरी र नजिक स्थितिको आधारमा क्रमशः शिशिर ऋतुको अयन र ग्रीष्म अयन हुन्छ । श्रावण संक्रान्तिदेखि शिशिर ऋतुको क्रमिक रूपमा आगमन हुँदै जाने भएकाले यसलाई दक्षिणायन (सूर्य दक्षिण मार्गबाट भ्रमण गरेको देखिने काल) भनिन्छ । माघे संक्रन्तिदेखि उत्तरायण शुरु हुन्छ । यी दुई कालमा गरिने पूजा र अन्य धार्मिक अनुष्ठानमा पनि भिन्नता पाइन्छ । दक्षिणायनका समयमा क्रूर धार्मिक पूजा-आजा गरिन्छन् । जस्तो शिव, भैरव, बराह, नरसिंह, वामन, दुर्गादेवी आदिको पूजा । दक्षिणायनको शुरुको चार महिनामा विशेष ब्रत, पूजाआजा गरिन्छ जसलाई चतुर्मासा ब्रत भनिन्छ । चतुर्मासाको समयमा विष्णु भगवान् राजा बलिको दरबारमा रहनुहुने विश्वास गरिन्छ । आषाढ शुक्ल एकादशीलाई हरिशयनी एकादशी भनिन्छ । यही दक्षिणायन कालको शुरुमा तुलसीको पूजा हुन्छ जुन चार महिनासम्म अर्थात् हरिबोधनि एकादशीसम्म रहन्छ । दक्षिणायन कालमा आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म विजय भवानीको घडा, मूर्ति स्थापना गरी पूजा गरिन्छ र राक्षसी प्रवृत्तिहरू माथि विजय प्राप्ति एवं धार्मिक-आध्यात्मिक मनोकामना पूरा होस् भनेर दशमीका दिन टीका, जमरा लगाउने या लगाइदिने कार्य थालनी भै पूर्णिमामा सम्पन्न हुन्छ । यसै दक्षिणायनको समयमा महालक्ष्मीको विशेष पूजाका साथै दीपावली समेत हुन्छ । प्राण त्याग गर्ने उपयुक्त अयन दक्षिणायन नभै उत्तरायण मानिन्छ । त्यसैले पनि यस कालमा देवदेवीहरूलाई खुशी पारेर सद्गति प्राप्त गर्न दशैं जस्तो धेरै दिनसम्म चल्ने पूजा, चतुर्मासा ब्रत आदि धार्मिक अनुष्ठान गरिन्छन् ।

*गीता*मा उत्तरायण र दक्षिणायनमा मर्नेको कस्तो गति हुन्छ यसरी बताइएको छ-

अग्निज्योतिरहःशुक्लःषण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥

\+ \+ \+

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥*

*गीता*को शाङ्कर भाष्य अनुसार जुन मार्गमा अग्नि देवता, ज्योति देवता (दिनका देवता), शुक्ल पक्षका देवता र उत्तरायणका छ महिनाका देवता छन् त्यस मार्गमा मरेर गएका ब्रह्मका उपासकले क्रम मुक्ति पाउँछन् । तर जुन मार्गमा धूवाँ र रात छ अर्थात् धूमाभिमानी एवं रात्रि अभिमानी देवता छन् तथा कृष्ण पक्षका देवता रहेका छन्, जहाँ दक्षिणायनको छ महिना (दक्षिणायन मार्गाभिमानी देवता) छन् त्यस मार्गमा गएको इष्ट, पूर्त आदि कर्म गर्ने व्यक्ति चन्द्रमाको ज्योति प्राप्ति अर्थात् कर्मफलको भोग गरेर त्यस कर्म फलको क्षय भएपछि फर्केर मर्त्यलोकमा आउँछ । अगिल्लोलाई अर्चिरादि मार्ग *(हेर्नू अर्चि मार्ग)* पनि भनिन्छ जसबाट क्रम मुक्ति हुने कुरा बताइन्छ । ब्रह्माजीको लोकमा गएर ब्रह्माजीबाट ज्ञान प्राप्ति पछि उसले मुक्ति पाउँछ । यस सम्बन्धमा *कौषीतकि ब्रह्मोपनिषद्*मा राम्ररी प्रकाश पारिएको छ ।

अयोध्या : इश्वाकु वंशका राजाहरूको राजधानी, भगवान् श्रीरामको जन्मस्थल । भारतको सरयूतटमा बसाइएको प्राचीन नगर । *अग्नि पुराण*मा वर्णित पवित्र नगरहरू मध्ये यो एक हो -

---

* *गीता ८।२४ र २५*

अयोध्या मथुरा माया काशी काञ्ची अवन्तिका ।
पुरी द्वारावती चैव सप्तैता मोक्षदायिका : ।।[▣]

अयोध्या, मथुरा, काशी जस्ता नगरहरूको सम्बन्ध भगवान्सँग रहेकोले यी नगरको तीर्थयात्रा गरेर फर्कनेहरूको मनको मल पखालिएर त्यहाँ भक्ति भावना पैदा भई भगवान्को कृपापूर्वक ज्ञान प्राप्त गरी मुक्ति प्राप्त गर्न सक्ने भएकाले यी पावन नगरहरूलाई मोक्षदायक भनिएको हो । अयोध्यामा श्रीरामजीको मन्दिर प्रसिद्ध छ ।

अयोध्याको विभीषण कुण्ड नाउँको स्थानमा नेपाली मन्दिरमा मुक्ति क्षेत्रबाट लगिएको कूर्मनारायण भगवान्रूपी शालिग्रामको भक्तजनहरूले पूजा अर्चना गर्छन् । वि.सं.१९८७मा भक्तिमती राजकुमारी देवीले सो मन्दिर निर्माण गराउनु भएको हो ।

अरण्य-शिष्य परम्परा : आद्य जगद्गरु शंकराचार्यको शिष्य परम्परा (नाद वंश)मा एक उपनाम हो अरण्य । अरण्य दशनामी सम्प्रदाय मध्ये एक कहलाउँछ । शंकराचार्यका चार शिष्य थिए-पद्मपाद, हस्तामलक, सुरेश्वर र त्रोटक । हस्तामलकका दुई शिष्य थिए-वन र अरण्य । पद्मपादका शिष्य थिए-तीर्थ र आश्रम *(हेर्नू आश्रम)*। सुरेश्वरका तीन शिष्य थिए-गिरि, पर्वत र सागर । यसरी नै त्रोटकका सरस्वती, भारती र पुरी नाउँका तीन चेला थिए । जगद्गुरुका मुख्य चार शिष्यद्वारा प्रमुख चार मठहरू-श्रृंगेरी, शारदा, गोवर्द्धन र ज्योतिर्मठ संचालित भए र दस नामी शिष्य परम्परा यी मठहरूसँग सम्बन्धित भए ।[✂] चार प्रमुख शिष्यका शिष्यहरूकै नामबाट पछिका सन्यासीहरूको नामसँग उपनाम जोडिने परम्परा शुरु भयो । जस्तो विद्यारण्य, राम तीर्थ, पुण्यानन्द गिरि, मधुसूदन सरस्वती, सच्चिदानन्द सरस्वती (खप्तड बाबा), तोता पुरी, प्रेमानन्द भारती आदि ।

▣ *अ.पुराण १०९।२४ र ब्र.पुराण ४।४०।९१*

✂ *डा.पाण्डेय-हि.धर्मकोश*

अरविन्द घोष : अरविन्द घोष भारतका महान् योगी हुन् । यिनले पूर्ण योग दर्शनको प्रतिपादन गरे । उनी भन्दथे-आध्यात्मिक अभियानमा हामीले भक्तिलाई मात्र अपनायौं भने भावनात्मक उत्तेजनामा मात्र विलीन हुनसक्छौं । त्यस्तै योग (हठ योग आदि) मात्र ग्रहण गऱ्यौं भने हामी मत्ता साँडे झैं हुनपुग्छौं । ज्ञान मात्रको आश्रय लियौं भने सुख्खा जर्जर मरुभूमि झैं हुनपुग्छौं, कर्ममा मात्र लगनशील भयौं भने यन्त्रवत् बन्छौं ।

उनको दर्शन छ-भगवान्लाई पाउनको लागि जीवन-संग्रामबाट पलायन गर्नु हुन्न, कर्म त्यागेर सन्यासी हुनु मात्र आध्यात्मिक मार्ग होइन । जीवनलाई भगवान्को दान मान्नु पर्छ । हरेक कर्म उनलाई समर्पित गरेर वास्तविक जीवनलाई नै योग-जीवनमा परिणत गर्नु पर्छ ।*

पिता कृष्णधन घोष र माता स्वर्णलताबाट सन् १८७२ अगस्त १५मा जन्मेका अरविन्दलाई उच्च शिक्षाका लागि बेलायत पठाइयो । उनका पिता छोरालाई पूर्वीय दर्शनबाट टाडा राख्न र पाश्चात्य शिक्षाका विद्वान् बनाउन चाहन्थे । तर उनको प्रारब्धमा महान् योगी बन्ने लेखिएको थियो । चौध वर्षसम्म बेलायतको मानचेष्टर र केम्ब्रिजमा पढेर स्वदेश फर्केपछि अरविन्दले आध्यात्मिक सत्ताको खोजी गर्न थाले । बडौदामा उनी अंग्रेजीका प्राध्यापक बने । उनान्तीस वर्षको उमेरमा (सन् १९०१) मृणालिनी देवीसँग उनको बिहे भयो । दाम्पत्य जीवनको एक दशक पनि नपुग्दै उनले सन्यास लिए र पाण्डिचेरी आश्रममा रहन थाले ।

अरविन्दका दृष्टिमा मानव जीवन योगका लागि हो, भोगका लागि होइन । ब्रह्मानन्द र विष्णुभाष्कर जस्ता योगीबाट प्रभावित अरविन्दको भगिनी निवेदिता (स्वामी विवेकानन्दकी चेली)सँग सन् १९०३ मा भेट

---

* *मनोजदास (अनु.शंकरलाल पुरोहित)-महान् योगी श्रीअरविन्द*

भयो । उनमा आध्यात्मिक लक्ष्य सुदृढ हुँदै गयो । पाश्चात्य शिक्षाको प्रभाव र भौतिक विचारबाट मुक्त भए पनि उनमा राजनीतिक नसा बाँकी थियो-अंग्रेजी शासनबाट मातृभूमिलाई मुक्त पार्ने संकल्पको रूपमा । उनी *बन्देमातरम्* पत्रिकाका सम्पादक बने । पछि त्यस क्रान्तिकारी पत्रिका विरुद्ध राजद्रोहको मुद्दा लगाइयो । अरविन्द बन्दी बनाइए । तर अलीपुर जेल अरविन्दका लागि आश्रम बन्यो-आध्यात्मिक साधनामा लीन रहने मौका मिल्यो । उनलाई त्यहीं ईश्वर साक्षात्कार भयो-जतातातै वासुदेव, नारायण देख्न थाले उनले । जेलबाट मुक्त भएपछि उनी राजनीतिलाई त्यागेर अध्यात्ममा पूर्णरूपमा समर्पित भए । पण्डिचेरीमा सन्यासीको जीवन बिताउँदा उनले *आर्य* (अंग्रेजी) मासिक पत्रिका प्रकाशित गरे । सन् १९१८ मा पत्नी वियोग सहन पऱ्यो ।

अरविन्दको जीवनमा उनकी चेली श्रीमाको महत्वपूर्ण भूमिका रहेको छ । अरविन्दकी चेली बन्नु अघि उनको नाउँ थियो श्रीमती मीरा रिचार्ड । यी फ्रान्सेली महिला अतीन्द्रिय शक्ति सम्पन्न थिइन् । सन् १९१४ मा आफूले स्वप्नमा बारम्बार देखिरहने र आफूलाई भारत आउन आकर्षित गरिरहने महान् गुरुसँग मीरा रिचार्डको पहिलो साक्षात्कार भयो । प्रथम विश्व युद्ध शुरु भएपछि उनलाई फ्रान्स फर्कनु पऱ्यो । सन् १९२० मा उनी पूर्णरूपले अरविन्दकी चेली बनिन् । महान् गुरुले आश्रममा व्यावहारिक काम केही गर्दैन्थे र श्रीमाले नै ती कार्यहरूको सम्पादन गर्नु पर्दथ्यो ।

आफूलाई पूर्णरूपले भगवान्मा समर्पण नगरेसम्म *(हेर्नू आत्म-समर्पण)* उहाँलाई पाउन सकिन्न भन्ने अरविन्दको सिद्धान्त थियो । उनी भन्छन्-समर्पण सजिलो छैन । यो कार्य बिस्तार बिस्तार पूर्ण हुन्छ । यसका लागि भगवान्को कृपा र उहाँको सहायताको जरुरत पर्छ ।

कर्मका सम्बन्धमा अरविन्द भन्छन्- कर्मबाट नभाग । काम शरीरद्वारा गरिएको भगवान्को सर्वोत्तम प्रार्थना हो । हरेक कामलाई भगवान्को

कर्म संझेर बढी भन्दा बढी शुद्ध भावद्वारा सम्पन्न गर्ने कोशिस गर। काम गर्दा मनमा के भावना लिनु भने यो भगवान्‌कै काम हो र उहाँकै शक्ति एवं सहायताबाट पूरा हुनेछ । यस्तो भावना स्थिर नरहेसम्म कामको आरम्भमा भगवान्‌लाई बोलाऊ, उहाँको सहायता माग र अन्त्यमा उहाँलाई धन्यवाद देऊ ।▲

महान् योगी अरविन्दले सन् १९३५ तिर आत्म-साक्षात्कार *(हेर्नू आत्म-साक्षात्कार)* जेलमा गरिसकेका थिए। जेलमा नै उनले अतिमानस *(हेर्नू अतिमानस)*को अवतरणका लागि कठोर साधना गर्न थाले । अरविन्द अतिमानस (सुप्रामेण्टल)को अवतरण गराएर नयाँ मानवताको सृष्टि गराउन चाहन्थे। यो प्राप्ति विना दिव्य जीवन प्राप्त हुन्न। अतिमानस वृक्षका फल हुन्-रोगहरूबाट मुक्ति, इच्छित आयु प्राप्ति र शरीरका व्यापारहरूमा परिवर्तन ।

अरविन्द महान् योगी एवं चिन्तक मात्र होइनन्, कवि पनि थिए त्यसैले उनले महान् काव्य *सावित्री* लेख्न सके। दार्शनिक उच्चताले भरिएको यस महान् काव्यमा 'भागवत करुणा शक्ति मानव शरीर धारण गरेर सावित्रीको रूपमा प्रकट हुन्छ र मानव जीवनका हरेक पक्षलाई छुँदै प्रत्येक अँध्यारो कुनालाई प्रकाशित गर्दै माथि उठ्छ ।♥

सत्यवान् सवित्रीको पौराणिक कथाको केही आधार लिए पनि सावित्रीको रूपमा एक्लो मानवीय चेतना हार नखाई कसरी कठोर साधना र श्रम गर्दै विजयश्री प्राप्त गर्न सक्छ भन्ने सन्देश नै यस काव्यले दिएको पाइन्छ। कवि अरविन्द लेख्छन् -

जब सत्ता वाद्य हुन्छ अन्त्यका लागि -
या जीवनले पुनः निर्माण गरोस् आकृति
एकाकी नै रहेर ऊ बनोस् विजयिनी या पराजिता ।

▲ *रवीन्द्र-श्रीअरविन्द-जीवन औ दर्शन*

♥ *ऐ. ग्रन्थ*

त्यस बेला उसलाई मानवी मद्दत नमिलोस्
कुण्डल कवच, किरीटयुक्त देवता उज्याला
उसको पक्ष लिएर खडा नहुन्,
तापनि देवलोकका लागि नगर पुकारा,
किनकि एक्ली ऊ गर्न सक्छे निज रक्षा ।
त्यसैका लागि त अवतरित छ शान्त शक्ति
उसमा छ चेतन संकल्पयुक्त मानव तन
ऊ आफैंले बचाउन सक्छे आफूलाई, जगलाई ।×

सावित्री महाकाव्य लेखिसक्नु भन्दा दुई महिना अगाडि उनले आफ्नो लेखन्दासले सुन्ने गरेर भने-*सावित्री*को काम शीघ्र समाप्त गर्नुछ । सती सावित्रीले धर्मराजको पासोबाट आफ्ना पतिको प्राण फर्काएर ल्याइन् । *सावित्री* महाकाव्य पूरा भयो । अरविन्द भने आफ्नो काम पूरा भएको ठानेर एवं बाँकी काम पूरा गर्न श्रीमा छँदैछिन् भन्ने जानेर महासमाधिका लागि तयार भए । सन् १९५० दिसम्वर ५ मा उनी ब्रह्मलीन भए । उनको शरीरमा दिव्य आभा १११ घण्टासम्म रहेकोले त्यस अवधिसम्म समाधिस्थ गरिएन । अरविन्दको महाप्रयाण पछि श्रीमाले पाण्डिचेरीमा शिक्षण संस्थाको विस्तारका साथ ओरभिल नामक अन्तरर्राष्ट्रिय नगर स्थापना कार्य सम्पादन गरिन् ।

अर्चना : अपरा भक्ति । नवधा भक्ति मध्ये एक । आदर, पूजा, पूजा-अर्चना । प्रतिमा या मूर्तिको अलंकारका साथ पूजा गर्नु । अर्चना गर्ने भक्तलाई अर्चक भनिन्छ ।

*मनुस्मृति*मा ब्राह्मणहरूले नित्य सबै प्राणीहरूलाई अर्चना गर्नु पर्ने बताइएको छ-

एवं यः सर्वभूतानि ब्राह्मणे नित्यमर्चति ।
स गच्छति परं स्थानं तेजोमूर्तिपथर्जुना ॥ *(३।९३)*

× *वेदान्त विश्वकोशकारद्वारा हिन्दीबाट अनुदित*

अर्थात् -जुन ब्रह्मणले सबै प्राणीहरूको नित्य पूजन गर्छ ऊ सिधा मार्गबाट तेजोमय परमस्थानमा पुग्छ ।

*भागवत*मा नवधा भक्तिमा श्रवण, कीर्तन, विष्णोस्मरण, पादसेवन पछि अर्चनाको उल्लेख गरिएको छ त्यसपछि बन्दना, दास्य र सख्य भक्ति अनि आत्म-निवेदन *(हेनुँ आत्म-निवेदन)* समावेश गरिएका छन् -

श्रवणं कीर्तनं विष्णोःस्मरणं पाद सेवनम् ।
अर्चनं बन्दनं दास्य सख्यमात्मनिवेदनम् ॥*

*गीता*मा भगवान्ले देव अर्चना अर्थात् देवपूजनका सम्बन्धमा भन्नु भएको छ-

यो यो यां यां तनु भक्तः श्रद्धयागर्चितमिच्छति ।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥

अर्थात् जो जो सकाम भक्त जुन जुन देवताको स्वरूको श्रद्धा र भक्तियुक्त भएर अर्चन, पूजन गर्न चाहन्छन्, ती ती भक्तका देवता विषयक श्रद्धालाई म अचल-स्थिर गरिदिन्छु ।[ठ]

प्रतिमाको पूजा-अर्चनाका सम्बन्धमा खप्तडबाबाको भनाइ छ- "प्रकृतिको राज्यमा ईश्वरको सृष्टिमा प्रतिमाको पूजा हुनु अनवार्य छ। ..... जो यस मूर्ति पूजाको खण्डन गर्छ त्यसले कुनै न कुनै प्रकारले आफ्नो मन मारेर लुकिछिपि यही मूर्ति पूजा गर्ने गर्छ। कोही चौकी वा पुस्तकलाई नमस्कार गर्छन् भने कोही शूलीलाई, कोही पत्थरको कावालाई चुम्बन गर्छन् भने कोही कागजको ॐलाई, तर मूर्ति पूजा नगरी कोही रहेको हुँदैन। ..... जसरी अन्नको सहारा नलिई शरीरको

---

* *भाग. ७५।२३*

ठ *गीता ७।२१ शां.भा.*

स्थिति यथावत रहन सक्तैन त्यसैगरी मन पनि कुनै न कुनै भावमय मूर्तिको सहारा नलिई त्यसै रहन सक्तैन ।"◊

अर्चीमार्ग : देवयान, उत्तर मार्ग, देवपथ, शुक्ल मार्ग या ब्रह्मपथ । उपनिषदहरूमा क्रम मुक्तिको प्रसंगमा ब्रह्मलोकको वासना भएको व्यक्ति मरेपछि अर्चीमार्गबाट ब्रह्मलोक पुग्छ र महाप्रलय आएपछि ब्रह्मजीका साथ मुक्त हुन्छ भनेर बताइएको छ । अर्ची मार्गका यात्रीलाई मृत्योपरान्त अर्चिदेवता, दिनका देवता, शुक्ल पक्षका देवता, उत्तरायणका देवता, संवत्सर, आदित्य, चन्द्रमा, विद्युत र अमानव पुरुषद्वारा ब्रह्मलोक लगिन्छ । यो देवमार्ग-ब्रह्म मार्ग हो । यस मार्गबाट जाने पुरुष यस मानव मण्डलमा फर्कदैन ।⇔

*गीता*मा अर्चीमार्गलाई शुक्लमार्ग भनिएको छ-अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् *(८।२४)*

शुक्ल मार्गमा अग्नि देवता, सूर्य देवता, शुक्ल पक्षका अधिपति देवता, उत्तरायणका अधिपति रहन्छन् । यिनीहरूले शुक्लमार्गका यात्री एवं ब्रह्मलाई परोक्ष रूपले जान्ने पुरुषलाई ब्रह्मलोकमा पुऱ्याइदिन्छन् ।

*छान्दोग्योपनिषद्*मा झैं *बृहदारण्यकोपनिषद्* र *कौषीतकि ब्राह्मणोपनिषद्*मा अर्चिमार्गका यात्री (परोक्ष रूपमा ब्रह्म जान्ने)को अग्नि, वायु, सूर्य, वरुण, इन्द्र, प्रजापति लोकहरूमा गमन गरी ब्रह्मलोक प्राप्ति र क्रममुक्ति हुने चर्चा गरिएको पाइन्छ ।●

अर्चिरादि मार्गमा जुन अर्चि, अहः(सूर्य)पक्ष, अयन संवत्सर, वायु, विद्युत आदि रहेको बताइएका छन् ती जड हुन् कि चेतन हुन् ? जिज्ञासा

◊ *धर्म-विज्ञान-द्वितीय खण्ड*

⇔ *छान्दो. उप. ४।१५।५ र ५।१० १-२, बृह. उप. ६।२।१५*

● *कौषी. उप. १।३। रामसुखदासले सा. संजीवनीमा यस बारे राम्ररी चर्चा गरेका छन् ।*

उठ्न सक्छ । *ब्रह्मसूत्र*मा यसको समाधान गरिएको छ- आतिवाहिकास्तल्लिङ्गात् *(४।३।४)*

अर्चि, अहः आदि शब्दहरूद्वारा बताइएका यी ती ती नाम र लोकका अभिमानी देवता या मानवाकृति पुरुष हुन्। यिनको काम ब्रह्मलोकमा जाने विद्वान्लाई एक स्थानबाट अर्को स्थानसम्म पुऱ्याइदिनु हो, त्यसैले तिनलाई आतिवाहिक भनियो । श्रुति अनुसार पनि ती सम्बन्धित विषयक अभिमानी देवता हुन् ।■

अर्जुन : उज्ज्वल, सेतो, चम्किलो, दिवस आदि उज्यालो पक्षलाई अर्जुन शब्दले जनाउँछ। अर्जुन परम भागवत अर्थात् भगवान्का ठूला भक्त हुन् । प्रल्हाद, नारददेखि लिएर विभीषणसम्म चौध जना भगवान्का परम भक्तमा अर्जुनको नाम पनि समाविष्ट छ-

रूकमाङ्गदार्जुन वशिष्ठ विभीषणादीन्
पुण्यानिमान परम भागवतान् नतोऽस्मि ॥★

*महाभारत*का प्रमुख पात्रहरूमध्ये एक अर्जुनको भक्तिको कारणले गर्दा भगवान् श्रीकृष्णले उनका साथै संसारको कल्याणका लागि *गीता*को उपदेश गर्नु भएको हो । भगवान्का समवयस्क अर्जुन नर अवतार मानिन्छन् । पाण्डवहरूमा युधिष्ठिर र भीम पछि अर्जुन जन्मेका हुन्। वीर अर्जुन बुद्धिमान पनि थिए त्यसैले उनले भगवान्को सेना नचाहेर स्वयं भगवान्लाई रोजे (महाभारत युद्धको प्रसंगमा) । दुर्योधनले चाहिं निःशस्त्र भगवान्लाई रोज्ने अर्जुनलाई मूर्ख संभ्यो र यादव सेना आफूले पाएकोमा हर्षित भयो । महाभारत युद्धमा अर्जुनको रथको सारथी भगवान् बन्नु भयो । जहाँ भगवान् त्यहाँ विजयश्री हुनु स्वाभाविक थियो । फलतः पाण्डव कुलको विजय र कौरवको हार

■ *ब्रह्मसूत्र-हिन्दी व्याख्याकार-हरिकृष्णदास गोयन्दका*

★ *पूरा श्लोक तथा १४ जना परम भागवतका नामका लागि अम्वरीष हेर्नें*

भयो । दिव्य दृष्टि प्राप्त संजयले गीतोपदेश सुनेपछि अत्यन्त रोमाञ्चित हुँदै भने -

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ॥■

अर्थात् जहाँ योगेश्वर भगवान् हुनुहुन्छ, जहाँ गण्डिव धनुषधारी अर्जुन छन् त्यही पक्षमा श्री, विजय, विभूति र अचल नीति हुनु स्वाभाविक छ । *गीता*को आरम्भमा धृतराष्ट्रले युद्ध कसले जित्ला भनेर गूढाभिसन्धिरूप प्रश्न गरेका थिए त्यसैको उत्तरमा गीतोपदेशको अन्त्यमा संजयले भविष्यवाणी गरिदिए-योगेश्वर श्रीकृष्ण र वीर अर्जुनको कारणले युद्धमा पाण्डव पक्षको विजय हुनेछ ।

अर्जुन बेजोड धनुर्धर थिए । त्यति मात्र होइन उनी धीर, उदार, दयालु, निष्पाप, दृढप्रतिज्ञ, गुरुका सेवक, जितेन्द्रिय, भगवान्का अनन्य भक्त पनि थिए । द्रोणाचार्य र परशुराम जस्ता महान् गुरुका अत्यन्त प्यारा शिष्य हुन् अर्जुन । गुरु द्रोणाचार्यलाई उनले सेवापरायणताका साथै चतुरता र एकाग्रता *(हेर्नू एकाग्रता)* द्वारा लक्ष्यभेदन गर्ने क्षमता जस्ता गुणहरू प्रदर्शन गरी खुशी गराएका थिए । फलतः धनुर्विद्यामा अर्जुन अतुलनीय सावित होउन् भन्ने गुरु द्रोणाचार्यको इच्छा थियो । त्यसैले उनले एकलव्य *(हेर्नू एकलव्य)*लाई धनुर्विद्या सिकाएनन् । जब आफ्नो मूर्ति स्थापना गरेर पनि एकलव्यले धनुर्विद्यामा विशेषता हासिल गरेको बुझे त दोर्णाचार्यले गुरु दक्षिणाको रूपमा दाहिने बूढी औंला मागे । एकलव्यले बूढी औंला दक्षिणाको रूपमा दिएपछि धनुर्विद्यामा अर्जुनको तुलना कसैसँग हुने छैन भन्ने कुरामा ढुक्क भए । यसरी अर्जुनले गुरुकृपा प्राप्त गरेथें ।♦

■ *गीताको अन्तिम श्लोक (१८।७८)*

♦ *धनुर्विद्यामा कुशलताको कारणले गर्दा नै अर्जुनको द्रौपदीसँग स्वयंवर हुन सक्यो।*

अर्जुनले नचिनेको अवस्थामा शिवजीसँग वीरतापूर्वक शस्त्रास्त्र युद्ध र पछि मल्ल युद्ध गरी उहाँलाई खुशी पारेर पाशुपतास्त्र प्राप्त गरेको कथा जगत् प्रसिद्ध छ र कविलेखकहरूले किरातार्जुनीय युद्ध बारे काव्य, कथा आदि लेखेका छन्। त्यसै गरी देवताहरूको पक्षमा युद्ध गरी असुरहरूलाई पराजित गर्न सक्ने अर्जुनसँग खुशी भई इन्द्रले अति सुन्दरी अप्सरा उर्वशी सुखभोगका लागि पठाउँदा पनि इन्द्रियजीत अर्जुन फसेनन्। उनले उर्वशीलाई 'आमा' भनेर सम्बोधन गर्दै उनीसँग भोग-विलास गर्न अस्वीकार गरेकोमा कुपित उर्वशीद्वारा दिइएको एक वर्षसम्म नपुङ्सक हुने श्राप समेत अर्जुनले भोग्नु पर्‍यो। गुप्तवासको समयमा एक वर्ष विराट राजाको दरवारमा हिजडा वृहन्नलाको रूपमा नृत्य र गायनका शिक्षक भै अर्जुनले राजकुमारीलाई नृत्य र संगीत कला सिकाउनु पर्‍यो।[*]

श्रीकृष्णका प्यारा भक्त, भगवान्‌का सखा अर्जुनलाई गीतोपदेशको अन्त्यतिर सोध्नु भयो-हे पार्थ ! के तिमीले यस शास्त्रलाई एकाग्र चित्त *(हेर्नू एकाग्रता)*ले सुन्यौ ? अज्ञानको कारण उत्पन्न सम्मोह नष्ट भयो ? *(गीता १८।७२)* उत्तरमा अर्जुनले 'तपाईंको कृपाले मलाई ज्ञान भएको छ' भनेर कृतज्ञता व्यक्त गर्दै बताए -

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गत सन्देहः करिष्ये वचनं तव ॥ *(१८।७३)*

अर्थात् हे अच्चुत ! तपाईको कृपाले मेरो मोहरूपी अज्ञान नष्ट भयो, आवरण दोष हटेकोले तत्त्व-साक्षात्कार भयो, मनमा कुनै सन्देह छैन। अब म तपाईको आज्ञा पालन गर्नेछु। यो ज्ञान या तत्त्व-साक्षात्कार अघि अर्जुनको मानसिक धरातलमा अत्यन्त महत्वपूर्ण कार्य सम्पन्न भैसकेको थियो- अर्जुनले देहाध्यासको त्याग गर्दै गई भगवान्‌मा पूरा शरणागतिको स्थिति प्राप्त गरिसकेका थिए। अर्जुन उत्तम अधिकारी

---

[*] *वा.रि. यात्री-योगी अर्जुन र भोगी उर्वशी-लेख, समुदय पूर्णाङ्क ३५, माघ ०५८*

हुन् त्यसैले भगवान्‌को दिव्यं उपदेशलाई उनले आत्मसात गर्दै गए। भगवान्‌ले कबुल गर्नु भएथ्यो-के गर्न हुने, के गर्न नहुने भन्ने विचारलाई (धर्मको आश्रय) त्यागेर मेरै शरणमा आऊ। त्यसो गर्न सक्यौ भने तिम्रा अज्ञानरूपी पाप नष्ट गरिदिनेछु, शोक नगर। *(१८।६६)* श्रीकृष्णको आज्ञालाई सम्पूर्णतः शिरोपर गर्दै अर्जुनले आफूलाई उहाँमा समर्पण, आत्म-प्रक्षेपण *(हेर्नू आत्म-प्रक्षेपण)* गरेकाले उनलाई ज्ञान भैहाल्यो।

*भागवत्*मा श्रीकृष्णसँग वियोगबाट (भगवान् परमधाममा जानु भएपछि) पीडित अर्जुन भन्छन्-श्रीकृष्णको आश्रयबाट नै मैले धनुर्वाणको कौशल देखाएर द्रौपदीसँग स्वयंवर गर्न सकें, देवताहरूलाई जितेर अग्निदेवलाई खाण्डव वन दान गर्न सकें। उहाँकै कृपा पाएर किरात रूपधारी शिवसँग युद्ध गरी अन्त्यमा उहाँलाई खुशी पारेर पाशुपतास्त्र प्राप्त गर्न सकें। यसरी श्रीकृष्णको कृपा पाएर पाण्डवको पराक्रम बृद्धि भएको तथा विजय प्राप्ति आदि घटनाको वर्णन अर्जुनले दाजु युधिष्ठिर समक्ष गरे।[○]

भगवान्‌को गुणानुवाद गर्दा गर्दा उनलाई गीतोपदेशको पुनः स्मरण भयो। कालको व्यवधान र कर्महरूको विस्तारको कारण प्रमादवश केही दिनका लागि विस्मृत ज्ञानको उनको हृदयमा उदय भयो। ब्रह्मज्ञानको कारण मायाको आवरण भङ्ग भएर गुणातीत अवस्था उनलाई प्राप्त भयो। द्वैतको संशय निवृत्त भै तथा सूक्ष्म शरीर भङ्ग भै श्रीकृष्णसँग वियोगजन्य दुःख पनि रहेन, उनी शोक रहित भए।[□] यसरी अर्जुनले श्रीकृष्णको अनन्य भक्ति गरेकाले उहाँको अहैतुकी कृपा *(हेर्नू अहैतुकी कृपा)* पाउन सके।

○ *भाग. १।१५ हेर्नें*

□ *भाग. १।१५।३०-३१*

अर्थ : चार पुरुषार्थ मध्ये एक । चार पुरुषार्थ हुन्-धर्म, अर्थ, काम र मोक्ष । वेदान्तशास्त्र अनुसार धर्मलाई त्यागेर गरिएको अर्थोपार्जन अनर्थकारी हुन्छ । अगाडिका तीन पुरुषार्थ पूर्वजन्मसँग सम्बन्धित भएकाले प्रारब्ध अनुसार प्राप्त हुन्छन् तर मोक्ष चाहिं आत्मकृपा *(हेर्नू आत्मकृपा)*, गुरुकृपा र ईश्वरकृपा *(हेर्नू ईश्वरकृपा)*बाट प्राप्त हुन्छ। धर्म र मोक्ष तर्फ बेवास्ता गरिएको कारणले वर्तमान समयमा अर्थ सम्बन्धी प्रयासहरू दुःखदायी सावित भएका छन् । भौतिकवादले अर्थ र कामलाई जोड दिन्छ भने अध्यात्मवाद *(हेर्नू अध्यात्मवाद)*ले धर्म र मोक्ष तर्फ ध्यान केन्द्रित गर्छ ।

शब्द, स्पर्श, रूप, रस र गन्ध अर्थात् ज्ञानेन्द्रियका विषयका लागि पनि अर्थ शब्द प्रयोग गरिन्छ। जस्तो-इन्द्रियेभ्यः परा ह्यर्था अर्थेभ्यश्च परं मनः▲ अर्थात् इन्द्रियभन्दा शब्दादि विषय बलवान् छन् र ती विषयभन्दा मन प्रवल छ। *भागवत*मा भनिएको छ-अर्थोपार्जन धर्मका लागि हो । धर्मबाट ज्ञान प्राप्त हुन्छ । अनि परम शान्ति मिल्छ। *(११।५।१२)*

आनन्दस्वरूप भगवान् सबैद्वारा प्रार्थना गरिनु भएकाले उहाँ नै अर्थ *(वि.सह. ५९।४३०)* हुनुहुन्छ। प्रपञ्च असत्य भएकाले त्यसको अर्थ या सार्थकता नै रहेन । तर सत्स्वरूप परमात्मा अर्थ सहितको अर्थात् सार्थक हुनुहुन्छ । भगवान् नै आप्तकाम *(हेर्नू आप्तकाम)* अर्थात् पूर्णकाम हुनुभएकाले उहाँका लागि कुनै कुराको पनि प्रयोजन छैन। त्यसैले उहाँ अनर्थ *(वि.सह.५९।४३१)* पनि हुनुहुन्छ ।

अर्थवाद : प्राचीन समयमा वैदिक कर्म अनुष्ठान गर्दा शिष्यहरूले गुरुसँग विधि विषयमा प्रश्न सोध्ने गर्थे र तिनको व्याख्या गुरुले गरिदिन्थे।

▲ *कठ. उप. १।३।१०*

यसैलाई अर्थवाद भनिन्थ्यो । पछि यस शब्दको तात्पर्य प्रशंसा या निन्दा हुन गयो । अर्थवाद तीन प्रकारको मानिन्छ -

क. **गुणवाद**-(विरोध कथन)

ख. **अनुवाद**-(अवधारित/अन्य प्रमाणबाट पुनः कथन)

ग. **भूतार्थवाद**-(तिनको अभाव अर्थात् स्तुतिपरक या निन्दापरक कथन ।)◈

पूजा-आजा गर्ने स्वर्ग जान्छ भन्नु 'स्तुति भूतार्थवाद' हो । 'एकादशीका दिन मांसादि भक्षण गर्ने नरक जान्छ'भन्दा यो निन्दार्थवाद या निन्दार्थक भूतार्थवाद भयो ।

अर्थापत्ति : परिस्थितिको आधारमा अनुमान लगाउनु । अनुमानित ज्ञान । पीनो देवदत्तः दिवा न भुङक्ते-अर्थात् मोटो देवदत्त दिनमा खाँदैन भन्दा उसले राती-राती खाँदो रहेछ भन्ने अर्थ बोध हुन्छ । यसैलाई अर्थापत्ति भनिन्छ । कार्यको ज्ञानबाट कारणको ज्ञानमा पुग्नु वेदान्तको प्रक्रिया हो । यो प्रमाणको रूपमा प्रयोग हुन्छ ।

अर्थस्य आपति=अर्थापत्ति । यहाँ अर्थ भनेको पदार्थ हो र आपत्ति भनेको कल्पना हो । मोटो देवदत्त दिनमा खाँदैन भन्दा राती राती धेरै खाने होला भन्ने कल्पना गरिनु स्वाभाविक छ । 'ज्ञान मर्दछ हाँसेर' भन्ने भनाइ (समका) सुन्ने बित्तिकै हामी सोच्न थाल्छौं-जसले ज्ञान गरेको छैन ऊ दुःखी भएर छट्पटाएर मर्छ, त्यसैले ज्ञानी बन्नु पर्छ ताकि मृत्यु-भय र मोहजन्य दुःख कष्टलाई जित्न सकियोस् ।

अर्थापत्ति दुई प्रकारको बताइन्छ-दृष्टार्थापत्ति र श्रुतार्थापत्ति । अगिल्लो प्रमाणबाट सिपीमा चाँदीको मिथ्यात्व सिद्ध हुन्छ । व्यवहारमा फसेका मानिसहरूको दुःख देखेर सांसारिक प्रपञ्चमा सुखको भान गराउने दुःख मात्र रहेछ, वास्तविक सुख त त्यागमा रहेछ भन्ने विचार पैदा हुनु दृष्टार्थापत्ति हो । वेद वाक्य छ-तरति शोकमात्मवित् अर्थात्

◈ *डा. पाण्डेय-हि. धर्मकोश*

आत्मवेत्ता शोकबाट तर्छ। मुमुक्षुले गुरुबाट यो वाक्य सुनेपछि घरमा गएर मनन गर्न थाल्छ। आत्म-ज्ञानबाट आवरण दोष हट्छ, मनोनाश र वासनाक्षय हुन्छ अनि आनन्दस्वरूप आत्मा झलमल्ल हुन्छ। त्यसपछि शोक, मोह जस्तो अन्धकार कहाँ टिक्न सक्छ र !✤

अर्थार्थी आदि भक्तहरू : भक्तको प्रकारको क्रममा अर्थात् चार प्रकारका भक्तमा अर्थार्थी भक्त एक हो। योगक्षेम वहन गर्ने भगवान्मा समर्पित भएर दुःखकष्ट, संकटको बखतमा उहाँको सहयोगार्थ प्रार्थना गर्ने भक्त अर्थार्थी हो। ध्रुव, प्रह्लाद, कुन्ती आदि अर्थार्थी हुन्।

भगवान् श्रीकृष्णले *गीता*मा चार प्रकारका भक्तको उल्लेख गर्नु भएको छ-

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन !
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ !! *(७/१६)*

ज्यानको संकट पर्दा या ठूलो बेइज्जतिका बखत आर्तत्राणपरायण भगवान्को पुकारा गर्ने भक्त आर्त *(हेर्नू आर्त भक्त)* हो। जस्तो गजेन्द्र, द्रौपदी, अम्बरीष *(हेर्नू अम्रीष)* आदि। गजेन्द्रलाई गोहीले समात्यो, ज्यान जाने भयो। उसले भगवान्बाट त्राण पाउन भक्ति गऱ्यो। द्रौपदीको चीर हरण हुँदा उनले श्रीकृष्णको पुकारा गरिन् र उनको लाज बचाउनु भयो भगवान्ले। क्रोधी दुर्वासाले भक्त अम्बरीषलाई सानो गल्तीमा मार्न खोज्दा अम्वरीषले भगवान्को प्रार्थना गरे। श्रीविष्णुले भक्तको रक्षार्थ सुदर्शनचक्र पठाइदिनुभयो जसले दुर्वासाको प्राण लिन खोज्यो र उनी भागे। उनलाई ब्रह्मा, शिव कसैले बचाएनन्। अन्त्यमा श्रीहरिको शरण पर्दा उहाँले भन्नुभयो-अहं भक्तपराधीनो ह्यस्वतन्त्र इव द्विज।* अर्थात् म त भक्तको

✤ *चूडानाथ-अद्वैत चूडा.*
* *भाग. ९।४।६३*

पराधीन छु, केही गर्न सक्तिन । अम्वरीषको शरणमा जाउ । अन्त्यमा अम्वरीषको शरणमा परे पछि दुर्वासाको ज्यान जोगियो । यो भक्तको महिमा हो ।

जिज्ञासु भक्त चाहिं भगवान् बारे जिज्ञासा राख्छ-उहाँ कहाँ हुनुहुन्छ ? भगवान्लाई कसरी प्राप्त गर्ने ? यसरी मनमा प्रश्न लिएर खोजी गर्छ, सत्संग गर्छ, गुरुको शरणमा पर्छ र भगवान्लाई प्राप्त गर्छ । यस्ता भक्त हुन् अर्जुन, परीक्षित आदि ।

अन्तिम भक्तको नाम हो ज्ञानी भक्त । ज्ञानी भक्तले सगुण एवं साकार भगवान्को खोजी गर्दैन । उसले के बुझेको हुन्छ भने परमात्मा अन्तर्यामी *(हेर्नू अन्तर्यामी)* हुनुहुन्छ, अन्तरात्मा *(हेर्नू अन्तरात्मा)* हुनुहुन्छ । भगवान्को नाम र रूप त कथित हुन् । सत्चित् आनन्द स्वरूप आत्मा नै परमात्मा हो । आत्म-साक्षात्कार *(हेर्नू आत्म-साक्षात्कार)* गर्नु जस्तो ठूलो भक्ति के होला ?

अर्धनारीश्वर : आधा नारी र आधा पुरुषस्वरूप शिवजी । प्रजापतिले जगत्को कसरी सृष्टि गर्ने भनेर उग्र भएर ऋक् देवीको उपासना गर्न थाले । त्यसबाट उग्र रूपका देवता प्रकट भए । वास्तवमा ती अर्धनारी थिए । एकातिर नीलो, अर्कातिर रातो । नीलो पुरुष र रातो स्त्री रूप । प्रजापतिले तिनलाई विभाजन गरी सृष्टिको क्रम अगाडि बढाए ।*

पञ्चमुखी शिव लिङ्गमा उत्तर मुख, वामदेव नै अर्धनारीश्वर कहलाउँनु हुन्छ । अर्धनारीश्वर भएको कारणले नै उहाँको रूप विचित्रको मानिन्छ । दायाँ कानमा नागको कुण्डल, बायाँ तर्फ स्त्रीको जस्तो लामो कपालमा (चूल्ठो), बायाँ कानमा कमलाकार आभूषण छ ।

---

* *अव्यक्त उप.*

बायाँ भाग नारीसुलभ आभूषणयुक्त छ । त्यसैले वामदेव नै अर्धनारीश्वर हुनुहुन्छ *(भारतीय प्रतीक विद्या)* ।

अर्धनारीश्वर स्वरूपमा अति सूक्ष्म चिन्तन पाइन्छ । यस चिन्तनले शक्ति र शक्तिवान् प्रकृति र पुरुषलाई एउटै मान्छ । *गीता*को नवौं अध्यायमा भगवान्को वाणीको व्याख्याको क्रममा सन्त ज्ञानेश्वर लेख्छन्-जसद्वारा यो अष्टधा प्रकृति (*हेर्नू अष्टधा प्रकृति*)ले जगत्लाई जन्म दिन्छे त्यो जगत्को पिता म नै हुँ । जसरी अर्धनारी नटेश्वरमा पुरुष नै स्त्री र स्त्री नै पुरुष बन्छ त्यसैगरी स्थावर र जंगमको माता पनि मै हुँ ।* *शिवमहिम्नः स्तोत्र* अनुसार भगवान् शिवले पार्वतीले उग्र तपस्या गरेको देखेर खुशी भई आधा बाँया अङ्ग प्रदान गर्नु भयो (त्यसैले विवाहित स्त्रीलाई वामाङ्गी भनिन्छ) र अर्धनारीश्वर बन्नु भयो । त्रिपुरासुरनाशक तथा कामदेवलाई भष्म गर्ने शिवलाई पार्वतीले अर्धनारीश्वर रूप लिएपछि शिवलाई नारीको अधीन भएको मान्दछिन् भने हे अष्टाङ्ग योगपरायण वरदाता भगवान् ! यो त्यसरी हेर्नेकै दृष्टिकोण हो (तपाईं त्यस्तो हुनुहन्न) । *(ऐ. स्तोत्र श्लोक-२३)*

कार्तिक माहात्म्य अनुसार शिवजीले पार्वतीसँग जूवा खेल्दा हारेर गई पतिपरमेश्वरको आधा शरीर पनि पार्वतीले जितेपछि शिव अर्धनारीश्वर हुनु भयो । शिवको प्रातःकालीन प्रार्थनामा आधा अङ्गको रूपमा गिरिजा (पार्वती) रहनु भएको-गिरिजार्ध देहं भनिएको छ ।◈

शिव र शक्तिको एकाकारको प्रतीक हो यो । तिथ्यादि तत्त्वमा नवमीमा अष्टमी जोडिएमा या अष्टमीमा नवमी संयुक्त भएमा त्यसलाई अर्धनारीश्वरी या उमामहेश्वरी तिथि भनिन्छ ।⊙ कुनै कुनै शास्त्रमा अर्धलक्ष्मीहरिको उल्लेख पनि पाइन्छ । शिवपुराण अनुसार

---

* *ज्ञानेश्वरी गीता ९।१७ व्याख्या*

◈ *प्रातर्नमामि गिरीशं गिरिजार्ध देहं*

⊙ *हरिराम जोशी -अभि. सं. कोष*

नैमिषारण्य क्षेत्रमा वायुदेवताले ऋषिहरूका प्रश्नका उत्तरमा महादेवको महानतामा प्रकाश पार्दै भन्छन्- ब्रह्माजीको कठोर तपस्यावाट खुशी हुनुभएका महादेवले मैथुनीसृष्टि परम्परा चलाउनका लागि आफ्नै शरीरको बायाँ अङ्गबाट देवी रुद्राणीलाई प्रकट गर्नुभयो ।+

अर्धमात्रा : ॐमा ब्रह्मा, विष्णु र शिव रहनुभएको बताइन्छ *(हेर्नू ॐ)* त्यसमा अर्धमात्रा (ँ) जगन्माता हुनुहुन्छ । विश्वेश्वरी जगन्माताको ब्रह्माले स्तुति गर्दै भन्नु भयो -

सुधा त्वमक्षरे नित्ये त्रिधा मात्रात्मिका स्थिता ।
अर्धमात्रा स्थिता नित्या यानुच्चार्या विशेषताः ॥

(दुर्गा सप्तशती १।७४)

अर्थात् तपाईं अमृत रूप हुनुहुन्छ । अक्षरहरूमा ह्रस्व, दीर्घ र प्लुत स्वरूपले रहनु भएको छ । तपाईं नित्य अर्धमात्रामा रहनुहुन्छ जसको विशेष रूपबाट कोही उच्चारण गर्न सक्तैनन् ।

त्यसैगरी गीता माताका अठार नामहरूमा अर्धमात्रा पनि एक हो-अर्ध मात्रा चिदानन्दा भवध्नी भ्रान्ति नाशिनी । अर्थात् ॐको अर्धमात्राको रूपमा रहनु भएकी देवी चित् र आनन्द स्वरूपिणी हुनुहुन्छ र संसारको भ्रान्ति पनि उहाँले नै नाश गर्नुहुन्छ ।

अर्यमादि पितृगण : अर्यमा समेत पितृगण सात छन् । यिनलाई पितृ देवता पनि भनिन्छ । यिनीहरूको नाम-कव्यवाह, अनल, सोम, यम, अर्यमा, अग्निष्वात्त र बर्हिषत् । उष्ण अन्न खाने भएकाले यी पितृहरूलाई ऊष्मपा *(हेर्नू उष्मपा)* पनि भनिन्छ ।

+ *वायवीयसंहिता (पूर्वखण्ड) अ.१६*

*भागवत*का अनुसार हिरण्यवर्षमा भगवान् कछुवा रूप धारण गरेर रहनुहुन्छ । त्यहाँका निवासीहरू सहित पितृराज अर्यमा भगवान्को त्यो प्रियतम मूर्तिको उपासना गरेर रहन्छन् ।* अर्यमालाई यहाँ पितृराज भनिएको छ ।

*महाभारत*मा यी पितृहरूलाई ब्रह्माद्वारा सृष्ट पितृदेव भनिएको छ ।◊ यिनीहरूलाई अपसव्य भएर तर्पण गर्नुपर्छ ।

अलर्क : ब्रह्मज्ञानी रानी मदालसाको कान्छा छोराको नाम अलर्क हो । मदालसाको उपदेश *(हेर्नू उपदेश)*लाई आत्मसात गरेकाले काशीका राजा भएर पनि देहादिको अध्यास *(हेर्नू अध्यास)* निवृत्ति भै आफ्नो ब्रह्म स्वरूपको अनुभव *(हेर्नू अनुभव)* भयो यिनलाई ।

मदालसाले शिशु अवस्थादेखि नै आफ्ना छोराहरूलाई 'तिमी शुद्ध, बुद्ध, निरञ्जन छौ र संसारको मायाले तिमीलाई छोएको छैन' भनेर सुनाउँथिन्, गुनगुनाउँथिन् । अर्लकका चार जना दाजुहरू तन्नेरी अवस्थामा राज्य त्याग गरी आमा बाबुसँग तपस्या गर्न जंगल पसे । मदालसाले अर्लकलाई सिंहासनमा राखेकी थिएन् । उनले अर्लकलाई एउटा चिठी दिएर महासंकटमा मात्र खोल्नु भनेकी थिइन् । चार जना दाजुहरू भाइ अर्लक संसारमा फसेको छ कि निर्लिप्त भएर शासन गरिरहेछ बुझ्न चाहन्थे । उनीहरूले योगवलले मायिक सेना खडा गरेर काशी राज्यमाथि आक्रमण गरे । यस्तो आक्रमणका लागि अर्लक तयार थिएनन् । उनलाई ठूलो संकट पऱ्यो । उनले आमाको चिठी खोलेर हेरे । त्यसमा लेखिएको थियो-'शुद्धोऽसि बुद्धोऽसि निरञ्जनोऽसि संसार माया परिवर्जितोऽसि अर्थात् तिमी शुद्ध, बुद्ध, निरञ्जन छौं संसारको मायाले तिमीलाई छुन सक्तैन । उही बाल्यकालदेखि आमाले गुनगुनाउँदै आउनु भएको ज्ञानमन्त्र ।

---

* *भाग. ५।१८।२९*

◊ *म.भारत अश्वमेधपर्व*

उनलाई आफ्नो आत्म-स्वरूप को स्मृति भयो । देहाध्यास नष्ट भयो । उनले आत्म-साक्षात्कार *(हेर्नू आत्म-साक्षात्कार)* गरे । उनले दाइहरूलाई आफ्नो आत्मबोध *(हेर्नू आत्मबोध)* बारे चिठी लेखे । उनले राज्य र जगत्‌लाई स्वप्नवत् मानिसकेका थिए । दाजुहरूले बुझे - भाइलाई राजा जनकलाई झैं ज्ञान भैसकेको छ । योगवलको सेना हटाइयो । वाह्य सेना हट्दा अलर्क खुशी पनि भएनन् । ती सुख र दुःखभन्दा माथिको स्थिति, अवस्थात्रय *(हेर्नू अवस्थात्रय)* भन्दा पर तुरीय आत्मामा अवस्थित भैसकेका थिए ।*

अलात चक्र : अलातको अर्थ अगुल्टो हो । अन्धकारमा अगुल्टो घुमाउँदा आगोको चक्ररूप देखिन्छ जसलाई अलातचक्र भनिन्छ । भएको वस्तु अगुल्टो हो अगुल्टाको चक्र चाहिं कल्पित हो । ब्रह्म साँचो र जगत् झूठो हो भन्ने कुरा बुझाउन यो उपमाको प्रयोग गरिन्छ । ब्रह्म देख्दा जगत् देखिन्न र जगत् देख्दा ब्रह्म देखिन्न जसरी अगुल्टो देख्दा चक्र देखिन्न र चक्र देख्दा अगुल्टा देखिन्न । गौडपादाचार्य (आचार्य शङ्करका परमगुरु) कृत *माण्डूक्योपनिषत्कारिका*⊕ मा एक प्रकरणको नामै अलातशान्ति प्रकरण रहेको छ । हातमा लिएर घुमाइएको, हल्लाइएको अगुल्टोवाट अग्निको वाङ्गो, टिङ्गो आकारको या चक्रकार देखिन्छ । त्यसैगरी ब्रह्ममा स्पन्दन भएपछि संसारका पद, पदार्थहरू देखिन्छन् । अगुल्टालाई नहल्लाउँदा अग्निका आकार गायव हुन्छन् । त्यसैगरी चलन नभएको शुद्ध चैतन्यमा अर्थात् अविद्या निवृत्त भएको आत्मवस्तु अज र अचल हुन्छ ।□ पुनः भनिएको छ-

अलाते स्पन्दमाने वै नाभास अन्यतोभुवः ।
न ततोऽन्यत्र निस्पन्दान्नालातं प्रविशन्ति ते ॥ *(ऐ. ४९)*

---

* *खप्. स्वामी-म र मेरो कर्तव्य*

⊕ *यस ग्रन्थको नेपालीमा अनुवाद र व्याख्या स्वामी रामानन्दले गर्नु भएको छ जुन महेश सन्यास आश्रमले छापेको छ ।*

□ *ऐ. ग्रन्थको ४७,४८ श्लोकसार*

अर्थात् अगुल्टो घुमाउँदा सोझा र वाङ्गा आभासहरू अगुल्टोदेखि बाहिर अन्यत्र कुनै ठाउँबाट आई अगुल्टामा प्रविष्ट भएका पनि होइनन्, न त्यस अगुल्टाबाट निस्केर अन्यत्र गएका हुन्। अगुल्टामा आभास छैनन् त्यसैले आउने र जाने क्रिया हुन्न।

अवच्छेदवाद : यसलाई विच्छेदवाद, अंशवाद या अवच्छिन्नवाद पनि भनिन्छ। ब्रह्म अनवच्छिन्न भए पनि उपाधिको कारणले गर्दा जीवमा परमात्माको अंश रूपमा रहन्छ। आकाश *(हेर्नू आकाश)* महाकाश भए पनि घटाकाश, मठाकाश आदि भनिन्छ। स्वरूपतः भेद नभए पनि उपाधिले गर्दा भेद देखिन आयो। त्यसै गरी अद्वैतवाद *(हेर्नू अद्वैतवाद)*को दृष्टिले ब्रह्म (आत्मा) एकै भए पनि अनेकौं प्रतिबिम्ब रूप जीवहरू देखिन्छन्। यो प्रतिबिम्बवादी धारण हो। ती प्रतिबिम्बहरू अधिष्ठान स्वरूप बिम्बदेखि भिन्न छैनन् किनकि घटमा जल उपाधि नरहे ती प्रतिबिम्ब बिम्बमा बिलाउँछन्। अवच्छेदवादी सिद्धान्त अनुसार आत्मा स्त्री, पुरुष या नपुङ्सक कुनै लिङ्गले युक्त छैन। जुन-जुन प्रकारका शरीरसँग उसको संयोग हुन्छ, त्यसै उपाधिको सम्बन्धले आत्माको स्त्री, पुरुष आदि औपाधिक भेद निर्देश गरिन्छ।[⊕] श्रुतिमा पनि ब्रह्मको नाना रूप (उपाधिगत अवच्छिन्नता) बताइएको छ-

त्वं स्त्री त्वं पुमानसि त्वं कुमार उत वा कुमारी
त्वं जीर्णो दण्डेन वञ्चसि त्वं जातो भवसि विश्वतोमुख ॥[△]

अर्थात् ब्रह्म नै स्त्री, पुरुष, कुमार, कुमारी आदि अनेक रूपयुक्त हुन्छ। ब्रह्म नै बूढो भएर लठ्ठीको सहाराले हिंड्छ। सम्पूर्ण जगत् या विराट रूपमा अभिव्यक्ति ब्रह्मकै हुन्छ। यसरी समष्टि रूप र

⊕ *स्वप्. स्वामी-ध. विज्ञान. चतु. खण्ड*

△ *श्वेता. उप. ४।३*

व्यष्टि रूपमा ब्रह्म व्यक्त हुने कुरा यहाँ बताइएको छ । यसले विच्छेदलाई सिद्ध गर्छ ।

*ब्रह्मसूत्र*मा एक सूत्र छ-अंशो नानाव्यपदेशादव्यथा चापि दाशकितवादित्य मधीयत एके *(२।३।४३)*। अर्थात् श्रुतिमा जीवहरू धेरै र अलग अलग बताइएको छ । त्यसैले जीव ईश्वरको अंश हो । श्रुतिको एक शाखा मान्नेहरू ब्रह्मलाई केवट (माझी) र जुवाडेमा पनि देख्छन् ।

अथर्ववेद (हेर्नू अथर्ववेद) शाखाका *ब्रह्मसूक्त*मा यो पाठ पनि छ-ब्रह्म दाशा ब्रह्म दासा ब्रह्मैवेमे कितवाः अर्थात् यी केवट (माझी) ब्रह्म हुन्, दास पनि ब्रह्म हो र जुवाडे पनि ब्रह्मै हो । श्रुतिका यी वचनबाट ब्रह्म र जीवका बीच अंशी-अंशको सम्बन्ध स्पष्ट हुन्छ । यस दृष्टिबाट जीव बेग्लै तत्त्व हो भन्ने द्वैतवाद असंगत ठहरिन्छ । तर फेरि ब्रह्म निरवयव एवं अखण्ड भएकाले मिश्री र मिश्रीको टुक्रा जस्तो सम्बन्धको प्रसंग पनि युक्तिसंगत हुँदैन । 'त्यसैले कार्यकारण भाववाट नै जीवहरूलाई ब्रह्मको अंश मान्नु उचित छ । कार्यकारण भाव भनेको के हो भने प्रलय कालमा अव्यक्त रूपबाट परब्रह्म परमेश्वरमा विलीन रहने नित्य र चेतन जीव, सृष्टिकालमा उही परमेश्वरबाट प्रकट हुन्छ र पुनः संहारको समयमा ती जीव उनै परमेश्वरमा लय हुन्छन् र जीवका शरीरहरूको उत्पत्ति पनि ब्रह्मबाट नै हुन्छ ।'[*]

अवतार : अवतारको अर्थ हो उदय या अवतरण । कारक पुरुषको भूमिपदार्पण । अवतारको रहस्य बताउँदै महायोगी अरविन्द भन्छन्-यो दिव्य जन्म माथिबाट हुन्छ । सनातन विश्वव्यापक विश्वेश्वर व्यष्टिगत मानवताको एक आकारमा उत्रेर आउँछन्-आत्मानं

---

[*] *ऐ. सूत्रको हरिकृष्ण दास गोयन्दकाद्वारा व्याख्या*

सृजामि । उनी पर्दाभित्र मात्र सचेत हुने होइन, बाह्य प्रकृतिमा पनि उनलाई आफ्नो स्वरूपको ज्ञान हुन्छ । अवतार, ब्रह्म साक्षात्कार, विभूति अथवा अद्भूत चमत्कार आदि शक्तिदेखि भिन्न हो भन्ने धारणा उनको छ ।

भागवत् प्रथम स्कन्ध तृतीय अध्यायमा अवतारहरूको वर्णन पाइन्छ। सृष्टिको आदिमा समुद्रमा पल्टनु भएका नारायणले नाभिकमलबाट ब्रह्माजीलाई प्रकट गर्नु भयो। जगत्को सृष्टिकर्ता ब्रह्माजी हुनुभयो। वेद, पृथ्वी, भक्तजन, ऋषि आदिको रक्षा गर्न र असुरहरूको विनाशका लागि नारायणले चौबीस अवतार लिनुभयो । उहाँ नै देवता, मनुष्य, पशु-पक्षी आदिको सृष्टिको स्रोत हुनुहुन्छ। नारायणका अवतारहरू यस प्रकारका छन् - १. निवृत्ति परायण मुनिहरू (सनक, सनन्दन, सनातन र सनत्कुमार), २. बराह, ३ नारद ४. नरनारायण, ५. कपिल, ६. दत्तात्रेय, ७. यज्ञ पुरुष, ८. ऋषभदेव, ९. पृथु, १०. मत्स्य, ११. कछुवा, १२. धन्वन्तरी, १३. मोहिनी, १४. नरसिंह, १५. वामन, १६. परशुराम, १७. वेदव्यास, १. श्रीराम, १९. बलराम, २०. श्रीकृष्ण, २१. बुद्ध, २२. कल्की (भविष्यमा हुने) २३. हंस र २४. हयग्रीव ।

वेदव्यासकृत *अध्यात्म रामायण (हेर्नू अध्यात्म रामायण)*मा भक्तिमती मन्दोधरी आफ्ना अहंकारी पति रावणलाई श्रीराम प्रति शत्रुता नगर्नुहोस्, उहाँ ईश्वर हुनुहुन्छ, उहाँले लोक कल्याणका लागि मत्स्य अवतारदेखि परशुराम अवतारसम्म लिइसक्नु भएको छ, अब तपाईंलाई मार्न रामको अवतार लिनुभएको छ भनेर ज्ञान दिन्छिन् । रावण चाहिं राम साक्षात विष्णु हुनुभएको आफूलाई ज्ञान भएको र उहाँबाट मारिए परमपद पाउने जानेर नै उहाँ प्रति शत्रुभाव राखेको बताउँछन् ।[◘]

*गीता*मा पनि भगवान् श्रीकृष्णले अवतारवादको चर्चा गर्नु भएको छ -

---

◘ *अ. रामायण-ल.काण्ड ४५-५७*

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मान सृजाम्यहम् ॥

*गीता*मा अवतारको प्रयोजन बताउँदै श्रीकृष्ण भन्नुहुन्छ-धर्मको ऱ्हास भएपछि अधर्म फैलिएपछि, साधुहरुको संरक्षण, दुराचारी, पापीहरुको संहार गर्न तथा धर्म स्थापनाका लागि म युगयुगमा अवतरित हुन्छु *(४।७-८)* ।

मुख्य रूपमा भगवान् विष्णुका दस अवतार प्रसिद्ध छन् । ती हुन्-
क. माछा (मत्स्यावतार) ख. कछुवा (कुर्मावतार) ग. बराह घ. नरसिंह ङ. वामन च. राम छ. परशुराम ज. कृष्ण झ. बुद्ध ञ कल्की (पछि हुने)

अवतार सम्बन्धी श्लोक यस्तो छ-

मत्स्यः कूर्मो बराहश्च नरसिंहोऽथ वामनः ।
रामो रामश्चकृष्णश्च बुद्ध कल्की च ते दश ॥ *(गीत.)*

यी त विष्णुका अवतार भए । शिवका अवतारहरू जगज्जननी जगदम्बाका अवतारहरू पुराणादि शास्त्रहरूमा पाइन्छन् । *शिवपुराण*मा हनुमानजीलाई शिवकै अवतार बताइएको छ । त्यसैगरी *दुर्गाकवच*मा वर्णित शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्ड, स्कन्धमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री (नव दुर्गा) जगन्माताकै अवतारहरू हुन् ।

अवधूत : अवधूत कस्तो व्यक्ति हो ? कसरी रहन्छ भन्ने बारेमा स्वयं अवधूत (दत्तात्रेय) भन्छन्-शून्य मन्दिरमा समता रूपी जलबाट पवित्र पारिएको स्थानमा अवधूत सुखपूर्वक रहन्छन् । उनी नाङ्गै-हिंड्छन् । अहंकार त्याग्छन् र सर्वत्र आत्मै आत्मा देख्छन् ।* दत्तात्रेय आफ्नो

---

* *अवधूतगीता १।७२*

(अवधूत) स्वरूप बारे बताउँदै भन्छन्-चित्त शुद्ध भएको, आत्मरसमा मग्न भएको म अवधूत मन्त्र जान्दिन, छन्द र तन्त्र पनि जान्दिन । परब्रह्मलाई आत्मसात गरेकाले उसैका बारेमा बताउँछु ।

अवधूत वास्तवमा अद्भूत व्यक्ति हुन् । संसारले हेर्दा अवधूत अचम्मको मान्छे हुन् र अवधूतले हेर्दा संसार आश्चर्यजनक छ । सांसारिक मान्छेहरू अपार आनन्दको स्रोत आत्माको उपेक्षा गरेर चानचुने क्षणिक आनन्द दिने विषयको पछि दौडिरहेका छन् र दुःख भोगिरहेका छन् ।

*अवधूत गीता*मा 'अवधूत' शब्द अ+व+धू+त मिलेर बनेको तथा प्रत्येक अक्षरबाट अवधूतको लक्षण बोधक शब्दहरूको संयोग भएको बताइएको छ । जस्तो– 'अवधूत' शब्दको अर्थ यसरी बताइएको छ -

अ - आशा रूपी पाशबाट मुक्त । आदिमध्यान्त निर्मल । आनन्दमा मग्न ।

व - वासना राहित्य । दोष रहित वक्तव्य दिने । वर्तमानमा नै रहने ।

धू - धूलो-मैलो अंग भए पनि बेपर्वाह । धूत (पापबाट धोइएको) चित्तयुक्त । धारणा, ध्यान भन्दा माथि रहेको ।

त - तत्त्व चिन्तक । चिन्ता र चेष्टाबाट मुक्त/तम रूपी अहंकार नभएको ।

सम्यक प्रकारबाट धूत (परिष्कृत)लाई अवधूत भनिन्छ । शैव र वैष्णव दुवै सम्प्रदायका साधुहरू अवधूत कहलाउँछन् । शैवमा गुरु गोरखनाथ अवधूत हुन् ।

वैष्णव अवधूत चाहिँ स्वामी रामानन्दका शिष्यहरू कहलाए । स्वामीजीले जातिभेद हटाएर तिनलाई साधु बनाइदिए । यी साधुहरूले पूर्ववर्ती स्वेच्छाचार त्यागेकाले गुरुले यिनलाई अवधूत भनेर पुकारे । रविदास, कवीरदास आदि यसै प्रकारका साधु हुन् ।

अवधूत गीता : अत्रि ऋषिका सुपुत्र भगवान् दत्तात्रेयद्वारा जुन ज्ञान गीताको रूपमा प्रकट भयो त्यसैलाई *अवधूत गीता* भनिन्छ । दत्तात्रेय विष्णुको अंशावतारको रूपमा सती अनुसूया *(हेर्नू अनुसूया)*बाट जन्मनु भएको हो । उहाँ अवधूत *(हेर्नू अवधूत)* कहलाउनु हुन्छ त्यसैले उहाँका ज्ञानोपदेशलाई *अवधूत गीता* भनिन्छ । अद्वैत ज्ञान *(हेर्नू अद्वैतवाद)*को जसरी यसमा वर्णन गरिएका छ त्यो बेजोड छ ।

यस गीतामा आठ अध्याय छन् र श्लोकहरूको संख्या दुई सय अठासी छ । स्वकथन शैलीमा लेखिएको यस ग्रन्थमा शिष्यको कल्पना गरेर आत्मा नै ब्रह्म हो, सबै ब्रह्ममय छ, आत्म-स्वरूप के हो, गुरुको उपदेश आत्मसात गर्दा नै आत्मज्ञान हुन्छ भन्ने गहन चिन्तन पाइन्छ । ठाउँ ठाउँमा मनलाई संझाइएको छ । अन्त्यतिर अवधूतको लक्षण, जीवन्मुक्तको स्थिति र स्त्री-परित्याग सम्बन्धी ज्ञानोपदेश छन् । यस गीताको अद्वैत दर्शन झल्केको श्लोकको एक नमूना -

इति तत्त्वमसि प्रभृति श्रुतिभिः
प्रतिपादितमात्मनि तत्त्वमसि ।
त्वमुपाधिविर्जित सर्वसमं
किमु रोदिषि मानस सर्वसमम् ॥ *(५।२)*

अर्थात् श्रुतिहरूले जुन आत्मालाई 'तत्त्वमसी' भनेर प्रतिपादन गरेका छन् त्यो आत्मा तिमी हौ । तिमी उपाधि रहित र समरूप छौ । त्यसैले हे मन ! तिमी किन रुन्छौं !

अवधूतोपनिषद् : स्वयं अवधूत *(हेर्नू अवधूत)* दत्तात्रेयद्वारा सांकृतिको जिज्ञासा शान्त गर्नका लागि अवधूतका सम्बन्धमा बताइएकोले यस उपनिषद्*(हेर्नू उपनिषद्)*लाई *अवधूतोपनिषद्* भनिएको हो ।

अक्षर, वरिष्ठ (सर्वश्रेष्ठ), बन्धनहीन, कल्मषबाट धोइएको र तत्त्वमा नै लक्ष्य हुने व्यक्ति अवधूत कहलाउँछ भनेर यस उपनिषद्मा अवधूतको

परिचय दिइएको छ। अवधूत अतिवर्णाश्रमी *(हेर्नू अतिवर्णाश्रमी)* योगी हो ।

यस उपनिषद्मा दत्तात्रेय भन्छन्- ममा विक्षेप छैन त्यसैले समाधि पनि चाहिएन । विक्षेप होस् या समाधि मनको विकार बढाउने त हुन् । देव-पूजा, स्नान-शौच, भिक्षा आदिमा शरीर लागिरहोस्, वचन चाहिं उद्धारक मन्त्र जपिरहोस् । बुद्धि विष्णुलाई नै संझिरहोस् या ब्रह्मानन्दमा नै लीन भइरहोस् । म त साक्षी हुँ, यहाँ केही गर्ने पनि होइन, गराउने पनि होइन ।

फलश्रुतिका सम्बन्धमा यस उपनिषद्को अन्त्यमा भनिएको छ-यो उपनिषद् पढ्ने व्यक्ति मदिरापान, सुनचोरी र ब्रह्महत्याको पापबाट मुक्त हुन्छ ।✂

अवशेष : परमात्मा मरणशील प्राणीहरूका बीच अमर *(हेर्नू अमर)* हुनुहुन्छ त्यसैले अवशेष कहलाउन योग्य उहाँ नै हुनुहुन्छ । विश्व ब्रह्माण्डको सृष्टि अघि पनि उहाँ हुनुहुन्छ । सृष्टि त प्रलयमा नष्ट हुन्छ तर उहाँ नै बाँकी रहनुहुन्छ त्यसैले अवशेष भनिएको हो - पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्हम् ।*

*गीता*मा भगवान्ले मेरो तत्त्व ज्ञान गरेपछि भक्तले जान्नु पर्ने बाँकी रहँदैन भन्दै 'न अवशिष्यते' शब्द प्रयोग गर्नु भएको छ जसको अर्थ उसले सर्वज्ञता प्राप्त गर्छ भन्ने हो-यज्ज्ञात्व नेह भूयोऽन्यज्ञातव्यमवशिष्यते ।■ उपनिषद्हरूमा पाइने शान्तिपाठमा पनि अवशेष शब्द (अवशिष्यते) पाइन्छ-

---

✂ *वसन्त.कु.-उपनिषत्प्रसंग*

* *चतुःश्लोकी भागवत-२।९।३२*

■ *गीता ७२*

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्येत
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥[0]

अर्थात् सच्चिदानन्दघन परब्रह्म पूर्ण छ, यो जगत् पनि पूर्ण छ किनकि पूर्णबाट नै यो पूर्ण उत्पन्न भएको हो । पूर्णबाट पूर्ण झिकेपछि जुन अवशेष हो त्यो पनि पूर्ण नै छ ।

अवस्थातीत : जाग्रत, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरू हुन् । यिनका अभिमानीहरूलाई क्रमशः विश्व, तैजस र प्राज्ञ भनिन्छ । यी अवस्थाहरू र तिनका अभिमानीहरू बदलिइरहन्छन् । यी तीन अवस्थाहरूलाई देख्ने तर नबदलिने जुन तत्त्व छ त्यसलाई वेदान्तमा तुरीय भनिन्छ । यी अवस्थाहरू र अवस्थातीत आत्मा बारे श्रीरामले भाइ लक्ष्मणलाई यसरी बुझाउनु भएको छ-

बुद्धेस्त्रिया वृत्तिरहितपीह दृश्यते
स्वप्नादिभेदेन गुणत्रयात्मन ।
अन्योन्यतोऽस्मिन् व्यभिचारितो मृषा
नित्ये परे ब्रह्मणि केवले शिवे ॥[✉]

अर्थात् उत्पत्ति र नाशरहित (नित्य), मायादेखि पर रहेको आनन्दरूप आत्मामा बुद्धिको गुणत्रयात्मक वृत्तिको कारणले नै जाग्रत, स्वप्न र सुषुप्ति देखिन्छन् । यी अवस्थाहरू परिवर्तनशील छन् र झुठा हुन् ।

आकाश *(हेर्नू आकाश)*मा सूर्योदय, मध्यान्हको घाम र रातको अन्धकारको आवागमन भइरहन्छ तर आकाश यीदेखि निर्लिप्त र असङ्ग *(हेर्नू असङ्ग)* रहन्छ । यस्तै हो अवस्थातीत आत्मा र अवस्थाहरूको सम्बन्ध पनि । बुद्धिको सात्त्विक वृत्तिको कारणले जाग्रत खडा हुन्छ,

---

[0] *बृह. उप. ५।१।१। पूर्वार्ध रूप*

[✉] *रामगीता-३२*

राजसिक वृत्तिमा स्वप्नावस्था हुन्छ र सुषुप्तिमा तामसिक वृत्ति रहन्छ। आत्मा बुद्धिवृत्तिभन्दा पर गुणातीत र अवस्थातीत छ।

कालक्रमले विचार गर्दा जाग्रतकाल सामान्यतया सोह्र-सत्र घण्टा रहन्छ। स्वप्नकाल करीव छ घण्टा र सुषुप्तिकाल दुई/अढाई घण्टा रहने कुरा वैज्ञानिक अनुसन्धानबाट बुझिएको छ। तुरीय आत्मा कालातीत छ। अवस्थाहरू आत्माका दृष्टिमा क्षणिक दृश्य हुन्, समुद्रमा उठ्ने छाल, तरङ्ग झैं महत्वहीन। तुरीय आत्मालाई चतुर्थ अवस्था पनि भन्ने गरिन्छ। तर रमण महर्षि भन्नुहुन्छ-"तुरीय चतुर्थ अवस्था होइन, तीन अवस्थाको आधार (आत्मा) हो। केवल यही सत्य हो, यही तिम्रो वास्तविक अस्तित्व हो। तीनै अवस्था यसैमा क्षणिक दृश्य झैं प्रकट भएर केवल यसैमा लीन हुन्छन् अतः अरू मिथ्या हुन्।"*

अवस्था त्रय : जाग्रत, स्वप्न र सुषुप्तिलाई अवस्था त्रय भनिन्छ। संसारलाई दुई भागमा विभाजन गर्दा पनि जाग्रत संसार र स्वप्न संसार भन्ने गरिन्छ। सुषुप्तिमा चाहिं संसार छैन। *भागवत*मा हंसावतार नारायण ब्रह्माजीलाई अवस्था त्रय र त्यसका साक्षीका सम्बन्धमा उपदेश गर्नु हुन्छ -

जाग्रत् स्वप्नः सुषुप्तं च गुणतो बुद्धिवृत्तयः।
तासां विलक्षणो जीवः साक्षित्वेन विनिश्चितः॥■

अर्थात् जाग्रत, स्वप्न र सुषुप्ति अर्थात् अवस्था त्रय सत्त्वादि गुणहरू अनुसार सृष्ट हुन्छन्। यी बुद्धिका वृत्ति हुन्। यी वृत्तिहरूका साक्षी भएकाले जीव यीदेखि विलक्षण छ। उहाँ पुनः भन्नुहुन्छ -बुद्धिवृत्तिद्वारा देखिने यी भेदहरू आत्मामा छैनन्। अवस्था त्रयभन्दा माथि म

---

* *र.म. बातचीत*
■ *भाग. हंसगीता ११।१३।२८*

तुरीयमा चित्त चढाएर बुद्धिको बन्धन त्याग गर । यसबाट विषय र विषयासक्त चित्तको त्याग हुन्छ ।

अवस्था त्रय र त्यसको साक्षी आत्माका सम्बन्धमा विभिन्न उपनिषद्-*(हेर्नू उपनिषद्)*हरूमा चर्चा गरिएको पाइन्छ। *वृहदारण्यक उपनिषद्*मा जिज्ञासु राजा जनक र ब्रह्मज्ञानी याज्ञवल्क्यका बीच ब्रह्मवार्ताको क्रममा यस विषयमा राम्ररी प्रकाश पारिएको छ। याज्ञवल्क्य भन्छन् - जाग्रत र स्वप्नको भेद छैन । जस्तो मायाले युक्त ईश्वर*(हेर्नू ईश्वर)*ले संकल्पद्वारा सारा जगत्को सृष्टि गर्नुहुन्छ त्यस्तै स्वप्न अवस्थामा एक एवं स्वयंज्योति आत्माबाट सारा जगत् खडा हुन्छ। 'तिमी त्यही ईश्वर हौ' भन्ने वेदको महावाक्यलाई प्रमाण नमान्नेले पनि स्वप्न-जगत्को सृष्टि आफैंबाट भएको मान्नै पर्छ । ... हे राजा ! जस्तो बलेको आगोबाट धेरै स्फुलिङ्गहरू पैदा हुन्छन् त्यस्तै हिरण्यगर्भबाट धेरै मन पैदा हुन्छन् । जस्तो हिरण्यगर्भले सृष्टि, स्थिति र प्रलय गर्छन् त्यस्तै सपनाको तैजस(जीव)को मनले पनि स्वप्न प्रपञ्चको सृष्टि, स्थिति र प्रलय गर्छ । यसोहुँदा समष्टि र व्यष्टि मनको भेद छैन ।[⊙] जगत् वासना प्रवल भएसम्म जाग्रतमा सत्यता बुद्धि रहिरहन्छ । यस्ता मूढहरूले जाग्रतलाई मात्र साँचो मान्दैनन्, स्वप्नमा देखेका कुराबाट पनि प्रभावित हुन्छन् । त्यसैले वेदान्त दर्शनको भनाइ छ-जाग्रतलाई स्वप्नतुल्य मान र निश्चिन्त रहू । जसरी स्वप्नमा बाघले लखेट्दा भयबाट बच्ने एक मात्र उपाय बिउँझनु हो त्यसैगरी भव-भयबाट मुक्त हुनका लागि ज्ञानमा जाग्नु पर्छ। ज्ञानमा जाग्नका लागि सुषुप्ति उपर विचार गर्नुपर्छ । सुषुप्तिमा न जाग्रत संसार छ, न स्वप्न संसार । त्यहाँ साक्षी-आत्माको रूपमा आफू मात्र छ। त्यसैले आनन्द *(हेर्नू आनन्द)* प्राप्त भएको हो ।

⊙ *आत्मपुराण-अनु. वदरी. भट्टराई*

अन्तःकरण *(हेर्नू अन्तःकरण)*राहित्य स्थिति हो सुषुप्ति । त्यस अवस्थामा चित्त चित् बनेको हुन्छ । दुई-अढाइ घन्टाको सुषुप्तिमा आनन्द प्राप्त भए पनि अज्ञान *(हेर्नू अज्ञान)*मा बुद्धिवृत्ति लय भएको कारणले जाग्रतमा आउने वित्तिकै सांसारिक चिन्ता-टण्टाले समातिहाल्छ । सुषुप्तिबाट पनि खास लाभ भएन । त्यसैले वेदान्त शास्त्रले अवस्था त्रयको साक्षी आत्मा नै बन्नु पर्ने कुरामा जोड दिन्छ । गौडपादाचार्यले स्वप्न, निद्रा र तुरीय अवस्थाको सुन्दर वर्णन गरेका छन्-

अन्यथागृह्णतः स्वप्नो निद्रा तत्त्वमजानत ।
विपर्यासे तयोः क्षीणे तुरीयं पदमश्नुते ॥

(माण्डूक्यकारिका आग.प्र.१५)

अर्थात् आफूलाई ग्रहण नगरी मनोजगत्मा रहनु स्वप्न हो । तत्त्व नजान्नु चाहिं निद्रा (सुषुप्ति) हो । दुवै अवस्था नष्ट भएपछि तुरीय पद प्राप्त हुन्छ । आचार्य गौडपादले जाग्रतमा पनि स्वप्नमा झैं अन्यथा ग्रहण हुने भएकाले जाग्रत र स्वप्नमा कुनै भेद गरेनन् । विवेकी विचारवान् मानिसहरू जाग्रत अवस्थालाई पनि स्वप्नवत् मान्छन् । उनीहरूको दृष्टिमा जाग्रत या जगत् दिउसोको स्वप्न हो र स्वप्न चाहिं रातको या सुत्नेको जाग्रत हो ।

*भागवत्*मा जाग्रतमा सत्यता बुद्धि भएको मानिसको विषय चिन्तनलाई स्वप्नसँग तुलना गरिएको छ । जसरी जागा नभएसम्म स्वप्न संसारबाट मुक्ति मिल्दैन त्यसरी नै विषयमा लम्पट व्यक्ति असत्य विषयमा फसिरहन्छ र संसार-चक्रमा घुमिरहन्छ, त्यसबाट मुक्त हुन सक्दैन-

अर्थे ह्यविधमानेऽपि संसृतिर्ननिवर्तते ।
ध्यायतो विषयानस्य स्वप्नेऽनर्थागमोयथा ॥[८]

---

[८] *भाग.११।२२।५५*

ज्ञानी जनले जगत् काल्पनिक हो, यसलाई साँचो नमान भन्दै सुषुप्तिको उदाहरण दिने गर्छन् । स्वप्न रहित निद्रा कालमा सारा प्रपञ्च लय भएपछि आनन्द स्वरूप परमात्माको प्रकाशबाट व्यष्टि आत्मा प्रकाशित हुन्छ । फलतः सुषुप्ति स्थितिमा प्राप्त आनन्दको कारणले गर्दा सुषुप्ति अवस्थामा (सुषुप्तिको स्मृतिकाल, आनन्दसँग सुतेको थिएँ, केही थाहा पाइनँ भन्ने अवस्थामा) मनोशारीरिक रूपमा मानिसले ताजापन, शक्ति र प्रफुल्लता अनुभूत गर्छ । स्वप्नहरू देखे पनि कसैको सुषुप्ति विथलियो भने ऊ दिनभर अशान्त रहन्छ ।

'बाहिरी अनुभव खिचेर मैले भित्री तेजमा रहेको कुनै व्यापार नभएको सुषुप्तिको अनुभव गरें ।' त्यस बेला समान वायु सूक्ष्म रूपले भित्र-बाहिर गर्दथ्यो । सुषुप्तिका बेला प्राण अद्वैत आत्मासँग एक भएर पुरितत नाडीमा पसेर चित्तलाई आफ्नो वशमा पार्दछ । त्यस बेला मन, इन्द्रियहरूले पनि कुनै काम गर्दैनन् । निरतिशय आनन्द आत्मा प्रकाशित हुन्छ ।[१]

जाग्रत अवस्थामा पनि तीन अवस्थाहरू हुन्छन् जस्तो जाग्रत-जाग्रत, जाग्रत-स्वप्न र जाग्रत-सुषुप्ति । जाग्रतमा कुनै काम सतर्क भएर गरिन्छ भने त्यो जाग्रत-जाग्रत हो तर यस्तो सतर्कता भएन, एउटा काम गर्दा अर्को विचार आयो भने यो जाग्रत-स्वप्न भयो । यस्तो अवस्थामा काम कि अपूर्ण हुन्छ या बिग्रन्छ । लेख्ने काम गर्दा जुन शब्द लेख्नु पर्छ त्यो नलेखी अर्कै शब्द, अक्षर लेख्नु जाग्रत-स्वप्न हो । 'जाग्रत-सुषुप्तिमा चाहिं बुद्धि जागा रहन्छ तर सांसारिक चिन्तन चाहिं हुन्न । यो 'नचिताउनु, ननिदाउनु' स्थिति हो । जाग्रत-सुषुप्ति समाधिभन्दा विलक्षण छ किनकि यो स्वतः हुन्छ तर समाधिमा अभ्यासद्वारा वृत्तिहरूलाई एकाग्र या निरुद्ध गर्नु पर्छ । जाग्रत-सुषुप्तिमा

---

[१] *योगवाशिष्ठ-नि.प्रकरण (उत्त.१३८ अ.)*

अभ्यास र अहंकार बिना वृत्तिहरू स्वतः निरुद्ध हुने भएकाले स्वरूपमा स्थिति हुन्छ अर्थात् स्वरूपको अनुभव हुन्छ ।[✂]

यी अवस्था त्रयको साक्षी चाहिं आफ्नो स्वरूप हो भनेर राम्ररी बुझ्नु साक्षी-बोध हो । द्रष्टा र दृश्यको विवेक गर्दा साक्षी फेला पर्छ । शास्त्रमा दृक्-दृश्यको विवेचन गर्दै जानु पर्ने बताइएको छ-

रूपं दृश्यं लोचनं दृक् तद् दृश्यं दृक तु मानसम्
दृश्या धीवृत्तयः साक्षी दृगेव न तु दृश्यते ॥[◆]

अर्थात् नेत्र द्रष्टा हो भने रूप दृश्य हो । मन द्रष्टा हुँदा नेत्रादि इन्द्रियहरू दृश्य हुन्छन् । बुद्धि द्रष्टा हो भने मन दृश्य हो । अन्त्यमा बुद्धिका वृत्तिहरूको द्रष्टा जो छ त्यसैलाई साक्षी (स्वयं प्रकाश आत्मा) भनिन्छ जसलाई कसैले दृश्य बनाउन सक्तैन । अवस्था त्रयको साक्षी यही चैतन्य हो । साक्ष्य वस्तु रहेसम्म यसलाई साक्षी भनिन्छ, साक्ष्य नरहे यो शुद्ध चैतन्य बन्छ ।

अवाङ्मनसगोचर : वाणी र मनको पहुँचबाट परमात्मा टाढा हुनुहुन्छ । उहाँलाई निषेधपूर्वक मात्र प्रतिवादन गर्न मिल्छ । पुष्पदन्ताचार्य *शिवमहिम्न स्तोत्र*मा मन र वाणीदेखि परको परमात्माको स्तुति गर्दै भन्छन् -

अतीतः पन्थानं तव च महिमा वाङ्मनसयो -
रतद् व्यावृत्या यं चकितमभिधत्ते श्रुतिरपि । *(श्लोक-२)*

हे सदाशिव ! तपाईंको माहात्म्य वाणी र मनको विषय(पहुँच)देखि टाडा छ किनभने तपाईंको वर्णन गर्दा वेद पनि विस्मय भएर सगुण पनि होइन, निर्गुण पनि होइन भनी निषेधपूर्वक अर्चना *(हेर्नू अर्चना)*

✂ *स्वा. रामसुख-सा. संजीवनी*

◆ *वाक्यसुधा-१*

गर्छ । यसैलाई 'अतद्व्यावृत्ति' भनिन्छ । *(ऐजन पुस्तक-अनु. नरकान्त)* । श्रुतिमा वाणी, मन र आँखाले भेट्न नसक्ने परमात्मालाई दृढ विश्वासद्वारा प्राप्त गर्न सकिन्छ भनिएको छ-

नैव वाचा न मनसा प्राप्तुंशक्यो न चक्षुषा ।
अस्तिति बुवतोऽन्यत्र कथं तदुपलभ्यते ॥◈

अर्थात् परब्रह्म परमात्मा वाणी, मन र दृष्टिद्वारा प्राप्त गर्न सकिन्न । तापनि उहाँको अस्तिता *(हेर्नू अस्तिता)* का सम्बन्धमा दृढ विश्वास नगर्ने व्यक्तिका लागि उहाँ कसरी प्राप्य हुनुहुन्छ र ?

स्वयं भगवान् श्रीकृष्णले अर्जुनलाई भन्नु भएकोछ- मेरो विश्व रूपलाई तिमीले आफ्नो आँखाले देख्न सक्तैनौ । त्यसैले तिमीलाई दिव्य चक्षु दिन्छु *(गीता ११।८)* । दिव्य चक्षु वास्तवमा ज्ञानचक्षु हो । ज्ञानको दृष्टिले अवाङमनसगोचर परमात्मालाई साक्षात्कार गर्न सकिन्छ ।

अवान्तर वाक्य : आफ्नो ब्रह्म स्वरूप वारे ज्ञान दिने वाक्यलाई अवान्तर वाक्य भनिएको छ । यस्ता वाक्य हुन् -

क. सत्यं ज्ञानमनन्तं ब्रह्म *(कृ. यजु. वे / तैति. उप. २।१।१)*
ख. ब्रह्मवेद ब्रह्मैव भवति *(मुण्ड. उप. ३।२।९)* आदि ।

अवान्तरको अर्थ मध्यवर्ती हो । अवान्तर दिशा भनेर आग्नेय, ऐशानी, नैऋती र वायवी दिशालाई भनिन्छ । अभेदबोधक वाक्य *(हेर्नू अभेदबोधक वाक्य)* अर्थात् महावाक्य नभै स्वरूप बोध मात्र गराउने वाक्य भएकाले 'सत्यं ज्ञानमनन्तं ब्रह्म' आदिलाई अवान्तर वाक्य भनिएको हो ।

अविक्रिय : अविकारी । देह विकारयुक्त छ- जन्मनु, रहनु, बढ्नु, घट्नु, परिवर्तित हुनु र नष्ट हुनु (षड्भाव विकार) शरीरको धर्म हो ।

◈ *कठ. उप. २।३।१२*

आत्माको *(हेर्नु आत्मा)* प्रसंगमा यो कुरा लागु हुन्न किनकि आत्मा न जन्मन्छ, न मर्छ । त्यसमा परिवर्तन छैन, त्यो घट्ने, बढ्ने होइन त्यसैले आत्म-तत्त्वलाई अविक्रिय भनिएको छ। आचार्य शंकर भन्छन्-

परिपूर्ण मनाद्यन्त मप्रमेयमविक्रियम् ।
एकमेवाद्वयं ब्रह्म नेह नानास्ति किञ्चन ॥[०]

श्रुतिको भनाइ छ- ब्रह्म वास्तवमा सर्वत्र परिपूर्ण, अनादि, अनन्त, अप्रमेय, अद्वितीय[✡] र अविकारी छ। त्यसमा नानात्व छैन, अनेकता छैन । ब्रह्म एक छ, अर्द्वैत *(हेर्नू अद्वैतवाद)* छ ।

*गीता*मा आत्मालाई 'अविकार्य' *(२।२५)* भनिएको छ अर्थात् अविकारी। *गीता*को शाङ्करभाष्यमा भनिएको छ-दुधमा दहीको जोरन हाल्दा दुधमा विकार आउँछ र दही बन्छ। दुधको विकार दही हो । आत्मा यस्तो विकारग्रस्त होइन । शंकराचार्यले आत्मा अविक्रिय हुनुको कारण निरवयव (निराकार) भएकोले हो पनि भनेका छन्-

निरवयवत्वात् च अविक्रियः ।
न हि निरवयवं किञ्चिद विक्रियात्मकं दृष्टम् ।
अविक्रियत्वाद् अविकार्यः अयम् आत्मा ।

अर्थात् निरकार भएको कारणले गर्दा आत्मा अविक्रिय (अविकारी) छ। निराकार पदार्थ विकारवान् हुने कुरै भएन । अतः आत्मा अविकारी, अविक्रिय कहलाउँछ ।

अविज्ञात : दुर्बोध । जो ज्ञात होइन, जसलाई मायाग्रस्त अज्ञानी पुरुषले जान्न सक्तैन । *भागवत*मा रूपक अलंकारयुक्त पुरञ्जनोपाख्यानमा[○] अविज्ञात नामक पात्र पाइन्छ। पुरञ्जन स्त्री र भोग विलाशमा फसेर

---

[०] *वि.चूडामणि-४६५*

[✡] *यी अनादि आदि ४ शब्दका प्रविष्टि हेर्नू ।*

[○] *भाग. ४।२८,२९*

अविज्ञातलाई भुल्छ अनि अनेक दुःख, विपत्तिमा फस्छ। मर्ने बेलामा पत्नी-चिन्तन गर्दै मरेकोले उसले अर्को जन्ममा वैदर्भी नाउँकी स्त्री-योनि प्राप्त गर्छ। महाराज मलयध्वजकी रानी बनेर पुनः उसले भोग भोग्दै अन्त्यमा पति वियोग पीडाले छट्पटाई सती जाने तयारी गर्दा अविज्ञातले उसलाई पूर्वजन्ममा ऊ पुरञ्जनको रूपमा रहेको र त्यस भन्दा धेरै जन्म अघि आफू र ऊ मानसरोवरको हंसको रूपमा विहार गरेको बताएर ज्ञानोपदेश दिएपछि त्यस दुःखी जीवको कल्याण भएको प्रसंग *भागवत*मा बेलिबिस्तारपूर्वक बताइएको छ। यस रूपक कथामा पुरञ्जन भनेको दुःखी जीव हो। अविज्ञात नाउँको उसको सखा ईश्वर हो जसलाई अज्ञानी जीवले सधैं उपेक्षा गरी मृगतृष्णावत् संसारमा भौंतारिन मन पराउँछ। पुरञ्जनी अविद्या हो जसलाई पाएर पुरञ्जनले अविज्ञातको संगत छाडिदिन्छ। उसका दस साथीहरू दस इन्द्रिय हुन् जसको कुसंगतमा फसेर जीव सुख जस्तो देखिने दुःखको भुमरीमा फस्दै जान्छ। पुरञ्जन उपाख्यानको तात्पर्य बताउने क्रममा अविज्ञातका बारेमा भनिएको छ-

योऽविज्ञाताहृतस्तस्य पुरुषस्य सखेश्वर।
यन्न विज्ञायते पुम्भिर्नाम-भिर्वा क्रियागुणः॥*

त्यस जीवको सखा अविज्ञात वास्तवमा ईश्वर हुन्। उनका नाम, गुण या कर्मद्वारा जीवले उनलाई बुझ्न सक्तैन।

*गीता*मा भगवान् श्रीकृष्णले सर्वज्ञाता आफू अविज्ञात तत्त्वको रूपमा रहेको कुरा बताउनु भएको छ-

वेदाहं समतीतानि वर्तमानाचि चार्जुन।
भविष्याणि च भूतानि मां तु वेद नकश्चन॥*

---

* *भाग. ४।२९।३*
× *गीता ७।२६*

अर्थात् हे अर्जुन ! भूत कालमा भएका तथा वर्तमान कालमा बाँचेका एवं भविष्यमा जन्म लिने सबै प्रणीहरूलाई म जान्दछु तर मलाई कसैले जान्न सक्तैन ।

अविज्ञेय : अज्ञेय । जसलाई इन्द्रिय, मन बुद्धिबाट जान्न सकिन्न त्यो आत्म-तत्त्व एवं ब्रह्म वस्तुलाई अविज्ञेय भनिन्छ । ज्ञेय परमात्म-तत्त्व हो । त्यसलाई ब्रह्मज्ञान बाहेक अन्य कुनै उपायबाट जान्न सकिन्न ।[०] यदि त्यो तत्त्व ज्ञेय हो भने अविज्ञेय किन भनिएको ? प्रश्न उठ्न सक्छ । अज्ञानी *(हेर्नू अज्ञान)*का लागि त्यो अविज्ञेय हो किनकि ऊ आत्म-तत्त्वलाई इन्द्रिय र अन्तःकरणद्वारा जान्न चाहन्छ। ब्रह्मज्ञानी याज्ञवल्क्य विदूषी गार्गीलाई बताउँछन्-अक्षर आत्मा आफू अविज्ञात रहेर अरूलाई जान्दछ । यसदेखि भिन्न कुनै द्रष्टा छैन, यसदेखि भिन्न कुनै श्रोता छैन, यसदेखि भिन्न कुनै मन्ता छैन र यसदेखि फरक कुनै विज्ञाता छैन ।[⌘]

*मुण्डकोपनिषद्*मा भनिएको छ-निर्गुण, निराकार परमात्मालाई आँखा, वाणी या अन्य इन्द्रियद्वारा ग्रहण गर्न सकिन्न, त्यसैले अविज्ञेय छ। तर त्यो विज्ञेय पनि छ-

ज्ञानप्रसादेन विशुद्धसत्त्व
स्ततस्तु तं पश्यते निष्कलं ध्यायमान : ॥[❖]

अर्थात् त्यस परमात्मालाई साधकले विशुद्ध अन्तःकरणद्वारा निरन्तर ध्यान गरेर ज्ञानको प्रसादबाट (विज्ञानपूर्वक) साक्षात्कार गर्न सक्छ।

आफू ज्ञाता भएपछि ब्रह्मवस्तु अविज्ञेय बन्छ। त्रिपुटीपूर्वक ब्रह्मज्ञान गर्न सकिन्न । जसले यो कुरा बुझ्यो उसले ब्रह्मलाई परोक्ष रूपले

---

० *ज्ञानेश्वरीगीता-गीता १३।१२ को व्याख्या*

⌘ *वृह. उप. ३।८।९-११*

❖ *मुण्ड. उप. ३।१।८*

जान्यो । जसले ब्रह्मवस्तुलाई ज्ञेय संझन्छ शास्त्रका ज्ञाता भए पनि उसले ब्रह्मलाई जान्दैन । *केनोपनिषद्*मा स्पष्ट रूपमा भनिएको छ-

यस्यामतं तस्य मतं मतं यस्य न वेदसः ।
अविज्ञातं विजानतां विज्ञातमविजानताम् ॥[⊛]

अर्थात् जसले ब्रह्म ज्ञेय होइन भन्ने बुझ्यो, उसले ब्रह्म विषयक रहस्य बुझ्यो । तर जसले ब्रह्मलाई मैले जानें भन्यो उसले ब्रह्मलाई जानेन किनकि जानेको छु भन्ने अभिमान गर्नेका लागि ब्रह्मतत्त्व अविज्ञेय नै छ र ज्ञातापनको अभिमान नभएका व्यक्तिका लागि ब्रह्म अपरोक्ष *(हेर्नू अपरोक्ष)* छ ।

अविद्या : अपूर्ण विद्या या अल्प विद्या, संदिग्ध विद्या वा विपरित विद्यालाई हामी अविद्या भन्दछौं अर्थात् विद्यामा नै न्यूनता, सन्देह वा वैपरीत्य हुँदा त्यसलाई अविद्या भन्दछन् ।[▣]

अविद्यालाई अनाम, अरूप र तुच्छ मानिन्छ । अविद्या कल्पित हो, तात्त्विक वस्तु होइन । अविद्या अन्तःकरणमा आश्रित छ । अन्तःकरण शुद्धि पछि अविद्यालाई रहने ठाउँ हुन्न । जहाँ घाम छ त्यहाँ अन्धकार रहन सक्तैन । वेदान्त दर्शन अनुसार अन्तःकरण पनि कल्पित हो किनकि सुषुप्तिमा अन्तःकरण छैन ।

आचार्य शंकरका अनुसार अविद्या अनादि र अनिर्वचनीय *(हेर्नू अनिर्वचनीय)* छ । यो कारण शरीर हो । आत्मामा यी तीनै उपाधि छैनन् ।

अनाद्यविद्याऽनिर्वाच्या कारणोपाधिरुच्यते ।
उपाधित्रितयादन्यमात्मानमव धारयेत् ॥ *(आत्मबोध-१३)*

⊛ *के. उप. २।२।३*

▣ *खप. स्वामी-ध. विज्ञान-४*

शंकराचार्य भन्छन् - कर्म र अविद्यामा अविरोध भएकाले ज्ञानले मात्र त्यसको निवारण हुन्छ, कर्मले होइन । अन्धकार नष्ट गर्न प्रकाश नै चाहिन्छ । *(ऐजन ग्रन्थ-३)*

*बृहदारण्यकोपनिषद्*मा ब्रह्मज्ञानी याज्ञवल्क्यले आफ्नी जिज्ञासु पत्नी मैत्रेयीलाई अविद्या र द्वैत निवारण सम्बन्धी उपदेश दिएको रोचक प्रसंग पाइन्छ । उनी भन्छन्-अविद्या अवस्थामा द्वैत हुन्छ । यस्तो स्थितिमा एकले अर्कोलाई देख्छ, एकले अर्काको अभिवादन गर्छ । एकले अर्कोको स्पर्श गर्छ । तर जब सर्वत्र आत्मा नै छ भने कसले कसलाई देख्ने ? कसले कसलाई अभिवादन गर्ने ? कसले कसलाई स्पर्श गर्ने ? विज्ञाता(आत्मा)लाई केद्वारा जान्ने ? यही ज्ञान अमृतत्व हो ।*

अहंकार *(हेर्नू अहंकार)*ले जन्माएको मानिने अविद्या पाँच क्लेशहरूमध्ये प्रमुख हो । अन्य चार क्लेश हुन् अस्मिता *(हेर्नू अस्मितादि क्लेश)* राग, द्वेष र अभिनिवेश *(हेर्नू अभिनिवेश)* ।

आफू अनित्य, अपवित्र, दुःखरूप भएर अनात्मामा नित्य, पवित्र र सुख तथा आत्मभावको प्रतीति गराउने कार्य अविद्याले गर्छ ।□

महर्षि पतञ्जलीका अनुसार अविद्या अन्य क्लेशहरूको उत्पत्तिको भूमि भएकोले अविद्या नरहे अन्य क्लेशहरू पनि रहंदैनन् । *(योगसूत्र २।४)*

श्रुतिमा कर्मको अनुष्ठान अविद्यारूप मानिएको छ अविद्यया मृत्युं तीर्त्वा ... *(ईशा. उप.-११)* । कर्म अनुष्ठानरूप अविद्यावाट हुने मृत्युलाई नाघेर विद्या प्राप्त गरी परमात्मा साक्षात्कार गर्नु पर्छ भनिएको छ । अविद्या नष्ट भएको ज्ञानी नै गुरु हुन योग्य हुन्छ नत्र त्यसको परिणाम नराम्रो हुन्छ भन्ने कुरा *कठोपनिषद्*मा बताइएको छ- अविद्याग्रस्त भएर आफूले आफैंलाई बुद्धिमान् र विद्वान् मान्ने भोगेच्छा

---

* *बृह. उप. ४।५।१५*

□ *पात. योगसूत्र २।५*

नछुटेका मूर्ख नाना योनिमा भट्कन्छन् जसरी अन्धाले नै बाटो देखाइएका अन्धाहरू ठक्कर खाएर लक्ष्यमा पुग्न सक्तैनन् अविद्याया मन्तेर वर्तमाना... अन्धेनैव नीयमाना यथान्धा ।*

माया र अविद्या भनी प्रकृतिको दुई भाग गरिन्छ । माया शुद्ध सत्त्वप्रधान (सत्त्व गुणले रज र तम गुणलाई दवाएको अवस्था) प्रकृति हो । अविद्या चाहिं मलिन सत्त्वप्रधान (सत्त्व गुणलाई रज र तम गुणले केही दवाएको अवस्था) प्रकृति हो ।

रमण महर्षि भन्नुहुन्छ- "अविद्या केवल हाम्रो अज्ञान हो, अरू केही होइन । यो आत्माको अज्ञान अथवा त्यसको विस्मृति हो । के सूर्यको अगाडि अन्धकार रहन सम्भव छ ? त्यसैगरी प्रत्यक्ष एवं स्वप्रकाशित आत्माको सामु अज्ञान सम्भव छ ? तिमीले आत्मज्ञान गऱ्यौ भने न अन्धकार हुनेछ, न अज्ञान रहनेछ, न दुःख नै ।°

श्रीराम प्रमात्मा हुनुहुन्छ भन्ने जानेका अगस्ति *(हेर्नू अगस्ति)* भन्छन्-

राम माया द्विधाभाति विद्याऽविद्येतितेसदा
प्रवृत्तिमार्ग निरता अविद्यावशवर्तिनः
निवृत्ति मार्गनिरता वेदान्तार्थ विचारकाः ।

(अ. रामायण अ. का. सर्ग ३।३२)

अर्थात्- हे राम ! तपाईंको मायाको दुई रूप छ- विद्या र अविद्या । जो प्रवृत्ति मार्गमा लागिरहन्छन् ती अविद्याको वशमा पर्छन् । वेदान्तको अर्थ विचार गर्ने, निवृत्तिपरायण र तपाईंको भक्तिमा लागेका चाहिं विद्यावान् बन्छन् । ती नित्य मुक्त बन्छन् ।

अविद्या मूल : अज्ञान नै मूल अविद्या हो । यसलाई आवरण दोष *(हेर्नू आवरण दोष)* पनि भनिन्छ । यही कारणले जीवहरूको पुनर्जन्म

---

* *क. उप. १।२।५*

° *र. म. वातचीत*

भइरहन्छ । मोक्षको सबभन्दा ठूलो बाधा अविद्या मूल हो । भगवान् श्रीरामले संसारको जन्ममरण चक्रमा घुमाइरहने अविद्या मूललाई 'मूल अज्ञान' भन्नु भएको छ -

अज्ञानमेवास्य हि मूलकारणं
तद्धानमेवात्र विधौ विधीयते ।
विद्यैव तन्नाशविद्यौ पटीयसी
न कर्म तज्जं सविरोधमीरितम् ॥ *(राम गीता-९)*

अर्थात् संसार चक्रको मूल कारण अज्ञान नै हो । वेदका विधि वाक्यहरूले अज्ञानको नाश गर्नु पर्छ भन्ने बताएका छन् । अज्ञान नष्ट गर्नका लागि ब्रह्मविद्या समर्थ छ । अज्ञानबाट उत्पन्न कर्मको अज्ञानसँग विरोध हुने कुरा बताइएको छैन ।

अविद्या मूल एवं अज्ञानलाई कसरी चिन्ने ? जसलाई नष्ट गर्नु छ त्यसलाई त चिन्नु आवश्यक हुन्छ । शंकराचार्य अविद्या मूलको मूल जरा भनेको अहंकार *(हेर्नू अहंकार)* हो, आत्म-ज्ञान *(हेर्नू आत्म-ज्ञान)*को प्रमुख प्रतिबन्ध यही हो भन्ने निश्चय गर्दै *(विवेक चूडामणि-२९९मा)* पुनः भन्नुहुन्छ -

अहंकार ग्रहान्मुक्तः स्वरूपमुपपद्यते ।
चन्द्रवद्विमलः पूर्णः सदानन्दः स्वयंप्रभ ः ॥ *(ऐ.३००)*

अर्थात् ग्रह (राहु) मुक्त भएपछि चन्द्रमा पूर्ण रूपले प्रकाशित हुन्छ यसैगरी अहंकार नष्ट भएपछि निर्मल, पूर्ण एवं नित्यानन्द स्वरूप, स्वयंप्रकाश आत्मासँग साक्षात्कार *(हेनू आत्म-साक्षात्कार)* हुन्छ ।

अविद्या लेश : तत्त्वज्ञानीमा मूल अविद्या नष्ट भएको हुन्छ । वेदान्तमा मनोनाश र वासना क्षय पछि तत्त्व-साक्षात्कार हुन्छ भनिएको छ । त्यस्ता ज्ञानीमा प्रारब्ध कर्म भोग्नका लागि अविद्या लेश चाहिं बाँकी रहन्छ । "मुचुकुन्द नामक एक जना ब्रह्मज्ञानी अत्यन्त शक्तिशाली

राजा थिए । उनले तत्त्व-साक्षात्कार गरेका थिए तापनि प्रारब्ध कर्मले गर्दा उनमा अविद्या लेशको अनुवृत्ति थियो । जन्मान्तरमा ब्राह्मण कुलमा आएर तत्त्व साधनाद्वारा शरीर निवृत्ति पछि उनको मुक्ति भएको छ । उपर्युक्त उदाहरणबाट तत्त्वज्ञानी महापुरुषमा पनि अविद्या लेशको अनुवृत्ति हुन्छ भन्ने संकेत मिलेको छ ।*

मूल अविद्या नष्ट भएका तत्त्वज्ञानीलाई देहज्ञान र जगद्ज्ञान नभै देहाभास र जगदाभास हुन्छ । यहाँ आभासको अर्थ हो स्वप्नवत् मान्नु, सत्यता बुद्धि नहुनु ।

अविद्यादि क्लेश : अविद्या या अज्ञान सम्पूर्ण क्लेशहरूको जन्मदाता हो त्यसैले यो मूल क्लेश हो । जब अविद्या नष्ट हुन्छ त अन्य क्लेशहरू अस्मिता *(हेर्नू अस्मितादि क्लेश)*, अभिनिवेश *(हेर्नू अभिनिवेश)*, राग र द्वेष हट्छन् ।

अविनाशी : जसको विनाश हुन्न । षड्विकारमा अन्तिम हो विनाश । संसार र संसारका वस्तुहरूको उत्पत्ति भएकाले तिनको विनाश अवश्यम्भावी छ । तर उत्पन्नहीन तथा विकार रहित ब्रह्म वस्तु अविनाशी हो । न विनष्टुं शीलम् यस्य इति अविनाशी (शंकराचार्य) । शरीर विनाशशील छ तर आत्मा अविनाशी छ । श्री कृष्ण अर्जुन *(हेर्नू अर्जुन)*लाई ज्ञानोपदेश दिदै भन्नुहुन्छ-

अविनाशी तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ।। *(गीता २।१७)*

अर्थात् जसद्वारा समस्त विश्व व्याप्त छ, त्यही आत्मा*(हेर्नू आत्मा)*लाई तिमी अविनाशी जान । अव्यय *(हेर्नू अव्यय)* आत्मालाई कसैले नष्ट गर्न सक्तैन । यसैगरी *गीता*मा अविनाशी वस्तुका लागि 'अनाशिनः' शब्द प्रयोग गरिएको छ *(२।१८)*। देह नाशवान् छ तर तिमी देह नभै

* *डा. दी. घिमिरे-गीता-तत्त्व. प्र.*

आत्मा हौ त्यसैले युद्ध गर भनेर भगवान्‌ले अर्जुनको भय हरण गर्नु भएको छ *(२।१८)*।

आत्मा अविनाशी रहेको कुरामा पुनः जोड दिदै *गीता*मा भनिएको छ-

वेदाविनाशीनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ ! कं घातयति हन्तिकम् ॥ *(ऐ२।२१)*

अर्थात् जो मनुष्य आत्मालाई अविनाशी, नित्य, जन्म रहित, व्यय रहित जान्दछ त्यो मानिसले कसलाई मार्दछ र मार्न लगाउँछ। ज्ञानीका लागि मर्नु, मार्नु, मार्न लगाउनु जस्ता कुरा निरर्थक छन् किनकी उसलाई थाहा भैसकेको हुन्छ आत्मा अजर छ, अमर छ र अन्य वस्तु विनाशशील छन्।

अव्यक्त/व्यक्त : इन्द्रियले नजानिने, अदृश्य त्रिगुणात्मक मूल प्रकृति। जस्तो वीज अव्यक्त हो, वृक्ष व्यक्त हो। त्यस्तै इन्द्रियले जानिने दृश्य-सृष्टि व्यक्त रूप हो। अव्यक्त सूक्ष्म हो भने व्यक्त स्थूल। *महाभारत*मा अव्यक्तलाई अदृश्य भनिएको छ-अदर्शनादा पतितः पनश्यदर्शवं गतः *(स्त्रीपर्व २।९३/गीता २।२८)*

*गीता*मा भगवान् भन्नुहुन्छ-मेरो अव्यक्त रूपबाट नै दृश्यमान जगत् विकसित भएको छ। मेरो स्वरूप जब अव्यक्त हुन्छ त त्यसलाई निराकार भनिन्छ तर फेरि त्यसले सृष्टिको रूपमा विस्तार पाएर आकारको रूप धारण गर्छ। *(गीता ९।४ व्याख्या ज्ञानेश्वर गीता।)*

भगवान् व्यक्त र अव्यक्त दुवै हुनुहुन्छ। भगवान्‌लाई व्यक्त रूपमा अनुभव गर्ने काम भक्तकै हो, भगवान्‌को होइन। सन्त ज्ञानेश्वर *ज्ञानेश्वरी गीता*मा भगवान्‌लाई बुझाउन सूर्यको उपमा प्रस्तुत गर्छन्। भगवान् भन्नुहुन्छ-सूर्यलाई जुनसुकै स्थानबाट हेरे पनि दर्शकको मुखको सामुन्ने नै उनी देखिन्छन्, त्यसैगरी म पनि स्थित छु तर

सूर्यमा एक न्यूनता छ-उनी कहिले देखापर्छन्, कहिले देखापर्दैनन्। म यस्तो होइन। *(गीता ९।३ को व्याख्या)*

सूर्यतिर मुख फर्काए पनि बादलले ढाकेको बखतमा सूर्य देखिन्नन् तर भगवान् भक्तको सामुन्ने प्रकट हुनुहुन्छ-ध्रुवको सामु श्रीहरि प्रकट हुनु भए झैं। यदि भक्त निर्गुण रूपको उपासक भए उसको हृदयमा सत्चित् आनन्द रूपमा झल्किरहनु हुन्छ र भक्तले अपरोक्षानुभूति *(हेर्नू अपरोक्षानुभूति)* गरिरहन्छ। सूर्य भगवान्लाई हेर्न कोठा वा छायाँ त्याग गर्नु पर्छ, घाममा आउनु पर्छ। त्यसैगरी भगवान्को दर्शन गर्न तीर्थ, मन्दिर प्राकृतिक स्थल आदि पावन भूमिमा पुग्नु पर्छ। तर आत्मारूपी शिवको दर्शन गर्न कहिं पनि जानु पर्दैन, बरु उहाँको ध्यान गर्नु पर्छ आचार्य शंकरले झैं-

'आत्मा त्वं गिरिजा मति सहचरा प्राणा शरीरं गृहम्।'✱

अर्थ-आत्मा रूपबाट (हे सदाशिव!) तपाईं रहनु भएको छ, बुद्धि रूपले माता पार्वती अवस्थित पाउँछु। इन्द्रिय सहित पञ्चप्राण नै तपाईंका सहचर हुन्। अनि शरीर चाहिँ हो मन्दिर। अव्यक्त अर्थात् निर्गुण, निराकार परमात्माको उपासना गरिएको छ यी शब्दहरूमा।

शंकराचार्यले आत्मज्ञानी पुरुषलाई 'अव्यक्त लिंग' भनेका छन् अर्थात् उनलाई वर्ण, जात, लिङ्ग, आश्रम आदि कुनै पनि प्रकट चिन्हको आधारमा चिन्ह सकिन्न। उनी प्रकट-चिन्ह रहित र बाह्य पदार्थहरूमा आसक्ति रहित हुन्छन्-योऽव्यक्तलिङ्गोऽननुषक्तबाह्यः।

ब्रह्मवस्तु रूप रहित छ, अव्यक्त छ, अनाम र अक्षय छ (अरूपमव्यक्त मनारब्यमव्ययं)✱

✱ *शिव मानसपूजा*

✱ *वि. चूडामणि-५४० र २४०*

अव्यभिचारिणी भक्ति : अटुट रूपले, नित्य, निरन्तर गरिने भगवान्‌को भक्तिलाई अव्यभिचाणी भक्ति भनिन्छ। जाग्रतमा स्वप्न र सुषुप्ति नरहनु, स्वप्नमा सुषुप्तिको अभाव एवं सुषुप्तिमा जाग्रत र स्वप्न संसारको अभाव हुनु, व्यभिचारी भाव हो। भगवान्‌को भक्ति सबै काल, सबै अवस्थामा भैरहन्छ त्यसैले अव्यभिचारिणी भक्ति हो।

*गीता*मा एकत्व रूप समाधियोगलाई अनन्ययोग एवं निश्चित अविचल बुद्धिपूर्वक गरिने भगवद् भक्तिलाई अव्यभिचारिणी भक्ति भनिएको छ- मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी। यस प्रकारको भक्तिलाई ज्ञान भनिएको छ।* अव्यभिचारिणी भक्तिलाई *गीता*मा भक्तियोग पनि भनिएको छ। यस प्रकारको भक्तियोगद्वारा भगवान्‌को सेवा गर्ने साधक ब्रह्मलोक (मोक्ष) प्राप्त गर्न योग्य बन्छ-

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते।
स गुणान्समतीत्यैतान्ब्रह्म भूयाय कल्पते ॥◈

*गीता*मा नै भगवान्‌ले सात्त्विक धृतिको परिभाषा दिने क्रममा 'अव्यभिचारिण्या धृतिः' शब्द प्रयोग गर्नुभएको छ -

योगेनाव्याभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी।

अर्थात् हे पार्थ ! एकाग्र चित्तयुक्त अव्यभिचारिणी धृति (नभट्‌केको धारणा शक्ति)द्वारा मन, प्राण तथा इन्द्रियका कर्मलाई ग्रहण गर्नु सात्त्विक धृति कहलाउँछ।

विष्णुपुराण अनुसार सबै प्राणीहरूमा भगवान्‌को निवास भएको जानेर ती प्राणीहरूमा अविचल भक्ति अर्थात् प्रेम गर्नु अव्यभिचारिणी भक्ति हो भनेर भक्त प्रल्हाद आफ्ना पिता हिरण्यकशिपुलाई बताउँछन्-

---

* *गीता शां. भाष्य-१३।१० श्लोकको व्याख्या*

◈ *गीता १४।२६*

एवं सर्वेषु भूतेषु भक्तिरव्यभिचारिणी ।
कर्तव्या पण्डितैर्ज्ञात्वा सर्वभूतमयं हरि ॥ ▣

अर्थात् विद्वान्ले भगवान्लाई सर्वभूतमय जानेर सबै प्राणीहरूमा अव्यभिचारिणी भक्ति गर्नुपर्छ ।

अव्यय : खर्च नहुने, नाश नहुने *(हेर्नू अविनाशी)*, नघट्ने, नमर्ने । भगवान् आफैंले आफूलाई अव्यय बताउँदै अज्ञानी मूढ मानिसहरूले परमात्मालाई अज *(हेर्नू अज)* र अव्यय अर्थात् भाव विकार रहित भनेर जान्दैनन् -मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ॥ *(गीता ७।२५)* ।

*विष्णु पुराण*मा भनिएको छ-अव्यय श्रीहरिले सृष्टि कालमा आफ्नो इच्छाद्वारा विकारी प्रकृति र अविकारी पुरुषमा प्रविष्ट भएर तिनलाई क्षुब्ध गर्नुभएथ्यो (प्रविश्य ..... क्षोभयामास सम्प्राप्ते सर्गकाले व्ययाव्ययौ ॥) । *(१।२।२९)*

उहाँ नाश नहुने अव्यय, अविनाशी स्थान या निधि हुनुहुन्छ-निधिः अव्यय *(वि. सह. १७।३०)* र अव्यय *(वि. सह. १५।१३)* । श्रुतिले आत्मा या परमात्मालाई अजरोऽमरोऽव्ययः भनेर बताएको छ ।

शंकराचार्यका अनुसार ब्रह्म रूप रहित, अव्यक्त *(हेर्नू अव्यक्त)*, अनाम र अव्यय छ (अरूपमव्यक्तमनाख्यमव्ययम्)◆ *भागवत*मा आत्माको बाह्र लक्षण बताइएको श्लोकमा 'आत्मा नित्योऽव्ययः शुद्ध ...'◻ भनिएको छ । नाशवान् जगत्मा उत्पत्ति र विनाश रहित अव्यय वस्तु आत्मा हो ।

▣ *वि. पुराण १।१९।९*
◆ *वि. चूडामणि-२४०*
◻ *भाग. ७।७।१९*

*गीता*मा 'अव्ययभाव' शब्द प्रयोग भएको छ जसको अर्थ हुन्छ-आत्मभाव । सात्त्विक ज्ञानको परिभाषा दिने क्रममा श्रीकृष्ण भन्नुहुन्छ-समस्त प्राणीहरूलाई अभिन्न एकै आत्मभावले हेर्ने ज्ञान सात्त्विक हो *(१८।२०)*। पुराणमा भगवान्‌लाई अव्ययात्मा भनिएको पाइन्छ। *यम गीता*मा यमराज आफ्ना दूतलाई उपदेश दिंदै भन्छन्-अव्ययात्माको रूपमा खड्ग, शङ्ख र गदाधारी हरि जसको हृदयमा प्रकट हुनुभएको छ उसका सबै पाप नष्ट हुन्छन् । सूर्यको सामु अन्धकार कसरी टिक्न सक्छ र ? यमराज पुनः भन्छन्-जसको अन्तःकरणमा अव्ययात्मा भगवान् विराजमान हुनुहुन्छ ऊ वैकुण्ठलोकको पात्र हो। भगवान्‌को चक्रको प्रभावले गर्दा हाम्रो बल-वीर्य नष्ट हुन्छ। त्यस्ता भक्तसम्म हामी पुग्न सक्तैनौ ।[⊡]

अव्याकृत : प्रारम्भिक तत्त्व जसबाट संसारको सृष्टि भयो। सांख्य शास्त्र अनुसार मूल प्रकृति या प्रधानको प्राथमिक अणु अव्याकृत हो । सांख्यले जगत् सृष्टिको कारण प्रकृतिलाई नै मान्दछ।

वेदान्तले मूल अज्ञानलाई अव्याकृत आकाश *(हेर्नू आकाश)* मानेको छ। *बृहदारण्यक उपनिषद्*मा विदूषी गार्गीले ब्रह्मज्ञानी याज्ञवल्क्यसँग सूत्रात्मा कसमा ओतप्रोत छ ? भनेर सोध्दा ती ऋषिले कार्यरूप सूत्रात्मा कारणरूप अव्याकृत आकाशमा ओतप्रोत छ भनेर जवाफ दिए । अव्याकृत आकाश केमा ओतप्रोत छ ? भनेर पुनः सोद्धा याज्ञवल्क्यले अक्षर आत्मामा भनेर जवाफ दिए ।[⌘]

सांख्य प्रक्रियामा जगत् सृष्टिका सम्बन्धमा अव्याकृत नै अन्तिम हो, त्यहाँभन्दा माथि कोही छैन, केही छैन भनिन्छ । तर वेदान्त अव्याकृतको पनि कारण बताउँछ। शुद्ध चैतन्य किंवा ब्रह्मलाई जगत्

⊡ *वि. पुराण ३।७।२७ र ३।७।३४*

⌘ *बृह. उप. तेश्रो अध्याय*

प्रपञ्चको कारण भन्न त मिल्दैन तर ब्रह्मबाट अव्याकृत आकाश अर्थात् मूल अज्ञानको सृष्टि भै जगत्को रचना भएको मानिन्छ ।

अशुद्ध तत्त्वंपद : अशुद्ध तत्त्वंपदार्थ । गुणयुक्त जीव, ईश्वर र विद्या मोहग्रस्त या अज्ञानी जीवात्मा अशुद्ध त्वंपद हो । जीवात्माले भूलवश आफूलाई कर्ता, भोक्ता, दुःखी-सुखी, संसारी ठान्छ, आफूलाई शरीर मान्छ या मन, बुद्धिको धर्मलाई ग्रहण गरेर सीमित, परिच्छिन्न मान्छ भने उसलाई अशुद्ध त्वं पद भनिन्छ । त्वं पदको वाच्चार्थ सत्त्व-रज-तम गुणहरूबाट प्रभावित जीवात्मा हो । अनि त्वं पदको लक्ष्यार्थ चाहिं गुणातीत जीवात्मा हो, शोधित त्वं पद पनि भनिन्छ उसलाई । वृत्ति त्यागेको, साक्षी रूपमा रहेको आत्मा नै शोधित त्वंपद हो । पदार्थ शोधन विना महावाक्यको अर्थ बोध हुन्न । वेदान्त चिन्तनमा त्वंपदको चर्चाका साथ तत्पद, अशुद्ध तत्पदार्थ एवं यी दुइको एकताको प्रसंग पाइन्छ । तत्पदले परमात्मा, परब्रह्मलाई जनाउँछ । ब्रह्म माया रूपी उपाधिले युक्त भएपछि ईश्वर *(हेर्नू ईश्वर)* कहलाउँछ । ईश्वरलाई अशुद्ध तत्पदार्थ पनि भनिन्छ । त्वंपद (त्वंपदार्थ)को अशुद्धि कसरी हट्छ ? आफू मन, बुद्धिको प्रकाशक, कूटस्थ हो, साक्षी चैतन्य हो भन्ने सम्यक् बोध भएपछि त्वंपदार्थको शोधन हुन्छ । वास्तवमा शुद्ध त्वंपदार्थ अशुद्ध तत्पदार्थ हो । तत्पदार्थको पनि शोधन पछि अर्थात् ईश्वरको माया हटाए पछि ईश्वर ईश्वर नभै ब्रह्म बनिहाल्छ । यसरी पदार्थको शोधन पछि अभेद-बोध *(हेर्नु अभेद दर्शन)* हुन्छ र जीव ब्रह्म बनिहाल्छ । शास्त्रको भनाइ छ-जीवो ब्रह्मैव नापर । या तत्त्वमसि (तिमी नै ब्रह्म हौ) । वेदान्तमा मनोनाश, वासनाक्षय र तत्त्व-साक्षात्कारको प्रक्रिया बताइएको छ । मन र वासना रहेसम्म त्वंपदार्थ अशुद्ध छ । जब मन नष्ट हुन्छ, संसारी चित्त चित् बन्छ अनि पदार्थ शोधन भएकोले मुमुक्षुलाई तत्त्व-साक्षात्कार हुन्छ । मनोनाशको अर्को अर्थ हो स्वरूप अज्ञानको नाश । रमण महर्षि भन्छन्-

दृश्यवारितं चित्तमात्मनः ।
चित्व दर्शनं तत्त्व दर्शनम् ॥[⊙]

अर्थात् दृश्यबाट निवृत्त भएको चित्त स्वयं चित् स्वरूप भएर अधिष्ठान आत्मामा मिल्छ। मन शुद्ध चैतन्य स्वरूपमा स्थित हुनु तत्त्वबोध हो। श्रुति, स्मृतिमा अल्पज्ञ जीव र सर्वज्ञ ईश्वर भनेर बताइएको छ। पदार्थ शोधन पछि जीवको अल्पज्ञता र ईश्वरको सर्वज्ञता हटेर 'ज्ञ' अर्थात् ज्ञान मात्र बाँकी रहन्छ। त्वंपदले आफूलाई ज्ञान स्वरूप मान्छ, प्रज्ञानं ब्रह्म महावाक्य*(ऋ. वेद ऐ. उप ३।३)*को अर्थबोध गर्छ। यो बोध वास्तवमा तत् र त्वंपदको एकता हो। घटाकाश वास्तवमा महाकाश नै हो। आफूलाई सीमित, अल्पज्ञ संझेसम्म घटाकाशले महाकाशको व्यापकता, निर्मुक्तता बोध गर्न सक्तैन। अहं ब्रह्मास्मि *(शु. यजु वे. वृह. उप १।४।१०)* महावाक्यको अर्थ बोधपूर्वक ब्रह्मज्ञान गर्नु तत्त्वंपद ऐक्य बोध हो। यो मानव जीवनको सर्वोच्च शिखर आरोहण हो। यस उपलब्धि*(हेर्नू उपलब्धि)*बाट जीवन्मुक्तिको सुखानुभूति हुन्छ र मानव धन्य, कृतकृत्य बन्छ।

अशून्य : शून्यका साक्षी। वेदान्त दर्शनले शून्यवादलाई मान्दैन। शून्यको साक्षी नमानी शून्य सिद्ध हुँदैन। दत्तात्रेय भन्छन्- न शून्य रूपं न विशून्य रूपं।[⊠] अर्थात् मलाई (आत्मालाई) शून्य रूप भन्न मिल्दैन, शून्य रहित पनि किन भन्ने ! उहाँ पुनः भन्छन्-

अशून्यं च कथं वदामि
स्वरूप निर्वाणमनामयोऽहम् ॥[†]

⊙ *उपदेशसार-१६*

⊠ *अव. गीता ३।४५*

† *ऐ. ४।९*

अर्थ- ब्रह्मलाई शून्य तथा अशून्य पनि कसरी भनुँ । यो स्वरूपवाट मुक्त एवं रोग रहित छ, त्यही म हुँ ।

सुषुप्तिमा शून्य वाहेक केही पनि छैन, देखिदैन तर सुषुप्तिको साक्षी चैतन्य चाहिं शून्यमा विलिन भएको छैन नत्र विउँझे पछि हामीले 'म गाडा निद्रामा आनन्दसँग सुतेको थिएँ, केही थाहा पाइन' कसरी भन्न सक्छौ ? त्यही तत्त्वलाई अशून्य भनिन्छ । कसैले कोही नभएको सुनसान ठाउँको वर्णन गर्छ भने कोही नभएको सुनसान दृश्यको द्रष्टा वर्णनकर्ता नै सिद्ध हुन्छ । शून्यलाई अशून्यले नै सिद्ध गर्छ ।

अशेष साक्षी : अशेषको अर्थ हुन्छ सम्पूर्ण, समस्त । शेष होइन । अशेष साक्षी सबै वस्तुलाई देख्ने, जान्ने साक्षी हो । ज्ञानी जनलाई अशेष साक्षी म हुँ भन्ने अनुभूति *(हेर्नू अनुभूति)* भैरह-

अखण्डबोधोऽहमशेषसाक्षी
निरीश्वरोऽहं निरहं च निर्ममः ॥*

अर्थात् म अखण्ड वोधस्वरूप हुँ, सबैको साक्षी हुँ, स्वतन्त्र छु, अहंता र ममता रहित छु ।

शंकराचार्य आत्मवस्तुलाई स्वयंप्रकाश, अशेष साक्षी (सबको साक्षी) निरन्तर विज्ञानमय कोषमा विराजमान, विलक्षण वस्तु बताउँदै यसैको अभेद भावद्वारा चिन्तन गर्नु पर्ने आवश्यकता औल्याउँछन् -

एष स्वयंज्योतिरशेष साक्षी
विज्ञानकोशे विलसत्यसङ्गम् ।
लक्ष्यं विधायैनमसद्विलक्षण-
मखण्डवृत्यात्मतयानुभावय ॥⊡

---

* *शंकराचार्य-वि. चूडामणि-४९५*

⊡ *वि. चूडामणि-३८१*

अशोक : श्रीविष्णु भगवान्का सहस्र (एक हजार) नाम मध्ये एक हो *(वि. सह. ५०।३३६)*। उहाँमा शोकादि छ उर्मी *(हेर्नू उर्मी)* छैनन् त्यसैले उहाँ अशोक हुनुहुन्छ। जो शोक रहित छ उसैले अरूको शोक नष्ट गर्न सक्छ। आर्त भक्त *(हेर्नू आर्त भक्त)*को शोक, संकट हरण गर्न समर्थ पनि भगवान् नै हुनुहुन्छ।

देव्युपनिषद् अनुसार महाविद्या देवीको रहस्य जसले बुझ्छ ऊ शोकबाट मुक्त हुन्छ। अशोक स्थिति कसरी प्राप्त हुन्छ भन्ने सम्बन्धमा श्रुतिको भनाइ छ-परमेश्वरको भक्ति आदि साधन अपनाउने व्यक्तिले शोक गर्दैन। ऊ जीवनमुक्त बन्छ र प्राण त्याग पछि विदेहमुक्त हुन्छ-अनुष्ठाय न शोचति विमुक्तश्च विमुच्यते।[१]

अश्वत्थ : सामान्य रूपमा अश्वत्थ भनेको पीपल वृक्ष हो। पीपलको जरा तलतिर मात्र होइन, माथिवाट पनि फैलिएको हुन्छ। यसको पात अत्यन्त चञ्चल हुन्छ, मन्द हावाले पनि यसका पातलाई फरफराइ दिन्छ।

*गीता*मा श्रीकृष्णले अश्वत्थ नामक संसार वृक्षको वर्णन गर्नु भएको छ- अश्वत्थ मेनं सुविरुढमूल मसङ्गशस्त्रेण दृढेन छित्त्वा (१५।३)

अ+श्व+त्थ - तीन अक्षर मिलेर अश्वत्थ बनेको देखिन्छ। 'श्व' भनेको भोलि, 'त्थ' भनेको अस्तित्व हो र जसको अस्तित्व भोलिसम्म पनि छैन त्यो अस्थिर वृक्ष अश्वत्थ हो। जाडोमा पात झरेर सुकेको काठ झैं देखिने वृक्ष जाडो बितेर गर्मी लागेपछि झाङ्गिन थाल्छ। यसरी यो विकारग्रस्त छ, परिवर्तनशील छ। संसार पनि यस्तै छ। आजको संसार भविष्यमा बेग्लै हुन्छ। आज तरुनो मान्छे भोलि बूढो हुन्छ र मर्छ। आज जहाँ हिमाल खडा भएको छ त्यहाँ प्राचीन कालमा समुद्र रहेको कुरा वैज्ञानिकहरूले पत्ता लगाएका छन् किनकि समुद्रको पिंधमा

---

[१] *कठ. उप. २।१*

पाइने ढुङ्गादि हिमालयमा फेला परेका छन्। प्राचीन कालमा धरतीमा पाइएका जीव-वनस्पतिहरू अहिले लोप भइसकेका छन् । त्यसैले संसार-वृक्ष अत्यन्त परिवर्तनशील छ। 'अश्वत्थ' भनिनुको तात्पर्य पनि यही हो । यस शब्दले क्षणिकता तर्फ संकेत गर्छ ।

वेदान्तको दृष्टिले हेर्दा संसारको क्षणिकता अझ राम्ररी छर्लङ्ग हुन्छ। जाग्रत संसार स्वप्नमा छैन, स्वप्न संसार अर्कै छ। जाग्रत र स्वप्नको संसार सुषुप्तिमा छैन । आँखाले देखेको या मनको आँखाले देखेको दृश्य जगत् क्षणिक हो, विकारी हो, अश्वत्थ हो। यसमा सत्यता बुद्धि गर्नु मूर्खता मात्र हो । अज्ञानीहरूले जगत्लाई सत्य मान्छन् ।

सन्त ज्ञानेश्वर *ज्ञानेश्वरी भगवद्गीता*मा यसै वृक्षको चर्चा गर्दै लेख्छन्-यो प्रपञ्च रूपी वृक्षका धेरै हाँगाहरू छन्। ती मध्ये कतिपय माथितिर गएका छन् भने कतिपय तलतिर फैलिएका छन् । तलका हाँगाहरूबाट बिंगाहरू फैलिएर पातहरू निस्केका छन्। अज्ञान रूपी मूलमा अष्टधा प्रकृति *(हेर्नू अष्टधा प्रकृति)* उत्पन्न भएर ज्ञानरूपी विशाल वनको उद्भव हुन्छ। पहिले यस वृक्षको जराबाट स्वेदज, जरायुज, उद्भिज र अंडज रूपका चार प्रचण्ड शाखाहरू (मनुष्य लगायत प्राणी) उत्पन्न हुन्छन् । यी शाखाहरूबाट निस्केका उपशाखाहरू भिन्न भिन्न जाति हुन्। यिनैबाट स्त्री, पुरुष र नपुंसक जस्ता व्यक्तिगत भेद पैदा भै विषय विकारको कारण आन्दोलित भइरहन्छन् ।

मनुष्यदेखि लिएर स्थावर पर्यन्त शाखाहरूको वृद्धि उंधो तर्फ हुन्छ। तिनको फेदमा मनुष्य रूपी शाखा हुन्छ। त्यसैबाट संसार रूपी वृक्षको वृद्धि हुन्छ। जगत वृक्षको मूल चाहिँ ब्रह्म हो। यस वृक्षको माथितिर फैलिएका हाँगा हुन्-सूर्य, चन्द्र आदि श्रेष्ठ ग्रहहरू र पितृ, ऋषि अनि विद्याधरादि । इन्द्रादि लोकहरू त्यस हाँगामा फलेका फल हुन् । मरीचि, कश्यप आदि महाज्ञानी ऋषि *(हेर्नू ऋषि)*हरूका शाखा यो भन्दा माथि फैलिएका छन्। सबभन्दा माथि पुगेका हाँगामा ब्रह्मा र

शिव जस्ता फल फलेका छन् । फलको बोझले त्यो हाँगा अति झुकेको छ-जरालाई नै अँगाल्ला जस्तो गरी । "यसरी संसार वृक्षका शाखाहरू जहाँबाट निस्केका किन नहुन् ज्ञानको वृद्धि हुँदा झुकेर त्यही उद्गम स्थानमा मिल्छ । यही कारणले गर्दा ब्रह्मा र शिवको अगाडि केवल ब्रह्म नै छ । .... फेरि निवृत्ति मार्गका सनकादिका शाखा छ, यसमा फूल फुल्दैन र फल फल्दैन, त्यो केवल ब्रह्म रूप मै रहन्छ " -*ज्ञानेश्वरी भगवद्गीता*) ।

*गीता*को पन्ध्रौ अध्यायमा अश्वत्थ वृक्षको आश्चर्यजनक रूप र विस्तारको वर्ण मात्र छैन, यसलाई कसरी उखेल्ने, काट्ने तरीका पनि बताइएको छ । जस्तो -

न रूपमस्येह तथोपलभ्यते नान्तो न चादिर्न च संप्रतिष्ठा ।
अश्वत्थमेनं सुविरूढमूलमसङ्गशस्त्रेण दृढेन छित्त्वा ॥ *(१५।३)*

जबसम्म ब्रह्म ज्ञान हुन्न तबसम्म संसार रूपी अश्वत्थ वृक्षको अन्त्य हुन्न । जबसम्म हावा चल्न बन्द हुन्न तबसम्म समुद्रमा छाल उठ्न छाड्दैन । जब सूर्यास्त हुन्छ त्यसपछि नै मरुजलको दृश्य लोप हुन्छ । बत्ती निभाइ दिएपछि त्यसको प्रकाश रहँदैन । त्यसै गरी यस संसारवृक्षको मूलमा रहेको अज्ञान ब्रह्म ज्ञान विना नष्ट हुँदैन । त्यसैले मानिसहरूले जगत्लाई अनादि *(हेर्नू अनादि)* भनेका छन् । यो भनाइ ठीक हो-संसार वृक्षमा सत्यता छैन । जसको अस्तित्व छैन त्यसको आरम्भ कसरी हुन सक्छ ? ...हे धनंजय ! स्वप्नमा लागेको तरवारको घाउलाई निको गर्ने औषधि केवल जाग्रत हुनु नै हो । त्यसैगरी अज्ञानबाट नै संसारको उत्पत्ति हुन्छ, त्यसलाई ज्ञान रूपी खड्गले काट्न सकिन्छ । तर ज्ञान रूपी खड्गको उपयोग गर्ने सामर्थका लागि वैराग्यको बल चाहिन्छ । जब ज्ञान रूपी खड्ग र आफ्नो निदिध्यासन दुवैको पूर्ण एकता हुन्छ त हाम्रो आघात सहन सक्ने क्षमता त्यो द्वैत रूपी वृक्षमा हुने छैन ।" ।[०]

---

० *ऐजन पृ. ४६४*

अश्विनीकुमार : यिनी देवताहरूका वैद्य हुन् जसको उल्लेख *गीता*◈मा पाइन्छ । प्राण र अपानलाई पनि शास्त्रमा अश्विनी भनि ज्ञद्दनएको छ- प्राणापानौ वै अश्विनौ । प्राण विद्याबाट दीर्घायु, यौवन वा अमृत प्राप्ति हुन्छ । अश्विनीकुमार दुई वैद्य देवताको नाम हो । च्यवन ऋषि *(हेर्नू ऋषि)*को प्रसंगमा यी देव-वैद्यले ती वृद्ध ऋषिलाई यौवन प्रदान गर्ने उपचार गरेको पाइन्छ ।

च्यवन ऋषि ठूला तपस्वी थिए । कैयौं वर्षसम्म जंगलमा तपस्या गर्दा धमिराले उनको शरीर वरपर गोला बनाउँदै गयो र दुई आँखा बाहेक अरू सब अङ्ग ढाकिदियो । आफ्नी छोरी सुकन्यालाई साथमा लिएर शिकार खेल्न राजा शर्याति ऋषिको आश्रमतिर आइपुगेका थिए । उनकी छोरीले धमिराको गोलामा जुन्कीरी जस्ता दुई चम्किला वस्तु देखेर के रहेछ भनी छेस्काले छुँदा च्यवनका आँखा फुटेर रगत बग्न थाल्यो । यस्तो अवाञ्छित घटना भएको राजाले थाहा पाए र क्षमा याचना गरे । च्यवनले राजालाई माफी दिंदै राजकुमारीलाई आफ्नो सेवामा छाडेर जाउ भने । राजाले सुकन्याको विवाह विधिवत् च्यवनका साथ गरिदिए ।

एक पटक अश्विनीकुमारहरू ऋषिलाई भेट्न आश्रममा आए । वृद्ध एवं अन्धा ऋषिले भने -तपाईंहरू देवता भए पनि यज्ञको भागबाट वञ्चित हुनुहुन्छ । सो भाग दिलाई दिनेछु तर तपाईंहरूले मलाई युवक बनाइ दिनु पर्छ । शर्त मञ्जुर भयो । अश्विनीकुमारहरूले एउटा कुण्ड बनाए र ऋषिलाई डुबुल्की लगाउन लगाए । आफूहरूले पनि डुबुल्की लगाए । कुण्डमा तीन जना अति सुन्दर उस्तै अनुहारका युवकहरू देखापरे । सुकन्यालाई आफ्ना पति चिन भनेर बताइयो । सती नारी सुकन्याले पति चिनिन् जसलाई रूप र यौवन मात्र होइन फुटेका आँखाका सट्टा नयाँ आँखा प्राप्त भैसकेको थियो । आश्विनीकुमारहरूको

◈ *गीता ११।६ र ११।२२*

दिव्य उपचारको कारण च्यवनको कायाकल्प भयो । आधुनिक कालमा उपलब्ध स्वास्थ्यप्रद औषधि (च्यवनप्रास)सँग उनको नाम जोडियो ।

ऋग्वेदमा पनि अश्विनीकुमारहरूको प्रसंग पाइन्छ । इन्द्र *(हेर्नू इन्द्र)*, अग्नि *(हेर्नू अग्नि)* र सोम पछि 'अश्विनौ' शब्दको धेरैपल्ट उल्लेख भएको पाइन्छ । यिनीहरूको स्तुति ५० सूक्तहरूमा भएका छन् । एक सूक्तमा *(२।३९)* त यी दुईको युगल वस्तुहरू आँखा, हात, खुट्टा जोडी हाँस र जोडी चराहरूसँग तुलना गर्दै प्रशंसा गरिएको पाइन्छ । मघु मन पराउने भएकाले यिनीहरूलाई माध्वी, मधुपा, मघुयुवा पनि भनिएको छ । मधुको साथै सोममा पनि यिनको रुचि देखिन्छ ।

अश्रु : आँशु, रोमाञ्च, भक्ति रसको संचारी भाव बताइन्छ । यो करुण रस या दुःख वियोगको आँशुभन्दा भिन्न वस्तु हो । भक्तिको आँशुमा मानिस उदास, निराश हुँदैन तर दुःखको आँशुमा मानिस निराश हुन्छ, उत्साहहीन हुन्छ । भक्तको आँशु आनन्ददायक हो । भगवान्को लीला-कथा पढ्दा, कीर्तन-भजन गर्दा या सुन्दा एवं भगवान् प्राप्तिका लागि छट्पटि हुँदा,यसै गरी भगवान्ले कृपा गर्नु भएको कुरा संझँदा भक्तको आँखाबाट बलिन्द्रधारा आँशु बग्नु, शरीर रोमाञ्चित हुनु जस्ता संचारी भाव व्यक्त हुन्छन् । शास्त्रमा यस प्रकारको भावलाई आनन्दाश्रु भनिएको छ । जस्तो-

कथं विना रोमहर्ष द्रवता चेतसा विना ।
विनाऽऽनन्दाश्रुकलया शुद्धेद् भक्त्या विनाऽऽशयः ॥
(भाग ११।१४।२३)

अर्थ-जबसम्म भक्तको समस्त शरीर सुखको अनुभूतिले रोमाञ्चित हुँदैन, चित्त खुशीले गद्गद् बन्दैन, आनन्दका आँशु खस्दैनन् र भक्तिको समुद्रमा डुबुल्की मार्दैन तबसम्म उसको अन्तःकरण पवित्र हुन्न ।

*उद्धव गीता (हेर्नू उद्धव गीता)*को प्रसंगमा, भक्तिको महिमा दर्शाउँदै, आँशुले द्रविभूत भएको भक्त बारे श्रीकृष्ण भगवान् भन्नुहुन्छ-जसको

वचन प्रेमले गद्‌गद् हुन्छ, चित्त द्रवीभूत हुन्छ, जो मेरो चरित्रको स्मरण गर्दै कहिले रुन्छ, कहिले हाँस्छ, कहिले लाज छाडेर नाच्छ र कहिले गाउँछ, त्यस्तो भक्तले संसारलाई नै पवित्र बनाउँछ । *(ऐजन ११।१४।२४)* । यसैगरी भक्तले भावविह्वल भएर भगवान्‌सँगको वियोगमा आँशु बगाएर रुने, छट्‌पटाउने गर्छ भन्ने प्रसंग *भागवत*का अन्य स्थानमा पनि आएका छन्-क्वचिद् रुदन्त्यच्युत चिन्तया अर्थात् भक्त कहिले भगवान् अच्यूतलाई संझेर रुन थाल्छ *(ऐजन ११।३।३२)* आदि ।

एक भक्तले यस अवस्थाका सम्बन्धमा रमण महर्षिसँग समाधिमा या समाधि पूर्व या पश्चात् कुन स्थितिसँग यस्तो भावविह्वलता सम्बद्ध छ भनेर सोध्दा महर्षिजीले भने-यी सब मनका अत्यन्त सूक्ष्म वृत्तिहरूका लक्षण हुन् । यी द्वैत विना टिक्न सक्तैनन् । समाधि पूर्ण शान्तिको अवस्था हो जहाँ ती कुराका लागि स्थान छैन । समाधिबाट बाहिर आए पछि त्यस अवस्थाको स्मृतिबाट यी लक्षणको उदय हुन्छ । भक्ति मार्गमा चाहिं यो विह्वलता समाधि भन्दा पहिले हुन्छ ।✂

पौराणिक कथा अनुसार आशुतोष *(हेर्नू आशुतोष)* भगवान् शंकरको दिव्य आँशु रुद्राक्ष बन्न गएको हो । संसारको कल्याण चिताउँदै भगवान् रुद्रले कठोर तपस्या गर्नु भयो । कुनै भावद्वारा विह्वल भै आँखा खोल्दा आँशु बग्न गयो । त्यही आँशु झरेको जमिनमा रुद्राक्षको वृक्ष उत्पन्न भयो । *(शिव पुराण)* ।

असक्त बुद्धि : अनासक्त बुद्धि । आफ्ना इन्द्रिहरूलाई विषयसँग संयोग गराउने मानसिक चाहना नै आसक्ति *(हेर्नू आसक्ति)* हो । त्यस्तो आसक्ति राहित्यलाई नै *गीता*मा असक्त बुद्धि भनिएको हो । असक्त बुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः*(१८।४९)* । आसक्ति रहित बुद्धि

✂ *र.म. वातचीत*

भएको व्यक्तिले जितात्मा र संगहीन भएपछि सन्यासद्वारा नैष्कर्म्य सिद्धि प्राप्त गर्छ । नैष्कम्य सिद्धि भनेको निष्क्रिय आत्मामा संस्थिति हो ।

बहिर्मुखी व्यक्तिमा आसक्तियुक्त बुद्धि हुन्छ तर बुद्धि अन्तरर्मुखी हुँदै गएपछि त्यसले इन्द्रियहरूको नियन्त्रण गर्छ । अनि साधकले विषयलाई विषवत् त्याग गर्न चाहन्छ । शुद्ध, सात्त्विक आहार *(हेर्नू आहार)* सत्शास्त्रको अध्ययन, साधु-सन्त समागम, गुरुको उपदेश आदि साधनबाट बुद्धि अनासक्त हुँदै जान्छ । यस्तो साधकले सरल जीवनयापन गर्दै आत्मलाभ*(हेर्नू आत्मलाभ)*को उच्च विचार अपनाउँछ । असक्त बुद्धि भएको साधक संसारमा यसरी रहन्छ जसरी हिले पानीमा पनि कमलको पात हिलो नलागेको रूपमा रहन्छ । जस्तो-कर्मेन्द्रियै कर्म योग मसक्तः स विशिष्यते *(गीता ३।७)* ।

जो आसक्त छैन त्यस्तो व्यक्ति या असक्त नै आदर्श व्यक्ति हो । आत्मामा आसक्ति छैन त्यसैले त्यो बन्धनहीन या सदामुक्त छ । तर जीवात्मा आसक्तिले गर्दा बन्धनमा परेको छ, दुःखी र चिन्तित छ ।

विषयलाई भोग्ने चाहना भोगेच्छा हो भने भोगका विषयलाई टिकाइरहने चाहना चाहिं मोह हो । भोगेच्छा पनि नभएको र मोह पनि नभएको व्यक्ति असक्त बुद्धियुक्त हो । असक्त बुद्धि सर्वत्र भनेर भगवान्ले जगत्को कुनै पनि विषयमा आसक्ति नभएको व्यक्तिको कुरा गरिरहनु भएको छ । यस्तो व्यक्तिलाई वेदान्तमा मनोनाश र वासना क्षय भएको भनिन्छ ।

असङ्ग : आसक्तिहीन, संगहीन । संगको रंग नलागेको देह-संघातसँग देखिएको आत्माको संगत फटिकको नजिक जपापुष्प राखेर फटिक रातो देखिए झैं भ्रान्ति हो । श्रुतिले भनेको छ-असंङ्गो ह्ययं पुरुष । *(वृह. उप. ४।३।१५)*

यसको अर्थ हो परमात्मामा आसक्ति *(हेर्नू आसक्ति)*, मोहको रंग लागेको छैन । शास्त्रमा भगवान्को भक्त 'जितसङ्ग' हुनुपर्छ भनिएको छ-जितासनो जितश्वासो जितसङ्गो जितेन्द्रिय ।♥

जो सत्संगमा रमाउँछ, भगवान्मा रमाउँछ, भगवान्को भक्तिमा डुब्छ ऊ जितसङ्ग हो, असङ्ग पनि हो । अनित्य वस्तुमा आसक्ति नभएर सत् वस्तुमा रमाउनु, आत्माराम *(हेर्नू आत्मराम)* हुनु असङ्ग या जितसङ्ग हुनुको लक्षण हो ।

साक्षी चैतन्यको रूपमा आफू असङ्ग हो किनभने साक्षी अवस्था त्रयदेखि पर रहेकोले तीबाट असङ्ग हुने नै भयो । तर साधकले असङ्गता कसरी प्राप्त गर्ने ? यस सम्बन्धमा शास्त्रको निर्देश छ-सत्संग गर । सत्संगबाट निसङ्गता प्राप्त हुन्छ, त्यसपछि चित्त निर्मल हुन्छ । अन्तःकरण शुद्ध भएपछि आत्मबोध *(हेर्नू आत्मबोध)* संभव हुन्छ ।

*गीता*मा भगवान्ले अश्वत्थ *(हेर्नू अश्वत्थ)* क्रहलाएको संसार वृक्ष सुदृढ भए पनि असङ्ग रूपी बञ्चरोले काट्न सकिने बताउनु भएको छ-

अश्वत्थमेनं सुविरुढमूल-
मसङ्गशस्त्रेण दृढेन छित्त्वा ॥ *(१५।३)*

शाङ्कर भाष्यमा असङ्ग शास्त्रद्वारा काट्ने उपमाको व्याख्या यसरी गरिएको छ-पुत्रैषण, वित्तैषणा र लोकैषणाको *(हेर्नू एषणा त्रय)* त्याग रूपी असङ्ग शस्त्रलाई परमात्माको भक्ति रूपी दृढताकासाथ एवं बारम्बार विवेकाभ्यास रूप पत्थरमा धार लगाएर संसार-वृक्षलाई काटेर जरा समेत उखेल्नु पर्छ ।

*गीता*मा नै भगवान्ले 'जितसङ्ग दोष' अर्थात् असङ्गता प्राप्तिलाई परमपदमा पुग्ने पुरुषका मान-मोहबाट मुक्ति, नित्य अध्यात्म-चिन्तन,

---

♥ *भाग. २।१।२३*

कामनाराहित्य जस्ता गुणहरूमा समावेश गर्नुभएको छ- निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः ।[ः]

शंकराचार्यले *विवेक चूडामणि*का विभिन्न श्लोकहरूमा अङ्गग आत्माका सम्बन्धमा चर्चा गरेका छन् । सर्वसाक्षी आत्मा असङ्ग भएकोले बुद्धि उपाधिद्वारा गरिएको कर्ममा अलिकति पनि लिप्त हुँदैन *(श्लोक १०१)*। तर अज्ञानीका चाहिं मन प्रवल भएकोले आत्मा असङ्ग चिद्रुप भए पनि मनले मोहित गरेर देह, इन्द्रियादिका गुणद्वारा बाँधेर संसारमा भट्काउँछ-

असङ्गचिद्रूपममुं विमोह्य
देहेन्द्रियप्राण गुणैर्निबध्य । *(श्लोक १८०)*

यसरी असङ्ग, मुक्त आत्मा अज्ञानले गर्दा बन्धनमा पर्छ र दुःख पाउँछ। यही दुःख एवं बन्धनबाट मुक्तिका लागि समाधि वैश्यले देवीसँग वरदान माग्छ- अहं, ममसँग सम्बन्धित जगत्को मोहबाट मुक्त तुल्याउने असङ्गता एवं तत्त्वज्ञान पाउँ ।[○] प्रसन्न हुनु भएको देवीले उसलाई मनवाञ्छित तत्त्वज्ञानको वरदान दिनु हुन्छ ।

आत्माका बाह्र लक्षणहरूमा अन्तिम दुई हुन् असङ्गत्व र अनावृतत्व *(भाग. ७।७।१९)*।

असत् : आत्मा अज, नित्य, शाश्वत भएकाले सत् वस्तु हो । अन्य सारा वस्तु - देह, संसार आदि असत् हुन् । सत् आत्मा या ब्रह्मबाट असत् संसार जन्मेको कुरा मान्न सकिन्न । वास्तवमा जगत्को जन्म भएकै छैन, जगत्को प्रतीति मात्र भएको हो-स्वप्न संसार झैँ । जागेपछि स्वप्न संसार हराउँछ । त्यस्तै ज्ञान भएपछि दृश्य हराउँछ, जतातते ब्रह्मबोध हुन्छ । सृष्टि-दृष्टिवाद र दृष्टि-सृष्टिवाद भन्दा अजातवाद

ः *गीता १५।५*

○ *दुर्गा सप्तशती १३।१८-ममेत्यहमिति प्राज्ञः सङ्गविच्युतिकारम्*

माथिल्लो कोटीको दर्शन हो । वेदान्तको अद्वैतवादी सिद्धान्त वास्तवमा अजातवादी हो । डोरीमा सर्प देखिए झैं ब्रह्ममा संसार देखिएको हो । जीव, जगत्को जन्म भएकै छैन । डोरीमा सर्प भएको भए ज्ञानद्वारा त्यसको निवृत्ति नहुनपर्ने । त्यसैगरी जगत् साँच्चिकै भएको भए ज्ञानीले साँचो मान्नु पर्ने । तर ज्ञानीहरु भन्छन्-स्वप्न झैं छ जगत् । शास्त्रले भनेको छ-ब्रह्म सत्यं जगन्मिथ्या । ब्रह्म सत्य हो र जगत् मिथ्या । त्यसैगरी श्रुतिले भनेको छ-असन्नेव स भवति । असद्-ब्रह्मेति वेद् चेत । अर्थात् ब्रह्मलाई असत् भनेर जान्ने व्यक्ति असत् नै बन्छ ।[१] आत्मालाई असत् शरीर सम्झने व्यक्तिलाई आत्मघाती चोर भनिएको छ । *(मनुस्मृति ४।२५५)*

असत्वापादक आवरण : ब्रह्म(आत्मा)को परोक्ष ज्ञान समेतलाई ढाक्ने अज्ञानलाई असत्वापादक आवरण शक्ति *(हेर्नू आवरण शक्ति)* भनिन्छ । सत्संग एवं वेदान्त श्रवणद्वारा यो आवरण नष्ट हुन्छ ।

असीम : सीमाहीन । देश, कालद्वारा अपरिछिन्न*(हेर्नू अपरिछिन्न)* । *छान्दोग्य उपनिषद्*मा भनिएको छ-जहाँ असीम तत्व छ त्यहाँ आनन्द छ *(हेर्नू आनन्द)* । सीमित तत्वमा आनन्द छैन ।

वेदान्त दर्शनमा आत्मालाई आकाश*(हेर्नू आकाश)*सँग दाजेका प्रसंगहरू पाइन्छन् । आकाशको विशेषता के हो भने पृथ्वी, जल, तेज र वायुको तुलनामा यो असीम छ, आकाशको सीमा छैन । आकाशको सृष्टि पनि पछि भएकोले यो त्यति असीम छैन जति यसको स्रष्टा । आत्मा नै असीम वस्तु हो त्यसैले शंकराचार्य भन्छन्-नित्यनिरन्तरनिष्क्रिय निःसीमासङ्गपूर्णबोधात्मा (अहं)।[२] अर्थात् म त नित्य, निरन्तर, निष्क्रिय, असीम, असङ्ग र पूर्ण बोधस्वरूप पो रहेछु ।

---

[१] *तैत्ति. उप. २।६*

[२] *वि. चूडामणि-४९२*

श्रुतिमा आत्मालाई असीमको अर्थमा अनादि र अनन्त बताइएको छ -
अनाद्यनन्तं महतः परं ध्रुवं, निचाय्य तन्मृत्युमुखात्प्रमुच्यते ॥■
अर्थात् ब्रह्म अनादि, अनन्त (असीम), महत्तत्वदेखि पर सर्वथा सत्य हो । ब्रह्म बोध गरेर मुमुक्षु मृत्युको मुखबाट उम्केर मुक्त बन्छ ।

वेदान्तपरक ग्रन्थहरूमा असीमको पर्यायको रूपमा विभु (व्यापक) शब्दको प्रयोग भएको पाइन्छ । जस्तो-आत्मासाक्षी विभुःपूर्ण एको मुक्तश्चिदक्रिय *(अष्टावक्रगीता १।१२)* अर्थात् आत्मा साक्षी हो, यो व्यापक र पूर्ण छ । आत्मा एकै छ, यो मुक्त हो, चित् स्वरूप हो र क्रियारहित पनि छ ।

असंप्रज्ञात समाधि : ज्ञाता, ज्ञेय र ज्ञान-त्रिपुटी रहित समाधि । संप्रज्ञात समाधिमा त्रिपुटी रहन्छ । त्यसमा चित्त ध्येय या ज्ञेयमा स्थिर, एकाग्र रहन्छ । यसलाई 'सवीज' समाधि पनि भनिन्छ । तर असंप्रज्ञात समाधि निर्वीज समाधि हो । यसमा आलम्वनको अभाव हुन्छ, केवल संस्कार मात्र रहन्छ । यस समाधिमा रहने साधकमा तीव्र वैराग्य रहन्छ । यसका दुई भेद छन् क. भव प्रत्यय र ख. उपाय प्रत्यय । अगिल्लोमा प्रज्ञाको उदय त हुन्छ तर मनोनाश नभएकोले पूर्ण ज्ञान हुँदैन र संसारमा फस्ने आशंका भैरहन्छ । तर उपाय प्रत्यय समाधिमा अविद्या *(हेर्नू अविद्या)* नष्ट हुने भएकोले संसारमा फस्ने डर रहँदैन ।[×] यस प्रकारको समाधिमा रहेको ज्ञानीको अनुभव यस्तो हुन्छ-

नित्यं शुद्धं बुद्धियुक्तं सत्यमानन्द मद्वयम् ।
तुरीयमक्षरं ब्रह्म अहमस्मि परं पदम् ॥

(गरुड पुराण-अ. ४४)

अर्थ-म नित्य, शुद्ध, बुद्ध, सत्य, आनन्दस्वरूप र अद्वय छु । म तुरीय तथा अक्षर ब्रह्म हुँ र परमपद प्राप्त छु ।

■ *कठ. उप. १।३।१५*

× *डा. पाण्डेय-हि. धर्मकोश*

असंभावनादि प्रतिबन्ध (प्रतिबन्ध त्रय) : वेदान्तमा ज्ञानको अवरोधकका रूपमा प्रतिबन्ध त्रयलाई लिइन्छ। मुमुक्षु र जिज्ञासुलाई शुरु शुरुमा तीन प्रकारका प्रतिबन्धले ज्ञान हुनबाट रोक्छन्। यी तीन हुन् -

१. असंभावना - ईश्वर, जीव र जगत् भिन्ना भिन्नै अनुमान गरिएकाले एकै भन्न मिल्दैन कि भन्ने शंका उठ्छ। यो शंकालाई गुरुले सुषुप्ति दृष्टान्त दिएर निर्मूल गर्छन्।

२. संशय भावना - जगत्लाई गुरु, शास्त्रादिले स्वप्नवत् भने पनि साँचो रूपमा देखिन्छ, कसरी मान्ने ? यस्तो शंका शिष्यको मनमा उठ्छ। सम्यक श्रवणबाट यो संशय नष्ट हुन्छ।

३. विपरीत भावना - श्रवण, मनन पछि पनि अविद्या नष्ट नभएको कारणले शिष्यमा विपरित भावना हुन्छ। गुरुले भने पनि अल्पज्ञ जीव सर्वज्ञ र सर्वशक्तिमान शिव बन्नै सक्तैन भन्ने विपरित बुद्धिले गर्दा शिष्यले आत्मलाभ गर्न सक्तैन। यस्तो प्रतिबन्ध निदिध्यासनबाट मात्र नष्ट हुन्छ।

असंसक्ति : यो ज्ञानको पाँचौं भूमिका हो। निर्विकल्प समाधिको परिपाक भएर अर्थात् आत्म-साक्षात्कार भएपछि देह आदिमा अहंता (म भन्ने भावना) र ममता (मेरो भन्ने भावना) हटी देह-गेह आदिमा जो सर्वथा अनासक्ति (प्रेम नहुनु) हुन्छ त्यो असंसक्ति हो।

ज्ञानको चौथो भूमिका-सत्वापत्तिमा पुगेको ज्ञानीले संसारलाई स्वप्नवत् मान्छ भने पाँचौं भूमिकामा उक्लेको व्यक्ति सुषुप्त झैं हुन्छ। त्यसैले यसलाई सुषुप्त पद पनि भनिन्छ। उसले अद्वैत सत्ता मात्र अनुभव गर्छ र सम्पूर्ण दृश्य जगत् आदि विलीन भएकाले सुषुप्ति स्थितिको झैं अवस्था हुन्छ। असंसक्ति आनन्दरूपा पनि कहलाउँछ।

अस्ति : सत्को अर्को नाम हो अस्ति। आत्माको लक्षण अस्ति, भाति र प्रिय बताइएको छ -

अस्ति भाति प्रियं रूपं नाम चेत्यंश पञ्चकम् ।
आद्यत्रयं ब्रह्म रूपं जगद्रूपं ततोद्वयम् ।।[✡]

अर्थात् चेतनाका पाँच लक्षण मध्ये अगिल्ला तीन ब्रह्मको लक्षण र नाम, रूप जगत्का लक्षण हुन् । अर्को शब्दमा भन्ने हो भने आत्मा सच्चिदानन्द हो । शरीर जन्मन्छ, रहन्छ, परिवर्तित हुन्छ, बढ्छ, खुम्चिन्छ, नष्ट हुन्छ-यसरी षड् विकारयुक्त छ । तर अस्तिताको कारणले गर्दा तथा विकारराहित्यले गर्दा आत्मा सदाकाल छ, सधैं अस्ति । आत्मा रूपले हेर्दा म जन्मनु अघि पनि थिएँ, जन्मेपछि, बढेपछि, बूढौलीमा पनि रहिरहेको छु र देहत्याग पछि पनि रहनेछु । सत्(अस्ति)को कहिल्यै अभाव छैन र असत् देहादि, जगदादि अन्त्य हुने भएकाले बीचमा देखिए पनि सत् नभएर असत् हुन् । *गीता*मा भनिएको छ-

नासतो विद्यते भावो नाभावो विद्यते सतः *(२।१६)*

अर्थात् असत्को अस्तिता छैन र सत्को कहिल्यै अभाव हुन्न । आफ्नो अस्तितालाई कसैले अस्वीकार गर्दैन, जन्मेदेखि देहत्याग नभएसम्म हाम्रो चेतनाले आफ्नो अस्तितालाई स्वीकार गरेको हुन्छ । रमण महर्षिका अनुसार अस्तित्व ज्ञान हो अर्थात् जागरुकता । यो जागरुकताको अभिप्राय हो-अज्ञानको अभाव ....जब अस्तित्व पूर्ण हुन्छ त त्यो सत् हुन्छ । जब त्यसको विशेष रूपले वर्णन गरिन्छ त त्यो असत् हुन्छ । 'म छु' सत् हो । 'म बुद्धिमान् छु'-असत् हो ।[⊗]

अस्पर्श-योग : आत्मबोध*(हेर्नू आत्मबोध)* पछि चित्त चित् बन्छ । चित्त चित् बनेपछि संकल्पराहित्य स्थिति पैदा हुन्छ । यसैलाई अस्पर्श-योग भनिएको छ ।

✡ *सरस्वतीरहस्योपनिषद्-२३ । शंकराचार्य-वाक्यसुधा-२०*

⊗ *र.म. वातचीत*

आत्मबोध पछि चित्त अचित्त हुन्छ या चित् बन्छ। चित्त चित् बनेपछि संकल्प उठ्दैन। यसैलाई अस्पर्श-योग भनिएको छ। वेदान्त शास्त्रका अनुसार चित्तको आफ्नो सत्ता छैन, मानिसले नाना चिताएपछि चित्त खडा हुन्छ। जाग्रत र स्वप्नमा चित्तको सत्ता देखिन्छ तर सुषुप्तिमा त्यो छैन, त्यसैले त आनन्द प्राप्त हुन्छ। ज्ञानी जाग्रतमा पनि सुषुप्त स्थितिमा रहन्छ। त्यसैले उसको चित्त चित् भइसकेको हुन्छ। *गीता*मा भक्तियोगीको मन कमलको पात जस्तो पानीमा रहेर पनि पानीद्वारा नभिजाइने हुन्छ र उसलाई दुःख सुखले छुँदैन भनिएको छ।+ सबै कर्महरू ईश्वरमा अर्पण गर्ने, यहाँसम्म कि मोक्ष रूपी फल पनि नचाहने भक्तको हृदय कमलपत्र झैं निर्लिप्त हुन्छ।*

अस्मत् : आफू। साधक, मुमुक्षुले 'म छु' 'म हुँ' भनेर जुन तत्त्वको अनुभूति गर्छ त्यही अस्मत् हो। सुषुप्तिमा देह, अन्तःकरण आदि छैनन्, तर 'म' त छँदैछ। आचार्य शंकराचार्यका अनुसार त्यो तत्त्व सचेतन रूपमा समाधिमा अनुभव हुन्छ-

प्रकृतिविकृतिशून्यं भावनातीतभावं
समरसमसमानं भानसम्बन्धदूरम्
निगमवचनसिद्धं नित्यमस्मत्प्रसिद्धं
हृदि कलयति विद्वान्ब्रह्मपूर्णं समाधौ।÷

अर्थात् कारण र कार्य रहित, मानवी भावनाभन्दा अतीत, समरस, उपमा रहित, प्रमाणभन्दा पर, वेद वाक्यबाट सिद्ध, नित्यस्वरूप अस्मत् (म) अर्थात् ब्रह्मलाई विद्वान्हरूले पूर्ण समाधि अवस्थामा (निश्चल चित्तमा) अनुभव गर्छन्।

+ *गीता ५।१०*
* *ऐ.श्लोकको शां.भाष्य*
÷ *वि.चूडामणि-४१०*

अस्मितादि क्लेश : अहंकार*(हेर्नू अहंकार)*बाट अस्मिता क्लेश जन्मन्छ। आफ्नो यथार्थ स्वरूपलाई (जसमा आनन्दघनता छ) बिर्सेर शरीर, अन्तःकरणसँग एक हुँदा या 'म अन्तरात्मा दृक् (आत्मा) हुँ' भन्ने भुलेर जीवले प्रकृतिजन्य रूपलाई आफू *(हेर्नू आफू)* मान्दा अस्मिता क्लेश जन्मन्छ। महर्षि पतञ्जली भन्छन्-दृक् शक्ति *(आत्मा)* र दर्शन शक्ति *(प्रकृति)* एकै भान हुनु अस्मिता हो।* पञ्चक्लेशमा अस्मिता एक हो भने अन्य चार हुन्-अविद्या *(हेर्नू अविद्या)*, अभिनिवेश *(हेर्नू अभिनिवेश)* राग र द्वेष। विराग या वैराग्यमा सुख छ भने रागमा दुःख छ। त्यसैगरी अरूको उन्नतिमा द्वेष गर्नु जानाजानी दुःखको दलदलमा फस्नुतूल्य हो।

अष्टधा प्रकृति : अपरा प्रकृति *(हेर्नू अपरा प्रकृति)*। जड प्रकृति पनि भनिन्छ। अष्टधा प्रकृतिका आठ भाग बताइएको छ-पञ्चमहाभूत-पृथ्वी, जल, अग्नि, वायु र आकाश (या पञ्चतन्मात्रा) एवं मन, बुद्धि र अहंकार (या महतत्त्व, प्रकृति, अहंकार)। यी आठ तत्त्वको समष्टि रूपलाई अष्टधा प्रकृति भनिएको हो। अष्टधा प्रकृति (अपरा प्रकृति) भन्दा जगत्लाई धारण गर्ने परा प्रकृति या चैतन्य शक्ति (क्षेत्रज्ञ) उत्तम या शुद्ध हो भनेर भगवान्ले अर्जुन*(हेर्नू अर्जुन)*लाई ज्ञान दिनुभएको छ।* सांख्य दर्शनमा परा प्रकृतिलाई पुरुष बताइएको छ।

अष्टमूर्ति : शिवको नाम। शिवका आठ मूतिको रूपमा यी नामलाई लिइन्छ-१.भव २.सर्व ३.रुद्र ४.पशुपति ५.उग्र ६.महादेव ७ भीम .ईशान *(हेर्नू ईशान) शिवमहिम्न स्तोत्र-२८*मा अष्टमूर्ति स्वरूप शिवका नाम बताइएका छन् -

भवःशर्वो रुद्रःपशुपतिरथोग्र सहमहाँ :
स्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम्।

---

* *योगसूत्र-२।६*

* *गीता-७।४-५*

भवको अर्थ जगत्को सृष्टिकर्ता हो । शर्व स्वरूप शंकरले भक्तलाई सुख दिनुहुन्छ । रुद्रको अर्थ दुष्टलाई रुवाउने हो । पशुपति जीवका स्वामी हुनुहुन्छ । शिवको उग्र-अग्नि जस्तो प्रचण्ड स्वरूप पनि देखिन्छ । दक्षप्रजापतिले यज्ञ गर्दा आफ्नो अपमान गरेको र सतीले आफूलाई अग्निकुण्डमा दाह गरेको घटनापछि उहाँले भीम रूप देखाउनु भयो । सम्पूर्ण प्राणीका शासकको रूपमा उहाँ ईशान हुनुहुन्छ । पञ्चमुखी शिव लिङ्गमा उर्ध्वमुख ईशान हो ।

शिव भूतपति हुनुहुन्छ त्यसैले पञ्च महाभूतहरू पृथ्वी, जल, तेज, वायु र आकाश अनि सूर्य, चन्द्र र जीवात्मा समेत गरी महादेवको आठ मूर्ति छन् ।

सूर्य र चन्द्रलाई शिवका दुई नेत्र बताइन्छ । त्यति मात्र होइन सूर्य र चन्द्रको दर्शन गर्दा तिनमा ज्योति दर्शन हुन्छ । शिवलिङ्ग ज्योतिर्लिङ्ग मानिन्छ । शिवको ईशानरूप सूर्य हो, त्यसैले आराधना गरिन्छ-ॐ ईशानाय सूर्यमूर्तये नमः । त्यसैगरी चन्द्रमामा महादेव भावना गरिएको मन्त्र छ- ॐ महादेवाय सोममूर्तये नमः । यसैगरी अग्निको उपासना हुन्छ शिवभाववाट ॐ रुद्राय अग्निमूर्तये नमः ।

जल त शिवलाई अति प्यारो लाग्छ-जलधाराप्रियो शिवः । धार्मिक विश्वास छ-डुब्न लागेको बखतमा जलरूप शिवसँग, गंगाधारी शिवसँग एक भएर प्राण छाड्दैछु भन्ने भावना गरेमा उसले शिवकृपाद्वारा सद्गति प्राप्त गर्छ । यसैगरी आकाश र पृथ्वी पनि शिवरूप हुन् । मन्त्र यस्तो छ (क्रमशः) ॐ भीमाय च आकाशमूर्तये नमः । ॐ सर्वाय पृथ्वीमूर्तये नमः । माटोबाट बनाइएको शिवलिङ्गको (जसलाई पार्थिव लिङ्ग भनिन्छ) पूजा गरे पनि शिव खुशी हुनुहुन्छ । माटो नपाइने बलौटे भूमिमा रहेको अवस्थामा भक्तले बालुवाको लिङ्ग समेत पूजा गर्न सक्छ । सीताद्वारा बनाइएको बलुवाको लिङ्गलाई रामले पूजा गर्नुभयो जुन रामेश्वर कहलायो ।

आत्मा शिवरूप हो । आत्मज्ञानका लागि शिवभक्तले शिवोऽहं भावना गर्छ । शंकराचार्य भन्छन्-आत्मा त्वं गिरिजा मति । (आत्मा शिव हुनुहुन्छ, पार्वती बुद्धि हुनुहुन्छ) । शिव सिद्ध वनेर पनि विचरण गर्नुहुन्छ र आत्मज्ञान दिनुहुन्छ ।

अष्टमूर्तिको अवधारणा परमात्माको सम्पूर्ण जगत्मा व्याप्ति देखाउनका लागि हो । 'जगत्को ईश्वर बुद्धिले सेवा गर्नु नै अष्टमूर्ति धारण गर्ने ईश्वरको वास्तविक पूजा हो ।'[⊠]

शंकरका शिव, शर्व र ईशान नाम *विष्णु सहस्रनाम*मा पनि पाइन्छन् । शर्वको *(वि.सह.१७।२६शां.भा.)* अर्थ हो-प्रलय कालमा उहाँले समस्त प्रजाको संहार गर्नु/गराउनु हुन्छ । विष्णुको नामको रूपमा शिव, शर्वको प्रयोग अभेदता देखाउनका लागि हो भन्ने शंकराचार्यको विचार छ ।[⊡]

अष्टावक्र : ब्रह्मज्ञानी बालक । यिनका पिताको नाम कहोड हो । अष्टावक्र आमाको गर्भमा रहँदा आर्थिक संकटद्वारा सताइएका कहोड धनार्जन गर्न मिथिला (जनकपुर) गएका थिए । अष्टावक्र जन्मेर हुर्कंदासम्म पनि पिता नफर्केकाले अष्टावक्र आफैं मामा श्वेतकेतुको साथमा जनकपुर गए । त्यहाँ राजा जनक(जनदेव)को दरबारमा विद्वानहरूसँगको शास्त्रार्थमा उनले भाग लिए ।[*]

कहोड राजदरबारका विद्वानसँगको शास्त्रार्थमा आचार्य बन्दीद्वारा पराजित भएका थिए तर ब्रह्मवेत्ता अष्टावक्रले आचार्य बन्दी लगायत विद्वानहरूलाई शास्त्र-चर्चामा पराजित गरी राजा जनकसँग पनि शास्त्रार्थ गरी बाबुलाई मुक्त गराएका थिए । अष्टावक्र त्यस समय बाह्र वर्षका थिए ।

⊠ *र.म.-उपदेशसार-५*

⊡ *वि.सह.शां.भा.-१७।२७ (शिव)*

* *महाभारत वनपर्व (तीर्थयात्रा पर्व) १३३ अध्याय*

आठ ठाउँमा बाङ्गिएकाले अष्टावक्र नाउँ रहेका ज्ञानीको विवाह महर्षि वदान्यकी सुन्दरी छोरीसँग भएको थियो र ईश्वरको कृपाले विवाहपछि उनको शरीर सोझिएको बताइएको छ । उनको शरीर आठ ठाउँमा बाङ्गिनुको कारण उनका पिताजीको क्रोध हो भनिन्छ । उनी आमाको गर्भमा रहँदाको कुरा हो । पिताले वेद पाठ गरिहेका थिए । पूर्वजन्मको संस्कारले गर्दा गर्भमा नै ज्ञानी भएका गर्भशशिुले बाबुलाई भन्यो-शास्त्र पढेर मात्र तपाई ज्ञानी बन्नुहुन्न । ज्ञान आफैं भित्र छ, खोजी गर्नुहोस् ।

नजन्मेको शिशुले उपदेश दिएकोले पितालाई रीस उठ्यो । उनले श्राप दिए-तँ जन्मँदा आठ ठाउँमा टेडोमेडो भएर जन्मेस् । शिशु जन्म्यो पिताकै श्राप बोकेर-आठ ठाउँमा बाङ्गो । त्यसैले शिशुको नाम रह्यो अष्टावक्र ।

अष्टावक्रको जीवनसँग सम्बन्धित अर्को कथा अनुसार उनी शास्त्रार्थमा भाग लिन जनकको दरबारमा पुग्दा उनको शारीरिक रूप देखेर विद्वानहरू हाँसे । उनले हाँसोको जवाफ दिए-तिमीहरू विद्वान्, ज्ञानी नभई छालामा दृष्टि भएका रहेछौ । एक जना कुरूप बालकद्वारा अपमानित भएको संझी उनीहरूले राजासँग गुनासो गरे । राजा जनकले सोधे-हे आगन्तुक ! तपाईले किन त्यसरी गाली गर्नु भयो ? अष्टावक्रले स्पष्टीकरण दिए-यो गाली होइन, यथार्थ हो । अन्नमय स्थूल शरीर छालाले मोडिएको छ । ज्ञानी विद्वान्हरूले ज्ञान दृष्टिले हेर्नु पर्छ जगत्लाई । चर्म चक्षुले हेर्नु ज्ञानीको काम होइन । यिनीहरूले यस शरीरको कुरूपता हेरेर हाँसे, त्यसैले मैले यिनीहरूलाई चर्मदृष्टियुक्त भनेको हुन् । यो शरीर टेडोमेडो छ, तर आत्मा टेडोमेडो कुरूप छैन । मन्दिर बाङ्गो हुँदैमा आकाश बाङ्गो हुन्न । नदी नागवेली हुन्छ तर पानी नागवेली हुन्न । बालकमा अद्भूत ज्ञान भएको थाहा पाएर राजा जनक अष्टावक्रको पाउ परे । उनले उचित सम्मानका साथ आसनमा राखे, अनि शास्त्रार्थ शुरु गराए । शास्त्रार्थमा

अष्टावक्रलाई हराउने कोही भएन । जनकले अष्टावक्रलाई गुरु मानेर उनीबाट ज्ञान लिए । सो ज्ञानोपदेश *अष्टावक्र गीता*को नामले प्रसिद्ध छ ।

यी दुई गुरु-शिष्यका सम्बन्धमा अर्को घटना पनि बताइन्छ । राजा जनकले शास्त्रमा कतै पढेछन्-ज्ञान प्राप्तिका लागि लामो समय लाग्दैन । घोडाको एक रिकापमा खुट्टा राखेको व्यक्तिले घोडामाथि चढेर अर्को रिकापमा खुट्टा राख्दा जति समय लाग्छ त्यति पनि समय लाग्दैन ज्ञान गर्न । जनकले विद्वान्हरूलाई बोलाएर त्यसरी अल्प अवधिमा ज्ञान गराउन अनुरोध गरे । त्यसो गर्न नसक्ने विद्वान्हरूलाई उनले थुनेर राखे । अष्टावक्रले यो घटना सुनेर राजालाई आत्मबोध गराउने इच्छा गरी राजदरबारमा पुगे । जनकले अष्टावक्र सामु क्षणमै ज्ञान गराउन पर्ने समस्या राखे । अष्टावक्रलाई थाहा भइसकेको थियो-जनक तीव्र मुमुक्षु हुन् । उनले घोडालाई साथमा लिएर जंगल तर्फ हिंड भने । एकान्त जंगलमा पुगेर अष्टावक्रले भने-एउटा रिकापमा पाउ राख । त्यसपछि उनले राजासँग सोधे-ज्ञानको लागि तिमी पात्र भैसक्यौ ? शुरुमा त राजा झस्के, पछि कुरा बुझेर उनले राजा हुँ भन्ने अहंकार समेत त्यागेर सम्पूर्ण रूपले अष्टावक्रलाई गुरु मानेर शरणागत भए । अष्टावक्रले जनक उत्तम पात्र भएको पाएर 'तत्त्वमसि' महावाक्य श्रवण गराए । उनको उपदेशले काम गऱ्यो । उनलाई ब्रह्म-बोध भयो । उनी समाधिमा तीन दिनसम्म रहे । अष्टावक्र पनि त्यहीं समाधिमा रहे । अधिकारीहरू आएर राजालाई बोलाएपछि अष्टावक्रले भने- राजा जनक ! तिमी ज्ञानी भैसक्यौ । अब ज्ञानीपूर्वक राजपाठ चलाउ ।*

अष्टावक्र गीता : ब्रह्मज्ञानी अष्टावक्रद्वारा मुमुक्षु एवं उत्तम अधिकारी *(हेर्नू उत्तम अधिकारी)* बनेका राजर्षि जनकलाई दिइएको ज्ञानलाई

---

* *नन्दलाल (व्याख्याकार)-* *अ गीता-भूमिका*

अष्टावक्र गीता भनिन्छ । यसमा अद्वैत वेदान्त *(हेर्नू अद्वैत वेदान्त)* सम्बन्धी ज्ञानामृत भएका २९८ श्लोकहरू छन् । यस ग्रन्थमा १२ प्रकरणमा २२० श्लोहरूद्वारा अष्टावक्र मुनिले उपदेश गरेका छन् भने ८ प्रकरणमा ७८ श्लोकद्वारा शिष्य जनकका प्रश्न र शंका समाधान भएको अवस्थाजन्य अनुभवको अभिव्यक्ति पाइन्छ ।*

यस गीतालाई पूर्वीय आध्यात्मिक चिन्तनको शिरोमणि ग्रन्थ भनिएको छ । यो अद्वैतपरक ग्रन्थ हो । औपनिषद् दर्शन यस गीतामा भरिएको छ । अष्टावक्र मुनि राजा जनकलाई संझाउँछन्-जस्तो मति हुन्छ त्यस्तै गति हुन्छ । जसले आफूलाई मुक्त आत्मा हुँ भन्ने कुरा जान्यो ऊ मुक्त नै छ । तर जसले आफूलाई बन्धनमा परेको स्वीकार गरेको छ, ऊ बन्धनमा नै रहेको हुन्छ *(१।११)* । म अहंकारी जीव हुँ भन्ने भ्रमलाई फाल । तिमीले आफूलाई कुटस्थ(अचल, स्थिर)बोधरूप, अद्वैत आत्मा हुँ भन्ने कुरा जान, मान *(१।१३)* ।

यस गीताको पहिलो प्रकरणमा ज्ञानी गुरुले यसरी संझाउँदा उत्तम अधिकारी जनकको अविद्या हट्छ । उनलाई आत्मज्ञान हुन्छ । उनी दोश्रो प्रकरणमा आफू प्रकृतिभन्दा पर निरञ्जन, शान्त, बोधस्वरूप पो रहेछु, अहिलेसम्म काल र मोहले ठगेर म दुःखी जीव बनेको रहेछु भन्दै आश्चर्य *(हेर्नू आश्चर्य)* व्यक्त गर्छन् *(२।१)* । त्यस पछि अष्टावक्र शिष्यलाई साँच्चिकै ज्ञान भएको हो कि होइन परीक्षा लिन्छन् । अनि जनकको ज्ञानको दृढताका लागि ब्रह्म, आत्मा, आत्मज्ञानी, मोक्ष र बन्धन, संसार विस्मरणबाट शान्ति, जीवन्मुक्त एवं ज्ञानीका लक्षण आदि विषयहरूमा प्रकाश पार्छन् । अठारौं प्रकरणमा ज्ञानोपदेश चरम बिन्दुमा पुग्छ । *अष्टावक्र गीता*को उन्नाइसौं र बीसौं प्रकरणमा ब्रह्मज्ञान प्राप्त गुरु प्रति कृतज्ञता व्यक्त गर्दै जनक भन्छन्-आत्मामा विश्रान्ति लिएको मलाई अब धर्म, अर्थ र कामको प्रसंगको पनि

---

* *प्रा.रिसाल-अ.गीता र जनक/जनक १।१।२०५७*

आवश्यकता छैन । योगका कथा पनि पुग्यो, विज्ञान कथा पनि चाहिएन-

अलं त्रिवर्गकथा योगस्य कथयाऽप्यलम् ।
अलं विज्ञानकथया विश्रान्तस्य ममात्मनि ॥ *(१९।८)*

आत्मज्ञानको उदय भएकाले शिष्यले द्वैत देखेनन् । गुरु पनि उनीदेखि अभिन्न छन्, एकात्मा *(हेर्नू एकात्मा)* भएका छन् । अभेद दर्शन *(हेर्नू अभेद दर्शन)* प्राप्त भएका जनक भन्छन्-उपाधिरहित शिवरूप मेरा लागि उपदेश खोई ? शास्त्र कहाँ छ ? शिष्य र गुरु कहाँ छन् ? कहाँ छ पुरुषार्थ ? *(२०।१३)*

यसरी ब्रह्मज्ञान गराउने यस गीतालाई महागीताको रूपमा लिइन्छ ।

अष्ट सिद्धि : मुख्य रूपले आठ प्रकारका सिद्धि *(हेर्नू अणिमादि सिद्धि)* बताइएका छन्-अणिमा, लघिमा, महिमा, गरिमा, प्राप्ति, प्राकाम्य, वशित्व र ईशित्व[*] *(हेर्नू ईशित्व)* । हनुमान्*(हेर्नू अञ्जनीपुत्र)*मा यी आठ प्रकारका सिद्धिहरू रहेको कुरा *रामायण*मा वर्णित उनको चरित्र एवं पराक्रमबाट बोध हुन्छ । *हनुमान् चालिसा*मा उनलाई 'अष्टसिद्धि निधिका दाता' भनेर स्तुति समेत गरिएको छ ।

अष्टाङ्ग योग : अष्टाङ्ग योग बारे लेख्ने महर्षि पतञ्जली हुन् । यिनको प्रसिद्ध ग्रन्थ हो *योगसूत्र* जसमा अष्टाङ्ग योगका बारेमा बिस्तारपूर्वक वर्णन गरिएको छ । चित्तवृत्ति निरोधमा योगले जोड दिन्छ । योग अनुसार चित्तको स्वच्छता भनेको मैत्री, करुणा, मुदिता, प्रसन्नता र उपेक्षा हुन् ।

योगका आठ अङ्ग (अष्टाङ्गयोग) बताइन्छ । ती हुन्-यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि ।

पात.योगसूत्रमा यी बारे चर्चा गरिएको पाइन्छ ।

१. यम - अहिंसा *(हेर्नू अहिंसा)*, सत्य, अस्तेय (चोरी नगर्नु) ब्रह्मचर्य र अपरिग्रह *(हेर्नू अपरिग्रह)*
२. नियम- शौच, सन्तोष, तप, स्वाध्याय, ईश्वर भक्ति *(हेर्नू ईश्वर)*।
३. आसन- स्थिर (निश्चल भई) वस्नु आसन *(हेर्नू आसन)* हो ।
४. प्राणायाम - श्वास, प्रश्वासको गति विच्छेद हुनु ।
५. प्रत्याहार - चित्त आफ्नो स्वरूपमा स्थित हुनु ।
६. धारणा- चित्तलाई कुनै स्थानमा बाँध्नु ।
७. ध्यान- धेय वस्तुमा चित्त एकाग्र हुनु ।
८. समाधि- चित्त समाहित (लय) हुनु ।

अहम् : अहमस्मि (म छु) भन्दा आफ्नो अस्तिता मात्रको बोध हुन्छ । यो अहम् अहंकार *(हेर्नू अहंकार)* भन्दा धेरै माथिको स्थिति हो । जब अहंकार नष्ट हुन्छ त सत् स्वरूप आत्मा कुनै कुराको अपेक्षा नगरिकन अहम् अहम् भन्दै प्रकट हुन्छ ।*

अहं ब्रह्मास्मि *(शुल्क यजुर्वेद. वृह. उप-१।४।१०)* यस महावाक्यमा प्रयुक्त, 'अहं' अहंकार होइन किनकि जीवात्माको वास्तविक स्थिति त ब्रह्म नै हो त्यसैले 'म ब्रह्म हुँ' भन्नु ज्ञान हो । ब्रह्मज्ञानी रमण महर्षि भन्छन्-'अहंकृतिलाई अहम् नसंझ । अहम् परम सत्य हो जबकि अहंकृति अहंकार मात्र हो । सत्यको साक्षात्कार गर्नका लागि पहिले अहंकृति माथि विजय प्राप्त गर्नुपर्छ । परम सत्य अप्रत्यक्ष हुन्छ । त्यो प्रत्यक्ष भएको प्रारम्भिक चिन्ह हो अहम्स्फुरण । सत्यको आदि नाम अहम् नै हो ।'☎

जाग्रत अवस्थाको 'अहम्' अशुद्ध हो तर दुई संकल्पहरूका बीचको 'अहम्' चाहिं शुद्ध हो । सुषुप्तिमा जगदादि नभएकोले त्यहाँ 'अहम्'

---

* *र.म. उपदेशसार-२०*

☎ *र.म. वातचीत*

आनन्दभुक बन्यो-आनन्दको भोक्ता तर सुषुप्तिमा अज्ञान रहेकोले खास लाभ भएन । त्यसैले त समाधिको आवश्यकता पऱ्यो । अन्तरालको अहम्-बोध क्षणिक समाधि हो । अहम्ले जब आकार लिन्छ त अहंकार बन्छ जुन दुःखको कारण हो । त्यसैले ज्ञानी गुरु मुमुक्षु चेलालाई उपदेश दिन्छन्-'अहम्' मात्र बोध गर । यस्तो, उस्तो हटाउ । नाम, रूपलाई त्याग । श्रुतिले भनेको छ-देहोनाऽहम् (म देह होइन ।) अहम् नै आत्मा हो, यस्तो, उस्तो अहंकार हो । शुद्ध अहम्मा (आत्मा) उपाधि थप्ने अहंकार हो । अहम्मा नाम रूप, त्रिदेवको परिकल्पना सबै कल्पित हुन्, उपाधि हुन् । त्यसैले भगवान्ले भन्नुभएको छ-

अहं ब्रह्मा च शर्वश्च जगतःकारणपरम् ।
आत्मेश्वर, उपद्रष्टा स्वयंदृग्विशेषण ॥ *(भाग. ४।७।५०)*

अर्थात् म नै ब्रह्मा, शिव र जगत्को कारण हुँ । (निर्गुण मान्छौं भने) म सबैको आत्मा, साक्षी, स्वयंप्रकाश र उपाधिशून्य हुँ । जीवात्माले पनि आफूलाई निर्गुण मान्छ र शुद्ध अहम्मा टिकेर रहन्छ भने भागत्याग लक्षणावृत्ति अनुसार जीवात्मा र परमात्माको एकता हुन्छ । गुरुको 'तत्त्वमसि' महावाक्यको उपदेशलाई शिष्यले 'अहं ब्रह्मस्मि'को अनुभूतिमा *(हेर्नू अनुभूति)* परिणत गर्छ ।

खप्तड स्वामी अहम्बाट ब्रह्म बोध गर्ने उपाय बताउँछन्-केवल 'अहमस्मि' अर्थात् म छुको मात्र अभ्यास एवं अनुभव गर । यस अभ्यासद्वारा साधकको अहम्शक्तिमा यति शक्ति आउँछ कि जुन वस्तु प्रति ममत्त्व गर्दछ, त्यो वस्तु उसैको हुन जान्छ र आफूलाई जुन आन्तरिक गुण वा धर्मले युक्त बनाउन चाहन्छ, ऊ त्यस्तै बन्न पुग्छ । त्यसपछि अहमस्मिबाट (म छु) अहम्लाई झिकिदिने हो भने अस्मि अर्थात् छुको बोध हुनासाथै सर्वनिरोधमा परमात्माको अस्ति अर्थात् छको अनुभव भएर परब्रह्म परमात्माको अस्तित्त्वको अपरोक्ष निश्चय हुन्छ ।

ध विज्ञान सार

आद्य जगद्गुरु शंकराचार्य अहम् परम तत्त्व हो, यसले स्थूल शरीरलाई व्यक्त गर्दैन भन्छन्-

अहंशब्देन विख्यात एक एवं स्थितःपरः।
स्थूलस्त्वनेकतां प्राप्त कथं स्याद्देहकःपुमान् ॥[७]

अर्थात् अहम् शब्दले प्रसिद्ध एकै परम् तत्वलाई जनाउँछ । त्यस्तो आत्मा अनेक रूपमा परिवर्तन भैरहने स्थूल शरीर कसरी हुन सक्ला ?

अहल्या : गौतम ऋषिकी पत्नी । पतिकै श्राप पाएर यिनी शिला (पत्थर)मा परिणत भएकी थिइन् । श्रीरामले चरणद्वारा स्पर्श गरी शिलाबाट नारीको रूपमा परिणत गर्नु भएपछि उनी सजीव भएकी थिइन् । अहल्या बेजोड तपस्विनी मानिन्छिन् । अहल्याको सौन्दर्य पनि दिव्य थियो । ब्रह्माजीले आफ्नो सृष्टिमा जसको जुन अंग सुन्दर छ तिनै सुन्दर अंगहरू मिलाएर सर्वाङ्ग सुन्दरी अहल्याको रचना गरेका थिए । यस्ती परम सुन्दरी कन्यालाई ब्रह्माजीको आज्ञा अनुसार उपदेश एवं शिक्षाका लागि गौतम ऋषिले आश्रममा एक वर्षसम्म राखे । उनले एक वर्ष पछि अहल्यालाई फर्काइ दिए-जस्ताको तस्तै । यस्ति सुन्दरीसँग एक वर्षसम्म रहँदा पनि उनको मनमा विकार आएको थिएन । यो कुरा बुझेर प्रजापति खुशी भए र गौतमसँगै बिहे गरिदिए ।

अहल्याको दिव्य सौन्दर्य बारे जानकारी पाएर इन्द्रले चन्द्रको सहायताबाट एकान्तको मौका छोपी नक्कली गौतम बनेर आश्रममा पसी अहल्याको सतित्व नष्ट गरिदिए । गंगास्नान गरी फर्कंदा गौतमले इन्द्रले धोका दिएर पत्नीको सतित्त्व नष्ट गरेको बुझेर सहस्र भग होस् भनि श्राप दिए र अहल्यालाई पत्थर बनाइदिए । अहल्याले पत्थर हुनु अघि अनुनय-विनय गरेपछि गोतमले भने-त्रेता युगमा श्रीरामको चरण

---

[७] *अपरोक्षानुभूति-३१*

स्पर्श पाएर तिम्रो उद्धार हुनेछ । विश्वामित्रले वनमा यज्ञहरू गरेर रहेका मुनिहरूलाई दुःख दिने ताडका, सुबाहु आदि राक्षसहरूको नाश गर्नका लागि अयोध्या दरबारबाट श्रीराम र लक्ष्मणलाई लिएर गएका थिए । मुनिहरूको कल्याणार्थ राक्षस विनाश कार्य सम्पन्न गरेपछि विश्वामित्रले ती दुई दाजु-भाइलाई सीता स्वयम्वरमा सरिक गराउन जनकपुर तर्फ लगे । बाटामा गौतमको कुटी पर्दथ्यो । विश्वामित्रले शिला बनेकी अहल्याको प्रसंग बताएर चरणस्पर्श गरी उनको उद्धार गर्न अनुरोध गरेपछि श्रीरामले शिलालाई पाउले छुने बित्तिकै अहल्या सजीव भइन् । उनले स्तुति गरिन्-हे राम ! तपाईं जगत्को आदि कारण हुनुहुन्छ र जगत्रूप तथा जगत्को आधार पनि हुनुहन्छ । तपाईं सबै भूतदेखि अलग एवं प्रकृतिदेखि पर पनि हुनुहन्छ । तपाईं प्रकाशस्वरूप हुनुहन्छ ।[*] तपस्विनी अहल्याले बोधपूर्वक श्रीरामको स्तुति गरिन्-

आकाशवत्त्वं सर्वत्र बहिरन्तर्गतोऽमलः ।
असङ्गोह्यचलोनित्यःशुद्धोःबुद्धःसदव्यद्वय ॥ *(ऐ.५६)*

हे राम ! तपाईं आकाश झैं सबको बाहिर र भित्र व्याप्त हुनुहुन्छ । तपाईं निर्मल, असंग, अचल, नित्य, शुद्ध, बुद्ध, (ज्ञानरूप) र अद्वय हुनुहन्छ ।

अहिंसा : हिंसा राहित्य । मन, वचन र कर्मले अरूको शारीरिक, मानसिक हानी, नोक्सानी नगर्नु अहिंसा हो । शास्त्रले अहिंसालाई परम धर्म मानेको छ ।

अहिंसा परमो धर्मो ह्यहिंसैव परंतपः ।
अहिंसा परमं दानमित्याहुर्मुनयाःसदा ॥ *(पद्मपुराण स्वर्ग.३१।२७)*

---

* *अ.रामायण-बा.का.५।५२*

अर्थात् अहिंसा परम धर्म हो । अहिंसा नै श्रेष्ठ तप हो । अहिंसालाई नै मुनिहरू श्रेष्ठ दान बताउँछन् ।

आध्यात्मिक उन्नतिका लागि अहिंसा अनिवार्य शर्त हो । यो दैवी सम्पत्तिहरू मध्ये एक हो । स्वामी रामसुखदास अहिंसा शब्दको *(गीता १६।२)* व्याख्याको क्रममा भन्छन्-'वास्तवमा सर्वथा अहिंसा तबै पालना हुन्छ जब मनुष्य संसार तर्फबाट विमुख भएर परमात्मा तर्फ बढ्छ । त्यस बेला ऊद्वारा अहिंसाको पालन स्वतः हुन्छ ।[□]

सन्त ज्ञानेश्वरका अनुसारका अनुसार मन, वचन र शरीरद्वारा जगत्लाई सुख दिने उद्देश्यबाट जुन कर्म गरिन्छ, त्यही अहिंसाको वास्तविक लक्षण हो ।[△]

*भागवत*मा प्रवुद्ध नामका योगेश्वरले मायाबाट तर्ने उपाय राजा निमिलाई बताउने क्रममा शौचदेखि समतासम्म नौ गुणहरूको विकास गर्नु पर्ने कुरा उल्लेख गर्दै मनसा, वाचा र कर्मणा अहिंसा अपनाउन पर्ने कुरा बताउँछन् *(११।३।२४)* । पुराणमा अहिंसालाई ठूलो धर्म बताइएको छ-

बौद्ध, जैन आदि धर्मले पनि अहिंसालाई धर्मको जग मानेका छन् ।

अहैतुकी कृपा : ईश्वर या गुरुबाट भक्तले प्राप्त गर्ने तर्कयुक्त कारणहीन अनुग्रह । अनुग्रहकर्ताले आफ्नो लागि नभै भक्त या साधकको कल्याणको लागि कृपा गर्ने भएका यसलाई अहैतुकी कृपा भनिएको हो । यस्तो कृपा पाउनका लागि भगवान्को निष्काम पूजन, उहाँको उपदेशको पूर्णरूपले पालन गर्न सक्नुपर्छ । यसैगरी गुरुको सेवा तथा उनको आज्ञा पालन गर्दा कृपापात्र बनिन्छ र ज्ञानप्राप्त साधक धन्य धन्य बन्छ ।

□ *ज्ञानेश्वरी गीता*

△ *ऐजन श्लोकमा ऐजन शब्दको व्याख्या*

भगवान् भक्तानुग्रह विग्रह हुनुहुन्छ । भक्त प्रति कृपा प्रदान गर्न उहाँ उसको भावना अनुसार सगुण या निर्गुण रूपमा प्रकट हुनुहुन्छ । यसमा भगवान्को कुनै स्वार्थ छैन । सबै प्राणीको हृदयमा परमात्मा बस्नु हुन्छ तर अनन्य भक्त नै उहाँको दर्शनको कृपापात्र बन्छ । परमात्मा प्राप्ति जस्तो ठूलो पुरुषार्थ अरू केही छैन भनेर जसले उहाँको भक्ति गर्छ उसले भगवान्को कृपा प्राप्त गर्छ । वास्तवमा जसले अहैतुकी भक्ति गर्छ उसले भगवान्को अहैतुकी कृपा पाउँछ ।

भगवान्को कृपा भौतिक र पारमार्थिक दुवै रूपमा भक्तलाई प्राप्त हुन सक्छ । मीरावाईलाई श्रीकृष्णले दर्शन दिनु, उनलाई उपदेश गर्नु पारमार्थिक कृपा हो भने उनलाई विषपान गर्दा पनि बचाइ दिनु भौतिक कृपा हो । श्रीकृष्ण *गीता*मा भन्नु हुन्छ-

अनन्याश्चिन्तयन्तो मां ये जनाःपर्युपासते ।

तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥°

अर्थात् जसले मेरो अनन्य भक्ति गर्छ, उपासना गर्छ त्यस्तो नित्य, निरन्तर भक्ति गर्ने भक्तका लागि म आवश्यक अप्राप्त वस्तु जुटाइ दिन्छु र प्राप्त वस्तुको रक्षा पनि गरिदिन्छु ।

*पदम्पुराण (उत्तर खण्ड)*मा एक भक्त आत्मविश्वासका साथ भन्छ- चन्द्रशेखरमाश्रये मम किं करिष्यति वैयमः अर्थात् भगवान् चन्द्रशेखरको शरणमा परेको मलाई यमराजले के गर्न सक्छ र ?

अहैतुकी भक्ति : निष्कारण एवं स्वतःस्फूर्त भक्ति । ज्ञानीजन या सर्वश्रेष्ठ भक्तहरू कुनै हेतु नराखीकन, कामनाहीन भएर भगवान्को ऐश्वर्यबाट आकर्षित भएर भक्ति गर्छन् । त्यसैलाई अहैतुकी भक्ति भनिन्छ । *नारद भक्तिसूत्र*मा भनिएको छ-निरोधरूपा त्यागमयी भक्ति कामना (हेतु) रहित हुन्छ । निरोध भनेको लौकिक एवं वैदिक

° *गीता ९।२२*

समस्त कर्मको त्याग हो *(सूत्र ७ र ८)*। *भागवत*मा ठाउँ ठाउँमा अहैतुकी भक्तिको चर्चा भएको छ। उदाहरणका लागि-

आत्मारामाश्च मुनयो निर्ग्रन्थ अप्युरूक्रमे।
कुर्वन्त्यहैतुकीं भक्ति मित्थम्भूतगुणो हरिः ॥ *(१।७।१०)*

शौनकजीले सूतजीसँग सोधे-श्रीशुकदेव स्वामी त अत्यन्त निवृत्तिपरायण छन्। उनलाई कुनै वस्तुको पनि अपेक्षा छैन। उनी सदा आत्मामा नै रमण गर्छन् भने किन उनले आफ्ना पिताश्री व्यासजीले लेखेको यो विशाल ग्रन्थको अध्ययन गरे ? यस प्रश्नको उत्तर दिंदै सूतजीले भने-जो ज्ञानी छन्, जसको अविद्याको ग्रन्थी भेदन भैसकेको छ, जो आत्मामा नै रमाउँछन् त्यस्ता महात्मा पनि हेतुरहित भक्ति गर्छन् किनभने भगवान्को गुण यति मधुर छ कि त्यसले सबैलाइ आफूतिर खिच्छ।

*भागवत*मै अहैतुकी भक्तिबाट हृदय आनन्दरूप परमात्मा प्राप्त गरेर कृतकृत्य हुने बताइएको छ (अहैतुक्यप्रतिहता ययाऽऽत्मा सम्प्रसीदति ॥ *१।२।६)*।

चैतन्य महाप्रभुको भगवान् प्रति अहैतुकी भक्ति देखिन्छ-

न धनं न जनं न सुन्दरीं कवितां वा जगदीश कामये।
मम जन्मनिजन्मनीश्वरे भवताद् भक्तिरहैतुकी तव ॥

अर्थात् हे जगदीश ! म धन, जन, सुन्दरी वा कविता केही चाहन्न, मेरो जन्म जन्मान्तरसम्म तपाईं प्रति अहैतुकी भक्ति लागोस्, यही चाहन्छु।

अहंकार : *गीता*मा अनेक ठाउँमा अहंकारको प्रसंग आएको छ। अहंकारयुक्त पुरुषलाई श्रीकृष्ण भगवान्ले अहंकार विमूढात्मा भन्नु भएको छ। (अहंकारविमूढात्मा कर्ताहमिति मन्यते ३।२७)

प्रकृतिको गुणद्वारा सम्पूर्ण कर्महरू सम्पादन हुन्छन् तर अहंकारद्वारा मोहित अन्तःकरण भएको अज्ञानी पुरुष चाहिँ आफूलाई कर्ता

सम्झन्छ । आफूलाई कर्ता माने पछि अहंकारी पुरुषले शुभाशुभ कर्मको फल भोग्नु पर्छ किनकि कर्ता नै भोक्ता बन्छ ।

अहंकार भन्नु र कर्तापन भन्नु एउटै कुरा हो । अहंकारपूर्वक गरिएको कर्मबाट कहिल्यै कर्तालाई कल्याण हुन्न किनकि सबै अनर्थहरू या जन्म-मरणको मूल कारण अहंकार नै हो । मैले केही गरिन भन्ने विवेक अपनाएमा अहंकारसँग सम्बन्ध रहँदैन अर्थात् प्रकृति मात्रसँग सम्बन्ध-विच्छेद हुन्छ । त्यसैले साधकले क्रियालाई महत्व नदिएर आफ्नो विवेकलाई महत्व देओस् ।*

अहंकार भनेको क्लेशहरूकी (अविद्या,अस्मिता,राग,द्वेष र अभिनिवेश) जननी हो । अहंकार नष्ट हुँदा पाँचै प्रकारका क्लेशहरू नष्ट हुन्छन् ।

अहंकारहीन व्यक्तिलाई शारीरिक र मानसिक पीडा प्रायः हुन्न । देहाध्यासको (अहंकार) कारणले सुख-दुःख बोध हुन्छ । शारीरिक पीडा केवल देह-चेतनाको कारणले हुन्छ । देह-चेतनाको अभावमा यसको अनुभव हुन्न ।*

*गीता*को अर्को एक ठाउँमा भनिएको छ-कर्ताको अहंकार नभएको एवं शुभाशुभ कर्ममा लिप्त नभएको व्यक्तिले गरेका विनाशबाट (युद्धमा) उ बाँधिदैन, मुक्त नै रहन्छ । यस्तो निरहंकारीले आफूलाई निमित्त मात्र मान्छ र ईश्वरले नै सबै कार्य गर्नु हुन्छ, गराउनु हुन्छ भन्ने कुरामा दृढ हुन्छ । *(१८।१७)*

अहंकारयुक्त, फलाशायुक्त, कर्ताको कर्मलाई राजस कर्म भनिएको छ र सात्विक कर्तामा फलको कामना हुँदैन, अहंकार हुँदैन, सिद्धि र असिद्धिमा समभाव हुन्छ, धैर्य र उत्साह हुन्छ *(गीता १८।२४ र १८।२६)* । यसबाट के सिद्ध हुन्छ भने अहंकारले मानिसलाई परमात्मादेखि टाढा पुऱ्याउँछ । त्यसलाई त्याग्न सकेको खण्डमा (जुन

---

* *स्वा. रामसुख-गीता-सा. सं. टीका ।*

* *र. म. बातचीत*

अति कठिन कार्य मानिन्छ) ऊ ईश्वरको नजिक पुग्छ, र ईश्वरको कृपा पाएर ऊ ज्ञानी बन्छ। जबसम्म अहंकारको अज्ञान छ तबसम्म ज्ञान हुन सक्तैन। *(भाग. ४।२४।४३, ५।५।१३)*।

आत्मालाई छाडेर अन्य कुनै कुरालाई मानसिक, बौद्धिक रूपले पक्रेर त्यसमा गर्व गर्नु अहंकार कहलाउँछ। जस्तो-म शरीर हुँ, म धनी हुँ। म विद्वान् हुँ, म मन्त्री हुँ आदि। अहंवृत्ति अहंकार हो। स्वरूपबोधक अहं *(हेर्नू अहं)* अहंकार होइन, परम् सत्य हो।

सृष्टिको क्रममा संवित्(आत्मा)बाट महत्तत्त्व (समष्टि बुद्धि), महत्बाट अहंकार, अहंकारबाट मन, मनबाट म र मेरो-अहं र इदं *(हेर्नू इदं)*को जन्म हुन्छ। त्यसपछि त्यो अंकुरित भएर बढ्छ। यसरी नै संवित्ले प्रकाश प्रक्षेपण गरेर (महत् सृष्टि गरी) अहंकारको रूपमा व्यक्त हुन्छ र यसले बिस्तार पाएर देह तथा ब्रह्माण्ड बन्छ।[०]

महत्तत्त्वबाट अहंकार जन्मेपछि तामस अहंकारबाट पञ्चतन्मात्रा र पञ्चमहाभूत, राजस अहंकारबाट इन्द्रियहरू र स्वात्त्विक अहंकारबाट इन्द्रिहरूका अधिष्ठाता एघार देवताहरू प्रकट भए। यसरी सृष्टिको प्रसंगमा अहंकारको भूमिका सिद्ध हुन्छ। तर ब्रह्मज्ञानका लागि अहंकारलाई त्याग्नै पर्छ। अहंकार त्याग बिना मनोनाश, वासनाक्षय हुन सक्तैन। अहंकार नरहे निर्विकल्प समाधिमा पुगिन्छ।

*विवेक चूडामणि*मा अहंकार निन्दा शीर्षक एक परिच्छेद नै रहेको छ। शंकराचार्यले यसमा अहंकारलाई चन्द्रमामा लाग्ने ग्रह(राहु)सँग, महाधनलाई घेरेर बसेको भयंकर सर्पसँग तथा खाना खाँदा गलामा अड्कने काँडासँग तुलना गरेका छन्। चन्द्रग्रहणको उपमा कवितात्मक छ-

अहंकार ग्रहान्मुक्तः स्वरूप मुपद्यते।
चन्द्रवद्विमलः पूर्णः सदानन्द स्वयंप्रभः॥ *(३०१)*

---

[०] *रमण महर्षि - ऐ.*

अर्थात् अहंकार रूपी ग्रह(राहु)द्वारा मुक्त भएपछि नै चन्द्र-आत्मा निर्मल, पूर्ण र नित्यानन्द रूपमा स्वयंप्रकाश आफ्नो स्वरूपमा चम्कन्छ (आत्म-साक्षात्कार हुन्छ) ।

अहंकार कहाँबाट आउँछ ? कसले जन्मायो यसलाई ? भनेर विचार गर्ने व्यक्तिको अहंकार हराउँछ । यही आत्मविचार हो । अहंकार नष्ट भएपछि परम, पूर्ण सत् स्वरूप आत्मा अहम्, अहम् भन्दै प्रकट हुन्छ ।*

अहंकार लगायत अन्तःकरणका मन, बुद्धि र चित्तको अधिभूत र अधिदैवको तालिका यस प्रकार छ-

अध्यात्म	अधिभूत	अधिदैव
अन्तःकरण	स्फूरण	विष्णु
मन	संकल्प विकल्प	चन्द्रमा
बुद्धि	निश्चय	ब्रह्मा
चित्त	चिन्तन	नारायण
अहंकार	अभिमान	रूद्र

(तत्त्वबोध)

अहंग्रह उपासना : अहंग्रह उपासनामा ॐकार *(हेर्नू ॐ)*, ब्रह्मज्ञान स्वरूपसित अभेदतापूर्वक ध्यान गरिन्छ । यसको फल साक्षात्कार हो । यहाँ जुन उपासना शब्द प्रयोग भएको छ त्यसको अर्थ ध्यान हो । भेदोपासनामा उपासकलाई ऐश्वर्य *(हेर्नू ऐश्वर्य)* प्राप्त हुन्छ तर अहंग्रह उपासना अभेदोपासना भएकोले वैश्वानर, हिरण्यगर्भ अथवा ईश्वरको प्राप्तिरूप फल प्राप्त हुन्छ । उपनिषद्हरूमा अहंग्रह र तटस्थ रूपले गरिने उपासना बारे बताइएको छ । उपास्यको अभेदरूपले चिन्तन गरिन्छ भने त्यो हो अहंग्रह उपासना । यो उपासना ज्ञानसँग सम्बन्धित छ । तर तटस्थ उपासनाको फल अदृश्यलाई उत्पन्न गराउनु हो ।⊠

---

* *र.म.-उपदेशसार-१९,२०*

⊠ *खप्.स्वामी-ध.विज्ञान-सार*

आ

आ : स्वर वर्णमा द्वितीय अक्षर । यसलाई कुण्डलिनी शक्तिको प्रतीक मानिएको छ । आ-मा तीनै देव रहन्छन् ।

आकारं परमाश्चर्यंशङ्खज्योतिर्मयं प्रिये ।
ब्रह्मा(विष्णु)मयं वर्ण तथा रुद्रमयं प्रिये ॥
पञ्चप्राणमयं वर्ण स्वयं परमकुण्डली ॥[1]

अर्थात् आ-परम आश्र्यजनक छ । यो शंख झैं ज्योतियुक्त छ । ब्रह्मा, विष्णु र रुद्र यसैमा छन् । यो पञ्च प्राणमय र स्वयं परम कुण्डलिनी शक्ति हो ।

*वर्णभिधानतन्त्र*मा आ (कार)लाई विजया, अनन्त, दीर्घच्छाया र विनायक बताइएको छ - आकारो विजयानन्तो दीर्घच्छायो विनायकः। [2]

आकार : ईश्वरलाई आकार सहित र निराकार भनेर वर्गीकरण गरिन्छ । त्यसैगरी ईश्वरलाई सगुण साकार र निर्गुण निराकार पनि भनिन्छ । गुणयुक्त, आकार सहितको हुन पनि सक्ने र निराकार, निर्गुण पनि हुन सक्ने ईश्वरको शास्त्रमा कर्तुं अकर्तुं अन्यथाकर्तुं समर्थ (गर्नसक्ने, नगर्ने या अन्यथा ढंगले गर्न सक्ने) भनेर परिभाषा दिइएको छ (*हेर्नू ईश्वर*) । त्यही सर्वशक्तिमत्ताको कारणले गर्दा ईश्वर मूर्ति, मन्दिरमा साकार भएका देखिन्छन् । मीरावाई, नरसी मेहता, रामकृष्ण परमहंस, नामदेव, एकनाथ (*हेर्नू एकनाथ*) आदिलाई सगुण, साकारं आराध्य देव

---

[1] *कामधेनुतन्त्र*

[2] *डा. पाण्डेय-हि. धर्मकोश.*

एवं देवीले दर्शन दिएर ज्ञानोपदेश दिएका प्रसंगहरू तिनका जीवनी पढ्दा बोध हुन्छ । तस्वीर, मूर्तिहरू ईश्वरका साकार रूपका प्रतीक हुन् । तिनको पूजा-आराधना गरिन्छ नै, तर ईश्वरको सर्वोतम स्वरूप आकारहीन छ, निर्गुण छ, गुणातीत छ भन्ने उल्लेख *योगवाशिष्ठको* ईश्वरोपाख्यानमा पाइन्छ । वशिष्ठले श्रीरामलाई शिव-पार्वतीले आफूलाई दर्शन दिदैं (शिवले) ज्ञान दिनु भएको चर्चा गर्दै भने - स्वयं शिवले ईश्वरको सर्वश्रेष्ठ स्वरूप विष्णु, शिव, इन्द्र, सूर्य आदि केही होइन, असली देवता अनादि, अनन्त, संवित हो, आकारवान र परिमित परिच्छिन्न होइन भन्नुभयो । शिवका अनुसार आकारको पूजा त उसको निम्ति मात्र हो जो शिवतत्त्व जान्दैन । परम कारण भगवान् सदाशिव प्रत्येक जीवका आत्मा हुनुहुन्छ । उहाँको पूजा गर्ने विधि आत्मबोध नै हो । फूल, धूप, दीप आदि वस्तुले भगवान्को पूजा गर्नु त खालि केटाकेटीको खेल जस्तै मात्र हो । ध्यानद्वारा नै आत्मदेवको पूजा हुन्छ ।[□]

जसरी ईश्वर साकार र निराकार हुन्छन् त्यसै गरी गायत्रीलाई साकार र निराकार मानिन्छ । जपयुक्त गायत्री साकार हो भने जपमुक्त गायत्री निराकार हो जसलाई अजया मन्त्र *(हेर्नू अजया मन्त्र)* पनि भनिन्छ । गायत्रीको जपबाट शरीरका कोष कोषमा विद्युत् शक्ति र ताप उत्पन्न हुन्छ । मानवले आफूमा दिव्य शक्तिको संचार भएको अनुभूति प्राप्त गर्छ ।[□]

आकाश : अवकाशरूप भएकोले पञ्चमहाभूत मध्ये माथिल्लो शब्द तन्मात्रायुक्त महाभूतलाई आकाश भनिन्छ । आकाशले अरू तत्त्वहरूलाई रहन स्थान दिन्छ- वायु, तेज, जल र पृथ्वीका साथै सूर्य चन्द्रादि नक्षत्रहरू सबै आकाशमा नै अटाउँछन् । आकाश निराकार छ,

---

पं.-दुर्गा प्रसाद-योगवाशिष्ठको विषयसार

□ *स्वा.विशुद्धदेव-चरित्रविज्ञान*

सूक्ष्म छ, व्यापक छ, असंग छ । यी गुणहरूले गर्दा आत्मालाई बुझाउन आकाशको उपमा दिने गरिन्छ । 'आकाश' शब्द जोडेर घटाकाश, मठाकाश, चिदाकाश, महाकाश, जलाकाश, हृदयाकाश (दहराकाश) आदि शब्दहरू बनेका छन् र ती शब्दहरू वेदान्त दर्शनमा प्रचलित छन् । *पञ्चदशीमा* भनिएको छ -

कूटस्थो ब्रह्म जीवेशावित्येवं चिच्चतुर्विधा ।
घटाकाशमहाकाशौ जलाकाशाभ्रखे यथा ॥[⊗]

अर्थात् घटाकाश, महाकाश, मेघाकाश जस्ता भेदद्वारा पनि एकै आकाशलाई जनाइन्छ । त्यसैगरी कूटस्थ, ब्रह्म, जीव, ईश जे भने पनि चैतन्य नै बोध हुन्छ । आत्मालाई बुझाउन आकाशको उपमा दिने शैली *गीता,अष्टाबक्र गीता,भागवत,* उपनिषद् आदि ग्रन्थहरूमा पनि भेटिन्छन् ।

आकाशमेकं हि यथा घटादिषु पृथग्भवेत् ।
तथात्मैकोऽप्यनेकेषु जलाधारेष्विवांशुमान् ॥

(ब्रह्मयाज्ञवल्क्य उपनिषद्)

एकै आकाश घट आदि उपाधिहरूबाट पृथक पृथक देखिन्छ, त्यसैगरी जल पात्रहरूमा प्रतिबिम्बित सूर्य झैं एकै आत्मा अनेक उपाधिहरूमा अनेक झैं देखिन्छन् । अवधूतका *(हेर्नू अवधूत)* चौबिस गुरुहरू मध्ये प्रथम दशमा तेस्रो आकाश हो । *(भाग.११।७।३३)*

अवधूत दत्तात्रेय आफ्ना शिष्यलाई आत्मा गगन झैं विशाल छ त्यो व्योम रूपको छ भनेर उपदेश दिदै संझाउछन्-म ज्ञानामृत, समरस र आकाश तुल्य छु (ज्ञानामृतं, समरसंगगनोपमोऽहम्) भन्ने भावना गर ।□

⊗ *विद्यारण्य् स्वामी -पञ्च चित्रदीप प्रक.-१८*

ब्रह्मसूत्रको एक सूत्र छ-आकाशस्तल्लिङ्गात्-(१।१।२२) शांकर भाष्यमा आकाश ब्रह्मवाचक भन्नु युक्तिसंगत छ भनेर लामो व्याख्या गरिएको छ। आकाशले आश्रय दिए झैं ब्रह्मले पनि आश्रय दिएको कुरा श्रुतिमा पाइन्छ।

सत्यकाम जावालको आश्रममा बाह्र वर्षसम्म ब्रह्मचर्यमा रही अग्नि सेवा गर्ने उपकोसललाई अग्निद्वारा ब्रह्मविद्याको उपदेश दिंदै भनियो- कं ब्रह्म, खं ब्रह्म।[✍] कं सुख हो र खं आकाश हो। आकाश रूपी ब्रह्मको बोध गर्न सुख को आर्वश्यकता पर्दछ। त्यसैले ती दुवैको नाम यहाँ लिइएको हो। त्यति मात्र होइन अभेदता पनि देखाइएको छ- जुन कं हो त्यही खं हो र जुन खं हो त्यही कं हो।

आकाश रूपी ब्रह्म ॐकार हो। आकाश सनातन छ (वृह. उप. ५।१।१)। यसरी यहाँ आकाशलाई ब्रह्मको रूपमा उपासना गरिएको छ। तर आकाश जड हो, आत्मा चेतन छ। आकाशको सृष्टि परमात्माले गरेका हुन्। प्रलयमा आकाश आफ्नो कारण अहंकारमा लिन हुन्छ। आकाश आत्मा झैं अज, नित्य, शाश्वत होइन यद्यपि आत्मा या ब्रह्मलाई बुझाउन वेदान्त शास्त्रहरूमा आकाशको उपमा प्रसिद्ध छ। शंकराचार्यलाई पनि आत्मबोधक आकाश शब्द मन पर्छ -

यथाकाशो ऋषिकेशो नानोपाधि गतो विभुः।
तद्भेदाद्भिन्नपदभाति तन्नासे सतिकेवलः ॥[✍]

अर्थात् जसरी सर्वव्यापक आकाश घट, मठ, जल उपाधिको कारणले भिन्न कहिन्छ (घटाकाश, मठाकाश, जलाकाश) त्यसैगरी सबैमा व्याप्त

☐ अव. गीताको तेश्रो अध्यायमा दृढताकालागि धेरैपल्ट आकाशको उपमायुक्त श्लोकांश दोहोराइएको छ।

✍ छान्दो. उप. ४।१०।४-५

सत्य पनि उपाधिले भिन्न देखिएको छ तर उपाधि नष्ट हुँदा एकै सत्य सावित हुन्छ ।

अवघूत आफ्ना शिष्यलाई आत्मा गगन झैं विशाल छ । त्यो व्योम रूपको छ भनेर उपदेश दिदैं सम्झाउँछन्-म ज्ञानामृत, समरस र आकाश तुल्य छु (ज्ञानामृतं, समरसं गगनोपऽमोहम्) भन्ने भावना गर ।[80]

आगम-शास्त्र : तान्त्रिक उपासनायुक्त शास्त्रलाई आगम भनिन्छ भने वेद निगम कहलाउँछ । आगमका दुई भाग छन्-

(क) बहिर्याग - स्नान, ध्यान, पूजा आदि ।

(ख) अन्तर्याग - मानसपूजा र योगोपासना ।

यस उपासनामा पृथ्वी तत्त्वको गन्ध, आकाश तत्त्वको पुष्प, वायुको धूप, तेजको दीप र जलको नैवेद्य कल्पना गरी (मानस रूपमा) इष्टदेवलाई चढाइन्छ ।

षड्चक्र-भेदन अन्तर्याग अन्तर्गत पर्छ । इडा *(हेर्नू इडा),* पिङ्गला र सुषुम्ना नाडी हुन् र छ सन्धिस्थल-षड्चक्र हुन् । सुषुम्ना नाडी कुण्डलिनी शक्ति जगाउने कार्यमा अति नै महत्वपूर्ण छ ।

आगम या शाक्त परम्परामा त्रिविध उपाय प्रसिद्ध छन्-पूजोपासना जसलाई माथि बहिर्याग भनियो । यसलाई साकारोपासना पनि भनिन्छ । त्यसपछि ध्यानोपासना प्रसिद्ध छ । तेस्रो उपासना हो योगोपासना । त्रिवध उपायलाई शाम्भवोपाय, शाक्तोपाय र आणवोपाय पनि भनिन्छ । शैवआगम अन्तर्गत *शिव-सूत्र* प्रसिद्ध ग्रन्थ हो । ध्यानोपासना अन्तर्गत शक्तिको स्वरूपको ध्यान गरिन्छ । यसमा भूतहरू भुवन तथा सम्पूर्ण ब्रह्माण्डमा संविद्देवी व्याप्त रहेक छिन्

---

[80] *अव.गीता तेश्रो अध्यायमा धेरैपल्ट आकाशको उपमायुक्त श्लोकांश दोहोराइएको छ ।*

भन्ने भावना गरेर ध्यान गरिन्छ । साकारोपासना अन्तर्गत मूर्ति, यन्त्र, चित्र, पुस्तक, कलश, लिङ्ग, प्रतिमा आदि वस्तुमा पूजा गरिन्छ । यस पूजामा गीत, नृत्य, वाद्यको प्रयोग पनि गरिन्छ र जप-पाठ आदि पनि पर्छन् ।

आगामी आदि कर्महरू : मानिसले मन, वचन र तनले गरेका क्रियाहरू जसबाट ऊ बाँधिन्छ तिनैलाई कर्म भनिन्छ । शास्त्रमा भनिएको छ - कर्मणा बध्यते जन्तु : । शास्त्रमा कर्मको गति अति गहन भएको पनि बताइएको छ । पूर्व जन्महरूमा गरिएका शुभ र अशुभ कर्महरूको फल पनि मानिसले नभोगी सुख छैन । जसरी हजारौं गाईहरू भए पनि बाछाले आफ्नी माउलाई सजिलैसँग चिन्छ त्यसरी नै कर्ताले आफूद्वारा पूर्व जन्महरूमा गरिएका कर्मको भोग नभोगी सुख छैन -

यथा धेनुसहस्रेषु वत्सो गच्छति मातरम् ।
तथा तच्च कृतं कर्म कर्तारमनुगच्छति ॥[1]

जन्मजन्मान्तरमा गरिएका कर्महरूको विभाग गर्दा तीन प्रकारको कर्म बताइन्छ-

क. आगामी कर्म (क्रियमाण कर्म)
ख. संचित कर्म
ग. प्रारब्ध कर्म

आगामी कर्म : यसै जन्ममा गरिएको कर्मलाई आगामी या क्रियमाण कर्म भनिएको छ । वर्तमानमा गरिएको कर्मको फल चाहिं आगामी कालमा मिल्ने भएकोले यसलाई आगामी कर्म भनियो । यस्ता कर्महरूले भोग भोगाएर नै छाड्छन् ।

---

[1] *चाणक्य नीति १३॥१५*

संचित कर्म : पूर्वजन्महरूमा या पहिले पहिलेका जन्ममा गरिएका कर्महरूका फल संचित भएर रहेका हुन्छन् र भोक्ताले भोग्ने वेला भए पछि ती प्रकट हुन्छन् । माण्डव्य ऋषिले उनान्सय जन्म पूर्व बाल्यकालको अबोध अवस्थामा आफूले काँडाले एउटा कीरालाई घोचेर मारेको फल भोग्नु परयो । उनी यस जन्ममा बेकसूर भए पनि चोरीको दोष लागेर शूलीमा चढनु पऱ्यो । यो संचित कर्म फलित भएको उदाहरण हो । तर अबोध बालकले गरेको अपराधमा अहिले शूलीमा चढनु पर्ने कठोर दण्ड मिलेकोमा यमराजको दण्डविधानलाई चुनौती दिएर ऋषिले यस मर्त्यलोकमा जन्म लिन परोस् भनेर यमलाई नै श्राप दिए । त्यही श्रापको कारणले गर्दा यमराजले विदुर बनेर प्रारब्ध भोग भोग्नु पऱ्यो भन्ने बताइन्छ ।

प्रारब्ध कर्म : संचित कर्महरू मध्ये फल दिन तयार भै कर्मफल अनुकूल माता, पिता, स्त्री, पुत्र, धन, विद्या, पद-प्रतिष्ठा आदि अनेक वस्तु मिल्छन् अनि त्यस जीवले ती वस्तु, व्यक्ति आदिसँग संयोग, वियोगजन्य सुख-दुःख आदिका अनुभव गरिरहनु पर्छ । यसैलाई प्रारब्ध कर्म-भोग भनिन्छ । अनादि कालदेखि जन्म जन्मान्तरमा संचित कर्म परिपाक भै फल दिनका लागि प्रारब्ध रूपमा तयार भएर जीवको अगाडि आउँछन् ।[⊙]

यी तीन कर्मलाई उपमाद्वारा मोटामोटी रूपमा बुझ्न सकिन्छ । किसानको नखोलेको भकारीको धान संचित कर्म हो भने खोलेर धान कुटी चामलको रूपमा प्रयोग गरिंदै आएको अनाज प्रारब्ध हो । यसै वर्षको वर्षा ऋतुमा खेतमा रोपिएको धान आगामी कर्म हो ।

श्रुति वचन छ-परमात्माको दर्शन (आत्म-साक्षात्कार) भएपछि हृदय ग्रन्थी फुक्छ, सबै शंकाहरू नष्ट हुन्छन् अनि सबै कर्महरूको पनि नाश हुन्छ-

---

⊙ *स्वा आत्मानन्द-कर्मको रहस्य*

भिद्यते हृदयग्रन्थिछिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्यकर्माणि तस्मिन्दृष्टे परावरे ॥ [१]

यहाँ कर्माणि शब्दको प्रयोग भएको छ जसको अर्थ हुन्छ-तीनै प्रकारका कर्महरू नष्ट हुन्छन् । श्रुतिका यस्ता वचन बारे *ब्रह्मसूत्रमा* स्पष्ट गरिएको पाइन्छ । *ब्रह्मसूत्रको* एक सूत्र छ-तदधिगमे उत्तरपूर्वाघयोर श्लेषविनाशौ तद्व्यपदेशात् *(४।१।१३)* । यसको अर्थ हो-परमात्मा प्राप्त भएपछि पहिले गरेका र पछि गरिने पापहरूको नाश र असम्पर्क हुनु । पापको भोग मात्र होइन पुण्यकर्मको पनि यसरी नै नाश र सम्बन्धराहित्य हुन्छ *(सूत्र ४।१।१४)* । यसबाट के सिद्ध हुन्छ भने ब्रह्मज्ञानीको संचित कर्म त नष्ट हुन्छ नै आगामी कर्मसँग पनि सम्बन्ध रहँदैन । ज्ञानीको प्रारब्ध कर्मको चाँहि कसरी नाश हुन्छ भन्ने जिज्ञासालाई यसरी समाधान गरिएको छ-भोगेन त्वितरे क्षपयित्वा सम्पते *(ऐ ४।१।१९)* । अर्थात् प्रारब्धरूप शुभाशुभ कर्मलाई भोगेर क्षीण गराई ज्ञानी जनले परमपद प्राप्त गर्छन् ।

आगामी कर्मसँग ज्ञानीको सम्बन्ध रहँदैन भने ती कर्मको फल कसले भोग्छ भन्ने प्रश्नको उत्तर पनि शास्त्रमा पाइन्छ-ज्ञानी पुरुषको सेवाशुश्रूषा गर्नेले पुण्य कर्मको फल भोग्छ र पाप कर्म चाहिं ज्ञानीको निन्दा गर्ने, तिनलाई दुःख दिनेले भोग्नु पर्छ । ज्ञान भए पछि ज्ञानीको संचित कर्म त नष्ट हुने नै भयो । अन्य कर्म पनि नष्ट भए सरह हुने भएकाले *गीतामा* ज्ञानाग्निःसर्वकर्माणि भस्मसात्कुरुते तथा *(४।३७)* भनिएको हो ।

आगामी कर्म शुभ र अशुभ भनी मोटामोटी रूपमा विभाजित गरिन्छ । यस्तो कर्मलाई फल-अंश र संस्कार-अंश भनेर पुनः विभाजन गर्न

---

[१] *मुण्ड. उप. २।२।८*

सकिन्छ । फलअंश पनि दुई प्रकारको हुन्छ-दृष्ट र अदृष्ट । दृष्टलाई तात्कालिक र कालान्तरिक अनि अदृष्टालाई लौकिक र पारलौकिक दुई भागमा विभाजन गरिन्छ ।

आगामी कर्मको संस्कार-अंश पनि दुई प्रकारको हुन्छ- शुद्ध र अशुद्ध । शास्त्र विहित कर्म गर्दा शुद्ध संस्कार बन्छ तर शास्त्र र लोक मर्यादा विपरित कार्य गर्दा अशुद्ध संस्कार बन्छ । आगामी कर्मको तालिका यस प्रकार छ -[१]



आगो: अग्रणी तथा अग्रसर भएर आत्मसात गर्ने भएकाले अग्नि भनिएको हो । आर्यहरूको विजय-अभियानमा आगोको ठूलो भूमिका रहेको छ। उनीहरूको परदेशको यात्रा तथा विजय यात्रामा पोलेर, पकाएर खाना खान, जंगली जनावरहरूबाट सुरक्षित हुन र शत्रुसँग लड्दा हतियारको रूपमा प्रयोग गर्न (अग्निवाण) र अग्निकुण्ड बनाएर यज्ञ गरी देवतालाई खुशी तुल्याउन प्रयोग हुने अग्नि प्रति आराध्य भाव हुनु स्वाभाविक छ । त्यसैले *ऋग्वेद*को पहिलो सूक्तको पहिलो मन्त्रको

---

[१] *स्वा. रामसुख-साधन सुधा सिन्धु (कर्म-रहस्य)*

थालनीमा अग्निमीडे पुरोहित भनिएको छ। *सामवेदमा* पनि शुरुको मन्त्र अग्न आयाहिबाट थालनीं भएको छ

आर्यहरूले आगोको श्रद्धापूर्वक पूजा गर्नुको तात्पर्य आगोको उत्पत्ति सम्बन्धी सिद्धान्तसँग पनि सम्बन्धित छ। *ऋग्वेदमा* चन्द्रमा विराट पुरुषको मनबाट, सूर्य उनको आँखाबाट तथा मुखबाट इन्द्र र अग्नि एवं प्राणबाट बायुको उत्पत्ति भयो भन्ने मन्त्र पाइन्छ।

ॐ चन्द्रमा मनसोजातश्चक्षोःसूर्योऽअजायत

मुखादिन्द्रचाग्निश्च प्राणद्वायुरजायत।[◊]

श्रुति, स्मुतिमा आगो भौतिक वस्तु नभई देवताको रूपमा पुजित भएको पाइन्छ। अग्नि, वायु र सूर्यले तपस्या गरेर तीन वेद प्राप्त गरे *(शतपथ ब्राह्मण ११।५।२०।३ र मनुस्मृति १।२३)*। अग्नि, वायु, आदित्य तथा अंगिरा ऋषिले वैदिक ज्ञान प्राप्त गरी मानव कल्याणार्थ वेदको प्रचार गरे भन्ने विश्वास गरिन्छ। प्रथम मण्डलका ऋषि शतर्चिन हुन् भने देवता अग्नि र इन्द्र हुन्। अग्नि देवता यज्ञ कर्ममा प्रमुख मानिन्छन्। उनी गृहपतिको रूपमा पनि पुज्य छन्। मनुष्य र देवताका वीच सम्बन्ध कायम गर्ने दूत पनि भनिएको छ।

योगी अरविन्दको भनाइमा वैदिक देवताहरू मानवीय शक्तिका प्रतीक हुन्। इन्द्र दिव्य हुन् भने अग्नि दृढ इच्छा शक्तिका प्रतीक। वैदिक देवताहरूमा इन्द्र पछि अग्निले प्रमुखता पाएका छन्। *ऋग्वेदमा* अग्नि सम्बन्धी सूत्रहरू करीव २०० रहेका छन्। अग्निलाई घृतमुख, घृतकेश भनेर सम्बोधन गरिएको छ। आगोको भोजन दाउरा या घीउ हो। आगोलाई हविष्य खाने मुख (देवताहरूको) पनि भनिएको छ। ज्वाला उर्ध्वगामी हुनु मनुष्यलाई उँभो लाग्न संकेत हो। *(हेर्नु अग्नि)*

◊ *ऋ वेद १०।९० अध्याय र कृष्ण यजु:पुरुषसूक्त*

उपनिषद्हरूमा आगोलाई 'जातवेद' विशेषण दिइएको छ-जन्मने बित्तिकै (झिल्कामै) दाहकत्वको ज्ञान गराउने । क्रोधसँग आगो मिल्दा क्रोधाग्नि बन्छ भने ज्ञानसँग आगो मिल्दा ज्ञानाग्नि हुन्छ । आगोले अन्धकारलाई नष्ट गर्छ, ज्ञानले अज्ञान हटाउँछ, त्यसैले ज्ञानाग्नि भनियो । आगोका अनेकौं नाम छन्-भूताग्नि, जठराग्नि, आवाहनाग्नि, चिताग्नि आदि ।

आचारः चार वर्णको धर्म आचार हो । आचार सबै तपस्याको मूल हो ।[1] शास्त्रकारहरूले आचारप्रभवो धर्मः भनेका छन् । अहिंसा परम धर्म हो भन्ने नीति पनि आचार अन्तर्गत नै पर्छ । धर्मका तीन श्रोत मध्ये आचार एक हो । अन्य दुई हुन् । श्रुति र स्मृति । *गीता*मा भगवान् श्रीकृष्णले प्रिय भक्त अर्जुनलाई आसक्ति-रहित भएर कर्म गर ताकि चित्त शुद्ध भै मोक्षरूप परमपद प्राप्त होस् *(३।१९)* भनेर आचार सिकाउनु भएको छ । *गीता*को प्रथम षटक् आचारप्रधान छ । भोगवादी, शरीरलाई नै आत्मा मान्ने सभ्यताले आचार विचार, विवेकलाई जान्दैनं, मान्दैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ-

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥[2]

आसुरी स्वभावका मानिसहरू केमा प्रवृत्त हुने र केबाट निवृत्त हुने जान्दैनन् । त्यति मात्र होइन तिनमा न शैच (शुद्धि), न आचार, न सत्य नै हुन्छं अर्थात् ती अशुद्ध, दुराचारी र मिथ्यावादी हुन्छन् ।

लोक कल्याणकारी धर्मका तीन अंग हुन् आचार, व्यवहार र प्रायश्चित । ब्रह्मज्ञानी याज्ञबल्क्यले आचार अन्तर्गत यी विषय समाबेश गरेका छन्-

---

[1] *मनु.१।७ र १।१०*
[2] *गीता १६।७*

१ संस्कार २. वेदपाठी ब्रह्मचारीहरूको चारित्रिक नियम ३. विवाह एव पत्नीको कर्तव्य ४. ब्राह्मण गृहपतिको कर्तव्य ५ विद्यार्थी जीवन समाप्ति पछिका पालनीय नियम ६. विधिसंमत भजन र निषिद्ध भोजनको नियम ७. वस्तुहरूको धार्मिक पवित्रता ८. श्राद्ध ९. गणेश पूजा १०. गृहशान्तिका नियम ११. राजाको कर्तव्य आदि ।

स्मृतिग्रन्थमा आचारलाई तीन भागमा बाँडिएको पाइन्छ-क.जातिको आचार ख.कुलको आचार ग.देशाचार । व्यवहारमा सम्यक् आचारलाई सदाचार भनिन्छ र अरुलाई हिंसा गर्ने, पीडा पुऱ्याउने आचारलाई अत्याचार भनेर घृणा गरिन्छ । साधक सदाचारी हुन्छ, धर्मचारी हुन्छ। आचार विचारहीन व्यक्ति आत्मप्राप्तिको लक्षण पुग्न सक्तैन ।

आचार्यः आध्यात्मिक गुरु जसले उपनयन तथा वेदको शिक्षा दिन्छन् आचार्य हुन् । श्रुतिमा आचार्यवान् पुरुषवेद (आचार्यबाट उपदेश प्राप्त गर्ने व्यक्तिले नै सत्यलाई जान्दछ भनिएको छ । *छान्दोग्य उपनिषद्*मा आफ्ना छोरा श्वेतकेतुलाई ज्ञानोपदेश दिने क्रममा उद्दालक आरुणी आचार्यको महत्व बताउदै भन्छन्-कुनै व्यक्तिलाई आँखामा पट्टी लगाएर गान्धार(देश)मा लगेर छाडियो र उसले चिच्याएर बन्धन खोल्न अनुरोध गऱ्यो भने पट्टी खोलिदिने मानिसले भन्छ-गान्धार देश यतै पर्छ । बन्धन मुक्त हुने व्यक्तिले जति जति गाउँ घुम्दै जान्छ उति उति विभिन्न ठाउँ हुँदै गान्धार राजधानीमा नै पुग्छ । त्यस्तै प्रकारले अज्ञानमा रुमलिएको व्यक्तिले आचार्यलाई फेला पाऱ्यो भने सत्यस्वरूप आत्माको बोध गर्छ । उसका लागि मुक्ति-प्राप्तिमा त्यति नै समय विलम्ब हुन्छ जति समयसम्म उसले देहाध्यासलाई त्याग्दैन ।

गुरु विभिन्न तहका हुन्छन् । जस्तो-उपाध्याय, प्राध्यापक, आचार्य आदि । *मनुस्मृतिमा* उपाध्याय भन्दा १० गुना श्रेष्ठ आचार्य र आचार्यभन्दा १०० गुना श्रेष्ठ पिता हुन् भनिएको छ। तर वेद बढाउने

आचार्य चाहिं जन्म दिने पिताभन्दा श्रेष्ठ हुन् भन्ने वताइएको छ। * मनु त के पनि भन्छन् भने वेदको शिक्षा दिने आचार्य वास्तवमा पिता हुन्-वेदप्रदानादाचार्य पितरं परिचक्षते।*

आजानः देव लोकको विशेष स्थानको नाम आजान हो। स्मृतिमा प्रतिपादित कुनै पुण्य कर्मको कारण आजान लोकमा जन्मेको आजान कहलाउँछन्। आजानज देवको भन्दा १०० गुना आनन्द वेदोक्त कर्म सम्पादन गरी देवलोक प्राप्त गर्ने कर्म-देवतालाई प्राप्त हुन्छ।◈

आज्ञाचक्र आदि षड्चक्र : भृकुटीको बीचमा आज्ञाचक्र रहन्छ जसको मनसँग सम्वन्ध छ। यसभन्दा माथि सहस्रार छ जहाँ तलदेखि उर्ध्व रूपमा प्रवाहित भएको प्राण-शक्ति (जीवन-विद्युत) संकलित भै स्नायुतन्त्रमा प्रवाहित हुनपुग्छ। योगीहरूले योगाभ्यासद्वारा यही शक्तिलाई (कुण्डलिनी) जाग्रत या केन्द्रित गर्दै वाह्य र आन्तरिक अंगहरूलाई पूर्ण विश्राम प्रदान गर्छन्। यसबाट समाधिलाभ हुन्छ।

प्राण-शक्तिको प्रवाह सुषुम्णाबाट माथि प्रवाहित हुँदै ब्रह्मरन्ध्रमा पुगेपछि मात्र समाधि अवस्थामा पुग्न सकिन्छ। यो योग समाधिको प्रक्रिया हो। कुण्डलिनी शक्तिको आरोहण गुदाको नजिक रहेको मूलाधार शीर्षक पृथ्वी तत्त्वको चक्रबाट शुरु हुन्छ। त्यसपछि त्यो शक्ति मूलधार चक्रको भेदन गर्दै उपस्थ नजिकैको स्वाधिष्ठान-जलतत्त्वको चक्रमा पुग्छ। त्यसभन्दा माथि नाभिको नजिक मणिपुर-अग्नि तत्त्वको चक्र छ। हृदयमा अनाहत वायु तत्त्वको चक्र रहन्छ। ग्रीवामा विशुद्ध भनिने आकाश तत्त्वको चक्र छ र त्यसभन्दा माथि

---

* मनु. २/१४५-४६
* २/१७१
◈ तैत्ति. उप. आ. वल्ली-८

आज्ञाचक्र रहन्छ । त्यस भन्दामाथि सहस्रार छ । प्राण-शक्तिको प्रवाह हुनाले शक्ति छ वटै चक्रहरूलाई छेड्दै सहस्रारमा चढ्छ ।[ᴣ]

परमहंस योगानन्द प्राण-शक्तिलाई मस्तिष्कका संवेदी र चालक तन्त्रिकाहरूमा प्रवाहित गर्नमा ध्यान सक्रिय कारण हो भन्छन् । उनी प्राण-शक्तिको प्रसंगमा विजुलीको उदाहरण प्रस्तुत गर्दै भन्छन्- मस्तिष्क सर्वोच्च विद्युतघर हो । सबै केन्द्रहरू एक अर्काका साथ सम्बन्धित छन् र सर्वोच्च केन्द्रको प्रभाव अन्तर्गत ती कार्यशील हुन्छन् ।[◈] विजुली नबालेर अन्धकारमा कार्य गर्न सकिन्न र काम नहुने ठाउँमा विजुली बालेर उर्जा खेर फाल्नु उचित छैन । त्यसैगरी योगीले प्राणशक्ति जाग्रत गरेर परमात्मा प्राप्त गर्न चाहन्छ । यस शक्तिको सर्वोच्च अभिव्यक्ति समाधि हो ।

षड्चक्रको उर्ध्वगमन क्रम-

● → ● → ● → ● → ● → ● →

मूलाधार च. स्वाधिष्ठान च. मणिपुर च. अनाहत च. विशुद्ध च. आज्ञा च. सहस्रार

आणवः अज्ञान, जीवात्माको बन्धन जसबाट उ संसारमा फस्छ । शैव आगममा पशुपतिको प्रसंगमा भनिएको छ-पाशले बाँधिएको 'पशु' हो जसलाई जीवात्मा पनि भनिन्छ । शिवले पासो फुकाएर जीवको उद्धार गरिदिनु हुन्छ । त्यसैले उहाँ पशुपति कहलाउनु भएको छ । पाश तीन प्रकारको बताइन्छ -

क.आणव (अज्ञान) ख.कर्म (क्रियाफल) ग.माया (दृश्य जगत्को जन्जाल)[Φ]

ज्ञान हटाउने उपायलाई आणवोपाय भनिन्छ ।

ᴣ *खप्. स्वामी-ध.विज्ञान-तृतीय खण्ड*

◈ *धर्मविज्ञान*

Φ *डा. पाण्डेय-हि. धर्मकोश*

आतिवाहिक शरीर : स्थूल शरीरदेखि भिन्न सूक्ष्म आतिवाहिक शरीर पनि छ। यस शरीरले मृत्यु पछि धर्म, अधर्मको फल सुख-दुःख भोग गर्न परलोक, मर्त्यलोकको आवागमन गरिरहन्छ। ज्ञानीको स्थूल शरीर नष्ट भएपछि सूक्ष्म शरीर किंवा आतिवाहिक शरीर पनि नष्ट हुन्छ। घट फुटे पछि घटाकाश महाकाशै बने झैं ब्रह्मबोध गरेका ज्ञानी ब्रह्मस्वरूपमै रहन्छ। तिनको स्थूल शरीर, आतिवाहिक शरीर र कारण शरीर सबै नष्ट हुन्छन्। ज्ञानीमा यी शरीर आरोपित मात्र हुन् किनकि उनमा शरीराध्यास रहँदैन। ठूल-ठूला योगीहरू स्थूल शरीरलाई कतै सुरक्षित राखेर आतिवाहिक शरीरको माध्यमबाट देश-देशान्तर भ्रमण गर्न गएको प्रसंग तिनका जीवनीबाट बोध हुन्छ। जस्तो शंकराचार्यले स्थूल शरीर कतै लुकाएर राजाको मृत शरीरमा प्रवेश गरी जीवित भै राजदरवारमा रानीसँग भोग पछि काम-शास्त्रको ज्ञानद्वारा काम-शास्त्रका सम्बन्धमा प्रश्न गर्ने मण्डंन मिश्रकी धर्मपत्नी उभय भारतीलाई शास्त्रार्थमा पराजित गरेको प्रसंग। एकभन्दा बढी शरीरमा आविर्भूत हुन सक्ने सिद्धि(योग शक्ति)को पतञ्जलीले पनि *योगसूत्र*मा उल्लेख गरेका छन्। एकैचोटि बेग्ला बेग्लै स्थानमा प्रकट भएको घटना युग-युगान्तदेखि अनेक साधुसन्तको जीवनमा घटित भैरहेको छ।*

योगानन्दले आत्मजीवनीमा आतिवाहिक शरीरलाई सूक्ष्म आतिवाहिक शरीर भनेका छन्। स्थूल देहको त्याग पछि पनि प्रकट भएका गुरु युक्तेश्वरसँग भेट र कुराकानीमा आधारित 'श्रीयुक्तेश्वरजीका पुनरुत्थान' शीर्षक परिच्छेदमा सूक्ष्म आतिवाहिक शरीर र सूक्ष्म जगत्का बारेमा विस्तृत चर्चा गरिएको छ।

आतुर संन्यास : घोर संकट परेको वखतमा या असाध्य रोगद्वारा प्राणको संकट परेको अवस्थामा लिइने संन्यासलाई आतुर संन्यास भनिन्छ। *महाभारत*मा यस प्रकारको संन्यासको चर्चा भएको छ-

---

* *परमहंस योगानन्द-एक योगीको आत्मकथा (द्विशरीरी साधु-पाद टिप्पणी)*

उत्पन्ने सङ्कटे घोरे चौरव्याघ्रादिसङ्कटे ।
भयभीतस्य सन्यासमङ्गिरा मुनिरब्रवीत् ॥
आतुराणां च संन्यासे न विधिर्नैव च क्रिया ।
प्रैषमात्रं समुच्चार्य संन्यास तत्र कारयेत् ॥

अर्थात् चोर, बाघ आदिबाट या अन्य कारणबाट प्राणको संकट परेमा आतुर संन्यास ग्रहण गर्न सक्ने कुरा अंगिरा मुनिद्वारा बताइएको छ। यस्तो संन्यास ग्रहणगर्दा विशेष क्रिया या विधिको आवश्यकता पर्दैन। केवल प्रैष अर्थात् संन्यास ग्रहण गर्दा लिइने विशेष मन्त्र उच्चारण गराएर दिन सकिन्छ ।

आत्मकृपाः आत्म-कल्याण या श्रेयमार्ग चयन । *गीता*मा उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् (गर्नु उद्धार आफैँले आफूलाई नगाडनू-६।५) भनी आत्म-कल्याणका लागि आफैँले प्रयास गर्नु पर्ने उपदेश भगवान् श्रीकृष्णले अर्जुनलाई दिनुभएको छ । वास्तवमा संसारको निस्सारता बुझेर, भोगको दुःख महशूस गरी, विरक्त भै सत्संगमा लाग्नु, आफूले आफैँलाई उद्धारको मार्गमा लगाउनु हो। यो आत्मकृपा हो । यति मात्र पर्याप्त छैन । सत्संगमा रमाई, गुरु प्रति श्रद्धा राख्दै, शास्त्र-वचनमा विश्वास गर्दै संसारको बन्धनबाट मुक्त हुने तीब्र चाहना भयो भने त्यस्ता मुमुक्षु प्रति शास्त्रकृपा र गुरुकृपा हुन्छ । सन्तहरूले गुरु विना ज्ञान हुन सक्तैन भनेका छन् । सत्संगमा डुबेर, मलदोष धोएर चित्तलाई सफा पार्नुपर्छ। त्यसपछि भगवद्कथा, लीला-कथा आदिको श्रवण र अध्ययनमा समय बिताउन थालेपछि शास्त्रकृपा भै भक्ति प्रवल हुन जान्छ र विक्षेप दोष नष्ट हुन्छ । त्यसपछि आवरण दोष (अज्ञान) हटाउन गुरुकृपाको दरकार पर्छ । आत्मकृपा नगर्ने व्यक्ति बाँचिरहे पनि आत्महत्यारा हो भन्ने शास्त्रवचन छ -

नृदेहमाद्यं सुलभं सुदुर्लभं
प्लवं सुकल्पं गुरुकर्णधारम् ।
मयानुकूलेन नभस्वतेरितं
पुमान् भवाब्धिं न तरेत् स आत्महा ॥*

अर्थात् नरदेह पाउन दुर्लभ भए पनि यस जन्ममा प्राप्त भएको, त्यति मात्र होइन गुरु नै माझी भएको नरदेहरूप सुदृढ डुङ्गा मिलेको बखतमा तथा अनुकूल वायु भगवान् बनेर भवसागर तार्ने परिस्थिति हुँदा पनि सो सागर नतर्ने व्यक्ति आत्मघाती नै हो ।

आत्मज्ञान : आत्मसाक्षात्कार । मनोनाश, वासनाक्षयपूर्वक तत्त्व साक्षात्कार । ज्ञान प्राप्त गरेपछि अर्जुनले आफूलाई ब्रह्मज्ञान दिने गुरु श्रीकृष्णलाई निवेदन गरे-"तपाईंको कृपाले प्रभु ! मलाई ज्ञान भयो, मेरो मोह नष्ट भयो । अब म तपाईंको आज्ञा पालन गर्छु ।" (नष्टो मोहः स्मृतिर्लब्धा....*(गीता १८।७३)* । अर्जुन झैं उत्तम अधिकारी बनेका राजा परीक्षितले भगवान् श्रीकृष्णका दिव्य कथा, लीला लगायत भक्ति र ज्ञान भरिएको अपूर्व ग्रन्थ *भागवत* श्रवण गरे । यसरी श्रद्धा-भक्तिपूर्वक श्रवण गर्दा-गर्दै *भागवत* सप्ताह अनुष्ठानको अन्तिम दिनमा उनलाई ज्ञान भयो र उनले आफ्ना गुरु शुकदेव स्वामीलाई भने-

अज्ञानं च निरस्तं मे ज्ञानविज्ञाननिष्ठया ।
भवता दर्शितं क्षेमं परं भगवतःपदम् ॥ *(१२।६।७)*

अर्थात् तपाईंको उपदेश सुनेर ज्ञान र विज्ञानमा निष्ठा भै मेरो अज्ञान नष्ट भयो । तपाईंले भगवान्को परम कल्याणमय स्वरूपको मलाई साक्षात्कार गराईदिनुभयो ।

---

* *भाग.११।२०।१७*

तपस्यामा लीन आफ्ना पिताजीलाई मरेको सर्पको माला लगाइदिएको अपराधको दण्ड दिन ऋषिकुमारले राजा परीक्षितलाई श्राप दिएका थिए-'आजको सात दिनमा तक्षक सर्पले डसेर मरेस् !' मृत्यु-भयद्वारा पीडित राजाले ब्रह्मज्ञानी शुकदेव स्वामीबाट *भागवत* सुनेका थिए। सुन्दा-सुन्दै उनलाई ज्ञान भयो। मृत्यु-भ्यबाट मुक्त भए उनी। आफू त नजन्मने, नमर्ने आत्मा पो रहेछु, जन्मने-मर्ने त शरीर पो रहेछ भन्ने बोध भयो। गुरु बिना ज्ञान हुन्न भन्ने कुरा सबै ग्रन्थले बताएका छन्। गुरुको उपदेशलाई पूर्णरूपले स्वीकार गरी मोह त्याग गरेकाले अर्जुन र परीक्षितलाई ज्ञान भएको हो।

आत्मनिवेदन : नवधा भक्तिमा नवौं भक्ति आत्मनिवेदन हो। नबधा भक्ति हुन्-

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम्।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम्॥

(भाग ७।५।२३)

नवधा भक्तिमा अन्तिम भए पनि अत्यन्त महत्वपूर्ण भक्ति हो आत्मनिवेदन। माथिल्लो तहको भक्तले मात्र यस्तो भक्ति गर्न सक्छ। आत्मनिवेदनको अर्थ हो-भगवान्को चरणमा आफूलाई पूर्णरूपले समपर्ण गर्नु। गोपिनी, बालगोपाल, मीराबाई आदिले आफूलाई श्रीकृष्णमा शरीर, मन, वचन अर्थात् सम्पूर्ण रूपमा सुम्पे। खप्तड-बाबाले यस प्रकारको भक्तिलाई प्रपत्ति भन्नु भएको छ।+

जसले भगवान्को चरणमा आफूलाई पूर्णरूपेण समर्पण गर्छ उसले शास्त्रवचनलाई, साधुसन्तहरूका वचनलाई परमात्माकै वचन मानेर चल्छ। उसमा अहंकार छैन, अभिमान छैन। रातदिन परमात्माकै चिन्तन, उहाँलाई प्राप्त गर्ने छट्पटि, लोक-लज्जा, त्याग, शरीर प्रति

+ *खप् स्वामी - ध विज्ञान -सार*

वेपर्वाह-यी शरणागत भक्तका लक्षण हुन् । यस्तो भक्तले आफ्नो शरीर, मन, बुद्धि सबै भगवान्लाई चढाएकोले उ जंगलमा बसे पनि मङ्गलमय ठान्छ, मृत्युलाई उत्सव, नरकलाई पनि स्वर्ग मान्छ। आफ्नो दीनता र दुःखको उसले पर्वाह नै गर्दैन, विपत्तिलाई वरदान जान्दछ। बिरालाको बच्चाले जसरी आफूलाई सम्पूर्णतः आफ्नी आमाको जिम्मामा सुम्पिन्छ (मार्जरी भक्ति) त्यसैगरी भगवान्मा भक्तले आफूलाई सुम्पिदिन्छ।

आत्मपुराणः उपनिषद्को अर्थयुक्त पुस्तक विशेष । यसका लेखक शंकरानन्द हुन् । उनी विद्यारण्य स्वामीका गुरु थिए विभिन्न उपनिषद्हरूको अर्थ (अनुवाद) सहितको, १८ अध्याय भएको यो पुस्तक वेदान्त बुझनका लागि लाभदायक मानिन्छ। यसको नेपाली अनुवाद पं वदरी नाथ भट्टराईले तयार गरी प्रकाशित गराउनु भएको छ।

आत्मबोध : जगद्गुरु शंकराचार्यद्वारा लिखित वेदान्त दर्शनको पुस्तकको नाम । यसमा ६८ श्लोकहरू छन् । शंकराचार्यका शिष्य पद्मपादाचार्यद्वारा यस पुस्तकको टीका लेखिएको छ । वेदान्ती जयदेव, शम्भु प्याकुर्याल आदिले *आत्मबोध* पुस्तकको नेपाली भाषामा अनुवाद गरी प्रकाशित गराएका छन्।

यस लघु-ग्रन्थको पहिलो श्लोकमा तपस्याद्वारा पापनाश भएका, मनको मलदोष हटेका, तीव्र वैराग्यवान् मुमुक्षुहरूका लागि यो ग्रन्थ लेखिएको कुरा बताइएको छ।

यस पुस्तकमा अज्ञान निवारण, आत्मबोध प्राप्ति, जीवन्मुक्तको स्थिति आत्मा किंवा ब्रह्म, जीवभाव कल्पित हो, आत्मभाव नै सत्य हो, जीव

नेपाल राजकिय प्रज्ञा प्रतिस्थानद्वारा २०३८ सालमा छापेको

र ब्रह्ममा अभेदता या एकता आदि वेदान्तका गहन विषयमा सरल ढंगबाट प्रकाश पारिएको पाइन्छ । ब्रह्मबोध कसरी हुन्छ भन्ने बारे शंकराचार्यको भनाइ छ-

यल्लाभान्नपरो लाभो यत्सुखान्नपरं सुखम् ।
यज्ज्ञानान्नपरं ज्ञानं तद्ब्रह्मेत्यवधारयेत् ॥ *(५३)*

अर्थात् जसलाई प्राप्त गरेपछि अरू केही पाउन बाँकी रहँदैन, जुन सुख पाए पछि अरू सुख तूच्छ हुन्छ, जुन तत्त्वको ज्ञान भएपछि अरू केही जान्न बाँकी रहँदैन त्यो वस्तु ब्रह्म हो भनेर जान्नु पर्छ । सामान्य रूपमा आत्मबोधको अर्थ आत्मज्ञान *(हेर्नू आत्मज्ञान)* हो । यो आत्माको अपरोक्षानुभव हो ।

आत्मब्रह्म : ब्रह्मात्म । आत्मा र ब्रह्मको अभेदताद्योतक शब्द । आत्मब्रह्म सनातन हो, स्वतःसिद्ध हो, स्वयंप्रकाश छ । मायाबाट बनेको दृश्य जगत्मा रमणीयता-बुद्धि नगरी मिथ्यात्व-बुद्धि गर्ने साधकमा अद्वैत भावना स्थिर हुन्छ र उसलाई आफू आत्मब्रह्म हो भन्ने बोध हुन्छ । शुद्ध चित्तमा आत्मब्रह्म प्रतिबिम्बित रहन्छ र आवरण एवं विक्षेपयुक्त चित्तमा जगत् प्रतिबिम्बित हुन्छ । भगवान्ले भन्नु भएको छ -

सर्वं ब्रह्मात्मकं तस्य विद्ययाऽऽत्ममनीषया ।
परिपश्यन्नुपरमेत् सर्वतो मुक्तसंशयः ॥

(भाग.११।२९।१८)

अर्थः हे उद्धव ! सर्वत्र आत्मबुद्धि(ब्रह्मबुद्धि)को अभ्यास गरेपछि उसलाई ज्ञान हुन्छ । उसले सबै ब्रह्मस्वरूप देख्न थाल्छ । अनि संशय नष्ट हुन्छ । सर्वत्र मलाई पाउँछ र ज्ञानी बन्छ ।

आत्मरति : आत्मा प्रतिको प्रेम । आत्मा बाहेक अन्य वस्तुमा अरुचि । आत्मज्ञाननिष्ठ व्यक्तिमा आत्मरति पाइन्छ । *गीता*मा भगवान्ले

आत्मालाई प्रेम गर्ने तर विषयहरूमा अरुचि देखाउने ज्ञानयोगी र आत्मतृप्त एवं आत्मसन्तुष्ट *(हेर्नू आत्मसन्तुष्ट)* व्यक्तिका लागि कुनै पनि कर्तव्य छैन भन्नु भएको छ-

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्य न विद्यते ।

(गीता ३।१७)

ज्ञानी आत्म-निष्ठामा नै तृप्त हुन्छ । उसलाई सुख सयल चाहिन्न, परिस्थितिवश त्यस्तो अवस्थामा केही काल रहन पऱ्यो भने पनि प्रारब्धभोग संझेर ऊ सुख भोग्छ तर आसक्त चाहिँ हुँदैन किनभने ऊ त आत्मतृप्त हो । ज्ञानीले नै सन्तोषं परमंसुखम्को रहस्य जानेको हुन्छ । ज्ञानामृत पान गरिसकेकाले उसले सांसारिक कुनै कुराको चाहना गर्दैन, आत्मलाभ गरिसकेकाले ऊ आत्मरत हुन्छ । उसले जान्नु पर्ने, हुनु पर्ने केही बाँकी छैन । ज्ञानीको लक्षण यसरी बताइएको छ-आत्मरति, आत्मतृप्त र आत्मसन्तुष्ट ।

अवरोध बिनाको आत्मरतिलाई शाण्डिल्यले भक्ति भनेका छन् ।

(नारद भक्तिसूत्र-१८)

आत्मसन्तुष्ट : बाह्य विषयको अपेक्षा नगरीकन आत्मामा नै सन्तुष्ट रहने व्यक्ति । बाह्य विषय प्राप्तिबाट सबैलाई सन्तुष्टि त हुन्छ नै तर आत्मरतियुक्त व्यक्ति अरू कुराको अपेक्षा नगरी आत्मामा नै सन्तुष्ट हुन्छ अर्थात् उसका कुनै पनि कुराको तृष्णा रहँदैन ।*

*गीता*मा आत्मसन्तुष्ट व्यक्तिलाई स्थितप्रज्ञ भनिएको छ- आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते *(२।५५)* । यस प्रकारको स्थितप्रज्ञताका लागि वासनाक्षय हुनुपर्छ, मनोनाश भएको

---

* *गीता- ३।१७ शां.भाष्य*

हुनुपर्छ । जसलाई 'म परमात्मा हुँ, ब्रह्म हुँ' भन्ने बोध भएको छ उ आत्मसन्तुष्ट हो ।

आचार्य शंकरले 'आत्मसन्तुष्ट' 'स्थितप्रज्ञ' र 'विद्वान्' (ज्ञानी)–तीनै शब्दलाई पर्यायको रूपमा प्रयोग गरेको पाइन्छ । उक्त श्लोकको व्याख्याको क्रममा शकर बताउँछन्-आफ्नो अन्तरात्मा स्वरूपमा नै कुनै बाह्य लाभको अपेक्षा नगरी आफू आफैंमा सन्तुष्ट रहने व्यक्ति अर्थात् परमार्थ दर्शनरूप अमृत-रस लाभबाट तृप्त अन्य सबै अनाम पदार्थबाट अलंबुद्धि भएको तृष्णारहित पुरुष स्थितप्रज्ञ कहलाउँछ । जसको आत्म-अनात्म सम्बन्धी विवेकबाट उत्पन्न भएको बुद्धि स्थित भएको छ त्यो व्यक्ति स्थितप्रज्ञ या ज्ञानी (विद्वान्) कहलाउँछ । उनको मतमा पुत्रवित्तलोकैषणा *(हेर्नू एषणा त्रय)* त्यागेको संन्यासी नै आत्माराम, आत्मक्रीड र स्थितप्रज्ञ हो ।[ᴍ]

आत्मस्थिति : आत्मसंस्थिति (आत्मनि संस्थितम्)[ᴍᴍ] स्थितप्रज्ञ । शुरुमा मनलाई तमोगुण र रजोगुणबाट मुक्त गरेपछि सत्त्व गुणको उदय भै भगवान्, गुरु, शास्त्रादिमा श्रद्धा-भक्ति हुन्छ । साधक मुमुक्षु बन्छ, जिज्ञासु हुन्छ । तर उसमा अहंता *(हेर्नू अहम्)* नष्ट भएको हुन्न । मनमा परेको आत्माको प्रतिविम्व अहंता हो । त्यसलाई पनि झुठो मानी चित्तलाई अखण्डाकार *(हेर्नू अखण्डाकार वृत्ति)* बनाउनु आत्मस्थिति या आत्मसंस्थिति हो । *गीता*मा यस्तै साधकलाई स्थितप्रज्ञ भनेर बताइएको छ-मनमा सबै कामनाहरू त्यागेको आत्मामा नै सन्तुष्ट व्यक्तिलाई स्थितप्रज्ञ या स्थितधी भनिन्छ । यस्तो आत्मस्थितियुक्त साधकले महावाक्य श्रवणपछि आत्म-साक्षात्कार किंवा ब्रह्मज्ञान गर्छ । *गीता*मा बिस्तार बिस्तार धैर्ययुक्त बुद्धिद्वारा उपरति *(हेर्नू उपरति)* प्राप्त गरेर मनलाई आत्मामा स्थिर गराउनु र कुनै

ᴍ *शां. भाष्य*

ᴍᴍ *गीता ६।२५ शां. भाष्य*

वस्तुको पनि चिन्तन नगर्नू भनेर भगवान् श्रीकृष्णले अर्जुनलाई ध्यानयोग बताउनु भएको छ-आत्मसंस्थं मनःकृत्वा न किञ्चिदपि चिन्तयेत् *(६/२५)*

आत्मा : आत्मा सत्, चित् र आनन्द स्वरूप छ। यही लक्षणलाई क्रमशः अस्ति, भाति र प्रिय पनि भनिन्छ। सधैँ बाँचिरहने चाहना अस्तिता हो, सत् हो। चैतन्य भएर बाँच्ने चाहना भाति लक्षणबाट पैदा हुन्छ। चित् भएर नपुगी हामी आनन्द पनि चाहन्छौँ। यो प्रिय हो।

आत्मा अद्वैत हो भनेर श्रुतिले बताएको छ-एकोऽहं द्वितीयो नास्ति। सुषुप्तिमा आत्मा बाहेक नानात्व सिद्ध हुन्न। त्यसैले श्रुति र सुषुप्ति प्रमाणबाट आत्मा अद्वैत सिद्ध हुन्छ।

सत् आत्मा सुषुप्तिमा समेत रहन्छ जबकि संसारको अस्तित्व त्यसबेला देखिन्न। आत्मा सत् मात्र होइन चित् पनि हो। यही चित् लक्षणले गर्दा हामी ज्ञानपिपाशु छौँ। जान्न चाहने, प्रकाशमा रमाउने, आफूलाई चिन्न खोज्ने प्रवृत्ति चित्बाट खडा भएको हो। यही चित् स्वरूपको कारणले गर्दा नै मुमुक्षु द्रष्टा बनेर हेरिरहेको हुन्छ। उ साक्षी चैतन्य भएकै कारणले गर्दा अन्तःकरणमा दुःख-सुख आएका-गएका, मनोविकारहरू आएका-गएका उसलाई बोध हुन्छ। विचारवान् व्यक्ति आफूलाई द्रष्टा या चित् स्वरूप जानेर विकारहरू मनमा आउँदा विचलित हुँदैन।

आत्माको अत्यन्त महत्वपूर्ण लक्षण हो आनन्दस्वरूपता। सत् र चित् स्वरूप प्रकट छ। प्रकट भएकाले सत् र चित् स्वरूपको बोध गर्न सकिन्छ तर आनन्द स्वरूप चाहिँ लुकेको छ। खोज आनन्दकै भइरहेको छ तर अज्ञान, अविवेकले गर्दा खोज सफल हुन सकेको छैन। ज्ञानीले आनन्द भेट्टाएका छन् तर अज्ञानीहरूले आनन्द, आनन्द भनेर भौतारिँदा भैतारिँदै आनन्द नपाई दुःख पाइरहेका छन्। मानिसहरूले आनन्द नभएको ठाउँमा त्यसलाई खोजेकाले नपाएका

हुन् । जस्तो स्त्री, पुत्र, धन, पद, प्रतिष्ठामा आनन्द छैन, शास्त्रहरूले यही कुरा बताएका छन् *गीता*को उपदेश अनुसार रागमा होइन, विरागमा आनन्द छ; आसक्तिमा हैन, अनासक्तिमा आनन्द छ । *भागवत*का अनुसार संसार प्रति विरक्ति र परमात्मा प्रति भक्तिमा आनन्द छ । उपनिषद्हरूका अनुसार ज्ञानमा आनन्द छ । आनन्दस्वरूप आत्मा या परमात्माको साक्षात्कारका लागि यी साधन हुन् । वेदान्त दर्शन अनुसार अनासक्त कर्मयोग, भक्ति आदि साधन अपनाएर चित्त शुद्ध भएपछि आत्माको साक्षात्कार (ज्ञान) हुन्छ । आनन्द आफ्नो अनुभवको कुरा हो । बहिर्मुखी नबनी, अन्तर्मुखी बन्दै सत्संग, सद्गुरु, सद्शास्त्रको अवलम्बन गर्दै गएमा आफूभित्रको आत्मा अपरोक्ष हुन्छ । *ऐत्तरेयोपनिषद्*मा आत्मालाई आनन्दरूप भनिएको छ। आनन्दरूप आत्मामा अध्यास अर्थात् भूल हुन्छ र भेदबुद्धि हुन्छ । धेरै पुण्यले गर्दा म ब्रह्म हुँ भन्ने ज्ञान भयो भने संसार समुद्रबाट पार भइन्छ ।

भागवत, गीता, श्रुति-स्मृति आदि सम्पूर्ण शास्त्रहरूले आत्मालाई अमर भनेर बताएका छन् । आत्मा नजन्मेकाले अमर भएको हो । यो अत्यन्त सूक्ष्म छ, त्यसैले नष्ट गर्न पनि सकिन्न । *गीता*मा भगवान् श्रीकृष्णले भन्नुभएको छ-

अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे । *(२।२०)*

*भागवत*मा आत्मालाई नित्य, अव्यय, शुद्ध, एक, क्षेत्रज्ञ, सबैको आश्रय, विकाररहित, स्वयंप्रकाश, सृष्टिको कारण, व्यापक, असंग र अनावृत भनेर बताइएको छ ।[*]

जुन वस्तु अमर छ, जुन शाश्वत एवं अमृत हो, त्यसको कुनै पनि कालमा, कुनै पनि देशमा अभाव हुँदैन । आत्माको कहिल्यै अभाव

---

[*] *भाग. ७।७।१९*

हुँदैन, संसारको अभाव भएको अवस्था सुषुप्तिमा पनि साक्षी आत्माको विद्यमानता रहन्छ । आत्माको नाम र रूप भएको भए यो अमर हुन सक्दैनथ्यो । यो नाम र रूपरहित छ । सत्, चित्, आनन्द स्वरूप छ नाम र रूप त जगतको हुन्छ । श्रुतिमा भनिएको छ -

अस्ति भाति प्रियं रूपं नाम चेत्यंशपञ्चकम् ।
आद्यंत्रयं ब्रह्मरूपं जगद्रूपं ततो द्वयम् ॥ [1]

अर्थात् जीव जगत्मा पाँच कुरा व्याप्त छन्-अस्ति, भाति, प्रिय, रूप र नाम । यी मध्ये अगिल्ला तीन ब्रह्मको लक्षण हुन् भने पछिल्ला तीन जगत्का द्योतक हुन् ।

आत्मा हामीमा अन्तर्निहित मूलसांत हो । जगत्को उदय र अस्त मनबाट हुन्छ । जसको उदय र अस्त हुन्छ त्यो आत्मा होइन । आत्मा भिन्न वस्तु हो, यसले मनलाई उत्पन्न गर्दछ, जीवित राख्दछ र विलीन गरिदिन्छ ।

महर्षि रमण भन्नुहुन्छ-सिनेमामा पर्दा नै मुख्य कुरा हो किनकि पर्दामा नै चित्र, दृश्य, अभिनेता आदि देखिन्छन् । त्यस्तै हो आत्मा । आत्मामा नै जगत् देखिन्छ । आत्मा अधिष्ठान हो ।[+] दत्तात्रेय आत्मा बारे भन्छन्-जहाँ जाग्रत, स्वप्न, सुषुप्ति तीन अवस्था र तुरीय समेत छैनन् त्यहाँ केवल आत्मालाई म पाउँछु । आत्मबोध गरेको स्थितिमा धर्म र अधर्मको प्रश्न उठेन । न त्यहाँ बद्ध र मुक्त व्यवहारकै कुनै अर्थ छ । *(अवधूत गीता १।७३)*

आत्मालाई वक्तृत्व शक्तिले प्राप्त गर्न सकिन्न । प्रवचन गरेर पनि आत्मलाभ हुन्न । धारण शक्ति भएको बुद्धि(मेघा)ले पनि भेट्टाउँदैन, धेरै

---

[1] *सरस्व. उप-५८ र दृग्दृश्य विवेक-२०*

[+] *र.म वातचीत*

शास्त्र सुनेर पनि आत्मबोध हुन सक्तैन । आत्म-साक्षात्कारका लागि जसले तीव्र कामना गर्छ उसले आत्मलाभ गर्छ । आत्मलाभको प्रार्थना गर्नु नै आत्म-बोधको साधन हो-

नायमात्मा प्रवचनेन लभ्यो
न मेधया न बहुधा श्रुतेन ।
यमेवैष वृणुते तेन लभ्य-
स्तस्यैष आत्मा विवृणुते तनुं स्वाम् ॥

(मुण्डकोपनिषद्-३।२।३)

नदीहरू बहँदै समुद्रमा पुगेर नाम, रूप छाडी समुद्र बन्छन्, त्यसैगरी अविद्याजनित नाम, रूप त्यागेर विद्वान्ले अक्षरदेखि पर रहेको दिव्य आत्मा प्राप्त गर्छ । ब्रह्म जान्ने ब्रह्म नै बन्छ ।

यथा नद्यः स्यन्दमानाः समुद्रे-
ऽस्तंगच्छति नामरूपे विहाय ।
तथा विद्वान्नामरूपाद् विमुक्तः
परात्परं पुरुषमुपैति दिव्यम्
+ +
ब्रह्म वेद ब्रह्मैव भवति ॥ *(ऐ.३।२।९)*

आत्मारामः आत्मामा नै रमण गर्ने । आत्मा सत्चित आनन्द स्वरूप भनी बुझेको ज्ञानी जनले दुःखदायी संसारको उपेक्षा गर्दै आत्मामा नै रमाउँछ । *भागवत्*मा भनिएको छ

आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरूक्रमे ।
कुर्वन्त्यहैतुकीं भक्तिमित्थम्भूतगुणो हरिः ॥ ❁

❁ *भाग. १।७।१०*

अर्थात् जसको अविद्याको गाँठो फुकेको छ र जो सधैं आत्मामा नै रमण गर्छन् त्यस्ता व्यक्ति भगवान्को अहैतुकी भक्ति गर्छन् किनकि भगवान्को गुण नै यस्तो मधुर छ कि तिनलाई आकर्षित गर्छ । शौनकजीले सूतजीसँग शुकदेवजी आत्माराम छन्, निवृतपरायण छन् । अपेक्षारहित छन् तापनि किन विशाल ग्रन्थ *भागवत* पढे भनी प्रश्न सोद्धा* सूतजीले उपयुक्त उत्तर दिएका थिए ।

शंकराचार्य आत्मारामलाई रामायणका दिव्य नायक रामसँग तुलना गर्छन्- आत्माराम मोह-समुद्र तरेर रागद्वेषादि रावणलाई मारेर बुद्धि सिताका साथ अयोध्याय फर्कि शान्तिपूर्वक रहन्छन्-

तीर्त्वा मोहार्णवं हत्वा रागद्वेषादि राक्षसान
योगी शान्ति समायुक्तौ ह्यात्मारामो विराजते ।

(आत्मबोध-५०)

आत्मोद्धार : आत्मोद्धारका लागि मानिसले विवेक-विचारका सहायताबाट संसारमा फसाउने र दुःखका भुमरीमा गाड्ने भोग-वासनाबाट मुक्त हुने प्रयास गर्नुपर्छ अर्थात् प्रेयलाई छाडेर साधकले श्रेय मार्ग रोज्नु पर्छ । यो आत्मोद्धार हो । *गीता*मा भगवान्ले भन्नुभएको छ -"गर्नु उद्धार आफैँले आफूलाई नगाडनु ।"□ आत्मोद्धार आत्मकृपा हो *(हेर्नू आत्मकृपा)* । यो पहिलो खुड्किला हो । आत्मोद्धारका अन्य खुड्किला हुन्-सत्संग र स्वाध्यायबाट प्राप्त हुने शास्त्रकृपा, ईश्वर-भक्तिबाट प्राप्त हुने ईश्वरकृपा र ईश्वरकृपाबाट प्राप्त हुने ज्ञान तथा निरतिशय सुख ।

आत्यन्तिक प्रलयः जीवन-मरणबाट छुटकारा या मुक्ति । जुन क्रमले सृष्टि भएको छ त्यसको उल्टो क्रमबाट (कार्य कारणमा) विलीन हुँदै जानु प्रलय हो । जस्तो पृथ्वी पानीमा पानी तेजमा, तेज वायुमा वायु

---

* *भाग.१।७।९*

□ *गीता ६।५ उद्धरेदात्मनात्मान नात्मानमवसादयेत् ।*

आकाशमा, अकाश अहंकारमा, अहंकार महत्तत्त्वमा र महत्तत्त्व प्रकृति (माया)मा र प्रकृति ब्रह्ममा विलीन हुनु प्रलय हो ।

आत्यन्तिक प्रलय मुक्ति हो । मुक्त व्यक्ति सृष्टिलाई साँचो मान्दैन् । उसका लागि ब्रह्म मात्र सत्य छ र जगत् मिथ्या रूप हो । सबै ब्रह्म देख्ने ज्ञानको दृष्टिप्राप्त व्यक्तिका लागि पहिले देखेको जगत् प्रलयमा मिल्ने नै भयो । यही चरम स्थितिलाई आत्यन्तिक प्रलय भनेर शास्त्रमा बताइएको छ ।

*अपरोक्षानुभूति*मा (श्लोक १११) शंकराचार्य भन्छन्-ब्रह्मा आदि समस्त प्राणीहरूलाई र उनको सृष्टि स्थितिलाई एकै छिनमा प्रलय गर्ने भएकोले अखण्ड आनन्दस्वरूप अद्वितीय ब्रह्म नै कालको पनि महाकाल हो । यही हो आत्यन्तिक प्रलय ।

आत्रेय ऋषि : पूर्व मीमांसाका आचार्य । *ब्रह्मसूत्र*मा महर्षि व्यासले उल्लेख गरेका छन्-स्वामिनः फलश्रुतेरित्यात्रेयः *(३।४।४४)* । अर्थात् आत्रेयको मत छ-यज्ञोपासनाको फल यजमानलाई नै मिल्छ । तात्पर्य के भने यज्ञ-फल ऋत्विज्लाई मिल्दैन, त्यसैले यज्ञमान आफैंले यज्ञ गर्नु पर्छ, पुरोहितद्वारा होइन् । व्यासले आत्रेयको भनाइको खण्डन गर्दै आचार्य औडुलोमिको धन, दानादि प्राप्त हुने भएकोले यज्ञ पुरोहित, ऋत्विज्ले गरे पनि फल यजमानलाई नै मिल्छ भन्ने विचारको समर्थन गरेका छन् । *(ऐजन सूत्र ३।४।४५)*

*कृष्ण यजुर्वेद*को चरक सम्प्रदायका बा-ह शाखा मध्ये एक मैत्रायणिको एक शाखालाई आत्रेय भनिन्छ । *शतपथ ब्रह्मण*मा यज्ञका पुरोहितलाई आत्रेय भनिएको छ भने अंगको पुरोहितलाई पनि *ऐतरेय ब्रह्मण*मा आत्रेय भनेको पाइन्छ ।

आथर्वण उपनिषद्हरू : अथर्ववेदीय उपनिषदहरूलाई *आथर्वण उपनिषद्* भनिन्छ । *ऋग्वेद, सामवेद, यजुर्वेद*को तुलनामा अथर्ववेदीय उपनिषद्हरूको संख्या धेरै पाइन्छ । विद्यारण्य स्वामीका पुस्तक

(*अनुभूतिप्रकाश ग्रन्थ*) अनुसार *मुण्डक, प्रश्न र नृसिंहोत्तरतापनीय उपनिषद्* प्रारम्भिक आथर्वेदीय उपनिषद् हुन् । शंकराचार्यले *माण्डुक्य*लाई पनि उपनिषद् मानेका छन् । *मुक्तिकोपनिषद्*मा यस्ता अरु ९३ आथर्वण उपनिषद्हरूको नाम दिइएको छ ।

आथर्वण उपनिषद्हरूले ब्रह्मतत्त्वको ज्ञानमा जोड दिएको पाइन्छ । *माण्डुक्य*मा १२ मन्त्र मात्र छन् तापनि ब्रह्मज्ञानमा जोडको कारणले यसलाई प्रधान मानिएको छ । शंकराचार्यका परम गुरु (बाजे गुरु) गौडपादले *माण्डुक्यकारिका* लेखे जुन अजातवादी सिद्धान्त तथा ब्रह्म ज्ञान प्रतिपादनको दृष्टिले प्रसिद्ध हुनगएको छ । यसको भाष्य शंकराचार्यले गरेका हुन् भने नेपालीमा डा.स्वामी रामानन्द गिरि र हेमराज ज्ञवालीका टीकाहरू उपलब्ध छन् ।

आदि : आदिले सृष्टि, कर्मको आरम्भ जनाउँछ । काव्य क्षेत्रमा आदि कवि वाल्मीकि हुन् भने अध्यात्म क्षेत्रमा यस उपाधिले ब्रह्माजीलाई जनाउछ किनकि उनैले संसारको सवप्रथम रचना गरे र वेदको ज्ञान प्रसार गरे ।[□] जसको आदि कहिले भयो ज्ञान छैन भने त्यसलाई अनादि भनिन्छ । जसको आरम्भ (आदि) हुन्छ त्यसको अन्त्य पनि हुन्छ । कर्मलाई आदि र अन्त्य सहितको बताइएको छ । ज्ञान अनादि र अनन्त छ । माया र अज्ञान चाहि अनादि भए पनि अन्त्य सहितको (सान्त) छ । ज्ञानले अज्ञानलाई अन्त्य गरिदिन्छ । भगवान् श्रीकृष्णले *भागवत*मा[⁂] कर्मलाई 'आद्यन्तवन्त' अर्थात् आदि र अन्त्य सहितको बताउनु भएको छ । भक्ति र ज्ञान चाहिं आद्यन्तवन्त होइनन् । यज्ञ, तप, दान, व्रतादि कर्मको फल समाप्त भएपछि दुःख नै मिल्छ । कर्मबाट मिल्ने सुख तूच्छ छ, नगण्य छ । आफ्नो कोखबाट साक्षात्

□ *आप्टे- सं.हि.-कोश*

⁂ *एघारौं स्कन्ध (११।१४।११)*

परमात्माले जन्म लिएको भन्ने बोधयुक्त माता कौशल्या भन्छिन्- राम त्वं जगतामादिरादिमध्यान्तवर्जित ।[1] अर्थात् राम ! तिमी जगत्को आदि कारण भए पनि आफू चाहिँ अनादि हौ, मध्य र अन्त्य रहित पनि छौ ।

परमात्मा जगत् एवं देवतादिको आदि कारण भएकाले आदि कहलाउँनु हुन्छ भने उहाँको पनि आदि कारण कोही नभएकोले उहाँ अनादि *(हेर्नू अनादि)* हुनुभयो । भाष्यकार शंकराचार्य भन्छन्-आदिकारणमस्य न बिद्यत इत्यनादिः *(विष्णु सहस्रनाम भाष्य-११४)*

आदि पुरुषः जसको कारणले आदि सृष्टिको रचना भयो उहाँ *(आत्मा या ब्रह्म)*लाई आदि पुरुष भनिन्छ । *भागवत*को एघारौ स्कन्ध चौबीसौ अध्यायमा आदि पुरुषका बारेमा भगवान् श्रीकृष्णले परम भक्त उद्धव *(हेर्नू उद्धव)*लाई ज्ञान दिनु भएको छ ।

आदि पुरुष वास्तवमा अनादि र अनन्त हुनुहुन्छ तर आदि सृष्टिको प्रसंगमा उहाँलाई आदि पुरुष भनिएको हो । उहाँलाई सृष्टि गर्ने इच्छा भयो र माया(प्रकृति)लाई उत्पन्न गरी सत्त्व, रज र तम तीन गुण प्रकट गरियो । तीन गुणको साम्य अवस्थामा कुनै जीव उत्पन्न हुन्न । ती गुणहरूको घटीबढी गराई मायाद्वारा महत्तत्व(समष्टि बुद्धि)को सृष्टि भयो । त्यसबाट अहंकार उत्पन्न भयो । तामस अहंकारबाट पञ्चतन्मात्रा र पञ्चमहाभूत राजस अहंकारबाट इन्द्रिय र सात्त्विकबाट इन्द्रियहरूका अधिष्ठाता एघार देवताहरू प्रकट भए । आदि पुरुषको प्रेरणाबाट यी सबै सृष्ट तत्त्व एवं पदार्थ एकत्रित भए र ब्रह्माण्ड रूपी अण्डा उत्पन्न भयो । त्यो अण्डा जलमा रहेपछि आदि पुरुष नै नारायणको रूपमा त्यसमा विराजमान हुनुभयो । नारायणको

---

[1] *अ. रामायण. उ. काण्ड-७।५४*

नाभि(नाइटो)वाट विश्व-कमल प्रकट भयो । त्यसैमा ब्रह्माको अविर्भाव भयो । ब्रह्मा आदि प्रजापति *(हेर्नू आदि प्रजापति)* हुनुहुन्छ । मायापति परमात्मालाई ब्रह्माण्ड रचनाको श्रेय चाहिएको छैन, त्यसैले उहाँ भन्नुहुन्छ-

प्रकृतिर्ह्यस्योपादानमाधारः पुरुषः परः ।
सतोऽभिव्यञ्जकः कालो ब्रह्म तत्त्रितयं त्वहम् ॥ •

अर्थात् यस प्रपञ्चको उपादान कारण प्रकृति नै हो परमात्मा त अधिष्ठान हो । कालले प्रपञ्चलाई प्रकट ग-यो । व्यवहारमा देखिने यो त्रिविधता वास्तवमा ब्रह्मस्वरूपदेखि भिन्न छैन र शुद्ध ब्रह्म मै हुँ ।

श्रुतिमा आदि पुरुषलाई आदि कारण, तीनै कालदेखि अतीत, कलारहित तर प्रकृतिसँग जीवको संयोग गराउने कारणहरूको पनि कारण बताइएको छ-आदिः ससंयोगनिमित्त हेतुः परस्त्रिकालादकलोऽपि दृष्टः । ०

आदि प्रजापतिः सृष्टिकर्ता ब्रह्मा । उनलाई स्वयम्भू पनि भनिन्छ । उनी आफैँ प्रकट हुन्छन् । उनको कुनै कारण छैन । त्यसैले उनी आदि हुन् र प्रजापति पनि । पूर्वजन्मको अभाववाटै आदि प्रजापति (ब्रह्मा) आफ-आफैँ, बिना कुनै कारण उत्पन्न हुन्छन् । ब्रह्माको न त पूर्वजन्मको कर्म छ, न उनी फलभोग्न कर्म गर्दछन् । उनी प्रजाको सृष्टि गर्छन् त्यसैले प्रजापति कहलाए ।

ब्रह्माको शरीर आतिवाहिक *(हेर्नू आतिवाहिक शरीर)* मात्र हुन्छ, आधि भौतिक हुन्न । सब प्राणीका परम कारण ब्रह्माको कोही पनि कारण रूपमा रहदैनन् । आदि प्रजापतिको केवल मानसिक शरीर हुन्छ । त्यसैले मन पनि ब्रह्मा रूपमा रहन्छ र सृष्टि गर्छ । जगत् त

• भाग. ११।२४।१९
० श्वेता. उप ६।५

ब्रह्माको रूप लिने मन नामक जीवको मनोराज्य हो तापनि यो सत्य प्रतीत हुन्छ। जुन वस्तु जसबाट उत्पन्न हुन्छ उ उस्तै हुन्छ। त्यसैले आदि प्रजापति ब्रह्माबाट उत्पन्न भएको जगत् मन मात्र हो किनकि ब्रह्मा स्वयं मन हुन् । उनमा स्थूलता अलिकति पनि छैन । महाकल्पका अन्त्यमा ब्रह्मादि सबैको मुक्ति हुन्छ त्यसैले पूर्वकालको स्मृति पनि ब्रह्माको कारण हुन सक्तैन । *

आदि शक्तिः परमात्माको चित् एवं क्रियाशक्ति माया । आदि शक्तिको नाम पुराणहरूमा चण्डिका, दुर्गा, अम्बिका *(हेर्नू अम्बिका),* स्वस्थानी परमेश्वरी भनेर बताइएको छ । आदि शक्तिद्वारा नै प्राणीहरूलाई सुख प्राप्त हुन्छ। दुष्ट एवं असुरहरूको नाश पनि आदि शक्तिद्वारा नै हुन्छ। आदि शक्ति परमात्मा(शिव)सँग मिलेर शिव नै बन्छिन्।

यो शक्ति शिवदेखि भिन्न रहेर सृष्टिको रचना हुन्छ। जगत् आदि शक्तिको अंग हो। जगत्लाई देख्न चित्त चाहिन्छ। चैतन्यको स्पन्दन (चलन) नै चित्त हो । स्पन्दन नरहे जगत् पनि सत्य रूपमा देखिदैन। चित्त शक्तिले आत्मातिर हे-यो भने जगत्-भ्रमको अन्त्य भएर परमशान्ति मिल्छ। आदि शक्ति वास्तवमा परमात्माको इच्छा शक्ति हो। उनलाई जगत्की माता (जगन्माता) पनि भनिन्छ। *

*दुर्गा सप्तशती*मा आदि शक्तिको यसरी स्तुति गरिएको छ-

त्वं वैष्णवी शक्तिरनन्तवीर्या
विश्वस्य बीजं परमासि माया ।
सम्मोहितं देवि समस्तमेतत्
त्वं वै प्रसन्ना भुविमुक्तिहेतु : ॥

प दुर्गा भट्टराई-योगवशिष्ठको विषयसार
योगवशिष्ठ-नि. प्रकरण उत्त

अर्थात् तपाईं नै वैष्णवी शक्ति हुनुहुन्छ, अनन्तवीर्या हुनुहुन्छ। विश्वकी बीज (जननी), परम माया पनि तपाईं हुनुहुन्छ। तपाईंकै कारणले मोहित भएर प्राणीहरू जन्म-मृत्युको चक्रमा पर्छन्-तर तपाईं प्रसन्न हुनुभयो भने मुक्तिको हेतु बन्नुहुन्छ।

*देवी भागवत*को पहिलो मन्त्रमा सबै प्राणीहरूमा चैतन्य रूपले रहेकी, आदि विद्यास्वरूपा शक्तिको ध्यान गर्दै उनले हाम्रो बुद्धिलाई सत्कार्यमा प्रेरित गरून् भनेर प्रार्थना गरिएको छ -ॐ सर्वचैतन्य रूपां तां आद्यांविद्या च धीमहि बुद्धिं या नः प्रचोदयात्।

स्वस्थानी ब्रतकथा थालनी गर्दा पढिने पुष्पाञ्जलिमा आदि शक्तिको रूपमा स्वास्थानी परमेश्वरीको स्तुति गरिएको छ -

मातृकाभिः सदा युक्तामष्टाभिः परमेश्वरीम्।
आदिशक्तिं सदा सेव्यां स्वस्थानीं प्रणमाम्यहम्॥*

अर्थात् सधैं अष्टमातृकाका साथ रहनु हुने आदि शक्तिको रूपमा सदा सेव्या स्वास्थानी माताको प्रणाम गर्छु।

आदित्य : विष्णुको नाम हो आदित्य *(वि सह १८।३९)*। वामन अवतारमा अर्दितिको गर्भवाट कश्यपपुत्रको रूपमा जन्मनु भएकाले भगवान्लाई आदित्य भनिएको हो। *ऋग्वेद*मा आदित्य शब्द पाइन्छ तर आदित्यको संख्या छ मात्र बताइएको छ-मित्र, अर्यमा, भग, वरुण, दक्ष र अंश *(ऋचा-२।२७।१)*। *अथर्ववेद*मा आठ आदित्य बताइएको पाइन्छ *(८।९।२१)*। श्रीकृष्णले *गीता*मा बाह्र आदित्यहरू मध्ये म विष्णु हुँ भन्नु भएको छ-आदित्यानामहं विष्णु *(गीता १०।२१)*। द्वादश आदित्यको नाम यस प्रकार छ-विष्णु, शक्र, अर्यमा, धाता, त्वष्टा, पूषा, विवश्वान्, सविता, मित्र, वरुण, अंशुमान र भग। आदित्य मण्डलमा रहेको हिरण्मय पुरुषको नाम पनि आदित्य हो। श्रीकृष्णले अर्जुनलाई आफ्नो

---

*सं. ऐश्वर्यधर शर्मा-स्वस्थानी ब्रतकथा संशोधित पाठ र नेपाली अनु. सहित

विश्वरूपमा बाऱ्ह आदित्य, एघार रुद्र, आठ वसुहरू देखाइ दिनु भएको प्रसंग *गीता* (११।६)मा हामी पाउँछौं ।

सम्यग् रूपमा अग्नि *(हेर्नू अग्नि)*मा दिइएको आहुति आदित्यलाई प्राप्त हुन्छ । खुशी भएर सूर्यले वर्षा गराइ दिन्छन् । वर्षाबाट अन्न पैदा हुन्छ एवं प्रजाको उत्पत्ति हुँदै जान्छ भन्ने कुरा *मनुस्मृति*मा बताइएको छ-

अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते ।
आदित्यांजायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः *(३।७६)*

हप्तामा पहिलो बारको नाम आदित्य हो । यस दिन विशेष रूपमा आदित्य(सूर्य)को पूजा हुन्छ । प्रतिदिन उदाएको सूर्यको दर्शन गर्ने, जलाञ्जली दिने, स्तुति(सूर्य-स्तुति), पाठ गर्ने कार्य गर्दै शारीरिक निरोगिता एवं मानसिक उज्ज्वलता(निर्मलता)को कामना गर्नु श्रेयकर मानिन्छ ।

*छान्दोग्य उपनिषद्*मा आदित्यलाई मधुको रूपमा कल्पना गरिएको छ। द्यूलोक माउरीको घारी रहेको तेर्सो बाँस हो भने अन्तरिक्ष घार हो । किरणहरू माउरीका बच्चा हुन् । ऋक माहुरी हो, *ऋग्वेद* पुष्प हो । ..... आदित्यको रातो रंग नै मह हो ।[⌘] सो उपनिषद्मा आदित्यलाई ब्रह्मको रूपमा उपासना गर्ने व्यक्ति आदित्य रूप हुन्छ र सुख प्राप्त गर्छ भनिएको छ ।[ঌ]

आद्य जगद्गरु : शंकराचार्य आद्य जगद्गुरु हुन् । उपनिषद्को अद्वैत दर्शनको ज्ञानको प्रचार गर्दै लोककल्याणका लागि शंकराचार्यको धरतीमा अवतरण भयो । वैदिक ज्ञान संस्कृतिको ह्रास हुन लागेको देखेर स्वयं शंकर भगवान्ले शंकराचार्यको अवतार लिनु भएको विश्वास गरिन्छ ।

⌘ *छान्दो. उप. ३।१।१-४*

ঌ *३।१९।१-४*

आचार्य शंकर पण्डित, ज्ञानी मात्र थिएनन् शास्त्रार्थ-महारथी, कवि, कर्मशील, योगी, निवृत्ति परायण पनि थिए। वास्तवमा उनको जीवनी पढ्दा उनी अद्भूत संन्यासीको रूपमा देखापर्छन्।

भारतको केरल प्रदेशमा पिता शिवगुरु र माता आर्याम्बाबाट सन् ७८८ मा यिनको जन्म भएको थियो। शंकरको बाल्यकालमै अलौकिक प्रतिभा देखिन थाल्यो किनकि उनलाई व्याकरण, वेद-शास्त्रादि कण्ठ भैसकेको थियो। पाँच वर्षको उमेरमा उपनयन संस्कार पछि गुरुकुलमा जाँदा उनी शास्त्रज्ञ भैसकेका थिए। आठ वर्षमा संन्यास लिने इच्छा गरे तर माताले स्वीकृति नदिएकीले आमासँग पूर्ण नदीमा स्नान गर्न गएको बखत सिद्धिको बलले गोहीले झम्टेको दृश्य खडा गरी आमासँग भने-गोहीबाट ज्यानको खतरा भैसकेकोले मेरो इच्छा पूरा गरिदिनोस्, मलाई संन्यास ग्रहण गर्न स्वीकृति दिनोस्। यसरी नाटकीय ढंगले सन्यासको स्वीकृति पाएर उनी घरबाट निस्के। नर्मदा नदी तटमा रहेका श्रोत्रीय ब्रह्मनिष्ट गोविन्द भगवत्पादाचार्यबाट शंकरले सन्यास-दीक्षा ग्रहण गरे। उनको नाम शंकरभगवत्पाद रह्यो।

गुरुद्वारा प्रेरित भएर शंकराचार्यले वेदव्यासकृत *ब्रह्मसूत्र* (वेदान्त दर्शन)को भाष्य लेखे। त्यसपछि उनी भाष्यकार कहलाए। वेदव्यासले ब्राह्मणको रूपमा शंकरसँग शास्त्रार्थ गरे र उनको ज्ञानबाट खुशी भई सोह्र वर्षको छोटो आयु बढाइदिएर बत्तीस वर्ष पुऱ्याएको कुरा उनको जीवनीबाट बोध हुन्छ। कर्मकाण्डी विद्वान् कुमारिल भट्टका शिष्य मण्डन मिश्रसँग उनको शास्त्रार्थ भएको, त्यसमा उनैकी पत्नी उभय भारती मध्यस्थ भएकी र शंकरको विजयको घोषणा गरेकी-यो प्रसंग जगत् प्रसिद्ध छ। शर्त अनुसार मण्डन मिश्र चेला बने र उनको नाम सुरेश्वराचार्य रह्यो।

अभिलाषदास-संसारको महापुरुष

जगद्गुरु शंकराचार्य नेपाल आएका र उनैले पशुपतिमा मठ स्थापना गरेको विश्वास गरिन्छ। त्यहाँ शंकराचार्य मठ छँदैछ जसको जीर्णोद्धार कार्य सम्पन्न गरी पीठाधीशको रूपमा स्वामी डा. रामानन्द गिरि रहनु भएको छ । शंकराचार्यका चार प्रसिद्ध चेला भए-सुरेश्वरचार्य, तोटकाचार्य, हस्तमलकाचार्य र पद्मपद्दाचार्य ।

शंकराचार्यले प्रस्थानत्रयी-उपनिषद्हरू, *ब्रह्मसूत्र* र *गीता*मा भाष्य लेखेर अद्वैत दर्शनलाई सुदृढ बनाए । यति मात्र होइन यी महान् आचार्यले *विवेक चूडामणि* (अन्तिम ग्रन्थ), *आत्मबोध, तत्वबोध, सौन्दर्यलहरी, चर्पट पंजरिका स्तोत्रम्, दशश्लोकी* ग्रन्थका साथै थुप्रै कविता, स्तुति आदि लेखेका छन् ।

बत्तीस वर्षको छोटो जीवन पाए पनि भारतको व्यापक भ्रमण गर्ने यी आद्य गुरुले चारै दिशामा मठहरूको स्थापना गरेर वैदिक साहित्यको पठन-पाठनको परम्परा चलाए । विद्यारण्य स्वामी, आनन्द गिरिले संस्कृतमा वेग्लाबेग्लै रूपमा शंकराचार्यको जीवनी *शंकरदिग्विजय* लेखेका छन् भने हिन्दी र नेपालीमा शंकराचार्यका जीवनीहरू प्रकाशित छन् ।

आद्या : आदि कालमा उत्पन्न भएकी । तन्त्रोक्त दुर्गा । सत्ययुगमा सुन्दरी, त्रेतामा भुवनेश्वरी, द्वापरमा तारिणी र कलीमा काली आद्या कहलाउँछिन् । कालीलाई आद्या काली पनि भनिन्छ । सबैको आदि रूप भएकी र काललाई समेत निलेकीले भगवतीको यो नाउँ रहेको हो ।[⊙]

आधिदैविक आदि ताप : सम्पूर्ण ताप, दुःख, क्लेश तीन प्रकारको बताइएको छ । ती हुन्- आधिदैविक, आधिभौतिक र आध्यात्मिक । यी तीन प्रकारका तापहरू संसारमा रहेको जानेर ज्ञान र वैराग्यको आश्रय लिनु मुक्तिको मार्ग रोज्नु हो । *विष्णु पुराणमा* बताइएको छ-

---

⊙ *नगेन्द्र. वसु-हि. विश्वकोष (भाग-२)*

आध्यात्मिकादि मैत्रेय ज्ञात्वा तापत्रयं बुधः
उत्पन्नज्ञानवैराग्यः प्राप्नोत्यात्यन्तिकं लयम् ॥[१]

अर्थात् पराशरजी (ग्रन्थकार) मैत्रेयलाई भन्छन्- आध्यात्मिकादि तीन प्रकारका तापवाट सांसारिक मानिसहरू पीडित देखेर जसले ज्ञान र वैराग्य अँगाल्यो उसलाई आत्यन्तिक प्रलय(*हेर्नू आत्यन्तिक प्रलय*) प्राप्त हुन्छ। आत्यन्तिक प्रलय मुक्ति हो। आध्यात्मिक दुःख-ताप चाहिँ मानसिक हो। यो मनोविज्ञानको विषय हो। मनमा अनेकौं प्रकारका विकारहरू पैदा हुनु आध्यात्मिक ताप हो। भौतिक विकासका साथै यस प्रकारका ताप बढ्दै गएका छन्। असामान्य मनोविज्ञानले मनोस्नायु विकृति र मनोविकृति दुई प्रकारका मानसिक समस्या बताएको छ। मनोविकृति चाहिँ पागलपन हो। हाम्रा शास्त्रहरू, वेदान्त, योगादि सबैले यही समस्याको औषधि फेला पारेका छन्। धर्म, शास्त्र, नीति, नियम, योग, साधना आदिलाई उपेक्षा गर्दै भौतिक उन्नति, भौतिक सभ्यताको पछि लाग्दा यी समस्या बढ्दै गएका हुन्। संसार प्रति प्रवल वासना र सत्यताबुद्धि भए पछि मानसिक विकार (टेन्सन, एङ्जाइटी) आदि बढ्दै जान्छन्। संसारलाई स्वप्नवत् मानेर आफूलाई ताप, दुःख नभएको आत्मा जाने पछि यो समस्याले पिरोल्दैन। भगवान्लाई तापत्रय विनाशक भनेको छ हाम्रो धर्म-शास्त्रले। भगवान्को भक्तिबाट तापमुक्ति मिल्छ।

आध्यात्मिक ज्ञान : आत्मा विषयक या परमात्मा सम्बन्धी विद्यालाई आध्यात्मिक ज्ञान भनिन्छ। भौतिक ज्ञान भौतिक जगत् एवं देह सम्बन्धी हो भने आध्यात्मिक ज्ञान आत्मा, परमात्मा, परमात्माको सृष्टि, त्यसको पालन र सँहारसँग सम्बन्धित छ। *गीता*मा भगवान् श्रीकृष्णले विद्याहरूमा श्रेष्ठ आध्यात्मिक विद्या मै हुँ भन्नु भएको छ -

---

[१] *वि.पुराण ६।५।१*

अध्यात्मविद्या विद्यानां *(१०।३२)*। मोक्षप्रदायक भएकाले भगवान्ले आध्यात्मिक विद्या एवं ज्ञानलाई आफ्नै स्वरूप बताउनु भएको हो। आध्यात्मिक विद्या वेदान्त विद्या हो, औपनिषद् दर्शन हो।

आध्यात्मिक तापको प्रसंगमा आध्यात्मिक विशेषणको अर्थ मानसिक हुन्छ। *(हेर्नू आधिदैविक आदि ताप)*

आनन्दः श्रुतिले आनन्दलाई सर्वव्यापक र सर्वशक्तिमान् मानेको छ। ब्रह्म आनन्दस्वरूप भएकाले सृष्टि पनि आनन्दमय छ -

आनन्दाध्द्येव खल्विमानि भूतानि जायन्ते। आनन्देन जातानि जीवन्ति। आनन्दं प्रयन्त्य-भिसंविशन्तीति। *

अर्थात् आनन्दबाट नै प्राणीहरूको जन्म हुन्छ। जन्मेका प्राणीहरू आनन्दको कारणले गर्दा नै बाँच्छन्। अन्त्य कालमा पनि आनन्दमा नै प्रवेश गर्छन्।

ब्रह्मज्ञानी शिवपुरीबाबा आनन्दलाई सुख, सन्तोष र शान्ति तीन भागमा वर्गीकरण गर्नुहुन्छ। सुख विषयजन्य छ, सन्तोष मानसिक कुरा हो र शान्ति आध्यात्मिक छ-पहिलो चाहिं अरू दुईभन्दा श्रेष्ठ। ईश्वर-साक्षात्कार विना शान्ति या आध्यात्मिक आनन्द प्राप्त हुन सक्तैन। ईश्वरको प्राप्तिबाट सबै समस्याहरूको समाधान हुन्छ र भक्तले त्यो आनन्द प्राप्त गर्छ।◈

योगानन्द परमहंसको भनाइ छ-"ईश्वरलाई प्रत्येक व्यक्तिको प्रशान्त अनुभवको पहुँचसम्म ल्याउन के कुरा बुझ्नु पर्छ भने उनको आनन्दभन्दा कुनै रूप अकल्पनीय छ। .... प्रार्थना अथवा उपासकको

---

* *तैति. उप. ३।६*

◈ *बेनेट/ठा. मानन्धर-लङ्ग पिल्ग्रिमेज*

चित्तवृत्तिमा ईश्वर स्वयं ध्वनिजनित आनन्दको रूपमा अभिव्यक्त हुन्छन् ।[*] शंकराचार्य आफ्नो ग्रन्थ *विवेक चूडामणि*मा जीवन्मुक्तलाई मात्र परमानन्दको अनुभव हुने कुरा बताउँछन्-

यस्य स्थिता भवेत्प्रज्ञा यस्यानन्दो निरन्तरः ।
प्रपञ्चो विस्मृतप्रायःस जीवन्मुक्त इष्यते । *(४२९)*

प्रज्ञा स्थिर भएर, प्रायः बिर्सेको जीवन्मुक्त पुरुषले निरन्तर आत्मानन्दको अनुभव गर्छ । यस्तो दिव्य आनन्दको रसास्वादमा लट्ठेपछि वाह्य र आन्तरिक वस्तुको ज्ञान हुन्न । जीवन्मुक्त ज्ञानीको लक्षण पुनः बताइएको छ-

ब्रह्मानन्दरसास्वादासक्तचित्ततया यतेः ।
अन्तर्बहिरविज्ञानं जीवन्मुक्तस्य लक्षणम् ॥ *(ऐ. ४३६)*

यसैगरी शंकराचार्यले आत्मज्ञानीलाई आत्मज्ञानको फलको रूपमा नित्य निरन्तर आत्मानन्द रस अनुभव भैरहने कुरा बताएका छन् *(ऐ. ४१९) ।*

ब्रह्मलाई सत्, चित् मात्र होइन आनन्दस्वरूप पनि भनिएकाले आनन्द प्राप्तिमा निर्गुण, निराकार ईश्वरको झलक पाएको अनुभूति हुनु स्वाभाविक छ । समाधिलाभ पछि 'मं ईश्वरदर्शन गर्न चाहन्छु' भन्दा योगानन्दलाई उनका गुरु स्वामी युक्तेश्वरले संझाए-तिमीले ईश्वर-साक्षात्कार गरिसक्यौ । समाधिमा तिमीले जे अनुभव गऱ्यौ तिनै त हुन् ईश्वर ! योगानन्द लेख्छन्-"आनन्द-चेतना तथा ईश्वर-चेतनाको पूर्ण अभिन्नतामा अलिकति पनि शंका छैन । जब हामी त्यस आनन्द-चेतनामा हुन्छौं हामीलाई के बोध हुन्छ भने हाम्रो संकीर्ण व्यक्तित्व अब बदलियो, हामी क्षुद्र प्रेम र घृणा, सुख र दुःखको द्वैतबाट

---

[*] *धर्म-विज्ञान*

माथि उठेर त्यस स्तरसम्म पुगिसक्यौं जहाँबाट हेर्दा सामान्य चेतनाको दुःखदायीपन र निरर्थकता छर्लङ्ग देखिन्छ ।" *(धर्म-विज्ञान)*

ब्रह्मानन्द प्राप्ति नै साक्षात्कार हो । आनन्ददायक दृश्य आदि देख्दा मिल्ने सुख आत्माको सहजसुख नै हो । जुन क्षणमा तिमी सुख मान्छौं त्यस क्षणमा तिमी आत्मामा डुब्छौ । यस डुब्नुले स्वतःसिद्ध आनन्दलाई प्रकट गर्छ । तर विचारहरूसँगको संगतले यस आनन्दलाई अन्य वस्तुसँग या घटनासँग मिलाइदिन्छ । वास्तवमा आनन्द तिमीमा नै छ । आनन्द पाएको बखतमा तिमी आत्मामा अज्ञात रूपमा डुब्छौं । जानेर बुझेर यस्ता आनन्द भोग गर्नु साक्षात्कार हो । ❖

जसले ब्रह्मको आनन्द प्राप्त गरेको छ ऊ कसैसँग भयभीत हुँदैन र कर्मरूपी अग्निबाट पैदा भएको चिन्ताले पनि ज्ञानीलाई पोल्दैन -

आनंदं ब्रह्मणो विद्वान्न बिभेति कुतश्चन ।
एवमेव तपेन्नैषा चिंता कर्माग्निसंभृता ॥ ℗

आनन्द विषयानन्द, अज्ञानानन्द र ब्रह्मानन्द तीन प्रकारको बताइएको छ-

क.विषयानन्दः जाग्रत र स्वप्नबाट मिल्ने क्षणिक सुख । आकांक्षा गरिएको विषयवस्तु प्राप्त भए पछि चित्त स्थिर हुँदा त्यसमा प्रतिबिम्बित आत्मानन्द ।

ख.अज्ञानानन्दः यो सुषुप्तिको आनन्द हो । विषय नहुनु, केही पनि थाहा नहुनु, आनन्दस्वरूप आफू मात्र हुनुबाट मिलेको आनन्द ।

ग.ब्रह्मानन्दः यो ज्ञानानन्द हो । स्वरूपबोध पछि आनन्दस्वरूप आत्मा नै हुनु हो । चित्त बह्ममा लीन भए पछि प्राप्त हुने आनन्द इन्द्रादि

❖ *र. महर्षि-र. म. वातचीत*

℗ *विद्यारण्य स्वामी-पञ्चदशी-ब्रह्मानन्दे योगा. प्रक.-५*

देवताहरुले पाउने आनन्द भन्दा धेरै बढी हुन्छ। जीवन्मुक्तले प्राप्त गर्ने परम आनन्द यही ।

आनन्द गिरि : आनन्दज्ञान (अर्को नाम) । शंकराचार्यद्वारा लेखिएका भाष्य ग्रन्थहरूका प्रसिद्ध टीकाकार । *वेदान्तसूत्र*को शांकर भाष्यमा यिनको टीकाको नाम *न्याय निर्णय* हो । विद्यारण्य स्वामीको *शांकर दिग्वजय* पछि लेखिएको आनन्द गिरिको *शांकर दिग्वजय* चाहिं स्वतन्त्र ग्रन्थ हो । यिनी विद्यारण्य स्वामी पछिको काल पन्ध्रौं शताब्दीका हुन् भन्ने ठानिएको छ ।

आनन्द गिरिले शांकरभाष्य माथि टीका तथा जगद्गुरुको *शतश्लोकी* एवं सुरेश्वराचार्यकृत *तैत्तिरीयोपनिषद्वार्तिक* र *बृहदारण्यक उपनिषद्वार्तिक*मा पनि टीका लेखेका छन् ।

आनन्दमय कोशः पञ्च कोशहरूमा अन्नमय कोश प्रथम हो भने आनन्दमय कोश अन्तिम हो जुन अन्तरात्माको नजिक रहन्छ । अन्य कोशहरू-हुन् प्राणमय, मनोमय र विज्ञानमय । कोशको अर्थ ढकनी हो, तरबारको म्यान जस्तो । आत्मालाई यी कोशहरूले ढाके पनि आत्मा कोशहरू भन्दा पर छ, त्यसैले त्यसलाई कोशातीत भनिएको हो ।

रज र वीर्यबाट शरीर धारण गरेको गर्भको जीवले आफ्ना पिताले खाएको अन्नबाट पोषण पाउँछ । जन्मे पछि आफैंले अन्न खाएर स्थूल शरीर टिकाउने र मरे पछि अन्नमय पृथ्वीमा मिल्ने भएकोले शरीरलाई अन्नमय कोश भनिएको हो । दुःख-सुख भोगको स्थान नै अन्नमय कोश हो । प्राणमय, मनोमय र विज्ञानमय कोशहरूको आधारै अन्नमय कोश हो । कर्मेन्द्रिय र प्राण मिलेर प्राणमय कोश, ज्ञानेन्द्रिय र मन मिलेर मनोमय कोश तथा ज्ञानेन्द्रिय र बुद्धि मिलेर विज्ञानमय कोश बन्छन् ।

आत्माको नजिक रहेकाले र आत्मा आनन्दस्वरूप भएकोले आत्मानन्दको प्रतिबिम्ब आनन्दमय कोशमा पर्छ । आनन्दको अभिव्यक्ति

सुषुप्तिमा हुन्छ। त्यसैले सुषुप्त पुरुष जागेपछि भन्छ-कस्तो आनन्दसँग सुतेको थिएँ, केही पनि थाहा पाइन । जगत् अज्ञानमा लय भएकोले 'केही पनि थाहा पाइन' सिद्ध भयो र आफ्नो स्वरूप आनन्दमय भएकोले त्यसको अनुभव भयो । *तैत्तरीय उपनिषद*मा पञ्च कोशको वर्णन पाइन्छ। त्यही उपनिषद अन्तर्गतको ब्रह्मानन्दवल्ली (आनन्दवल्ली)को पाँचौं अनुवाकमा आनन्दमय कोशको वर्णन पाइन्छ। आनन्द प्राप्तिको प्रसंगमा प्रिय वस्तुको स्मृति-दर्शन, त्यसको निकटता र भोगलाई क्रमशः प्रिय, मोद र प्रमोद नाम दिइएको छ।

आनन्द रामायणः *वाल्मीकि रामायण, अध्यात्म रामायण (हेर्नु अध्यात्म रामायण) तुलसीकृत रामायण, भानुभक्त रामायण* लगायत धेरै रामायणहरू रचिएका छन् । ती मध्ये *आनन्द रामायण* एक हो । मर्यादापुरुषोत्तम श्रीराम अनन्त हुनुभएकाले उहाँका चरित्र, गाथालाई लिएर अनेकौं रामायणहरू लेखिए । पं.रामतेज पाण्डेयले संस्कृतमा *आनन्द रामायण* लेखे जसको भक्तिमती विजयश्री गौतमले नेपालीमा अनुवाद गरी २०५९ सालमा प्रकाशित गरिन् ।

जम्मा नौ काण्ड भएको यस रामायणको पहिलो सारकाण्डमा ऋषिको वचन अनुसार रावणको नाश, दोश्रो यात्राकाण्डमा सीताजीका साथ श्रीरामको तीर्थयात्रा, तेश्रो यागकाण्डमा अयोध्यामा दसाश्वमेध यज्ञ, चौथो विलासकाण्डमा श्रीरामको सीताका साथ विलाश, पाचौं जन्मकाण्डमा लवकुशको उत्पत्ति र सीतालाई पुनः स्वीकार, छैठौं विवाहकाण्डमा लव-कुशको विवाह, सातौं राज्यकाण्डमा पृथ्वीको रक्षण, आठौं मनोहरकाण्डमा रामको पूजन र नवौं पूर्णकाण्डमा सीता सहित विष्णुका अवतार श्रीरामको स्वधाम गमनको वर्णन गरिएको छ।

आनन्दलहरीः आद्य जगद्गुरु शंकराचार्यकृत *सौन्दर्य लहरी*को पूर्वार्ध मानिएको भक्तिपूर्ण यो कृति दुर्गा माताको स्तुतिको रूपमा रचिएको छ। शक्तिको उपासना गरिएको यस कृतिमा मधुर श्लोकहरू छन्।

आनन्दवल्लीः *कृष्णयजुर्वेदीय तैत्तिरीय शाखा* अन्तर्गत तैत्तिरीय आरण्यकको अंगको रूपमा रहेको *तैत्तिरीय उपनिषद्को* तीन भाग मध्ये द्वितीय भाग आनन्दवल्लीको रूपमा प्रसिद्ध छ । पहिलो भाग शिक्षावल्ली हो र तेश्रो भृगुवल्ली कहलाउँछ । ब्रह्मानन्दको चर्चा भएकाले यसलाई ब्रह्मानन्दवल्ली पनि भनिन्छ ।

यसमा आनन्द १०० गुना बढ्दै जाने क्रम यसरी बताइएको छ- चक्रवर्ती राजाको भन्दा मनुष्य गन्धर्वको आनन्द १०० गुणा बढी हुन्छ । यसै क्रमबाट आनन्द बद्ढै जान्छ -

मनुष्य गन्धर्व → देव गन्धर्व → पितृहरू → आजानज देवता (सत्कर्म गरी देवता भएका) → कर्म देवता → वसु, रुद्र → इन्द्र → वृहस्पति → प्रजापति (विराट) → हिरण्यगर्भ (ब्रह्मा) ।

विषयजन्य आनन्द ब्रह्माको सबभन्दा बढी बताइएको छ । तर ब्रह्माको आनन्द चाहिं आत्मानन्द रूपी समुद्रको एक विन्दु मात्र हो । त्यति मात्र होइन ब्रह्मको आनन्दलाई जान्ने ब्रह्मविद् भयबाट मुक्त हुन्छ भनिएकोछ-आनन्दं ब्रह्मणो विद्वान् न बिभेति कुतश्चनेति । *(आनन्दवल्ली अनु ८ र ९)*

आपत-धर्मः आपत पर्दा अपनाइने वृत्ति । *भागवत*मा भनिएको छ- ब्राह्मणले अध्यापन अथवा यज्ञ-यागादिबाट जीविका चलाउन सकेन भने वैश्य-वृत्ति अर्थात् व्यापार आदिको आश्रय लेओस् र विपत्ति हटे पछि आफ्नै वर्णको वृत्तिमा फर्कोस् तर उसले नीच व्यक्तिको सेवा (श्वानवृत्ति) नगरोस् ।

यसैगरी क्षत्रीले प्रजा-पालन गर्दै जीविका चलाउन सकेन भने वैश्यवृत्ति गरोस् । ठूलै विपत्ति पर्दा शिकार गरेर या विद्यार्थीहरूलाई पढाएर आपत्तिका दिन कटाओस् तर नीच व्यक्तिको सेवा चाहिं नगरोस् । त्यस्तै वैश्यले पनि आपत-धर्मको रूपमा शूद्रको वृत्ति

लेओस् अर्थात् सेवाद्वारा जीवन-निर्वाह गरोस् ।[♦] *महाभारत* अश्वमेधिक पर्वमा आपत-धर्म बारे प्रकाश पारिएको छ ।

आप्तकाम : जसका कामनाहरू पूरा भैसकेका छन्, अब कुनै कामना छैनन्, जो आत्मकामी छ त्यस्तो ज्ञानीलाई आप्तकाम भनिन्छ । श्रुतिमा आप्तकामलाई ब्रह्मज्ञानी भनेर बताइएको छ । अकाम, निष्काम, आप्तकाम र आत्मकाम पुरुषको प्राण उत्क्रमण गर्दैन । उसले ब्रह्म नैं रहेर ब्रह्मपद प्राप्त गर्छ ।[❀]

आप्तोपदेश : ऋषिको (*हेर्नू ऋषि*) वचन । आप्तपुरुषको उपदेशलाई आप्तोपदेश, आप्तवचन या आप्तवाक्य भनिन्छ । आप्तवाक्यलाई न्याय दर्शनमा चौथो प्रमाण (*हेर्नू अनुमानादि प्रमाण*) मानिन्छ । साक्षात्कृतधर्मा आप्तपुरुष हो । जसले प्रत्यक्ष अनुभवलाई ठीक ठीक ढंगले बताउँछ त्यस्तो व्यक्तिको उपदेश मान्य हुन्छ । वेदवाक्य पछि आप्तवचन मान्य ठहरिएको छ । गौतम ऋषिले आप्तोपदेशलाई दृष्टार्थ र अदृष्टार्थ भनेर भेद गरेका छन् । प्रत्यक्ष जानेको विषय दृष्टार्थ हो भने अनुमानद्वारा जानिने स्वर्ग, अपवर्ग (*हेर्नू अपवर्ग*), पुनर्जन्म आदि अदृष्टार्थ अन्तर्गत पर्छन् । अदृष्टार्थका सम्वन्धमा वेदवाक्य नै प्रामाणिक मानिन्छ ।[⁂]

आभास : चमक, प्रकाश या प्रतिविम्ब । घाम लागेको बखतमा घर भित्र उज्यालो हुन्छ त्यसैलाई आभास भनिन्छ । वेदान्तमा आभाससँग सम्वन्धित शब्दहरू जस्तो चिदाभास,आभासात्मक ज्ञान प्रचलित छन् । चिदाभास आत्माको आभास (जीव) हो । आभासात्मक ज्ञान परोक्ष

[♦] *भाग. ११।१७।४७-४९*

[❀] *वृह. उप. ४।४।६*

[⁂] *डा. पाण्डेय-हि. धर्मकोश*

ज्ञान हो, अपरोक्षानुभूति होइन । त्यसैले त्यस्तो ज्ञानवाट दुःख निवृत्ति हुन्न ।

चिदाभास भन्नु चिज्जड्-ग्रन्थि हो । यसैको नाम हो त्वंपदार्थ । चित्तको आभास जड देहमा परेपछि देहात्मभाव खडा हुन्छ । आभासद्वारा नै जडको स्फुरण हुन्छ । आभासेन घटा स्फुरेत् भन्ने तथ्य छँदैछ । आभासका लागि सक्कली वस्तुको खाँचो पर्छ जुन चित् हो । दुवै मिलेर चिदाभास बन्दछ । त्वंपद शोधनपछि आभास हट्छ । यो चित्को मात्र अनुभूति हुन्छ, जसलाई अशोधित तत्त्वंपदार्थ भनिन्छ ।[Ψ]

परामनोविज्ञानमा पूर्वाभास शब्द प्रचलित छ । कुनै मानिसलाई पछि हुने घटनाको स्वप्नबाट या जाग्रतमै आभास (प्रकाश) भयो भने त्यसलाई पूर्वाभास भनिन्छ । मानिसको बुद्धि कालावच्छिन्न हुन्छ तर उसको आत्माको प्रकाश या ज्ञान त कालातीत भएकोले भविष्यको घटना साधकलाई अगाडि नै बोध हुनु स्वाभाविक छ । आत्मज्ञानी या योग साधनावाट सिद्धि प्राप्त योगी त्रिकालज्ञ हुन्छन्, यो कुनै आश्चर्यको कुरा होइन । जहाँ मनोविज्ञान या परामनोविज्ञान पुग्न सकेको छैन त्यहाँ वेदान्त ज्ञान पुगिसकेको छ ।

आम्नाय : वेद, वैदिक वाङ्मय । आम्नाय वचनं सत्यमित्ययं लोकसंग्रह *(महाभारत)* भनेर वैदिक वाङ्मयलाई सत्य र प्रामाणिक मात्र होइन, लोकहितकारी पनि बताइएको छ । आस्तिक दर्शनहरूको स्रोत आम्नाय हो । वेदान्तलाई आम्नायमस्तक भनिन्छ ।

आयुर्वेद : आयुर्वेद उपवेद हो । यसको स्रोत अथर्ववेद हो । यो चिकित्सा शास्त्र हो । ब्रह्म प्राप्तिका लागि साधक एवं मुमुक्षुको शरीर निरोगी र मन स्वस्थ, स्वच्छ हुनुपर्छ । त्यसैले प्राचीन ऋषि-मुनिहरूले

Ψ *डा. दी. घिमिरे-गीता त. प्रकाश*

आयुर्वेदको परिभाषा यसरी गरेका छन्-हितकारी, अहितकारी, सुखमय र दुःखमय आयुका सम्बन्धमा, त्यस आयुको हित गर्ने (पथ्य कुरा), अहित गर्ने (अपथ्य कुरा), अनि त्यसको मान (प्रमाण, अप्रमाण) एवं आयुको स्वरूप-यी सबै कुरा बताइएको शास्त्र आयुर्वेद हो ।[१६]

आयुर्वेदको आत्मविद्या या वेदान्तसँग प्रत्यक्ष सम्बन्ध रहेको नदेखिए पनि आयुर्वेदका ज्ञाता ब्रह्मचिन्तक ऋषि-मुनिहरू थिए । जस्तो महर्षि सुश्रुत, महर्षि आत्रेय; उनका प्रधान शिष्य आचार्य अग्निवेश, चरक आचार्य आदि । आयुर्वेद ग्रन्थ शुरुमा अग्निवेशले लेखे । *अग्निवेश-तन्त्र* त्यस पुस्तकको नाउँ थियो । त्यसैलाई चरक आचार्यले प्रतिसंस्कार गरेपछि *चरकसंहिता* नाम रहन गयो । *(ऐजन १।५५)*

*चरकसंहिता*मा आत्माका सम्बन्धमा भनिएको छ-आत्मामा कुनै प्रकारको विकार हुँदैन । मन र शरीर जस्तो त्यो रोगको आश्रय हुँदैन । आत्मा अत्यन्त सूक्ष्म र सर्वश्रेष्ठ तत्व हो । आत्मा कहिल्यै केही नहुने नित्य छ । साक्षीस्वरूप छ, दर्शक छ । सांसारिक क्रियाहरूलाई ऊ तटस्थ भावले हेर्दछ मात्र । आफू त्यसमा मुछिँदैन । त्यसकारण उसमा राग, द्वेष जस्ता विकारहरू हुँदैनन् ।

आर : ब्रह्म लोकमा पुण्यात्माले प्रवेश गर्नु अघि आर नामक महान् जलाशय तर्नुपर्छ । यो जलाशयलाई मार्गको बिघ्न बताइन्छ । काम, क्रोधादि शत्रु(अरि)ले त्यसको निर्माण गरेकाले त्यसलाई आर भनिएको हो । अज्ञानी मानिस त्यसको नजिक आउँदा नै डुब्छ तर ज्ञानी चाहिं संकल्पले तर्छ ।[१७]

आरण्यक : वैदिक वाङ्मयलाई चार भागमा विभाजन गरिएको छ-वेद, उपनिषद् *(हेर्नू उपनिषद्)*, आरण्यक र ब्राह्मण ग्रन्थ । उपनिषद् र ब्राह्मण ग्रन्थको बीचको साहित्य आरण्यक हो । सामान्यतया धार्मिक

---

१६ डा. दे. पौडेल(अनु)-चरक संहिता -१

१७ कौषी. उप. १।३।४

क्रियाकलापयुक्त एवं रूपकमय भागलाई आरण्यक भनिन्छ । ब्राह्मण ग्रन्थमा चाहिं कर्मकाण्डका मुख्य प्रश्नहरूको समाधान र विचारहरू संकलित छन् । यी ग्रन्थ यज्ञमा काममा लगाइन्थे । अरण्यमा अध्ययन गरिने भएकाले आरण्यक नामाकरण गरिएका यी ग्रन्थहरूको ती अरण्यवासी मुनिहरू र विरक्त साधुहरूले अभ्यास गर्थे जसले सांसारिकता त्यागेका छन् । तिनको अभ्यास तीन प्रकारवाट हुन्थ्यो- क.तपस्या ख.यज्ञ ग.ध्यान । उनीहरू ठूल-ठूला यज्ञ गर्दैनथे । यस्ता अरण्यवासी ऋषिहरूको सजीव वर्णन *रामायण*मा पाइन्छ ।♦

आरण्यकको अन्त्यमा आउने परिशिष्ट उपनिषद् हुन् । ब्राह्मण ग्रन्थ झैं आरण्यक पनि पुरोहितहरूलाई पढाइन्थ्यो । तर अगिल्लो भन्दा यसमा भिन्नता रहस्यात्मकताको हो । केही कार्य गोप्य रूपमा पनि गर्नुपर्थ्यो । रूपक, रहस्य, ध्यानादिमा जोड दिइएको यस भागलाई महत्वपूर्ण ठानिन्थ्यो । गुरुकुल शिक्षा पूरा भएका, गृहस्थ बन्न नचाहने अरण्यवासी साधु नै आरण्यकको अभ्यास गर्थे । यिनीहरूलाई वैखानस (वानप्रस्थ) भनियो । प्रमुख आरण्यक ग्रन्थ यस प्रकारका छन्-

क. ऋग्वेदको आरण्यक

१. **ऐतरेय आरण्यक** : यसका पाँच ग्रन्थमध्ये दोस्रो ग्रन्थको उत्तरार्धका चार परिच्छेदमा उपनिषद् प्रतिपादन गरिएको पाइन्छ । त्यसैले त्यो *ऐतरेय उपनिषद्* कहलाउँछ । चौथो आरण्यकको संकलन शौनकका शिष्य आश्वलायनले गरेका हुन् ।

२. **सांखायनारण्यक (कौषीतकि आरण्यक)** : यसका तीन खण्ड छन्- प्रथम र द्वितीय कर्मकाण्डसँग सम्बन्धित छन् (त्यसैले ती ब्राह्मण पनि कहलाउँछन्) भने तेस्रो खण्डलाई *कौषीतकि उपनिषद्* भनिन्छ ।

♦ *डा पाण्डेय-हि.धर्मकोश*

ख. यर्जुर्वेदको आरण्यक

१. **शुक्ल यर्जुर्वेदीय-बृहदारण्यक** : यो आरण्यक उपनिषद्को रूपमा प्रसिद्ध छ ।

२. **कृष्ण यजुर्वेदीय-तैत्तिरीय आरण्यक र मैत्रायणी आरण्यक**

ग. सामवेदको आरण्यक

१. **तलवाकारण्यक** : (या *जैमिनीयोपनिषद् ब्राह्मण*)

२. **छान्दोग्यारण्यक** : यो आरण्यगान पनि कहलाउँछ ।❖

अथर्ववेदको पनि आरण्यक छन् । आरण्यकहरूमा आत्मा, परमात्मा, सृष्टि, ज्ञान, कर्म, उपासना, प्राणको महत्ता, कालको विवेचना, प्रतीकोपासना जस्ता विषयहरू समावेश गरिएका छन् । प्राणको उपासना यसरी गरिएको पाइन्छ-सोऽयमाकाशः प्राणेन बृहत्या-विष्टब्धः । एवं सर्वाण भूतानि आपिपीलिकाभ्यः प्राणेन बृहत्या विष्टब्धनीत्येवं विद्यात ।◈

अर्थात् प्राणले गर्दा आकाशरूपी विश्व टिकेको छ । प्राणको शक्तिबाटै आकाश आफ्नो स्थानमा छ । त्यस्तै ठूलो प्राणीदेखि कमिलासम्म सबै प्राणद्वारा नै सजिव भएका छन् ।

एक आरण्यकमा मनुष्य शरीरलाई दैवी वीणासँग तुलना गरिएको काव्यात्मक अभिव्यक्ति यस्तो छ-अथ इयं दैवी वीणा भवति, तदनुकुतिरसौ मानुषी वीणा भवति ।...इदमस्तु, यदमीहते ।● त्यो वीणाको जे जस्तो संकल्प छ, त्यो स्वीकार्य छ भनेर मन्त्रको अन्त्यमा भनिएको छ । मनुको भनाइ छ-योगाभिलाषी पुरुषले योगशास्त्र र आरण्यक पढ्नु पर्छ) । *(मनु. ४।१२४)*

❖ *ऐ.कोश*

◈ *ऐत.आरण्यक २।१।६*

● *शां.आरण्यक ८।९*

आराधना : आराध्य प्रति गरिने पूजाअर्चना *(हेर्नू अर्चना),* प्रसन्नता, उपासना, भक्ति । *गीता*मा भगवान् 'आराधन' शब्द प्रयोग गर्दै भन्नुहुन्छ-ममा श्रद्धाले युक्त भएर उपासकले जुन देवता या रूपको आराधना गर्छ उसले मद्वारा सम्पादन गरिएका भोगहरू आराधित देवता मार्फत पाउँछ -

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।
लभते च ततः कामान्मयैव विहितान्हि तान् ॥ *(७।२२)*

आचार्य शंकर आफ्नो ग्रन्थ *सौन्दर्यलहरीमा* शिव शक्तिसँग युक्त भएर मात्र सबै कार्य गर्न सक्छन् तर एक्लै रहेमा स्पन्दनहीन तथा निष्क्रिय रहन्छन् भन्दै शक्तिको महिमा देखाउँछन् -

अतस्त्वामाराध्यां हरिहरविरञ्च्यादिभिरपि
प्रणन्तं स्तोतुं वा कथमकृतपुण्यःप्रभवति ।[✤]

शक्ति वास्तवमा ब्रह्मा, विष्णु र शिवद्वारा पनि आराधनायोग्य छिन् । उनी स्तुति गर्न, सम्मान गर्न योग्य छिन् । भगवान् राम लोकको आराधनाका खातिर जानकीलाई त्याग्नु परे पनि मलाई दुःख लाग्ने छैन भन्नुहुन्छ-यदि वा जानकीमपि आराधनाय लोकानां मुञ्चतो नास्ति मे व्यथा ।[ॐ]

आरुणिकोपनिषद् : स-साना आकारका एवं थोरै मन्त्रहरू भएका उपनिषद्हरू मध्ये आरुणिकोपनिषद् पनि एउटा हो । प्रजापतिका पुत्र आरुणिले प्रजापति लोकमा पुगेर पितासँग कर्म-त्याग र संन्यासका सम्बन्धमा सोधेको र पिताले उनलाई उपदेश दिएको प्रसंग यसमा

✤ *सौ. लहरी-१*
ॐ *भवभूति-उ रामचरित्त-१।१२*

समावेश भएको पाइन्छ । प्रश्नकर्ता आरुणिको नाममा यस उपनिषद्को नामाकरण गरिएको छ ।

प्रजापतिले भन्नु भयो-कर्म-त्याग गर्न चाहनेले एकेक लट्ठी, पछेउरी र कौपीन लिएर अन्य सर्वस्व विसर्जन गर्नु पर्छ । ब्रह्मचर्य पालन गरोस् । ओखती खाए झैं खानपिन गर्नु पर्छ .... । त्रिसन्ध्यामा स्नान र समाधिमा रहनु पर्छ । वेदवेदाङ्ग, मध्ये आरण्यक(*हेर्नू आरण्यक*)को अभ्यास, उपनिषद्को अध्ययन, आवृत्ति गर्नु पर्छ । उसले भूईंमा सुत्नु पर्छ, काम, क्रोध, लोभ, मोह, दम्भ, इच्छा, डाह, हर्ष, रोष, ममता, अहंकार त्याग्नु पर्छ । यसरी यस उपनिषद्मा ब्रह्माजीको उपदेश समावेश गरिएको छ ।*

आरुरुक्ष : आरुरुक्ष भनेको योगको पर्वतको शिखरमा उक्लिरहेको साधक हो । यस्ता साधक कर्तव्य कर्म, निष्काम कर्म या फल त्याग गरी कर्म गर्दै जाँदा योगको शिखरमा पुग्न सक्छ । आरुरुक्षका लागि यी कर्म नै कारण हुन् । तर योगारूढ अर्थात् योग पर्वतको शिखरमा पुगिसकेको योगीका लागि कर्मरूप आरोहण आवश्यक छैन । योगको शिखरमा पुगिसकेकाले उसले शान्ति (शम) प्राप्त गर्छ । त्यो शान्ति या आनन्दले गर्दा ऊ परमात्मा-प्राप्तिकालागि अग्रसर हुन्छ ।

(गीता ६।३)

आरोप : अध्यारोप *(हेर्नू अध्यारोप)* । पहिले असत्, काल्पनिक वस्तुको आरोप गरिन्छ अनि त्यसको अपवाद*(हेर्नू अपवाद)* गरेर अधिष्ठान स्वरूप ब्रह्म बारे बताइन्छ-वेदान्तशास्त्रको यो प्रक्रिया हो । यस दृष्टिले जगत् पनि आरोपित वस्तु हो त्यसैले यो सुषुप्तिमा रहँदैन ।

---

* *वसन्त कु..-उप.प्रसंग*

तर सुषुप्तिको प्रकाशक साक्षी चैतन्य चाहिं वास्तविक तत्त्व हो । भनिएको पनि छ -

अतोऽभिन्न निमित्तोपादानं स्वारोपितस्यत्वम् ।
मायाविलसितंविश्वं स्यादनिर्वचनीयकम् ॥[ॐ]

अर्थात् हे परमात्मा ! तपाईंद्वारा नै आरोपित यस जगत्को तपाईं नै अभिन्न निमित्तोपादान कारण हुनुहुन्छ । विश्व तपाईंकै शक्ति अनिर्वचनीय मायाको विलास हो ।

आरोपित वस्तु अधिष्ठानदेखि भिन्न होइन भन्ने जानेको बुद्धिमान्ले ब्रह्ममा आरोपित संसार अज्ञानजन्य भ्रान्तिको कारणले नै देखिएको हो भन्ने मान्छ । जस्तो- डोरी-सर्पको उदाहरणमा सर्प-भ्रम डोरीमा नै आरोपित छ ।[ॐ] आरोपित वस्तु त्यति बेलासम्म मात्र टिक्छ जति बेलासम्म अधिष्ठानको ज्ञान हुन्न । ब्रह्मको सत्यता-बोध भएपछि जगत्को मिथ्यात्व छर्लङ्ग हुन्छ । यसलाई अध्यारोपित या आरोपित वस्तुको अपवाद गर्नु भनिन्छ ।

आत्मा सदामुक्त छ, सुखस्वरूप छ तर अज्ञानले गर्दा जीवभाव खडा भएपछि बन्धन, दुःख, ताप, भय आदिको उत्पत्ति हुन्छ । परिच्छिन्नता, सीमितता अल्पज्ञान वर्ण, जाति, आश्रमादि सबै आरोपित, कल्पित कुराहरू हुन् । तर आत्मामा यी कुनै विकार, भेद, सीमा आदि छैनन् । त्यसैले त भनिएको छ-माटो मात्र सत्य हो घैंटा, घ्याम्पा आदि नाम, रूप कल्पित हुन्, वाचारम्भण (वाणी विलास) मात्र हुन् -वाचारम्भणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम् ।[ॐ]

[ॐ] *महाविष्णु स्तोत्रम्-१९*

[ॐ] *शंकराचार्य-वि.चूडामणि ४०७*

[ॐ] *छान्दो. उप. ६।१।४*

निर्गुण ब्रह्मको प्रतिपादन सम्भव नभएकोले निषेध रूपले अर्थात् अध्यारोप गरी अपवाद गर्दै त्यस निष्प्रपञ्च तत्त्वको प्रतिपादन गरिन्छ भनेर श्रुतिले बताएको पाइन्छ-अध्यारोपापवादाभ्यां निष्प्रपञ्चं प्रपञ्चते ।

आरोप दुई प्रकारको बताइन्छ-आहार्य आरोप र अनाहार्य आरोप । यी स्त्री चन्द्रमुखी हुन् भन्नु आहार्य आरोप हो । अनाहार्य आरोप चाहिं अपरोक्ष ज्ञान हो ।*

आरोहण : आत्मोन्नति । आत्मविकास किंवा ब्रह्मज्ञान आरोहण मार्ग हो । अज्ञानले अवरोहण तिर, ओरालो, भिरालो तिर धकेलिदिन्छ र जन्म-मृत्युको चक्रमा घुमाइरहन्छ । भगवान् विष्णुका द्वारपाल जय र विजयले सनकादि मुनिहरूको श्रापबाट तीन-तीन पटकसम्म असुर योनिमा जन्म लिन पऱ्यो । यो अवरोहण हो । यसैगरी ऋषिको श्रापबाट नलकुवर रुख भए । पछि श्रीकृष्णबाट तिनको उद्धार भयो ।

वेदान्तमा बह्म-बोध नै आरोहण हो । ब्रह्मबाट अवरोहण हो देवतादि, गन्धर्वादि हुनु । निच योनि नभए पनि मनुष्य-योनि अवरोहण नै हो । चार पुरुषार्थ मध्ये मोक्षको कठिन मार्गमा लागेर मुक्त हुनु आरोहण हो । देवतादिको लोक भोगभूमि हो । भोग सकिए पछि उनीहरू मर्त्यलोकमा खस्छन् । महान् योगी अरविन्दले मानवको आरोहणलाई अतिमानस *(हेर्नू अतिमानस)* स्थिति बताएका छन् । आध्यात्मिक साधनाबाट भगवान्सँग आफ्नो सम्बन्ध स्थापित गरेपछि साधक आरोहणको शिखरमा पुग्छ । यसलाई अतिमानसको सिद्धि बताइन्छ ।

स्वामी विवेकानन्दको विचारमा आफ्नो भाग्य या कर्मफलका लागि हामी आफैं उत्तरदायी छौं भन्ने बोधले गर्दा मानिसमा परिवर्तन

---

* *नगेन्द्र वसु-हि.विश्वकोष*

आउँछ । उनी भन्छन्-जब सारा उत्तरदायित्वको वोझ हामीमै रहन्छ भने हामी आफ्नो सर्वोच्च भावमा आरोहण गर्छौं ।[◦]

स्वामीजीको भनाइमा 'शिवोऽहं' जस्तो अभयवाणीलाई गंभीरतापूर्वक आत्मसात गर्ने हो भने ज्ञान-सूर्यको उदय भै अज्ञान राशी ध्वंश हुन्छ, मोह टाढा भाग्छ ।[❖] अनि शिव स्वरूपमा आरोहण हुने नै भो ।

आर्तभक्त : प्राणको संकट, ठूलो दुःख परेको बखतमा ईश्वरको पुकारा गर्ने भक्तलाई आर्तभक्त भनिन्छ । *गीता*मा बताइएको चार प्रकारका भक्तहरू मध्ये आर्त पहिलो हो-आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ *(७।१६)* ।

दुर्गा सप्तशतीमा दुर्गा मातालाई दीन र आर्तहरूलाई त्राण दिने भनेर स्तुति गरिएको छ -

शरणागतदीनार्तपरित्राणपरायणे ।
सर्वस्यार्त्तिहरे देवि नारायणि नमोऽस्तु ते ॥[▲]

अर्थात् इन्द्रादि देवताहरूले अन्यायी, अत्याचारी असुरहरूको संहार गर्ने दुर्गा माताको स्तुति गर्दै भने-सबैको शरणागत, दीन-दुःखीको दुःख हरण गर्ने भएकी तथा आर्तभक्तहरू लगायत सबैलाई पीडा, संकटबाट मुक्तिदिने नारायणीदेवी ! तपाईलाई नमस्कार छ ।

आर्य : आर्य शब्दको अर्थ योग्य, आदरणीय, कुलीन, सत्कुलोत्पन्न पुरुष हुन्छ । आफ्नो देशका नियम र धर्म प्रति निष्ठावान् भएका व्यक्तिका लागि पनि आर्य शब्द प्रयोग हुन्छ । अनार्य, दस्यु तथा तात्कालीन

◦ *ज्ञानयोग-आत्माको मुक्त स्वभाव*

❖ *ऐजन*

▲ *दुर्गा सप्तशती-११।१२*

दासभन्दा भिन्न पहिलो तीन वर्ण प्राचीन कालमा आर्य कहलाउँथ्यो । संस्कृत नाटकहरूमा सम्मानसूचक विशेषणको रूपमा आर्य शब्द प्रयोग भएको पाइन्छ ।✂

सायणाचार्यले *ऋग्भाष्य*मा आर्यको यसरी अर्थ लगाएका छन्-विदुषे अर्थात् विज्ञ *(१।११७।२१)*, कर्मानुष्ठानतृत्वेन श्रेष्ठानि *(६।३३।१०)* अर्थात् कर्म अनुष्ठानमा श्रेष्ठ आदि ।

ऋक् संहिता (१।५।८) मा भनिएको छ-हे इन्द्र ! को आर्य हो र को दस्यु हो चिन । कुशयज्ञका ध्वंशकहरू माथि शासन गरेर आफ्नो वशमा ल्याउ । हे इन्द्र ! आर्यको सामर्थ्य तथा धन बढाइदेउ (*ऋग्वेद (१।१०३।३)* । निरुक्तकार यास्कका अनुसार ईश्वर-पुत्र आर्य हुन्-आर्यः ईश्वर पुत्रः *(६।५।३)* ।

विकसित आर्यहरूले आर्येतरहरू माथि विजय हासिल गरेर तथा उनीहरूसँग समन्वय, सामञ्जयस्य कायम गर्दै भारतवर्षमा आफ्नो साम्राज्य फैलाए र सो साम्राज्यलाई आर्यावर्त नाउँ दिए । आर्यावर्त पूर्वी समुद्रदेखि पश्चिमी समुद्रसम्म, उत्तरमा हिमालयदेखि दक्षिणमा विन्ध्यपर्वतसम्म फैलिएको थियो । यिनीहरू नास्तिक, शून्यवादी थिएनन्, बरु वहुदेववादी थिए । उर्वर मस्तिष्कका धनी, सृजनशील आर्यहरूले वेद, उपनिषद्, *महाभारत, रामायण* आदि रचे । यिनीहरूको भाषा संस्कृत उन्नत थियो भन्ने कुरा तिनका श्रुति, स्मृति र साहित्यले छर्लङ्ग पार्छन् ।

पाश्चात्य विद्वानहरूद्वारा मध्य एसियाबाट आएका मानिएका आर्यहरूमा शक र हूँणहरू पनि मिसिए । आर्यहरूभन्दा अगाडि मध्यएसियाबाट आएका तथा भारतका आदिवासी ठहरिएका नेग्रिटो, अष्टिक र द्रबिडहरूलाई पनि साथमा लिएर आर्यहरूले आर्य

✂ *आप्टे-सं.हि.कोश.*

सभ्यताको विकास गरेका हुन् ।* पं.मदनमोहन मालवीय लगायतका पूर्वेली विद्वानहरू आर्यहरू बाहिरबाट भारतवर्षमा आएका नभै भारतबाट अन्यत्र फैलिएको मानेका छन् ।

आर्यसत्यः बुद्धले आर्यसत्यको नाम दिएर चार कुरा बताए-

१. वस्तु मात्र क्षणिक र दुःखरूप छन् ।
२. संसारका क्षणिक पदार्थहरूको तृष्णा नै दुःखको मूल हो ।
३. सोपादान तृष्णा नष्ट भएपछि दुःखको अन्त्य हुन्छ ।
४.मानव हृदयबाट अहंभाव र राग-द्वेषका वृत्तिहरू हटेपछि निर्वाण प्राप्त हुन्छ ।

निर्वाणका सम्बन्धमा बुद्धले भनेका यी आर्यसत्यहरूमा र वेदान्तले बताएको मुक्तिका उपाय बारे विरोध छैन । संसार क्षणिक छ, त्यसको वासना दुःखदायी छ, तृष्णा हटेपछि दुःख नष्ट हुन्छ तथा चित्तशुद्ध हुँदै अन्त्यमा अहंकार नष्ट भएपछि मुक्ति प्राप्त हुन्छ भनेर वेदान्तले पनि बताएको छ ।

आर्यसमाज : स्वामी दयानन्द सरस्वती (संवत् १८८१-१९४०)द्वारा भारतको मुम्बैमा ई.१८७५मा आर्य समाजको स्थापना भएको हो । *सत्यार्थप्रकाश* नामक स्वामीजीको कृति लोकप्रिय हुन गएको छ । आर्य समाजका उद्देश्यहरू निम्न छन् -

क. वैदिक धर्मको पुनरुत्थान गर्नु ।
ख. विधर्मीहरूबाट हिन्दु धर्मको संरक्षण ।
ग. निर्गुण,निराकार ईश्वरमा विश्वास राख्दै मूर्ति-पूजाको विरोध ।
घ. धार्मिक कुरीतिहरूको उन्मूलन गर्नु ।
ङ. कट्टर ब्राह्मणवादको खण्डन आदि ।

छुवाछुत, बालविवाह, पशुवलिको विरोध गर्नु, वेदविहित बाहेक अन्य उपासनाको वहिष्कार गर्नु आदि क्रान्तिकारी कार्यले गर्दा आर्य

---

* *रिमाल वंशावली-भूमिका*

समाजको प्रचार मुम्बै, पञ्जाव, उत्तरप्रदेश, राजपुताना आदिमा भयो । नेपाल, म्यानमार, थाइल्याण्ड, पूर्वी अफ्रिका, दक्षिण अफ्रिका, मौरिसस, फिजी टापुमा समेत यस संस्थाको प्रचार-प्रसार भएको पाइन्छ । नेपालमा वि.सं. १९५३ मा शहीद शुकराज शास्त्रीका पिता माधवराजले पोखरामा यस संस्थाको पहिलो शाखा खोले । चन्द्रशमशेरको शासन कालमा सनातनी वैदिक विद्वानहरू र आर्यसमाजको तर्फबाट माधवराज लगायत एक जना भारतीय विद्वानका वीच सिंहदरवारमा श्री ३ को सामु शास्त्रार्थ हुँदा पराजित हुन लागेको पक्षले आर्य सामाजी पक्षमाथि कुटपिट गर्दै माधवराज घाइते भएको कुरा शहीद शुकराजले *शहीद के कलम से पुस्तकमा* लेखेका छन् । आर्य समाजीहरू वैदिक कर्मकाण्ड मान्छन् तर उपनिषद, पुराणहरूका कुरामा विश्वास गर्दैनन् ।[#]

आर्यावर्तः आर्यदेश, श्रेष्ठ तथा उत्तम (आर्य) मानिसहरूको आवास क्षेत्र । *मनुस्मृति* अनुसार सरस्वती नदीदेखि पूर्व र प्रयाग(भारत)देखि पश्चिम हिमालय र विध्य पर्वतको मध्य भागको देशलाई मध्यदेश भनिन्छ भने पूर्वी समुद्रदेखि पश्चिम समुद्र पर्यन्त एवं माथि उल्लेखित दुवै पवर्तहरू(हिमालय र विध्याचल)को बीचको देशलाई पण्डितहरूले आर्यावर्त भन्दछन् ।[$]

आर्ष : ऋषि सम्बन्धी । आर्ष प्रयोगको अर्थ ऋषि प्रयुक्त हुन्छ । आर्ष वाक्यलाई प्रामाणिक मानिन्छ । ऋग्वेदादिको भाषा वैदिक (छान्स) हो । वैदिक संहिताहरुको उत्तर कालको भाषालाई लौकिक भनिन्छ । पाणिनिको उष्टाध्यायीलाई नै संस्कृत भाषाको आर्श व्याकरण मानिएकोले शुद्ध र अशुद्ध प्रयोगको कमी त्यही व्याकरण मानियो तर

[#] *ने. साहित्य कोश*

[$] *मनु. २/२१-२२*

ऋषिहरुद्वारा रचित रामायण, महाभारत आदिमा अपाणिनीय प्रयोग पाइए पनि असुद्ध हाइन भनेर जनाउन आर्ष प्रयोग भन्न थालियो । अन्त भने अपाणिनीय प्रयोगलाई अशुद्ध नै ठहरान्छ ।

आलम्बन : आश्रय, सहारा । आत्मविकास या आत्म-साक्षात्कारका लागि शास्त्रहरूले विभिन्न उपायहरू बताएका छन् । ती उपायहरूलाई आलम्बन भनिन्छ । साहित्य-शास्त्रमा रस निष्पत्ति गराउने पुरुष या वस्तु आलम्बन हो र त्यसलाई सघाउ पुऱ्याउने माध्यम उद्दीपन हो । भक्ति-रसमा भगवान्‌को तस्वीर, मूर्ति आलम्बन हो । मूर्तिमा चढाएका फूल, अबिर, धूप आदिले उद्दीपन कार्य गर्छन् । वेदान्तले निम्न लिखित आलम्बन-भेद बताएको छ -

क. विचार (ज्ञानयोग)
ख. भक्ति (भक्तियोग)
ग. कर्म (कर्मयोग)
घ. योग (अष्टाङ्गयोग)
ङ. ध्यान (ध्यानयोग)
च. मन्त्र (मन्त्रयोग)

मुख्य रूपले एउटा आलम्बनमा मनलाई नित्य, निरन्तर लगाइरहनु आवश्यक छ । विचार आलम्बनका साधकले मनलाई फकाउनु पर्छ-हे मन ! यत्तिका वर्षसम्म तँ भड्किस्, संसारमा सुख खोजिस्, भोगमा आफूलाई भुलाइस् र दुःख पाइस् । तँ आकाश जस्तो छस्, सर्वतोमुखी छस् । तेरो पारी केही छैन, सबै तँ होस् तापनि तँ परमार्थतः सत्य होइनस् ।[≡] आचार्य शंकर विचारको आलम्बनलाई मुख्य मान्छन्-वस्तुसिद्धिर्विचारेण न किञ्चत् कर्मकोटिभिः[⊗] अर्थात् आत्मप्राप्ति विचारबाटै हुन्छ र कोटि कर्मबाट पनि आत्मवस्तु उपलब्ध हुन्न ।

≡ *अव. गीता-१।९*

⊗ *वि. चूडामणि-११*

आवरण शक्ति : माया *(हेर्नू ईश्वरीय माया)*का दुई शक्ति मध्ये पहिलो हो आवरण शक्ति र अर्को हो विक्षेप शक्ति । आवरणलाई अज्ञान पनि भनिन्छ । आवरण पछि नै विक्षेप खडा हुन्छ । आवरण मूल जरा हो । संसारको कारण नै आवरण हो । शंकराचार्य भन्छन्-

अन्तर्दृग्दृश्ययोर्भेदं बहिश्च ब्रह्मसर्गयोः ।
आव्रणोत्यपराशक्तिः सा संसारस्य कारणम् ॥✠

अर्थात् आवरण शक्तिको कारणले गर्दा नै विमोहित मानिसले दृग्दृश्य विवेक गर्न सक्तैन अनि ब्रह्म र जगत्को भेद जान्न सक्तैन । यो शक्ति संसारको कारण हो ।

म द्रष्टा हुँ, दृश्यसँग म असङ्ग *(हेर्नू असङ्ग)* छु, दृश्यको कारणले म विकारगस्त हुनहुन्न, दृश्य काल्पनिक हो, स्वप्नवत् छ, म द्रष्टा मात्र साँचो हुँ भनेर साधकले विवेक गर्न थाले पछि मायाको आवरण शक्तिको कुइरो हट्न थाल्छ, भित्री प्रकाशको दर्शनरूप न्यानोपन अनुभव गर्न थाल्छ । आवरण हटेपछि नै द्रष्टाभावभन्दा पनिभित्र पसी साक्षीभाव बोध हुन थाल्छ । मायाको तमोगुणप्रधान शक्ति नै आवरण हो । शंकराचार्यको भनाइमा तमोगुणको आवरण शक्तिको कारणले एउटा वस्तु अर्को रूपमा देखापर्छ । संसारको आदि कारण यही हो । यही नै विक्षेप शक्तिको प्रसारको हेतु पनि हो । ◆

आद्य जगद्गुरु पुनः आवरण शक्तिको करामत देखाउँदै भन्छन्-कोही बुद्धिमान्, विद्वान् होस्, चतुर र शास्त्रका अत्यन्त सूक्ष्म अर्थज्ञाता नै किन नहोस् आवरण शक्तिले ढाकेको छ भने राम्ररी सम्झाउँदा पनि सम्झदैन, भ्रमद्वारा आरोपित पदार्थहरूलाई नै सत्य सम्झन्छ र तिनका

✠ *दृग्दृश्य विवेक (वाक्य-सुधा)-१५*

◆ *वि. चूडामणि -११५*

गुणकै आश्रय लिन्छ । त्यसैले हटाउन अति कठिन यो आवरण-शक्ति बडो प्रबल छ-हन्तासौ प्रबला दुरन्ततमसः शक्तिमहत्यावृतिः ।* आवरण शक्तिको बोध सुषुप्तिमा गर्न सकिन्छ । सम्पूर्ण जगदादि प्रपञ्च र मन, बुद्धि आदि अज्ञानमा लय भएर साक्षी चैतन्य मात्र रहेको अवस्था हो सुषुप्ति । वेदान्त-शास्त्र अनुसार मायाको आवरण शक्तिले जसलाई वरण गर्छ उ आजन्म मोहित हुन्छ । ऊ महाअभागी हो । उसले चार पुरुषार्थ मध्ये अर्थ र काम दुई उपलब्धि त हासिल गर्ला तर धर्म र मोक्षबाट बञ्चित हुनाले ऊ आत्महत्यारा हो । दुर्लभ मनुष्य-योनि सुलभ हुँदा, गुरुलाई माझीको रूपमा पाउँदा पनि भवसागर जसले तर्न सकेन उसले आत्महत्या गऱ्यो भनिएको छ -

नृदेहमाद्यं सुलभं सुदुर्लभं
प्लवं सुकल्पं गुरुकर्णधारम् ।
मयानुकूलेन नभस्वतेरितं
पुमान्भवाब्धिं न तरेत् स आत्महा ॥

(भाग ११।२०।१७)

मनका दोष किवा मैलो आवरण बाहेक मल र विक्षेप पनि हो । निष्काम कर्मबाट मल दोष हट्छ । भक्तिबाट विक्षेप नष्ट हुन्छ र ज्ञानबाट आवरण निर्मूल हुन्छ ।

श्रवण, मनन र निदिध्यासनपूर्वक साधना गर्दै गएको साधकलाई आत्म-साक्षात्कार *(हेर्नू आत्म-साक्षात्कार)* हुन रोक्ने चाहिं आवरण नै हो । आवरण दुई प्रकारको बताइएको छ-असत्त्वापादक र अभानापादक । पहिलो आवरणले ब्रह्म(आत्मा)को अस्तित्व नमान्ने, नजान्ने बुद्धि खडा गर्छ । यो आवरणलाई हटाउन परोक्ष ब्रह्मज्ञान सक्षम छ ।

---

* *ऐजन-११६*

अभानापादक *(हेर्नू अभानापादक)* आवरण चाहिं ब्रह्म-साक्षात्कार हुन नदिने अज्ञान हो । चित्त शुद्ध भएको अर्थात् मल र विशेष हटेको अवस्थामा मुमुक्षुले जब श्रोत्रिय-ब्रह्मनिष्ठ गुरुबाट 'तत्त्वमसि' आदि महावाक्य श्रवण गर्छ अनि दृढ अपरोक्ष ब्रह्मज्ञान प्राप्त गर्छ त उसको अन्तःकरणबाट अभानापादक आवरण हटी अभेददर्शन हुन्छ र ऊ कृतकृत्य बन्छ ।[⊗] यही अज्ञानले गर्दा परोक्ष ब्रह्मज्ञान गर्ने साधकलाई अपरोक्षानुभूति भएको हुन्न । अभानापादक आवरणले गर्दा सत्संगी भन्छ-ब्रह्म छ भन्ने विश्वास त छ, शास्त्र, गुरुले बताउनु भएको कुरालाई म सत्य मान्छु तर अनुभव*(हेर्नू अनुभव)*मा आएको छैन । *महाभारत*मा कर्णलाई 'राधेय' भावले पूर्ण रूपमा नछोडेको अवस्थामा 'कौन्तेय हुँ' भन्ने दृढ विश्वास भएको थिएन ।

आविर्भाव : वस्तुहरूको प्राकट्य । वस्तुहरू कहिल्यै नष्ट हुन्न । ती प्रकट हुन्छन् जसलाई अविर्भाव भनिन्छ । ती अप्रकट पनि हुन सक्छन् जसलाई तिरोभाव भनिन्छ । बल्लभाचार्यको शुद्धाद्वैत दर्शनमा आविर्भाव र तिरोभाव दुई पारिभाषिक शब्द प्रयोग भएको पाइन्छ । जगत्मा सत्, चित् र आनन्दस्वरूप परमात्माको सत्को मात्र आविर्भाव देखिन्छ, चित् र आनन्दको तिरोभाव छ । जीवमा सत् र चित्को आविर्भाव छ भने आनंन्दको तिरोभाव देखिन्छ । आनन्दलाई प्रकट गर्नु नै उसको लक्ष्य हो । साधना, पुरुषार्थद्वारा आनन्दको अविर्भाव गरेपछि मनुष्य दुःख, भय, कुण्ठादि विकृतिबाट मुक्त हुन्छ ।

आशा : वेदान्तमा आशालाई आसक्ति *(हेर्नू आसक्ति)* तथा दुःखको वीजको रूपमा लिइन्छ । लोकोक्ति पनि छ -'सास छउन्जेल आस' अर्थात् आशाले प्राण छउन्जेल छाड्दैन । आशालाई बन्धनमा पार्ने पासो भनिएको छ । त्यसैले आशालाई गाल्नु पर्छ, पगालिदिनु पर्छ ताकि त्यसले विपत्ति नल्याओस्-

---

⊗ *हरिनाथ-वेदान्त विचारसार*

निर्ममो निरहंकारो न किञ्चिदिति निश्चितः ।
अन्तर्गलितसर्वाशः कुर्वन्नपि न लिप्यते ॥[☺]

अर्थात् भित्रदेखि नै सबै आशाहरू गलिसकेको तथा आशा गरेर प्राप्त गर्नु पर्ने केही पनि छैन भन्ने निश्चयपूर्वक जानिसकेको, ममतारहित, अहंकारशून्य व्यक्तिले कर्म गरे पनि लिप्त हुँदैन ।

मुनि अष्टावक्र राजा जनकलाई ज्ञानी बन्न उपदेश दिंदै भन्छन्- जसले आफूलाई पूर्णरूपमा आत्मवस्तु भनेर जान्यो उसका लागि मनमा आएका सुख-दुःख समान छन्, आशा-निराशा पनि समान छन्, कहाँसम्म भने जीवन र मृत्यु पनि समान छन् । यस्तो ज्ञानी बनेर तिमीले मोक्ष प्राप्त गर -

समदुःखसुखपूर्ण आशानैराश्ययोःसमः ।
समजीवित मृत्युः सन्नेवमेव लयं व्रज ॥[✍]

*अवधूत गीता*मा आशापासविनिर्मुक्त आदिमध्यान्तनिर्मलः भनेर अवधूतको लक्षण बताइएको छ । अर्थात् आशाको पासोबाट मुक्त भएको, सम्पूर्ण रूपमा निर्मल, शुद्ध हृदय भएको व्यक्ति अवधूत हो ।

आशुतोषः 'आशु'को अर्थ तुरुन्तै र 'तोष'को अर्थ अनायास प्रसन्न हुने हो । यो शिवको उपाधि हो । त्रिदेव ब्रह्मा, विष्णु र महेश्वरमा महेश्वर नै भक्त प्रति छिटो खुशी हुने ईश्वर हुनुहुन्छ । त्यसैले उहाँ नै यस उपाधिबाट विभूषित हुनुहुन्छ । कल्याणकामी शंकरलाई मनुष्य, सुर, असुर जसले भक्ति गरे पनि उहाँ छिट्टै खुशी हुनुहुन्छ र वरदान दिनुहुन्छ । एक असुरले उहाँबाट प्राप्त 'हत्केलाले छुँदा शत्रु भष्महुने' वरदान उहाँमाथि नै प्रयोग गरी पार्वती पाउन खोज्दा

☺ *अष्टा. गीता १७।१९*

✍ *ऐ.५।४*

शिवजी भाग्नु भयो र विष्णुले उहाँलाई बचाइदिनु भयो । यो कुरा भष्मासुरको कथाबाट बोध हुन्छ । छिटो खुशी हुनेहरू वास्तवमा परिणामको विचार गर्दैनन् । शिवजी पनि परिणाम बारे पर्वाह गर्नु हुन्न ।

उहाँ छिटो खुशी हुने मात्र होइन क्रोध पनि छिटै त्यागेर क्षमा गर्नु हुन्छ । आफ्नो कोपले कामदेव भष्म भैसके पछि रतिको स्तुति-भक्तिबाट शिव तुरुन्तै प्रसन्न हुनुभयो र उहाँले उनका पति कामदेव एक युगपर्यन्त अंगहीन भएर रहने तथा द्वापर युगमा अनिरुद्ध (श्रीकृष्णका नाति)को रूपमा पुनर्जन्म पाउने वरदान दिनुभयो ।

आशुतोष भगवान् आफ्नो भक्ति जानेर गरिएको होस् या नजानेर गरिएको होस् पर्वाह नगरी प्रसन्न भैहाल्नु हुन्छ भन्ने कुरा शिवरात्रिका समयमा भोको व्याधाले बेलको रुखमा चढेर शिकार ढुकेको र बेलपत्र टिपेर खसाल्दा रुखमुनि रहेको शिवलिङ्गमा परी उहाँ खुशी हुनु भै शिकारीको उपकार गरिदिनु भएको कथाबाट बोध हुन्छ । त्यसैगरी अर्को प्रसङ्गमा एक शिकारी दिनभर शिकार नमिल्दा भोकै रह्यो र रातको समयमा शिव मन्दिरमा पसेर स्वर्णछत्र चोर्ने उद्देश्यले शिव लिङ्गमा चड्यो । शिवजीले के ठान्नु भयो भने भक्तले उपवास बसेर मेरो मूर्तिमा चढी आफैंलाई अपर्ण गऱ्यो । नीलकण्ठ शिव तुरुन्तै प्रकट हुनुभयो र उसलाई वरदान दिनु भयो ।[१]

शिव-शंकरलाई खुशी पार्ने उपाय हो-रामको नाम जप । राम उहाँको आराध्य हुनुहुन्छ । वास्तवमा रामभक्तिबाट शिवजी खुशी हुनुहुन्छ -

---

[१] स्वा रामसुख-सु-सिन्धु-(भगवान् शंकर लेख)

अहं भवन्नाम गृणन्कृतार्थो
वसामि काश्यामनिशं भवन्या ।
मुमूर्षमाणस्य विमुक्तयेऽहं
दिशामि मन्त्रं तव राम नाम ॥◆

अर्थ-प्रभु ! तपाईंको नामोच्चारणबाट कृतार्थ भएर पार्वतीका साथ म काशीमा रहन्छु र मर्न लागेको व्यक्तिको मुक्तिका लागि तारक मन्त्र 'राम' सुनाउँछु ।

आश्चर्य : ज्ञानीको दृष्टिमा अज्ञानीका गतिविधि या जगत् आश्चर्यजनक छ । चटकीले चटक देखाउँछ, दर्शकहरू आश्चर्यचकित हुन्छन् तर चटकको रहस्य जान्ने चटकीलाई आफ्ना गतिविधि सामान्य लाग्छन् । आत्मज्ञानीका लागि आश्चर्यजनक कुरा केही छन् भने ती तथाकथित ज्ञानीका सांसारिक गतिविधिहरू नै हुन् । *अष्टावक्र गीता(३।५)*मा ब्रह्मज्ञानी अष्टावक्र भन्छन्-आफू नै सबै जगत् भएको तथ्य जान्ने मुनिजनमा पनि जगत्मा ममता हुनु आश्चर्यको कुरा हो । शास्त्रज्ञान भएको तर मनोनाश र वासनाक्षय नभएका प्रज्ञावादीका कार्यलाई यहाँ आश्चर्यजनक बताइएको छ । दुःखदायी संसारमा अत्यन्त आसक्ति हुनु र आनन्ददायक आत्म-तत्त्वको खोज नहुनु-यो व्यामोह कम आश्र्यजनक छ ?

त्यसैगरी भनिएको छ-ज्ञानको शत्रु नै काम हो भन्ने कुरा बुझिसकेको मानिस पनि विषय-वासनाकै पछि लाग्नु कस्तो आश्चर्यजनक कुरा ! मर्न लागेको व्यक्तिले भोगको इच्छा गर्नु जस्तो आश्चर्यजनक कुरा के होला ? *(ऐजन ३।७)*

योगेश्वर श्रीकृष्ण *गीता*मा अज्ञानीहरूका आत्माका सम्बन्धमा विभिन्न आश्चर्यजनक प्रतिक्रिया दर्शाउँदै भन्नुहुन्छ -

---

◆ *अ रामायण (यु काण्ड १५।६२)*

आश्चर्यवत्पश्यति कश्चिदेन-
माश्चर्यवद्वदति तथैव चान्यः ।
आश्चर्यवच्चैनमन्यः श्रृणोति
श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥ *(२।२९)*

अर्थात् अज्ञानीहरूमध्ये कोही आत्मालाई अद्भूत वस्तु मान्छन्, कोही आश्चर्यजनक वस्तु भनेर वयान गर्छन् तथा कोही आत्मा बारे सुनेर चकित पर्छन् । कोही-कोही आत्मा बारे जति सुने पनि बुझ्दैनन्, कस्तो आश्चर्य ! गजेन्द्रमोक्ष*(भागवत)*मा संकटमा परेको हात्ती अनन्तशक्ति सम्पन्न परब्रह्म परमात्माको स्तुति गर्दै भन्छ-उहाँ अरूप भए पनि बहुरूप बन्नुहुन्छ, यसरी जसको कर्म आश्चर्यजनक छ उहाँलाई म नमस्कार गर्छु-

तस्मै नमः परेशाय ब्रह्मणेऽनन्त शक्तये ।
अरुपायोरुपायनमःआश्चर्यकर्मणे *(गजेन्द्रमोक्ष-९)*

*तैत्तरीयोपनिषद्*को अन्तिम मन्त्रमा परमात्मासँग एकता प्राप्त गरेको महापुरुष आश्चर्यबोधक शब्द 'हाइबु हाइबु हाइबु' उच्चारण गर्दै आफ्नो महिमा बताउँछन्-बडो आश्चर्यको कुरा छ ! भोगवस्तु (अन्नादि) भोग्ने बेला जीवात्मा र यी दुवैको संयोग गराउने परमेश्वर एक म नै हुँ । म देवताहरू भन्दा पनि पहिले विद्यमान अमृतको केन्द्र हुँ, झुल्किएको सूर्य समान छुँ ।

आश्रम-धर्मः धर्माचारणद्वारा बुद्धिको संस्कार गर्दै परमात्मा-प्राप्तिका लागि शास्त्रले आश्रम-धर्मको विधान गरेको पाइन्छ । आश्रम-धर्मलाई चार भागमा विभाजन गरिएको छ -

क. ब्रह्मचर्याश्रम
ख. गृहस्थाश्रम
ग. वानप्रस्थाश्रम र
घ. संन्यासाश्रम

पूर्वीय चिन्तन पद्धति अनुसार यी आश्रमहरू वास्तवमा जीवनका चार अवस्थाहरू हुन् । ब्रह्मचर्याश्रम अध्ययनकाल हो । जीवनको थालनी अध्ययनवाट नै हुन्छ । यस अवस्थामा ब्रह्मचर्य-व्रतको ठूलो महत्व हुन्छ । त्यसैले ब्रह्मचर्याश्रम भनिएको हो । अध्ययन पूरा भएपछि जागीर खाएर, विवाह गरेर घरगृहस्थी संचालन गर्नु दोश्रो अवस्था हो । ब्रह्मचर्याश्रम पूरा गरेपछि गृहस्थी नवनी सन्यासी वनेका पनि देखिन्छन् ।

ब्रह्मचर्याश्रम पूरा गरेर जुन स्नातक गृहस्थी बन्न चाहन्छ उसलाई उपकुर्वाण भनिन्छ । स्नातक कि उपकुर्वाण बन्छ किभने नैष्ठिक ब्रह्मचारी । पछिल्ला प्रकारका स्नातक चाहिं गृहस्थी नवनेर, गुरुकुलमा नै रहेर आजीवन ब्रह्मचारी बनेर ज्ञानार्जन गर्छन् । गृहस्थाश्रममा जीवनको दोश्रो भाग बिताएपछि घर व्यवहारवाट विरक्त भै एकान्त साधना गर्दै या तीर्थाटन गर्दै जीवन बिताउनु वानप्रस्थ धर्म हो । अनि संन्यास ग्रहण गरी मुक्तिको चाहना राख्दै आत्मानुसन्धान एवं भगवान्को शरण पर्नु जीवनको अन्तिम खुड्किला हो । शास्त्रमा वर्णित. आश्रम धर्मको अहिले पूरा पालन गर्न सकेको नदेखिए पनि केही परिवर्तित रूपमा आश्रम-धर्म पालनका प्रयासहरू भएका देखिन्छन् । आश्रम धर्म पालनामा वर्णधर्म वाधा वनेको छैन । ब्राह्मण, क्षत्री, वैश्य सबैले आश्रम धर्म पालना गर्न सक्छन् ।

आश्रम-धर्मका बारेमा *भागवत(११।१७।१८)*मा विस्तृत चर्चा गरिएको पाइन्छ । विराट पुरुषको हृदय ब्रह्मचर्याश्रम हो भने मस्तिष्क संन्यास हो । गृहस्थाश्रम भगवान्को उरुस्थलबाट र वक्षःस्थलवाट वानप्रस्थाश्रम पैदा भएका हुन् । *

चारै आश्रमीद्वारा पालना गरिने समान नियम हुन्-शौच, स्नान, सन्ध्योपासना, सरलता, तीर्थसेवन, जप, समस्त प्राणीहरूमा परमात्मा

---

* भाग. ११।१७।१४

देख्नु, मन, वाणी र शरीरको संयम । अस्पृश्यलाई नछुनु, अभक्ष्य वस्तु नखानु, जोसँग बोल्न हुन्न उसँग नबोल्नु-यी नियम पनि सबैका लागि हुन् । उच्चकोटिका साधु-सन्त आश्रम-धर्मबाट माथि उठेका हुन्छन्, ती अतिआश्रमी (*हेर्नू अतिआश्रमी*) हुन् ।

गृहस्थाश्रम अन्य तीनै आश्रमको आधार एवं आश्रय हो । यस आश्रममा चारै पुरुषार्थ धर्म, अर्थ, काम र मोक्ष प्राप्ति संभव छ । संन्यासी, वानप्रस्थीहरूलाई गृहस्थको आश्रय विना अहिलेको समयमा जीवन-निर्वाह गर्न गाह्रो पर्छ । गृहस्थी ब्रह्मनिष्ठ हुन सक्तैन, संन्यासी नै बन्नुपर्छ भन्ने नियम पनि छैन । राजा जनक, राम, कृष्ण, वशिष्ठादिले गृहस्थाश्रमबाटै ब्रह्म-ज्ञान प्राप्त गरेका थिए । गृहस्थ याज्ञवल्क्यले ब्रह्मज्ञान प्राप्त गरेपछि संन्यास लिएका थिए । यस्तो संन्यासलाई विविदिसा संन्यास भनिन्छ ।

आश्रयः अधिष्ठान (*हेर्नू अधिष्ठान*) । *भागवत*ले वर्णन गरेको दश विषयहरू मध्ये आश्रय अन्तिम हो ।

अत्र सर्गो विसर्गश्च स्थानं पोषणमूतयः ।
मन्वन्तरेशानुकथा निरोधो मुक्तिराश्रयः ॥

(*भाग.* २।१०।१)

अर्थात् *भागवत*मा सर्ग, विसर्ग, स्थान, पोषण, ऊति मन्वन्तर, ईशानुकथा, निरोध, मुक्ति र आश्रय-यी दश विषयहरूको वर्णन गरिएको छ ।

जुन दशौं तत्त्व आश्रय हो त्यसैका विषयमा ठीक ठीक निर्णय गर्न कहिं श्रुतिबाट, कहिं तात्पर्यबाट या अनुकूल अनुभवबाट महात्माहरूले विषयको बडो सुगम रीतिबाट वर्णन गरेका छन् ।[८]

---

[८] *भाग.* २।१०।२

*भागवत्*मै आश्रयको परिभाषा दिइएको पनि पाइन्छ-स आश्रयः परं ब्रह्म परमात्मेति शब्द्यते ।*(२।१०।७)* जुन परम ब्रह्मवाट चराचर जगत्को उत्पत्ति र लय हुन्छ त्यसैलाई आश्रय भनिएको हो ।

परमात्मा सबैको आश्रय हुनुहुन्छ । मूढहरू यस कुरालाई बुझ्दैनन् । भक्तहरू, ज्ञानीहरूले यो रहस्य बुझेका हुन्छन् । परमात्मा सृष्टि, स्थिति र प्रलयका कारण हुनु भएकाले उहाँ बाहेक आश्रयको स्थल अरू को हुनसक्छ ? सम्पूर्ण सृष्टिमा परमात्माको शक्ति व्याप्त छ । त्यस्तै जगत्की माता अंम्बिका *(हेर्नू अम्बिका)* हुनुभएकोले उहाँ नै आश्रय दिन योग्य हुनुहुन्छ भनेर देवताहरूले स्तुति गरेका पनि छन्-

रोगानशेषानपहंसि तुष्टा
रुष्टा तु कामान् सकलान्अभिष्टान् ।
त्वामाश्रितानां न विपन्नराणां
त्वामाश्रिता ह्याश्रयतां प्रयान्ति ॥[१]

अर्थात् हे देवी ! तपाईं प्रसन्न भएर सम्पूर्ण रोगहरूलाई हटाई दिनु हुन्छ र रुष्ट भएर सारा अभिष्ट कामनाहरूलाई नष्ट गरिदिनुहुन्छ । तपाईंको आश्रयमा रहने मनुष्यहरूलाई कहिल्यै कष्ट हुन्न बरु ती अरूहरूलाई समेत आश्रय दिन ती योग्य हुन्छन् । जगन्माताको आश्रयवाट हुने कल्याणको ज्वलन्त उदाहरण रामकृष्ण परमहंसको जीवनी हो । दक्षिणेश्वर कालीको आश्रयमा रहने रामकृष्णले विवेकानन्द लगायत कैयौं व्यक्तिहरूको जीवनलाई धन्य तुल्याइदिए । त्यति मात्र होइन वेदान्ती तोतापुरीको शिष्य बन्न स्वीकृति दिएर काली माताले आफ्ना भक्तलाई अपवर्ग *(हेर्नू अपवर्ग)* पनि प्रदान गरिन् ।

दुर्गा शप्त ११।२९

*गीता*मा पनि भगवद्आश्रयको महत्त्व बताइएको छ । श्रीकृष्ण अर्जुनलाई तिमी ज्ञान किंवा मुक्ति चाहन्छौं भने दैवी प्रकृतिमा आश्रित बन *(९।१३)* या मेरो योगमा आश्रित होऊ (मद्योग माश्रित-*१२।११)* भन्नुभएको छ । दैवी प्रकृति या भगवद्योगमा आश्रित हुनु वास्तवमा भगवान्मै आश्रित हुनु हो जसबाट दुःख-कष्टबाट मुक्ति एवं निरतिशय सुख-प्राप्ति संभव छ । अहैतुकी कृपासिन्धु *(हेर्नू अहैतुकी कृया)* श्रीकृष्ण अर्जुनलाई प्रष्ट रूपमा भन्नु हुन्छ -

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ।[*]

अर्थात् बूढौली र मृत्युबाट मुक्त हुनका लागि जसले मेरो आश्रय लिएर प्रयत्न गर्छन् तिनले ब्रह्मलाई, सम्पूर्ण अध्यात्मलाई एवं सम्पूर्ण कर्मलाई जान्दछन् ।

आसक्ति : सङ्ग, अनुराग, अविद्याजनित मोह । मोहले बुद्धि ढाकिए पछि विषय प्रति अनुराग हुन्छ, त्यसलाई आसक्ति भनिन्छ । विषय प्रति आसक्ति तीन प्रकारको भ्रमले गर्दा हुन्छ-रमणीयताको भ्रम, सुखको भ्रम, सत्ताको भ्रम । विषयमा रमणीयताको भावना कल्पना मात्र हो किनकि यो सदाकाल रहने नभै क्षणिक मात्र छ । एउटै विषय कसैका लागि सुखदायक र कसैका लागि दुःखदायक हुनु एवं एउटै वस्तुबाट समय, उमेर अनुसार कहिले सुख मिल्नु, कहिले दुःख मिल्नु जस्ता कारणले सुखको परिकल्पना भ्रमात्मक सिद्ध हुन्छ । विषयको सत्ता छैन, मनुष्यले नै त्यसलाई सत्ता दिएको हो । मरुभूमिमा जलको सत्ताको कल्पनाले मृगले दुःख पाउँछ । भ्रम र अज्ञानवश प्राप्त विषयासक्ति विवेकद्वारा हटेपछि वैराग्य प्राप्त हुन्छ । ईश्वर-भक्तिबाट विक्षेप नष्ट हुन्छ र मोहजनित आसक्ति हट्छ ।

---

[*] *गीता ७।२९*

*गीता*मा विशेष प्रकारको आसक्तिलाई अभिष्वंग भनिएको छ । पुत्र, स्त्री, घर तथा अत्यन्त प्रिय वर्गमा आसक्ति अभिष्वंग हो । असक्ति र अनभिष्वंग दुवै ज्ञानको साधन भएकाले तिनलाई पनि ज्ञान भनिन्छ ।[७] *गीता*ले आसक्ति या अनासक्तिमा निकै जोड दिएको पाइन्छ । संसारमा भोगमा फसेर दुःख पाउँदै जन्म-मृत्युको चक्रमा घुम्ने हो भने आसक्तियुक्त प्रेय मार्ग छँदैछ । तर दुःखबाट मुक्ति एवं ज्ञानबाट निरतिशय सुख प्राप्त गर्ने हो भने योगको मार्गमा लाग, अनासक्त बन भन्ने गीतोपदेश छ । असक्त बुद्धि, जितात्मा र स्पृहाराहित्यको मार्गमा लागेर निष्क्रिय आत्मामा स्थित बन या नैष्कर्म्य सिद्धि प्राप्त गर भनेर श्रीकृष्णले अर्जुनलाई उपदेश गर्नुभएको छ*(गीता १८।४९)* । आसक्तिले मानिसलाई यसरी खसाल्दै जान्छ कि ऊ पुरुषार्थहीन हुन जान्छ -

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्सञ्जायते कामःकामात्क्रोधोऽभिजायते ॥
क्रोधाद्भवति सम्मोहःसम्मोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥

अर्थात् विषय चिन्तन गर्ने पुरुषमा विषय प्रति आसक्ति (सङ्ग) उत्पन्न हुन्छ । आसक्तिबाट कामना, तृष्णा पैदा हुन्छ । कामनाबाट क्रोध, क्रोधबाट सम्मोह(अविवेक), संमोहबाट स्मृतिनाश (गुरु, शास्त्रले बताएका कल्याणकारी कुराहरूको संस्कारराहित्य) हुन्छ । यसरी स्मृतिनाश भएपछि बुद्धि नष्ट हुन्छ अनि ऊ पुरुषार्थहीन हुन्छ ।[८]

आध्यात्मिकताको रहस्य हामी कर्ममा आसक्त छौं कि छैनौं भन्ने कुरामा लुकेको छ । कुनै मानिस दुष्कर्म गर्ने व्यक्ति भन्दा बढी आसक्त हुन सक्छ, उसले सारा समय सत्कर्ममा नै लगाएको किन नहोस् ।

---

[७] *गीता १३।९ शां. भाष्य*
[८] *गीता २।६२ र ६३ शां. भाष्य*

जसले सवभन्दा पहिले आसक्तिलाई त्यागिदिन्छ उसैलाई सवभन्दा पहिले आत्मज्ञान हुन्छ ।[*]

आसन : *भागवत*को एघारौं स्कन्दमा उद्धवले 'मुमुक्षुले कसरी तपाईंको ध्यान गर्ने' भनेर सोद्धा भगवान्‌ले शुरुमा सम आसनको महत्व बताउनु भयो । स्थान न उच्च, न निच होस्, त्यस्तो ठाउँमा बसेर शरीर सिधा गरेर हातलाई काखमा राखी दृष्टि नाकको टुप्पामा अडाऊ, उहाँले बताउनु भयो । *गीता* छैठौं अध्यायमा भगवान् श्रीकृष्णले समकाय शिरोग्रिवं भनेर आसनको प्रक्रिया सम्झाउनु भएको छ । *योगशास्त्र* अनुसार बसेर ध्यान गर्नका लागि व्याघ्रचर्म, कुश आदिका आसनका साथै पद्मासन, सुखासन लाभप्रद हुन्छ ।

वेदान्तको दृष्टिमा आफूलाई देह मान्नुजेल ती आसनको आवश्यकता पर्छ तर जब साधकले आफ्नो वास्तविक स्वरूप देहातीत हो भन्ने जान्दछ त उसले आसनको आधार लिनै पर्दैन । रमण महर्षि भन्छन्- सुषुप्तिमा आसनको आवश्यकता किन परेन ? अहंकारको कारणले आफूलाई देह माने पछि, जगत्‌लाई साँचो मानेपछि दृश्य जगत्‌लाई पृथक पृथक स्वीकार गरेपछि अहम्‌को भ्रान्तिमा फसेर उच्छृङ्खल विचारावलिको कारण आसनहरूको खोजी मानिसले गर्न थाल्यो । ..... आसन मानिसलाई अडिग रूपमा बसाउनका लागि हो । अडिक रूपमा त आफ्नो वास्तविक रूपमा वाहेक अन्त कहाँ, कसरी रहन सक्छ र ! त्यही स्वरूप नै त आसन हो

आचार्य शंकरले आसन बारे भनेका छन्-जसरी बस्दा सुखपूर्वक निरन्तर ब्रह्म चिन्तन भइरहन्छ त्यही आसन हो । यस वाहेक अरू आसन त सुखको नाशक हो-

---

[*] *ए साधुज रेमिनिसेन्सेज अफ रमण महर्षि-पुस्तकबाट ।*

• *र.म. वातचीत*

सुखेनैव भवेद्यस्मिन्नजस्रं ब्रह्मचिन्तनम् ।
आसनं तद्विजानीयान्नेतरंसुखनाशनम् । ॥

(अपरोक्षानुभूति-११२)

आस्तिक दर्शन : वेद प्रमाण मान्ने दर्शनलाई आस्तिक दर्शन भनिन्छ । 'अस्ति' पदमा 'इक' प्रत्यय हुँदा आस्तिक पद बन्छ । 'अस्ति'को सत् आत्मासँग सम्बन्ध छ त्यसैले ईश्वर नमाने पनि आत्मा मान्ने दर्शनहरु आस्तिक दर्शनमा पर्छन् । आस्तिक दर्शन छ वटा छन्-

१. न्याय (ईश्वर मान्ने)
२. सांख्य (ईश्वर नमान्ने, आत्मा मान्ने)
३. योग (ईश्वर मान्ने)
४. वैशेषिक (ईश्वर मान्ने)
५. पूर्व मीमांसा (ईश्वर नमान्ने, आत्मा मान्ने)
६. उत्तर-मीमांसा (वेदान्त, जीव र ब्रह्म एक मान्ने)

१. **न्याय दर्शन :** *न्यायसूत्रका* स्रष्टा महर्षि गौतम यसका प्रणेता हुन् । प्रत्येक कार्य एवं रचनाका लागि चेतनकर्ताको खाँचो पर्छ । घटका लागि कुमाले चाहिन्छ । विश्व पनि सृष्टिकार्य हो । यसका कर्ता ईश्वर हुन् । तर पञ्च महाभूतमा आकाश चाहिं ईश्वरको कार्य होइन । यो सनातन द्रव्य हो जुन कसैबाट उत्पन्न हुन्न । यो द्वैतवादी दर्शन हो ।

२. **सांख्य दर्शनः** यसले प्रकृति र पुरुषबाट जगत्को सृष्टिक्रम चलेको मान्छ । पुरुष चेतन तत्त्व हो । यसले वेदलाई कसैको रचना या सनातन मान्दैन । तर आप्तवचन भएकाले वेदलाई प्रमाणिक मान्नु पर्छ भन्ने सांख्यवादीहरूको मत छ ।

३. **योग दर्शन :** *योगसूत्रका* रचनाकार महर्षि पतञ्जलीको दर्शनलाई योग दर्शन भनिन्छ । यो द्वैतवादी दर्शन हो । प्रकृति र पुरुषको अस्तित्व स्वीकार गर्ने यस दर्शन सांख्यको नजिक छ । तर प्रकृति र

पुरुषको संयोग गराई सृष्टि वढाउने तत्त्व ईश्वर मानेकाले यस दर्शनलाई सेश्वर सांख्य पनि भनिन्छ ।

४. **वैशेषिक दर्शन** : *वैशेषिकसूत्रका* रचयिता कणाद महर्षि यस दर्शनका प्रणेता हुन् । यो परमाणुसृष्टिवादी दर्शन हो । निष्क्रिय परमाणुमा ईश्वरको इच्छाले गति पैदा हुन्छ र सृष्टि हुन्छ भन्ने कुरा यसले मान्दछ । यसले द्वैत स्वीकार गर्छ । योगानन्दले आफ्नो आत्म-कथामा वैशेषिक दर्शन बारे उल्लेख गरेका छन् ।

५. **पूर्वमीमांसा दर्शन** : यसको प्रत्यक्ष सम्बन्ध वेदसँग छ । यस दर्शनले ईश्वरको साटो अपूर्वको सत्ता मान्छ । अपूर्व अदृश्य शक्ति हो जसले कर्मफलको निर्णय गर्छ । अपूर्व कर्म र कर्मफलको वीचको माध्यम हो । मीमांसकहरू भन्छन्-यज्ञादि कर्म गर्दैजानु पर्छ र स्वर्गादि लोक प्राप्त गर्नु पर्छ-यही हो पुरुषार्थ । यस दर्शनले दृश्य पदार्थलाई सत्य मान्छ । त्यसैकारणले यस दर्शनले बौद्ध शून्यवाद र शंकरको अद्वैतवाद दुवैको आलोचना गर्छ । यो दर्शन अनुसार मोक्ष भनेको शरीर, इन्द्रिय र मनसँग आत्माको सम्पर्क छुटेर दुःखबाट मुक्त हुनु हो । यसले भन्छ-आत्मा स्वयंमा अचेत छ, जड छ तर शरीर, इन्द्रिय र मनसँग सम्पर्क भए पछि आत्मामा चेतनाको संचार हुन्छ ।● जैमिनि ऋषिले *मीमांसासूत्र* लेखेर यस दर्शनको प्रतिपादन गरेका हुन् ।

६. **उत्तरमीमांसा दर्शन** : पूर्वमीमांसा कर्मवादी, द्वैतवादी हो भने यसको विपरित उत्तरमीमांसा औपनिषद् ज्ञानमा जोड दिने अद्वैतवादी दर्शन हो । श्रुतिका साथै व्यासको रचना *ब्रह्मसूत्र* वेदान्तको जग हो । वेदान्त दर्शन कहँलाउने यस ग्रन्थमा ब्रह्म, जीव, जगत् आदि विषयका ५५५ सूत्रहरू संकलित छन् । अद्वैत वेदान्त *(हेर्नू अद्वैत वेदान्त)*मा शंकराचार्यले मायावादको धारणालाई अगाडि मात्र

● *स्वा रामानन्द-जनक दर्शन*

बढाएनन् प्रस्थानत्रयमा भाष्य लेखेर यस दर्शनलाई प्रवल र व्यापक तुल्याए । यिनले साक्षी भावमा अडेर, मायालाई जितेर आत्म-साक्षात्कार गर्ने सिद्धान्त प्रतिपादन पनि गरे । अद्वैत वेदान्तमा शांकर दर्शनका साथै वाशिष्ठ दर्शन एक अर्काका पूरक बनेका छन् । *योगवाशिष्ठ* (वाल्मीकिकृत) अजातवादी दर्शन हो । यो ग्रन्थ धेरैपल्ट पढेर शंकराचार्यका परम गुरु गौडपादाचार्यले *माण्डूक्यकारिका* लेखे । वाशिष्ठ दर्शन अनुसार सृष्टि काल्पनिक हो । संकल्पले गर्दा संसार देखिएको हो । आकाशमा निलो रंग कल्पित भए झैं ब्रह्ममा संसार कल्पित हो । वासना नष्ट नभै मुक्ति संभव छैन । मन नै मानिसको जन्ममृत्युको कारण हो । आस्तिक दर्शनहरूमा वेदान्त जगत् प्रसिद्ध छ । पहिलेदेखि अहिलेसम्म पनि यसको प्रचार-प्रसार, अध्ययन अध्यापन व्यापक रूपमा भइरहेछ ।

आहत नाद : वस्तुहरूको संघर्षण वा स्पर्शबाट उत्पन्न आवाज जसलाई सुन्न सकिन्छ आहतनाद कहलाउँछ । यसको विपरित स्वतः प्रस्फुटित हुने, कानले नसुनिने तर योगीहरूद्वारा अनुभव गरिने जुन नाद हो त्यसलाई अनाहत नाद (*हेर्नु अनाहत नाद*) भनिन्छ । आहत नाद रञ्जक र भवभञ्जक पनि छ भनेर *संगीत दर्पण*मा बताएको छ-

स नादस्त्वाहतोलोके रञ्जको भव भञ्जक : ।

आहत नादलाई भवभञ्जक अर्थात् मुक्ति प्रदायक भनेर बताउनुको कारण के हो भने शिवको डमरूको आवाज, सरस्वती या नारदको वीणाको ध्वनि, श्रीकृष्णकों पाञ्चजन्य शंखनाद, वेदगायन, *गीता*को उपदेश, ज्ञानी गुरुबाट महावाक्य श्रवण, सबै आहत नाद हुन् । यिनले भक्तलाई भक्ति र ज्ञानकै शिखरमा उकाल्छन् । त्यसैले कवि लोचन लेख्छन् -

न नादेन विना गीतं न नादेन विना स्वरः ।
न नादेन विना ज्ञानं न नादेन विना शिवः ॥

अर्थात् नाद विना गीत, स्वर उत्पन्न हुन्न । त्यसैगरी नाद विना ज्ञान र कल्याण केही पनि प्राप्त हुन्न ।

आहार : आध्यात्मिक उपलब्धिका लागि हाम्रा शास्त्रहरूले आहार-शुद्धिमा जोड दिएका छन् । शुद्ध आहार खाएमा चित्त शुद्ध हुन्छ । त्यसैले सदा सात्विक आहार सेवन गर्नु पर्ने बताइएको छ । श्रुतिमा भनिएको पनि छ- आहारशुद्धौ सत्त्वशुद्धि सत्त्वशुद्धौ ध्रुवा स्मृतिः[1] अर्थात् आहार शुद्ध भएमा अन्तःकरण शुद्ध हुन्छ र अन्तःकरण शुद्ध भएमा स्मृति अर्थात् धारण-शक्ति प्रवल हुन्छ । त्यति मात्र होइन स्मृति लाभ भएमा सम्पूर्ण ग्रन्थिहरूको निवृत्ति पनि हुन्छ भनिएको छ । खाएको अन्न-पानीको तीन परिणाम हुन्छ -

क. सूक्ष्म अंशबाट मन पुष्ट हुन्छ, प्राण बन्छ ।
ख. मध्यम अंशबाट मांस, रक्त बन्छन् ।
ग. स्थूल अंशबाट मल, मूत्र बन्छन् ।

अन्यायी, अत्याचारी, दुराचारी, कपटीको अन्न प्रदूषित हुन्छ । त्यसैले त्यस्ताले दिएको अन्न खानुभन्दा निराहार रहनु कल्याणदायक हुन्छ । कुकर्मीको धनबाट किनिएको अन्न पनि सेवन गर्नुहुन्न किनभने त्यस्तो आहाराबाट मन प्रभावित हुन्छ अनि आचार-विचार पनि प्रभावित हुँदैजान्छ । उदाहरणका लागि दुर्योधनको तामसी अन्न खाँदा भीष्म, द्रोण जस्ता गुरुहरूको पनि चित्त सफा भएन । मृत्यु शैय्यामा रहँदा भीष्मले पाण्डवहरूलाई ज्ञानोपदेश दिइरहेका थिए । त्यस बखत द्रौपदी हाँसिन् । हाँस्नुको कारण सोध्दा द्रौपदीले स्पष्टीकरण दिइन्-मेरो घोर अपमान गर्दा (दुर्योधन, दुष्सासनले) तपाईंको ज्ञान कहाँ गएथ्यो भनेर हाँसेकी । भीष्मले संझाए-दुर्योधनको दोषपूर्ण अन्नले गर्दा मेरो बुद्धि भ्रष्ट भएथ्यो । प्रदूषित आहार रगतको रूपमा बाहिर निस्केपछि तन, मन शुद्ध भएको छ, त्यसैले ज्ञानोपदेश दिएको हुँ ।

---

[1] छान्दो.उप ७।२६।२

*गीता*मा पनि आहार–शुद्धिमा जोड दिदै सात्त्विक आहार योगी, साधककालागि श्रेयकर भनिएको छ । सात्त्विक पुरुषले आयु, बुद्धि, बल, आरोग्यता, सुख र प्रीति बढाउने सात्त्विक भोजन मन पराउँछ । राजसिक व्यक्तिले अमिलो, पीरो, चिल्लो, नुनिलो, टर्रो तथा पछि रोग पैदा गर्ने, दुःख, चिन्ता, शोक उत्पन्न गर्ने भोजन मन पराउँछ । तामसी व्यक्तिले रसहीन, दुर्गन्धयुक्त, यज्ञका लागि अयोग्य खाना मन पराउँछ (*गीता १७।८,९,१०*)।

आहारका सम्बन्धमा खप्तडबाबाले लेख्नु भएको छ-स्मरण शक्ति तथा बुद्धिलाई बढाउने, त्यसलाई निर्मल गर्ने सात्त्विक पदार्थ नै खानु हितकर छ । तामसी भोजनले मस्तिष्कलाई बिगार्दछ, उसको मस्तिष्कको शान्तवृत्ति हराएर काम, क्रोधादि मानसिक विकारहरू पैदा हुन्छन् । हिन्दु धर्मशास्त्रमा यही लाभका लागि र पापबाट बच्नका लागि हाविष्यान्न खाने उपदेशहरू दिइएका छन् । गहुँ, चामल, मुगी, चना, घिउ, दुध, चिनी, सिघे नुन, अदुवा, अमला, परवर-यी सबै हविष्मान्न हुन् (*स्वास्थ्य विज्ञान*)।

आहारकः सूक्ष्म विचारकहरूको संवाहक शरीर । सूक्ष्म शरीर संकल्पबाट मात्र पनि तयार हुन्छ । हजारौं कोस टाडा यात्रा गरेर अर्को व्यक्तिसम्म पुग्न यो समर्थ छ । यसले अत्यन्त जरुरी समाचार दूर प्रदेशमा रहेको आफन्त या मित्रलाई दिएर फर्कन्छ ।

इ

इ : इकार शक्तिको चिन्ह हो । शिव शब्दमा 'इ' झिकिदिंदा त्यो शव हुन जान्छ । *देवी भागवत्* अनुसार कुण्डलिनी शक्तिहीन शरीर झैं 'इ' झिकिदिंदा शिव शव बन्छन्-शिवोऽपि शवतांयाति कुण्डलिन्या विवर्जितः ।

इच्छा : कामना, रुचि । इच्छा निवृत्ति भएमा साधकलाई ज्ञान सुलभ हुन्छ । इच्छाका प्रकार यसरी बताइन्छ-

१. कर्मेच्छा - कर्ममा आसक्ति
२. कर्मफलेच्छा - कर्मफलमा आसक्ति
३. कर्तृत्वेच्छा - कर्तृत्वमा दावी (अहं)
४. अकर्तृत्वेच्छा - (कर्तृत्वअनीच्छा) कर्म मैले होइन, परमात्माले गर्नु भएको हो, म त माध्यम मात्र हुँ भन्ने भाव ।

इच्छा शक्ति : कार्यको वीज । इच्छा विना कार्य सम्पादन हुन सक्दैन । जसरी ज्ञानमा किया लीन हुन्छ त्यसैगरी इच्छामा किया लीन हुन्छ । इच्छा शक्तियुक्त छ त्यसैले इच्छाशक्ति भनिन्छ । *कौलज्ञान* निर्णयमा भनिएको छ-

शिवमध्ये गताशक्तिःक्रियामध्ये स्थितः शिवः ।
ज्ञानमध्ये क्रिया लीना क्रिया लीयति इच्छाया ॥ (२।६)

अर्थात् शिवमा शक्ति निहित रहन्छ भने कियामा शिव रहनुहुन्छ । ज्ञानमा क्रिया लीन हुन्छ भने इच्छामा क्रिया लीन रहेको हुन्छ । इच्छा

अनादि र मरणरहित छ । यो शक्ति शिववाट पैदा भएको हो-
अनादिनिधना शक्तिरिच्छा नाम शिवोद्भवा[□]

इच्छा शक्ति वास्तवमा अविद्या (*हेर्नू अविद्या*) हो । यसलाई अनादि र अन्त्य रहित भनिएको छ । ज्ञान भएपछि मात्र अन्त्य हुने, अन्य कुनै उपायबाट नष्ट नहुने भएकाले अनन्त भनिएको हो ।

सम्पूर्ण चराचर एवं ब्रह्माण्डको सृष्टि ब्रह्मको इच्छा शक्ति (माया)बाट भएको हो । ब्रह्मकै इच्छाले सृष्टिको लय पनि हुन्छ । सृष्टि र लयको यो प्रक्रिया जाग्रत र सुषुप्तिबाट बुझ्न सकिन्छ । जाग्रतमा इच्छा शक्ति रहेकोले जीवसृष्टि अगाडि बढ्दै जान्छ । स्वप्न पनि जाग्रतको दबेको इच्छा, वासनाहरूको प्रतिबिम्ब हो । सुषुप्तिमा इच्छा छैन अर्थात् लीन छ त्यसैले सुषुप्तिमा सृष्टि र त्यसको प्रतिबिम्ब पनि छैन । त्यसैले त्यहाँ आनन्द मात्र छ । इच्छाराहित्य आनन्दको स्थिति हो ।

पाश्चात्य विद्वानहरू परामनोवैज्ञानिकहरूले इच्छा शक्तिका बारेमा चर्चा गरेका छन् । मध्यकालीन पाश्चात्य विद्वान स्पिनोजाका अनुसार मूलतः इच्छाहरू आत्मरक्षार्थ पैदा हुन्छन् । इच्छाको पूर्तिबाट सुख र अपूर्तिबाट दुःख पैदा हुन्छ भन्ने विचार उनले व्यक्त गरेका छन् ।

मनोवैज्ञानिकहरूले थोरै इच्छा हुनु र तिनको पूर्तिबाट बालकसँग सर्वशक्तिमत्ता जोडिएको हुन्छ भन्ने सिद्धान्त निकालेका छन् । बालमनोवैज्ञानिक सेन्डर फेरेन्जीले शिशुहरू आफ्ना इच्छाहरू रुदन र क्रन्दनबाट व्यक्त गर्छन् र पिता-माता, अभिभावकद्वारा ती पूरा हुन्छन् । हुर्केका बालक विचार र त्यसको अभिव्यक्तिबाट आफ्ना इच्छा पूरा गराउँछन् । बालक सर्वशक्तिमान् हुन्छन् किनकि तिनका इच्छाहरू पूरा हुन्छन् । ठूला मानिसहरू नै पूरा नहुने इच्छा मनमा लिन्छन् र पूरा नहुँदा हीनता आदि विकृतिका शिकार बन्छन् ।

[□] ऐ. २०।१०

मानिसका इच्छा शक्तिले भाग्यको निर्माण गर्छ । मर्ने वेलामा मानिसले जे इच्छा गर्छ त्यही अर्को जन्ममा पूरा हुन्छ । जस्तो मनको शासन शरीरमाथि हुन्छ उस्तै नै इच्छाको शासन पनि मनमाथि हुन्छ । आत्मसंयमको लागि इच्छा आत्मशक्ति हो । इच्छा शक्तिलाई आफ्नो अधिकारमा गर्नु परमावश्यक छ ।

शक्तिका इच्छाले मानिसलाई शैतान बनाउँछ भने मुक्तिको इच्छा (मुमुक्षा)ले आध्यात्मिक मार्गमा लागेका साधकलाई साधु, सन्त, महात्मा बनाउँछ र अन्त्यमा मुक्त तुल्याउँछ । त्यसैले शंकराचार्यको मतमा भगवान्को कृपाबाट मात्र दुर्लभ तीन कुरा प्राप्त हुन्छन्- मनुष्यत्व, मुमुक्षुत्व (मुक्तिइच्छा) र महापुरुषको संगत -

दुर्लभं त्रयभेवैतद्देवानुग्रहहेतुकम् ।
मनुष्यत्वं मुमुक्षुत्वं महापुरुष संश्रय : ॥[≈]

मुमुक्षुले श्रवण, मनन, निदिध्यासन गर्दै जाँदा ऊ ज्ञानको तेश्रो भूमिकामा प्रवेश गर्छ जसलाई तनुमानसा भनिन्छ । यसमा इच्छाहरूको न्यूनीकरण भएकाले मन क्षीण हुन्छ । मनोनाश, वासनाक्षय भएपछि उसलाई आत्म-साक्षात्कार हुन्छ जसलाई सत्त्वापत्ति भनिन्छ ।

इडा : शरीरका साँडे तीन करोड नाडीहरूमा चौधवटा (इडा, पिंगला, सुषुम्णा, गान्धारी, सरस्वती, पूषा आदि) नाडी प्रधान मानिन्छन् । यी मध्ये पनि इडा, पिंगला र सुषुम्णा प्रमुख नाडी हुन् ।

मूलाधार चक्र *(हेर्नू आज्ञाचक्र आदि षड्चक्र)*बाट सुषुम्णा नाडी मेरुदण्डको भित्र भित्र हुँदै ब्रह्मरन्ध्रसम्म पुगेको छ । त्यसको बायाँबाट

---

* *खप् स्वामी-विचार विज्ञान*

≈ *वि. चूडामणि-३*

इडा र दाहिने तर्फबाट पिंगला, स्वाधिष्ठान, मणिपुर, अनाहत र विशुद्ध चक्रलाई धनुषाकार भै बेर्दै नाकको छेउसम्म पुगेको बताइन्छ । नाकको दाहिने प्वाल तर्फ इडा र वायाँ प्वाल तर्फ पिंगला पुगेको छ । इडा चन्द्रस्वरूपा छ भने पिंगला सूर्य स्वरूपा । यी दुवै मेरुडण्दको बाहिरबाट माथि गएका छन् ।[ψ] चन्द्रस्वरूपा इडाबाट शीतलता प्राप्त हुन्छ । त्यसैगरी सूर्यस्वरूपा पिंगलाबाट गर्मी प्राप्त हुन्छ ।

इदम् : दृश्य जुन अनित्य छ त्यसलाई इदम् (यो) भनिन्छ । अहम् द्रष्टा हो, चेतन छ, इदम्को ठीक विपरीत । इदम् मिसिएको अहम् शुद्ध छैन । इदम् जब अहम्मा लीन भएर एकाकार हुन्छ त्यसपछि जुन अहम् शेष रहन्छ त्यही वास्तविक अहम् हो भन्ने कुरा रमण महर्षि बताउँछन् ।[♦]

खप्तड स्वामी भन्छन्-दृश्य त्यो हो जो 'यो'को रूपमा प्रतीत हुन्छ । जे प्रतीत हुन्छ त्यो जड हो । .....जो द्रष्टा हो त्यो चेतन हो र म (द्रष्टा) आत्मा हुँ ।[ℓ]

इदम् भनेको शरीर, इन्द्रिय, मन, बुद्धि आदि र यसले अनुभव गर्ने जगत् समेत हो । त्यसैले *गीता*मा श्रीकृष्ण 'इदम्' भनेर शरीरलाई देखाउदै 'क्षेत्र' नाम दिनु हुन्छ-इदं शरीर कौन्तेय क्षेत्रमित्यभिधीयते । क्षेत्रलाई जान्ने जो हो ऊ क्षेत्रज्ञ हो । जसले क्षेत्रलाई जान्दछ ऊ साक्षी चैतन्य हो । भगवान् भन्नु हुन्छ-क्षेत्रज्ञ म ईश्वर हुँ ।[♣]

ψ *खप्. स्वामी - ध विज्ञान-३*

♦ *रे.म.वातचित*

ℓ *ध.विज्ञान-४*

♣ *गीता १३।१*

इन्द्र : स्वर्गका राजा । यिनको आसन अस्थिर देखिन्छ । अप्सराहरू पठाएर तपोच्यूत गरी आफ्नो स्वर्गासन जोगाउन यी प्रयत्नशील रहन्छन् । इन्द्र देवताहरूका अधिपतिका साथै शचीका पति र जयन्तका पिता हुन् । यी पौराणिक इन्द्र हुन् । वैदिक इन्द्र चाहिं यिनीदेखि भिन्न देखिन्छन् । जस्तो *ऋग्वेदमा* द्यौलाई इन्द्रका पिता *(४।१७।४)* गृष्टि या गौलाई इन्द्रकी माता *(४।१८।१०* र इद्राणी पत्नी बताइएको छ । देवशिल्पी त्वष्टाले बनाएको बज्र लिने भएकाले इन्द्र वजहस्त, ब्रजबाहु, व्रज्रिन कहलाएका छन् । इन्द्रलाई वेदमा सृष्टिकर्ता, पृथ्वी र आकाशका उत्पादक *(ऋग्वेद ८।३६।४),* सम्पूर्ण संसारका ओजस्वी एक मात्र ईशान एक ईशान ओजसा बताइएकोले यहाँ इन्द्र परमात्माकै प्रतीक ठहरिन्छन् । यी पौराणिक इन्द्र होइनन् । वैदिक आर्यहरूलाई युद्धमा रक्षा गर्ने इन्द्र नै हुन् । त्यसैले युद्धमा यिनैको उपासना आर्यहरू गर्दथे- हत्वी दस्युन प्रार्या वर्णमावत् *(ऋग्वेद ३।३४।९) ।*

इन्द्रको ठूलो पराक्रमको कार्य वृत्रवध हो । त्यसपछि उनी 'वृत्रहा' भए । इन्द्र ईश्वरका प्रतीक हुन् भने वृत्र को हो ? यास्कका अनुसार वृत्र वर्षा रोक्ने मेघ हो जसलाई नष्ट गरेर इन्द्र वर्षा गराउँछन् । लोकमान्य तिलकका अनुसार इन्द्र भनेको सूर्य र वृत्र हिम हो । कोही विद्वानले इन्द्र भनेको मन हो र उनलाई सोमपायी भनेको कारण आनन्दमा रमाउने मनको संकेत हो ।

इन्द्र सम्बन्धी एक पौराणिक प्रसंग अनुसार दुर्वासा शिवको दर्शन गरेर फर्के । शिवले कल्याणकारक माला दिनुभयो । त्यो माला लिएर फर्कंदा इन्द्रसँग भेट भयो जो ऐरावत हात्ती चढेर आएका थिए । त्यो माला उनले इन्द्रलाई दिए देवराजको कल्याण होस् भनेर । अहंकारी इन्द्रले त्यो माला हात्तीको टाउकामा राखे । हात्तीले सूँडले तानेर चुँडालेर फालिदियो र धूलामा मिलाइदियो । दुर्वासालाई रीस उठ्यो । उनले श्राप दिए-धन-सम्पत्तिको मदले मात्तिएका इन्द्र ! तिम्रो सम्पत्ति

समुद्रमा डुबोस् । यसरी स्वर्गको सम्पत्ति समुद्रमा डुबेपछि ती धनलाई निकोल्न समुद्र मथन गर्नु पर्‍यो ।

*ऋग्वेदीय कौषीतकि उपनिषद*मा इन्द्रले प्रतर्दनलाई ब्रह्मविद्याको उपदेश गरेको प्रसंग हेर्दा पौराणिक कालका कामी, कोधी र भोगी इन्द्र यी होइनन् भन्ने छर्लङ्ग हुन्छ । ब्रह्मज्ञानी इन्द्र भन्दछन्-विषय र इन्द्रियरूप विश्वचक्रको म मूलकारण हुँ । मबाट नै जगत्को सृष्टि, स्थिति र प्रलय भइरहेको छ । म अद्वितीय आनन्दस्वरूप आत्मा हुँ । आफू आनन्दस्वरूप आत्मा हुदाहुदै पनि अज्ञानीले दुःखको अनुभव गर्दछ । *यी इन्द्र परमात्माका प्रतीक हुन् भन्ने कुरामा शंका छैन ।

तर वृहदारण्यक उपनिषदमा चाहिं इन्द्र, इर्ष्यालु शंकालु र ब्रह्मविद्याका अनधिकारी देखिन्छन् । इन्द्रलाई ब्रह्मविद्या दिए पछि पनि त्यो टिक्न नसकेको प्रसंग पाइन्छ । इन्द्रको मनको अज्ञान नष्ट नभएको देखेर ब्रह्मज्ञानी दध्यङ आथर्वण मुनि सोच्छन्-राम्री र सुशीला कन्या नपुङ्सकलाई दिएछु । हुन त मेरो गुरु अथर्वा हुनुहुन्छ तर यी इन्द्र पनि एक गुरु जस्तै भए किनभने कुपात्रलाई ज्ञान नदिनू भन्ने शिक्षा यिनले दिए । ब्रह्मविद्या ग्रहण गर्न नसक्ने इन्द्र ब्रह्मज्ञानीसँग रिसाएर भन्छन्-आजदेखि यो विद्या कसैलाई पनि नदिनू । होइन भने शिर काटिदिनेछु । तर ब्रह्मज्ञानी गुरु इन्द्रदेखि डराएनन् । अश्विनीकुमारहरूलाई इन्द्रको धम्की सुनाउँदा ती देववैद्य युगलले भने-हामीलाई ब्रह्म विद्या दिने हो भने हामी तपाईंको शिर काटेर घोडाको टाउको लगाइ दिनेछौं । इन्द्रले त्यसलाई काटे भने तपाईकै सुरक्षित शिर जोडिदिनेछौं । घोडाको टाउको जोडिएका मुनिले ब्रह्मज्ञानको उपदेश दिए । सो घटना थाहा पाएर इन्द्रले त्यसलाई काटेपछि शुरुकै टाउको उनीहरूले जोडिदिए ।

---

* *शंकरानन्द-आ पुराण (अनु वदरीनाथ)*

यो घटना हुनुभन्दा अघि मुनि दध्याङ इन्द्रलाई इन्द्र शब्दकै अर्थ-ज्ञान गराउँछन्-यसले परमात्मालाई बताउँछ । हुन पनि सर्वात्मज्ञान भएका र जसको भन्दा बढी ऐश्वर्य अरूको छैन त्यस्ता सर्वज्ञ परमात्मामा नै इन्द्र शब्द सुहाउँछ । परमात्मारूप इन्द्रबाट तपाईं पैदा हुनु भएको हो । अरू प्राणी भन्दा बढी ऐश्वर्य भएकाले मात्र तपाईं इन्द्र कहलाउनु भएको हो ।

इन्द्रको प्रसंगमा नेपालमा इन्द्रको पूजा-आराधना प्राचीनकालदेखि गरिंदै आएको उल्लेखनीय छ ।

इन्द्रिय : इन्द्रिय ज्ञानेन्द्रिय र कर्मेन्द्रिय दुई भागमा विभाजित छन् । ज्ञानेन्द्रिय हुन्-घ्राणेन्द्रिय, रसनेन्द्रिय, चक्षुरेन्द्रिय, त्वगिन्द्रय र कर्णेन्द्रिय । कर्मेन्द्रिय पनि पाँच छन्-पायु, उपस्थ, पाद, पाणी र वाणी इन्द्रियहरू । हठयोगीहरू इन्द्रियलाई मनभन्दा बलियो मान्छन् र त्यसैलाई नियन्त्रण गर्नपट्टि लाग्छन् । आँखा बन्द गरेर तपस्या गर्नु, मौन रहनु, निराहार-व्रत बस्नु, एकान्त सेवन गर्नु आदि क्रियाहरू इन्द्रियको निग्रहसँग बढी सम्बन्धित छन् । पराशर ऋषिले सत्यवतीको सौन्दर्यमा मुग्ध भएर डुङ्गामा नै भोगविहार गरे । विश्वामित्रले मेनकाको मोहमा फसेर एक वर्ष खेर फाले । इन्द्रियले ठूल(ठूला तपस्वीहरूलाई फसाएका कथाहरू पाइन्छन् । यस्ता घटनाहरू अहिले पनि घटिरहेका छन् । त्यसैले भगवान् श्रीकृष्णले भन्नुभएको छ(इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः *(गीता २।६०)* । अर्थात् इन्द्रियहरू बलिया छन्, तिनले बलपूर्वक विद्वान् पुरुषहरूका मन पनि हर्दछन् ।

तर वेदान्त शास्त्रको जोड मनमा छ । मन नै मनुष्यको बन्धन र मुक्तिको कारण हो । मन एवं मनुष्याणां कारणं बन्ध मोक्षयो शास्त्रले भनेको छ । इन्द्रियलाई घोडा र मनलाई सारथी बताइएको छ श्रुतिमा । जसले मनलाई जित्न सक्यो त्यसले संसारलाई जित्यो ।

सद्शास्त्र अध्ययन, साधुसन्तहरूको संगत आदि मनोनाशकै लागि हुन् । विवेक, विचार र विरक्ति अवलम्वन गरी मनोनाश गरेमा वासनाक्षय हुन्छ र तत्त्वसाक्षात्कारको चरम सीमामा पुग्न सकिन्छ । ज्ञानीलाई इन्द्रियहरूले हानि गर्न सक्तैनन् । भक्तिको प्रसंगमा पनि मन नै प्रमुख छ र इन्द्रिय गौण ।

दश इन्द्रियहरूलाई बाह्यकरण पनि भनिन्छ । यिनीहरू बहिर्मुखी छन् । सृष्टिकर्ताले यिनलाई बाहिरतिर फर्काइ दिएकाले यिनीहरूले बाहिरतिर रहेका शब्द, स्पर्श, रूप, रस, गन्ध आदि विषय तिर नै लाग्छन् । ज्ञानेन्द्रिय, तिनका विषय(तन्मात्रा) र अधिष्ठाता एवं कर्मेन्द्रिय र अधिष्ठाता निम्न छन् -

	ज्ञानेन्द्रिय	विषय	देवता	कर्मेन्द्रिय	देवता
१	श्रोत्रेन्द्रिय	शब्द	दिक्पाल	वाणी	अग्नि
२	त्वगिन्द्रिय	स्पर्श	वायु	पाणी	इन्द्र
३	चक्षुरिन्द्रिय	रुप	सूर्य	पाद	विष्णु
४	रसनेन्द्रिय	रस	वरुण	उपस्थ	प्रजापति
५	घ्राणेन्द्रिय	गन्ध	अश्विनीकुमार	पायु	यम

इन्द्रियसँग पञ्च महाभूतको सम्बन्ध यस्तो छ -

महाभूत	सत्वगुण अँश (ज्ञानेन्द्रिय)	रजोगुण अँश (कर्मेन्द्रिय)	तमोगुण (तन्मात्रा)
आकाश	श्रोत्र	वाक (वाणी)	शब्द
वायु	त्वचा	हस्त (पाणी)	स्पर्श
अग्नि	चक्षु	पाद	रुप
जल	रसना	उपस्थ	रस
पृथ्वी	घ्राण	गुदा (पायु)	गन्ध

वायुसँग सम्बन्धित विषय स्पर्श हो । गर्मीमा वायुले स्पर्श गरेर शीतलता प्रदान गर्दछ । त्यसै गरेर हातले स्पर्श गरेर मानिस सुख

पाउन खोज्छ । क्रोधाग्निमा आँखा रातो हुन्छ । पाउ सदा तातो हुन्छ । पाउ चिसो भयो भने प्राणको खतरा हुन्छ । त्यसैले तेजको सम्बन्ध चक्षु र पाउसँग छ ।

श्रुति, स्मृतिमा ब्रह्म तथा आत्मालाई इन्द्रियद्वारा प्राप्त गर्न नसकिने बताइएको छ-इन्द्रियले त सगुण साकार भगवान्लाई मात्र प्राप्त गर्न सक्छन् जस्तो आँखाले साकार ईश्वर देवी-देवता आदिलाई देख्न सक्छ र तिनका वाणी सुन्न सक्छ । *गीता*मा श्रीकृष्णले अर्जुनलाई विराटरूप देखाउन चर्मचक्षु काम नलाग्ने भएकोले दिव्य दृष्टि (ज्ञान दृष्टि) प्रदान गर्नु भयो । अतिन्द्रिय शक्ति अन्तःकरणमा, मनमा आधारित छ । भित्री इन्द्रियको रूपमा अन्तःकरणलाई लिइएको छ । मानसिक शक्तिद्वारा भौतिक कार्य गर्न, गराउन सक्नु यसको विशेषता हो । कठोपनिषद्मा शरीरलाई रथ, आत्मालाई रथीसँग दाँजेको पाइन्छ । यस रूपक अलंकारको अभिव्यक्तिमा इन्द्रियलाई घोडा र विषयहरूलाई घोडा दौड्ने मार्ग बताइएको छ । शरीर, इन्द्रिय र मनसँग मिलेको जीवात्मा नै भोक्ता हो ।

इन्द्रियाणी हयानाहुर्विषयां स्तेषु गोचरान् ।
आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः ॥÷

इन्द्रिय रूपी घोडाहरूलाई छाडा छोड्दा साधक आफ्नो लक्ष्य (आत्म प्राप्ति)सम्म पुग्न सक्तैन त्यसैले मन लगामले इन्द्रिय घोडालाई नियन्त्रण गर्नु पर्छ । चित्त शुद्धिपूर्वक आत्मज्ञान गर्न चाहने साधकले विवेक गर्न सक्नु पर्छ । इन्द्रिय-सुख तुच्छ हो । इन्द्रिभन्दा मन श्रेष्ठ छ र मनभन्दा बुद्धि श्रेष्ठ छ-इन्द्रियेभ्यः परं मनो मनसः सत्त्वमुत्तमम् ।[ण] बुद्धिभन्दा श्रेष्ठ चाहिं आत्मा छ ।

÷ *कठ. उप. १।३।४*

[ण] *ऐ. २।३।७*

इष्ट : अभिलषित, अभिष्ट, प्रिय । भगवान् विष्णुको नाम परमानन्द स्वरूप भएकाले उहाँ प्रिय हुनुहुन्छ त्यसैले इष्ट भनिएको हो-इष्टोऽविशिष्टः ।

(विष्णुसहस्रनाम-४७)

इष्ट देवता अनुकुल देवता हुन्, अभिभावक देव हुन् ।# *गीतामा* इष्ट शब्दको निकै नै स्थानमा उल्लेख गरिएको छ । यज्ञलाई इष्ट कामनाहरू पूरा गरिदिने भएकाले 'इष्टकामधुक्' भनिएको छ *(३।१०)* । यज्ञद्वारा खुशी भएका देवतारूले इष्टभोगहरू दिन्छन् पनि भनिएको छ *(३।१२)* । भगवान् श्रीकृष्ण इष्टभोगहरूबाट उठाएर अर्जुनलाई इष्ट र अनिष्टको प्राप्तिमा नित्य समचित्तताको आदर्श मार्ग बताउदै भन्नुहुन्छ-नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ।* साधकमा जब इष्ट-प्राप्तिमा हर्ष हुन्न र अनिष्ट (अप्रिय) प्राप्तिमा क्रोध हुँदैन त उसको चित्त सम भयो । यसैलाई ज्ञान भनिन्छ ।

भगवान् पुनः इष्ट बारे चर्चा गर्दै कर्मफल तीन प्रकारको बताउनुहुन्छ-इष्ट, अनिष्ट र मिश्र । यी तीन प्रकारका फल कर्मनिष्ट अज्ञानीहरूलाई मिल्छन् । तर ज्ञाननिष्ठामा रहेका परमहंस, परिब्राजक एवं वास्तविक सन्यासीहरू भने यी कर्मफलबाट मुक्त हुन्छन् -

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणःफलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु सन्न्यासिनां क्वचित् ॥

(गीता १८।१२)

इष्ट कर्मफल भनेको देवयोनि प्राप्ति हो अनि अनिष्ट चाहिं नरक-भोग र पशु-पक्षी योनि हो । पुण्यकर्मको फल भोग्न स्वर्ग प्राप्ति भै देवता बनिन्छ तर पुण्यकर्म फल क्षीण भएपछि मर्त्यलोकमा नै झर्नु पर्छ । अनिष्ट अर्थात् पाप कर्मको फल नरक र पशु-पक्षी योनिमा पुगेर भोग्नु पर्छ । इष्ट र अनिष्ट दुवै मिश्रित कर्मफल मनुष्यले भोग्छ ।

आप्टे-सं.हि.कोष

* *गीता -१३।९*

ई

ईश : ईश्वर, ईशन । शासन गर्नेलाई ईश भनिन्छ जसको तृतीयान्त रूप ईशा हुन्छ । सबैमाथि शासन गर्ने ईश हो । ईशावास्य मिदं सर्व यत्किञ्च जगत्यां जगत्-श्रुतिले भनेको छ । अर्थात् जगत्मा जे जति स्थावर, जंगम देखिन्छन् ती सबै रूपमा ईश्वर नै व्याप्त छन् । भक्त प्रह्लाद नरसिंह भगवान् प्रति कृतज्ञता प्रकट गर्दै स्तुति गर्छन्-

क्काहं रजः प्रभव ईश तमोऽधिकेऽस्मिन्
जातःसुरेतर कुलेक्व तवानुकम्पा ।
न ब्रह्मणो न तु भवस्य न वै रमाया
यन्मेऽर्पितः शिरसि पद्मकरः प्रसादः ॥

हे ईश ! कहाँ तमोगुणी असुर वंशमा रजोगुणद्वारा जन्मेको म र कहाँ तपाईंको आन्तरकृपा तपाईंले त आफ्नो करकमल मेरो शिरमा राखिदिनुभयो जुन करककमल ब्रह्मा, शिव र लक्ष्मीको शिरमा पनि राख्नु भएको थिएन । महाकवि लक्ष्मीप्रसाद देवकोटालाई पनि ईश शब्द मन पर्छ-

देखिन्छ ईश कुन मन्दिरमा पसेर ?
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर *(मार्ग कविता)*

ईशान : ईश्वर । प्राणीहरूको शासक, नियन्त्रक । भगवान् शिवको नाम । उहाँ ईशान हुनुहुन्छ किनकि समस्त ब्रह्माण्डका मालिक हुनुहुन्छ । पञ्चमुखी शिव लिङ्गमा उर्ध्वमुख ईशान हो । उहाँलाई उर्ध्वम्नाय विद्याका उपद्रष्टा मानिएको छ । उर्ध्वस्वरूप भएकाले ईशान प्रभु सम्पूर्ण जगत्लाई व्यक्त गर्ने भए पनि आफू अव्यक्त, आकाशवत् ब्रह्म हुनुहुन्छ ।

उहाँलाई ईशान सर्वविद्यानाम् भनिएको छ अर्थात् सबै विद्या, शास्त्रका मन्त्रहरूबाट पैदा भएको शरीर ईशान हो । ईशानवक्त्र ज्योतिस्वरूप व्यापक परब्रह्म हो *(महापाशुपतास्त्र विद्या)* ।

अष्टमूर्ति परमात्मा शिवको आठ नाम मध्ये ईशान पनि हो ।

शर्वो मनस्तथा रुद्र उग्रो भीमः पशुपतिः ।
ईशानश्व महादेवो मूर्त्तश्वाष्ट विश्रुता : ॥ *(शिवपुराण)*

ईशानको आराधना गर्दा- ॐ ईशानाय सूर्य मूर्त्तये नमः मन्त्र जप्नु पर्छ । त्यसै गरी पशुपतिको पुजाको ॐ पशुपतये यजमान मूर्तये नमः मन्त्र बताइएको छ । जीव नै यजमान हो । मायायुक्त जीव पशु हो । यस्तो जीवको उद्धारक भगवान् पशुपति हुनुहुन्छ । सूर्यमा ईशान-दर्शन, जीवमा शिव-दर्शन, वन्धनमा परेका प्राणीहरूमा सबैलाई अभयदान, सबैप्रति अनुग्रह र सबैको उपकारको चाहना र कार्य विश्वात्मा शिवको यर्थाथ पूजा आराधना हो ।

पञ्च ब्रह्मउपनिषदमा ईशानलाई प्रेरक, बुद्धिको साक्षी, आकाशात्मक, अव्यक्त, सर्वदेवमय, शान्त, पञ्चकृत्य (सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह)का नियन्ता परब्रह्म भनेर ध्यान गरिएको छ ।• ईश्वरलाई सबैका स्वामी र शासक मान्दै *श्वेताश्वतर उपनिषद्*मा भनिएको छ- सर्वस्य प्रभुमीशान *(३।३।१७)* ।

विष्णुसहस्रनाम' अनुसार सम्पूर्ण प्राणीहरूलाई नियन्त्रणमा लिन सक्ने भएकाले परमेश्वरको नाम ईशान रहेको हो उहाँको यस नाउँ (ॐ ईशानाय नमः) जप्दा सम्पूर्ण सुख प्राप्त हुन्छ भनिएको छ ।≈

• *विद्यानाथ उपाध्याय- शिव वन्दना (पाशुपत क्षेत्र ९।११)*

≈ *वि. सह. शां. भाष्य २१।६४*

कठोपनिषदमा भूत, वर्तमान र भविष्य कालत्रयका शासक मानेर ईश्वरलाई ईशा शब्दले पटक पटक नमन गरिएको छ । ईशानो भूतभव्यस्य स एवाद्य स उध्व ॥ *(२।१।१३)* । ईशानो भूत भव्यस्य न ततो विजुगुप्सते ॥ *(२।१।१२)* । यमराज मुमुक्षु नचिकेतालाई ईश्वर तत्त्व बारे बताउँछन्- तीनै कालका शासक भएकाले ईशान कहलाउने ईश्वर नित्य र सनातन हुनुहुन्छ । जसले तीनै कालका शासक ईश्वरलाई जान्यो उसले न कसैको निन्दा गर्छ, न शरीरको रक्षा गर्न खोज्छ किनकि उसमा शरीरको अध्यास नष्ट भएको हुन्छ । ईशान या ईशान रुद्र पशुपति लिङ्गको श्रेष्ठ भाग मानिन्छ । वेदमा यसलाई सोम भनिएको छ । शक्ति, सम्पन्नता र ज्ञानका लागि यस मुखको आराधना गरिन्छ । ईशान सूर्य एवं अग्निको प्रतीक मानिन्छ । यहींबाट एघार रुद्रका किरणहरू फैलिने बताइन्छ । पुष्पदन्ताचार्य श्रुतिविहित अष्टमूर्तिको नाम लिदैं यस्ता शिवको प्रेमपूर्वक नमन गर्छु भनेर स्तुति गर्छन्-

भवःशर्वो रुद्रःपशुपतिरथोग्रःसहमहां-
स्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम् ।
अमुष्मिन् प्रत्येकं प्रविचरति देवश्रुतिरपि
प्रियायास्मै धाम्ने प्रणिहितनमस्योऽस्मि भवते ॥

(शिवमहिम्नःस्तोत्र- २८)

*ऋग्वेद*को पुरुषसूक्तमा पनि अमृत स्वरुप परमात्मा अन्नबाट पैदा हुने जीवका ईशान (शासक) हुनुहुन्छ भनिएको छ - उतामृतत्वस्येशानो यदन्नेना तिरोहति ॥ २ ॥

ईशावास्योपनिषद् : उपनिषद्हरूमा सबभन्दा पहिलो मानिएको उपनिषद् *ईशावास्योपनिषद्* हो । यो उपनिषद् शुक्ल यजुर्वेद अन्तर्गत काण्व शाखी संहिताको चालीसौं र अन्तिम अध्याय हो । उपनिषद्हरूमा थोरै मन्त्र भएको उपनिषद् *माण्डूक्योपनिषद्* (१२ मन्त्र मात्र) पछि *ईशावास्योपनिषद्* गनिन्छ किनकि यसमा १८ मन्त्र मात्र

छन् । पहिलो मन्त्रको अग्र अशं ईशावास्यम्वाट नै यसको नामाकरण भएको हो ।

ईशा वास्यमिदंसर्वं यत्किञ्च जगत्यां जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मा गृधःकस्य स्विद् धनम् ॥

अर्थात् अखिल ब्रह्माण्डमा जड, चेतन जे जति सृष्टि देखिन्छन् तिनलाई ईश्वरद्वारा व्याप्त गरिएको छ । यही कुरा जानेर मनुष्यले ईश्वरार्पण बुद्धिले भोग गर्नुपर्छ, आसक्त हुनुहुँदैन । धन, भोग्यपदार्थ आदि कसैको पनि होइनन्, त्यसैले ममता, आसक्तिलाई त्याग्नु श्रेय हो । यस उपनिषद्मा आत्मा, परमात्मा विषयक मन्त्रहरू गुरु-शिष्य संवाद या कथा-प्रसंग विना नै अभिव्यक्त छन् । कतिपय मन्त्रहरू प्रसिद्ध छन् । जस्तो कविर्मनीषि परिभूःस्वयम्भू (*मन्त्र-८ को अंश*) । शांकरभाष्य अनुसार आत्मा सर्वद्रष्टा (कवि) सर्वज्ञ (मनिषी), सर्वोत्कृष्ट (परिभूः) र आफैं प्रकट हुने (स्वयम्भू) हो । अर्को प्रसिद्ध मन्त्र यस्तो छ -

हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् ।
तत्त्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये ॥ *(मन्त्र १५)*

सबैको भरण-पोषण गर्ने हे परमेश्वर ! सत्यको मुख ज्योतिर्मय पात्रले (सूर्यमण्डल रूपले) ढाकेको छ । त्यसैले मैले सत्य-दर्शन गर्न पाउँ भनेर अनुरोध गर्दै तपाईंको साक्षात्कारका लागि त्यो आवरण हटाउनु होस् भनिएको छ । उपनिषद्का मन्त्रहरूमा एकै अर्थ हुदैनन्, अनेक ढंगले अर्थ लगाउन सकिन्छ । शंकराचार्यले अद्वैतपरक अर्थ लगाउदै *ईश, केन, कठ, प्रश्न, मुण्ड, माण्डूक्य, तैतिरी, ऐतरिय, छान्दोग्य, वृह्दारण्यक र श्वेताश्वतर* गरी एघार उपनिषद्हरूका भाष्य लेखेका छन्, ती प्रामाणिक मानिन्छन् ।

ईश्वरः 'ईश्' धातुको अर्थ राज्य गर्नु, शासन गर्नु, स्वामी हुनु हो । श्रुतिको पनि भनाइ छ-य ईशे अस्य जगतो नित्यमेव नान्यो हेतुर्विधत

ईशनाय ।[✂] अर्थात् ईश्वर सधैं सम्पूर्ण जगत्को शासन गर्नुहुन्छ र यस जगत्मा शासन गर्नका लागि उहाँ बाहेक अन्य कोही छैन ।

माया शक्तिलाई अधीनमा राखेर सर्वज्ञ, सर्वशक्तिमान् र सर्वव्यापक बन्नु भएका भगवान्लाई वेदान्तमा ईश्वर भनिन्छ । ईश्वरका अन्य नाम हुन्-वैश्वानर, परमेश्वर, भगवान्, समष्टि अभिमानी चैतन्य आदि । ईश्वर सगुण ब्रह्म हुनुहुन्छ । ब्रह्म निर्गुण, अद्वैत (*हेर्नू अद्वैतवाद*) र अद्वितीय (*हेर्नू अद्वितीय*) हो । त्यही तत्त्व जगत्का साथ सम्बन्ध या मायालाई साथमा लिएर सगुण परमात्मा, परमेश्वर हुनुभएको हो । स्वरूप दृष्टिले जुन ब्रह्म हो, जगत् सम्बन्धको दृष्टिले उही ईश्वर हो । ईश्वरलाई बुझिनसक्नु, जानिनसक्नु तत्त्व भनिन्छ । त्यसैले ईश्वरका बारेमा भनिन्छ-गर्न सक्ने, नगर्ने या अन्य प्रकारले गर्ने यस्तो दिव्य शक्ति भएको ईश्वर हुन्छ ।[☎] कहिले सगुण रूप लिएर दर्शन दिने, निर्गुण उपासकलाई उसको हृदयमा आत्म-साक्षात्कार गराइदिने या चित्त शुद्ध भएका उपासकलाई अभेद-दर्शन (*हेर्नू अभेद-दर्शन*) गराई निरतिशय सुखमा डुबाई दिने कार्य ईश्वरले नै गर्नुहुन्छ । वैष्णव सम्प्रदायले (रामानुजका विशिष्टाद्वैतवाद, मध्वाचार्यका मध्वमत, निम्बाकाचार्यको सम्प्रदाय र वल्लभाचार्यको सम्प्रदाय) तथा ईश्वरलाई अद्वैत मान्ने वेदान्तीहरू (आचार्य शंकर आदि)का बीच ईश्वर, जगत् र जीवको परस्पर सम्बन्धका बारेमा अनेक मतमतान्तर छन् ।

शंकराचार्यको भनाइ अनुसार मायिक ईश्वरद्वारा रचित जगत् स्वप्नवत् या मिथ्या हो । माया उपाधियुक्त ईश्वर र अविद्या (*हेर्नू अविद्या*) उपाधियुक्त जीवमा सजातीय, विजातीय र स्वगत भेद छैनन् । उपाधिले गर्दा यी दुई जस्ता देखिए पनि उपाधि *(हेर्नु उपाधि)* त्याग पछि यी दुवै एकै सिद्ध हुन्छन् (घटाकाश र महाकाशमा भेद नरहे

✂ *श्वेता. उप. ६।१७*

☎ *कर्तु अकर्तु अन्यथा कर्तु समर्थ स ईश्वरः*

भैं) । श्रुतिमा ईश्वरको स्तुति अति सुन्दर ढंगबाट गरेको पाइन्छ । जस्तो-

तमीश्वराणां परमं महेश्वरं तं देवातानां परमं च दैवतम् ।
पतिं पतिनां परमं परस्ताद्विदाम देबं भुवनेशमीड्यम् ॥[⊛]

अर्थात् परमेश्वर समस्त ईश्वर(लोकपालहरू)का पनि शासक (महेश्वर) हुनुहुन्छ । सम्पूर्ण देवताहरूका पनि परमदेवता, रक्षकपतिहरूका पनि परमपति एवं समस्त ब्रह्माण्डका पनि स्वामी तथा हाम्रा आराध्य हुनुहुन्छ । अनाद्य ईश्वरको अर्थ शासन गर्ने शक्तिसम्पन्न, स्वामी, मालिक हुन्छ । शंकराचार्यले ईश्वरको परिभाषा दिदै भनेका छन्- सर्वोज्ञो नारायणाख्य ईशनशील ।* नारायण नामक ईश्वर सर्वज्ञ हुनुहुन्छ र सबलाई शासन गर्नुहुन्छ । शंकरले ईश्वरको नाम पुरुषोत्तमको रूपमा पनि प्रसिद्ध रहेको बताएका छन् । *गीता*मा ईश्वर शब्दको प्रयोग अनेक स्थान(श्लोक)मा भएको पाइन्छ तर ईश्वरको परिचयात्मक जगत्प्रसिद्ध श्लोक यो हो-

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानी मायया ॥ *(१८।६१)*

अर्थात् ईश्वर सबै प्राणीहरूका हृदयमा विराजमान हुनुहुन्छ । तर उहाँ प्राणीहरूलाई आफ्नो मायाले यसरी घुमाउनुहुन्छ जसरी यन्त्रले कठपुतलीलाई नचाउँछ ।

ईश्वर, हिरण्यगर्भ र विराट-यी तीनै नाम र रूपलाई क्रमशः सुषुप्ति, स्वप्न र जाग्रत अवस्थाका समष्टिगत चेतनाका विभेदको रूपमा वेदान्तमा वर्णन गरिएको छ । सुषुप्तिको व्यष्टिगत अभिमानी प्राज्ञ हो भने समष्टिगत अभिमानीको नाम ईश्वर हो । त्यसैगरी स्वप्नको

⊛ *श्वेता. उप. ६।७*

* *गीता-शां. भाष्य १५।१७*

व्यष्टि अभिमानी तैजस र समष्टि अभिमानी हिरण्यगर्भ कहलाउँछ । अनि जगत्को व्यष्टि अभिमानी विश्व र समष्टि अभिमानी विराट हो ।

ईश्वर सत्, चित् आनन्दस्वरूप हुनुहुन्छ । विचारगरी हेर्दा सुषुप्तिमा यी तीनै लक्षणयुक्त ईश्वरको साक्षात्कार हुन्छ । जाग्रत र स्वप्नमा आनन्द छैन, त्रास छ, भय छ, चिन्ता-टण्टा छ । तर सुषुप्तिमा द्वैत संसार छैन, आफू मात्र छ । आनन्द पनि मिलेको छ । सुषुप्तिमा आफू अज्ञानपूर्वक ईश्वरमय भएकाले खास लाभ भएन, बोधपूर्वक साक्षात्कार भएको भए ज्ञानी होइन्थ्यो ।

स्वप्नमा हामी हिरण्यगर्भ बन्छौं अर्थात् ब्रह्मा बनेका हुन्छौं । ब्रह्माले संसारको सृष्टि संकल्प(मन)द्वारा गरे । हामी पनि स्वप्नसंसार आ-आफ्नो मनद्वारा निर्माण गर्छौं । जाग्रतमा समष्टि रूपमा हामी विराट बनेका हुन्छौं । ज्ञान नभएकाले हामी सीमित भयौं । ज्ञान भयो कि विराटरूप भैहाल्यो । अर्जुनले जाग्रतमा भगवान्को विराटरूप (विश्वरूप) देखेको वर्णन *गीता*को एकादश अध्यायमा गरिएको छ ।

ईश्वर शब्दले परमात्माको सर्वशक्तिमत्ता जनाउँछ-'सर्वशक्तिमत्तया ईश्वरः' *(विष्णुसहस्रनाम शाङ्करभाष्य)* । ईश्वर सर्वथा एक पनि छन् र हृदयमा पनि रहन्छन्-'ईश्वर सर्वभूतानां हृद्देशेर्जुन तिष्ठति' *(गीता १८।६१)* । ईश्वर भनेर श्रीविष्णुलाई सम्बोधन गरिएको छ *(विष्णु सहस्रनाम २२।७४)* सम्पूर्ण जगत्मा व्याप्त भगवान्, घटघटवासी परमात्मा ईश्वर कहलाउँनुहुन्छ । ईश्वरलाई महेश्वर पनि भनिन्छ । षडअङ्गयुक्त ईश्वर हुन्छन्-"षडाहुरङ्गानि महेश्वरस्य ।" ती छ अङ्ग हुन् १.सर्वज्ञता २.तृप्ति ३.अनादि बोध ४ स्वतन्त्रता ५.नित्यमलुप्तशक्ति (शक्तिको लोप नभएका) ६. अनन्त शक्ति ।[1]

ईश्वरलाई अष्ठमूर्ति धारण गर्ने बताइएको छ । अष्ठमूर्तिका अङ्ग हुन्- आकाश, वायु, अग्नि, जल र पृथ्वी, सूर्य, चन्द्र र यी सबका द्रष्टा

---

[1] *डा. दीर्घ-गीता.तत्त्व*

जीव । जगत् हो ईश्वर । बुद्धिले यसको सेवा गर्नु नै अष्टमूर्ति धारण गर्ने ईश्वरको वास्तविक पूजा हो ।[✱]

ईश्वर जीवलाई कर्मफल प्रदान गर्ने शक्ति हुनुहुन्छ । उहाँ जगत्का निर्माता हुनुहुन्छ । कर्मफल प्रदान गर्नमा ईश्वरको हात नभएको भए र जीव नै कर्मफलको उत्पादक भएको भए उसले सदैव इष्टफल नै पाउँथ्यो, अनिष्टफल पाउँदैनथ्यो । कर्तुराज्ञया प्राप्यतफलम्[❖] मनुष्यले केवल ईश्वर प्रदत्त शक्तिहरूको उपयोग गरेर प्रकृतिका नियमहरूलाई जान्यो ।

ईश्वरकृपाः ईश्वर अनुग्रह । संसारमा तीन कृपा (*हेर्नू अनुग्रह*) प्रसिद्ध छन् । आत्मकृपा, ईश्वरकृपा र गुरुकृपा । जसले आफूले आफ्नो उद्धार गर्नका लागि सत्संग, स्वाध्यायरूपी तप गऱ्यो, ईश्वर(*हेर्नू ईश्वर)मा* आफूलाई समर्पित गरिदियो उसले आत्मकृपा प्राप्त गऱ्यो । त्यस पछि उसलाई परमात्माले कृपा गर्नुहुन्छ । उसलाई योगक्षम जुटाई दिनुहुन्छ । उसको ज्ञानको इच्छा, मुमुक्षुता पूर्ण गरिदिने गुरु समेत ईश्वरले उपलब्ध गराई दिनुहुन्छ र गुरुकृपा प्राप्त गरी ऊ आत्मज्ञानी बन्छ । ब्रह्मज्ञानी दत्तात्रेयको भनाइ छ-

ईश्वरानुग्रहादेव पुंसामद्वैत वासना ।
महदभयपरित्रणा विप्राणमुपजायते ॥ [×]

अर्थात् महान भय(मृत्यु)बाट रक्षा गर्ने अद्वैत वासना *(हेर्नु अद्वैतवाद)* मनुष्यहरूमा, विप्रमा (वेदभ्यासी) ईश्वरको अनुग्रहबाट नै प्राप्त हुन्छ । ईश्वरको कृपा पाउन दैवी गुणहरूको विकास गर्दै साधकले शरीर र

✱ *र.म.-उपदेश सार-५*

❖ *ऐजन*

× *अव.गीता १।१*

मनलाई कठोर अनुशासनमा राखेर न्यूनतम संसारी जीवन बिताउनु पर्छ भन्ने उपदेश स्वयं ईश्वरको कृपाप्राप्त शिवपुरीबाबा दिनुहुन्छ । जसरी अत्यन्त भोकाएको मान्छेले खानेकुरा खोज्दछ, जसरी अत्यन्त जाडोले सताइएका मान्छेले आगो खोज्दछ, त्यसरी नै भगवान्को चाहना गर्नुहोस् । अविरल चित्तले ईश्वरको ध्यान गर्नुहोस् । यसो गरेर नै मैले सत्यको दर्शन गरेको हुँ र म सुखी छु ।

ईश्वर कृपानिधान हुनुहुन्छ । उहाँ प्रति जसले अटल विश्वास गर्छ, भक्ति गर्छ त्यस प्रति उहाँले कृपा गर्नुहुन्छ । धन, दौलत, अनुकूल परिस्थिति प्राप्तिलाई ईश्वरकृपा मान्नु ठीक छैन । ती प्रारब्धकर्म फल हुन् । अनुकूलता र प्रतिकूलतामा समान भाव राखी ईश्वरभक्ति अटल राख्नेको आत्मिक उन्नति हुँदैजान्छ । यसैलाई ईश्वरकृपा भनिन्छ । अनुकूलता र वैभवद्वारा साधक भट्कन्छ अनि ईश्वरलाई उसले प्राप्त गर्न सक्तैन । यो उहाँकै अकृपा हो । प्रतिकूलताद्वारा परमात्माले साधकको श्रद्धा र भक्तिको जाँच गर्नुहुन्छ । प्रतिकूल परिस्थिति तथा दुःख र सुखमा सम रहेर जसले भक्ति गर्दै जान्छ उसलाई भगवान्को कृपा हुन्छ ।

आफ्नो कृपा पाउन भक्तले के गर्नु पर्छ भन्ने कुरा स्वयं भगवान्ले बताउनु भएको छ-जसले समस्त कर्महरू ममा समर्पण गर्दै शरणमा परेर अनन्य समाधियोगद्वारा मैरै चिन्तन गर्दै उपासना गर्छ त्यस भक्त प्रति म कृपावान् हुनेछु (*गीता १२।६*) । भगवान्ले कसरी कृपा गर्नुहुन्छ सो कुरा उहाँ आफैं भन्नुहुन्छ-

तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवमि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥ *(ऐजन १२।७)*

अनन्तयात्रा

अर्थात् म विश्वरूप परमेश्वरमा नै चित्त समाहित भएको भक्तलाई मृत्युग्रस्त संसार रूपी सागरबाट शीघ्र नै उद्धार गरिदिनेछु ।

आर्तभक्त प्रति भगवान्ले कृपा गर्नु भएको कुरा गजेन्द्रमोक्ष *(भागवत ८।३)*, अम्बरीष कथा *(भागवत ९।४)* एवं द्रोपदीको चीरहरण हुँदा उनको लाज बचाइएका प्रसंगहरूबाट बोध हुन्छ ।

ईश्वरीय माया: ईश्वरको शक्ति माया हो जसलाई अनिर्वचनीय *(हेर्नू अनिर्वचनीय)* भनिन्छ । मायावादी अद्वैत वेदान्त-दर्शनका प्रतिपादक शंकराचार्यले मायालाई परमेश्वरको पराशक्ति मानेका छन्-

अव्यक्तनाम्नी परमेशशक्ति-
रनाद्यविद्या त्रिगुणात्मिका परा ।
कार्यानुमेया सुधियैव माया
यया जगत्सर्वमिदं प्रसुयते ॥[≠]

अर्थ:अव्यक्त नाउँ भएको त्रिगुणात्मिका, अनादि, अविद्या *(हेर्नू अविद्या)* नै ईश्वरीय माया हो । यही पराशक्तिबाट सारा जगत्को उत्पत्ति भएको छ र बुद्धिमान् मानिसले यसको कार्यबाट नै मायाको अनुमान लगाउँछन् ।

मायालाई देख्न सकिन्न, यो अनादि छ तर ज्ञानबाट अन्त्य गर्न सकिन्छ । मायापतिको कृपा भए मायाले साधकलाई दुःख दिन, खसाउन छाडिदिन्छ । मायाको दुई शक्ति प्रसिद्ध छन्-आवरण शक्ति *(हेर्नू आवरण शक्ति)* र विक्षेप शक्ति । आवरण शक्तिले साक्षी भावलाई ढाकिदिन्छ, जसले गर्दा आफू अद्वैत हो भन्ने बोध गर्न दिदैन । यसले

≠ *वि चूडामणि ११०*

आत्मभाव छोपिदिन्छ जसले गर्दा जीवभाव प्रकट हुन्छ । आवरण शक्तिलाई अज्ञान या अविद्या पनि भनिन्छ ।

विक्षेप शक्तिलाई आचार्य शंकरले जाडोको बखतमा न्यानो घामलाई ढाकिदिएर ठण्डी हावा बहाउँदै दुःख दिने, जाडोले कँपाई दिने सघन मेघसँग तुलना गरेका छन् । बुद्धि निरन्तर तमोगुणग्रस्त भएपछि मूढ व्यक्ति अनेक प्रकारको दुःख, तापबाट पीडित हुन्छ ।•

वास्तवमा यी दुवैले देहात्मा बुद्धि पैदा गरी, सांसारिक भोगमा मोहित पारेर बाँधी जन्ममृत्युको चक्रमा घुमाइरहन्छन् । ईश्वरीय मायाबाट मुक्त हुन चाहने मुमुक्षुले शरीर र अन्तःकरणलाई प्रकाशित गर्ने साक्षी किंवा मायाग्रस्त अन्तःकरण भन्दा पर अविनाशी रूपमा रहेको तत्त्व (आत्मा) कूटस्थ आफू हो भनेर बुझ्नु पर्छ । जसले यो रहस्य जान्यो, मान्यो, निश्चय गऱ्यो उसका लागि अनादि माया पनि अनन्त होइन, सान्त नै हो । *गीतामा* भगवान् श्रीकृष्णले शक्तिशाली मायाबाट कसरी मुक्त हुने भन्ने सम्बन्धमा उपाय बताउनु हुन्छ-

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥❀

अर्थात् मेरी त्रिगुणात्मिका शक्ति मायाको समुद्रबाट पार पाउन अति कठिन छ तर जसले सबै धर्म छाडेर आफ्नै आत्मा रुपमा रहेको म मायाप्रति परमेश्वरको नै सर्वात्मा भावद्वारा शरण पर्छ उसले सबैलाई मोहित तुल्याउने मायाबाट पार पाउन सक्छ अर्थात् संसार बन्धनबाट मुक्त हुन्छ ।

• *ऐ ग्रन्थ*

❀ *गीता ७।१४*

उ

उत्कर्ष : प्रतीकको माध्यमबाट परब्रह्म, परमात्माको उपासना उत्कर्ष हो । *ब्रह्मसूत्र(४।१।५)*को सूत्र छ-ब्रह्मदृष्टिरूत्कर्षति अर्थात् उत्कर्षका लागि प्रतीकमा ब्रह्मदृष्टि गर्नुपर्छ । इन्द्रियातीत ब्रह्म बारे ज्ञान गराउनका लागि गुरु, शास्त्रले साधकलाई इन्द्रियद्वारा प्रत्यक्ष हुने वस्तुहरूमा (प्रतीकहरूमा) ब्रह्मदृष्टि गर भनेर उपदेश गरिन्छ । जस्तो अन्न ब्रह्म हो भनेर उपासना गर *(छान्दोग्य उपनिषद् ३।१८।१)*, आकाश ब्रह्म मानेर उपासना गर, आदित्य ब्रह्म हो-यो आदेश छ *(ऐजन मन्त्र)* । यसरी निकृष्टमा श्रेष्ठको उपासना गरिन्छ । यस प्रकारको उपासना गर्दा अधिष्ठान स्वरूप उपास्यले आफ्नै उपासना संझन्छ ।

उत्तम अधिकारी : श्रवणबाटै मुक्ति पाउने मुमुक्षुलाई वेदान्तमा उत्तम अधिकारी *(हेर्नू अधिकारीक)* बताइएको छ । श्रीकृष्णको गीतोपदेश सुनेर अर्जुन अनि शुकदेव स्वामीबाट *भागवत* श्रवण गरेर परीक्षित मुक्त भए । वशिष्ठका शिष्य श्रीराम, श्रीरामका शिष्य लक्ष्मण पनि श्रवणबाट ब्रह्म ज्ञानी बने । यी सबै उत्तम अधिकारीका उदाहरण हुन् ।

उत्तम कर्म : प्रत्यवायरहित कर्म । निष्काम कर्म दोषरहित छ त्यसैले त्यो उत्तम छ । कर्मयोगको प्रसंगमा सकाम भावबाट गरिएको कर्म निम्नकोटिको हो । यस्तो कर्मले बन्धनमा पार्छ । त्यसमा त्रुटी भयो भने उल्टो फल दिन्छ अर्थात् कर्तालाई प्रत्यवाय लाग्छ ।

उत्तम कर्मका कर्ताले अर्को बाधा पनि पार गरेको हुन्छ । कामना नलिइकन कर्म गरे पनि आफ्नो कर्मबाट उपकार भएको पाएर खुशी हुनु, प्रचार गर्नु जस्ता शुभकर्मकै साथ आन्तरिक सम्बन्ध भयो भने

कर्मफलको हेतु बन्छ । त्यसैले भगवान्ले मा कर्मफलहेतुर्भू *(२।४७)* भन्नुभएको छ अर्थात् कर्मफलको चाहना नराखी कर्म गरे पनि शुभ-कर्ममा ममता हुँदा कर्मफल प्राप्त भैहाल्छ । 'योगस्थ' भएर गरेको कर्म, आसक्तिरहित भएर गरेको कर्म, सिद्धि र असिद्धिमा सम भएर गरिएको कर्म या योगयुक्त कर्म श्रेष्ठ भएकाले श्रीकृष्ण अर्जुनलाई उपदेश दिनुहुन्छ-योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय । *(गीता २।४८)*

यस्तो उत्तम कर्म गर्ने योगी सिद्धि र असिद्धिमा सम रहन्छ- सिद्ध्यसिध्द्योः समो भूत्वा समत्वं योग उच्यते *(ऐजन श्लोक)* शांकरभाष्य अनुसार ज्ञान प्राप्ति सिद्धि हो र ज्ञान प्राप्त नहुनु असिद्धि हो । यी दुवै स्थितिमा सम रहनु नै योग हो ।

जब साधकले तम र रज गुणलाई त्यागेर सत्त्वगुणी हुँदै कर्म गर्छ त उसको कर्म शुभ कहलाउँछ । सत्त्व गुण बढेको अवस्थामा त्यस्ता व्यक्तिले देह त्याग गऱ्यो भने ऊ उत्तमवेत्ताहरू(उत्तम विदाम्)ले प्राप्त गर्ने निर्मल (अमल) लोकमा पुग्छ । *(गीता १४।१४)*

वेदान्तको दृष्टिमा उत्तम कर्म आत्मसंस्थिति हो, मध्यम चाहिं शास्त्र चिन्तन हो । अनि मन्त्रजप र तीर्थाटन त्यस भन्दा तल्लो कोटीका हुन्-

उत्तमा सहजावस्था मध्यमा शास्त्रचिन्तन ।
अधमा मन्त्रजापाड्या तीर्थाटनधमाधमा ॥ •

ज्ञानीको कर्म नै उत्तम कर्म हो किनकि त्यो अनायास कर्म *(हेर्नू अनायास कर्म)* हो तर अरूका कर्महरू चाहिं प्रयासजन्य हुन्छन् ।

• *मैत्रयी उप*

उत्तर-गीता : *गीता*लाई श्रीकृष्णले अर्जुनको अनुरोधमा कालान्तरमा यथास्मृति सुनाउनु भएको प्रसंग *महाभारत*मा पाइन्छ । यसलाई उत्तर-गीता भनिन्छ ।

पाण्डवहरूले कौरव पक्षसँगको युद्ध जितेर राज्य प्राप्त गरेपछि अर्जुनले भगवान्सँग अनुरोध गरे-युद्धको बखतमा सुनेको गीतोपदेश युद्धको वातावरणले गर्दा मैले राम्ररी संझिरहन सकिन । त्यसैले यो शान्तिको अवस्थामा पुनः सुन्न चाहन्छु । भगवान्ले भन्नुभयो-निकै नै समाहित चित्तका साथ मैले दिव्य वाणीद्वारा *गीता* सुनाएथें । त्यसलाई उही रूपमा होइन यथास्मृति सुनाउँछु ।

यसरी उत्तर-गीता उपदेशको जन्म भयो । शंकराचार्यका परम गुरु गौडपादाचार्यको उत्तर-गीतामाथि व्याख्या प्राप्त छ ।[*]

उत्तर-मीमांसाः वेदान्त । यो दर्शनको आधार वेद-उपनिषद्को ज्ञान मार्ग हो । उत्तर-मीमांसाले आत्म-साक्षात्कारमा जोड दिन्छ-आत्मा र ब्रह्मका वीच भेद छैन । ब्रह्म मात्र सत्य हो र संसारका सबै वस्तुहरू अनित्य र विनाशशील छन् । यो अद्वैतवादी दर्शन हो (*हेर्नू अद्वैतवाद र आस्तिक दर्शनमा उत्तर-मीमांसा*) ।

उत्पत्ति : सृष्टि । वैदिक दृष्टिकोणबाट विश्व-ब्रह्माण्डको सृष्टि परब्रह्म परमात्माको संकल्पबाट भयो । श्रुति अनुसार एक्लै रहँदा उहाँलाई नरमाइलो लाग्यो । अनि उहाँले 'एक्लो म धेरै बनुँ' (एकोहं बहुस्याम) भनेर चिताउनु भयो र ब्रह्माण्डको उत्पत्ति भयो ।

जीव र जगत्को उत्पत्तिका सम्बन्धमा सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद अजातवाद तीन दर्शन प्रसिद्ध छन् । अजातवादले जगत्को उत्पत्तिलाई मान्दैन । *माण्डूक्यकारिका*का स्रष्टा गौडपादाचार्य भन्छन्-आदि र

---

[*] *डा. पाण्डेय-हि. धर्मकोश*

अन्त्यमा नभएको सृष्टि बीचमा देखिए पनि त्यो साँचो होइन । डोरीमा सर्प पहिले पनि थिएन, भ्रमले गर्दा बीचमा देखापर्‍यो र डोरी ज्ञान पछि सर्प छैन । दृष्टिसृष्टिवाद अनुसार जगत्को उत्पत्ति परमात्माले चिताएपछि भयो । सृष्टिदृष्टिवादले सृष्टिलाई सत्य मान्छ र त्यसमा परमात्माको दर्शन गर्ने प्रयास गर्छ ।

ऋग्वेदमा अति प्रसिद्ध सूक्त छ-पुरुष सूक्त । परब्रह्मलाई म व्यक्त बनूँ, अनेक बनूँ भन्ने चाहना भएपछि अनन्त टाउका, अनन्त आँखा र अनन्त पाउ भएका विराट पुरुषको उत्पत्ति भयो-ॐसहस्रशीर्षापुरुष सहस्राक्षः सहस्रपात् । *(सूक्त-१)*

उहाँकै मनबाट चन्द्रमा, आँखाबाट सूर्य, कानबाट वायु र प्राण तथा मुखबाट अग्निको उत्पत्ति भयो-

ॐचन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत ।
श्रोत्राद्वायुश्च प्राणश्च मुखादग्निरजायत ॥ *(सूक्त-१२)*

वेदान्त-दर्शन अनुसार ब्रह्म नै सृष्टिको मौलिक एवं अन्तिम कारण हो । ऊ इच्छारहित छ, अकर्मण्य छ । जगत्को उत्पत्ति उसको लीला मात्र हो । न्याय-दर्शन अनुसार प्रकृति जगत् उत्पत्तिको उपादानकारण हो र ईश्वर निमित्तकारण । ईश्वर अजन्मा, अविनाशी, ब्रह्मादेखि कीरासम्मलाई नियमन गर्ने भए पनि प्रकृतिलाई वशंमा राखेर आफ्नो मायाशक्तिद्वारा लीलाको लागि आफ्नो उत्पत्ति गर्न समर्थ छ । आफ्नो उत्पत्तिको कारण के हो त भन्दा श्रीकृष्ण भन्नुहुन्छ-

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥ *(गीता-४।८)*

परमात्माको अवतार त्यसवेला हुन्छ जब अधर्म बढदै जान्छ, धर्म नष्ट भएर प्राणीहरूले दुःख पाउन थाल्छन् । *(ऐजन ४।७)*

उत्पाद्य आदि क्रियाफल : कर्मको उपयोगिताका प्रसंगमा चार प्रकारका क्रियाफल बताइएका छन् -

क. उत्पाद्य
ख. विकार्य
ग. सस्कार्य
घ. प्राप्य

उत्पाद्य कर्मफल भनेको अविद्यमान वस्तुलाई क्रियाद्वारा प्राप्त गर्नु हो । जस्तो घट-पटादिको उत्पादन । विकार्य कर्मफलको उदाहरण हो-सुनको हारलाई गलाएर औंठी, चुरा बनाउनु । मोही खान मन लागे दही मथेर मोही पार्नु विकार्य कर्मफलको अर्को उदाहरण हो ।

संस्कार्य कर्म कुनै वस्तुको शुद्धता, निर्मलताका लागि गरिन्छ । पकाएको भाँडा माझे पछि शुद्ध, चोखो हुन्छ । ऐना पुछे पछि अनुहार राम्ररी देख्न सकिन्छ । प्राप्य कर्मफल-प्राप्त नभएको लक्ष्यमा क्रियाद्वारा पुग्न सकिन्छ । जस्तो गमन क्रियाद्वारा गन्तव्यमा पुगिन्छ । सुरेश्वराचार्य *नैष्कर्म्यसिद्धि*मा यी क्रियाफलहरू मुक्तिका साधन होइनन् भन्छन्-

उत्पाद्यमाप्यं संस्कार्यं विकार्यं च क्रियाफलम् ।
नैव मुक्तिर्यतस्तस्मात् कर्म तस्य न साधनम् ॥

आत्मा उत्पादन गरिने, विकारयुक्त, मलसँग टाँसिएको, टाडाको प्राप्य वस्तु नभएकोले यी चार प्रकारका क्रियाहरू आत्म-प्राप्तिका लागि निष्प्रयोजनीय सिद्ध हुन्छन् । खप्तडबाबा यसै विषयमा भन्छन्-ब्रह्म अनुत्पाद्य, अनाप्य, अविकार्य तथा असंस्कार्य भएका हुनाले कर्मद्वारा जीवको मुक्ति हुन सक्तैन, अन्तःकरणको शुद्धि चाहि हुन्छ ।[≡]

[≡] *ध विज्ञान-४*

उदानादि पञ्च प्राण : जीवनी शक्ति नै प्राण हो । शरीरमा प्राणको ठूलो महत्व रहन्छ । पृथ्वीमा व्याप्त जुन वायु छ त्यही अन्नमय शरीरमा प्राण कहलाँउछ । प्राण पाँच प्रकारको भएकोले पञ्च प्राण भनिन्छ -

१. प्राण २. व्यान ३. उदान ४. समान ५. अपान । प्राण वायु हृदयमा रहन्छ । श्वास प्रश्वासमा प्राण वायु ग्रहण गर्ने (पूरक) र बाहिर फाल्ने (रेचक) क्रिया सम्पन्न हुन्छ । प्रतिदिन मानिसले २१ हजार ६०० पल्ट यसरी श्वास फेर्ने कार्य गर्छ ।

शरीरमा कुल २ करोड नाडीहरूमा व्यान वायु विचरण गर्ने कुरा *प्रश्नोपनिषद(३।६)*मा बताइएको छ । सुषुम्णा नाडी हृदयबाट मस्तिष्कमा गएको छ । यसै नाडीबाट उदान वायु विचरण गर्छ । पुण्यात्माले शरीर त्याग गर्ने बखतमा मुख्य प्राण र उदान वायु नै मन र इन्द्रिय सहित शरीरलाई त्यागेर स्वगार्दि उच्च लोकमा भ्रमण गर्छन् । पापीहरू निच योनी या नरकमा फल भोग्न जान्छन् (*गीता १५।८*) । शरीरलाई ठण्डा हुन नदिने उदान वायु नै हो । सूर्य र अग्निको जुन तेज हो त्यो उदान वायुको वाह्य स्वरूप हो । मर्दा जीवात्माले जुन संकल्प गर्छ त्यही संकल्पयुक्त मनका साथ प्राण र उदान अन्य लोक या योनीमा पुग्छन् । अन्त्य कालमा प्राण गयो कि गएन बुझ्न घाँटीमा उदान वायुको उष्णता छ, छैन हेरिन्छ ।

उदासीनता: उपेक्षा, आसक्तिहीनता । आध्यात्मिक साधनाको क्रममा उदासीनता ठूलो गुण हो । विरक्त उदासीन रहन्छ । सांसारिक प्रपञ्चलाई उसले अरुचि र उपेक्षाको दृष्टिले हेर्छ । आत्मानन्दमा ऊ रमाइरहन्छ । फलतः अनुकुल स्थितिमा ऊ सुखी हुँदैन र प्रतिकुल परिस्थितिमा पनि ऊ दुःखी हुँदैन । शरीर र शरीरसँग सम्बद्ध संसार

• *प्रश्न. उप. ३।९*

प्रति अरुचि र उपेक्षा गर्ने उदासीन व्यक्तिले कुनै कुराको पनि अपेक्षा गर्दैन । *गीता*मा भगवान् आफू उदासीन व्यक्ति झैं रहेको कारणले तथा कर्तापन रहित र फलको आसक्ति पनि नहुनाले मलाई कर्मले बाँध्दैन (तिमी पनि उदासीन या उपेक्षक बन) भन्नुहुन्छ -

न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय ।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥ *(९।९)*

श्रीकृष्ण आफ्नो प्रिय भक्त बन्नका लागि देहेन्द्रिय विषय सम्बन्धमा अपेक्षारहित, पवित्र, दक्ष, भयराहित्य एवं उदासीनता आदि गुणले युक्त हुनुपर्ने आवश्यकता औल्याँउनु हुन्छ (अनपेक्षःशुचिर्दक्ष उदासीनो गतव्यथः। *(ऐजन १२।१६)*

उदासीनको अर्थ *गीता* शांकरभाष्यमा प्रसंग अनुसार लगाइएको पाइन्छ । जस्तो (उदासीनवदासीनो गुणैर्यो न विचाल्यते *(१४।२३)*मा उदासीनको अर्थ हो-उदासीनो न कस्यचित् पक्ष भजते । यहाँ कसैको पक्ष नलिनेलाई उदासीन भनिएको छ । ज्ञानमार्गीका लागि उदासीनता आवश्यक एवं लाभप्रद छ ।[१०] ज्ञानको तेश्रो भूमिका-तनुमानसामा उदासीनताको गुण देखा पर्छ र सत्त्वापत्ति अर्थात् आत्मज्ञान प्राप्ति पछि उदासीनता पूर्णरूपमा विकसित हुन्छ । यसको उदाहरण जडभरत, अवधूत आदि ज्ञानी हुन् ।

जीवन्मुक्त पुरुष उदासीन रहने प्रसंग *योगवशिष्ठ*मा पाइन्छ । उसलाई केही प्राप्त गर्नु छैन तापनि बालक झैं ऊ सदा काममा लागिरहन्छ । ऊ देशकाल, क्रिया र कम अनुसार काम गरिरहन्छ तापनि कामबाट हुने सुख, दुःखदेखि परै रहन्छ । ऊ न कहिल्यै दुःखी हुन्छ, न कहिल्यै उद्धत, न प्रमत्त, न खिन्न, न उद्विग्न, न हर्षित । उसमा अहंभाव रहँदैन, उसको बुद्धि कुनै काममा लिप्त हुन्न । स्त्री, पुत्र, मित्र, धन-

---

[१०] *स्वा. रामसुख-प्रश्नोत्तर वर्णमाला*

सम्पत्तिलाई ऊ पूर्वजन्मको कर्मको फल र स्वप्न समान संझन्छ । ऊभित्र लोकेषणा, पुत्रेषणा र वित्तेषणा हुन्न । यस्तो व्यक्तिले अपूर्व विश्रान्तिको अनुभव गर्दछ । इष्ट वस्तुको चाहना र अनिष्ट वस्तु प्रति घृणा गर्दैन । हिलामा परेर सुन मैलो हुन्न त्यस्तै उदासीन व्यक्तिले कुनै काम गर्दा कलंक लाग्दैन । उसमा सिद्धिहरूमा समेत उपेक्षा भाव रहन्छ ।[✿]

आचार्य शंकर आफू प्रति उदासीन रहेकोमा श्रीकृष्णसँग गुनासो गर्छन् -

माया हस्तेऽर्पयित्वा भरणकृतिकृते माहमूलोद्भवं मां
मातःकृष्णाभिधाने चिरसमयमुदासीन भावं गतासि ।
कारुण्यैकाधिवासे सकृदपि वदनंनेक्षसे त्वं मदीय
तत्सर्वज्ञे नकर्तुं प्रभवति भवति किं नूमूलस्य शान्तिम् ।[❀]

यस श्लोकमा भगवान् श्रीकृष्णलाई आमा भनेर सम्बोधन गर्दै भनिएको छ-मोह-मूल नक्षत्रमा उत्पन्न भएको म पुत्रको लालन-पालनका लागि मायाको हातमा सुम्पेर तपाईं धेरै दिनदेखि मेरो तर्फबाट उदासीन हुनुभयो । हे करुणमयी आमा ! तपाईंले एकचोटि पनि मेरो मुखमा नहेर्ने? हे सर्वज्ञे ! के तपाईं त्यस मोहरूपी मूलको शान्तिका लागि सक्षम हुनुहुन्न ?

उद्गीथ : ॐलाई उपनिषद्मा उद्गीथ बताइएको छ यसको शब्दार्थ हुन्छ-गाउनयोग्य परमात्मा । गायनको सर्वश्रेष्ठ एकाक्षरी मन्त्र हो ॐ । त्यसैले ओंकार उद्गीथ हो । आकाशस्वरूप परमात्मा नै सबभन्दा ठूला र उद्गीथस्वरूप हुन् । उनी सर्वथा असीम छन् । जो व्यक्ति यसरी उपासना गर्छ उसले सर्वोत्तम उद्गीथरूप परमेश्वरको उपासना गर्छ

✿ *पं.दुर्गा भट्टराई-योगवाशिष्ठ-विषयसार*

❀ *प्रबोधसुधाकर-२४४*

र उसको जीवन उच्चभन्दा उच्च हुन्छ । उसले ठूलो लोकलाई प्राप्त गर्छ ।●

ऋग्वेद र *सामवेद* परम पुरुष परमात्माको नै गुणगान गर्दछन्, यसैले ती उद्गीथ हुन् । उद्गाताले वास्तवमा उनै परमात्माको गान गर्छ ।■

छान्दोग्य उपनिषद्मा तीन ऋषिहरूलाई उदगीथ तत्त्व जान्न कुशल बताइएको छ-शिलक, दाल्भ्य र प्रवाहण । यी तीन ऋषिहरूको संवादबाट उद्गीथ तत्त्व बारे प्रकाश पारिएको छ ।✯

उद्धव : भगवान् श्रीकृष्णका सखाभक्त । वसुदेवका भाइ देवभागका सुपुत्र । उद्धवका आमा-बाबु दुवै भक्त थिए त्यसैले प्रेमीभक्त उद्धवको जन्म भयो । श्रीकृष्ण उद्धवलाई शंकर, ब्रह्मा, बलराम, लक्ष्मी र आफैंभन्दा बढी प्रिय मान्नु हुन्थ्यो । उद्धवको जीवनी *भागवत, गर्ग-संहिता* आदि ग्रन्थमा पाइन्छ ।

पाँच वर्षको उमेरमा नै उद्धवमा भक्तिनिष्ठा विकसित भएथ्यो । भगवान्को मूर्तिको सामुन्ने बसेर पूजामा लीन रहन्थे र पूजा सकेर मात्र भोजन गर्दथे । यिनले देवगुरु वृहस्पतिबाट विद्या प्राप्त गरेथे । सम्पूर्ण विद्याको सार भगवद् प्रेम हो भन्ने कुरा यिनले बुझेका थिए । गुरुकुलबाट फर्केपछि उद्धवको बुद्धि र शास्त्रज्ञानबाट यादवहरू प्रभावित भएका थिए । श्रीकृष्ण वृन्दावनबाट मथुरा आउनु भएपछि कंसको उद्धार गर्नुभयो र उज्जयिनीको गुरुकुलमा अध्ययन गरी फर्कनु भयो । त्यसपछि उद्धवले भगवान् श्रीकृष्णको पार्षदको रूपमा सेवा गरे । उनी भगवान्को एकान्तसेवक थिए । भगवान्ले आफ्ना सखाभक्त उद्धवमा ज्ञानको अभिमान महशूस गर्नुभयो जसको उपचार गर्नु आवश्यक थियो । अर्को कुरा ब्रज छाडेर मथुरा आएको धेरै समय

● *छान्दो. उप. १।९।१-४*

■ *ऐ. ग्रन्थ १।६।८*

✯ *ऐ. ग्रन्थ १।८ र १।९ खण्ड*

बितेकोले त्यहाँ आफ्नो सन्देश पठाउन पनि उहाँ चाहनुहुन्थ्यो । त्यसैले उहाँले उद्धवलाई आफ्नो सन्देशबाहक बनाएर पठाउनु भयो । कृष्णसँगको विरहले पीडित यशोदा, राधिका, गोपीजन सबैलाई ज्ञानोपदेश दिएर शान्त तुल्याउँछु भन्ने अभिमानका साथ उद्धव ब्रजमा गए । उनले यशोदा र नन्दरायलाई भेटेर श्रीकृष्णको सन्देश लिएर आएको बताए । उनले भने-श्रीकृष्ण वास्तवमा अन्तर्यामी परमात्मा हुनुहुन्छ । त्यसैले पिता-पुत्र या माता-पुत्र जस्तो संसारी नाताको मोह त्यागी ध्यानमा उहाँको दर्शन गर्नुपर्छ । उद्धवको शुष्क ज्ञानको कुरा ब्रजमा कसैले सुनेनन् । उनले त्यहाँ श्रीकृष्णको गुणानुवाद, यश-कीर्तिको कीर्तन भइरहेको पाए । उनको हृदय पनि भक्तिले पग्ल्यो । ज्ञानको अभिमान हट्यो । उनले गद्‌गद् भएर उद्‌गार व्यक्त गरे-

एताः परं तनुभृतो भुवि गोपवध्वो
गोविन्द एव निखिलात्मनि रूढभावाः ।
वाञ्छन्ति यद् भवभियो मुनयो वयं च
किं ब्रह्मजन्मभिरनन्तकथारसस्य ॥

(भाग. १०।४७।५८)

अर्थात् यस धरतीमा जन्म लिने हो भने गोपाङ्गना भएर पो जन्म लिनु पर्छ किनभने यिनीहरूमा विश्वात्मा भगवान् गोविन्दमा प्रगाढ प्रेम छ । जसलाई पाउन मुनिजन सदा लालायित रहन्छन् । त्यस्ता भगवान्‌मा अनुराग हुनु नै ठूलो कुरा हो । ब्राह्मण कुलमा जन्म, संस्कार, यज्ञ-दीक्षा आदि किन चाहियो ?

त्यसपछि उद्धवले श्रीकृष्ण प्रतिको प्रेमले विह्वल भएकी राधालाई भेटे । राधाको प्रेमाभक्ति देखेर उनी साऱ्है प्रभावित भए । राधाले आशीर्वाद दिइन्-शुभंभवतु मार्गस्ते कल्याणवस्तु सन्नतम् अर्थात्-तिम्रो मार्ग मंगलमय होस्, तिम्रो सधैं कल्याण होस् । दुई दिनका लागि ब्रज आएका उद्धव कैयौं दिनसम्म त्यहाँ रहे । उनको कोरा ज्ञान

भक्तिद्वारा परिपाक भएको थियो । भक्तिमा खरिएर उनको नीति एवं बुद्धि-ज्ञान चम्किलो भयो । *'महाभारत*को कैयौं स्थानमा उद्धवको नीतिको प्रशंसा पाइन्छ । धृतराष्ट्रले विदुरको प्रशंसा गर्दै भने-जसरी यदुवंशीहरू मध्ये उद्धव नीतिका सर्वश्रेष्ठ र यशस्वी विद्वान् हुन् त्यस्तै कुरुकुलमा तिमी हौ । जसलाई भगवान्को सन्निधि, उहाँको कृपा र प्रेम प्राप्त भएको छ उनी नीतिमान् हुनुमा सन्देह हुन्छ र ?[ˇ]

उद्धवगीता : *भागवत* एघारौं स्कन्धमा श्रीकृष्णले स्वधाम जाने तयारी गर्नु भएपछि उहाँका अनन्य प्रेमी भक्त उद्धवले 'मलाई पनि आफ्नो धाम लैजानोस्' भनेर दुःखी मनले प्रार्थना गर्दा भगवान्ले उनलाई ज्ञानामृत प्रदान गर्नु भएको जुन प्रसंग पाइन्छ सो उद्धवगीता कहलाउँछ । *गीता*मा श्रीकृष्णले ज्ञानोपदेशद्वारा अर्जुनको अज्ञान नष्ट गरिदिनु भएथ्यो । यहाँ उद्धवलाई पनि तत्त्वज्ञानको उपदेश दिएर वदरीकाश्रम पढाउनु भएको घटना वर्णन गरिएको छ ।[π] उद्धवगीता शुरु हुनु अगावै श्रीकृष्णले सोच्नु भएथ्यो-यस लोकबाट अन्तर्धान भएपछि म भित्रको ज्ञान कहाँ रहला ? यो ज्ञान त उद्धवलाई नै मिल्नु पर्छ किनकि उनी उत्तम अधिकारी *(हेर्नू अधिकारी)* हुन् । उनी आत्मजयी छन् । त्यसैले मेरो ज्ञानको उपदेश फैलाउँदै उद्धव यसै धरतीमा रहनेछन् । *(भागवत.३।४।३०-३१)*

भगवान्ले उद्धवलाई सत्संगको महिमा बताउँदै भन्नुभयो-योग, सांख्य, दान, ब्रत तपस्या, यज्ञ, श्रुतिहरूको व्याख्या, स्वाध्याय र सन्यास आदि साधनबाट म प्राप्त हुन्न तर सत्संगबाट म सुलभ हुन्छु ।[≡]

ˇ *पं.शान्तनुविहारी द्विवेदी-प्रेमीभक्त उद्धव*

π *भाग.११।७ देखि ११।२९ सम्म भगवान्ले उद्धवलाई उपदेश दिनु भएको, उनका प्रश्नहरूको उत्तर दिनु भएको पाइन्छ ।*

≡ *भाग ११।१२।९*

श्रीकृष्णले प्रेमाभक्तिबाट परमात्मा साक्षात्कार हुन्छ, योग, ज्ञान-विज्ञान, धर्मानुष्ठान, जप, पाठ, तप, त्यागबाट मलाई पाउन सकिन्न भनेर आफ्नो पार्षद उद्धवलाई उपदेश दिनु भयो ।[⊠]

उहाँले *गीतामा* अर्जुनलाई बताए झैं *भागवतमा* उद्धव सामु आफ्ना विभूतिहरूको वर्णन पनि गर्नु भयो *(ऐजन ११।१६)* । *श्रीकृष्णले* उद्धवका प्रश्नहरूको उत्तर दिंदै वर्णाश्रम धर्म बारे बिस्तृत चर्चा पनि गर्नुभयो । *(ऐजन ११।१७-१८)*

यसैगरी क्रमैले उहाँले यम, नियमादि साधनहरू बारे उद्धवलाई ज्ञान गराउनु भयो । ज्ञानयोग, कर्मयोग र भक्तियोग, गुण-दोष-व्यवस्थाको स्वरूप र रहस्य, तत्त्वको संख्या एवं पुरुष-प्रकृति विवेक, सांख्ययोग, क्रियायोग, परमार्थ आदि बारे उहाँले ज्ञान दिनुभयो । भगवान्को कृपा पाएर गद्गद् भएका उद्धवको आँखाबाट खुशीको आँशु बग्यो, वाणी अवरुद्ध भयो । हात जोडेर केही बेर उनले भगवान्सँग आफूलाई ज्ञान भएको, अज्ञानको आवरण *(हेर्नू आवरण)* हटेको निवेदन गरे -

विद्रावितो मोहमहान्धकारो
य आश्रितो मे तव सन्निधानात् ।
विभावसोःकिं न समीपगस्य
शीतं तमो भीः प्रभवन्त्यजाद्य ॥

(ऐजन ११।२९।३७)

अर्थात् म मोहको अन्धकारमा रुमल्लिरहेथें । तपाईंको सत्संगले गर्दा त्यो नष्ट भयो । जो अग्निको नजिक पुगेको छ उसलाई शीत, अन्धकार र भयले ग्रस्त गर्न कसरी सक्छ ? श्रीकृष्ण प्रति कृतज्ञता व्यक्त गर्दै उहाँको आज्ञानुसार उनी वदरीकाश्रममा गएर रहन थाले ।

⊠ *ऐ. ११।१४।२०*

यिनै कुराहरूको वर्णन यस गीतामा पाइन्छ । यसमा भक्ति र ज्ञानको मधुर समन्वय पाइन्छ ।

उद्दालक आरुणि : अरुणका पुत्र उद्दालक आरुणि हुन् । यिनी वैदिक कालका अति प्रसिद्ध आचार्यहरू मध्ये एक थिए । यिनीलाई *शतपथ ब्राह्मण(११।४।१।२)मा* कुरुपञ्चालका ब्राह्मण भनिएको छ । यिनलाई पिता आरुणका शिष्य, मद्रदेशीय पत्तञ्चल काप्यका पनि शिष्य तथा प्रसिद्ध याज्ञवल्क्य ऋषिका गुरु बताइएको छ *(वृहदारण्यक उपनिषद्)* ।

श्वेतकेतुका पिता उद्दालकका प्रसंगहरू उपनिषद्हरूमा भेटिन्छन् । उनी *छान्दोग्य उपनिषद्मा* आफ्ना पुत्र श्वेतकेतुलाई 'तत्त्वमसि' महावाक्य सुनाएर ज्ञानी बनाउँछन् । यिनै उद्दालकले *वृहदारण्यक उपनिषद्*मा याज्ञवल्क्यसँग प्रश्न गर्छन्-लोक, परलोक र भूतलाई उनेर रहेको सूत्र तथा ती तीन कुरालाई नियमित गर्ने अन्तर्यामीलाई तिमी जान्दछौ ? उनी पुनः भन्छन्-ती सूत्र र अन्तर्यामीलाई नजानिकन गाईहरू (पुरस्कार) लग्यौ भने तिम्रो टाउको खस्नेछ । ब्रह्मज्ञानी ऋषि जवाफ दिन्छन्-त्यो सूत्र वायु हो । अनि अन्तर्यामी चाहिं तिम्रो आत्मा हो । त्यसदेखि भिन्न सबै नाशवान् छन् । उत्तर सुनेर उद्दालक चूप रहन्छन् ।

कुषीतकब्राह्मणोपनिषद्मा गर्ग वंशीय महात्मा चित्रले आफ्नो यज्ञका लागि उद्दालकलाई प्रधान ऋत्विक्को रूपमा वरण गरे । तर उद्दालक मुनिले आफ्नो सट्टा छोरा श्वेतकेतुलाई पठाए । श्वेतकेतु यज्ञशालाको उच्च आसनमा गई बसे । उनको योग्यता जाँच्न चित्रले अद्भूत शून्यपदमा मलाई लगेर राख्न सक्छौ ? भनेर सोद्धा श्वेतकेतुले जवाफ दिन सकेनन् । यसको जवाफ त मेरो पिताले दिन सक्नु हुन्छ, उहाँ आचार्य हुनुहुन्छ, उहाँलाई नै शास्त्रका गूढ रहस्य बोध भएको छ । तपाईंको प्रश्न म उहाँसम्म पुऱ्याउनेछु भनेर उनी घर फर्के र सबै कुरा पितालाई बताए । उद्दालकलाई पनि सुषुप्तिको जस्तो शून्यतालाई सिद्ध गर्ने साक्षी-चैतन्य बारे बोध भएको थिएन । त्यसैले

उनले महात्मा चित्रलाई गुरु मानेर त्यो तत्त्वबोध गर्न जाऔं भनेर छोरा श्वेतकेतुलाई पनि साथमा लिएर चित्रको यज्ञशालामा गए ।

महात्मा चित्रले उद्दालकलाई ब्रह्मविद्याका अधिकारी मानेर अरू जिज्ञासुहरूको पनि ध्यानाकर्षण गर्दै शून्यपदका रहस्य बताए- ब्रह्मवेत्ताले रात-दिन पुण्य, पाप एवं संसारका सबै द्वन्दहरूलाइ देख्छ मात्र, तीसँग सम्बद्ध हुँदैन त्यसैले ऊ पुण्य, पाप रहित हुन्छ । फलतः ब्रह्मवेत्ता ब्रह्म नै बन्छ-यही त्यो अदभूत शून्यपद हो ।

छान्दोग्य उपनिषद्मा उद्दालक र श्वेतकेतुको प्रसंग अनेक ठाउँमा पाइन्छन् । जस्तो-छोरा श्वेतकेतु प्रवाहणद्वारा पराभूत भएपछि उद्दालक उसलाई लिएर प्रवाहण समीप ज्ञानको लागि जानु *(५।३)*, उद्दालक औपमण्यव आदिका साथ उपदेशका लागि राजा अश्वपतिको समीप पुग्नु र दुईका बीच सम्वाद*(५।११, ५।१७)* र ब्रह्मज्ञान प्राप्त पिता उद्दालकले पुत्र श्वेतकेतुलाई 'तत्त्वमसि' महावाक्य श्रवण गराई ब्रह्मज्ञान गराउनु जस्ता प्रसिद्ध प्रसंग*(६।८।७ देखि६।१६।३सम्म)* रोचक छ र वेदान्त प्रवचनमा यसको उल्लेख गर्न रुचाइन्छ ।

श्वेतकेतु बाह्र वर्षको भए पछि उद्दालकले छोरालाई गुरुकुलमा विद्याध्ययनका लागि पठाए । बाह्र वर्षसम्म सम्पूर्ण वेदका अध्ययन पूरा गरी अहंकारी बन्दै श्वेतकेतु घर फर्के । उनले पिता-मातालाई पनि ढोगेनन् । उद्दालकले छोरालाई सोधे-जसलाई जानेपछि सबै कुरा जानिन्छ त्यो विद्या तैंलें जानिस् ? पुत्रले भन्यो-त्यो त गुरुले सिकाउनु भएन । तपाईंलाई त्यो तत्त्वको बोध छ भने मलाई बताउनुहोस् । पिताको प्रश्नले उसको अभिमान नष्ट भै उसको हृदयमा जिज्ञासा पैदा भएथ्यो । यो कुरा जानेर उद्दालकले पराविद्याको उपदेश दिने विचार गरे । उनले पुत्रलाई पन्ध्र दिनसम्म पानी मात्र खाई उपवास बस्ने सल्लाह दिए । सोह्रौं दिनमा वेदपाठ गर भनेर अन्हाए । श्वेतकेतुले भन्यो-स्फूरण नै भएन, पाठ गर्ने ताकत नै छैन । उद्दालकले खाना खान दिएर भने-मन अन्नमय छ । अन्न विना

चेतना जाग्रत हुन्न । वरको फलका सूक्ष्म अंशमा विशाल वृक्ष रहेको हुन्छ । त्यसैगरी सत् सूक्ष्म वीज हो र विशाल देखिएको जगत वृक्ष हो भन्ने कुरा प्रयोगात्मक रूपमा उनले छोरालाई संझाए । त्यसपछि पानीमा नून हाल्न लगाएर 'नून खै ?' भनेर सोधे । नूनको ढिको उसले देख्न सकेन । पानी चाख भन्दा पानी नूनिलो छ भन्यो । पुत्रले सत्लाई किन जान्न, देख्न सकिन्न भन्ने प्रश्न सोधेथ्यो-त्यसको उत्तर उद्दालकले यसरी दिएथे । उनले संझाए-सत्स्वरूप आत्मा सर्वत्र छ, सबैमा विद्यमान छ । उसलाई स्थूल रूपमा देख्न सकिन्न तर कार्य र परिणाममा अनुभव गर्न सकिन्छ । उद्दालकले अनेकौं ज्ञानोपदेश दिंदै नौ पल्ट 'तत्त्वमसि श्वेतकेतु' भने । श्वेतकेतुलाई आखिरमा ज्ञान भयो ।

उद्दालकलाई जीवन्मुक्त ऋषिको रूपमा *योगवाशिष्ठमा* पनि चित्रण गरिएको पाइन्छ । ब्रह्मर्षि वशिष्ठ श्रीरामलाई उद्दालक ऋषि वारे जानकारी दिंदै भन्दछन्-विद्वान् ब्राह्मण परम पद पाउन इच्छुक थिए । त्यसैले रात-दिन आत्मचिन्तन गर्दथे । उनी गन्धमादन पर्वतको गुफामा गएर सबै इच्छा त्यागी, आफैं विचार गर्दथे, मनलाई संझाउथे, दुःख नदे भन्थें । विचारको आलम्वनवाट उनले विस्तारै विस्तारै मनोनाश र वासनाक्षय गरे । उद्दालकले ब्रह्मविचार गर्न थाले-म अद्वैत आत्मा हुँ । सांसारिक भोगसँग मेरो सरोकार छैन । उनले प्राणायाम र हठयोगको साधना पनि गरे । त्यसपछि तत्त्व-साक्षात्कार भयो । उनको परमानन्द स्थिति देखेर सिद्ध, गन्धर्व, विद्याधरहरू उनको सामु आई 'अब तपाईं स्वर्ग हिड्नोस् र त्यहाँको सुख भोग्नोस्' भनी अनुरोध गरे । उनीहरूले सम्मान गरे पनि तिनको अनुरोधलाई उद्दालकले अस्वीकार गरे । उनले अमृतपद पाइसकेकाले विष समान भोग भोग्न किन चाहन्थे ! उनले परम शान्ति प्राप्त गरिसकेका थिए । यसरी जीवन्मुक्तिको आनन्द प्राप्त गरिसकेपछि उनले देह त्याग गरिदिए । उनको शरीरलाई स्वर्गका अप्सराहरूले पूजा गरे अनि नाचगानद्वारा ज्ञानीको सम्मान गरे । अन्त्यमा वशिष्ठ

भन्छन्-राम ! तिमी उद्दालक ऋषिले झैं आत्मपद प्राप्त गर । गुरु र शास्त्रको वचनलाई मानेर जगत्-भम्रलाई नष्ट गर ।[≠]

उन्मनी भाव : अमनी भाव, वासनाहीनताबाट मन अमन हुन्छ । यसैलाई उन्मनी भाव या अमनी भाव भनिन्छ । जाग्रत र स्वप्नमा जे जति दृश्य देखिन्छन् ती मनको कारणले नै देखिएका हुन् । आफू साक्षी चैतन्य भएर नरही दृश्य जगत्लाई साँचो मानेर दृश्य एवं द्वैतमा आसक्त भै दुःख, चिन्ता, भयद्वारा ग्रस्त हुनु, क्षणिक विषय सुखमा लिप्त हुनु जस्ता कार्यहरू मनकै कारणले भएका हुन् । सुर्षुप्तिमा मन लीन भएकाले द्वैत रहँदैन, दृश्य देखिदैन, फलतः आनन्द प्राप्त हुन्छ । मनोदृश्य नष्ट गर्नका लागि *माण्डूक्यकारिका* ग्रन्थ लेखक गौडपादाचार्य उन्मनी भाव(अमनीभाव)मा जोड दिन्छन्- मनसो ह्यमनी भावे द्वैत नैवोपलभ्यते ॥[☆] अर्थात् यो दृश्य द्वैत जगत् मनको स्फुरण मात्र हो । मन अमन भए पछि द्वैत रहदैन, अद्वैत स्थिति प्राप्त हुन्छ । उन्मनी भाव प्राप्त गर्नका लागि विवेक र वैराग्य चाहिन्छ । यी दुई साधनाबाट वासनाक्षय हुँदै मनोनाश हुन्छ । विषयभोगबाट अमन भएपछि निरतिशय सुख प्राप्त हुन्छ । *ब्रह्मयामलम्* ग्रन्थमा मनोन्मनी भएपछि शिवकी ज्ञान स्वरूपिणी शक्ति प्रकट हुन्छिन् भनिएको छ- तस्येच्छानिर्गताशक्तिर्ज्ञानरूपा मनोन्मनी ।

उपकुर्वाण : प्राचीन कालमा गुरुकुलमा रहेर शास्त्रादिको अध्ययन गर्ने (ब्रह्मचारी) दुई प्रकरका हुन्थे-उपकुर्वाण र नैष्ठिक । विद्या समाप्त गरेर गृहस्थाश्रममा फर्कन चाहनेलाई उपकुवार्ण भनिन्थ्यो । नैष्ठिक ब्रह्मचारी चाहिं आजीवन गुरुकुलमा रहेर विद्यार्थी जीवन

≠ *योगवाशिष्ठ-उपशम प्रकरणमा उद्दालक प्रसग*

☆ *अ.प्रक-३१*

बिताउँथ्यो । वेदशास्त्रादिको अध्ययन पूरा गरे पछि आफ्नो घर फर्कने कियालाई समावर्तन भनिन्थ्यो । यसरी पढाइ पूरा गरेकालाई 'स्नातक' भनिन्थ्यो । जसले ज्ञानको सागरमा स्नान गरिसकेको छ ऊ नै स्नातक कहलाउँथ्यो ।

उपदेश-पात्र : ज्ञानको अधिकारी *(हेर्नू अधिकारी)* । अभिभावकता । 'विद्या पटक्कै नबुझ्ने र विद्याको रहस्य सबै बुझिसकेको व्यक्ति पनि उपदेश-पात्र हुँदैन । अज्ञ र विपर्यस्त पनि उपदेश गरिने पात्रमा पर्दैनन् । परिशेषतः मुख्य रूपमा उपदेश-पात्र संशयित हुन सक्छ ।[卐]

उपदेशक ज्ञानी र उपदेश-पात्र चाहिं मुमुक्षु, जिज्ञासु हुनुपर्छ । अध्यात्म विद्याको उपदेश कसलाई गर्ने भन्ने प्रश्नमा शास्त्र र सज्जनको भनाइ के छ भने बुद्धि भएको, विद्वान् र तर्क-वितर्क गर्न कुशल व्यक्ति आत्मविद्याको उपदेश-पात्र बन्छ-

मेधावी पुरुषो विद्वानूहापोहविचक्षणः ।
अधिकार्यात्मविद्यायामुक्तलक्षण लक्षितः ॥[✞]

आकाशबाट परेको या धाराको पानी ढल्केको या घोप्टो परेको गाग्रीमा पर्दैन, गाग्री रित्ताको रित्तै हुन्छ, त्यसैले ज्ञानको अधिकारीमा बुद्धि, तर्क-वितर्क कुशलताको अपेक्षा गरिन्छ ।

उपद्रष्टा : आत्मा उपद्रष्टा (द्रष्टा) कहलाउँछ । आत्माको हेर्नु नै कार्य हो । तर शरीरका इन्द्रियहरू, मन, बुद्धि आदि चाहिं कर्ममा लागिरहन्छन् । साक्षी-चैतन्य आत्माको कार्यसँग, विषयसँग कुनै सरोकार छैन, त्यसैले त्यो निर्विकार छ । नजिक बसेर हेरिरहने आत्माको लक्षण भएकोले उपद्रष्टा भनिएको हो ।

[卐] *डा. दी. घिमिरे-गीता-त.प्रकाश*

[✞] *शंकराचार्य-वि.चूडामणि-१६*

यज्ञशालामा होम गर्ने पन्ध्र जना ऋत्विक् हुन्छन्, सोह्रौं यजमानकी पत्नी हुन्छे । सत्रौं चांहि केही कार्य गर्दैन, उ उपद्रष्टा हो । त्यसैगरी दस इन्द्रिय र पञ्च प्राणलाई स्थूल देह रूपी यज्ञशालाका ऋत्विक् मान्दा, सोहौं मन र सत्रौं बुद्धि भए । (यजमान र उसकी पत्नी सरह) यी सबै आ-आफ्नो काममा व्यस्त छन् तर साक्षी आत्मा चाहिं अठारौं तत्त्व हो जो हेर्छ मात्र तर काम गर्दैन । त्यसैले आत्मालाई निष्क्रिय भनिन्छ । निष्क्रिय आत्म स्वरूपमा स्थितिलाई *गीता*मा 'नैष्कर्म्य सिद्धि' बताइएको छ *(१८।४९ शांकर भाष्य)* ।

श्रीकृष्ण आत्मालाई अनुमन्ता, भर्ता, भोक्ता, महेश्वरका साथै उपद्रष्टा भन्नुहुन्छ-उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः*(गीता१३।२२)* ।

देह, आँखा, मन, बुद्धि र आत्मा यी सबै द्रष्टा हुन् । यिनमा वाह्य द्रष्टा शरीर हो । योदेखि लिएर बुद्धिसम्मको प्रसंगमा सबभन्दा भित्र रहेको तथा समीपस्थ द्रष्टा अन्तरात्मा नै हो । त्यो भन्दा आन्तरिक द्रष्टा कुनै छैन त्यसैले अतिशय समीप रहेर देख्ने भएकाले आत्मालाई उपद्रष्टा भनिएको हो *(ऐजन भाष्य)*।

उपनिषद् : उपनिषद् शब्द 'उप' र 'नि' उपसर्ग तथा 'सद्' धातुको संयोग भएर बनेको छ । सद् धातुको तीन अर्थ हुन्छ-

क. विशरण (नाश हुनु) ।
ख. गति (प्राप्ति)
ग. अवसादन (शिथिल हुनु)

उपनिषद् पढेपछि चित्त शुद्ध भएका साधकमा अविद्याको विशरण हुन्छ अर्थात् अविद्या नष्ट हुन्छ । उपनिषद्बाट ब्रह्मज्ञानको प्राप्ति पनि हुन्छ । अनि यसले सांसारिक वासनाहरूलाई शिथिल पारिदिन्छ । संक्षेपमा भन्दा उपनिषद् यस्तो अध्यात्म विद्या हो जसले अज्ञान नष्ट गरिदिन्छ । उपनिषद्को दर्शन वेदान्त कहलाउँछ । वैदिक साहित्यमा उपनिषद्को स्थान सबभन्दा अन्त्यमा आउँछ, त्यसैले पनि यसलाई

वेदान्त (वेदको अन्त्य अंश) भनिएको हो । वेदान्त कहलाउनुको अर्को कारण हो ब्रह्मचर्चाको प्रधानता । उदाहरणका लागि *ईशावास्योपनिषद् (हेर्नू ईशावास्योपनिषद्)* लिउँ । सबभन्दा पहिलो उपनिषद् मानिएको यो कृति शुक्ल यजुर्वेदको वाजसनेयी संहिताको चालीसौं अध्याय हो अर्थात् त्यस संहिताको (वेदको) अन्तिम भाग हो । अगाडिका अध्यायमा कर्मकाण्ड र उपासना काण्ड छन् । ऋग्वेदीय *ऐतेरेय आरण्यक(हेर्नू आरण्यक)*को दोश्रो, चौथो र छैठौं अध्यायमा ब्रह्मविद्याको प्रधानता भएकाले यिनको संकलनलाई *ऐतेरेय उपनिषद्* भनियो ।

उपनिषद्हरूको संख्या सयभन्दा बढी छ । *मुक्तिकोपनिषद्*मा १०८ उपनिषद्को नाम उल्लेखित छ । वेद र सम्बन्धित उपनिषद् संख्या यस प्रकार छ-

क. ऋग्वेद १० उपनिषद्
ख. शु.यजुर्वेद १९ उपनिषद्
ग. कृ.यजुर्वेद ३२ उपनिषद्
घ. सामवेद १६ उपनिषद्
ङ. अथर्ववेद ३१ उपनिषद्

उपनिषद्हरूको संख्या कालान्तरमा वढ्दै जाँदा २०० भन्दा बढी पनि बताइएको छ । तर उपनिषद्हरूमा मुख्य मानिएका यी हुन्-ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, ऐतरेय, तैत्तिरीय, छान्दोग्य र बृहदारण्यक-

ईश केन कठ प्रश्न मुण्डमाण्डूक्य तित्तिरिः ।
ऐतरेयं च छान्दोग्यं बृहदारण्यकं दशः ॥

(मुक्तिकोपनिषद्-३०)

उक्त सूचीमा *श्वेताश्वतर उपनिषद्*को नाम नपरे पनि यसको प्रसिद्धि कम छैन । यस उपनिषद्मा सर्वत्र परिपूर्ण परमात्मालाई सत्य र

तपद्वारा प्राप्त गर्न साधकलाई प्रेरित गर्नुका साथै परमात्माको स्वरूप चर्चा, अज्ञानबाट जीव बन्धनमा पर्ने र परमात्माको ज्ञानबाट मोक्ष प्राप्त हुने प्रसंगहरू पाइन्छन् ।

आद्य जगद्गुरु शंकराचार्यले चाहिं ती ११ उपनिषद्हरूको भाष्य लेखेका छन् । ती भाष्य शास्त्रीय र प्रमाणिक छन् । मन्त्र एवं आकारको दृष्टिले सबभन्दा ठूलो उपनिषद् *बृहदारण्यक* हो । *माण्डुक्य*मा केवल १२ मन्त्र मात्र छन् । *माण्डुक्य उपनिषद्*को आधारमा शंकराचार्यका परम गुरु गौडपादाचार्यले *माण्डुक्यकारिका* लेखे जुन वेदान्तको प्रसिद्ध ग्रन्थ मानिन्छ ।

उपनिषद्को दर्शन मानवीय सोचाइको पराकाष्ठा हो । त्यसभन्दा पर अरू कुनै सोचाइ हुन सक्तैन भन्ने कुरा पूर्वेली दार्शनिक, ब्रह्मविद्देखि लिएर पाश्चात्य विद्वान, दार्शनिकहरू सबैले मानेका छन् । सर्वव्यापक, सत्, चित्त्, आनन्दस्वरूप आत्माको अनुभव गराउन जोडदिनु, जीव र ब्रह्मको अभेदता सिद्ध गर्नु, तत्पद र त्वम्पदको भेद अविद्याको कारणले हो, अविद्या नष्ट भएपछि एकता सिद्ध हुने गूढ रहस्य बताउनु जस्ता कार्य उपनिषद्हरूले गरेका छन् । शंकराचार्यले आफ्ना उपनिषद् भाष्यहरूमा ब्रह्मात्मैक्य प्रतिपादन गर्ने उपनिषद्को महिमा बताएका छन्-इष्यते च सर्वोपनिषदां सर्वात्मैक्यप्रतिपादकत्वम् *(माण्डूक्य-१।३)* ।

उपनिषद्हरूको अभिप्राय नित्य, शुद्ध, बुद्ध, निर्गुण, शान्त, शिव, अद्वैत, परम आनन्ददायी ब्रह्मको ज्ञान गराउनु नै हो । वेदका कर्मकाण्डले स्वर्गको सुख तर्फ आकर्षित गरे पनि उपनिषद्-दर्शनले देवराजको सुखलाई समेत तूच्छ मान्छ । स्वामी विवेकानन्दले पश्चिमी विश्वलाई वेदान्तको पाठ पढाउँदै भने-वेदको ब्राह्मण भागमा नाना प्रकारका स्वर्गका कुरा छन् तर उपनिषद्ले स्वर्ग जाने वासनालाई निराकृत गरिदिन्छ । सुख यहाँ वा उहाँ स्वर्गमा छैन तर आत्मामा छ । स्थानको कुनै अर्थ छैन *(ज्ञानयोग-बहुत्व में एकत्व)* । उनी गीतालाई आधुनिक

उपनिषद् किंवा अन्तिम उपनिषद् बताउँछन् । उनले पश्चिमी जिज्ञासु व्यक्तिहरूलाई, ज्ञानका पिपाशुहरूलाई औपनिषद् शिक्षा नै बाँढेका थिए ।

सत्रौं शताब्दीमा ५० उपनिषद्हरूको फरसी भाषामा अनुवाद भयो । दु पेराँ नाउँका फान्सेली विद्वानले ल्याटिन भाषामा तिनको अनुवाद गरे । यही अनुवाद पढेर प्रसिद्ध जर्मन दार्शनिक शोपेनहावरले वेदान्त-दर्शन प्रति मुग्ध भएर भने-उपनिषद् मानव मस्तिष्कको सबभन्दा उच्च एवं पूर्ण रचना हो । मैले जीवनमा उपनिषद् पढेर वास्तविक शान्ति प्राप्त गरें । शोपेनहावरले प्लेटोसँगै उपनिषद्लाई पनि गुरु माने ।

उपनिषद्को वर्गीकरण यस प्रकार छ-



शुक्लयजुर्वेद अन्तर्गतको *बृहदारण्यक उपनिषद्मा* ब्रह्मवार्ता, ब्रह्मविदहरूको सभा, गुरुले शिष्यलाई ब्रह्मोपदेश दिएर कृतकृत्य पारेका जस्ता प्रसंगहरू मात्र होइनन् ज्ञानी पतिलाई अत्यन्त वैराग्य भै

गृहत्याग गरी हिंडन लाग्दा (विविदिसा सन्यास लिन लाग्दा) दुई पत्नी मध्ये मत्रेयीले मलाई सम्पत्तिको अंशवण्डा चाहिएको छैन, ज्ञानोपदेश चाहिएको छ भनी ब्रह्मजिज्ञासा गरिन र पतिले ब्रह्मज्ञानको उपदेश गरेको प्रसंग अति नै रोचक र कल्याणकारक छ । यस उपनिषद्मा जनक र याज्ञवल्क्यको संवाद *(४।१)*, जनकलाई उत्तम अधिकारी मानेर ब्रह्मनिष्ठ एवं श्रोत्रिय याज्ञवल्क्यले परब्रह्मको उपदेश दिएर कृतकृत्य तुल्याएको तथा जिज्ञासु जनक र ज्ञानी याज्ञवल्क्यका बीच अरू संवादको बिस्तारबाट आत्मज्ञानद्वारा ज्ञानी निष्काम, आप्तकाम, आत्मकाम हुने चर्चाहरू *(४।३, ४।४)* ब्रह्मज्ञानका चरम बिन्दु हुन् । यस उपनिषद्मा श्वेतकेतु र प्रवाहणको प्रसंग *(६।२)* पनि पाइन्छ तर श्वेतकेतुलाई उनका ब्रह्मज्ञानी पिता उद्दालक आरुणिले 'तत्वमसि' जस्तो महावाक्य ९ पल्ट दोहोऱ्याउँदै आत्मज्ञान गराएको चर्चा *छान्दोग्य उपनिषद्को* अति प्रसिद्ध प्रसंग हो (*हेर्नू उद्दालक आरुणि*) ।

यसका अतिरिक्त *छान्दोग्य उपनिषद*मा ॐकारोपासना, मधुविद्या, शाण्डिल्य विद्या, ब्रह्मज्ञानी रैक्वद्वारा राजा जनश्रुतिलाई संवर्गविद्याको उपदेश जस्ता प्रसंगहरू समेत पाइन्छन् जुन वेदान्तका जिज्ञासुहरूका लागि अत्यन्त लाभप्रद छन् ।

यजुर्वेद र *ऋग्वेद* अन्तर्गतका क्रमशः *ईशावास्योपनिषद्* र *ऐतेरेयोपनिषद्*को चर्चा यस पुस्तकका प्रविष्टिमा छदैछन् । *अथर्ववेद* अन्तर्गतका प्रसिद्ध उपनिषद् *प्रश्न, मुण्डक* र *माण्डूक्य* हुन् । *प्रश्नोपनिषद्*मा इन्द्रियहरूको तुलनामा प्राणको श्रेष्ठताको आख्यान, ॐकारोपासनाको फल, परमेश्वरले ब्रह्माण्डको संकल्प गरेपछि १६ कलायुक्त जगत् रचना गरेर त्यसैमा आफू समेत प्रवेश गरी अन्तर्यामी कहलाउँनु भएका प्रसंगहरू रोचक पाइन्छन् ।

*मुण्डक उपनिषद्*मा पीपल वृक्षको एकै शाखामा बसेका दुई चराको आख्यानबाट पीपल फल खाने दुःखी चरा जीव हो तर फल नखाने सदा सुखी चरा साक्षी आत्माको प्रतीक हो भन्ने देखाइएको छ

(३।१।१) । नायमात्मा प्रवचनेन लभ्यो *(३।२।३)* अर्थात् आत्मा मन, वाणीको विषय नभएकोले राम्रो वक्ता, प्रवचनकर्ता हुँदैमा उसलाई आत्मलाभ हुँदैन तथा नायमात्मा बलहीनेन लभ्यो *(३।२।४)* अर्थात् आत्मालाई आत्मबलहीनले प्राप्त गर्न सक्तैन जस्ता प्रसिद्ध मन्त्रहरू छन् ।

*माण्डूक्य उपनिषद्*लाई अथर्वशिरस (ब्रह्म विद्यांवेद) पनि भनिन्छ । अथर्वमण्डूक्य गोत्रका ऋषि यस उपनिषद्का मन्त्रद्रष्टा भएकाले यस उपनिषद्को नाम माण्डूक्य रहेको हो । भनिन्छ-मुमुक्षुजनको मुक्तिका लागि केवल यो उपनिषद् पर्याप्त छ-माण्डूक्यमेक मेवाल मुमुक्षूणां विमुक्तये । महावाक्य अयमात्मा ब्रह्म (आत्मा नै ब्रह्म हो) यसै उपनिषद्को दोश्रो मन्त्रमा रहेको छ । यही श्रुतिमा ब्रह्मको पहिलो पाउ वैश्वानर, दोश्रो पाउ तैजस, तेश्रो पाउ प्राज्ञ भनी जानकारी दिदैं भनिएको छ-तुरीय आत्मा जो निर्गुण, निराकार, निर्विशेष छ चौथो पाउ हो । त्यो शान्त, कल्याणकारक, अद्वैत, चतुर्थलाई जान्नु पर्छ-शान्तंशिवमद्वैतं चतुर्थ मन्यते स आत्मा स विज्ञेय ।

कृष्णयजुर्वेद अन्तर्गत *कठ, तैत्तिरिय* र *श्वेताश्वतर* पर्छन् । *कठोपनिषद्* अति प्रसिद्ध उपनिषद् हो । विवेकानन्दले पश्चिमी जगत्लाई प्रेय भोगवासनामय जीवन त्यागेर श्रेय ब्रह्मविद्या रोज्ने नचिकेता जस्ता शिष्य र ब्रह्मज्ञानी यमराजको संवाद सुनाएर आध्यात्मिकता तर्फ आकर्षित गरेका थिए । यस उपनिषद्का मन्त्रहरू गीतोपनिषद्मा पनि पाइन्छन् । उदाहरणार्थ अजो नित्यः शाश्वतो यं पुराणो *(१।२।१८)* आत्मा अजन्मा, नित्य, शाश्वत र सनातन छ आदि । *तैत्तिरियोपनिषद्*मा शिक्षा वल्ली, ब्रह्मानन्द वल्ली (*हेर्नू आनन्दवल्ली*) र भृगु वल्ली तीन वल्ली छन् । पिता वरुणले पुत्र भृगुलाई ब्रह्मविद्याको उपदेश गरेकाले यस भागलाई भृगु वल्ली भनिएको छ *सामवेद* अन्तर्गतको *छान्दोग्यका* अतिरिक्त *केन र मैत्रायणी उपनिषद्* छन् ।

*मैत्रायणी*को शांकरभाष्य छैन । *उपनिषद्-प्रसंग* पुस्तकमा उपनिषद्हरूका मन्त्रहरूका अर्थ संकलन गरिएको छ । यो पुस्तक दुई भागमा प्रकाशित छ ।

उपपत्तिः कुनै नियमको संगति या समाधान । कुनै सिद्धान्तका सम्बन्धमा प्रतिपाद्य अर्थ-बोध गराउन बताइएको युक्ति नै उपपत्ति हो । *वेदान्तसार*मा भनिएको छ-श्रोतव्यःश्रृतिवाक्येभ्यो मन्तव्य श्चोपपत्तिभिः अर्थात् वेद वाक्यहरू सुन्नुपर्छ र युक्तिलाई मान्नु पर्छ । यसबाट के सिद्ध हुन्छ भने श्रवण मात्र पर्याप्त छैन, आत्म-बोधका लागि युक्ति(उपपत्ति)को पनि खाँचो पर्छ ।

उपमन्यु : आशुतोष *(हेर्नू आशुतोष)* शिवका बालभक्त उपमन्यु हुन् । आफूलाई पाउन कठोर तपस्या गरेको थाहा पाएर शिवजी इन्द्रको रूप लिएर उपमन्यु सामु आउनु भयो र वरदान माग भनेर परीक्षा गर्नु भयो । वासनाहीन परमभक्त उपमन्युले भने-देवराज, म तपाईंबाट वरदान चाहन्न । म शिवको अनन्य भक्त भएकाले म उहाँलाई पाउन चाहन्छु ।

इन्द्ररूप शिवद्वारा बालभक्तको दृढ भक्तिको जाँच गर्दै उनलाई विचलित तुल्याउन शिव-निन्दा पनि गर्नु भयो । उपमन्युले रिसाएर मृत्यु-दण्ड दिन खोज्दा शंकर भगवान् प्रकट हुनुभयो र आफ्नो चरणमा स्थान दिनु भयो । त्यसपछि माता उमाले उपमन्युलाई कुमारपद प्रदान गरी प्रिय पुत्र मान्नु भयो ।

उपमान : परमात्माका सम्वन्धमा गुरुले शिष्यलाई विभिन्न प्रमाणहरूका आधारमा उपदेश दिन्छन् । वेदान्तले उपमान, अनुमान

वसन्त कु. नेपाल

(हेर्नु अनुमानादि प्रमाणहरू) र शब्द प्रमाण मान्छ । यसले ज्ञानेन्द्रियजन्य अनुभवमा आधारित प्रत्यक्ष प्रमाणलाई उपेक्षा गर्छ । आत्मा (ब्रह्म) प्रत्यक्ष हुने वस्तु होइन किनकि यो इन्द्रियातीत छ । यो मन, बुद्धि भन्दा पनि पर छ ।

*गीता*मा भगवान् श्रीकृष्णले अर्जुनलाई आफ्नो व्यापकता बारे ज्ञान दिदां वायुको उपमा दिनु भएको छ-

यथाकाशस्थितो नित्यं वायुःसर्वत्रगो महान् ।
तथा सर्वाणी भुतानि मत्स्थानीत्युपधारय ॥ *(गीता ९।६)*

जसरी वायु आकाशमा व्याप्त छ । त्यसरी नै सबै प्राणीहरूमा म व्यापक रूपमा रहेको छु । त्यसैगरी ज्ञानलाई अग्निको उपमाद्वारा सम्झाइएको पाइन्छ-ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा *(ऐजन ४।३७)* ।

उपप्राण : पञ्च प्राण अर्थात् प्राण, व्यान, समान, उदान र अपान पछि उपप्राण पर्छ । यो पनि पाँच प्रकारको बताइएको छ । उपप्राण वायुको नाम र काम यस प्रकार छ-

क. नाग - डकार्नु
ख. कूर्म - परेला झिमझिम गर्नु
ग. कृकर - हाछ्यौं गर्नु
घ. देवदत्त - हाई गर्नु
ङ. धनञ्जय- प्राण वायु निस्केपछि पनि यो शरीरमा रहन्छ । शरीर फुलाएर यो बाहिर निस्कन्छ ।

उपरति आदि षट् सम्पत्ति : षट् सम्पत्ति मध्ये उपरति तेश्रो हो । षट् सम्पत्ति हुन्-शम, दम, उपरति, तितिक्षा, श्रद्धा र समाधान । ब्रह्म जिज्ञासाको अधिकारीको योग्यता, विवेक, वैराग्य, शमदमादि षट् सम्पत्ति र मुमुक्षुताले साधक सम्पन्न छ कि छैन भनेर जाँचिन्छ ।

शमदमादिं षट् सम्पत्ति तथा साधन चतुष्टय सम्पन्न नभै वेदान्तको अधिकारी बनिन्न ।

आचार्य शंकरले उपरतिको परिभाषा यसरी दिएका छन्- बाह्यनालम्बनं वृत्तेरेषोपरतिरुत्तमा* अर्थात् वृत्तिलाई बाह्य विषयमा लाग्न नदिनु उत्तम उपरति हो । शंकर उपरतिको लाभ बताउँदै पुनः भन्छन्-

तन्निवृत्या मुनेः सम्यक्सर्वोपरमणं सुखम् ।
संदृश्यते सदानन्दरसानुभवविप्लव ॥•

अर्थात् सबै उपाधिहरूबाट राम्ररी निवृत्त भएपछि मुनिलाई पूर्ण उपरति *(उपराम)*को सुख प्राप्त हुन्छ जसले गर्दा उनको अन्तःकरणमा सच्चिदानन्द रसानुभूति हुन्छ ।

वेदान्त शास्त्रमा षट् सम्पत्तिलाई वैराग्यको विलास बताइएको छ । वैराग्य नभै ती सम्पत्ति प्राप्त हुन्नन् त्यसैले वैराग्यको दृष्टिले ती सम्पत्तिको यसरी विभाजन गरिएको छ-

क. **शम** (क्रोधादिबाट वैराग्य)
ख. **दम** (इन्द्रिय भोगबाट वैराग्य)
ग. **उपरति** (कर्माधिक्यबाट उपराम अर्थात् वैराग्य)
घ. **तितिक्षा** (दैहिक सुखबाट वैराग्य)
ङ. **श्रद्धा** (अभिमानबाट वैराग्य)
च. **समाधान** (संसार, मनोराज्य प्रति वैराग्य)▬

---

* *वि.चूडामणि-२४*
• *ऐ. ३७२*
▬ *खप्.स्वामी-ध.विज्ञान-४*

शम भनेको मनोनिग्रह हो । मनमा काम, क्रोध रहन्छन् । काम, क्रोधबाट हुने नोक्सानी बुझेर ती शत्रुको कुसंगत छाडेपछि शम प्राप्त हुन्छ । इन्द्रिय-भोगबाट प्राप्त हुने तुच्छ सुख छाडे पछि दम सम्पत्ति प्राप्त भैहाल्छ । तितिक्षा भनेको गर्मी, सर्दी, भोक, प्यास, सुख, दुःख आदि जस्तोसुकै परिस्थिति आइपरे पनि सहन सक्ने शक्ति हो । कवि बालकृष्ण समले आफ्नो एक ग्रन्थमा तितिक्षाका सम्बन्धमा लेखेका छन्-

सहू सहू सहू बाबु सहनै नसके पनि
नारायण यही नाम निरन्तर लिइरहू ।

साधुसन्त सन्यासी, विरक्त एवं त्यगी महात्माको सेवाभावद्वारा सत्संग गर्नु, उनीहरूको उपदेश मनन गर्नु तथा साधु, सज्जनमा विश्वासलाई श्रद्धा भनिन्छ ।

संसार प्रति विरक्त भै अध्यात्म मार्गमा अगाडि बढ्दै जाँदा मनका दोषहरू नष्ट हुन्छन् । सत्रूप आत्मामा चित्त एकाग्र हुन्छ । त्यसैको नाम समाधान हो-चित्रै काग्रमं तु सल्लक्षे समाधानमिति स्मृति ॥[ᗡ]

लामो कालसम्म सत्संग गर्दै जाँदा षट् सम्पत्ति स्वतः प्राप्त हुने कुरा खप्तडबाबा बताउनु हुन्छ । उहाँ भन्नुहुन्छ-संत्संगमा रहँदा क्षणिक रूपमा भए पनि षट् सम्पत्ति प्राप्त हुन्छ ।[*]

उपराम : उपशम, निवृत्ति, विमुखता । *गीता*मा ध्यानको प्रकरणमा भगवान्ले कामनाहरूको त्याग र इन्द्रिय निग्रह कसरी गर्ने भन्ने बारेमा अर्जुनलाई उपदेश दिनु भएकोछ-

---

ᗡ *शंकराचार्य-अपरोक्षानुभूति-८*

* *ध.विज्ञान-४*

शनैः शनैरुपरमेद्बुद्धया धृतिग्रहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपिचिन्तयेत् ॥
(६।२५)

अर्थात् निर्गुण, निराकार ध्यानमा सफलताका लागि धैर्ययुक्त बुद्धिद्वारा विस्तार विस्तार संसारबाट उपराम (निवृत्त) हुनुपर्छ । त्यसपछि बुद्धिलाई आत्म-चिन्तनमा लगाएर अरू केही पनि चिन्तन गर्नुहुन्न ।

'नचिताउनु ननिदाउनु' निराकार ध्यानको सर्वोत्तम उपाय हो । नचिताउँदा मनोनिगृह हुन्छ, सुत्दा सुषुप्तिमा मनोलय हुन्छ । सुषुप्तिको मनोलयबाट लाभ हुन्न । जाग्रतमै मनोनिग्रह हुनुपर्छ । संसारिक प्रपञ्चबाट मन उपराम नभै मनोनिग्रह हुन्न, उपराम एकैचोटि हुन सकिन्न त्यसैले शनैशनैरुपरमेद् भनिएको छ । विनाशशील असत् वस्तु प्रति राग हटे पछि साधक उदासीन हुन्छ र पछि आत्माराम स्थितिमा रमाए पछि ऊ उपराम वन्छ ।[=]

उपवेद : प्रत्येक वेदको एक उपवेद रहेको छ । यसरी चार वेदका चार उपवेद छन्-

ऋग्वेद-अर्थवेद,
यजुर्वेद-धनुर्वेद
सामवेद-गान्धर्ववेद
अथर्ववेद-आयुर्वेद ।

अर्थवेदमा आधारित भएर वृहस्पतिको अर्थशास्त्र, कौटिल्यको अर्थशास्त्र आदि रचित भए भने धनुर्वेदमा आधारित वैशम्पायन-नीति बृद्धशाङ्गधर आदि ग्रन्थ रचिए । गान्धर्ववेदमा भरतको नाट्यशास्त्र, शार्ङ्गदेवको संगीत रत्नाकर, दामोदरको संगीत दर्पण आदि छन् । आयुर्वेदमा आधारित ग्रन्थ हुन्-अश्विनीकुमार-संहिता, ब्रह्म-संहिता,

---

स्वा रामसुखगीता सा.सं.टीका

सुश्रुत-संहिता, चरक-संहिता आदि । आयुर्वेदका हजारौं पुस्तकहरू छन् ।[२]

उपशम : उपशान्ति । निवृत्ति । मन, इन्द्रियहरूलाई यथास्थानमा राख्नु, नियन्त्रण गर्नुबाट शान्तिफल प्राप्त हुन्छ त्यसैलाई उपशम भनिन्छ । *माण्डुक्य उपनिषद्मा* 'प्रपञ्चोपशम' शब्द प्रयोग भएको छ- अमात्रश्चतुर्थोऽव्यवहार्यः प्रपञ्चोपशम....*(मन्त्र-१२)* । यसको अर्थ हो ॐकार रूप परमात्मा मात्रा रहित छ तुरीय (चौथो पाद) आत्मा व्यवहारभन्दा माथि तथा प्रपञ्चदेखि अतीत छ । *योगवासिष्ठको* अन्तिम प्रकरण (निर्वाण) अगाडि उपशम प्रकरण आउँछ । यस प्रकरण अन्तर्गत जगत् उपशम योग उपदेश*(१५१ अध्याय)*मा ज्ञानी गुरु वशिष्ठ श्री रामलाई वेदान्तको उपदेश (ब्रह्मज्ञान) दिदै भन्छन्-आफ्नो स्वरूप विस्मृतिको कारणले अहंकार खडा हुन्छ । स्वरूप-बोध गरी निर्वाण प्राप्त गर । आफूलाई कर्ता या कसैको कर्म नसम्झ । यस्तो विचारले जगत् भ्रमको उपशम (निवृत्ति) भै तिमीले सर्वत्र ब्रह्मको सत्ता देख्नेछौ । आकाश-कुशुम झैँ जगत् असत्य हो । लोक, परलोक, ब्रह्म समुद्रका लहर हुन् । उपशम प्रकरणको अन्त्यमा भनिएको छ- संत्संग र शास्त्रहरूको अभ्यासबाट मुमुक्षुलाई जगत्-भ्रम उपशम भै आत्मपद प्राप्त हुन्छ । उसमा कुनै पनि इच्छा रहँदैन । ऊ अहंकारबाट मुक्त हुन्छ ।

यो ग्रन्थमा नै मोक्ष-महलका चार द्वारपाल मध्ये पहिलो शमलाई बताइएको छ । अन्य तीन हुन्-सन्तोष, साधुसंत्सग र सुविचार । शमयुक्त व्यक्तिको अन्तःकरणमा आत्मतत्त्व प्रकाशित रहन्छ ।

उपादान कारण : मूलभूत कारण । मुख्य साधन । घटको उपादान कारण माटो हो । कुमाले, दण्ड, चक्र आदि निमित्त कारण हुन् ।

---

[२] *राधारमण उपाध्याय वैदिक वाङ्मयको विशालता समुदय ७२७,०५६*

ईश्वरलाई जगत्को निमित्तोपादन कारण भनेर शास्त्रहरूमा बताइएको छ। ईशावास्य मिदं सर्वं...श्रुति-वाक्यबाट जगत् देखिएको वास्तवमा ईश्वर नै हो भन्ने सिद्ध हुन्छ। घट देखिएको माटो हो भने झैं जगत् ईश्वरमय छ। जगत्को निमित्त कारण पनि ईश्वर नै हुनु भएकाले दुवै कारण एउटै ईश्वर हुनुहुन्छ। त्यसैले उहाँ अभन्ननिमित्वोपादान कारण कहलाउनु हुन्छ।

न्याय-दर्शन अनुसार प्रकृति जगत्को उपादान कारण र ईश्वर निमित्त कारण हो। *गीता*मा भगवान्ले समस्त भूत वर्गको मूल करण मै हुँ, म बिना चराचर जगत्को अस्तित्व छैन भनेर बताउनु भएको छ *(१०।३९)*।

उपाधि : 'उप' र 'आधि' पद संयुक्त भई उपाधि शब्द बनेको छ। यसको अर्थ नजिक अवस्थिति हो। अधिष्ठानमा कल्पित वस्तु उपाधि हो जुन अधिष्ठानको नजिक रहे झैं देखिन्छ। ब्रह्म अधिष्ठान हो र माया ब्रह्मको उपाधि। आत्माको शरीर छैन तर स्थूल शरीर, सूक्ष्म शरीर र कारण शरीर आत्माको उपाधिको रूपमा कल्पित भएका छन्। *रामगीता*मा भगवान् श्रीराम भाइ लक्ष्मणलाई यही उपाधिका बारेमा ज्ञान गराउनु हुन्छ-

शरीरमाद्यन्तवदादिकर्मजं
मायामयं स्थूलमुपाधिमात्मन :। *(श्लोक २८)*

प्रारब्ध कर्मबाट उत्पन्न हुने र भोग समाप्त भएपछि नष्ट हुने मायाको कार्यको रूपमा रहेको शरीर आत्माको स्थूल उपाधि हो। स्थूल उपाधिको रूपमा रहेको स्थूल शरीर पञ्चीकृत पञ्चमहाभूतबाट उत्पन्न भएको छ भने अपञ्चीकृत पञ्चमहाभूतबाट उत्पन्न भएको जीवात्माको सुख, दुःखको अनुभव गर्ने सूक्ष्म शरीर आत्माको सूक्ष्म उपाधि बताइन्छ। यो उपाधि अयञ्चीकृत पञ्चमहाभूत*(हेनू*

अपञ्चीकृत पञ्चमहाभूत)बाट पञ्च प्राण, दस इन्द्रियहरू र मन, बुद्धि संयुक्त भई बनेको छ (सत्र तत्त्व या कलायुक्त छ) ।

आत्माको कारण उपाधि माया बताइएको छ । तत्त्वतः आत्मा तीनै प्रकारका उपाधिहरूको साक्षी रूपले रहेको छ । यही कुरालाई *रामगीता*ले जोड दिएको छ-अनादि, अनिर्वचनीय, भूतभौतिक सम्पूर्ण प्रपञ्चको परिणामी उपादान कारण एवं सच्चिदानन्द ब्रह्ममा जीव, जगत् र ईश्वरभाव उत्पन्न गर्ने र वेदान्त शास्त्रमा माया रूपले प्रसिद्ध जुन वस्तु छ त्यही नै यस आत्माको कारण उपाधि मानिन्छ । माया र अन्तःकरणरूप उपाधिको कारणले मात्र जीव र ईश्वरमा भेद देखिएको हो । वेदान्तको श्रवण, मनन र निदिध्यासनद्वारा उत्पन्न भएको ब्रह्मज्ञानद्वारा अविद्याको निवृत्ति भएपछि ब्रह्ममा जीव, जगत् र ईश्वर यी तीनै भावहरू समाप्त हुन्छन् ।

आकाश एकै छ तर घट, मठ आदिले गर्दा घटाकाश, मठाकाश भनिन्छ । त्यस्तै व्यापक इन्द्रियहरूका नियामक आत्मा (परमात्मा) पनि नाना उपाधिहरूले गर्दा अनेक उपाधियुक्त झै देखिन्छ भन्दै शंकराचार्यले सत्य र व्यापक वस्तुमा उपाधि त आरोप *(हेर्नू आरोप)* मात्र हो भनका छन्-

यथाकाशो हृषिकेशो नानोपाधिगतो विभूः ।
तद्भेदाद्भिन्नवद्भाति तन्नाशे केवलो भवेत ॥

(आत्मबोध-९)

उपासना : भक्ति । 'उप'को अर्थ नजिक र 'आसना'को अर्थ आसनमा रहने हो । आराद्य(*हेर्नू आराद्य*)को नजिक रहनु, उनको चिन्तन गर्नु, भक्ति गर्नु उपासना हो ।

श्रुतिमा ब्रह्मको उपासना विधि बताइएको छ- सर्वं खल्विदं ब्रह्म । तज्जलानिति शान्त उपासीत ।[♦] अर्थात् सबै ब्रह्म हो । जगत्को सृष्टि, स्थिति र विलयको कारण ब्रह्म नै हो । यही चिन्तन गर्दै शान्त (संयत) भएर ब्रह्मको उपासना गर्नुपर्छ । *छान्दोग्य उपनिषद्*को पूर्वाधमा उद्गीथको उपासना बारे चर्चा छ ।

वेदमा भक्तिको साटो उपासना शब्दको प्रयोग भएको पाइन्छ । वेदका ८० हजार मन्त्रहरू कर्म सम्बन्धी छन् भने १६ हजार मन्त्रहरू उपासनापरक छन् अनि ४ हजार ज्ञानपरक छन् । *ऋग्वेदमा* (*हेर्नू ऋग्वेद*) वायुद्वारा रक्षित देवताहरूले यज्ञ गर्दै श्रद्धाको उपासना गरे भनिएको छ-श्रद्धां देवा यजमाना वायुगोपा उपासते ।[✲] त्यसैगरी अर्को मन्त्रमा भनिएको छ-संगच्छध्वं संवदध्वं संवो मनांसि जानताम् ।[⊗]

शास्त्रकारहरूले सात प्रकारका उपासक बताएका छन् । जस्तो-

युक्ततम - भगवान्मा मन आविष्ट गर्ने ।
क्लिष्ट - निर्गुण निराकार भक्त ।
अनुग्राह्य - सबै कर्म भगवान्मा समर्पण गरी अनुग्रह पाउने ।
ईश्वरायण- मन र बुद्धि भगवान्मा अर्पित गरेर उहाँमा नै निवास गर्ने भक्त ।
अभ्यासायन - बारम्बार वृत्ति भगवदाकार गर्ने भक्त ।
पूजापरायण - भगवान्को पूजार्थ कर्म गर्ने भक्त ।
फलत्यागी - निष्काम कर्म गर्दै भक्ति गर्ने भएकोले भगवान्द्वारा प्रशंसित ।

♦ *छान्दो. उप ३।१४।१*
✲ *ऋग. वे. १०।१५१।४*
⊗ *ऐ*

मोटामोटी रूपमा उपासना तीन प्रकारको मानिन्छ । सगुण साकार, सगुण निराकार र निर्गुण निराकार ।

१. **सगुण साकार** : ईश्वरलाई भेट्ने, देख्ने, आफ्नो सामु साक्षात्कार भैदेउन् भन्ने भावनाले जुन भक्ति गरिन्छ त्यो सगुण साकार भक्ति हो । प्रह्लाद, ध्रुव, मीरा, सुरदास आदिले सगुण साकार परमात्माकै साक्षात्कार गरे । सुरदास अन्धा भए पनि उनको मानस चक्षुले बालकृष्णको दर्शन गरिरहन्थ्यो र उनी भजन गाइरहन्थे । यसबाट उपासकलाई फल प्राप्त हुन्छ र दर्शन लाभ हुन्छ, वरदान समेत प्राप्त हुन्छ ।

२. **सगुण निराकार** : ईश्वरलाई उपासकले गुणयुक्त मान्छ । सर्वशक्तिमान, सर्वज्ञ, अन्तर्यामी जान्दछ । 'ध्यानद्वारा वृत्तिले सम्पूर्ण संसारबाट हटेर अन्तर्यामीका रूपमा आफ्नो इष्टदेवको निश्चय गर्दछ । अर्थात् ऊ मानस प्रत्यक्ष हुन्छ र बुद्धि उसैको काखमा कहिले निदाउँछ, कहिले ब्यूँझेर क्रिडा गर्छ । जसरी बालक माता प्रति समर्पित हुन्छ त्यसरी नै त्यो बुद्धि पनि अन्तर्यामी परमात्मदेव प्रति समर्पित हुन्छ । यो स्वतःसिद्ध समर्पणको बोध नै अन्तर्यामी सगुण निराकारको बोध हो ।[*]

खप्तडबाबाले वेदान्तको ज्ञान सगुण साकार उपासना भन्दा भिन्न तर सगुण निराकार उपासनाको नजिक रहेको बताउनु भएको छ । यसमा फलव्याप्तिलाई स्थान छैन, केवल वृत्तिव्याप्ति नै महत्वपूर्ण कुरा हो । अँध्यारो कोठाबाट कुनै वस्तु प्राप्त गर्न बत्ती लिएर जानु पर्छ । बत्तीले वस्तु देखाइदिन्छ । तर बत्तीलाई स-साना प्वाल भएको भिउँटले छोपेको छ भने उपासकले भिउँट हटाएर कोठा झलमल्ल पारिदिन्छ । उसलाई वस्तु प्राप्त गर्नु छैन-यो हो वेदान्तीको उपासनाको उदाहरण ।

---

* *खप्. स्वामी-ध. विज्ञान-४*

वृत्ति ज्ञान नै साक्षात् साधनको रूपमा वेदान्तमा स्वीकृत छ र अविद्याको निवृत्ति फल हो ।

३. **निर्गुण निराकार** : ज्ञानी भक्तले जुन प्रकारले ब्रह्मको उपासना गर्छ त्यो निर्गुण निराकार हो । आद्य जगद्गुरु शंकराचार्यका *अपरोक्षानुभूति, विवेक-चूडामणि* ग्रन्थहरूमा पाइने ज्ञानोपदेश निर्गुण निराकार उपासनाका दृष्टान्त हुन् । निर्गुण निराकार उपासनाका बारेमा उपनिषदमा भनिएको छ-

यथा नद्यः स्पन्दमानाः समुद्रे-
ऽस्तं गच्छन्ति नामरूपे विहाय ।
तथा विद्वान् नामरूपाद् विमुक्तः
परात्परं पुरुषमुपैति दिव्येम् ॥ *(मुण्डकोपनिषद् ३।२।८)*

जसरी वगेका नदीहरू नामरूप त्यागेर समुद्रमा विलीन हुन्छन् त्यसैगरी ज्ञानी महात्मा नामरूप रहित भै परब्रह्म, दिव्य परमात्मा प्राप्त गरी मुक्त हुन्छन् । उपनिषद्को घोषणा छ-ब्रह्म जाने पछि ब्रह्म नै होइन्छ (ब्रह्मवेद ब्रह्मैव भवति-*ऐजन ३।२।९)*

वेदान्तका दृष्टिमा मानिसको, मुमुक्षुको यो भन्दा ठूलो उपलब्धि केही छैन् । ब्रह्म जानेर ब्रह्म बन्नु कैवल्य मुक्ति हो । शंकराचार्य भन्छन्- आत्मानुसन्धान गर्दै आत्मज्ञान गर्नू (ब्रह्मात्मैक्य बोध गर्नू) नै वास्तिविक भक्ति उपासना हो-रुवस्वरूपानुसन्धान भक्ति रित्य भिधियते । *(विवेक चूडामणि)*

उपांशु जप : मन्त्र-जप तीन प्रकारको मानिएको छ-उच्च, उपांशु र मानस । उच्च अर्थात् मुखले उच्चारणपूर्वक गरिने जप तल्लो कोटिको

ऐजन

मानिन्छ । गायत्री मन्त्रलाई अरूले सुन्ने गरेर जप्नु, माइकवाट प्रचार गर्नु यस्तै तल्लो कोटिको जप हो । जिब्रो, ओठ चल्ने तर शब्द अरूले नसुन्ने जप उपांशु हो । मानस जप सर्वोत्तम हो । उच्च जप भन्दा १०० गुणा उत्तम हो । उपांशु र उपांशु भन्दा १०० गुणा उत्तम मानस जप मानिएको छ ।

उर्मी : शब्दार्थ छाल हो तर लक्ष्यार्थ चाहिं मनोशारीरिक धर्महरूसँग सम्बन्धित छ । ती हुन्-भोक, प्यास, जन्म, मृत्यु, शोक र मोह ।

प्राणको धर्म भोक र प्यास हो ।
मनको धर्म शोक र मोह हो ।
शरीरको धर्म जन्म र मृत्यु हो ।

भगवान् श्रीकृष्ण प्रिय भक्त उद्धव*(हेर्नू उद्धव)*लाई छ प्रकारका उर्मीहरूबाट मुक्त हुँदै शुद्ध स्वरूपको ज्ञान हुने सिद्धि प्राप्त गर्न श्वेतद्वीपको स्वामीको रूपमा उहाँमा चित्त स्थापित गर्नु पर्ने कुरा बताउनु हुन्छ *(भाग.११।१५।१८)* ।

उष्मपा : श्रुतिमा भनिएको छ-उष्मभागा हि पितरः । यसको अर्थ हो पितृहरू श्राद्धमा उष्म अन्न (तात्तातो पिण्ड) ग्रहण गर्छन् । त्यसैले तिनलाई उष्मपा भनिएको हो । मनुका अनुसार अन्न तातो रहेसम्म पितृहरू त्यसलाई ग्रहण गर्छन्-यावदुष्णं भवत्यन्नं, पितरस्ताव दश्नति ।*

*गीता*मा भगवान्को विश्वरूप एकादश रुद्र *(हेर्नू एकादश रुद्र)*, द्वादश, आदित्य *(हेर्नू आदित्य)*-अष्ट वसु आदिका साथै उष्मपाले पनि आश्चर्य चकित *(हेर्नू आश्चर्य)* भएर हेरे भनिएको छ ।*

---

* *मनुस्मृति ३।२।३७*
* *११।२२*

ऊ

ऊति : कर्मको वासना अनुसार जीवलाई बाँध्नु ऊति भनिन्छ-ऊतय: कर्मवासना: ।[1] *भागवतका* १० विषय (लक्षण) मध्ये ऊति पाँचौं हो ।

ऊर्ध्व शक्ति : मानिसले आफूलाई नियन्त्रण गर्न सकेको खण्डमा उसमा ऊर्ध्व शक्तिको विकास हुने कुरा हठयोग, भक्तियोग, ज्ञानयोग सबैले मान्छन् । हठयोगमा बिन्दु नियन्त्रण अर्थात् ब्रह्मचर्य धारणबाट साधक ऊर्ध्वरेता हुने कुरा बताइएको छ । बिन्दु नियन्त्रणबाट मन नियन्त्रित हुन्छ अनि शक्ति र आनन्दको सिन्धु प्राप्त हुन्छ । यसको उदाहरण सनकादि, सुकदेव, नारद, भीष्म, ठूला साधुसन्त, योगी आदि हुन् ।

चिनियाँ महात्मा कन्फ्यूशियस पनि मानिसलाई स्वभावत: खराब नमानी उसमा ऊर्ध्व शक्ति निहित भएकाले उसले सो शक्तिको विकास गर्दै आनन्दको स्वर्ग प्राप्त गर्न सक्छ भन्ने कुरामा विश्वास राख्दथे ।

*गीता*मा भगवान् श्रीकृष्णले काम, क्रोध र लोभले अधोगतिमा खसाल्ने भएकाले तिनलाई नरकको द्वारभन्दै ती त्याग्न अर्जुनलाई उपदेश दिनु भएको छ *(सोह्रौं अध्याय)* । भगवान्मा पूर्ण समर्पण भएमा भक्तमा ऊर्ध्व शक्तिको विकास हुन्छ । वेदान्तको जोड पनि यसमा छ- जीवभावलाई त्यागेर आत्मनिष्ठ बनेमा उसले उर्ध्व शक्तिकों विकास गर्दै आत्म-साक्षात्कार गर्छ । त्यसपछि ऊ सीमित कर्ता, ज्ञाता होइन महाकर्ता, महाज्ञाता वन्छ । उसलाई मानिसहरूले भगवान् मान्छन् । यो ऊर्ध्वगमन हो । मनुष्य जीवनको पुरुषार्थ यही हो । साधु सन्त,

---

भाग २।१०।४

ज्ञानी, महात्माहरूले यही आत्मज्ञानको (उँभो लाग्ने) बाटो देखाएका छन् । यसैबाट ब्रह्मपद प्राप्त हुन्छ ।

श्रुतिमा प्रकृतिको बन्धनबाट मुक्त हुन र ऊर्ध्व शक्तिको विकास गर्न मनुष्यलाई प्रेरित गरेको पाइन्छ । *अथर्ववेदमा* अनेक उक्तिहरू छन्- उच्च तिष्ठ महते सौभगाय अर्थात् हे मनुष्य ! तिमी महान् सौभाग्यका लागि उच्च बन । त्वमेकोवृषे भव-तिमी सर्वश्रेष्ठ बन । उद्यानं ते पुरुष नावयानम-तिम्रो उन्नति होस्, अधोगति होइन । आरोह तमसो ज्योति-तमबाट मुक्त भएर ज्योतिमा प्रवेश गर । दिवंचरोह पृथवीचरोह-आकाशमा उँभो लाग, पृथ्वीमा उँभो लाग । यसरी मानिसमा रहेको दैवी शक्ति जगाउन वेदमा धेरैपल्ट उत्तीष्ठ, आरोह, उच्चतिष्ठ भनेर प्रेरित गरेको पाइन्छ । ऋषिहरूलाई समेत यसरी सम्बोधन गरिएको छ-आरोहत दिवमुत्तमामृषयो मा विभीतन अर्थात् ऋषिहरू सर्वोच्च शिखरमा चढ, भयभीत नबन । आसुरी शक्ति चाहे त्यो बाहिर होस् या भित्री त्यसदेखि नडराई लड र आत्मोन्नतिको शिखरमा पुग-यस्ता सन्देशहरू हामी श्रुतिहरूमा पाउँछौं ।

शिव शंकरको नाम ऊर्ध्वशक्तिकै कारण ऊर्ध्वरेता, ऊर्ध्वलिंग र ऊर्ध्व-शायी रहेको छ ।*

ऊर्ध्वपुण्ड्र : तिलक । चन्दन, भष्म ललाटमा माथितिर लगाउनुलाई ऊर्ध्वपुण्ड्र धारण गर्नु भनिन्छ । शास्त्रमा ब्रह्मणले उर्ध्वपुण्ड्र, क्षत्रियले त्रिपुण्ड, वैश्यले अर्धचन्द्र र शूद्रले वर्तुलाकार चन्दन तिलक लगाउनु भनिएको छ ।

---

* *डा. पाण्डेय हि. धर्मकोश*

भगवान् शिवले ललाटमा त्रिपुण्ड्र लगाउनु भएको छ । देव प्रसादी चन्दन, गंगाको रज, तुलसीजराको माटो, आरतीको भष्मबाट पनि तिलक लगाउन सकिन्छ । वैष्णवहरूको उर्ध्वपुण्ड्र भगवान्को चरणको प्रतीक मानिन्छ । अर्धचन्द्र लगाउनेले आफ्नो तिलकलाई ॐको चौथो मात्राको प्रतीक मान्छन् ।

ऊर्ध्वमेड्र : उँभो फर्केको लिंग । पर्थाय । अन्धकार निवारक दीपशिखा भए झैं लिंग ज्ञानको प्रतीक हो । *स्कन्धपुराण* आदिमा ऊर्ध्वमेड्र शिव सम्बन्धी कथाहरू पाइन्छन् ।

ऋ

ऋग्वेद : वैदिक कालमा देवताहरूको स्तुतिपरक मन्त्रलाई ऋक् या ऋचा भनिन्थ्यो । ऋक्हरूको संग्रह भएको अपौरुषेय *(हेर्नू अपौरुषेय)* ग्रन्थ ऋग्वेद कहलाउँछ । ऋग्वेदका मन्त्रहरूलाई ऋषिहरूले *(हेर्नू ऋषि)* आफैंले लेखेको नभै देखेको मानिएको छ, वैदिक ऋषिहरू मन्त्रट्रष्टा मानिन्छन् । ऋग्वेद लगायत वेदहरू सुनेर, सुनाएर प्रचार प्रचलनमा आएकाले वेदहरूलाई श्रुति भनिन्छ । वेद शब्दको अर्थ पनि विचारयोग्य छ । ज्ञायते धर्मादि पुरुषार्थ अनेन इति वेद भनेर वेदको अर्थ बताइएको छ । धर्म, अर्थ, काम र मोक्ष पुरुषार्थहरू ज्ञान गराउने वेद हो । त्यसैगरी सायणले भनेका छन्-इष्टानिष्ट प्राप्ति परिहार पारलौकिकोपाय बोधकत्व सति शब्दराशित्व वेदस्य लक्षणम् । *(ऋग्वेदादि भाष्य भूमिका)* अर्थात् इष्ट वस्तु प्राप्ति र अनिष्ट वस्तुबाट बचाउने उपाय बताउने शब्दराशीको द्योतक हो वेद ।

वेदहरू परमात्माका श्वास हुन् भनिएको पनि छ । नसुकेको दाउरा बाल्दा जसरी धूँवा निस्कन्छ त्यसरी नै परमात्माको निश्वासबाट

ऋग्वेद, यर्जुर्वेद आदि इतिहास, पुराण, विद्या, उपनिषद, श्लोक, सूत्र, व्याख्यान र अनुव्याख्यान प्रकट हुन्छन् । यी सब उहाँकै श्वास हुन् ।

चार वेदहरू मध्ये ऋग्वेद सबभन्दा प्रमुख र मौलिक छ किनभने सम्पूर्ण सामवेद र यजुर्वेदको पद्यात्मक अशै तथा अथर्ववेद *(हेर्नू अथर्ववेद)*का कतिपय अंश ऋग्वेदबाट नै लिइएका छन् ।* हिन्दु धर्मका सबै तत्त्व मूलरूपमा यस वेदमा पाइन्छ । वास्तवमा ऋग्वेद हिन्दु धर्म र दर्शनकै आधारशिला हो । विश्वको मूलमा रहने सत्को अव्यक्त रूपमा विश्वास, मन्त्र, यज्ञ, अभिचार, आदिद्वारा तिनको पुजन र यजन आदि मौलिक धार्मिक तत्त्व ऋग्वेदमा पाइन्छ । दर्शनका मूल समस्याहरू ब्रह्म, आत्मा, माया, कर्म, पुनर्जन्म आदिका श्रोत पनि ऋग्वेदमा पाइन्छन् । देववाद, एकेश्वरबाद, सर्वेश्वरवाद, अद्वैतवाद आदि दाशर्निक वादहरूको प्रारम्भ पनि ऋग्वेदमा नै पाइन्छ ।

ऋग्वेदमा राष्ट्रियता, राजतन्त्र, विश्व-ब्रह्माण्डको उत्पत्ति, वैज्ञानिक, ऐतिहासिक एवं सामाजिक विषयहरू पनि पाइन्छन् । त्यसैले ऋग्वेद हाम्रा पूर्वज वैज्ञानिक आर्यहरूको वैदिक सम्पत्ति हो ।

ऋग्वेद संहिता : वेदका मन्त्रहरूको समुदायको नाम संहिता हो । यी मन्त्रहरूको विस्तृत व्याख्या गरिएको भाग चाहिं ब्राह्मण कहलाउँछ । वेदबाट आरण्यक र उपनिषद्हरू पनि निस्केका छन् । संहिता, ब्राह्मण तथा आरण्यकमा यज्ञादि कर्मको विवेचना छ भने उपनिषद्को प्रधान विषय ज्ञान हो ।

ऋक् संहिता, यजु संहिता, साम संहिता र अथर्व संहिता-चार संहिता छन् । यिनको संकलन र विभाग गर्ने महर्षि व्यास हुन् । वेदका सम्बन्धमा अभूतपूर्व कार्य गरेकाले उनको नामै वेदव्यास रह्यो । यी चार संहिताहरूमा ऋक् संहिता सबैभन्दा प्राचीन हो । पूरा ऋग्वेद

---

* *डा. पाण्डेय हि. धर्मकोश*

आठ विभागमा विभाजित भएकाले यसलाई 'अष्टक' पनि भनिन्छ । वेद आठ अष्टक र चौंसठ्ठी अध्यायमा विभाजित छ । अर्को विभाग अनुसार ऋग्वेद दस मण्डलमा संग्रहित छ । मण्डलमा संग्रहित मन्त्र-समूह सूक्त कहलाउँछ । अनि सूक्तको खण्डलाई ऋचा मानिन्छ । यस वेदमा १०२८ सूक्तहरू छन् भने मन्त्रहरूको संख्या ११ हजार छ । अथर्ववेदका १२०० ऋचाहरू ऋग्वेदबाट लिइएका छन् ।

ऋणमोचन : मनुष्य जन्म लिएपछि उसको देवता, ऋषि, पितृ, प्राणीहरू र अतिथिहरू प्रति कर्तव्य हुन्छ । वास्तवमा विवेकी मनुष्यले आफूलाई देवताको ऋणी सम्झन्छ किनकि जन्मदेखि मृत्यु नहुन्जेल देवताहरूले उसको स्याहार-सुसार एवं कल्याणमा अदृश्य रूपमा सहयोग पुऱ्याएका हुन्छन् । त्यसैगरी आफ्नो गोत्र, वंशलाई अगाडि बढाउने ऋषिहरू आफ्नो जन्मको कारण बनेका एवं वंशको सदा कल्याण चाहिरहने पितृहरू, मानिसलाई सुख, सुविधा, सुरक्षामा सघाउ पुऱ्याउने जीव, जनावर आदि प्राणीहरू र कहिलेकाहीं घरमा आइदिएर एवं स्वागत सत्कारको मौका प्रदान गर्दै पुण्य-लाभ गराउने अतिथिहरू सबै प्रति हामी ऋणी भएका हुन्छौं । त्यसैले हामीले उनीहरूको ऋण तिर्नु पर्छ, ऊऋणि बन्नु पर्छ । देवताहरूको पूजा-आजा गर्नु तथा दान, धर्म गर्नु देवऋणमोचन हो । ऋषिहरूले बनाएका शास्त्र, श्रुति स्मृतिको अध्ययन गर्नु ऋषिऋण तिर्नु हो *(मनुस्मृति)* । श्राद्ध कर्महरू गर्नु, प्रतिदिन तर्पण दिनु, वंशावली प्रकाशन आदि कार्यबाट पितृ खुशी हुन्छन् । गाई, कुकुर, चराचुरुङ्गी आदिलाई पकाएको भात या चामल आदि दिएर मात्र भोजन गर्नु प्राणीहरू प्रतिको कर्तव्य पूरा गर्नु हो । त्यसैगरी अतिथिहरूका सेवा सत्कार गर्नु उनीहरू प्रतिको ऋणबाट ऊऋण हुनु हो । सत्कार नपाई अतिथि रिसाएर गयो भने उसले गृहस्थीको पुण्य समेत लिएर जान्छ भनेर उपनिषद्मा बताइएको छ ।

अज्ञानी, मूर्ख, पापी भएर मर्नु जस्तो ठूलो ऋण अरू छैन । भगवान्लाई प्राप्त गर्ने या ज्ञानी बनेर मुक्त हुने जस्तो ऋणमुक्ति अरू

केही छन । *भागवत्*मा भनिएको छ-जो वासनाको दास छैन, जो भगवान् मुकुन्द प्रति शरणागत छ ऊ देव, ऋषि, प्राणी, कुतुम्ब र अतिथिको ऋणवाट ऊऋण भयो ऊ वन्धनवाट मुक्त भयो । *(भाग.११।५।४१)*

ऋतम्भरा प्रज्ञा : अध्यात्म प्रसाद *(हेर्नू ईश्वर कृपा)*को रूपमा योगीलाई जुन प्रज्ञा (बुद्धि) उपलब्ध हुन्छ, त्यसलाई ऋतम्भरा प्रज्ञा भनिन्छ । 'ऋत'को अर्थ सत्य हो र 'भरा'को अर्थ धारण हुन्छ । सत्यलाई नै धारण गर्ने बुद्धि ऋतम्भरा प्रज्ञा हो । यस प्रज्ञामा भ्रान्ति, विपर्याय ज्ञान या अविद्या *(हेर्नू अविद्या)* छैन । महर्षि पतञ्जलीका अनुसार निर्विचार समाधि अत्यन्त निर्मल भएपछि अध्यात्म प्रसाद प्राप्त हुन्छ । त्यसपछि योगीको बुद्धि ऋतम्भरा हुन्छ-ऋतम्भरा तस्य प्रज्ञा*(योगसूत्र १।४८)*। यस्तो बुद्धि आत्मासँग सम्वन्धित रहन्छ र आत्माद्वारा सन्चालित रहन्छ । यो बुद्धि वेद, शास्त्र र पुस्तकहरू पढेर प्राप्त हुने बुद्धि भन्दा फरक हो । ऋतम्भरा प्रज्ञा प्राप्त भएपछि नीरक्षीर (दुध र पानी छुट्याउने) विवेकको उदय हुन्छ, सत्यासत्यको निर्णय क्षमताको विकासं हुन्छ ।

ऋत्विज् : यज्ञका पुरोहित । चार जना मुख्य ऋत्विज् हुन्छन्-होता, उद्गाता, अध्वर्यु र ब्रह्मा । वेदत्रयका ज्ञाता, मीमांसाका विद्वान्, राजाका लागि शान्ति-पुष्टि आदि कर्म गर्ने व्यक्ति ऋत्विज् हुन योग्य हुन्छ भनेर *महाभारत* शान्ति पर्वमा युधिष्ठिरलाई भीष्म पितामहले बताएका छन् । द्रोह र अभिमान रहित, लज्जा-क्षमा-शम-दम आदि गुणहरूद्वारा युक्त विद्वान्, धीर, अहिंसक, राग-द्वेषशून्य, कुलीन, शास्त्रज्ञ सदाचारी र ज्ञानबाट सन्तुष्ट यज्ञमा सुपरीवेक्षकको भूमिका खेल्ने ब्रह्मा हुन योग्य हुन्छ । यस्ता ऋत्विज् महान् र सम्मानयोग्य हुन्छन् ।

ऋषभदेव : विष्णुका २४ अवतार *(हेर्नू अवतार)* मध्येका एक अवतार हो ऋषभदेव । यिनी जैन धर्मका प्रथम तीर्थाङ्कर हुन् । यिनी भगवान्का

ठूला भक्त नाभिका छोरा हुन् । यिनी यज्ञका वरदानको रूपमा जन्मे । सन्तान नभै चिन्तित नाभिले यज्ञ गर्दा भगवान् प्रकट हुनुभयो । उहाँको वरदान् अनुसार मेरुदेवीको गर्भबाट शान्ति, वैराग्य, ऐश्वर्यादि गुण सम्पन्न सुन्दर बालकको जन्म भयो । बालकको नामाकरण भयो -ऋषभ (श्रेष्ठ) । ऋषभदेव हुर्केपछि उनलाई राजसिंहासनमा राखी नाभि वदरीकाश्रम गई समाधिमा लीन रहन थाले र देव दुर्लभ गति प्राप्त गरे ।

ऋषभदेवका दैवी सम्पदायुक्त सयवटा छोराहरू भएको बताइन्छ । तिनमध्ये भरत जेठा थिए । उनैको नामबाट भारतवर्ष रह्यो । यिनका ९ छोराहरू योगेश्वर कहलाएका छन् । ऋषभदेव र नव योगेश्वरहरूको चर्चा *भागवत*मा पाइन्छ । ऋषभदेव भगवान्को अवतार भनी बताइएकोले इन्द्रले यिनको राज्यमा अनावष्टि गरेर हाहाकार मचाउँदा यिनले योगमायालाई पुकारेर खूब वर्षा गराइदिए ।

ऋषभदेवले ब्रह्मर्षिहरूको सभामा आफ्ना पुत्रहरू एवं प्रजाजनलाई मोक्ष धर्मको उपदेश दिए । पछि जेष्ठ सुपुत्र भरतलाई राज्य सुम्पेर यिनी अवधूत *(हेर्नू अवधूत)* बनेर विचरण गर्न लागे । यी दिगम्बर बनेर लोक-लज्जा त्यागी एकान्तमा विचरण गर्दै रहे । पछि अंजिगर झैं एकै ठाउँमा रहेर प्रारब्ध कर्म भोग्न थाले । जीवनको अन्त्यकाल तिर दक्षिण भारतको कुटक पर्वतमा उन्मत्त झैं रहे । अन्त्यमा जंगलको आगोमा डढेर यिनको शरीर भष्म भयो । तर परमहंस भएकाले यिनी मुक्त भए ।

ऋषि : वेदका मन्त्रद्रष्टा, अन्तस्फुर्त कवि एवं वेदका ज्ञाता तपस्वीहरू कहलाउँछन् । जसरी वेद वाक्यलाई प्रमाणिक मानिन्छ त्यसैगरी ऋषि वाक्यलाई पनि प्रमाणिक मानेर अनुशरण गरिन्छ-कथित ऋषिभिःपुरातनै । ऋषि 'ऋष्' धातुबाट बनेको छ जसको अर्थ ज्ञान हुन्छ ।

मनुले वेदाध्ययनद्वारा ऋषिहरूको र होमद्वारा देवताको अर्चना, सत्कार गर्नु भनेका छन् । उनले अध्ययन र स्वाध्यायलाई ऋषियज्ञ मानेका छन् । मनुका अनुसार ऋषिहरू दीर्घजीवी हुनुको कारण तिनको लामो समयसम्म सन्ध्योपासनादि कर्म हो-ऋषियो दीर्घसंध्यत्वाद्दीर्घमायुर-वाप्नुयुः । *(मनुस्मृति ४।९४)*

*अथर्ववेद (हेर्नू अथर्ववेद)*का मन्त्रद्रष्टा कवि लोक कल्याणका लागि तपस्या गर्ने ऋषिहरू प्रति श्रद्धा, भक्ति व्यक्त गर्दै भन्छन् ।

भद्रमिच्छन्तः ऋषयःस्वर्विद
स्तयो दीक्षा मुपनियोदुरग्रे ।
ततो राष्ट्र बल मोजाच जातं
तदसमै देवा उप संनमन्तु ॥

अर्थात् ऋषिहरूले मिलेर लोक कल्याणका लागि तप गरे, दक्षतापूर्वक स्वाध्याय गरे । त्यसबाट राष्ट्र बलियो र ओजपूर्ण भयो । देशको निम्ति सबै विद्वान् अघि सरुन् ।

वेदस्तुति *(भागवत्)*मा ऋषिहरूको उपासना बारे बताइएको छ-तपाईंहरूलाई प्राप्त गर्नका लागि योगमार्गद्वारा होस् या उपासनाबाट हो चिन्तन गर्दछ । स्थूल दृष्टि भएका ऋषिहरूले मणिपूरक चक्रमा अग्नि रूपबाट तपाईंको उपासना गर्छन् भने सूक्ष्मदृष्टि भएका ऋषिहरूले समस्त नाडी निस्कने स्थान हृदयमा तपाईंको परम सूक्ष्म स्वरूप दहर ब्रह्मको चिन्तन गर्छन् र यसरी तपाईंको चिन्तन गर्दै उनीहरू जन्म-मृत्युबाट मुक्त हुन्छन् । या मोक्ष प्राप्त गर्छन् ।

सत्य, द्वापरयुगमा कठोर तपस्या गरेर साधक, उपासकले ऋषिपद प्राप्त गर्दथे । राजाले राजपाठ छाडेर तपस्या गरी राजर्षि पद पाउँथे भने कोही व्यक्ति धेरै काल तपस्या गरेर ऋर्षि हुन सक्थे (जस्तो विश्वामित्र) । उनी पहिले राजर्षि थिए, कठोर तपले गर्दा उनी महर्षि बने । त्यसपपछि ब्रह्मर्षि समेत बन्न सके । प्राचीन कालमा

ऋषिहरूले गृहस्थमा रहेर पनि परमात्मतत्त्व प्राप्त गरेथे । सांसारिक व्यवहार गर्दै विवेकपूर्वक परमात्मतत्त्वको प्राप्तिका लागि साधना गर्ने साधक पनि ऋषि नै हुन् ।

ऋषिको प्रसंगमा सप्तर्षि र देवर्षिको उल्लेख पनि आवश्यक छ । सप्तर्षि मन्त्रद्रष्टा, गोत्र प्रवर्तक, चिरायु, विद्यावान् हुन् । यिनीहरू ब्रह्माजीका मानस पुत्र हुन् । प्रजाको उत्पत्ति गर्ने, प्रवृत्ति मार्गका यी सात जना ऋषिहरू ब्रह्माजीका मानस पुत्र हुन् । यिनीहरूको नाम यस प्रकार छ वरिष्ठ (प्रमुख), मरीचि, अंगिरा, अग्नि, पुलस्त्य, पुलह र कतु । आकाशमा सप्तर्षि ताराहरू देखिन्छन् । उनीहरूसँग वशिष्ठकी धर्मपत्नी अरुन्धती पनि देखापर्छिन् ।

ए

एः एकारले परम दिव्य त्रिदेवलाई जनाउँछ र उनीहरूको एकत्वलाई संकेत गर्छ । भनिएको पनि छ-एकारं परम दिव्यं ब्रह्मविष्णु शिवात्मकम् । *(कामधेनु-तन्त्र)*

एकः ब्रह्म एक हो, अद्वितीय हो । एकैलाई विद्वान्हरूले धेरै रूप र नाममा पाएका छन् । एकै ब्रह्मलाई सन्तहरू धेरै रूपमा कल्पना गर्छन् । यो वेदवाणी, हो । एक अनेक हुनुको रहस्य श्रुतिमा बताइएको छ-

एकमेवाद्वितीयम् । एकं स विज्ञा वहुधा वदन्ति ।
एकं सन्तं बहुधा कल्पयन्ति ।

*विष्णु सहस्रनाम*मा पनि भनिएको छ -

एको विष्णुर्महद्भूतं पृथग्भूतान्यनेकशः ।
त्रीलोकान्व्याप्य भूतात्मा भुङ्क्ते विश्वभुगव्ययः ॥

(विष्णु सहस्रनाम-१४०)

अर्थात् एक मात्र भगवान् विष्णु नै महत्स्वरूप हुनुहुन्छ । सर्वभूतात्मा विश्वभोक्ता, अविनाशी प्रभु नै तीनै लोकमा व्याप्त भएर नाना भूतहरूलाई अनेक प्रकारले भोग्नुहुन्छ । निर्गुण, निराकार परमात्मालाई जनाउन अद्वितीय या एकदेव शब्द प्रयोग हुन्छ-

एको देवः सर्वभूतेषु गूढः
सर्वव्यापी सर्वभूतान्तरात्मा ।
कर्माध्यक्षः सर्वभूताधिवासः
साक्षी चेता केवलो निर्गुणश्च ॥

(श्वेताश्वतर उपनिषद्-६।११)

अर्थात् एकै परमात्मा सबै प्राणीहरूको अन्तरात्मा रूपमा रहनु भएको छ । उहाँ सर्वव्यापक हुनुहुन्छ, सबै कर्महरूको अधिष्ठाता, सबैका साक्षी, सबै भूतहरूको अधिष्ठान, चेतनस्वरूप, विशुद्ध र गुणातीत पनि हुनुहुन्छ । एकै भगवान् जनार्दन जगत्को सृष्टि, पालन र संहारका कारण हुनु भएकाले उहाँले ब्रह्मा, विष्णु र शिवको नाम धारण गर्नु भएको छ-

सृष्टिस्थित्यन्तकरणाद् ब्रह्मविष्णुशिवात्मकः ।
स संज्ञां याति भगवानेक एव जनार्दनः ॥

(विष्णुपुराण सृष्टि २।११४)

*शिव गीता*मा शिवजी श्रीरामलाई उपदेश दिंदै के भन्नुहुन्छ भने म एक देव नै सर्वत्र व्यात छु (एकोऽस्मि देवः प्रदिशो नु सर्वाः ६।४४)।

एकजीववाद : जीव अनेक होइन एकै छ भन्ने सिद्धान्त । जीव एक भए अरू के हुन् त भन्ने प्रश्नमा यस सिद्धान्तले भन्छ-अनेक त जीवाभास हुन् । स्वप्नमा अनेक व्यक्तिहरू, जनावरहरू, वनस्पति, जगत् आदि

देखिन्छन् । तर ती स्वप्नद्रष्टादेखि भिन्न होइनन् अर्थात् स्वप्नद्रष्टा एक मात्र छ अरू दृश्य सबै झुठा हुन्, काल्पनिक हुन् ।

भरतका प्रसिद्ध स्वामी प्रकाशानन्द सरस्वतीले *वेदान्त सिद्धान्त मुक्तवाली* शीर्षक संस्कृत ग्रन्थ लेखेर एकजीववादको सिद्धान्तलाई अगाडि बढाएका थिए । यो एकजीववादको सर्वोत्कृष्ट ग्रन्थ मानिन्छ ।

एकनाथ : मध्यकालीन भारतीय सन्त । वर्णले ब्राह्मण भए पनि समदृष्टियुक्त भएकाले जातिप्रथाको विरुद्ध आवाज उठाए र महाराष्ट्रिय कट्टर ब्रह्मणहरूको विरोध सहने आँट गरे । दार्शनिक दृष्टिले यी अद्वैतवादी थिए ।

महाराष्टका उच्च सन्त नामदेव पछि एकनाथको नाम लिइन्छ । मूल नक्षत्रमा वि.सं. १५९० को आसपासमा जन्मेका एकनाथले जन्मेपछि पिता सूर्यनारायणलाई गुमाए भने त्यसको केही कालपछि आमा रुक्मिणीको पनि देहान्त भयो । पितामह चक्रपाणीले यिनको लालन पालन गरे । बाल्यकालदेखि नै श्रद्धावान् एवं भजनानन्दी एकनाथको यज्ञपवित संस्कार छ वर्षको उमेरमा भयो । उमेर सँगै शिक्षादीक्षा एवं भक्तिभाव बढ्दै गयो । बाह्र वर्षको उमेरमा शिवालयमा रातको समयमा भजन गरिरहँदा यिनले जनार्दन पन्तलाई देवगढमा भेटी गुरु बनाउ भन्ने आकाशवाणी सुने । यिनले ५ वर्षसम्म (१६०२-१६०८) गुरुको सेवा गरे । गुरुको कृपा पाएर यिनले दत्तात्रेय भगवान्को दर्शन पाए । एकनाथलाई गुरु र दत्तात्रेयमा अभेदताको ज्ञान समेत भयो किनभने यिनले गुरु नै दत्तात्रेयमा परिणत भएको र पुनः दत्तात्रेय गुरु बनेको दर्शन गरे ।

गुरु जनार्दन स्वामीले एकनाथलाई कृष्णोपासनाको दीक्षा दिएर शूलभञ्जन पर्वतमा तपस्याका लागि पठाए । तपस्याबाट फर्केपछि यिनी तीर्थ यात्रा गर्दै भागवत धर्मको प्रचारमा लागे । यिनले

चतुःश्लोकी *भागवत्*मा ग्रन्थ लेखेर पञ्चवटीमा रामचन्द्रजीको सम्मुख आफ्ना गुरुलाई सुनाए ।

गुरुको आज्ञा शिरोपर गरी यिनले विवाह गरी गृहस्थाश्रम धर्म पालन गरे जसबाट यिनका वृद्ध अवस्थाका पितामह र पितामही खुशी भए । धर्मपत्नी गिरिजाबाई पतिपरायणा एवं आदर्श गृहिणी थिइन् । यिनी अन्नदान र ज्ञान दानमा अति नै रुचि लिन्थे । हरिभक्तिपरायण एकनाथमा क्षमा, शान्ति, समदृष्टि, भूतदया, निरहंकारता जस्ता गुणहरू थिए । एक दिन एक विधर्मीले अपमान गर्दै गोदावरी स्नान गरी फर्केका एकनाथको शरीरमा कुला गरेको पानी थुकिदियो । उनी निर्विकार रहेर पुनः नदी स्नान गरी फर्के । दुष्ट व्यक्तिले पुनः कुला गरेर उनको शरीरलाई अपवित्र पारिदियो । यसरी नै १०८ पल्ट स्नान गर्दा पनि उनी प्रत्येक पल्ट निर्विकार रहे । बरु १०८ पल्ट गोदावरीको स्नान गर्न पाएकोमा खुशी भए । उनको त्यस्तो अद्भूत साधु स्वभाव देखेर विधर्मीले पाउ परेर क्षमा याचना गऱ्यो र उसको जीवनमा ठूलो परिवर्तन आयो ।

सबै प्राणीहरूलाई भगवान् दृष्टिले हेर्ने एकनाथले एक चोटी प्रयागको गंगाजल लिएर रामेश्वर गइरहेका थिए । मरुभूमिमा एउटा गधा पानीको प्यासले छट्पटाइरहेको उनले देखे । अरु तीर्थयात्रीहरूले रोक्दा रोक्दै पनि एकनाथले गधाको मुखमा पानी हालिदिए । आफ्नो कार्यको विरोध गर्नेहरूलाई उनले भने-मर्न लागेको गधाले पिएको पानी सिधै रामेश्वरजीमा चडाइएको हो ।

एकनाथले एउटी वेश्याको उद्धार गरेको उनको आश्रम चोरी गर्न आउँदा अन्धा भएका चोरहरूलाई दृष्टिदानद्वारा उनीहरूको जीवनमा परिवर्तन ल्याएको, यथाविधि श्राद्धको संकल्प गरी पितृको ध्यान र

आह्वान गर्दै पितृ प्रकट भएपछि श्राद्धान्न खुवाएको एवं पितृको आशीर्वाद पाएका घटनाहरू उनको जीवनमा उल्लेखनीय पक्ष हुन् ।•

एकनाथले भागवत् एकादश स्कन्दको अनुवाद (मराठीमा गर्नु)का साथै भावार्थ रामायण र रुक्मिणी स्वयंवर पुस्तक लेखे । साथै संत ज्ञानेश्वरको अमर कृति *ज्ञानेश्वरी गीता (वि.सं.१३४७)*को प्रमाणिक प्रतिलिपि समेत प्रकाशित गराए ।

एकभक्तिः अनन्य भक्ति । चार प्रकारका भक्तहरू अर्थात् आर्त *(हेर्नू आर्तभक्त),* जिज्ञासु, अर्थार्थी *(हेर्नू अर्थार्थी आदि भक्तहरू)* र ज्ञानी भक्त । यी मध्ये ज्ञानी भक्तले भगवान्लाई आत्मा रूपमा एकै मानेर, अनन्य *(हेर्नू अनन्य)* जानेर भक्ति गर्छ । त्यसैले *गीता*मा भगवान् श्रीकृष्णले भन्नु भएको छ-तेषां ज्ञानी नित्ययुक्त एकभक्ति-र्विशिष्यते ।✇ अर्थात् ती चार भक्तहरूमा मसँग अभेद सम्बन्ध भएको, एकभक्तियुक्त ज्ञानी श्रेष्ठ छ । कुनै इच्छा, चाहना नभै केवल भगवान्मा मात्रै प्रेम अथवा हेतुरहित भक्तिलाई नै *गीता*मा एकभक्ति भनिएको छ । भक्तिनी मीराले आफ्नो भजनमा भनेकी छिन्-प्रेमको गल्ली यति साँगुरो छ कि त्यसमा दुई जना हिंडनै मिल्दैन । त्यसमा कि म या हरि मात्र हिंड्न मिल्छ । जब अनन्य भक्तले भगवान् र आफू बीच अद्वैत सम्बन्ध *(हेर्नू अद्वैतवाद)* अनुभव गर्छ त त्यसलाई प्रेमाद्वैत भनिन्छ । ज्ञानी अर्थात् प्रेमी भक्तमा आफ्नो कुनै इच्छा रहँदैन त्यसैले त्यो एकभक्ति हो ।☒

एकाक्षर ब्रह्मः ॐ *(हेर्नू ॐ)*लाई एकाक्षर ब्रह्म भनिएको छ । यसलाई प्रणव पनि भनिन्छ । *गीतामा* भनिएको छ -

---

• *कल्याण संत अंक*

✇ *गीता ७।१७*

☒ *स्वा.रामसुख-गीता सा.संजीवनी*

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥ *(८।१३)*

जसले एकाक्षर ब्रह्म(ॐ)को उच्चारण गर्दै अर्थात् निर्गुण, निराकार पर ब्रह्मको स्मरण गर्दै प्राण त्यागिदिन्छ उसले परम गति (निर्गुण निराकार परमात्मा) प्राप्त गर्छ ।

आचार्य शंकरले भनेका छन्-'ब्रह्मैकाक्षरमर्थ्यतां श्रुति शिरोवाक्यं समाकर्ण्यताम्' *(साधक पञ्चक)* अर्थात् एकाक्षर ब्रह्म ॐ)को अर्थचिन्तन गर अनि वेदको महावाक्यको आश्रय *(हेर्नू आश्रय)* लेउ (आत्म-कल्याणका लागि) । जसले निर्गुण, निराकार परमात्मा प्राप्त गर्न चाहन्छ त्यस्तो साधकले एकाक्षर ब्रह्मको जप, चिन्तन, ध्यान गर्नु पर्छ भन्ने कुरा शास्त्रमा बताइएको छ । दशनामी सम्प्रदायका सन्यासीहरूले पनि एकाक्षर ब्रह्मकै जप, चिन्तन गर्नु पर्ने विधान छ ।

एकाक्षरोपनिषद् : यस उपनिषद्मा एकाक्षर ब्रह्म अर्थात् ॐको उपासना गरिएको छ । धेरै मन्त्रहरू नभएको यस उपनिषद्मा ब्रह्मलाई कविहरू(सर्वद्रष्टा)मा जातवेद (जन्मदैं ज्ञानस्वरूप) तिमी हौ, तिमी नै भुवनका नाथ हौ भनिएको छ ।

परम अक्षर ब्रह्म नै धाता (धारक), विधाता (सर्जक), वायु, पंक्षी, विष्णु, रात, दिन, अतीत, भविष्य, जन्म, समय, रुद्रहरू, दैत्य, वस्तु, अग्नि, सम्राट, वेदका ऋचाहरू, इन्द्र, भूःभुवःस्वः सबै हौ भनेर ब्रह्मको व्यापकताको वर्णन गरिएको छ ।

एकाग्रता : तन्मयता । मनलाई विषयहरूबाट हटाएर ध्येयमा मात्र लगाइरहनु एकाग्रता हो । आध्यात्मिक उन्नतिका लागि यो महत्वपूर्ण साधन हो । एकाग्रता प्राप्त भएको छैन भने साधकले एकान्त *(हेर्नु एकान्त)*मा बसेर साधना गरे पनि लाभ हुन्न । बुद्धि एकै वस्तु

(आत्मा)मा केन्द्रीभूत हुनुको फलस्वरूप प्राप्त एकाग्रताले साधकलाई पूर्णावस्था प्राप्त गराइदिन्छ ।

एकाग्र चित्तले असभवलाई पनि संभव गराउँछ । एकाग्रताको अवस्थामा चित्तवृत्ति विश्वचेतनामा लय हुन्छ । साधकका शक्तिहरूका सीमाको बन्धन चुँडिन्छ । भय र शंकाहरूको निवारण हुन जान्छ तथा दुःख र क्लेश दिने विचारहरूको क्षय हुन्छ ।√

श्रीकृष्ण अर्जुन *(हेर्नू अर्जुन)*लाई योग साधना सिकाउने क्रममा अन्तःकरणको *(हेर्नू अन्तःकरण)*√ शुद्धिका लागि मनलाई विषयबाट हटाएर इन्द्रियहरूका क्रियाहरूमाथि विजयी बन्दै साधना गर्नु पर्छ भन्नु हुन्छ-

तत्रैकाग्रं मनःकृत्वा यतचित्तेन्द्रियक्रियः ।
उपविश्यासने युञ्ज्याद्योगमात्मंविशुद्धये ॥

(गीता ६।१२)

अर्जुनले आफ्नो मोह नष्ट भएको तथा आत्मज्ञान भएको बताउनु अघि भगवान्‌ले सोध्नु भएथ्यो-हे पार्थ ! तिमीले मेरो गीतोपदेश एकाग्र चित्तले सुन्यौ ? धनञ्जय ! तिम्रो अज्ञानजनित मोह नष्ट भयो ?‡ महाभारत युद्धको मैदानमा समेत अर्जुनले एकाग्रतापूर्वक भगवान्‌को उपदेश सुनेकाले आत्मज्ञान *(हेर्नू आत्मज्ञान)* प्राप्त भएथ्यो ।

*भागवत्*को अवधूतोपाख्यानमा अवधूत *(हेर्नू अवधूत)* दत्तात्रेयले बाण बनाउने व्यक्तिबाट एकाग्रताको शिक्षा ग्रहण गरेको प्रसंग छ । एक जना बाण बनाउने कालिगडले यस्तो तन्मयताका साथ बाण बनाइरहेको थियो कि नजिकबाट राजाको जुलूस जाँदा पनि उसको

√ *विचार विज्ञान*

‡ *गीता १८।७२*

ध्यान रमिता तिर गएन । यसबाट उनले के बुझे भने परमानन्द प्राप्तिका लागि जितासन, श्वास निरोधको अभ्यास र वैराग्यद्वारा मनलाई बसमा राख्ने आदि कार्य गर्नु पर्छ । त्यसपछि सावधानीपूर्वक मनलाई एक लक्ष्यमा केन्द्रित गर्नु पर्छ ।[॥]

स्वामी पुण्यानन्दसँग एक जना भक्तको कर्म, भक्ति र ज्ञानको सीमा रेखा केलाई मान्ने भन्ने प्रश्नको उत्तरमा बताउनु भयो-चित्तशुद्धि पर्यन्त कर्म गर्नुपर्छ, चित्तको एकाग्रता पर्यन्त भक्ति गर्नुपर्छ अनि अपरोक्षानुभूति पर्यन्त ज्ञानमा लाग्नु पर्छ ।[●]

एकात्मवाद : अद्वैत वेदान्तको दर्शन एकात्मवाद हो । आकाश एकै छ तर घटाकाश, मठाकाश आदि अनेक नामले व्यवहार गरिन्छ त्यसरी नै आत्मा एकै छ चाहे त्यसलाई परमात्मा भनौं, ईश्वर (*हेर्नू ईश्वर*) भनौं या ब्रह्म । नाम र रूप मात्र अनेक हुन्, आत्मा एक छ । *रामायण*मा मुक्तिको चाहना राखी माता कौंशल्याले प्रश्न गर्दा श्रीरामले ज्ञानोपदेश दिंदै भन्नुभयो-समस्त प्राणीहरूमा आत्मरूपले म नै रहेको छु । यो कुरा नबुझेर मूढ पुरुष वाह्य भावनाद्वारा पूजादि गर्छन् । अन्य जीवहरूलाई तिरस्कार गर्ने व्यक्तिहरूद्वारा प्रतिमा (मूर्ति) रूपमा मेरा पूजा गरे पनि म पुजित हुन्न ।[३]

उपनिषद्मा एकात्मकवादको सुन्दर वर्णन पाइन्छ । परमात्मा एकै हुनुहुन्छ तर उहाँ यसरी फैलिनु भएको छ कि समस्त जीवका कर्महरू र विचारहरू तथा घटनाहरू उहाँलाइ थाहा हुन्छ । उहाँका सबैतिर आँखा छन्, सबैतिर मुख छन्, सर्वत्र हात-खुट्टा फैलिएका छन् । आकाश र पृथ्वीका स्रष्टा उहाँ मनुष्य र अन्य जीवहरूलाई हात

॥ *भाग.११।९।११-१३*

● *प्रा.शिवगोपाल रिसालको घरमा सत्संग (०५९।११।१२)*

३ *अ.रामायण (उ.काण्ड) ७।७४-७५*

दिनुहुन्छ तथा पक्षी, कीट आदिलाइ पखेटा, प्वाँखले युक्त गरिदिनु हुन्छ -

विश्वतश्चक्षुरूत विश्वतोमुखो
विश्वतोबाहुरूत विश्वतस्पात् ।
सं बाहुभ्यां धमति सं पतत्रै -
र्धावाभूमी जनयन् देव एक ॥[7]

समस्त प्राणीहरूको शक्ति परमात्माकै शक्ति हो । परमात्मा एकै हुनुहुन्छ र अनेकतामा एकताको उदाहरण उहाँ नै हुनुहुन्छ ।

एकादश रुद्र : देव समूह विशेष । शिवकै अपकृष्ट रूप एकादश रुद्र बताइएको छ । शिवजी नै यस समूहको प्रमुख हुनुहुन्छ-रुद्राणां शङ्करश्चास्मि *(गीता १०।२३)* । शैवागम अनुसार एकादेश रुद्रका नाम हुन्-शम्भु, पिनाकी, गिरीश, स्थाणु, भर्ग, सदाशिव, शिव, हर, शर्व, कपाली तथा भव । पुराणहरूमा पनि शिवका अनेकौं नाम पाइन्छन् । जस्तो हरिहरात्मक शिव, महामृत्युञ्जय शिव आदि ।

ऋग्वेदमा तीन सूक्तहरूमा रुद्रको स्तुति पाइन्छ *(१।११४, २।३३ र ७।४६)* । अन्य देवताहरूका साथ उनको धेरैपल्ट स्तुति गरिएको छ । *ऋग्वेद* अनुसार रुद्र अत्यन्त बलियो हुनुहुन्छ । टाउकोमा जटा छ, ओठ समेत चेहरा सुन्दर छ । उहाँ अनेक रूप लिन सक्नु हुन्छ । रुद्र सुनका गहनाहरूबाट विभूषित हुनुहुन्छ र रथमा सवार गर्नुहुन्छ । उहाँका तीन नेत्र भएकाले त्र्यम्बक भनिएको हो । उहाँको स्तुतिपरक यो मन्त्र प्रसिद्ध छ-

त्र्यंबकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् ।
उर्वारुकमिव वन्धनान्मृत्योर्मुक्षीय माऽमृतात्

(ऋग्वेद ७।५९।१४)

---

[7] *श्वेता उप ३।३ या ऋ.वेद १०।८१।३*

अर्थात् उत्तम पोषक साधनहरू बढाउने तीनै दृष्टिबाट संरक्षण गर्ने देवताको हामी उपासना गर्दछौं । जसरी ककडी रुखबाट खस्छ त्यसैगरी हामीलाई ती देवले मृत्युको बन्धनबाट मुक्त गरुन् र अमृत उपलब्ध गराउन् । रुद्रको वाण टाडाबाट जाओस्, हामीलाई नलागोस् भनेर प्रार्थना पनि गरिएको पाइन्छ-परि णो हेति रुद्रस्य वृज्याः

(ऋग्वेद २।३३।१४)

रुद्रको विशेषता शुक्लयजुर्वेदीय *रुद्राष्टाध्यायी (रुद्री)*मा र *अथर्ववेद (११. २)*मा विस्तृत रूपमा बताइएको छ । *रुद्रीमा* रुद्रलाई पशुपति, उग्र, भीम, शंकर, शिव, शिवतर, शम्भव, मयोभव, सोम आदि अनेकौं नाम लिएर नमन् गरिएको पाइन्छ-

नमः शङ्गवे च पशुपतये च नमः
उग्राय च भीमाय च नमोऽ ।
नमः शम्भवाय च मयोभवाय च
नमः शङ्कराय च मयस्कराय च
नमः शिवाय च शिवतराय च । *(रुद्री, अध्याय-५)*

ऋग्वेदमा रुद्रको शिव र आशिव दुवै रूपको वर्णन छ । उहाँ एकातिर उग्र, क्रोधावतार हुनुहुन्छ, अर्कातिर 'जलाष' र 'जलाष भेषज' अर्थात् शीतलता प्रदान गर्ने एवं शीतलतायुक्त औषधि सहितका देव भनेर सम्बोधन गरिएको पाइन्छ (२।३३।४ र २।३३।७) । यसबाट वैदिक रुद्र र पौराणिक हिमालवासी शिव एकै हुन् भन्ने बोध हुन्छ । *भागवत*मा रौद्रावतारको उत्पतिको कथा बताइएको छ । सृष्टिकर्ता ब्रह्माजीले मानस-पुत्रको रूपमा सनकादि चार भाइ (सनक, सनन्दन, सनातन र सनत्कुमार)को सृष्टि गरी सन्तान उत्पादनको क्रम अगाडि बढाओ भन्दा उनीहरूले जवाफ दिए-हामी निवृत्तिपरक मार्गका यात्री हौ, त्यसैले प्रवृत्तिपरक सृष्टि हामीबाट हुँदैन । मानस पुत्रहरूको ठाडो जवाफ सुनेर ती आदि प्रजापति *(हेर्नू आदि प्रजापति)* क्रुद्ध भए ।

त्यसपछि रुद्रलाई सृष्टिका लागि प्रेरित गर्दा रुद्र इलाव्रत भू-खण्डमा गएर तपस्यामा लीन भए भन्ने प्रसंग त्यस महापुराणमा पाइन्छ ।[Ψ]

एकादशी-व्रत : सामान्यतः व्रतहरूमा एकादशीको व्रत सर्वोपरि बताइएको छ । तप अन्तर्गत व्रत पर्छ । एकदशी-व्रतबाट लामो आयु, सुख-शान्ति र समृद्धि प्राप्त हुने तथा भगवान् प्रति भक्ति बढ्ने बताइन्छ । एकादशी-व्रतको स्तर शास्त्रकारहरूले यसरी बताएका छन्-

क. निर्जल-व्रत (जल समेत नखाई बस्ने व्रत)
ख. उपवास-व्रत (अन्नादि नखाई रहने उपवास)
ग. दुग्दादि पेय पदार्थ ग्रहण गरिने व्रत
घ. नक्त-व्रत (दिनमा उपवास, रातमा फलाहार)
ङ. एकभुक्त-व्रत (कुनै पनि समय एक चोटि फलाहार)

जेष्ठ शुक्ल एकादशी निर्जला एकादशी हो । सक्नेले यसमा जल पनि त्यागेर उपवास बस्छन् । एकादशी-व्रत बस्नेहरूले सके निर्जल उपवास बस्ने, नसके जलग्रहण गर्ने तर धेरै-पल्ट पानी नखाने संयम राम्रो हो ।

एकादशीका व्रतालुले ब्रह्मचर्य पालन गर्नु पर्ने, भगवान्को भजन-कीर्तन, जप, स्तोत्र-पाठ, लीलाकथा श्रवण आदिमा दिन बताउनू भनिएको छ । द्वादशीमा सात्विक अन्नबाट पारण गर्ने, पारण अघि ब्राह्मणलाई टीका लगाएर दक्षिणा दिने नियम छ ।[≈]

एकादशी-व्रत माहात्म्य अनुसार चन्द्रापुर नगरीमा रहने मूर नाउँको राक्षस अत्यन्त पराक्रमी थियो । उसले स्वर्गका राजा इन्द्र लगायत देवताहरूलाई पराजित गरेर निकालिदियो । इन्द्रादि देवताहरूले शिवजी

Ψ *भाग. ३।१२*

≈ *एकादशी-व्रतका महात्म्य-गीता प्रेस गोरखपुर*

सामु गएर दुःख-पुकारा गरे । उहाँले विष्णु सामु गएर आफूहरूको उद्धारका लागि प्रार्थना गर भनेर सल्लाह दिनु भयो । सोही अनुसार विष्णुलाई सबै कुरा देवताहरूले निवेदन गरे । भगवान्ले दैत्य सेनालाई सुदर्शन चक्रद्वारा नष्ट गरिदिनु भयो । त्यस पछि उहाँ वदरिकाश्रमको सिंहावती नाउँको विशाल गुफामा शयन गर्नु भयो । मूर महादैत्य विष्णुमाथि आक्रमण गर्न त्यहीं आयो । भगवान्को शरीरबाट अति रूपवती तथा युद्धकलामा निपुण कन्या प्रकट भइन् । उनले मूर महादैत्यलाई मारिन् । भगवान् बिउँझनु भयो । उहाँ कन्यासँग प्रसन्न हुनुभयो । वरदान माग भनेर भन्दा उनले भनिन्-म सबै तीर्थहरूमा प्रधान, सबै विघ्न नाशक सर्वसिद्धिप्रदायक बनूँ र तपाईंले उपवास बस्नेका लागि धर्म, अर्थ र मोक्ष प्रदान गरिदिनोस् यही वरदान पाउँ । भगवान्ले 'तथास्तु' भन्नुभयो । उनै कन्या एकादशी देवी कहलाउँछिन् ।

एकादशीमा व्रत वस्ने प्रति भगवान् विष्णु प्रसन्न हुनुहुने, पाप नष्ट गरिदिनु हुने तथा चित्त शुद्ध गराई भक्तलाई मुक्ति समेत दिनुहुने व्रतफल *एकादशी-व्रत कथामा* बताइएको छ । वर्षमा २६ वटा एकादशी पर्छन् । हरिशयनी एकादशी, हरि प्रवोधिनी एकादशी, मोक्षा, जया, विजया, कामदा, पाप-मोचनी आदि एकादशीका भिन्न भिन्नै नाम छन् । *पद्म पुराण* आदिमा एकादशी सम्वन्धी कथाहरू पाइन्छन् ।

एकान्तः भगवान् रामले भाइ लक्ष्मणलाई एकान्त सेवनको महत्त्व बताउँदै भन्नुभएको छ -

विविक्त आसीन उपारतेन्द्रियो
विनिर्जितात्मा विमलान्तराशय : ।
विभावदेयेकमनन्यसाधनो
विज्ञान दृक्केवल आत्मसंस्थित ॥

(रामगीता-४६)

अर्थात् आत्मचिन्तन गर्ने व्यक्तिले निम्न कार्य गर्नुपर्छ-

क. एकान्त स्थानमा रहनु पर्छ ।
ख. उसले इन्द्रियहरूलाई तिनका विषयबाट हटाउनु पर्छ ।
ग. अन्तःकरणलाई आफ्नो अधीनमा राख्नु पर्छ ।
घ. उसले कुनै साधनको आश्रय नलिई ज्ञान दृष्टिद्वारा एकान्तमा भावना गर्नु पर्छ ।

यसरी यस श्लोकमा एकान्त-साधनालाई पहिलो पूर्वाधार बताइएको छ ।

रामकृष्ण परमहंस साधकहरूका लागि एकान्त साधनाको उपदेश दिंदै भन्थे-मन दुध हो, दुनियाँ पानी । शुरूमा पानीबाट दुधलाइ बचाउनु पर्छ । संसारको भीडभाडबाट मन जोगाउनु पर्छ र दुध दही भएपछि मथ्नु पर्छ । नौनी निस्केपछि त्यसलाई पानीको डर हुन्न किनकि नौनी पानीमा घुल्दैन । साधक सिद्ध भएपछि एकान्तको आवश्यकता पर्दैन । ज्ञानी लोकोपकारका लागि समाजमा पस्न सक्छ । ब्रह्मनिष्ठलाई एक्लै बस्दा या एक हजार मानिसका बीच बस्दा केही फरक पर्दैन ।
*भागवत*मा एकान्तको महत्त्व यसरी जनाएको छ-

नचेन्द्रस्य सुखं किचिन्न सुखंचक्रवर्तिनः ।
सुखमस्ति विरक्तस्य मुनेरेकान्तजीविनः ॥

(माहात्म्य ४।७५)

अर्थात् न इन्द्रलाई सुख छ, न त चक्रवर्ती राजालाई नै । सुख त केवल विरक्त एकान्तजीवी मुनिलाई छ । गोकर्णले आफ्नो पितालाई घरको मोह छाडेर वनको एकान्तमा गएर भगवान्को भक्ति गर्नुहोस्, नत्र नर्कमा पर्नुहुनेछ भनेर संझाउँदाको प्रसंगमा यो उपदेश दिएका हुन् ।

*गीता*का विभिन्न अध्यायमा एकान्त सेवनको आवश्यकता बारे उल्लेख गरिएको पाइन्छ । ध्यानयोग सम्बन्धी छैठौं अध्यायमा भगवान्‌ले भन्नु भएको छ-

योगी युञ्जित सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रह : ॥ *(६।१०)*

अर्थात् भोगवुद्धिले संग्रह नगर्ने (अपरिग्रह), इच्छारहित, अन्तःकरण तथा शरीरलाई शम राख्ने योगीले एक्लै (एकाकी) रहेर, एकान्तमा बसेर मनलाई निरन्तर भगवान्‌मा लगाइरहनु पर्छ । यस श्लोकमा 'एकाकी' र 'रहसी' दुई शब्द प्रयोग भएका छन् । 'रहसि'को अर्थ एकान्त हो अर्थात् अन्य मानिसहरू नभएको ठाउँ । प्रेमी-प्रेमिका एकान्त प्राकृतिक स्थलमा गएर मायापिरतीका कुरा गर्न चाहन्छन् । मन मिलेका दुई जनाका लागि तेस्रो व्यक्ति नभएको ठाउँ एकान्त हुनसक्छ । तर *गीताले* एक्लै गरिने एकान्त साधनाको महत्व बताएको छ । दुई जना साधक एकै ठाउँमा बसे भने साधनामा व्यवधान पर्न सक्छ । एकले धैर्य छाडेर निराशाको कुरा गरिदेला र अर्कोलाई पनि साधनामा बाधा पर्ला भनेर यहाँ 'रहसि' र 'एकाकी' दुवै शब्द प्रयोग गरिएका छन् ।

मनुष्यको मनमा एकान्त छ, स्थानमा होइन । मन-वनमा तपस्या गर्नु पर्छ । वासनारहित मन नै एकान्त वन हो । निष्काम कर्मकर्ता एकान्तवासी हो । संसारबाट घेरिएर रहे पनि व्यक्तिले मानसिक शक्ति प्राप्त गरेको छ भने ऊ एकान्तमा नै छ । तर कोही वनमा रहेर पनि मनलाई वशमा राख्न असमर्थ छ भने उसलाई एकान्तवासी भन्न सकिन्न । वासनामा लिप्त रहने व्यक्तिले जहाँ रहे पनि एकान्त शान्ति प्राप्त गर्न सक्तैन । वासनाबाट निर्लिप्त व्यक्ति सदासर्वदा एकान्तमा नै छ ।*

---

* *र.म वातचीत*

एकेन्द्रियसंज्ञक वैराग्य : जीवन र जगत्का वस्तुहरूमा राग नरहे वैराग्य स्थिति प्राप्त हुन्छ । *गीतामा* पटक पटक वैराग्य शब्दको प्रयोग भएको छ । भगवान् श्रीकृष्णले चञ्चल मनलाई नियन्त्रण गर्न साधनको अभ्यासका साथै वैराग्य अँगाल्नु पर्छ भन्नुभएको छ - अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते *(६।३५)* । शांकरभाष्य अनुसार दृश्य र अदृश्य प्रिय भोगहरूमा बारम्बार दोष-दर्शनको अभ्यासबाट उत्पन्न भोगेच्छा राहित्य नै वैराग्य हो ।

आफ्नो दृष्टि संसारबाट हटाएर परमात्मा लगाउनु वैराग्य हो । विषयको राग वा द्वेष नै अन्तःकरणको मल हो । वैराग्यले अन्तःकरणलाई निर्मल बनाउँछ ।●

वैराग्य चार प्रकारका बताइएको छ । उत्तम वैराग्य वशीकारसंज्ञक हो भने मध्यम चाहि एकेन्द्रियसंज्ञक हो । अन्य प्रकारका वैराग्य क्षणिक र निकृष्ट हुन् -

क. यतमानसंज्ञक - यसमा विषय प्रति सम्मानको भावना रहँदैन तर त्याग्ने शक्ति पनि रहँदैन ।

ख. व्यतिरेकसंज्ञक - विषय-त्यागको शक्ति त देखिन्छ तर राग मनबाट गएको हुँदैन ।

ग. एकेन्द्रियसंज्ञक – मनमा राग पटक्कै छैन । वाह्य इन्द्रियले पाएको विषय भोगिदिन्छ ।

घ. वशीकारसंज्ञक – रागको सर्वथा निवृत्ति । यो उत्कृष्ट वैराग्य हो । *गीतामा* परमात्मालाई जान्नका लागि आवश्यक अमानित्वादि साधन समुदायको चर्चा गर्दा इन्द्रियार्थेषु वैराग्य र जन्ममृत्युजराव्याधि दुःखदोषानुदर्शनम् जस्ता साधनको उल्लेख गरिएको छ *(१३।८)* । इन्द्रियहरू शब्द, स्पर्श, रूप, रस र गन्ध जस्ता विषयहरू भोग्न लालायित रहन्छन् । तिनीहरूलाई भोगबाट टाढा राख्नु वैराग्य हो ।

● *खप्. स्वामी-घ. विज्ञान-४*

रूपमा ज्यादै आसक्त भै परमात्मा प्राप्तिमा बाधा बनेका आँखालाई फोरेर बिल्वमङ्गल सुरदास बने । उनले मानस चक्षुले नै बालकृष्णको मनोहर रूपको दर्शन गर्न सक्ने भए । तुलसीदासलाई पनि उनकी धर्मपत्नीले भोगदृष्टि नष्ट गरी श्रीरामको दर्शन गर्ने योगदृष्टि प्राप्तिका लागि प्रेरित गरिन् ।

जन्म, मृत्यु, जरा, व्याधि दुःखरूप भए पनि भोगवादी आसक्त मानिसहरूले तिनलाई दोषको दृष्टिले हेर्न सकेका छैनन् । त्यसैले श्रीकृष्णले तिनलाई दोषदृष्टिले हेर, ती दुःखरूप हुन् बुझ् भनेर वैराग्यकै वर्णन गर्नु भएको छ । विषय प्रतिको रागको सर्वथा निवृत्ति दोष-दर्शन विना हुन सक्तैन । अत्यन्त मीठो खानामा विष हालेको छ भन्ने थाहा पाउने व्यक्ति भोकले पीडित भए पनि त्यसलाई छुदैन । त्यसैले अष्टावक्र मुनि राजा जनकलाई वैराग्यको उपदेश दिंदै भन्छन्- विषयान् विषवत्त्यज । विषयले विषले झैं हानी गर्छ त्यसैले त्यसलाई छाडिहाल । *(अष्टाबक्र गीता १।२)*

एषणा त्रय : तीन प्रकारका प्रवल इच्छालाई एषणा त्रय भनिन्छ । ती हुन् - **क. पुत्रैषणा**-छोराको मोह

ख. वित्तैषणा-धनको मोह, (लोभ)

ग. लोकैषणा-यस लोक, परलोकमा सुखको चाहना

आत्मज्ञान चाहने साधकले यी एषणालाई त्याग्नु पर्छ, त्यसैले उपनिषद्मा यिनको चर्चा भएको छ । वामदेव जस्ता तपस्वीहरूले एषणा त्रय त्यागी एवं आत्मज्ञानगरी मुक्ति पाएको प्रसंग याज्ञवल्क्यको उपदेश*(वृहदारण्यक उपनिषद्)*मा हामी पाउँछौं । यी तीनै एषणाले गर्दा मानिसहरू अन्धा हुन्छन् जसलाई मोहान्ध भनिन्छ । यी अशान्तिका कारण हुन् । धनार्जन वास्तवमा जीवन निर्वाहका लागि हुनुपर्छ तर धनको मोहमा परेर जति धन भए पनि नपुग्ने धनान्धा भएका मानिसहरू देखिन्छन् ।

ऐ

ऐक्य : वेदान्तमा जीव र ईश्वर*(हेर्नू ईश्वर)*को ऐक्यको महत्व छ । यी दुईका बीच उपाधिगत *(हेर्नू उपाधि)* भेद भए पनि तात्त्विक भेद छैन । जीवत्वको अभिमान छुट्यो कि जीव ईश्वर नै हुन्छ । देहको अभिमानी जीव हो, देहको अभिमान छुट्यो कि ऊ परमात्मा नै हुन्छ ।◆

जीव र ईश्वर तात्त्विक दृष्टिले एक भएकाले नै तिनको ऐक्य हुन सकेको हो । अनेकताको भ्रान्ति ज्ञानले नष्ट हुन्छ अनि आफूलाई जीव संझेको व्यक्तिले म त शिव नै रहेछु भन्ने बुझ्छ र भन्छ-शिवोऽहं ।

ईश्वर र जगत्का बीच पनि भेद छैन । कारणदेखि कार्य भिन्न हुँदैन । माटादेखि घडा फरक होइन । जगत्को अभिन्न निमित्तोकारण *(हेर्नू अभिन्न निमित्तोकारण)* ईश्वर हुनुहुन्छ । त्यसैले जगत् ईश्वरदेखि फरक होइन । यसरी ऐक्य सिद्ध हुन्छ । यही धारणालाई ऐक्यवाद पनि भनिन्छ । महावाक्य 'तत्वमसि'ले पनि परमात्मा र जीवात्माको ऐक्य दर्शाएको छ-

तत्का अर्थ परमात्म हुन् ती पदमा त्वं भन्नु जीवात्म हो ।
इन्को ऐक्य बुझाउन्या असि छ पद् रात्दिन् विचार गर्नु यो ॥

(भानुभक्तको रामायण, उ.काण्ड १३२-रामगीता)

वेदान्त-शास्त्रले तत् पद र त्वं पदको शोधन पछि तिनको ऐक्य हुन्छ भन्ने कुरामा जोड दिएको छ । घटाकाश र महाकाशको ऐक्य सिद्ध गर्न घडालाई जलहीन गराउनु पर्छ । तत्त्वतः घटाकाश र महाकाशमा भेद छैन । यसै गरी जीवात्मा र परमात्मामा भेद छैन, अज्ञान *(हेर्नू अज्ञान)*ले गर्दा नै भेद देखिएको हो ।

◆ *खप् स्वामी-ध.विज्ञान चतु खण्ड*

ऐश्वर्यमा : अघटित-घटन सामर्थ्य । ईश्वर *(हेर्नू ईश्वर)*मा ऐश्वर्य रहने भएकोले ऐश्वर्य ईश्वरको लक्षण मानिएको छ । शिव भगवान्‌को स्तति गर्दै स्कन्धपुराणमा भनिएको छ-ऐश्वरं परमं तत्त्व मादिमध्यान्त वर्जितम् । *(सूत संहिता...१)* जसको आदि अन्त्य छैन, जो परम तत्त्व हो त्यस्तो ऐश्वर्ययुक्त हुनुहुन्छ शिवजी । त्यसैले शास्त्रकारहरूले भनेका छन्-ऐश्वर्येण ईश्वरः ।*

गीतामा 'भोग ऐश्वर्य *(२।४३ र २।४४)* 'योग ऐश्वर्य' *(९।५ र ११।८)* तथा 'रूप ऐश्वर्य'*(११।३ र ११।९)* शब्दहरू प्रयोग भएका छन् । 'भोग ऐश्वर्य'को अर्थ देवताहरूको झै भोग र ऐश्वर्य वैदिक कर्मकाण्डीहरूले यस्तो चाहना गर्छन् तथा यस्तो चाहना गर्ने सकामी, स्वर्गपरायण, अविवेकी मानिहरू वेदका अर्थवाद *(हेर्नू अर्थवाद)* अर्थात् फल श्रुथितमा भुल्छन् । यस्ता भोग र ऐश्वर्यमा आसक्त *(हेर्नू आसक्ति)* फलाकांक्षीहरुको अन्तकरणमा निश्चयात्मक बुद्धि हुदैन । श्रीकृष्णले अर्जुनलाई आफ्नो योग ऐश्वर्यका सम्बन्धमा जानकारी दिदैं भन्नुभयो-अव्यक्त रूपमा सम्पूर्ण जगत् मद्वारा व्याप्त छ र सम्पूर्ण भूत वर्ग ममा रहेका छन् तर म तिनमा रहेको छैन् । *(९।४)* तर वास्तवमा भन्ने हो भने भूतहरू (सृष्टि) ममा रहेको छैन र यही हो मेरो योग ऐश्वर्य किवां ईश्वरीय योग । *(९।५)* यसो हेर्दा परस्पर विरोधी जस्तो देखिने रहस्यमय अभिव्यक्ति बुझ्न मायाको प्रसंग आवश्यक छ । मायावी सगुण ईश्वर समस्त जगत्‌को आधार हुनु हुन्छ भने परब्रह्मको सृष्टिसँग सम्बन्ध छैन ।

भोगीको ऐश्वर्य क्षणिक हुन्छ, काल्पनिक हुन्छ । धनीले धन, पद, शक्तिको कारणले आफूलाई ऐश्वर्यशाली ठान्छ तर त्यो ऐश्वर्य स्वप्नवत् हो । भक्ति र ज्ञानमा नै ऐश्वर्य निहित रहन्छ । *शाण्डिल्य*

---

* *कौणिन्य-नकुलीश पाशुपत दर्शनको ईश्वर सर्वभूतानाम् ५।४३ को व्याख्या ।*

भक्तिसूत्र २९)अनुसार *मा* काश्यप ऋषिले अनन्य भक्तको स्थितिलाई ऐश्वर्यपद मानेका छन् । ईश्वर र ऐश्वर्य शब्द एकै शब्दका दुई रूप हुन् । ऐश्वर्यवान् ईश्वर हुनुहुन्छ । भक्त ऐश्वर्यशाली हुन्छ किन कि ऊ ईश्वरसँग एक भएको हुन्छ । सारा सम्पत्ति उसका हुन् । ❀

स्वामी रामतीर्थले अमेरिकामा 'म वादशाह हूँ र संसारका सारा सम्पत्ति मेरै हुन् जुन मैले अंशवण्डा गरिदिएको छु' भन्दा मानिसहरू चकित परे । ऐश्वर्यपदको अनुभूति भएपछि यस्तो अभिव्यक्ति प्रकट हुनु स्वाभाविक छ । भक्ति र ज्ञानको खोजीमा कैयौं राजाहरूले भोग-ऐश्वर्य त्यागेर जंगलमा तपस्या गर्न गएका दृष्टान्त हामी पाउँछौं ।

भगवान्लाई पनि ऐश्वर्यसँग सम्बन्धित बताइएको छ । जस्तो -

ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसश्श्रियः ।
ज्ञान वैराग्ययोश्चैव षण्णांभग इतिरणा ॥ ✧

अर्थात् समग्र ऐश्वर्ययुक्त धर्म, यश, श्री, ज्ञान र वैराग्य-यी छ भग हुन् र भग भएका नै भगवान् हुन् । यही कुरा भगवतीमा पनि लागु हुन्छ ।

ऐतरेयोपनिषद् : *ऋग्वेद* अन्तर्गतका उपनिषद्मा यो उपनिषद् र *कौषीतकि उपनिषद्* पर्छन् । यो उपनिषद् साध्वी इतराका पुत्र मेहानदास ऐतरेय ऋषिद्वारा उपदिष्ट भएको हो । यसमा सृष्टिको उत्पत्ति, मनुष्य, शरीर तथा इन्द्रिय गोलकहरू ठीक हुँदा हुँदै पनि कुन शक्ति निस्केर जाँदा शरीरका सब अङ्ग निचेष्ट हुन्छन् भन्ने प्रसंग छ । यस उपनिषद् अनुसार हिरण्यगर्भ पुरुषको शरीरबाट उत्पन्न भएका इन्द्रियका अधिष्ठाता इन्द्र, अग्नि, सूर्य, वरुण आदि देवता समष्टि

❀ *नारकान्त अधिकारी-भक्तिसूत्र*
वि. पुराण ६।५।७४

शरीरमै रहेका थिए । स्रष्टाले तिनमा भोक र प्यास पैदा गरिदिए । भोक र प्यासले गर्दा उनीहरूले सृष्टिकर्तासँग अनुरोध गरे - हाम्रो बस्ने ठाउँको बन्दोबस्त गरिदिनोस् ताकि आहार ग्रहण गर्न सकौं । ब्रह्माजीले गाईको शरीर बनाएर देखाउँदा तिनले भने-यो शरीर हाम्रो लागि पर्याप्त छैन । त्यसपछि घोडाको शरीर देखाउँदा देवताहरूलाई चित्त बुझेन । त्यसपछि पुरुषको शरीर उत्पन्न गर्दा उनीहरू खुशी भएर भने-यो शरीर अति सुन्दर छ । मनुष्य शरीर नै परमात्माका सुन्दर रचना हो । यसरी यस उपनिषद्मा मनुष्य शरीरको श्रेष्ठता बताइएको छ । परमात्माले यो श्रेष्ठ शरीरको ब्रह्मरन्ध्रमा प्वाल पारेर प्रवेश गरेको प्रसंग पनि छ *(१।३।१२)* । यसै उपनिषद्मा महावाक्य 'प्रज्ञानं ब्रह्म' रहेको छ । मन्त्र यस प्रकार छ-प्रज्ञाने प्रतिष्ठितं प्रज्ञानेत्रो लोकः ब्रह्म प्रतिष्ठा प्रज्ञानं ब्रह्म *(३।१।३)* ।

ओ

ओजस् : मस्तिष्कमा रहेको पूर्ण शक्तिको भण्डार । ओसज् पहेलो वर्णको धातु मानिएको छ । ब्रह्मचर्य धारण गर्नेहरूमा यो शक्ति धेरै हुन्छ । यस शक्तिले गर्दा नै मानिस तेजस्वी, बलवान र पुरुषार्थी हुन्छ । उसको वाणी आकर्षक र रसिलो हुन्छ । ओसज्पूर्ण व्यक्तिको वरपर एक प्रकारको प्रकाश फैलिएको हुन्छ । पवित्रता र शान्तिपूर्ण विचारहरूबाट मस्तिष्कमा ओसज् उत्पन्न हुन्छ । ओजयुक्त व्यक्तिलाई ओजस्वी भनिन्छ ।

ओंकारेश्वर : यो ज्योतिर्लिङ्ग भारतको मध्यप्रदेशको नर्मदा नदी तटमा रहेको छ । नर्मदाको दुई धार वगेको कारणले वीचमा टापु जस्तो भू भाग रहन गएको छ जसलाई मान्धाता पर्वत या शिवपुरी भनिन्छ । यही ओंकारेश्वर मन्दिर रहेको छ ।

राजा मान्धाताले तपस्या गरेको कारणले यस पर्वतको नाम मान्धाता पर्वत रहेको हो र यो पर्वत नै शिव लिङ्गको प्रतीक बताइन्छ । ओंकारेश्वरदेखि केही पर अमलेश्वर ज्योतिर्लिङ्ग पनि रहेको छ । यी दुई लिङ्गलाई एकै लिङ्गको रुपमा गणना गरिन्छ । सदैव मन्धातापुरे वसन्तमोङ्कारमीशं शिवमेकमीडे ॥ *(द्वादशज्योतिलिङ्ग स्तोत्रम्)*

*शिव पुराण*मा धर्म, अर्थ, काम र मोक्ष प्राप्तिका लागि ओंकारेश्वरको दर्शन गर्नु पर्ने बताइको छ । शिव शंकर ओंकार रुप हुनुहुन्छ जुन उहाँको निराकार रुप हो । ओंकारेश्वर साकार रुप हो । विन्ध्य पर्वतले छ महिना सम्म तपस्या गरेर शवजीलाई प्रसन्न पारेपछि वरदायक भगवान् ज्योतिर्लिङ्गको रूपमा प्रकट हुनु भएको कुरा पुराणहरूमा बताइएको छ ।

ॐ

ॐ : एकाक्षर ब्रह्म, प्रणव । वेदको सार गायत्री हो, गायत्रीको सार ॐ हो । ॐ को चिन्तन मोक्षप्रदायक छ-

ॐ कारं विन्दुसंयुक्तं नित्यं ध्यायन्ति योगिनः।
कामदं मोक्षदं चैव ॐकाराय नमो नमः॥

अर्थात् विन्दु सहितको ॐ(प्रणव)को योगीहरू नित्य ध्यान गर्छन् । शुभकामना पूरा गर्ने र मोक्ष पनि प्रदान गर्ने ॐकारलाई नमस्कार गर्छु । श्रीकृष्ण भगवानले ॐलाई 'एकाक्षरी ब्रह्म' भन्नु भएको छ । यसलाई जप्दै मलाई संझदै जसले प्राण त्याग्छ त्यसले मोक्ष प्राप्त गर्छ भनेर प्रणव चिन्तनको मार्ग बताउनु भएको छ -

ओमित्येकाक्षंर ब्रह्म व्याहरन् मामनुस्मरन् ।
यः प्रयाति त्यजन् देहं स याति परमां गतिम् ॥

(गीता ८।१३)

प्रणव चिन्तनको महत्व अन्त्यकालमा मात्र होइन जीवित अवस्थामा पनि भएको कुरा हाम्रा शास्त्रहरूले बताएका छन् । "ॐ कारद्वारा नै आत्माको ध्यान गर्नु पर्छ" *(प्रश्नोपनिषद)* । ॐ धनुष हो, आत्मा वाण हो । ब्रह्म उसको लक्ष्य हो । होशियारीपूर्वक लक्ष्यभेदन गर्नुपर्छ । वाण छाड्ने बेलामा तन्मय हुनुपर्छ-प्रणवो धनुःशरो ह्यात्मा ब्रह्म तल्लक्ष्यमुच्यते *(मुण्डकोपनिषद् २।२।४)*

*योगसूत्र*मा ॐकारको जप गर्दै अर्थ अनुसन्धान गर्नु भनिएको छ- **'तज्जपस्तदर्थ भावनम् ।'** *(१-२७)* योगसूत्रकार पतंञ्जलीले ब्रह्मलाई लखाउने प्रणव हो भनेका छन्-तस्य वाचकः प्रणव : *(योगसूत्र १-२६)* । *कठोपनिषद्*मा अन्धाका लागि लठ्ठी झैं ॐ ब्रह्मपथका यात्रीको आलम्बन हो भनिएको छ । त्यसै गरी *मुण्डकोपनिषद्*मा ॐ उच्चारण गर्ने साधक प्रति परमात्मा अभिमुख हुन्छन् भन्ने उल्लेखित छ ।

अन्य मन्त्रमा झैं गायत्री मन्त्रको शुरूमा प्रणव वीज ॐ पाइन्छ । ॐ ब्रह्म हो । ब्रह्मबाट मायावी ईश्वर सृष्टि भै जगत्को सृष्टि हुन्छ । ॐ सूक्ष्मवेद हो । सूक्ष्मवेदबाट भूः, भुवः र स्वः तीन व्याहृति उत्पन्न भएका छन् । व्याहृतिबाट त्रिपदा गायत्री उत्पन्न भएको हो । ऋक्, यजु, साम र अथर्ववेदका अध्येता ब्राह्मण, ऋषिहरूलाई प्रणाम गर्न ॐको उच्चारण गरिने भएकाले यसलाई प्रणव भनिएको हो । ॐको प्रयोग अन्तहीन भएकाले अनन्त भनिएको छ । सम्पूर्ण देवताहरूले यसैमा प्रवेश पाउने भएकाले विष्णु भनियो । ॐले सांसारिक प्रपञ्चबाट तार्ने भएकाले तारक भनिएको हो । ॐ मन्त्रैबाट ब्रह्माण्डको वर्द्धन गराउने हुँदा ब्रह्मा भनियो ।

उज्वल, प्रकाशक, अज्ञान अन्धकार निवारक भएकाले ॐलाई शुक्ल भनिएको छ । ॐ वैद्युत पनि कहलाउँछ किनकि अज्ञान अन्धकारमा यो द्युतिमान छ । ब्रह्म घटकहरू पर, अपर र परायणलाई व्यापक,

विशाल वनाउने भएकाले ॐ परब्रह्म कहलाउँछ । *अक्ष्युपपिद्* अनुसार ॐको 'अ'कार विश्व हो 'उ'कार तैजस (ज्ञान) हो र 'म'कार प्राज्ञ हो । यिनलाई कमैले सोच्दै गर भनेर सूर्यनारायण(आदित्य)ले ब्रह्मविद्याको उपदेश प्राप्त गर्न खोज्ने सांकृतिलाई वताउनु भएको प्रसंग छ । उहाँले भन्नु भयो-"समाधि लिनुभन्दा पहिले वडो मिहिनेतसाथ सोचेर स्थूल र सूक्ष्मलाई चिदात्माभित्र विलीन पार । चिदात्मालाई नित्य, शुद्ध, वुद्ध, मुक्त, सत्, अद्वय मान । परमानन्द नै पेटभित्र राख्ने वासुदेव म नै ॐ हुँ भन्ने मान ।•

*रुद्रोपनिषद्*मा गुरु, शिव, आत्मा र ॐ एउटै शिव हुन्, ॐ र आत्मा शिवस्वरूपी हुन् भनिएको छ ।

*अथर्व शिखोपनिषद्*मा ॐकारको अति सुन्दर र विस्तृत चर्चा पाइन्छ । अथर्वा (शिव)सँग पैप्पलाद, अंगिरा र सनत्कुमारले ध्यान र ध्येयका वारेमा सोद्धा उहाँले भन्नुभयो-ॐको ध्यान गर । अक्षर परब्रह्म नै ध्येय हो । यसका पाउहरू चार वेद हुन् । जस्तो -

अ – पृथ्वी, ऋग्वेद, ब्रह्मा, वसुहरू, गायत्री र गार्हस्थ्य अग्नि ।

उ – अन्तरिक्ष, यजुर्वेद, विष्णु, रुद्रहरू (११), त्रिष्टुप छन्द र दक्षिणाग्नि ।

म् – सामवेद, रुद्रहरू (एकादश), द्वादश आदित्यहरू, जगती छन्द र आहवनीय अग्नि

-- (अर्धमात्रा) सोमलोक, अथर्व वेद, संवर्तक अग्नि, मरुत (४९ वायु) विराट-ईश्वर, एक ऋषि, भास्वती (चमक)⊗

• *उपनिषत्प्रसंग - वसन्तकुमार शर्मा 'नेपाल'*

⊗ *ऐजन ग्रन्थ*

सांसारिक काम गर्दा गर्दै पनि प्रणवको ध्यान र ज्ञानमा मग्न हुन सकिन्छ । सधैं प्रणवको अर्थको ध्यान र प्रणवको जप गर्नाले साधकको चित्त निर्मल बन्न सक्छ । त्यसबेला प्रत्येक चेतन अर्थात् व्यष्टि शरीरको भित्र रहने आत्माको सम्बन्धमा यथार्थ ज्ञान उत्पन्न हुन्छ । *(ऐजन)*

'ओऽम् ध्वनि' शब्द या 'पवित्रात्मा' हो । यो अदृश्य ईशशक्ति कर्ता तथा करण र क्रियाशीलताको प्रेरणारूप हो । यसले स्पन्दद्वारा सारा सृष्टिलाई धारण गर्छ । आनन्दप्रद तथा सुखद ॐकार ध्वनि ध्यानमा सुनिन्छ र भक्तलाई चरम सत्यको साक्षात्कार गराउँछ एवं यसले सबै वस्तुहरूको स्मृतिलाई जागृत गराउँछ *(योगानन्द)* । ओंकार शब्दको सम्यक् उच्चारणबाट मानव मस्तिष्कको रोग स्वतः निवृत्त हुन्छ । 'प्रणव'को पुनः पुनः उच्चारणबाट मस्तिष्कको विकृत रक्त शुद्ध भएर स्वस्थ हुन्छ । 'ह्रां' 'ह्रीं' जस्ता बीज मन्त्रको उच्चारण गर्दा यी निरर्थक जस्ता लाग्छन् तर यिनको उच्चारणबाट विभिन्न रोगको शमन हुने सिद्ध भएको छ । यी संयुक्त वीज मन्त्रहरूको उच्चारण जतिपल्ट गरिन्छ, उतिपल्ट हृदयको संचालन तीव्रताका साथ हुन्छ ।#

गुरु गोरखनाथको मूल मन्त्र ॐ हो । ॐ नै समस्त जगत्मा व्याप्त छ भनी उहाँ भन्नुहुन्थ्यो । उहाँले आफ्नो कवितामा लेख्नु भएको छ-

ॐकार बाबु मूल मन्त्र हमारा
ॐकार व्यापीले सकल संसारा ।

सन्त ज्ञानदेवले लेखेका छन् -

 # जोधपुर विश्वविद्यालयका अनुसन्धाता पं. भोजराज सुवेदी-अनुभूत यंत्र-मंत्र-तंत्र और टोटके (पुस्तक)

ॐ नमोजी आधा वेद प्रतिपाद्या ।
जय जय स्वयंवेद्या आत्मरूप ॥

(ज्ञानेश्वरी गीता-भूमिका)

उनी भन्छन्-ॐकार सृष्टिको आदि हो र वेदको प्रतिपाद्य विषय हो त्यसैले यसलाई नमस्कार गर्छु । स्वयं आफूलाई जान्न सक्ने आत्मरूप ॐकाररूप परमात्माको जय होस् ! जय होस् !!

ज्ञानेश्वरले ॐकारमा श्रीगणेश दर्शन पनि गरेका छन् -षट्दर्शन-शास्त्र यस ॐकार रूपी गणेशका छ हातहरू झैं हुन् । तिनमा प्रदर्शित पृथक पृथक मत गणेशका हातमा ग्रहण गरिएका विभिन्न आयुधहरू झैं छन् । कणादको तर्कशास्त्र बन्चरो हो, न्याय-दर्शन अंकुश, वेदान्त-दर्शन ब्रह्मज्ञानपूर्ण लड्डु (तोदक) हो । वार्तिककारको शारिरिक सूत्रद्वारा खण्डित चार्वाक र बौद्धमत एक हातमा भाँचिएको दाँतले झैं शोभा दिइरहेछ ।

अं

अंशुमान : सगरका छोरा । अंशुमान राजा भागिरथका पितामह र दिलिपका पिता हुन् । यिनी विवेकवान र विनयशील थिए त्यसैले ६० हजार शापित काकाहरूको उद्धारका लागि यिनले पहिलो पाइला चाले । यिनले कपिलमुनिलाई रिजाएर यज्ञको घोडा लिएर गए र मुनिको श्रापले भष्म भएका काकाहरूको काजक्रिया समेत गरे । भगिरथले गंगा धरतीमा ल्याउने जुन महान् कार्य गरे त्यसका लागि यिनले पृष्ठभूमि तयार गरेका हुन् ।

यिनका छोरा दिलिपले गंगा अवतरणका लागि तपस्या गर्दा गर्दै देहत्याग गरे, सफलता मिलेन । तर यिनका नाति भागिरथले चाहिं कठोर तपस्या गरेर गंगालाई प्रसन्न तुल्याए । गंगा मातासँग यिनले निवेदन गरे-मुनिको श्रापबाट भष्म भएका ६० हजार पुर्खाको उद्धार

गरिदिनोस् । गंगाले भनिन्-तिम्रो पितृलोकमा म जान सक्तिन र बैकुण्ठबाट धरतीमा अवतरण गर्दा म पातालमा धसिन्छु । गंगाले नै शिवको तपस्या गरेर मलाई धारण गर्न विन्ति गर भनेर तरीका सिकाउँदा । भागिरथले शिवजीको तपस्या गरी खुशी पारेर आफ्नो जटामा गंगा धारण गरिदिनु भयो र धरतीमा प्रवाहित गरिदिनु भयो । गंगा धरतीमा बग्दै गइन्, भागिरथले बाटो देखाउँदै गए । उनलि पुर्खा भष्म भएको स्थानमा गंगालाई लगे र उनीहरूको उद्धार भयो । भागिरथको घोर तपस्याले गर्दा धरतीमा अवतरण गरेकै कारणले गंगा नदीको नाम भागिरथी रहन गयो ।

अंशावतार : विष्णु भगवान्को अवतार दुई प्रकारको हुन्छ-क.अंशवतार र ख.पूर्णावतार । अंशावतारमा उहाँका कलाहरूको आंशिक विकार भएको पाइन्छ । तर पूर्ण अवतारमा पन्ध्र कलाकै विकास भएको देखिन्छ । अर्को कुरा पूर्णावतारमा ऐश्वर्य र माधुर्य दुवै शक्तिको पूर्ण रूपमा समावश भएको हुन्छ जस्तो-श्रीकृष्ण भगवान् अंशावतारमा दुवै शक्तिको प्राधान्य हुँदेन । अंशवतार देश सापेक्ष रहन्छ । जस्तो परशुराम, बुद्ध आदि । परशुरामको शक्ति रामावतार भएपछि श्रीराममा समावेश हुन गयो । अत्याचारी क्षत्रीय राजाहरूको विनाश गर्नमा ख्याति पाएका परशुरामले क्षत्रीय राजकुमार रामसँग हार खानु पऱ्यो । त्यसैगरी बुद्धले पनि यज्ञीय हिंसाका विरुद्ध अहिंसाको प्रचार गर्दै लोकको कल्याण गरे । तर ईश्वर र वेदको खण्डन गरेकाले उनको सिद्धान्त सबै काल र सबै देशका लागि मान्य भएन । भगवान् शिवले शंकराचार्यको रूपमा प्रकट भएर वेद र यज्ञआदिको पुनरुद्धार गरिदिनु भयो ।[□]

□ *डा. रा. पाण्डेय-हि.धर्मकोश*

प्रविष्टि-सूची

विषय	पृष्ठ	विषय	पृष्ठ
अ	१	अज्ञानका भूमिका	२४
अकर्ता	१	अज्ञात-आत्मा	२६
अकर्म	२	अञ्जनापुत्र	२७
अकिञ्चन	३	अणिमादि सिद्धि	३०
अकृतार्थ	३	अण्डजादि स्थूल शरीर	३०
अक्रूर	४	अतत्/तत्	३१
अक्रोध	४	अतिचेतन	३२
अक्षय	५	अतिप्रश्न	३३
अक्षर	५	अतिमानस	३४
अक्षर ब्रह्म	६	अतिवर्णाश्रमी	३५
अक्षमालिकोपनिषद्	७	अतीन्द्रिय	३५
अक्षुपनिषद्	७	अथर्ववेद	३७
अखण्डाकारवृत्ति	८	अदिति	३९
अखिल	१०	अदृश्य	४०
अखिलकारण	१०	अदृष्ट	४०
अखिलात्मा	१०	अद्वितीय	४०
अगस्ति	११	अद्वैतवाद	४१
अगोचर	१२	अद्वैत वेदान्त	४३
अग्नि	१३	अधिकारी	४७
अघोर/अघोरी	१४	अधिदैव	४९
अचेतन	१५	अधिभूत	४९
अच्यूत	१७	अधियज्ञ	४९
अज/अजा	१८	अधिष्ठान	५१
अजगरमुनि	१९	अध्यात्म	५२
अजपा गायत्री	१९	अध्यात्म रामायण	५२
अजहती लक्षणा	२०	अध्यात्मवाद	५३
अजातवाद	२१	अध्यारोप	५४
अजामिल	२२	अध्यास	५५
अज्ञान	२३	अनवस्था दोष	५९

विषय	पृष्ठ
अनसूय	५९
अनसूया	६०
अनन्त	६१
अनन्य	६२
अनात्म	६४
अनादि	६४
अनायास कर्म	६५
अनासक्ति	६६
अनाहत चक्र	६७
अनाहत नाद	६७
अनिकेत	६८
अनिरुद्ध	६९
अनिर्वचनीय	७०
अनिर्वचनीय आदि ख्यातिहरू	७१
अनुकम्पा	७३
अनुग्रह	७३
अनुपलब्धि	७४
अनुभव	७५
अनुभूति	७५
अनुप्रविष्ट	७५
अनुबन्ध चतुष्टय	७६
अनुमानादि प्रमाणहरु	७७
अनुसन्धान	७९
अनेकमूर्ति	८१
अन्तःकरण	८१
अन्तरात्मा	८३
अन्तर्याग	८४
अन्तर्यामी	८४
अन्नमय कोश	८५
अन्वय	८६
अपन्चीकृत पञ्चमहाभूत	८७
अपरब्रह्म	८८
अपराजित/अपराजिता	८८
अपरा प्रकृति	९०
अपरा विद्या	९०
अपरिग्रह	९१
अपरिच्छिन्न	९२
अपरोक्ष	९३
अपरोक्षानुभूति	९४
अपवर्ग	९५
अपवाद	९६
अपौरुषेय	९६
अप्रमेय	९७
अप्पय दीक्षित	९९
अभय	९९
अभयानन्द	१०१
अभाव चतुष्टय	१०२
अभिनिवेश	१०२
अभिन्न निमित्तोपादानकारण	१०२
अभिमान	१०३
अभेद-दर्शन	१०३
अभेदबोधक वाक्य	१०५
अभ्यास योग	१०५
अमर	१०६
अमानी	१०७
अमृत	१०८
अमृत्यु	१०९
अमोघ	१०९
अम्बरीष	११०
अम्बा	११२
अम्बिका	११३
अम्बिकेश्वर	११४

विषय	पृष्ठ	विषय	पृष्ठ
अयन	११७	अविद्या लेश	१५८
अयोध्या	११८	अविद्यादि क्लेश	१५९
अरण्य-शिष्य परम्परा	११९	अविनाशी	१५९
अरविन्द घोष	१२०	अव्यक्त/व्यक्त	१६०
अर्चना	१२३	अव्यभिचारिणी भक्ति	१६२
अर्चीमार्ग	१२५	अव्यय	१६३
अर्जुन	१२६	अव्याकृत	१६४
अर्थ	१३०	अशुद्ध तत्वंपद	१६५
अर्थवाद	१३०	अशून्य	१६६
अर्थापत्ति	१३१	अशेष साक्षी	१६७
अर्थार्थी आदि भक्तहरू	१३२	अशोक	१६८
अर्धनारीश्वर	१३३	अश्वत्थ	१६८
अर्धमात्रा	१३५	अश्विनीकुमार	१७१
अर्यमादि पितृगण	१३५	अश्रु	१७२
अलर्क	१३६	असक्तबुद्धि	१७३
अलात चक्र	१३७	असङ्ग	१७४
अवच्छेदवाद	१३८	असत्	१७६
अवतार	१३९	असत्वापादक आवरण	१७७
अवधूत	१४१	असीम	१७७
अवधूत गीता	१४३	असंप्रज्ञात समाधि	१७८
अवधूतोपनिषद्	१४३	असंभावनादि प्रतिबन्ध	१७९
अवशेष	१४४	असंसक्ति	१७९
अवस्थातीत	१४५	अस्ति	१७९
अवस्था त्रय	१४६	अस्पर्श योग	१८०
अवाङ्मनसगोचर	१५०	अस्मत्	१८१
अवान्तर वाक्य	१५१	अस्मितादि क्लेश	१८२
अविक्रिय	१५१	अष्टधा प्रकृति	१८२
अविज्ञात	१५२	अष्टमूर्ति	१८२
अविज्ञेय	१५४	अष्टावक्र	१८४
अविद्या	१५५	अष्टावक्र गीता	१८६
अविद्या मूल	१५७	अष्ट सिद्धि	१८८

विषय	पृष्ठ	विषय	पृष्ठ
अष्टाङ्ग योग	१८८	आत्माराम	२२४
अहम्	१८९	आत्मोद्धार	२२५
अहल्या	१९१	आत्यन्तिक प्रलय	२२५
अहिंसा	१९२	आत्रेय ऋषि	२२६
अहैतुकी कृपा	१९३	आथर्वण उपनिषद	२२६
अहैतुकी भक्ति	१९४	आदि	२२७
अहंकार	१९५	आदि पुरुष	२२८
अहंग्रह उपासना	१९८	आदि प्रजापति	२२९
आ	१९९	आदि शक्ति	२३०
आकार	१९९	आदित्य	२३१
आकाश	२००	आद्य जगद्गुरु	२३२
आगम-शास्त्र	२०३	आद्या	२३४
आगामी कर्महरू	२०४	आधिदैविक आदि ताप	२३४
आगो	२०७	आध्यात्मिक ज्ञान	२३५
आचार	२०९	आनन्द	२३६
आचार्य	२१०	आनन्द गिरि	२३९
आजान	२११	आनन्दमय कोश	२३९
आज्ञाचक्र आदि...	२११	आनन्द रामायण	२४०
आणव	२१२	आनन्दलहरी	२४०
आतिवाहिक शरीर	२१३	आनन्दवल्ली	२४१
आतुर संन्यास	२१३	आपत-धर्म	२४१
आत्मकृपा	२१४	आप्त-काम	२४२
आत्मज्ञान	२१५	आप्तोपदेश	२४२
आत्मनिवेदन	२१६	आभास	२४२
आत्मपुराण	२१७	आम्नाय	२४३
आत्मबोध	२१७	आयुर्वेद	२४३
आत्मब्रह्म	२१८	आर	२४४
आत्मरति	२१८	आरण्यक	२४४
आत्मसन्तुष्ट	२१९	आराधना	२४७
आत्मस्थिति	२२०	आरुणिकोपनिषद्	२४७
आत्मा	२२१	आरुरुक्ष	२४८

विषय	पृष्ठ
आरोप	२४८
आरोहण	२५०
आर्तभक्त	२५१
आर्य	२५१
आर्यसत्य	२५३
आर्यसमाज	२५३
आर्यावर्त	२५४
आर्ष	२५४
आलम्बन	२५५
आवरण शक्ति	२५६
आविर्भाव	२५८
आशा	२५८
आशुतोष	२५९
आश्चर्य	२६१
आश्रम-धर्म	२६२
आश्रय	२६४
आसक्ति	२६६
आसन	२६८
आस्तिक दर्शन	२६९
आहद नाद	२७१
आहार	२७२
आहारक	.२७३
इ	२७४
इच्छा	२७४
इडा	२७६
इदम्	२७७
इन्द्र	२७८
इन्द्रिय	२८०
इष्ट	२८३
ई	२८४
ईश	२८४
ईशान	२८४
ईशावास्योपनिषद्	२८६
ईश्वर	२८७
ईश्वरकृपा	२९१
ईश्वरीय माया	२९३
उ	२९५
उत्कर्ष	२९५
उत्तरम अधिकारी	२९५
उत्तम कर्म	२९५
उत्तर-गीता	२९७
उत्त-मीमांस	२९७
उत्पत्ति	२९७
उत्पाद्य आदि क्रियाफल	२९९
उदानादि पञ्च प्राण	३००
उदासीनता	३००
उद्गीथ	३०२
उद्धव	३०३
उद्धवगीता	३०५
उद्दालक आरुणी	३१७
उन्मनी भाव	३१०
उपकुर्वाण	३१०
उपदेश-पात्र	३११
उपद्रष्टा	३११
उपनिषद्	३१२
उपपति	३१८
उपमन्यु	३१८
उपमान	३१८
उपप्राण	३१९
उपरति आदि षट्...	३१९
उपराम	३२१
उपवेद	३२२

विषय	पृष्ठ	विषय	पृष्ठ
उपशम	३२३	एकनाथ	३४०
उपादान कारण	३२३	एकभक्ति	३४२
उपाधि	३२४	एकाक्षर ब्रह्म	३४२
उपासना	३२५	एकाक्षरोपनिषद	३४३
उपांशु जप	३२८	एकाग्रता	३४३
उर्मी	३२९	एकात्मवाद	३४५
उष्मपा	३२९	एकादश रुद्र	३४६
ऊ	३३०	एकादशी व्रत	३४५
ऊति	३३०	एकान्त	३४९
ऊर्ध्वशक्ति	३३०	एकेन्द्रियसंज्ञक वैराग्य	३५२
ऊर्ध्वपुण्ड्र	३३१	एषणा त्रय	३५३
ऊर्ध्वमेड्र	३३२	ऐ	३५४
ऋ	३३२	ऐक्य	३५४
ऋग्वेद	३३२	ऐश्वर्य	३५५
ऋगवेद संहिता	३३३	ऐतरेयोपनिषद्	३५६
ऋणमोचन	३३४	ओ	३५७
ऋतम्भरा प्रज्ञा	३३५	ओसज	३५७
ऋत्विज्	३३५	ओंकारेश्वर	३५७
ऋषभदेव	३३५	ॐ	३५८
ऋषि	३३६	अं	३६२
ए	३३६	अंशुमान	३६२
एक	३३८	अंशावतार	३६३
एकजीववाद	३३९		

संकेत-सूची

र.म. वातचीत	श्रीरमण महर्षि से वातचीत
सं.हि.कोश - आप्टे	संस्कृत-हिन्दी कोश- वामन शिवराम आप्टे
अष्टा.गीता-टिकाकार जा.सिंह	अष्टावक्रगीता-टीकाकार जालिम सिंह
अ.गीता-व्याख्याकार नन्दलाल	अष्टावक्रगीता-व्याख्याकार नन्दलाल दशोरा
वि.सह.या विष्णु सहस्रनाम	श्रीविष्णु सहस्रनामस्तोत्रम्
अथ.वे.संहिता	अथर्ववेद संहिता
स्वा.रामानन्द- जनक दर्शन (सं.) अनु. रामहरि	डा. स्वामी रामानन्द गिरिको जनक-दर्शन संस्कृतमा लेखिएको पुस्तक, अनुवादक रामहरि तिमल्सिना
भाग.	श्रीमद्भागवत महापुराण
डा.देवराज-पू.प. दर्शन-अध्यात्मवाद	डा.देवराज-पूर्वी और पश्चिमी दर्शन अध्यात्मवाद- लेख
पं. दुर्गा प्र.-योग वाशिष्ठको विषयसार	पं. दुर्गाप्रसाद भट्टराई-योगवाशिष्ठको विषयसार
योगवा. आत्मार्चन- ८	योगवाशिष्ठ-आत्मार्चन- ८
क्षितीशचन्द-स्वरूपानुभव हि. ग्रन्थ	श्रीक्षितीशचन्द्र चक्रवर्ती-स्वरूपानुभव, हिन्दी ग्रन्थ
स्वा.रामानन्द अनू.माण्डू. उप.का.	डा.स्वामी रामानन्द गिरिद्वारा अनूदित माण्डूक्योपनिषत्-कारिका
रामगीता-ने.अनुवाद/व्याख्या	रामगीता- डा. स्वामी रामानन्द गिरिको नेपाली अनुवाद एवं व्याख्या सहित
खप्. स्वामी-विचार विज्ञान	खप्तड स्वामी-विचार विज्ञान
खप्. स्वामी-धर्म.वि.सार	खप्तड स्वामी-धर्म विज्ञान सार
खप् स्वामी-ध.विज्ञान चतु.खण्ड या ४	खप्तड स्वामी-धर्म विज्ञान, चतुर्थ खण्ड

गीता.सा.सं. टीका गीता-साधक-संजीवनी	श्रीमद्भगवद्गीता साधक-संजीवनी हिन्दी टीका (स्वामी रामसुखदासकृत)
स्वा. रामसुख-सा.संजीवनी	स्वामी रामसुखदास-साधन-संजीवनी हिन्दी-टीका
स्वा. सच्चिदानन्द-चरित्र विज्ञान स्वा. विशुद्धदेव-चरित्र विज्ञान	स्वामी सच्चिदानन्द विशुद्धदेव-चरित्र विज्ञान ग्रन्थ
डा. रा.पाण्डेय-हिन्दू ध.कोश हि.धर्मकोश	डा. रामबली पाण्डेय-हिन्दू धर्मकोश
योगानन्द-ईश्वर वार्तालाप	परमहंस योगानन्द-ईश्वर वार्तालाप
वि.चूडामणि	विवेक चूडामणि
अ.कोश/नानार्थवर्ग	अमरकोष/नानार्थ वर्ग
सं. लोकनाथ-अजपाजय विधि	लोकनाथ रेग्मी (संकलक) -अजपाजप विधि पुस्तिका
डा. दी.घिमिरे-गीता.तत्त्व.प्र. डा. दीर्घ-गीता.तत्त्व	डा. दीर्घराज घिमिरे-श्रीमद्भगवद्गीता-तत्त्वप्रकाश
प्रा. चूडानाथ-अद्वैत चूडा.	प्रा. चूडानाथ भट्टराई-अद्वैत-चूडामणि
अ. रामायण	अध्यात्म रामायण
भर्तृहरि-वै.शतक	भर्तृहरि-वैराग्य शतक
योगवाशिष्ठ नि.प्रक. उत्तरार्द्ध	योगवाशिष्ठ, निर्वाण प्रकरण/उत्तरार्द्ध
अ.पुराण र ब्र.पुराण	अग्निपुराण र ब्रह्मपुराण
गीता	श्रीमद्भगवद्गीता
गीता शां.भा.या शां.भाष्य	श्रीमद्भगवद्गीता शांकरभाष्य
बा.रि.यात्री	बासुरिमाल 'यात्री'
अभि.सं.कोष	अभिनव संस्कृति कोष (हरिराम जोशीकृत)
म.भारत	महाभारत

वसन्त.कु.-उपनिषत्प्रसंग	वसन्तकुमार शर्म्मा नेपाल-उपनिषत्प्रसंग (भाग १ र २)
आत्मपुराण-अनु.बदरी भट्टराई	आत्मपुराण-अनुवादक बदरीनाथ भट्टराई
पात.योगसूत्र	पातञ्जल योगसूत्र (योगदर्शन)
वि.पुराण	विष्णुपुराण
अव.गीता	अवधूतगीता
प्रा.रिसाल-अ.गीता र जनक	प्रा.शिवगोपाल रिसालको लेख- अष्टावक्रगीता र जनक
र.म.उपदेशसार	रमण महर्षि-उपदेशसार
विद्यारण्य स्वामी-पञ्च चित्रदीप प्रक.	विद्यारण्य स्वामी-पञ्चदशी, चित्रदीप प्रकरण
स्वा. आत्मानन्द-कर्मको रहस्य	स्वामी आत्मानन्द गिरि-कर्मको रहस्य
स्वा. रामसुख-साधनसुधा सिन्धु	स्वामी रामसुखदास-साधन सुधा-सिन्धु (कर्मरहस्य)
स्वा. रामसुख-प्रश्नोत्तर वर्णमाला	स्वामी रामसुख दास-प्रश्नोत्तर वर्णमाला
मनु.	मनुस्मृति
एक योगीको आत्मकथा	योगी कथामृत (अटोबायोग्राफी अफ अ योगी)
नगेन्द्र -हि. विश्वकोष	नगेन्द्रनाथ वसु (प्राच्य विद्या महार्णव) हिन्दी विश्वकोष
वेनेट/ठा.मानन्धर-लङ्गपिल्ग्रिमेज	बेनेट/ठाकुरलाल मानन्धर-लङ्ग पिल्ग्रिमेज
अनन्त यात्रा	लङ्ग पिल्ग्रिमेजको अनुवाद (योगेन्द्रभक्त श्रेष्ठ)
डा. दे. पौडेल (अनु.चरकसंहिता)	डा. देवराज पौडेल-(अनुवादक) चकर संहिता भाग १ र २
सौ. लहरी	सौन्दर्यलहरी (शंकराचार्यकृत)
भवभूति.-उ.रामचरित्त	भवभूति-उत्तररामचरित्त (नाटक)
रिमाल वंशावली-भूमिका	रिमाल वंशावली-भूमिका (लेखककृत)

ने. साहित्य कोश	नेपाली साहित्य कोश
हरिनाथ-वेदान्त विचारसार	पं.हरिनाथ उपाध्याय ढुङ्गेल-वेदान्त विचारसार र तत्त्वोपदेश (१ र २ भाग)
दुर्गाशप्त	दुर्गा सप्तशती
शंकरानन्द-आ.पुराण (अनु.बदरीनाथ)	शंकरानन्द स्वामी-आत्म-पुराण (अनुवादक-बदरीनाथ भट्टराई)
नारकान्त अधिकारी-भक्तिसूत्र	नरकान्त अधिकारी (गल्तीले 'ना' भएको) श्रीनारद-भक्त-सूत्र तथा श्रीशाण्डिल्य भक्तिसूत्र संक्षिप्त विवरण

श्वेता.उप - श्वेताश्वतर उपनिषद्, माण्ड., उप.- माण्डूक्य उपनिषद्

नृसिंहो.उप.- नृसिंहोत्तर उपनिषद्, छान्दो.उप.-छान्दोग्य उपनिषद्

तैत्ति या तै.उप.- तैत्तिरिय उपनिषद्, मुण्डक. या मुण्ड.उप.- मुण्डक उपनिषद्

बृह.उप.- बृहदारण्यक उपनिषद्, कौषी.उप.- कौषीतकि उपनिषद्

कठ. या कठो.उप.- कठोपनिषद्, ईशा.उप.- ईशावास्योपनिषद्

कौषी.ब्र.उप-कोर्षीतकि ब्रह्मोपनिषद्, कौषी.ब्रा.- कौषीतकि ब्राह्मणोपनिषद्

छुट

(पुस्तकमा "हेर्नू' भनी विषय उल्लेख गरेर छुटेका प्रविष्टि)

आत्मार्चन, आत्मपूजन, आत्मसमर्पण, आत्मसाक्षात्कार (यसको सट्टा 'आत्मज्ञान' समावेश गरिएको), आत्मप्रक्षेपण, उपलब्धि, अस्तिता ((यसको सट्टा 'अस्ति' समावेश गरिएको) यी छुट प्रविष्टिहरूलाई आगामी प्रकाशन वेदान्त विश्वकोश-२ को परिशिष्टमा समावेश गरिनेछ । -लेखक

विश्वकोश प्रकाशन २०६१ का सहयोगीहरू

अ

श्रीअम्विका पाण्डे	बानेश्वर
श्रीअविन /विभा अधिकारी	अमेरिका
श्रीअभिनव /आश्रय रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीआर्थक अधिकारी	अमेरिका
श्रीआर्जन अधिकारी	अमेरिका
श्रीआनन्ददेव /सुशीला भट्ट	कालिकास्थान
श्रीआनन्द /मोहिनी रिसाल	भैंसेपाटी

इ

श्रीमती इन्दिरा शर्मा	महांकालस्थान

उ

श्रीउध्दव /रूपा रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीउध्दव /उमा ढुङ्गाना	बानेश्वर

ऋ

श्रीऋषभदेव /सविता भट्टराई	जाउलाखेल

क

श्रीकमल / दारमित प्रधान	थापाथली
श्रीकमल /मीरा अर्याल	मैतीदेवी
श्रीकल्याण /सम्प्रदा रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीकालिकाप्रसाद /शान्ता रिमाल	बानेश्वर हाइट
श्रीकिरण /आशा रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीकेशव /उषा रेग्मी	डिल्लीबजार
श्रीकेशव /शोभिता भट्टराई	सातदोबाटो, सुन्दरनगर

श्रीकोमल बडाल	राष्ट्रिय श्रम प्रतिष्ठान
श्रीकोहिनुर श्रेष्ठ	डिल्लीबजार
श्रीकृष्णगोपाल /उर्मिला रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीकृष्णकुमार /सुशीला बुढाथोकी	रा.स.स
श्रीकृष्णमान श्रेष्ठ	चाकुपाट, पाटन
श्रीकृसाङ्गी सोताङ	अमेरिका
श्रीकर्णबहादुर / बिना चन्द	धुम्वाराही

ख

श्रीखुस्वु सरकार श्रेष्ठ	चाकुपाट, पाटन

ग

श्रीगोपाल / माधवी पराजुली	पुरानो बानेश्वर
श्रीगोविन्द रेग्मी	राष्ट्रिय श्रम प्रतिष्ठान
श्रीगोविन्द /सुनिता लामिछाने	भीमसेनगोला
श्रीगोविन्द / रेणु बस्नेत	धोबीघाट
श्रीगौरीनाथ /सुष्मा रिमाल	पुतलीसडक
श्रीगंगा कार्की	धोबीघाट

च

श्रीचन्दन श्रेष्ठ	चाकुपाट, पाटन
श्रीचन्द्रदेव /लक्ष्मी जोशी	बानेश्वर
श्रीचारुचन्द्र /नीलिमा शर्मा	थसिखेल (जाउलाखेल)

ज

श्रीजगन्नाथ /अन्जु लामिछाने	बानेश्वर
श्रीजनक /उमा रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीजया शाह	थापाथली
श्रीजीवनलाल /भुवनेश्वरी सत्याल	लैनचौर

द

श्रीदामोदरप्रसाद /महालक्ष्मी रिसाल	जाउलाखेल
श्रीदिनेशराज /माला पन्त	जाउलाखेल
श्रीदिनेश / वैदेही बराल	चाबहिल
श्रीदीपक /शिवा रिमाल	जाउलाखेल, भैरवस्थान

ध

श्रीधामनाथ /प्रभा पौडेल	सिनामंगल
श्रीधर्मराज बराल, हाँसने	नयाँ बानेश्वर

न

श्रीनगेन्द्रनाथ /प्रभा रिमाल	कालिकास्थान
श्रीनवराज /दिवा चालिसे	विशालनगर
श्रीनगेन /विष्मा सोताङ	अमेरिका
श्रीनारायणप्रसाद रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीनानीकाजी /भवानी विष्ट	सानेपा
श्रीनिर्मलकुमार /अम्विका रिमाल	कालिकास्थान
श्रीनरेन्द्रबहादुर /निर्मला प्रधान	डिल्लीबजार
उप.प्रा.निर्मला ढुङ्गाना	जयबागेश्वरी

प

श्रीपिताम्वरा उपाध्याय	कलंकी
श्रीपुरुषोत्तम सापकोटा /लीला शर्मा	ज्ञानेश्वर
श्रीपुरुषोत्तम बराल	राष्ट्रिय श्रम प्रतिष्ठान
श्रीपुरुषोत्तम /बेबी शर्मा	कोटेश्वर
श्रीपूर्णानन्द /लता ओझा	नयाँ बानेश्वर
श्रीप्रेमकुमार /बिना पौडेल	बालुवाटार
श्रीप्रह्लाद /जेनु के.सी.	जाउलाखेल
श्रीप्रेमकृष्ण /हिरण्यकुमारी पाठक	पुरानो बानेश्वर

श्रीप्रवित रिमाल (जस्टिन)	अमेरिका
श्रीप्रकाश /नीरजा अधिकारी	अनामनगर
श्रीप्रवेश /नवीता भण्डारी	गौशाला

ब, व

श्रीमती बाबा सरकार श्रेष्ठ	ताहाचल
श्रीबद्रीप्रसाद /विमला प्याकुरेल	मैह्पी
श्रीबद्रीनारायण शाह	राष्ट्रिय श्रम प्रतिष्ठान
श्रीबिभोर /प्रणिता रिमाल	अमेरिका
श्रीविश्वनाथ /धनकुमारी आचार्य	लुभु
श्रीविनयराज /कविता पौडेल	बानेश्वर
डा.विपीन /शिल्पा ढकाल	बानेश्वर
श्रीविनोद ढुङ्गेल	राष्ट्रिय श्रम प्रतिष्ठान
श्रीवीरेन्द्र / चन्द्रा प्रधान	जाउलाखेल, भैरवस्थान
श्रीवैकुण्ठ / रमा पराजुली	त्रिपुरेश्वर
श्रीवैकुण्ठमान/निर्मला श्रेष्ठ	देवपत्तन
श्रीब्रह्म रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीब्रजेशराज /इन्दु शर्मा	डिल्लीबजार
श्रीविमल /रोशनी रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीविमल /मञ्जु रिमाल	कालिकास्थान
श्रीविष्णु /रेखा तिवारी	सिनामंगल
श्रीविष्णु देवकोटा	राष्ट्रिय श्रम प्रतिष्ठान
श्रीविष्णुगोपाल /प्रमिला रिसाल	जाउलाखेल
श्रीविज्ञान /सुधा पौडेल	कुपण्डोल

भ

श्रीमती भवानीदेवी रिजाल	बानेश्वर
श्रीभाष्करप्रसाद /नानीबाबा रिसाल	बखुण्डोल

म

श्रीमदनप्रसाद /सुशीला रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीमदन/गौरी ढकाल	जाउलाखेल
श्रीमती मनंषा ठकुराठी	राष्ट्रिय श्रम प्रतिष्ठान
श्रीमाधव /प्रमिला आचार्य	चक्रपथ, बाग्डोल
श्रीमती मीरा शर्मा	डिल्लीबजार
श्रीमुकुन्द /प्रभा ढुङ्गेल	बखुण्डोल
श्री मंगललक्ष्मी	भीमसेनस्थान, पाटन

र

श्रीमती रत्नेश्वरी श्रेष्ठ	चाकुपाट, पाटन
श्रीरमेश /बिमु रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीरमेश /विभा शर्मा	जाउलाखेल, भैरवस्थान
श्रीरमेश /अमिता काफ्ले	कलंकी
श्रीराजु /सरिता अर्याल	क्षेत्रपाटी
श्रीरामबाबु /अनिता काफ्ले	बानेश्वर
श्रीराम /रीता अर्याल	रविभवन
श्रीराममणि /अरुणा रिसाल	झंसीखेल
श्रीरामकृष्ण शर्मा	राष्ट्रिय श्रम प्रतिष्ठान
प्रा.रामकुमार /अमिता पाण्डे	जाउलाखेल
श्रीमती रेणु रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीराजेन्द्र /निता पराजुली	सीतापाइला
श्रीरामबहादुर /सरस्वती खडका	बाग्डोल, चक्रपथ

श

श्रीशकुन्तला के.सी.	लगनखेल
श्रीमती शारदा रिमाल	जाउलाखेल, भैरवस्थान
उप प्रा.शारदा ढकाल	पद्मकन्या क्याम्पस
श्रीशिवगोपाल /मीना रिसाल	जाउलाखेल, शान्तिकुना
डा.शिव शर्मा	डिल्लीबजार

श्रीशिव /ज्वाला रेग्मी	बत्तीसपुतली
श्रीमती शिल्वी श्रेष्ठ	जापान
श्रीश्यामप्रसाद /कमला रिमाल	जाउलाखेल भैरवस्थान

स

श्रीसजन रिमाल	अमेरिका
श्रीसजन /मीरा भट्टराई	बानेश्वर
श्रीमती सरिता रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीसन्तकुमार /इन्दिरा मल्ल	लाजिम्पाट
श्रीसच्चित /मञ्जु पन्त	महाराजगञ्ज
श्रीसवित रिमाल	जाउलाखेल, भैरवस्थान
श्रीसावित्री थापा	डिल्लीबजार
श्रीसावित्री रिसाल	जाउलाखेल
श्रीसुमित शर्मा	डिल्लीबजार
श्रीसुमी शर्मा	डिल्लीबजार
श्रीसुरेश /रेणु चालिसे	जाउलाखेल
श्रीसुरेश /इन्दिरा सत्याल	पुतलीसडक
श्रीसुरेन्द्र /माधवी नेपाल	डिल्लीबजार
श्रीसुशील /मिलन भट्टराई	जाउलाखेल
श्रीसुमित्रा खनाल	धोबीघाट
श्रीसूर्यमान श्रेष्ठ	डिल्लीबजार

ह

श्रीहरिहर /मैयाँ पराजुली	कलंकी

** सहयोगीहरू सबैलाई प्रकाशनको तर्फबाट धन्यवाद ! पुस्तकको मूल्य बढी रहे पनि उहाँहरूलाई थप रकम नलिइकन वेदान्त विश्वकोश १-१ प्रति उपलब्ध गराइनेछ ।*

-प्रकाशक

प्रति नं. १६००१

स्वामी सन्त वाणी

चित्त शुद्धिपर्यन्त कर्म गर्नुपर्छ ।
चित्तको एकाग्रतापर्यन्त भक्ति गर्नुपर्छ ।
अपरोक्षानुभूति पर्यन्त ज्ञान गर्नुपर्छ । (प्रवचनवाट)

– श्री १००८ स्वामी पुण्यानन्द गिरि
(पीठाधीश दक्षिणामूर्ति संन्यास आश्रम, चण्डोल

आत्माको बन्धन एवं दुःख सबै मायाको खेल हो । आत्मा न कहिल्यै बन्धनमा पर्छ न त कहिल्यै कुनै कष्ट नै भोग्दछ । आत्मा त सधैं मुक्त नै छ । अज्ञान हट्ने बित्तिकै आत्मा मुक्त, नित्य, विशुद्ध, चैतन्य, अनश्वर र अद्वैत छ भन्ने ज्ञान हुन्छ र जीव स्वतः मुक्त हुन्छ । ('जनक-दर्शन' ग्रन्थवाट)

– श्री १००८ डा. स्वामी रामानन्द गिरि
(पीठाधीश महेश संन्यास आश्रम, देवघाट)

यदि कोही व्यक्ति एक्लै बस्दाखेरी एक्लै भएको महसुस (चिन्ता) हुन्छ भने संसारमा उसको ठूलो आसक्ति छ । तर जो व्यक्ति एक्लै बस्दा पनि आनन्दको अनुभव गर्दछ, त्यस्ता व्यक्तिको संसारप्रति आसक्ति अति कम छ । ('कर्मको रहस्य' वाट)

– श्री १००८ स्वामी आत्मानन्द गिरि
(पीठाधीश गलेश्वर आश्रम, देवघाट)

आत्मा कल्पवृक्ष झैं छ- जे सोच्यो, कामना गऱ्यो, त्यही मिल्छ । पति, पत्नी, पुत्रादि, धन-सम्पत्ति जे जस्तो कामना गरेको छ, सोही प्राप्त भै सुख, दुःख भोगिरहेछ मानिसले । आत्मानन्दको कामना नगरेपछि उसले क्षणिक सुखरूप दुःख पाउँछ । अमृत-पुत्रको यस्तो दुर्दशा भइरहेको छ । ('प्रवचन'वाट)

– श्री १००८ स्वामी कृष्णानन्द सरस्वती
(अभयानन्द अद्वैत आश्रम, देवघाट)

२५४-२३२१०३
नि ४६ पे

संक्षिप्त जीवनी

नाम थर : बासु रिमाल 'यात्री'

जन्म : १९९७ साल असोज

जन्मस्थान : बरेबा, बारा, नारायणी अञ्चल

शैक्षिक योग्यता : एम.ए. (नेपाली)

अनुभव : प्राध्यापन, पत्रकारिता, साहित्यिक पत्रकारिता र आध्यात्मिकता

प्रकाशित कृतिहरू :

क. **विश्वका महान् व्यक्तिहरू** (जीवनी-संग्रह, २०२६ साल)

ख. **केही साहित्यिक चिन्तन** (समालोचना-संग्रह, २०३५)

ग. **मायाकी मूर्ति** (उपन्यासिका, २०३१)

घ. **नेपाली साहित्यको इतिहास र इटालेली साहित्यको इतिहास**

ङ. **जनआन्दोलन पछिका नेपाली कविता** (२०५४)

च. **केही प्रश्न ? केही समाधान** (संयुक्त लेखन २०५८)

छ. **ॐ नमः शिवाय** (पुस्तिका)

ज. **वेदान्त विश्वकोश**

सम्पादन :

क. **अट्ठाइस कथा** (कथा-संग्रह २०३९)

ख. **बालक** (बाल-पत्रिका २०२२-२०२९)

ग. **विदेह** (द्वैमासिक/संस्थापक सम्पादक २०२९-२०४०)

घ. **साक्षात्कार, सत्संग** (आध्यात्मिक पत्रिकाहरू)

ङ. **क.दी. केही आँखा, केही परिभाषा** (२०५५)

सामाजिक गतिविधि

१. अध्ययनगृह पुस्तकालयको अध्यक्ष (२०१७-२०२२)

२. नेपाल बाल साहित्य समाजको संस्थापक सदस्य

३. सिद्धिचरण काव्य प्रतिष्ठानका पूर्व कार्यकारिणी सदस्य

४. सत्संग परिवार जाउलाखेलको कार्यकारिणी सदस्य (२०५६-६०)

भ्रमण : भारत, बंगलादेश, चीन, फ्रान्स, स्वीटजरल्याण्ड, जर्मनी, बेल्जियम र बेलायत

स्थायी ठेगाना : २०/३३५, भैरवस्थान, जाउलाखेल, ललितपुर